
मानव अधिकार: ठूला नौ महासन्धि



मानव अधिकारः
ठूला नौ महासन्धि

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार, पत्र मञ्जुषाः २७२६, काठमाडौँ
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np
वेवसाइटः www.insec.org.np, www.inseconline.org

मानव अधिकारः ठूला नौ महासन्धि

पाँचौं संस्करण
२०८१ मङ्सिर ११
सङ्ख्याः एक हजारप्रति
चौथो संस्करण
२०७६ पुस १
सङ्ख्याः दुई हजारप्रति
तेस्रो संस्करण
२०७० चैत
सङ्ख्याः दुई हजार प्रति
दोस्रो संस्करण
२०६९ फागुन २८
सङ्ख्याः एक हजारप्रति
प्रकाशन मिति
२०६९ असार १
सङ्ख्याः एक हजारप्रति
प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
सर्वाधिकार
इन्सेकमा सुरक्षित
संयोजन
सम्झा श्रेष्ठ
आवरण/लेआउट
गीता माली

सन्दर्भ सामग्रीः यस पुस्तक तयार पार्दा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयको वेवसाइटबाट विभिन्न सन्दर्भ सामग्रीहरूको उपयोग गरिएको छ भने पुस्तकमा राखिएका नौवटा सन्धिहरूको नेपाली रूपान्तरित भाग नेपाल कानुन आयोग र मानवअधिकार सन्धि अनुगमन समितिको वेबसाइटबाट समेत सहयोगको रूपमा उपयोग गरिएको हो। मानव अधिकार सन्धि अनुगमन समन्वय समितिको सचिवालय, इन्सेकबाट प्रकाशित 'मानव अधिकारका ठूला ६ महासन्धि' पुस्तकबाट महासन्धिका मूलभूत विशेषता साभार गरिएको छ।

पाँचौँ संस्करणको भूमिका

मानव अधिकारको अवधारणा विभिन्न चरणमा विकास हुँदै गएको छ । मानव अधिकारको विश्वव्यापी परिभाषा भने मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले गरेको हो । यसै घोषणापत्रलाई आधार बनाएर अनेकौँ अन्तर्राष्ट्रिय घोषणापत्र, महासन्धि तथा दस्तावेजहरूको निर्माण भएको छ भने यिनै दस्तावेजहरूमा आधारित भएर मानव अधिकार संरक्षण र प्रवर्धनका लागि विभिन्न अनुगमन, नियमन तथा बहालीको व्यवस्था र सोबाट सिर्जित विभिन्न दायित्वहरूको सुस्पष्ट प्रावधान पनि राज्यको लागि तोकिदिएको छ ।

नेपालको सन्दर्भमा हेर्ने हो भने मानव अधिकारको आन्दोलन वि.सं. २०४६ पछाडि परिस्कृत भएर आएको पाइन्छ । यसै दशकमा नेपाल संयुक्त राष्ट्रसङ्घको एक जिम्मेवार सदस्यको हैसियतले मानव अधिकारको अनेकौँ महत्वपूर्ण महासन्धिहरूको पक्षराष्ट्र भयो । विश्वमै धेरै राष्ट्रसङ्घीय मानव अधिकार सन्धिहरूको अनुमोदन गर्ने देशको रूपमा आफूलाई उभ्याए तापनि नेपालले सशक्त कार्यान्वयनको लागि उत्साजनक पहल गर्न नसकेको अवस्था विद्यमान छ । मानव अधिकारका संरक्षण र सम्बर्द्धनमा नेपालका गैरसरकारी संस्थाहरू, विशेष गरेर मानव अधिकार संस्थाहरूले पुऱ्याएको भूमिका भने उल्लेखनीय रहँदै आएको छ । प्रस्तुत पुस्तक यसै निरन्तरताको उपक्रम हो ।

मानव अधिकारका मूलभूत नौवटा महासन्धिहरू तथा परिशिष्टका रूपमा महिला अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का केही प्रस्ताव र जेनेभा महासन्धिहरूको साझा धारा तीन पनि यसमा समेटिएको छ । यस पुस्तकले राज्यलाई जवाफदेही बनाउन मानव अधिकार सङ्घ संस्थाले कस्तो भूमिका निर्वाह गर्न सक्छ ? भन्ने विषयलाई सैद्धान्तिक ज्ञान

दिन सहयोग पुऱ्याउँछ भन्ने मलाई विश्वास छ । २०६९ असार, २०६९ फागुन, २०७० चैत र २०७६ पुसमा चौथो संस्करण प्रकाशन गरिसकिएबाट पनि पुस्तकको उपादेयता सहजै अनुमान गर्न सकिन्छ । अधिकारकर्मी, मानव अधिकार सङ्घसंस्थाहरू, विद्यार्थी एवम् इच्छुक पाठकमाझ यो पुस्तक उपयोगीसिद्ध भएको हामीले पाएका छौँ । मानव अधिकार नौवटा मूलभूत सन्धिहहरू समेटिएको यस पुस्तकको पाँचौ संस्करण यहाँहरूसमक्ष प्रस्तुत गर्दा दातृ संस्था DanChurchAid (DCA), Nepal को सहयोगप्रति कृतज्ञता व्यक्त गर्दछु । पुस्तक लेखन तथा पुनः प्रकाशनमा भूमिका निर्वाह गर्नु हुने कार्यकारी निर्देशक विजयराज गौतम र मानव अधिकार अनुगमन तथा पैरवी विभागका व्यवस्थापक सम्झा श्रेष्ठ, सम्पादनका लागि निर्देशक मदन पौडेल, आवरण तथा साजसज्जाका लागि अधिकृत गीता मालीप्रति धन्यवाद व्यक्त गर्दछु ।

डा. कुन्दन अर्याल
अध्यक्ष

चौथो संस्करणको भूमिका

मानव अधिकारको अवधारणा विभिन्न चरणमा विकास हुँदै गएको छ। मानव अधिकारको विश्वव्यापी परिभाषा भने मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ ले गरेको हो। यसै घोषणापत्रलाई आधार बनाएर अनेकौँ अन्तर्राष्ट्रिय घोषणापत्र, महासन्धि तथा दस्तावेजहरूको निर्माण भएको छ भने यिनै दस्तावेजहरूमा आधारित भएर मानव अधिकार संरक्षण र प्रवर्धनका लागि विभिन्न अनुगमन, नियमन तथा बहालीको व्यवस्था र सोबाट सिर्जित विभिन्न दायित्वहरूको सुस्पष्ट प्रावधान पनि राज्यको लागि तोकिदिएको छ।

नेपालको सन्दर्भमा हेर्ने हो भने मानव अधिकारको आन्दोलन वि.सं. २०४६ पछाडि परिस्कृत भएर आएको पाइन्छ। यसै दशकमा नेपाल संयुक्त राष्ट्रसङ्घको एक जिम्मेवार सदस्यको हैसियतले मानव अधिकारको अनेकौँ महत्वपूर्ण महासन्धिहरूको पक्षराष्ट्र भयो। विश्वमै धेरै राष्ट्रसङ्घीय मानव अधिकार सन्धिहरूको अनुमोदन गर्ने देशको रूपमा आफूलाई उभ्याए तापनि नेपालले सशक्त कार्यान्वयनको लागि उत्साजनक पहल गर्न नसकेको अवस्था विद्यमान छ। मानव अधिकारका संरक्षण र सम्बर्द्धनमा नेपालका गैरसरकारी संस्थाहरू, विशेष गरेर मानव अधिकार संस्थाहरूले पुऱ्याएको भूमिका भने उल्लेखनीय रहँदै आएको छ। प्रस्तुत पुस्तक यसै निरन्तरताको उपक्रम हो।

मानव अधिकारका मूलभूत नौवटा महासन्धिहरू तथा परिशिष्टका रूपमा महिला अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का केही प्रस्ताव र जेनेभा महासन्धिहरूको साझा धारा तीन पनि यसमा समेटिएको छ। यस पुस्तकले राज्यलाई जवाफदेही बनाउन मानव अधिकार सङ्घ संस्थाले कस्तो भूमिका निर्वाह गर्न सक्छ ? भन्ने विषयलाई सैद्धान्तिक ज्ञान दिन सहयोग

पुऱ्याउँछ भन्ने मलाई विश्वास छ। २०६९ असार र फागुनमा गरी दुई संस्करण र २०७० मा तेस्रो संस्करण प्रकाशन गरिसकिएबाट पनि पुस्तकको उपादेयता सहजै अनुमान गर्न सकिन्छ। अधिकारकर्मी, मानव अधिकार सङ्घसंस्थाहरू, विद्यार्थी एवम् इच्छुक पाठकमाझ यो पुस्तक उपयोगीसिद्ध भएको हामीले पाएका छौँ। मानव अधिकार नौवटा मूलभूत सन्धिहहरू समेटिएको यस पुस्तकको चौथो संस्करण यहाँहरूसमक्ष प्रस्तुत गर्दा दातृ संस्थाहरूको सहयोगप्रति कृतज्ञता व्यक्त गर्दछु।

पुस्तक लेखन तथा पुन: प्रकाशनमा भूमिका निर्वाह गर्नु हुने निर्देशक श्रीराम बजगाँइ, मानव अधिकार अनुगमन तथा पैरवी विभागका व्यवस्थापक सम्झा श्रेष्ठ, सम्पादनका लागि निर्देशक मदन पौडेल, आवरण तथा साजसज्जाका लागि अधिकृत गीता मालीप्रति धन्यवाद व्यक्त गर्दछु।

डा. इन्दिरा श्रेष्ठ
अध्यक्ष

विषयसूची

पृष्ठ

१. महासन्धिद्वारा प्रत्याभूत मानवअधिकार १

२. नौ ठूला महासन्धिहरूका मूलभूत विशेषता ४

खण्ड एक

३. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको परिचय ६

४. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ १०

५. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको ऐच्छिक आलेख, १९६६ ३२

६. मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दोस्रो ऐच्छिक आलेख, १९८९ ३६

खण्ड दुई

७. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको परिचय ४०

८. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ ४३

खण्ड तीन

९. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको परिचय ५६

१०. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ ५९

११. महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, १९९९ ७५

खण्ड चार

१२. बालअधिकारसम्बन्धी महासन्धिको परिचय ८२

१३. बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ८५

१४. बालबलिकाको अधिकार तथा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्ध बालअधिकार महासन्धि ऐच्छिक आलेख, २००० १०९

१५. बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २००० ११७

खण्ड पाँच

१६. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको परिचय १२८
१७. सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ १३१

खण्ड छ

१८. यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धिको परिचय १४६
१९. यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ १४९

खण्ड सात

२०. अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धिको परिचय १६५
२१. अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि, २००६ १६७
२२. अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २००६ २००

खण्ड आठ

२४. बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको परिचय २०५
२५. बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ २०७

खण्ड नौ

२४. सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको परिचय २२९
२५. सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० २३२

परिशिष्टहरू

१. सुरक्षा परिषद् प्रस्ताव १३२५ २७४
२. सुरक्षा परिषद् प्रस्ताव १८२० २८२
३. सुरक्षा परिषद् प्रस्ताव १८८८ २८८
४. जेनेभा महासन्धि साझा धारा तीन २९४

महासन्धिद्वारा प्रत्याभूत मानव अधिकार

मानिसले मानिसकै हैसियतमा मर्यादित भएर बाँच्नका लागि आवश्यक पर्ने सबै अधिकारहरूलाई मानव अधिकार भनिन्छ। राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ ले मानव अधिकारलाई 'व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार तथा नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौतामा निहित अधिकार' भनी परिभाषित गरेको छ।[१]

प्रथम र दोश्रो विश्वयुद्धको बर्बरतापूर्ण आमसंहारकारी घटनाको चपेटामा परी पिरलिएको विश्व समुदायले भविष्यमा त्यस्ता घटनाको पुनरावृत्ति हुन नपाओस् भनेर विश्व शान्तिलाई चिरस्थायी बनाउन र मानव अधिकारको संरक्षणका लागि एउटा सशक्त विश्वव्यापी सङ्गठनको आवश्यकता महसुस गऱ्यो। फलस्वरूप सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भयो। संयुक्त राष्ट्रसङ्घको स्थापना हुनु मानव अधिकारको विश्वव्यापीकरणमा एउटा महत्त्वपूर्ण घटनाको रूपमा लिइन्छ। संयुक्त राष्ट्रसङ्घको वडापत्रको प्रस्तावनामा नै मौलिक मानव अधिकार, मानवीय मूल्य र मर्यादा, ठूला र साना राष्ट्रहरू सबैमा महिला पुरुषको समान हकमा विश्वास पुनः दृढ गराउनेजस्ता अभिव्यक्तिहरू उल्लेख भएबाट यसको महत्त्व प्रष्ट हुन्छ।

संयुक्त राष्ट्रसङ्घको उद्देश्यहरूमध्ये जाति, लिङ्ग, भाषा, धर्ममा भेदभाव नराखी सबैका निमित्त मौलिक हक एवम् मानव अधिकारहरूप्रति सम्मानको भाव प्रोत्साहित र विकास गर्न पनि सङ्घले अन्तर्राष्ट्रिय प्रत्याभूति गरेको छ। संयुक्त राष्ट्रसङ्घीय संरचनाअन्तर्गतका विभिन्न अङ्गहरूमध्ये सचिवालयको मानव अधिकार हेर्ने शाखाले मानव अधिकारका दस्तावेजहरू, उल्लङ्घनका उजुरीहरू तथा स्थितिको अभिलेख राख्ने, तथ्याङ्क र समीक्षा प्रकाशन गर्ने, जिम्मा जमानी परिषद्ले आफ्नो जिम्मामा रहेको प्रदेशमा बसोवास गर्ने नागरिकहरूको मानव अधिकारको संरक्षण तथा सम्मान भए नभएको हेर्ने, उल्लङ्घनका घटनाका सम्बन्धमा स्पष्टीकरण माग्ने, अन्तर्राष्ट्रिय न्यायालयले मानव अधिकारसम्बन्धी विवाद समाधान, सन्धिको व्याख्या गर्ने, महासभाले

१ मानव अधिकार प्रश्न-उत्तर सँगालो । राष्ट्रिय मानव अधिकार आयोग । असार २०६८ : पृ. १

मानव अधिकारसम्बन्धी छलफल, नीति निर्धारण, मूल्याङ्कन तथा दस्तावेज निर्माण गर्ने, विभिन्न आयोग तथा सन्धिहरू बनाउने गर्दछ भने आर्थिक तथा सामाजिक परिवर्तन सबैका लागि मानव अधिकार एवम् स्वतन्त्रताको सम्मान तथा अभिवृद्धिको प्रयोगका लागि तथा सिफारिश गर्ने आयोग गठन गर्ने गर्दछ।

विश्वका धेरैजसो मुलुकको अभिभावकत्व प्रदत्त संयुक्त राष्ट्रसङ्घले विभिन्न अभिसन्धि तथा महासन्धि पारित गरिसकेको छ। भेदभाव, शोषण र एकतन्त्रीय भावनाको अस्तित्व रहेसम्म शान्ति सुरक्षा सम्भव छैन। शान्तिको अभावमा विकास र एकताको कुनै अर्थ रहँदैन भन्ने मान्यतासहित बनेका विभिन्न महासन्धिमध्ये महत्त्वपूर्ण ठूला नौ महासन्धि र अभिसन्धि तथा प्रतिज्ञापत्रहरूका बारेमा यहाँ उल्लेख गरिएको छ।

क्र.स.	महासन्धिको नाम	पारित मिति	नेपालद्वारा अनुमोदन/सम्मिलन
१	नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र	१६ डिसेम्बर १९६६	१४ मई १९९१ (वि.सं. २०४८ वैशाख ३१)
२	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र	१६ डिसेम्बर १९६६	१४ मई १९९१ (वि.सं. २०४८ वैशाख ३१)
३	सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि	२१ डिसेम्बर १९६५	३० जनवरी १९७१ (वि.सं. २०२७ माघ २७)
४	महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि	१८ डिसेम्बर १९७९	२२ अप्रिल १९९१ (वि.सं. २०४८ वैशाख ९)
५	बालअधिकारसम्बन्धी महासन्धि	२० नोभेम्बर १९८९	१४ सेप्टेम्बर १९९० (वि.सं. २०४७ भदौ २९)
६	यातना तथा अन्य क्रूर अपमानजनक व्यवहारविरुद्धको महासन्धि	१० डिसेम्बर १९८४	१४ मई १९९१ वि.स. (२०४८ वैशाख ३१)

७	अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि	१३ डिसेम्बर २००६	२७ डिसेम्बर २००९ (२०६६ पुस १२)
८	जबरजस्ती बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,	२० डिसेम्बर २००६	अनुमोदन गरेको छैन
९	सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि,	१८ डिसेम्बर १९९०	अनुमोदन गरेको छैन

नौ ठूला महासन्धिहरुका मूलभूत विशेषता

संयुक्त राष्ट्रसङ्घमार्फत विभिन्न महासन्धिहरू पारित भइसकेका भए तापनि यी नौवटा महासन्धिहरूको महत्त्व अन्य सन्धि, अभिसन्धिहरूभन्दा बढी र विशेष भएका कारण यिनीहरूलाई संयुक्त राष्ट्रसङ्घले नै महत्त्वपूर्ण स्थान दिएको हो। यी नौवटा महासन्धिहरूले मूलत: सबैजसो समूह र वर्गलाई जस्तो; बालबालिका, महिला, सम्पूर्ण नागरिक, रङ्गभेद, अपाङ्गता भएका व्यक्तिलगायत अन्य असमानताको शिकार बनाइएका समूह, बेपत्ता बनाइएका व्यक्ति, आप्रवासी कामदार, जनजाति तथा राज्य प्रशासनबाट पीडित जनसमुदाय आदिलाई सम्बोधन गर्न सकेकोले पनि यी महासन्धि मात्रको कार्यान्वयन र परिपालनाले पक्षराष्ट्रभित्र मानव अधिकारको स्थिति मजबुत र संरक्षित हुन सक्दछ। त्यस्तै यी महासन्धिहरूले केवल पक्षराष्ट्रलाई विभिन्न समुदायका व्यक्तिहरूलाई अधिकारको परिपालनाका लागि बोलेका छैनन्। साथै, पक्षराष्ट्रलाई विभिन्न व्यवस्था गर्नुपर्ने गरी दायित्वहरूसमेत तोकेको पाइन्छ। तोकिएका दायित्वहरूको पालना भए/नभएको यथास्थितिको मूल्याङ्कन गर्ने उद्देश्यले पक्षराष्ट्रलाई आवधिक प्रतिवेदन बुझाउनुपर्ने दायित्वसमेत यी ठूला नौअर्न्तगतका महासन्धि एवम् प्रतिज्ञापत्रहरूमा तोकिएको पाइन्छ। त्यस्तै यी महासन्धिहरूका पक्षराष्ट्रहरूले बुझाएको प्रतिवेदनलाई छलफलमा ल्याउने गरी एक विशेष समितिसमेतको व्यवस्था यी महासन्धिहरू स्वयम्ले गरेको हुँदा यी महासन्धिलाई विशेष हैसियत प्रदान गरिएको हो। तसर्थ यी महासन्धिका विशेषताहरूलाई क्रमबद्धरूपमा निम्नानुसार उल्लेख गरिएको छ।

- विभिन्न वर्ग समुदायका आधारभूत हक, अधिकारलाई समेटेको,
- प्राय: सबै प्रकृतिका मानव अधिकारलाई समावेश गरेको जस्तो: नागरिक, राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक आदि,
- पक्षराष्ट्रहरूले कार्यान्वयन गर्नुपर्ने गरी विभिन्न दायित्व तोकेको,
- दायित्वअनुरूप परिपालना भए/नभएको हेर्ने अनुगमनको प्रभावकरी संयन्त्र भएको,

- महासन्धिको पालना एवम् कार्यान्वयनको स्थितिबारे आवधिक प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गरेको, तथा,
- उक्त बुझाएको प्रतिवेदनमाथि महासन्धिले तोकेका देहायबमोजिमका समितिहरूमा छलफल गराउने गरी व्यवस्था गरेको।

यी प्रत्येक महासन्धिले तोकेको दायित्वको कार्यान्वयन भए/नभएको तथा प्रत्याभूत गर्नुपर्ने गरी तोकेका अधिकारको पक्षराष्ट्रले पारिपालना गरे/नगरेको अनुगमन गर्नका लागि छुट्टै समितिहरूको व्यवस्था गरिएको छ। यी नौ वटै महासन्धि एवम् प्रतिज्ञापत्रहरूको कार्यान्वयनको अनुगमन गर्न राष्ट्रसङ्घमा निम्न लिखित समितिहरू रहेका छन्, जसले पक्षराष्ट्रले बुझाएका आवधिक प्रतिवेदनमाथि छलफल गरी अनुगमन गर्ने गर्दछ।

- मानव अधिकार समिति
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूसम्बन्धी समिति
- जातीय भेदभाव उन्मूलनसम्बन्धी समिति
- महिलाविरुद्धको भेदभावको अन्त्य गर्न गठित समिति
- यातनाविरुद्धको समिति
- बालअधिकारसम्बन्धी समिति
- आप्रवासी कामदारहरूसम्बन्धी समिति
- अपङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति
- बलपूर्वक बेपत्तासम्बन्धी समिति

खण्ड एक

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको परिचय

मानव जातिले नागरिक भएको नाताले उपभोग गर्न पाउने नागरिक तथा राजनीतिक अधिकारलाई संरक्षण गर्न बनेको महासन्धिलाई नै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भनिन्छ। यो महासन्धिले मूलत: नागरिक र राजनीतिक अधिकारमा जोड दिएको छ। स्वतन्त्रताको प्रत्याभूतिबिना समानता समेतको कुनै अर्थ रहँदैन भन्ने मान्यताले प्रत्येक पक्षराष्ट्रले नागरिकका आधारभूत अधिकारको प्रत्याभूतिका लागि विशेष कदम चाल्नुपर्ने कुराको उल्लेख यस महासन्धिले गरेको छ।

यो महासन्धि:

- सन् १९६६ को १६ डिसेम्बरका दिन संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सर्वसम्मतिका साथ पारित गरी हस्ताक्षर र अनुमोदनका निम्ति खुला गरिएको र सन् १९७६ मार्च २३ देखि लागु भएको,
- मानव अधिकारहरूको विश्वव्यापी घोषणापत्रमा उल्लेखित नागरिक तथा राजनीतिक अधिकारहरूको प्रत्याभूतिका निम्ति बाध्यकारी व्यवस्था,
- कूल ६ खण्ड र ५३ वटा धाराहरूमा विभाजित,
- सन् १९९१ को १४ मे का दिन नेपालद्वारा सम्मिलन गरिएको हो।

नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले कुनै पनि सरकारद्वारा जनताको भेदभाव, यातना वा कुनै पनि प्रकारको दुर्व्यवहारबिना बाँच्न पाउने अधिकारको प्रत्याभूति गरेको छ। यसले राजनीतिक सहभागिता र अभिव्यक्ति स्वतन्त्रताको पनि प्रत्याभूति गरेको छ।

साधारणत: नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको उल्लङ्घन राज्य, सेना वा प्रहरीको काम कारबाहीको प्रत्यक्ष परिणामस्वरूप हुने गर्दछ।

मानव अधिकार घोषणापत्रमा उल्लेख गरिएका नागरिक र राजनीतिक अधिकारहरूलाई लागु गर्ने बाध्यकारी दायित्वको लागि निर्माण गरिएको यो महासन्धिमा मानिसका नागरिक र राजनीतिक अधिकारहरूलाई विभिन्न धाराहरूमा सूत्रबद्ध गरिएका छन्। ती अधिकारहरूको उपभोगमा राज्यको दायित्व र मानव अधिकार हननको रोकथामका प्रक्रिया एवम् संयन्त्रको समेत व्यवस्था गरिएको छ।

महासन्धिको धारा ७ देखि २७ सम्म मानिसको बाँच्न पाउनेलगायत अन्य कतिपय अधिकारहरूलाई समेटिएको छ। नेपालले पक्षराष्ट्रको हैसियतले यो महासन्धि लागु भएको एक वर्षभित्र र त्यसपछि मानव अधिकार समितिले अनुरोध गरेको बखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष आवधिक प्रतिवेदन पेश गर्नु पर्दछ।

यस महासन्धिको आफ्नै पहिलो तथा दोश्रो ऐच्छिक आलेख रहेका छन्। महासन्धिले तय गरेका अधिकारहरूको परिपालना नभएको स्थितिमा आवश्यक कारबाहीका लागि उजुरी प्रक्रियादेखि अन्य विभिन्न कार्याविधिगत कुरालाई उल्लेख गर्ने उद्देश्यले यी आलेखहरूको निर्माण गरिएको हो। व्यक्ति स्वयम्ले समेत यस महासन्धिले परिपालना गर्नुपर्ने भनी तोकेका अधिकारको परिपालना नभएको अवस्थामा संयुक्त राष्ट्रसङ्घको मानव अधिकार समितिमा के कसरी उजुरी गर्न सक्दछ भन्ने बारेमा प्रक्रिया निर्धारणका लागि यस महासन्धिले आलेखहरूको व्यवस्था गरेको हो।

नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पहिलो ऐच्छिक आलेख, १९६६

यस महासन्धिले व्यवस्था गरेको हक अधिकारको उचित परिपालनाका लागि ऐच्छिक आलेखसमेतको निर्माण गरिएको छ। उक्त नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पहिलो ऐच्छिक आलेख,

- सन् १९६६ को १६ डिसेम्बरका दिन संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित
- कूल १४ वटा धारा भएको
- नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको उद्देश्य प्राप्तिका निम्ति व्यक्तिलाई पनि मानव अधिकार समितिमा उजुरी गर्ने अधिकारसमेत उल्लेख भएको छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेखित अधिकारहरूको प्रभावकारी कार्यान्वयनकै सिलसिलामा दुईवटा अरु आलेखहरूको सन्

१९६६ डिसेम्बर १६ का दिन नै निर्माण गरिएको थियो। जसलाई प्रथम ऐच्छिक आलेख र द्वितीय ऐच्छिक आलेख नामाकरण गरिएको छ। प्रथम ऐच्छिक आलेख नागरिक तथा राजनीतिक महासन्धिको पक्ष राज्यको नागरिकले मानव अधिकार समितिसमक्ष उक्त महासन्धिमा उल्लेख गरिएको अधिकार हनन् भएमा उजुरी गर्न पाउने अधिकार दिइएको छ। तर भरिसक्य उजुरीकर्ता पीडित आफै हुनुपर्छ। पीडित आफैले नसक्ने अवस्थामा मात्र पीडितका तर्फबाट अरु कसैले उजुरी गर्न सक्छ। यसरी परेका उजुरीहरूको छानबिन गरी त्यसबारेको निर्णय गर्न सक्छ। त्यस्तो निर्णयहरू मान्नैपर्ने बाध्यता भने सम्बन्धित राज्यलाई हुँदैन। मानव अधिकार समितिसमक्ष उजुरी गर्नुभन्दा पहिले पीडितले राज्यमा उपलब्ध उपचारका सबै व्यवस्थाको उपयोग गरिसकेको हुनुपर्छ। नेपालले पहिलो ऐच्छिक महासन्धिलाई सन् १९९४ मे १४ का दिन अनुमोदन गरेको हो।

नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको दोश्रो ऐच्छिक आलेख, १९८९

सन् १९८९ को १५ डिसेम्बरका दिन संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित यस आलेखमा कूल ११ धारा रहेका छन्। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ३ एवम् नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ६ को मर्मअनुसार तर्जुमा गरिएको कुरा प्रस्तावनामै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले कुनै पनि सरकारद्वारा जनताको भेदभाव यातना वा कुनै पनि प्रकारको दुर्व्यवहारबिना बाँच्न पाउने अधिकार प्रत्याभूत गर्ने कुरालाई उल्लेख गरेको छ। यसले राजनीतिक सहभागिता र अभिव्यक्ति स्वतन्त्रताको पनि प्रत्याभूत गरेको छ। साधारणत: नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको उल्लङ्घन राज्य, सेना वा प्रहरीको काम कारबाहीको प्रत्यक्ष परिणामस्वरूप हुने गर्दछ।

दोस्रो ऐच्छिक आलेख मृत्युदण्डको निषेधका लागि निर्माण गरिएको हो। नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी महासन्धिको पक्ष राज्यले दोस्रो ऐच्छिक आलेखको पनि पक्ष भएमा त्यस देशबाट मृत्युदण्ड पूर्णरूपमा उन्मूलन गरिएको भनिन्छ। अर्थात् यस अभिसन्धिको पक्ष राज्यले मृत्युदण्ड दिने गरी कानुन बनाउन पाउँदैन।

दोस्रो ऐच्छिक महासन्धिलाई नेपालले सन् २००१ मा अनुमोदन गरेको हो। नेपालका नागरिकले नागरिक तथा राजनीतिक अधिकारहरूको महासन्धिमा उल्लेखित कुनै

पनि अधिकारहरूको हनन भएमा संयुक्त राष्ट्रसङ्घको मानव अधिकार समितिसमक्ष व्यक्तिगत उजुरी दायर गर्न सक्छ। यही अन्तर्राष्ट्रिय कानुनको मर्मबमोजिम नेपालमा मृत्युदण्डलाई संवैधानिकरूपमै उन्मूलन गरिएको हो।

मानव अधिकार समिति

यो समिति नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको अनुगमनका लागि निर्माण गरिएको हो। यस समितिमा जम्मा १८ जना सदस्य हुन्छन्। उच्च नैतिक चरित्र भएका तथा मानव अधिकारको क्षेत्रमा सक्षम ठहरिएका र कानुनसमेतको अनुभव भएका केही व्यक्तिहरूलाई समेटी समितिको गठन गरिने प्रावधान राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी महासन्धिले गरेको छ। यस समितिका सदस्यहरूको कार्यावधि चार वर्षको हुने व्यवस्था छ। त्यस्तै समितिले आफ्ना अधिकारीहरूलई दुई वर्षका लागि निर्वाचित गर्न सक्दछ। यो महासन्धिमा सम्मिलन भएको राष्ट्रले चार-चार वर्षको अन्तरालमा आफ्नो मुलुकभित्र महासन्धिमा उल्लेख भएका मानव अधिकारहरूको स्थिति र सरकारको प्रयत्न बारेमा समितिसमक्ष प्रतिवेदन बुझाउनु पर्दछ। त्यतिमात्र होइन यसको ऐच्छिक आलेखलाई अनुमोदन गरी पक्ष हुने राष्ट्रका नागरिकहरूले समेत राज्यमा भएका संयन्त्रहरूबाट आफ्ना नागरिक तथा राजनीतिक अधिकारको हननको उपचार नपाएको अवस्थामा समितिसमक्ष उजुरीसमेत दायर गर्न पाउँछन्। नेपाल महासन्धि र आलेख दुवैको पक्षराष्ट्र भइसकेको छ।

यस महासन्धिका कुनै पनि पक्षराष्ट्रले तोकिएको आफ्नो दायित्व पूरा गरिरहेको छैन भनी लिखित सूचनाद्वारा समितिमा कुनै पनि पक्षराष्ट्रले सूचना दिन सक्दछ। यसरी लिखित सूचना समितिलाई बुझाएको तीन महिनाभित्र सम्बन्धित राष्ट्रले आवश्यक स्पष्टीकरण दिनुपर्ने हुन्छ। आफूले पालना गरिरहने क्रममा स्थापित संयन्त्र, कानुन एवम् अन्य उपायका बारेमा विस्तृत जानकारीसमेतको प्रतिवेदन छ महिनाभित्र पक्षराष्ट्रले समितिसमक्ष राख्न सक्दछ। यसरी उपलब्ध गराइएको जानकारीमा आवश्यक कुराको थप जानकारी समितिले माग्न सक्दछ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

महासभाको १६ डिसेम्बर १९६६ को प्रस्ताव २२०० ए (XXI)बाट ग्रहण गरी
हस्ताक्षर, अनुमोदन तथा सम्मिलनका लागि खुला गरिएको
लागु भएको मिति: धारा ४९ अनुसार, २३ मार्च १९७६

प्रस्तावना

यस महासन्धिका पक्षराष्ट्रहरू,

संयुक्त राष्ट्रसङ्घको बडापत्रमा निर्दिष्ट सिद्धान्तहरूअनुसार मानव परिवारका सम्पूर्ण सदस्यमा अन्तरनिहित मर्यादा तथा सम्मान एवम् नैसर्गिक अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएको कुरालाई विचार गर्दै,

मानिसमा अन्तरनिहित मर्यादाबाट नै यी अधिकारहरू नि:सृत हुने कुरालाई मान्यता दिँदै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्रअनुसार भय तथा अभावबाट स्वतन्त्रता उपभोग गरिरहेका स्वतन्त्र मानव जातिको आदर्श प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूका साथै नागरिक तथा राजनीतिक अधिकार उपभोग गर्न पाउने अवस्था सिर्जना गरेमा मात्र प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मान्यता दिँदै,

संयुक्त राष्ट्रसङ्घको बडापत्रअन्तर्गत मानव अधिकार तथा स्वतन्त्रताको विश्वव्यापी सम्मान एवम् पालनालाई प्रवर्धन गर्ने राष्ट्रहरूको दायित्वको विचार गर्दै,

अन्य व्यक्तिहरू तथा आफ्नो समुदायप्रति कर्तव्य भएको व्यक्ति यस महासन्धिमा स्वीकार

गरिएका अधिकारहरूको प्रवर्धन तथा पालनाको लागि प्रयास गर्ने उत्तरदायित्वअन्तर्गत छ भन्ने कुरा महसुस गर्दै,

देहायका धाराहरूमा सहमत भएका छन्:

भाग १

धारा १

१. सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार छ। त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गर्दछन् तथा स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा लाग्दछन्।

२. सबै जनताले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानुनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै दायित्वप्रति कुनै दुराग्रह नराखी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक धन तथा स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन्। कुनै अवस्थामा पनि कुनै जनतालाई उसको आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन।

३. गैरस्वशासित तथा न्यास इलाकाहरूको प्रशासनको उत्तरदायित्व भएका पक्षलगायत यस महासन्धिका पक्षराष्ट्रहरू आत्मनिर्णयको अधिकारको प्राप्तिको प्रवर्धन गर्नेछन् तथा संयुक्त राष्ट्रसङ्घको बडापत्रका व्यवस्थाहरूअनुरूप सो अधिकारको सम्मान गर्नेछन्।

भाग २

धारा २

१. यस महासन्धिका पक्षराष्ट्रहरू आफ्ना इलाका तथा क्षेत्राधिकारभित्रका सबै व्यक्तिलाई जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभावबिना यस महासन्धिमा स्वीकृत अधिकारहरूको सम्मान तथा सुनिश्चित गर्न प्रतिज्ञा गर्दछन्।

२. विद्यमान व्यवस्थापकीय वा अन्य उपायहरूले व्यवस्था भइनसकेको अवस्थामा आफ्ना प्रत्येक पक्षराष्ट्रहरूले आफ्नो संवैधानिक प्रक्रिया तथा यस महासन्धिका व्यवस्थाअनुरूप या महासन्धिमा स्वीकार गरिएका अधिकारहरूलाई कार्यान्वयन गर्न त्यस्ता आवश्यक व्यवस्थापकीय वा अन्य उपायहरू ग्रहण गर्न आवश्यक कदमहरू चाल्ने प्रतिज्ञा गर्दछन्।

३. यस महासन्धिका प्रत्येक पक्षराष्ट्रहरू निम्नलिखित कुराको प्रतिज्ञा गर्दछन्:

(क) सरकारी हैसियतमा कार्य गर्ने व्यक्तिहरूबाटै उल्लङ्घन भए तापनि स्वीकार गरिएका आफ्नो अधिकार एवम् स्वतन्त्रताहरू उल्लङ्घन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने,

(ख) त्यस्तो उपचार दावी गर्ने कुनै व्यक्तिको आफ्नो अधिकार सक्षम न्यायिक प्रशासनिक वा व्यवस्थापकीय अधिकारी वा राष्ट्रका कानुनी प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारित गरिपाउने कुरा सुनिश्चित गर्ने तथा न्यायिक उपचारका सम्भावनाहरू विकसित गर्ने,

(ग) त्यस्ता उपचारहरू प्रदान गरिएमा सक्षम अधिकारीहरूले ती उपचारहरू लागु गर्ने कुरा सुनिश्चित गर्ने।

धारा ३

यस महासन्धिका पक्षराष्ट्रहरू यस महासन्धिमा व्यवस्था गरिएका सबै नागरिक तथा राजनीतिक अधिकारहरू उपभोग गर्ने पुरुष तथा महिलाको अधिकार सुनिश्चित गर्ने कुराको प्रतिज्ञा गर्दछन्।

धारा ४

१. राष्ट्रको अस्तित्वमा खलल पार्ने सार्वजनिक सङ्कट र सोको विद्यमानता आधिकारिकरूपमा घोषणा गरिएको समयमा यस महासन्धिका पक्षराष्ट्रहरूले स्थितिको आकस्मिकताबाट अत्यावश्यक भएको हदसम्म मात्र यस महासन्धिअन्तर्गत आफ्ना दायित्वहरू न्यून गर्ने उपायहरू अवलम्बन गर्न सक्नेछन्।

तर त्यस्ता उपायहरू अन्तर्राष्ट्रिय कानुनअन्तर्गत तिनीहरूका अन्य दायित्वहरूको प्रतिकूल हुनु हुँदैन र जाति, वर्ण, लिङ्ग, भाषा, धर्म वा सामाजिक उत्पत्तिका आधारमा मात्र भेदभाव गर्ने कुरा त्यस्ता उपायहरूमा समावेश भएको हुनु हुँदैन।

२. यो व्यवस्थाअन्तर्गत धारा ६, ७, ८ (प्रकरण १ र २), ११, १५, १६ तथा १८ लाई न्यून गर्न पाइने छैन

३. न्यून गर्ने अधिकारको उपयोग गर्ने यस महासन्धिको कुनै पक्षराष्ट्रहरूले आफूले न्यून गरेका व्यवस्थाहरू त्यसो गर्नु पर्नाका कारणहरूको जानकारी संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत तुरुन्त यस महासन्धिका अन्य पक्षराष्ट्रहरूलाई दिनेछ। आफूले यस्तो न्यूनता अन्त्य गरेको मितिसम्बन्धी अर्को सूचना पनि सोही मध्यस्थकर्तामार्फत दिनेछ।

धारा ५

१. यस महासन्धिमा भएका कुनै पनि कुरालाई कुनै राष्ट्र, समूह वा व्यक्तिलाई यस महासन्धिमा स्वीकार गरिएका कुनै अधिकार वा स्वतन्त्रता नष्ट गर्ने वा ती अधिकारलाई यस महासन्धिमा व्यवस्था गरेभन्दा बढी मात्रामा सीमित गर्ने उद्देश्य भएका कुनै क्रियाकलापमा संलग्न हुने वा कुनै काम गर्न पाउने अर्थ आउने गरी व्याख्या गर्न सकिने छैन।

२. यस महासन्धिले यस्ता अधिकारहरू स्वीकार गर्दैनन् वा तिनलाई कम मात्रामा मात्र स्वीकार गर्दछन् भन्ने बहानामा कानुन, महासन्धिहरू, नियमहरू वा परम्पराका आधारमा कुनै देशमा स्वीकार गरिएका वा विद्यमान रहेका कुनै मौलिक मानव अधिकारमा कुनै नियन्त्रण वा न्यूनतालाई ग्रहण गरिने छैन।

भाग ३

धारा ६

१. प्रत्येक व्यक्तिमा जीवनको अन्तर्निहित अधिकार छ। कानुनद्वारा यो अधिकारको संरक्षण गरिनेछ। स्वेच्छाचारीरूपले कसैको पनि जीवन हरण गरिने छैन।

२. मृत्युदण्डको उन्मूलन नगरेका देशहरूमा यदि गम्भीर अपराधहरूमा अपराध गर्दाको समयमा लागु रहेका कानुनअनुसार र यस महासन्धिका व्यवस्थाहरू तथा आमहत्याको अपराधको रोकथाम तथा सजायसम्बन्धी महासन्धिका व्यवस्थाहरू विपरीत नहुने गरी मृत्युदण्ड दिन सकिनेछ। सक्षम अदालतले गरेको अन्तिम निर्णयअनुसार मात्र यसतो दण्ड कार्यान्वय गर्न सकिनेछ।

३. जीवन हरण आमहत्याको अपराध मानिने अवस्थामा यस धारामा उल्लिखित कुनै पनि कुराले यस महासन्धिको कुनै पनि पक्षराष्ट्रहरूलाई आमहत्या अपराधको रोकथाम तथा सजायसम्बन्धी महासन्धिअन्तर्गतका आफ्ना कुनै पनि दायित्वलाई कुनै पनि प्रकरण न्यून गर्ने अधिकार प्रदान गर्ने अधिकार छैन भन्ने कुरा बुझिन्छ।

४. मृत्युदण्डको सजाय पाएको कुनै पनि व्यक्तिलाई सजायबाट माफी वा दण्ड कटौतीको माग गर्ने अधिकार हुनेछ। सबै मुद्दाहरूमा माफी दिन, क्षमादान दिन वा मृत्युदण्डको सजायलाई कम गर्न सकिनेछ।

५. १८ वर्षमुनिका व्यक्तिबाट गरिएको अपराधमा मृत्युदण्ड दिइने छैन तथा गर्भवती महिलाहरूउपर यस्तो दण्ड कार्यान्वयन गरिने छैन।

६. यस महासन्धिको कुनै पनि पक्षराष्ट्रहरूले मृत्युदण्ड उन्मूलन गर्न ढिलाइ गर्न वा त्यस्तो उन्मूलनमा रोक लगाउन यस धाराको कुनै पनि कुराको आधार लिन पाउने छैन।

धारा ७

कसैलाई पनि यातना दिइने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। विशेष गरी कसैलाई पनि निजको स्वतन्त्र मञ्जुरीबिना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन।

धारा ८

१. कसैलाई पनि दासत्वमा राखिने छैन, दासत्व तथा सबै किमिमका दास व्यापारलाई निषेध गरिनेछ।

२. कसैलाई पनि चाकरीमा राखिने छैन।

३.

(क) कसैलाई पनि बलपूर्वक अथवा अनिवार्य श्रम गर्न लगाइने छैन।

(ख) कडा श्रमसहितको कैद कुनै अपराधको दण्ड सजायका रूपमा लागु गर्न सकिने देशहरूमा सक्षम अदालतले निर्णय गरेको दण्ड कार्यान्वयन गर्ने क्रममा कडा श्रम गराउन प्रकरण ३ (क)ले रोक लगाएको मानिने छैन।

(ग) यस प्रकरणको उद्देश्यका लागि बलपूर्वक वा अनिवार्य श्रमदान भन्ने शब्दले निम्न कुरा जनाउने छैन:

(अ) उपप्रकरण (ख) मा उल्लेख नगरिएका, अदालतको कानुनी आदेशको परिणाम स्वरूप थुनामा रहेका कुनै व्यक्तिले गर्नुपर्ने वा यस्तो थुनाबाट सशर्त रिहा भएको व्यक्तिले सो अवधि भर साधारणत: गर्नुपर्ने कुनै काम वा सेवा,

(आ) सैनिक चरित्रको कुनै सेवा वा चेतनागत विरोध स्वीकार गरिएका देशहरूमा चेतनागत विरोधकर्ताहरूले कानुनबमोजिम गर्नुपर्ने कुनै राष्ट्रिय सेवा,

(इ) समुदायको जीवन वा कल्याणलाई खतरा पुऱ्याउने सङ्कटकालीन अवस्था वा प्रकोपका समयमा बलपूर्वक लिइएको कुनै सेवा,

(ई) सामान्य नागरिक दायित्वको अङ्ग भएको कुनै काम वा सेवा।

धारा ९

१. प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ। कसैलाई पनि स्वेच्छाचारीरूपले पक्राउ गर्न वा थुनामा राख्न पाइने छैन। कानुनबाट निर्धारित आधारमा वा कार्यविधिबमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन।

२. पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारणको सूचना दिइनेछ तथा निजविरुद्ध लगाइएको आरोपको तुरुन्त जानकारी दिइनेछ।

३. कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानुनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकार प्राप्त

अधिकारीसमक्ष तुरुन्त ल्याइनेछ तथा त्यस्तो व्यक्तिलाई न्यायोचित समयावधिभित्र सुनुवाइ गरिपाउने वा छुटकारा पाउने अधिकार हुनेछ। सुनुवाइको अवसर पर्खिरहेका व्यक्तिलाई थुन्नु सामान्य नियम हुने छैन। तर निजको रिहाइ भने न्यायिक कारबाहीको अन्य कुनै पनि चरणको सुनुवाइमा समुपस्थित हुने तथा अवस्था उत्पन्न भएमा फैसला कार्यान्वयन गर्नको लागि जमानत धरौटीको अधीनमा रहन सक्नेछ।

४. पक्राउ वा थुनाबाट स्वतन्त्रता अपहरण गरिएको कुनै पनि व्यक्तिले कुनै अदालतसमक्ष कारबाही थालनी गर्न पाउनेछ। ताकि सो अदालतले विलम्ब नगरी निजको थुनाको वैधताको सम्बन्धमा निर्णय गर्न तथा थुनाइ कानुनी नभएमा निजलाई रिहाई गर्न आदेश दिन सक्नेछ।

५. गैरकानुनी पक्राउ वा थुनाबाट पीडित भएको कुनै पनि व्यक्तिलाई क्षतिपूर्तिका कार्यान्वयन गर्न सकिने अधिकार हुनेछ।

धारा १०

१. स्वतन्त्रताको अपहरण गरिएका सबै व्यक्तिहरूलाई मानवतासहित तथा मानिसको अन्तरनिहित मर्यादा प्रति सम्मान गर्ने किसिमले व्यवहार गरिनेछ।

२.

(क) अपवादजनक अवस्थाहरूमा बाहेक अभियुक्तहरूलाई अपराधीहरू (सजाय पाएका व्यक्तिहरू) बाट अलग राखिने र सजाय नपाएका व्यक्तिहरूको हैसियतले तिनीहरूको अवस्था सुहाउँदो पृथक व्यवहार गरिनेछ।

(ख) बाल अभियुक्तहरूलाई वयस्कहरूबाट अलग राखिनेछ र जतिसक्दो चाँडो तिनीहरूको मुद्दा छिन्न लगाइने छ।

३. बन्दी सुधार प्रणालीमा कैदीहरूको अत्यावश्यक सुधार तथा सामाजिक पुन: स्थापना उद्देश्य भएको उनीहरूप्रतिको व्यवहार समावेश हुनेछ। बाल अपराधीहरूलाई वयस्कहरूबाट अलग राखिनेछ र उनीहरूको उमेर तथा कानुनी अवस्था सुहाउँदो व्यवहार गरिने छ।

धारा ११

कुनै करारीय दायित्व पूरा गर्न नसकेको आधारमा मात्र कसैलाई पनि थुनामा राखिने छैन।

धारा १२

१. कुनै राष्ट्रको इलाकाभित्र कानुनीरूपमा रहेको प्रत्येक व्यक्तिलाई सो इलाकाभित्र आवातजावत गर्ने स्वतन्त्रता तथा आफ्नो आवास रोज्न पाउने स्वतन्त्रताको अधिकार हुनेछ।

२. प्रत्येक व्यक्ति आफ्नो देशलगायत कुनै देश छोड्न स्वतन्त्र हुनेछ।
३. माथि उल्लिखित अधिकारहरूमा कानुनबमोजिम लगाइएका राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता वा अरुको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षण गर्न आवश्यक तथा यस महासन्धिमा स्वीकार गरिएका अन्य अधिकारअनुरूपका प्रतिबन्धहरूबाहेक कुनै प्रतिबन्धहरू लगाइने छैन।
४. कुनै पनि व्यक्तिलाई आफ्नो देशभित्र प्रवेश गर्न पाउने अधिकारबाट स्वेच्छाचारीरूपमा वञ्चित गरिने छैन।

धारा १३

यस महासन्धिको कुनै पक्षराष्ट्रको इलाकामा कानुनीरूपमा रहेको कुनै विदेशीलाई कानुनबमोजिम गरिएको निर्णयअनुरूप मात्र त्यहाँबाट निष्काशन गर्न सकिनेछ र राष्ट्रिय सुरक्षाको वाध्यात्मक कारणबाट अन्यथा गर्नुपर्ने भएमा बाहेक निजलाई आफ्नो निष्काशनविरुद्ध कारणहरू पेश गर्न तथा आफ्नो मुद्दा सक्षम अधिकारीबाट वा सक्षम अधिकारीबाट विशेषरूपमा तोकिएको कुनै व्यक्ति वा व्यक्तिहरूबाट पुनरावलोकन गरिपाउन तथा सो प्रयोजनको लागि त्यस्तो अधिकारी वा व्यक्ति वा व्यक्तिहरूसमक्ष आफ्नो प्रतिनिधित्व गरिपाउन दिनु पर्नेछ।

धारा १४

१. सबै व्यक्तिहरू अदालत तथा न्यायाधिकरणहरूको अगाडि समान हुनेछन्। आफूविरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा वा कुनै कानुनी मुद्दामा निजको अधिकार तथा कर्तव्यहरूको निर्धारण गर्दा प्रत्येक व्यक्तिलाई कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र तथा निष्पक्ष न्यायाधिकरणबाट समाजमा नैतिकता, सार्वजनिक व्यवस्था वा राष्ट्रिय सुरक्षाको कारणले वा पक्षहरूको व्यक्तिगत प्रतिकूल प्रभाव पर्न सक्छ भन्ने कुरा अदालतलाई लागेको अवस्थामा अत्यावश्यक भएको हदसम्म सम्पूर्ण सुनुवाइ वा त्यसको कुनै अंशबाट पत्रकार (प्रेस) तथा जनतालाई पृथक राख्न सकिनेछ। तर तरुणहरूको हितको रक्षा गर्न अन्यथा गर्नुपर्ने भएको वा कारबाहीहरू वैवाहिक विवाद वा बालबालिकाको संरक्षकत्वसँग सम्बन्धित भएको अवस्थामा बाहेक कुनै फौजदारी मुद्दामा वा कानुनी मुद्दामा गरिएका फैसलाहरू सार्वजनिक गरिनेछ।
२. फौजदारी कसुरका आरोप लागेका प्रत्येक व्यक्तिलाई कानुनबमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने अधिकार हुनेछ।
३. प्रत्येक व्यक्तिविरुद्धको कुनै फौजदारी अभियोग निर्धारण गर्दा निजलाई पूर्ण समानताका आधारमा देहायबमोजिमका न्यूनतम प्रत्याभूतिहरू पाउने अधिकार हुनेछः

(क) आफूविरुद्धको अभियोगको प्रकृति तथा कारणको आफूले बुझ्ने भाषामा तुरुन्त एवम् विस्तारपूर्वक जानकारी पाउने,

(ख) आफ्नो प्रतिरक्षा तयार गर्नका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको वकीलसँग कुराकानी गर्न पाउने,

(ग) अनुचित विलम्ब बिना सुनुवाइ गरी पाउने,

(घ) आफ्नो उपस्थितिमा सुनुवाइ हुने, तथा आफू स्वयम्ले वा आफूले रोजेको कानुनी सहायतामार्फत प्रतिरक्षा गर्ने, कानुनी सहायता नभएको अवस्थामा यस अधिकारको जानकारी पाउने, न्यायको हितमा निजलाई कानुनी सहायता आवश्यक भएको अवस्थामा र निजसँग सोको लागि भुक्तानी गर्न पर्याप्त साधन नभएको खण्डमा कुनै त्यस्तो मुद्दामा निजबाट कुनै भुक्तानी नहुँदा पनि कानुनी सहायता पाउने,

(ङ) आफूविरुद्धका साक्षीहरू परीक्षण गर्ने वा परीक्षण गरिपाउने र आफूविरुद्धका साक्षीहरूकै जस्तो समान अवस्थाहरूमा आफ्नोतर्फका साक्षीहरूको हाजिरी तथा परीक्षण प्राप्त गर्ने,

(च) आफूले अदालतमा प्रयोग गरिने भाषा बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको नि:शुल्क सेवा पाउने,

(छ) आफ्नोविरुद्ध प्रमाण दिन वा अपराध स्वीकार गर्न बाध्य गराउन नपाउने।

४. तरुणहरूको हकमा निजहरूको उमेर तथा पुन: स्थापना प्रवर्धन गर्ने वाञ्छनीयतालाई मध्यनजर राख्ने किसिमका कार्यविधिहरू हुनेछन्।

५. अपराधमा सजाय पाएका प्रत्येक व्यक्तिलाई कानुनबमोजिम कुनै उच्च न्यायाधिकरणबाट आफ्नो सजाय तथा दण्ड पुनरावलोकन गराइ पाउने अधिकार हुनेछ।

६. अन्तिम निर्णयबाट कुनै व्यक्तिले फौजदारी कसूरमा सजाय पाएका र पछि गएर नयाँ तथा नयाँ किसिमले पत्ता लागेको तथ्यबाट बेइन्साफ भएको कुरा निर्विवादरूपमा पुष्टी भएको भन्ने आधारमा निजको सजाय उल्टाइएको वा निजलाई माफी दिइएको अवस्थामा पूर्ण वा आंशिकरूपमा निजको कारणबाट अज्ञात तथ्यहरू समयमा पत्ता लाग्न नसकेको कुरा प्रमाणित भएकोमा बाहेक, त्यस्तो सजायको परिणामस्वरूप दण्ड सजाय भोगेको त्यस्तो व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति दिइनेछ।

७. कुनै पनि व्यक्तिलाई कुनै कसूरमा प्रत्येक देशको कानुन र दण्ड कार्यविधिअनुसार अन्तिम सजाय दिइसकेपछि वा सोबाट निजले छुटकारा पाइसकेपछि सोही कसूरमा निजविरुद्ध पुन: मुद्दा चलाउन वा निजलाई दण्ड दिन पाइने छैन।

धारा १५

१. कुनै कार्य वा त्रुटी गर्दाका बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत त्यस्तो कार्य वा त्रुटी कुनै फौजदारी कसूर नहुने भएमा कुनै पनि व्यक्तिलाई त्यस्तो कार्य वा त्रुटीका लागि कुनै फौजदारी कसूरको दोषी बनाइने छैन। न त फौजदारी कसूर गर्दाका बखत प्रचलित सजायभन्दा बढी सजाय नै दिइनेछ। कसूर गरेको समयपछि कानुनद्वारा कम सजाय गरिने व्यवस्था भएमा कसुरदारलाई सोको फाइदा प्राप्त हुनेछ।

२. राष्ट्रहरूका समुदायबाट स्वीकृत कानुनका सामान्य सिद्धान्तअनुसार कुनै कार्य वा त्रुटी गर्दाको समयमा अपराध मानिने त्रुटी वा कार्यका लागि कुनै व्यक्तिको सुनुवाइ वा सजायलाई यस धारामा उल्लेखित कुनै पनि कुराले प्रतिकूल प्रभाव पार्ने छैन।

धारा १६

प्रत्येक व्यक्तिलाई सबै ठाउँमा कानुनको अगाडि व्यक्तिको रूपमा मान्यता पाउने अधिकार हुनेछ।

धारा १७

१. कुनै पनि व्यक्तिलाई निजको गोपनीयता, परिवार घर वा लेखापढीमा स्वेच्छाचारी वा गैरकानुनी हस्तक्षेप भोग्न लाइने छैन, न त निजको प्रतिष्ठा तथा ख्यातिमा गैरकानुनी आक्रमण नै लगाइनेछ।

२. प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमणविरुद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ।

धारा १८

१. प्रत्येक व्यक्तिलाई विचार, सद्विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार हुनेछ। यस अधिकारमा आफूले रोजेको धर्म वा आस्था अवलम्बन गर्ने स्वतन्त्रता र आफ्नो धर्म वा आस्था पूजाआजा, नियम, अभ्यास तथा शिक्षणमा व्यक्तिगतरूपमा वा अरुसँग मिलेर तथा सार्वजनिक वा निजीरूपमा प्रकट गर्न पाउने स्वतन्त्रतासमेत समावेश हुनेछ।

२. कुनै पनि व्यक्तिलाई आफूले रोजेको धर्म वा आस्था अवलम्बन वा ग्रहण गर्ने निजको स्वतन्त्रतामा आघात पुऱ्याउन सक्ने कुनै करकापमा पारिने छैन।

३. आफ्नो धर्म वा आस्था प्रकट गर्न पाउने स्वतन्त्रतामा कानुनद्वारा तोकिएका र सार्वजनिक सुरक्षा व्यवस्था, स्वास्थ्य वा नैतिकता वा अरुको मौलिक अधिकार र स्वतन्त्रताहरूको संरक्षण गर्न आवश्यक प्रतिबन्धहरू मात्र लगाउन सकिनेछ।

४. यस महासन्धिका पक्षराष्ट्रहरू आफ्नो आस्थाअनुसार आफ्नो बालबालिकाको धार्मिक तथा नैतिक शिक्षा सुनिश्चित गर्न मातापिताको तथा लागु हुने अवस्थामा कानुनी संरक्षकहरूको स्वतन्त्रतालाई सम्मान गर्न प्रतिज्ञा गर्दछन्।

धारा १९

१. प्रत्येक व्यक्तिलाई बिनाहस्तक्षेप विचारहरू राख्न पाउने अधिकार हुनेछ।

२. प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, सीमाको बन्देज बिना, मौखिक, लिखित वा मुद्रितरूपमा वा कलात्मकरूपमा वा निजको आफ्नो छनौटको कुनै अन्य माध्यममार्फत सबै किसिमका सूचना तथा विचारहरू प्राप्त गर्ने तथा दिने स्वतन्त्रता समेत यस अधिकारमा समावेश हुनेछन्।

३. यस धाराको प्रकरण २ मा व्यवस्था गरिएका अधिकारहरूको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरू पर्दछन्। तसर्थ यो केही निश्चित प्रतिबन्धहरूको अधीनमा हुन सक्नेछ। तर ती प्रतिबन्धहरू कानुनद्वारा व्यवस्था गरिएको र देहायका कुराको लागि आवश्यक भएको हुनुपर्छ:

(क) अरुको अधिकार वा प्रतिष्ठाको सम्मान,

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण।

धारा २०

१. युद्धको लागि कुनै प्रचार कानुनबाट निषेधित गरिनेछ।

२. भेदभाव, शत्रुता वा हिंसालाई उत्तेजित पार्ने राष्ट्रिय, जातीय वा धार्मिक घृणाको कुनै पनि वकालतलाई कानुनबाट निषेधित गरिनेछ।

धारा २१

शान्तिपूर्वक भेला हुने अधिकारलाई स्वीकार गरिनेछ। यस अधिकारको प्रयोजनमा कानुनबमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरुको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षणको हितमा आवश्यक प्रतिबन्धहरू बाहेक अन्य कुनै प्रतिबन्धहरू लगाउन पाइने छैन।

धारा २२

१. प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणको लागि ट्रेड युनियनहरू खोल्ने वा त्यसमा सम्मिलित हुने अधिकारलगायत अरु व्यक्तिहरूसँग सङ्गठनको स्वतन्त्रताको अधिकार हुनेछ।

२. यस अधिकारको प्रयोगमा कानुनबमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरुको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षणको हितमा आवश्यक प्रतिबन्धहरूबाहेक अन्य कुनै प्रतिबन्धहरू लगाउन पाइने छैन। सैनिक बलका सदस्यहरू तथा प्रहरीका सदस्यहरूबाट यस अधिकारको प्रयोग गर्दा निजहरूउपर कानुनी प्रतिबन्धहरू लगाउन यस धाराले रोक लगाउने छैन।

३. यस धाराको कुनै पनि कुराले सङ्घको स्वतन्त्रता तथा सङ्गठन गर्ने अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सन् १९४८ को महासन्धिका पक्षराष्ट्रहरूलाई सो महासन्धिमा व्यवस्था गरिएका प्रत्याभूतिहरू प्रति दूराग्रही हुने व्यवस्थापकीय उपायहरू अपनाउन वा त्यसरी दुराग्रही हुने तरिकाले कानुन लागु गर्न अख्तियारी दिइने छैन।

३. यस धाराको कुनै पनि कुराले सङ्घको स्वतन्त्रता तथा सङ्गठन गर्ने अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सन् १९४८ को महासन्धिका पक्षराष्ट्रहरूलाई सो महासन्धिमा व्यवस्था गरिएका प्रत्याभूतिहरूप्रति दूराग्रही हुने व्यवस्थापकीय उपायहरू अपनाउन, वा त्यसरी दूराग्रही हुने तरिकाले कानुन लागु गर्न अख्तियारी दिइने छैन।

धारा २३

१. परिवार समाजको प्राकृतिक तथा मौलिक समूह एकाइ हो र परिवारले समाज तथा राष्ट्रबाट संरक्षण पाउनेछ।

२. विवाहयोग्य उमेरका पुरुष तथा नारीहरूको विवाह गर्ने तथा परिवार आरम्भ गर्ने अधिकारलाई स्वीकार गरिनेछ।

३. इच्छुक बरबधुको स्वतन्त्र तथा पूर्ण मञ्जुरीबिना कुनै पनि विवाह सम्पन्न गरिने छैन।

४. यस महासन्धिका पक्षराष्ट्रहरूले विवाह सम्बन्धमा, विवाह अवधिभर वा विवाहको विच्छेदका समयमा वरवधुहरूका अधिकार तथा उत्तरदायित्वहरूको समानता सुनिश्चित गर्न समुचित कदमहरू चाल्नेछ। विवाह विच्छेद भएको खण्डमा कुनै पनि बालबालिकाको आवश्यक संरक्षणको लागि व्यवस्था गरिनेछ।

धारा २४

१. प्रत्येक बालबालिकालाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति वा जन्मको आधारमा कुनै भेदभाव बिना निज नाबालक भएको

हैसियतबाट आवश्यक संरक्षणका उपायहरूको अधिकार, परिवार, समाज तथा राष्ट्रबाट प्राप्त हुनेछ।

२. प्रत्येक बालबालिकालाई जन्मेपछि तत्कालै दर्ता गरिनेछ र निजको नाम राखिनेछ।

३. प्रत्येक बालबालिकालाई राष्ट्रियता प्राप्त गर्ने अधिकार छ।

धारा २५

प्रत्येक नागरिक धारा २ मा उल्लेख गरिएका कुनै भेदभाव बिना तथा अनुचित प्रतिबन्धहरूबिना, देहायको कुराको अधिकार तथा अवसर हुनेछः

(क) प्रत्यक्षरूपमा वा छानिएका प्रतिनिधिहरूमार्फत सार्वजनिक जीवन सञ्चालनमा भाग लिने,

(ख) सर्वव्यापी तथा समान मताधिकारबाट तथा, गोप्य मतदानबाट निर्वाचकहरूको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने शुद्ध आवधिक निर्वाचनहरूमा मतदान गर्ने र निर्वाचित हुने,

(ग) आफ्नो देशमा समानताका सामान्य शर्तहरूमा सार्वजनिक सेवामा प्रवेश गर्ने।

धारा २६

सबै व्यक्तिहरू कानुनको दृष्टिमा समान छन् र कुनै भेदभावबिना कानुनको समान संरक्षणका हकदार छन्। यस सम्बन्धमा कानुनले कुनै भेदभावलाई निषेध गर्नेछ र सबै व्यक्तिलाई जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभावविरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिनेछ।

धारा २७

सामाजिक, धार्मिक वा भाषिक अल्पसङ्ख्यक विद्यमान रहेका राष्ट्रहरूमा त्यस्तो अल्पसङ्ख्यकहरूका व्यक्तिहरूलाई आफ्ना समूहका अन्य सदस्यहरूसँग मिली आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको अवलम्बन तथा अभ्यास गर्ने, वा आफ्नै भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गरिने छैन।

भाग ४

धारा २८

१. मानव अधिकार समिति (यस महासन्धिमा यसपछि 'समिति' भनिएको)को स्थापना गरिनेछ। यसमा अठार सदस्यहरू रहनेछन् र यसले यसपछि व्यवस्था गरिएका कार्यहरू सम्पन्न गर्नेछ।

२. उच्च नैतिक चरित्र भएका तथा मानव अधिकारहरूको क्षेत्रमा सक्षमता स्वीकार गरिएको यस महासन्धिका पक्षराष्ट्रहरूबाट कानुनी अनुभव भएका केही व्यक्तिहरूको सहभागिताको उपयोगितालाई ध्यान दिई समिति गठन हुनेछ।

३. समितिका सदस्यहरू निर्वाचित हुनेछन् र तिनीहरूले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन्।

धारा २९

१. धारा २८ मा तोकिएको योग्यता भएका तथा सो प्रयोजनको लागि यस महासन्धिका पक्षराष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरू निर्वाचित हुनेछन्।

२. यस महासन्धिका प्रत्येक पक्षराष्ट्रहरूले दुई जना व्यक्तिसम्म मनोनयन गर्न सक्नेछन्। यी व्यक्तिहरू मनोनयन गर्ने राष्ट्रका नागरिकहरू हुनेछन्।

३. कुनै व्यक्ति पुन: मनोनित हुन योग्य हुनेछन्।

धारा ३०

१. यो महासन्धि लागु भएको मितिले ६ महिना अघि नै प्रारम्भिक निर्वाचन गरिनेछ।

२. धारा ३४ अनुसार घोषित रिक्त पदपूर्ति गर्ने बाहेकका समितिका प्रत्येक निर्वाचनको मिति भन्दा कम्तिमा चार महिना अगावै संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिका पक्षराष्ट्रहरूलाई तीन महिनाभित्र समितिको सदस्यताको लागि आ-आफ्ना मनोनयनहरू पेश गर्न आमन्त्रण गर्दै पत्र पठाउनेछन्।

३. महासचिवले यसरी मनोनित सबै व्यक्तिहरूको वर्णानुक्रममा त्यस्ता व्यक्तिहरूको मनोनयन गर्ने पक्षराष्ट्रहरूको नाम उल्लेखत गरिएको एउटा सूची तयार गरी सो सूची यस महासन्धिका पक्षराष्ट्रहरूसमक्ष प्रत्येक निर्वाचनको मितिभन्दा एक महिना अगाडि पेश गर्नेछन्।

४. संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा बोलाइएको यस महासन्धिका पक्षराष्ट्रहरूको बैठकमा समितिका सदस्यहरूको

निर्वाचन गरिनेछ। यस महासन्धिका पक्षराष्ट्रहरूको दुई तिहाई सङ्ख्या गणपूरक सङ्ख्या मानिने, सो बैठकमा सबभन्दा बढी मत तथा बैठकमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूका प्रतिनिधिहरूको मतको पूर्ण बहुमत प्राप्त गर्ने मनोनित व्यक्तिहरू नै समितिमा निर्वाचित हुनेछन्।

धारा ३१

१. समितिमा एउटै राष्ट्रको एक जनाभन्दा बढी नागरिक समावेश हुन सक्ने छैन।
२. समितिका निर्वाचनमा सदस्यताको समन्यायिक भौगोलिक वितरण तथा सभ्यताका विभिन्नरूपको तथा प्रमुख कानुनी प्रणालीहरूको प्रतिधिनित्वलाई ध्यान दिइनेछ।

धारा ३२

१. समितिका सदस्यहरू चार वर्षको अवधिका लागि निर्वाचित हुनेछन्। पुनः मनोनयन भएमा उनीहरू पुनः निर्वाचनको लागि योग्य हुनेछन्। तर प्रथम निर्वाचनमा निर्वाचित नौ सदस्यहरूको पदावधि दुई वर्ष पुगेपछि समाप्त हुनेछ। प्रथम निर्वाचनको तत्कालै पछि यी नौ सदस्यहरूको नाम धारा ३० को प्रकरण ४ बमोजिम गरी अध्यक्षद्वारा गोला हालेर छानिनेछ।
२. यस महासन्धिको यस भागका अघिलला धाराहरूअनुसार पदावधि समाप्त भएपछि निर्वाचनहरू गरिनेछन्।

धारा ३३

१. अस्थायी प्रकृतिको अनुपस्थितिबाहेक अन्य कुनै कारणबाट समितिका कुनै सदस्यले आफ्नो कार्य गर्न छोडेको कुरामा अन्य सदस्यहरूको सर्वसम्मति भएमा समितिका अध्यक्षले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सोको सूचना दिनेछन् र महासचिवले त्यसपछि सो सदस्यको स्थान रिक्त भएको घोषणा गर्नेछन्।
२. समितिको कुनै सदस्यको मृत्यु भएमा वा सदस्यले राजीनामा दिएमा अध्यक्षले तुरुन्तै संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सो कुराको सूचना दिनेछन् र महासचिवले मृत्यु भएको मिति वा राजीनामा लागु भएको मितिबाट सो स्थान रिक्त भएको घोषणा गर्नेछन्।

धारा ३४

१. धारा ३३ अनुसार रिक्त स्थान घोषणा गरिएपछि तथा रिक्त स्थान घोषणाको छ महिनाभित्र विस्थापित गरिने सदस्यको पदावधि समाप्त हुँदैन भने संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिका प्रत्येक पक्षराष्ट्रहरूलाई सोको

सूचना दिनेछन्। रिक्त स्थान पूर्ति गर्ने उद्देश्यको लागि धारा २९ बमोजिम दुई महिनाभित्र मनोनयनहरू पेश गर्न सक्नेछन्।

२. राष्ट्रसङ्घका महासचिवले यसरी मनोनित व्यक्तिहरूको वर्णानुक्रममा एउटा सूची तयार पार्नेछन् र यस महासन्धिको पक्षराष्ट्रहरूसमक्ष पेश गरिनेछ। त्यसपछि यस महासन्धिको यस भागका सम्बन्धित व्यवस्थाहरूअनुसार रिक्तस्थान पूर्ति गर्न निर्वाचन गरिनेछ।

३. धारा ३२ अनुसार घोषणा गरिएको रिक्त स्थान पूर्ति गर्न निर्वाचित भएको समितिको सदस्यले त्यस धाराको व्यवस्थाअन्तर्गत समितिको स्थान रिक्त गराउने सदस्यको बाँकी पदावधिको लागि पदभार ग्रहण गर्नेछ।

धारा ३५

संयुक्त राष्ट्रसङ्घको महासभाको अनुमोदन सहमतिबाट समितिका सदस्यहरूले समितिको उत्तरदायित्वको महत्त्व विचार गरी महासभाले निर्धारण गरेको शर्त एवम् आधारमा संयुक्त राष्ट्रसङ्घको स्रोतबाट सुविधा पाउनेछन्।

धारा ३६

यस महासन्धिअन्तर्गत समितिको कार्यको प्रभावकारी सम्पादनका लागि संयुक्त राष्ट्रसङ्घका महासचिवले आवश्यक कर्मचारी तथा सुविधाहरू उपलब्ध गराउनेछन्।

धारा ३७

१. संयुक्त राष्ट्रसङ्घका महासचिवले समितिको प्रारम्भिक बैठक संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा आयोजना गर्नेछन्।

२. प्रारम्भिक बैठकपछि समितिको कार्यविधिको नियममा व्यवस्था गरेबमोजिमको समयमा समितिको बैठक बस्नेछ।

३. सामान्यता समितिको बैठक संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालय वा जेनेभास्थित संयुक्त राष्ट्रसङ्घको कार्यालयमा बस्नेछ।

धारा ३८

समितिको प्रत्येक सदस्यले आफ्नो कर्तव्य ग्रहण गर्नुपूर्व आफ्नो कार्य निष्पक्षरूपमा तथा विवेकपूर्वक सम्पादन गर्नेछु भनी खुला समितिमा औपचारिक घोषणा गर्नेछन्।

धारा ३९

१. समितिले आफ्ना अधिकारीहरू दुई वर्षको पदावधिका लागि निर्वाचित गर्नेछ। उनीहरू पुनः निर्वाचित हुन सक्नेछन्।

२. समितिले आफ्नो कार्य विधिको नियमहरू आफै निर्धारण गर्नेछ। तर ती नियमहरूले अन्य कुराका अतिरिक्त निम्न कुराको व्यवस्था गर्नेछ:

(क) गणपूरक सङ्ख्या १२ जना सदस्य हुने।

(ख) समितिका निर्णयहरू उपस्थित सदस्यहरूको बहुमतबाट गरिने।

धारा ४०

१. यस महासन्धिका पक्षराष्ट्रहरू यस महासन्धिमा स्वीकृत अधिकारलाई कार्यान्वयन गर्न आफूले ग्रहण गरेका उपायहरू तथा ती अधिकारहरूका उपभोगमा गरिएका प्रगतिका सम्बन्धमा प्रतिवेदन पेश गर्न प्रतिज्ञा गर्दछन्:

(क) सम्बन्धित पक्षराष्ट्रहरूलाई यस महासन्धि लागु भएको एक वर्षभित्र,

(ख) त्यसपछि समितिले सोको लागि अनुरोध गरेका बखत।

२. सबै प्रतिवेदनहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष पेग गरिनेछ, निजले ती प्रतिवेदनहरू विचारका लागि समितिमा पठाउनेछन्। यस महासन्धिको कार्यान्वयनमा असर पार्ने कुनै कुरा वा कठिनाइहरू भएमा सो कुरा प्रतिवेदनहरूले देखाउनेछन्।

३. समितिसँग परामर्श गरेपछि संयुक्त राष्ट्रसङ्घका महासचिवले विशिष्टिकृत निकायहरूको आफ्नो कार्य क्षेत्रभित्र पर्ने प्रतिवेदनका अंशहरूको प्रतिहरू सम्बन्धित विशिष्टिकृत निकायहरूमा पठाउन सक्नेछन्।

४. समितिले यस महासन्धिका पक्षराष्ट्रहरूबाट पेश गरिएका प्रतिवेदनहरूको अध्ययन गर्नेछ। यसले आफ्ना प्रतिवेदनहरू तथा आफूले उचित ठानेका सामान्य टिप्पणीहरू पक्षराष्ट्रहरूलाई पठाउनेछ। समितिले यी टिप्पणीहरू एवम् आफूले यस महासन्धिका पक्षराष्ट्रहरूबाट प्राप्त गरेका प्रतिवेदनहरूका प्रतिहरू आर्थिक तथा सामाजिक परिषद्लाई पनि पठाउन सक्नेछ।

५. यस महासन्धिका पक्षराष्ट्रहरूले यो धाराको प्रकरण ४ बमोजिम गर्न सकिने कुनै टिप्पणीबारे आफ्नो आफ्नो धारणा समितिसमक्ष पेश गर्न सक्नेछन्।

धारा ४१

१. यस महासन्धिका कुनै पक्षराष्ट्रहरूले यस महासन्धिअन्तर्गत अर्को कुनै पक्षराष्ट्रहरूले आफ्नो दायित्व पूरा गरिरहेको छैन भनी कुनै पक्षराष्ट्रहरूले दावी गरिदिएको सूचना प्राप्त गर्न तथा सोउपर विचार गर्न सक्ने समितिको सक्षमता स्वकिार गरेको कुरा यस धाराअन्तर्गत कुनै पनि समयमा घोषण गर्न सक्नेछ। समितिको सक्षमताअन्तर्गत कुनै पनि समस्या घोषणा गर्न सक्नेछ। समितिको सक्षमता स्वीकार गरी पक्षराष्ट्रहरूबाट पेश गरिएका सूचना मात्र यस धाराअन्तर्गत ग्रहण गर्न र सोउपर विचार गर्न सकिनेछ। घोषणा नगरेको

कुनै पक्षराष्ट्रहरूसँग सम्बन्धित कुनै सूचना समितिले प्राप्त गर्ने छैन। यस धाराअन्तर्गत प्राप्त गरिएका सूचनाहरू देहायका कार्यविधिहरूअनुसार हेरिनेछन्:

(क) यस महासन्धिका व्यवस्थाहरूलाई अर्को पक्षराष्ट्रहरूले कार्यान्वयन गरिरहेका छैन भनी यस महासन्धिको कुनै पक्षराष्ट्रले विचार गरेमा सो पक्षराष्ट्रले लिखित सूचनाद्वारा सो कुरा त्यस्तो पक्षराष्ट्रको ध्यानमा ल्याउन सक्नेछ। सूचना प्राप्त गरेको तीन महिनाभित्र सूचना प्राप्त गर्ने राष्ट्रले सूचना पठाउने राष्ट्रलाई विषयवस्तु स्पष्ट गर्ने व्यवस्था वा कुनै अन्य बयान/कथन उपलब्ध गराउनेछ र त्यस्तो व्याख्या वा कथनमा, सम्भव तथा सान्दर्भिक भएसम्म, सो विषयमा लिइएका, विचाराधीन रहेका वा उपलब्ध घरेलु कार्यविधि तथा उपचारहरूको सन्दर्भसमेत समावेश गर्नुपर्नेछ।

(ख) सूचना प्राप्त गर्ने राष्ट्रले प्रारम्भिक सूचना प्राप्त गरेको छ महिनाभित्र सम्बन्धित दुवै पक्षराष्ट्रहरूको चित्त बुझ्ने गरी सो कुरा समाधान हुन नसकेमा, कुनै राष्ट्रलाई, समितिलाई तथा अर्को राष्ट्रलाई, समितिलाई तथा अर्को राष्ट्रलाई सूचना दिएर सो कुरा समितिसमक्ष पेश गर्ने अधिकार हुनेछ।

(ग) सो विषयमा अन्तर्राष्ट्रिय कानुनका सामान्यत: स्वीकृत सिद्धान्तहरूअनुरूप सबै उपलब्ध घरेलु उपचारहरूको माग गरिएको र त्यस्ता उपचारहरू समाप्त भै सकेको कुरा समितिले एकिन गरी सकेपछि मात्र समितिले आफूसमक्ष पेश गरिएको कुनै कुरा हेर्नेछ। उपचारहरू लागु गर्न अनुचितरूपमा ढिलाई हुने अवस्थामा यो व्यवस्थालाई नियमको रूपमा लिइने छैन।

(घ) यस धाराअन्तर्गत सूचना परीक्षण गर्दा समितिले गोप्य बैठक गर्नेछ।

(ङ) उपप्रकरण (ग) का व्यवस्थाहरूको अधीनमा रही समितिले यस महासन्धिमा स्वीकार गरिएका मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको सम्मानका आधारमा विषयको मैत्रीपूर्ण समाधान गराउने उद्देश्यले सम्बन्धित पक्षराष्ट्रहरूलाई आफ्नो सद्भावपूर्ण सेवा सद्भावपूर्ण सेवा (गुड अफिसेस) उपलब्ध गराउनेछ।

(च) आफूसमक्ष पेश गरिएको कुनै कुरामा समितिले उपप्रकरण (ख)बमोजिमका सम्बन्धित पक्षराष्ट्रहरूलाई कुनै सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ।

(छ) उपप्रकरण (ख)बमोजिम सम्बन्धित पक्षराष्ट्रहरूलाई सो विषयउपर समितिमा विचार भइरहेको बेलामा आफ्नो प्रतिनिधित्व गर्न पाउने तथा मौखिक वा लिखितरूपमा जिकिर पेश गर्ने अधिकार हुनेछ।

(ज) उपप्रकरण (ख)अन्तर्गत सूचना प्राप्त गरेको मितिले बाह्र महिनाभित्र समितिले प्रतिवेदन पेश गर्नेछ:

(१) उपप्रकरण (ङ) का अवधिभित्र कुनै समाधान प्राप्त भएको अवस्थामा, समितिले आफ्नो प्रतिवेदन तथ्यहरूको तथा प्राप्त भएकोसमाधानको संक्षिप्त व्यहोरामा सीमित गर्नेछ।

(२) उपप्रकरण (ङ) का अवस्थाभित्र कुनै समाधान प्राप्त नभएमा समितिले आफ्नो प्रतिवेदन तथ्यहरूको सङ्क्षिप्त व्यहोरामा सीमित गर्नेछ, सम्बन्धित पक्षराष्ट्रहरूबाट पेश गरिएका लिखित जिकिरहरू तथा मौखिक जिकिरहरूको अभिलेख (रिकर्ड) प्रतिवेदन साथ संलग्न गरिनेछ। प्रत्येक कुरामा, सो प्रतिवेदन सम्बन्धित पक्षराष्ट्रहरूलाई पठाइनेछ।

२. यस महासन्धिका दश पक्षराष्ट्रहरूले यस धाराको प्रकरण १ अन्तर्गत घोषणाहरू गरी सकेपछि यस धाराका व्यवस्थाहरू लागु हुनेछन्। पक्षराष्ट्रहरूबाट त्यस्ता घोषणाहरू संयुक्त राष्ट्रसङ्घको महासचिवसमक्ष दाखिला गरिनेछ र निजले सोको प्रतिलिपि अन्य पक्षराष्ट्रहरूलाई प्रसार गर्नेछन्। महासचिवलाई सूचना दिएर कुनै पनि समयमा घोषणा फिर्ता लिन सकिनेछ। यस धारा-अन्तर्गत प्रसार गरी सकिएको सूचनाको विषय भएको कुनै कुराको विचारलाई त्यस्तो फिर्ताले प्रतिकूल प्रभाव पर्ने छैन। सम्बन्धित पक्षराष्ट्रहरूले नयाँ घोषणा नगरेमा महासचिवबाट घोषणा फिर्ता लिएको सूचना प्राप्त गरी सकेपछि त्यस्ता पक्षराष्ट्रहरूबाट कुनै अग्रिम सूचना प्राप्त गरिने छैन।

धारा ४२

१.

(क) धारा ४१ अनुसार समितिसमक्ष पेश गरिएको कुनै कुरा सम्बन्धित पक्षराष्ट्रहरूको चित्त बुझ्ने गरी समाधान नभएमा समितिले सम्बन्धित पक्षराष्ट्रहरूको पूर्व स्वीकृति लिई एउटा अस्थायी मेलमिलाप आयोग (यसपछि 'आयोग' भनिएको) गठन गर्न सक्नेछ। यस महासन्धिको सम्मानको आधारमा सो विषयको शान्तिपूर्ण समाधान गर्ने उद्देश्यले सम्बन्धित पक्षराष्ट्रहरूलाई आयोगको सद्भावपूर्ण सेवा (गुड अफिसेस) उपलब्ध गराइनेछ।

(ख) आयोगमा सम्बन्धित पक्षराष्ट्रहरूलाई स्वीकार्य हुने पाँच जना व्यक्तिहरू रहनेछन्। तीन महिनाभित्र सम्बन्धित पक्षराष्ट्रहरू पूर्ण वा आंशिकरूपमा आयोगको गठनको सम्बन्धमा सहमत हुन नसकेमा आयोगका सदस्यहरू, जसको सम्बन्धमा कुनै सहमति हुन सकेन, समितिका सदस्यहरूमध्येबाट समितिको दुई तिहाई बहुमतबाट गोप्य मतदातद्वारा निर्वाचित गरिनेछन्। आयोगका सदस्यहरूले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन्। सम्बन्धित पक्षराष्ट्रहरू वा यस महासन्धिका पक्ष नभएको कुनै राष्ट्रका वा पक्षराष्ट्र जसले धारा ४२ अन्तर्गत घोषणा गरेको छैन, का नागरिकहरू आयोगका सदस्यहरू हुने छैनन्।

२. आयोगले आफ्नो अध्यक्ष आफै निर्वाचन गर्नेछ र आफ्नो कार्यविधिका नियमहरू आफै निर्धारण गर्नेछ।

३. आयोगका बैठकहरू सामान्यतया संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा वा जेनेभास्थित संयुक्त राष्ट्रसङ्घको कार्यालयमा गरिनेछन्। तथापि संयुक्त राष्ट्रसङ्घका महासचिव तथा सम्बन्धित पक्षराष्ट्रहरूसँग परामर्श गरी आयोगले निर्धारण गरेको अन्य कुनै सुविधायुक्त स्थानमा आयोगका बैठकहरू गर्न सकिनेछ।

४. धारा ३६ अनुसार उपलब्ध गराइएको सचिवालयले यस धाराअन्तर्गत तोकिएका आयोगहरूलाई समेत सेवा पुऱ्याउनेछ।

५. समितिबाट प्राप्त गरिएका र सुक्ष्म परीक्षण गरिएका जानकारी आयोगलाई उपलब्ध गराइनेछ र आयोगले सम्बन्धित पक्षराष्ट्रहरूलाई अन्य कुनै सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ।

६. आयोगले पूर्णरूपमा विषयवस्तुउपर विचार गरिसकेपछि, तर कुनै पनि अवस्थामा विषयवस्तु लिएको १२ महिनाभित्रै आयोगले सम्बन्धित पक्षराष्ट्रहरूलाई सम्प्रेषण गर्नका लागि अध्यक्षसमक्ष प्रतिवेदन पेश गर्नेछ:

(क) आयोगले १२ महिनाभित्र विषयवस्तुउपर आफ्नो विचार टुङ्ग्याउन नसकेमा, आयोगले आफ्नो प्रतिवेदन विषयवस्तुउपरको आफ्नो विचारको स्थितिका संक्षिप्त व्यहोरामा सीमित गर्नेछ।

(ख) यस महासन्धिमा स्वीकार गरिएका मानव अधिकारहरूको सम्मानका आधारमा विषयको शान्तिपूर्ण समाधान प्राप्त गरिएमा, आयोगले आफ्नो प्रतिवेदन तथ्यहरूको तथा प्राप्त गरिएका समाधानको सङ्क्षिप्त व्यहोरामा सीमित गर्नेछ।

(ग) उपप्रकरण (ख)का अवस्थाभित्र समाधान प्राप्त नभएकोमा, आयोगको प्रतिवेदनमा सम्बन्धित पक्षराष्ट्रहरूबीचका विवादहरूसँग सम्बन्धित सबै तथ्यगत प्रश्नहरूमा यसको ठहर तथा विषयवस्तुको शान्तिपूर्ण समाधानका सम्भावनाहरूसम्बन्धी यसका विचारहरू समेत समावेश हुनेछन्। प्रतिवेदनमा सम्बन्धित पक्षराष्ट्रहरूबाट पेश गरिएका लिखित जिकिरहरू तथा मौखिक जिकिरहरूको अभिलेखसमेत उल्लेख गरिनेछ।

(घ) उपप्रकरण (ग)अन्तर्गत आयोगको प्रतिवेदन पेश गरिएमा, सम्बन्धित पक्षराष्ट्रहरूले प्रतिवदेन प्राप्त गरेको मितिले तीन महिनाभित्र समितिको अध्यक्षलाई आफूले आयोगको प्रतिवेदनको व्यहोरा स्वीकार गर्ने वा नगर्ने कुराको सूचना दिनु पर्नेछ।

७. यस धाराका प्रावधानहरूले धारा ४१ अन्तर्गत समितिको उत्तरदायित्वहरूलाई प्रतिकूल प्रभाव पार्दैनन्।

८. सम्बन्धित पक्षराष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घका महासचिवबाट उपलब्ध गराइएको अनुमानअनुसार आयोगका सदस्यहरूको सम्पूर्ण खर्च समानरूपमा व्यहोर्नेछन्।

९. आयोगका सदस्यहरूको खर्च यस धाराको प्रकरण ९ अनुसार सम्बन्धित पक्षराष्ट्रहरूबाट सोधभर्ना हुनुअगावै आवश्यक भएमा भुक्तानी गरी दिने अधिकार संयुक्त राष्ट्रसङ्घका महासचिवलाई हुनेछ।

धारा ४३

समितिका तथा धारा ४२ अन्तर्गत गठन हुन सक्ने अस्थायी मेलमिलाप आयोगका सदस्यहरूले संयुक्त राष्ट्रसङ्घको सुविधा तथा उन्मुक्तिहरूसम्बन्धी महासन्धिका सम्बन्धित प्रकरणहरूमा व्यवस्था गरिएबमोजिमका संयुक्त राष्ट्रसङ्घका लागि कार्यरत विशेषज्ञाहरूको सुविधा, विशेषाधिकार तथा उन्मूक्तिहरू पाउनेछन्।

धारा ४४

यस महासन्धिको कार्यान्वयका लागि गरिने व्यवस्थाहरू संयुक्त राष्ट्रसङ्घ तथा त्यसका विशिष्टिकृत निकायहरूका वैधानिक दस्तावेज तथा महासन्धिहरूद्वारा वा सोअन्तर्गत मानव अधिकारको क्षेत्रमा तोकिएका कार्यविधिहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी लागु गरिनेछन् र यी व्यवस्थाहरूले यस महासन्धिका पक्षराष्ट्रहरूलाई आफूहरूबीच लागु रहेका सामान्य वा विशेष अन्तर्राष्ट्रिय सम्झौताहरूअनुसार विवादको समाधान गर्न अन्य कार्यविधिहरू अवलम्बन गर्न रोक लगाउने छैनन्।

धारा ४५

समितिले आफ्नो काम कारबाहीसम्बन्धी वार्षिक प्रतिवेदन आर्थिक तथा सामाजिक परिषद्मार्फत संयुक्त राष्ट्रसङ्घको महासभामा पेश गर्नेछ।

भाग ५

धारा ४६

यस महासन्धिको कुनै पनि कुरालाई संयुक्त राष्ट्रसङ्घको बडापत्रका तथा यस महासन्धिमा उल्लेख भएका कुराहरूका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घका विभिन्न अङ्गहरू तथा विशष्टिकृत निकायहरूका आ-आफ्ना उत्तरदायित्वहरू परिभाषित गर्ने विशिष्टिकृत निकायहरूका विधानका व्यवस्थाहरूलाई कमजोर पार्ने गरी व्याख्या गरिने छैन।

धारा ४७

यस महासन्धिको कुनै पनि कुरालाई आफ्ना प्राकृतिक धन तथा स्रोतहरूको पूर्ण एवम् स्वतन्त्रतापूर्वक उपभोग तथा प्रयोग गर्ने सम्पूर्ण जनताहरको अन्तरनिहित अधिकारलाई कमजोर पार्ने गरी व्याख्या गरिने छैन।

भाग ६

धारा ४८

१. संयुक्त राष्ट्रसङ्घको कुनै सदस्य राष्ट्र तथा यसको कुनै विशिष्टिकृत निकायको सदस्य, अन्तर्राष्ट्रिय न्यायालयको विधानको कुनै पक्षराष्ट्र तथा संयुक्त राष्ट्रसङ्घको महासभाले यस महासन्धिको पक्ष हुन आमन्त्रण गरिएको कुनै अन्य राष्ट्रबाट हस्ताक्षरको लागि यो महासन्धि खुला छ।
२. यस महासन्धिलाई अनुमोदन गर्नु पर्नेछ। अनुमोदनका लिखतहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिनेछ।
३. यस धाराको प्रकरण १ मा उल्लेख भएका कुनै पक्षराष्ट्रहरूबाट सम्मिलनहरूका लागि यो महासन्धि खुला रहनेछ।
४. संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष सम्मिलनको लिखित दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ।
५. संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिमा हस्ताक्षर गरेका वा यसमा भएका सबै राष्ट्रहरूलाई अनुमोदन तथा सम्मिलनको प्रत्येक लिखत दाखिला भएको कुराको जानकारी दिनेछन्।

धारा ४९

१. संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष अनुमोदन तथा सम्मिलनको पैतिसौँ लिखत दाखिला भएको मितिले तीन महिना पछि यो महासन्धि लागु हुनेछ।
२. अनुमोदन तथासम्मिलनको पैतिसौँ लिखित दाखिला भए पनि यस महासन्धिलाई अनुमोदन तथा यसमा सम्मिलन हुने प्रत्येक पक्षराष्ट्रका हकमा सो राष्ट्रले आफ्नो अनुमोदनको लिखत वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीन महिना पछि यो महासन्धि लागु हुनेछ।

धारा ५०

कुनै सीमाङ्कन वा अपवादबिना यस महासन्धिका व्यवस्थाहरू संयुक्त राष्ट्रसङ्घीय राष्ट्रहरूका सबै भागहरूमा विस्तार हुनेछन्।

धारा ५१

१. यस महासन्धिको कुनै पक्षराष्ट्रले कुनै संशोधन प्रस्ताव गर्न सक्नेछ तथा त्यसलाई संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दर्ता गर्न सक्नेछ। त्यसपछि महसचिवले यस महासन्धिका पक्षराष्ट्रहरूलाई ती प्रस्तावउपर विचार गर्न र मतदान गर्न, उनीहरू पक्षराष्ट्रहरूको सम्मेलनका पक्षमा छन् वा छैनन भनी सूचना गर्न अनुरोध सहित कुनै प्रस्तशावित संशोधनहरूको जानकारी दिनेछन्। पक्षराष्ट्रहरूका कम्तिमा एक तिहाई सदस्यहरू यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्रसङ्घको आयोजनामा सो सम्मेलन बोलाउनेछन्। सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूको बहुमतबाट ग्रहण गरिएको कुनै संशोधनलाई अनुमोदनका लागि संयुक्त राष्ट्रसङ्घको महासभामा पेश गरिनेछ।

२. संयुक्त राष्ट्रसङ्घको महासभाबाट अनुमोदन भएपछि तथा यस महासन्धिका पक्षराष्ट्रहरूका दुई तिहाई बहुमतबाट आ-आफ्ना संवैधानिक प्रक्रियाअनुसार स्वीकृत भएपछि संशोधनहरू लागु हुनेछन्।

३. संशोधनहरू लागु भएपछि संशोधनहरू स्वीकार गर्ने पक्षराष्ट्रहरू यस महासन्धिका व्यवस्था तथा तिनले स्वीकार गरेका कुनै अघिल्लो संशोधनबाट बाँधिन लागेका अन्य पक्षराष्ट्रहरूउपर बन्धनकारी हुनेछन्।

धारा ५२

धारा ४८ को प्रकरण ५ अन्तर्गत सूचना दिइए तापनि पनि संयुक्त राष्ट्रसङ्घका महासचिवले सोही धाराको प्रकरण १ मा उल्लिखित सबै राष्ट्रहरूलाई देहायको विवरणहरूको जानकारी दिनेछन्:

(क) धारा ४८ अन्तर्गत हस्ताक्षर, अनुमोदन र सम्मिलन,

(ख) धारा ४९ अन्तर्गत यस महासन्धि लागु हुने मिति र धारा ५१ अन्तर्गत कुनै संशोधन लागु हुने मिति।

धारा ५३

१. यो महासन्धि जसका अरबी, चिनियाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समानरूपमा प्रामाणिक छन्। संयुक्त राष्ट्रसङ्घको अभिलेखालयमा दाखिला गरिनेछ।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिका प्रमाणित प्रतिहरू धारा ४८ मा उल्लिखित सबै राष्ट्रहरूलाई पठाउनेछन्।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको ऐच्छिक आलेख, १९६६

महासभाको १६ डिसेम्बर १९६६ को प्रस्ताव २२०० ए (XXI) बाट ग्रहण गरी
हस्ताक्षर, अनुमोदन तथा सम्मिलनका लागि खुला गरिएको
लागु भएको मिति: धारा ९ अनुसार, २३ मार्च १९७६

यस महासन्धिका पक्षराष्ट्रहरू,

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको (यसपछि 'महासन्धि' भनिएको) उद्देश्य अझ हासिल गर्न तथा यसका व्यवस्थाहरू कार्यान्वयन गर्न यस महासन्धिको भाग ४ अन्तर्गत गठन भएको मानव अधिकार समितिलाई (यसपछि 'समिति' भनिएको) यस आलेखमा व्यवस्था गरिएबमोजिम व्यक्तिहरूबाट सो महासन्धिमा उल्लिखित कुनै पनि अधिकारको उल्लङ्घनबाट पीडित भएको दावीको सूचना प्राप्त गर्न तथा विचार गर्न सबल तुल्याउन उपयुक्त भएको कुरा विचार गर्दै,
देहायबमोजिम सहमत भएका छन्:

धारा १

यस आलेखको पक्ष हुने महासन्धिको कुन पक्षराष्ट्रले महासन्धिमा उल्लिखित कुनै पनि अधिकारको सो पक्षराष्ट्रबाट उल्लङ्घन भएर आफू पीडित भएको दावी गर्ने व्यक्तिबाट आफ्ना अधिकार क्षेत्रभित्र रहेर सूचना प्राप्त गर्ने तथा त्यसमाथि विचार गर्ने समितिको सक्षमता स्वीकार गर्दछ। समितिले महासन्धिको पक्ष भएको तर यस आलेखको पक्ष नभएको राष्ट्रसँग सम्बन्धित कुनै सूचना प्राप्त गर्ने छैन।

धारा २

धारा १ को व्यवस्थाको अधीनमा रही महासन्धिमा व्यवस्था गरिएका आफ्ना कुनै पनि अधिकार उल्लङ्घन भएको दाबी गर्ने व्यक्तिहरूले उपलब्ध सम्पूर्ण घरेलु उपचारहरू उपयोग गरिसकेपछि समितिको विचारका लागि समितिसमक्ष सूचना पेश गर्न सक्नेछन्।

धारा ३

समितिले कुनै सूचना, जुन बेनामी छ वा समितिको विचारमा त्यस्तो सूचना पेश गरिएको कुरा अधिकारको दुरूपयोग हो वा महासन्धिका व्यवस्थाहरू अनुकूल छैन, लाई यस आलेखअन्तर्गत अग्राह्य मान्नेछ।

धारा ४

धारा ३ का व्यवस्थाहरूको अधीनमा रही समितिले यस आलेखअन्तर्गत आफूसमक्ष पेश गरिएका कुनै सूचनालाई महासन्धिका कुनै व्यवस्था उल्लङ्घन गरेको आरोप लागेको यस आलेखको पक्षराष्ट्रको ध्यानमा ल्याउनेछ। सूचना ग्रहण गर्ने राष्ट्रले विषयवस्तु तथा सो राष्ट्रबाट कुनै उपचार अपनाइएको भए सोसमेत स्पष्ट पार्ने लिखित व्यवस्था वा बयानहरू छ महिनाभित्र समितिसमक्ष पेश गर्नेछ।

धारा ५

१. व्यक्ति तथा सम्बन्धित पक्षराष्ट्रबाट समितिलाई उपलब्ध गराइएको सबै लिखित जानकारीका आधारमा समितिले यस आलेखअन्तर्गत ग्रहण गरिएको सूचनाहरूउपर विचार गर्नेछ।

२. समितिले देहायका कुरा सुनिश्चित नगरेसम्म कुनै व्यक्तिबाट प्राप्त कुनै सूचनाउपर विचार गर्ने छैन:

(क) सोही कुरा अन्तर्राष्ट्रिय अनुसन्धान वा निरोपणको अर्को कार्यविधिअन्तर्गत छानवीन भइरहेको छैन।

(ख) व्यक्तिले सबै उपलब्ध घरेलु उपचारहरू उपयोग गरिसकेको छ। उपचारको प्रयोग अनुचितरूपमा लम्बिने भएमा यो व्यवस्थाको नियम हुनेछन।

३. यस आलेखअन्तर्गत सूचनाहरू छानवीन गर्दा समितिले गोप्य बैठक गर्नेछ।

४. समितिले सम्बन्धित पक्षराष्ट्र तथा व्यक्तिलाई आफ्नो विचार (राय) पठाउनेछ।

धारा ६

समितिले यस आलेखअन्तर्गत गरिएका काम कारबाहीको सारांश महासन्धिका धारा ४ का अन्तर्गत आफ्नो वार्षिक प्रतिवेदन समावेश गर्नेछ।

धारा ७

महासभाको १४ डिसेम्बर १९६० को प्रस्ताव १५१४ (XV) मा रहेका औपनिवेशिक देशहरू तथा जनताहरूलाई स्वतन्त्रता दिनेसम्बन्धी घोषणापत्रका उद्देश्यहरू हासिल नभएसम्म, यस आलेखका व्यवस्थाहरूले संयुक्त राष्ट्रसङ्घको वडापत्र र अन्य अन्तर्राष्ट्रिय महासन्धि तथा दस्तावेजहरूअन्तर्गत वा संयुक्त राष्ट्रसङ्घ तथा यसका

विशिष्टिकृत निकायहरूबाट यी जनताहरूलाई प्रदान गरिएको निवेदन गर्ने अधिकारलाई कुनै पनि रूपमा सीमित गर्ने छैनन्।

धारा ८

१. महासन्धि अनुमोदन गरेका वा त्यसमा सम्मिलन भएका कुनै पनि राष्ट्रद्वारा यो आलेख अनुमोदन हुनु पर्नेछ। अनुमोदनको लिखित संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिनेछ।

२. महासन्धिलाई अनुमोदन गरेको वा त्यसमा सम्मिलन भएका कुनै पनि राष्ट्रबाट सम्मिलन हुन यो आलेख खुला रहनेछ।

३. सम्मिलनको लिखित संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ।

४. संयुक्त राष्ट्रसङ्घका महासचिवले अनुमोदन वा सम्मिलनका प्रत्येक लिखतको दाखिलासम्बन्धी जानकारी यस आलेखमा हस्ताक्षर गर्ने वा यसमा सम्मिलन हुने सबै राष्ट्रहरूलाई दिनेछन्।

धारा ९

१. महासन्धि लागु हुने कुराको अधिकार रही, अनुमोदन वा सम्मिलनको दशौँ लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला भएको तिको तीन महिना पछि यो आलेख लागु हुनेछ।

२. अनुमोदन वा सम्मिलनको दशौँ लिखत दाखिला भएपछि यो आलेख अनुमोदन गर्ने वा यसमा सम्मिलन हुने प्रत्येक राष्ट्रको हकमा त्यस्तो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिको तीन महिनापछि यो आलेख लागु हुनेछ।

धारा १०

यस आलेखका प्रावधानहरू कुनै सीमा वा अपवादहरूबिना सङ्घीय राष्ट्रहरूका सम्पूर्ण भागहरूमा विस्तार हुनेछन्।

धारा ११

१. यस आलेखका कुनै पक्षराष्ट्रले कुनै संशोधन प्रस्ताव गर्न सक्नेछ तथा त्यसलाई संयुक्त राष्ट्रसङ्घ महसचिवसमक्ष दर्ता गर्न सक्नेछ। त्यसपछि महासचिवले यस आलेखका पक्षराष्ट्रहरूलाई ती प्रस्तावउपर विचार गर्न र मतदान गर्न पक्षराष्ट्रको सम्मेलनका पक्षमा उनीहरू छन् वा छैनन भनी उनीहरूलाई सूचना गर्न अनुरोध सहित कुनै प्रस्तावित संशोधनहरूको जानकारी दिनेछन्।

पक्षराष्ट्रहरूका कम्तिमा एक तिहाई सदस्यहरू यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्रसङ्घको आयोजनामा सो सम्मेलन बोलाउनेछन्। सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूको बहुमतबाट ग्रहण गरिएको कुनै संशोधनलाई अनुमोदनका लागि संयुक्त राष्ट्रसङ्घको महासभामा पेश गरिनेछ।

२. संयुक्त राष्ट्रसङ्घको महासभाबाट अनुमोदन भएपछि तथा यस आलेखका पक्षराष्ट्रहरूका दुई तिहाई बहुमतबाट आ-आफ्ना संवैधानिक प्रक्रियाअनुसार स्वीकृत भएपछि संशोधनहरू लागु हुनेछन्।

३. संशोधनहरू लागु भएपछि, संशोधनहरू स्वीकार गर्ने पक्षराष्ट्रहरू यस आलेखका व्यवस्था तथा तिनले स्वीकार गरेका कुनै अघिल्लो संशोधनबाट बाँधिएका अन्य पक्षराष्ट्रहरूउपर बन्धनकारी हुनेछन्।

धारा १२

१. कुनै पनि पक्षराष्ट्रले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिई कुनै पनि समयमा यो आलेख परित्याग गर्न सक्नेछ। महासचिवबाट त्यस्तो सूचना प्राप्त गरेको मितिले तीन महिनापछि परित्याग लागु हुनेछ।

२. परित्याग लागु हुने मितिभन्दा अगाडि धारा २ अन्तर्गत पेश गरिएको कुनै सूचनाका हकमा यस आलेखका व्यवस्थाहरूको निरन्तर प्रयोगलाई परित्यागले प्रतिकूल प्रभाव पार्ने छैन।

धारा १३

यस आलेखको धारा ८ को प्रकरण ५ अन्तर्गत सूचना दिइए तापनि संयुक्त राष्ट्रसङ्घका महासचिवले महासन्धिको धारा ४८ को प्रकरण १ मा उल्लेख भएका सम्पूर्ण राष्ट्रहरूलाई देहायका कुराहरूको सूचना दिनेछन्:

(क) धारा ८ अन्तर्गत गरिएका हस्ताक्षर अनुमोदन र सम्मिलनहरू,

(ख) धारा ९ अन्तर्गत यो आलेख लागु हुने मिति तथा धारा ११ अन्तर्गत हुने संशोधनहरू लागु हुने मिति, (ग) धारा १२ अन्तर्गत परित्यागहरू।

धारा १४

१. यो आलेख, जसको चिनीयाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समानरूपमा प्रामाणिक छन्, संयुक्त राष्ट्रसङ्घको अभिलेखालयमा दाखिला गरिनेछ।

२. महासन्धिको धारा ४८ मा उल्लेख भएका सम्पूर्ण राष्ट्रहरूलाई संयुक्त राष्ट्रसङ्घका महासचिवले यो आलेखको प्रमाणित प्रतिहरू पठाउनेछन्।

मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दोस्रो ऐच्छिक आलेख, १९८९

महासभाको मिति १५ डिसेम्बर १९८९ को निर्णय नं. ४४/१२८ द्वारा पारित तथा घोषणा गरिएको

यस आलेखका पक्षराष्ट्रहरू,

मृत्युदण्डले उन्मूलनको मानवीय प्रतिष्ठाको अभिवृद्धि र मानव अधिकारको प्रगतिशील विकासमा योगदान पुऱ्याउँछ भन्ने कुरामा विश्वास गर्दै,

१० डिसेम्बर १९४८ मा पारित मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ३, तथा १६ डिसेम्बर १९६६ मा पारित नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा ६ लाई स्मरण गर्दै,

मृत्युदण्डको उन्मूलन वाञ्छनीय छ भन्ने जोडदार सुझावको व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिकोधारा ६ ले सोको उन्मूलनलाई औंल्याएको छ भन्ने कुरालाई ध्यान दिँदै,

मृत्युदण्डको उन्मूलनका सम्पूर्ण उपायहरूलाई जीउज्यानको अधिकारको प्रचलनको सम्बन्धमा भएको प्रगति ठानिनुपर्छ भन्ने कुरामा विश्वस्त हुँदै,

मृत्युदण्ड उन्मूलन गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता जाहेर गर्न इच्छुक हुँदै, देहायबमोजिम सहमत भएका छन्:

धारा १

१. यस आलेखको पक्षराष्ट्रको क्षेत्राधिकारभित्र कसैलाई पनि मृत्युदण्ड दिइने छैन।

२. प्रत्येक पक्षराष्ट्रहरू आफ्नो क्षेत्राधिकारभित्र मृत्युदण्ड उन्मूलन गर्न आवश्यक सम्पूर्ण उपायहरू अपनाउनेछन्।

धारा २

१. युद्ध समयको अवधिमा गरिएको सैन्य प्रकृतिको अत्यन्त गम्भीर अपराधको निम्ति कसूरदार ठहऱ्याएरबमोजिम युद्धको समयमा मात्र मृत्युदण्ड लागु हुने व्यवस्था गर्ने गरी अनुमोदन वा सम्मिलन गर्दाका बखत राखिएको आरक्षणबाहेक यस आलेखमा कुनै पनि आरक्षण ग्राह्य हुने छैन।

२. त्यस्तो आरक्षण राख्ने पक्षराष्ट्रले अनुमोदन वा सम्मिलन गर्दाकाबखत युद्ध समयको अवधिमा लागु हुने आफ्नो राष्ट्रिय विधायनका सम्बन्धित प्रावधानहरूको सम्बन्धमा संयुक्त राष्ट्रसङ्घका महासचिवलाई जानकारी गराउनेछ।

३. त्यस्तो आरक्षण राखेको पक्षराष्ट्रले आफ्नो इलाकामा कायम रहेको युद्धको स्थितिको कुनै पनि शुरुवात वा समाप्तिको बारेमा संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सूचित गर्नु पर्नेछ।

धारा ३

यस प्राटोकलका पक्षराष्ट्रहरूले महासन्धिको धारा ४० अनुसार मानव अधिकार समितिसमक्ष आफूले पेश गर्ने प्रतिवेदनहरूमा यस प्रो टोकललाई प्रभावकारी बनाउन त्यस्ता राष्ट्रले अपनाएका उपायहरूसम्बन्धी जानकारी पनि समावेश गर्न पर्नेछ।

धारा ४

सम्बन्धित पक्षराष्ट्रले अनुमोदन वा सम्मिलनका बखत विपरीत वक्तव्य नदिएको अवस्थामा धारा ४१ अन्तर्गत घोषणा गरेका महासन्धिका पक्षराष्ट्रहरूको हकमा कुनै पक्षराष्ट्रबाट अर्को पक्षराष्ट्रले आफ्ना दायित्वहरू पूरा गरिरहेको छैन भनी दावी गरिएको अवस्थामा सूचनाहरू प्राप्त गर्ने र त्यसमाथि विचार गर्ने मानव अधिकार समितिको सक्षमता यस आलेखको प्रावधानहरूमा समेत विस्तार हुनेछ।

धारा ५

सम्बन्धित पक्षराष्ट्रले अनुमोदन वा सम्मिलनका बखत विपरीत वक्तव्य नदिएको अवस्थामा १६ डिसेम्बर १९६६ मा पारित गरिएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको पहिलो ऐच्छिक आलेखका पक्षराष्ट्रहरूको हकमा आफ्नो क्षेत्राधिकारको अधीनमा रही व्यक्तिहरूबाट सूचनाहरू प्राप्त गर्ने र त्यसउपर विचार गर्ने मानव अधिकार समितिको सक्षमता यस आलेखको प्रावधानहरूमा समेत विस्तार हुनेछ।

धारा ६

१. यो आलेखका प्रावधानहरू महासन्धिको थप प्रावधानहरूको रूपमा लागु हुनेछन्।

२. यस आलेखको धारा २ अन्तर्गत आरक्षणको सम्भावनालाई प्रतिकूल नहुने गरी यो प्रोटाकलको धारा १ को प्रकरण १ ले प्रत्याभूत गरेको अधिकार महासन्धिको धारा ४ अन्तर्गतको कुनै पनि बन्देजको अधीनमा रहने छैन।

धारा ७

१. महासन्धिमा हस्ताक्षर गरेका कुनै पनि राष्ट्रबाट हस्ताक्षर हुन यो आलेख खुला रहनेछ।

२. महासन्धि अनुमोदन गरेका वा त्यसमा सम्मिलन भएका कुनै पनि राष्ट्रद्वारा यो आलेख अनुमोदन हुनु पर्नेछ।

३. महासन्धिलाई अनुमोदन गरेको वा त्यसमा सम्मिलन भएको कुनै पनि राष्ट्रबाट सम्मिलन हुन यो आलेख खुला रहनेछ।

४. संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ।

५. संयुक्त राष्ट्रसङ्घका महासचिवले अनुमोदन वा सम्मिलनका प्रत्येक लिखतको दाखिलासम्बन्धी जानकारी यस आलेखमा हस्ताक्षर गर्ने र यसमा सम्मिलन हुने दुवै राष्ट्रहरूलाई दिनेछन्।

धारा ८

१. अनुमोदन वा सम्मिलनको दशौँ लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला भएको मितिको तीन पछि यो प्रोटाकेल लागु हुनेछ।

२. अनुमोदन वा सम्मिलनको दशौँ लिखत दाखिला भएपछि यो आलेख अनुमोदन गर्ने वा यसमा सम्मिलन हुने प्रत्येक राष्ट्रको हकमा त्यस्तो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिको तीन महिनापछि यो आलेख लागु हुनेछ।

धारा ९

यस आलेखका प्रावधानहरू कुनै सीमा वा अपवादहरूबिना सङ्घीय राष्ट्रहरूका सम्पूर्ण भागहरूमा विस्तार हुनेछन्।

धारा १०

संयुक्त राष्ट्रसङ्घका महासचिवले महासन्धिको धारा ४८ को प्रकरण १ मा उल्लेख भएका सम्पूर्ण राष्ट्रहरूलाई देहायका कुराहरूको सूचना दिनेछन्:

(क) यस आलेखको धारा २ अन्तर्गतका आरक्षण, जानकारी र सूचनाहरू,

(ख) यस आलेखको धाराहरू ४ वा ५ अन्तर्गत गरिएका वक्तव्यहरू,

(ग) आलेखको धारा ७ अन्तर्गतका हस्ताक्षर, अनुमोदन र सम्मिलनहरू,

(घ) यस आलेखको धारा ८ अन्तर्गत सो आलेख लागु हुने मिति।

धारा ११

१. यो आलेख, जसका अरबी, चिनीयाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समानरूपमा प्रामाणिक छन्, संयुक्त राष्ट्रसङ्घका भाषाका प्रतिहरू समानरूपमा प्रामाणिक छन्, संयुक्त राष्ट्रसङ्घको अभिलेखालयमा दाखिला गरिनेछन्।

२. महासन्धिको धारा ४८ मा उल्लेख भएका सम्पूर्ण राष्ट्रहरूलाई संयुक्त राष्ट्रसङ्घका महासचिवले यो आलेखको प्रमाणित प्रतिहरू पठाउनेछन्।

खण्ड दुई

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको परिचय

मानवको लागि आफ्नो पहिचान र संस्कृति आफै जत्तिकै प्यारो र अनिवार्य हुन्छ। तसर्थ उसले उपभोग गर्दै आएका सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षण हुनु पर्दछ। खान, बस्न र आवासको प्रत्याभूतिबिना कुनै पनि राजनीतिक अधिकारले पूर्ण र यथार्थरूप लिन सक्दैन भन्ने यथार्थको स्वीकारोक्तिसाथ यस महासन्धिको निर्माण गरिएको हो। यस महासन्धिले उल्लेख गरेका अधिकार एवम् दायित्वलाई पक्षराष्ट्रले हुबहु परिपालना मात्र होइन कार्यान्वयन पनि गर्नुपर्ने हुन्छ।

मानव जातिले उपभोग गर्न पाउने आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको संरक्षण गर्नाका लागि बनाइएको महासन्धिलाई आर्थिक, सामाजिक तथ सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि भनिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख गरिएबमोजिम मानिसका अधिकारहरूलाई राज्यको लागि कानुनी दायित्व वा बाध्यकारी बनाउने उद्देश्यले निर्माण गरिएका दुई महासन्धिमध्ये आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको महासन्धि एउटा हो।

नेपालले पक्षराष्ट्रको हैसियतले महासन्धिको आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत यो महासन्धि लागु भएको एक वर्षभित्र आर्थिक तथा सामाजिक परिषद्बाट निर्धारण गरिने कार्यक्रमअनुरूप विभिन्न चरणमा आफ्नो प्रतिवेदनहरू पेश गर्नु पर्दछ।

यो महासन्धि

- सन् १९६६ को १६ डिसेम्बरका दिन संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा सर्वसम्मतिका साथ पारित गरी हस्ताक्षर र अनुमोदनका निम्ति खुला गरिएको
- नेपालद्वारा सन् १९९१ को १४ मेका दिन नेपालद्वारा सम्मिलन
- सन् १९७६ देखि लागु भएको
- मानव अधिकारहरूको विश्वव्यापी घोषणापत्रमा उल्लेखित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको प्रत्याभूतिका निम्ति बाध्यकारी व्यवस्था भएको

- कूल पाँच खण्ड एवम् ३१ वटा धाराहरूमा विभाजित छ।

२६ देखि ३१ सम्मका पछिल्ला पाँचवटा धाराहरूमा महासन्धि लागु हुने प्रक्रियाबारे उल्लेख गरिएको छ। आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिले प्रत्येक देशका काम गर्ने, सङ्गठन गर्ने, समान ज्याला, समुचित भोजन, लत्ताकपडा र आवास अनि शिक्षा र संस्कृतिको अधिकार प्रत्येक नागरिकले बिनाकुनै भेदभाव उपयोग गर्न पाउनुपर्छ भन्ने व्यवस्था गरेको छ। यस महासन्धिलाई अनुमोदन गर्ने सबै राज्यले अधिकारहरूको निर्विघ्न उपयोग र उपभोग गर्न पाउने व्यवस्था गर्नु राज्यको दायित्व हो।

व्यक्तिको सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार बिना उसको सर्वाङ्गीण विकास हुन सक्दैन भन्ने उद्देश्य व्यक्तिको पहिचान र समृद्धिका लागि यस किसिमका अधिकारको राज्य पक्षले संरक्षण तथा सम्बर्द्धन गर्नुपर्ने हुन्छ। यस प्रतिज्ञापत्रले तोकेका दायित्वलाई नेपालले पक्षराष्ट्रको हैसियतले संविधानको भाग ३ को मौलिक हकहरूअन्तर्गत र भाग ४ अन्तर्गत राज्यका नीति निर्देशक सिद्धान्त तथा नीतिहरूमार्फत व्यवस्था गरेको भए तापनि यसको कार्यान्यवनको अवस्था भने उत्साहजनक छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको ऐच्छिक आलेख

यस महासन्धिले व्यवस्था गरेको हक अधिकारको उचित परिपालनाका लागि ऐच्छिक आलेखसमेतको निर्माण गरिएको छ। यस ऐच्छिक आलेख

- सन् २००८ को १० डिसेम्बरका दिन संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित गरी हस्ताक्षर र अनुमोदनका लागि सन् २००९ सेप्टेम्बर २४ देखि खुला गरिएको
- कूल २२ वटा धाराहरू रहेको
- १० वटा राष्ट्रहरूले अनूमोदन गरेमा यो आलेख प्रयोगमा आउने
- हालसम्म ७ वटा राष्ट्रहरू पक्ष रहेको

यस ऐच्छिक आलेखमा पनि व्यक्तिगत उजुरी गर्न पाउने अधिकार रहेको छ। कुनै पनि व्यक्तिको आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको हनन भएमा र देशभित्र रहेका सम्पूर्ण उपचारका विधिहरू अवलम्बन गरी उपचार नपाएको खण्डमा आर्थिक, सामाजिक तथा सांस्कृतिक समितिमा उजुरी गर्न पाउने व्यवस्था छ। समितिले यस आलेखको पक्षराष्ट्रविरुद्ध परेको उजुरीमाथि जानकारी लिने तथा

आवश्यक सुझावहरू दिने कार्य गर्दछ। पक्षराष्ट्रहरूले यस अनुबन्धनअन्तर्गतका अधिकारहरूको गम्भीर उल्लङ्घन भएका घटनाहरूको अनुसन्धान गर्न, सूचना सङ्कलन गर्न तथा आवश्यक सुझावहरू दिनका लागि समितिलाई अनुमति दिन सक्दछ। नेपालले हालसम्म यस आलेखमा हस्ताक्षर गरेको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूसम्बन्धी समिति

यो समिति आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको महासन्धिको पक्षराष्ट्रमा त्यसको कार्यान्वयनको अनुगमनका लागि निर्माण गरिएको हो। यस समितिमा पनि कूल १८ सदस्य हुन्छन्। यसको पक्षराष्ट्रले पनि चार-चार वर्षको अन्तरालमा महासन्धिमा उल्लेख गरिएका आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको कार्यान्वयनको क्षेत्रमा आफ्नो मुलुकमा गरिएका प्रयास वा देशको अवस्थाका बारेमा समितिसमक्ष प्रतिवेदन बुझाउनुपर्छ। यस महासन्धिका पक्षराष्ट्रहरूले महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको पालना गर्न आफूले ग्रहण गरेको उपाय तथा तत् सम्बन्धमा हासिल गरेको प्रगतिसम्बन्धी प्रतिवेदनहरू यस समितिमा पेश गर्न सक्दछन्। सबै प्रतिवेदनहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष पेश गरिने व्यवस्था आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिले गरेको छ। निजले ती पेश गरिएका प्रतिवेदनहरूलाई आर्थिक तथा सामाजिक परिषद्लाई विचारका लागि बुझाउने व्यवस्था छ। त्यस्तै यस परिषद्ले पक्षराष्ट्रले यस महासन्धिको पालना र कार्यान्वयनका लागि चालेका कदम र प्रगति विवरण बारेमा आफूसमक्ष प्रतिवेदन प्रस्तुत गर्नका लागि अनुरोध गर्न सक्दछ। यसरी पेश गरिएका प्रतिवेदनहरू परिषद्ले समय-समयमा महासभासमक्ष पेश गर्न सक्ने व्यवस्था छ। त्यस्तै यस समितिमा परेका कुनै पनि व्यक्तिगत तथा सामूहिक, अनुबन्धनसँग सम्बन्धित उजुरी माथि आवश्यक कारबाही चलाउने कार्य पनि गर्दछ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६

महासभाको १६ डिसेम्बर १९६६ को प्रस्ताव २२०० ए (XXI) बाट ग्रहण गरी
हस्ताक्षर, अनुमोदन एवम् सम्मिलनका लागि खुला भएको
लागु भएको मिति: धारा २७ अनुसार, ३ जनवरी १९७६

प्रस्तावना

यस महासन्धिका पक्षराष्ट्रहरू,

संयुक्त राष्ट्रसङ्घको बडापत्रमा निर्दिष्ट सिद्धान्तहरूअनुसार मानव परिवारका सम्पूर्ण सदस्यमा अन्तरनिहित मर्यादा तथा सम्मान एवम् नैसर्गिक अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधार भएको कुरालाई विचार गर्दै,

मानिसमा अन्तरनिहित मर्यादाबाट नै यी अधिकारहरू नि:सृत हुने कुरालाई मान्यता दिँदै,

मानव अधिकारहरूको विश्वव्यापी घोषणापत्रअनुसार भय तथा अभावबाट स्वतन्त्रता उपभोग गरिरहेका स्वतन्त्र मानव जातीको आदर्श प्रत्येक व्यक्तिले आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको साथै नागरिक तथा राजनीतिक अधिकारहरू उपभोग गर्न पाउने अवस्था सिर्जना गरेमा मात्र प्राप्त गर्न सकिन्छ भन्ने कुरालाई मान्यता दिँदै,

संयुक्त राष्ट्रसङ्घको बडापत्रअन्तर्गत मानव अधिकार तथा स्वतन्त्रताहरूको विश्वव्यापी सम्मान एवम् पालनालाई प्रवर्धन गर्ने राष्ट्रहरूको दायित्वको विचार गर्दै,

अन्य व्यक्तिहरू तथा आफ्नो समुदायप्रति कर्तव्य भएको व्यक्ति यस महासन्धिमा स्वीकार गरिएका अधिकारको प्रवर्धन तथा पालनाको लागि प्रयास गर्न उत्तरदायित्वअन्तर्गत छ भन्ने कुरा महसुस गर्दै,

देहायका धाराहरूमा सहमत भएका छन्:

भाग १

धारा १

१. सम्पूर्ण जनताहरूलाई आत्मनिर्णयको अधिकार छ। त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आफ्नो राजनीतिक हैसियत निर्धारण गर्दछन् तथा स्वतन्त्रतापूर्वक आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा लाग्दछन्।

२. सबै जनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानुनमा आधारित अन्तर्राष्ट्रिय आर्थिक सहयोगबाट उत्पन्न कुनै दायित्व प्रति कुनै दुराग्रह नराखी आफ्नो लक्ष्यका लागि आफ्ना प्राकृतिक धन तथा स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्नेछन्। कुनै अवस्थामा पनि कुनै जनतालाई उसको आफ्नो जीवन धान्ने उपायबाट वञ्चित गरिने छैन।

३. गैरस्वशासित तथा न्याय इलाकाहरूको प्रशासनको उत्तरदायित्व भएका पक्षलगायत यस महासन्धिका पक्षराष्ट्रहरू आत्मनिर्णयको अधिकारको प्राप्तिका प्रवर्धन गर्नेछन् तथा संयुक्त राष्ट्रसङ्घको बडापत्रका व्यवस्थाहरूअनुरूप सो अधिकारको सम्मान गर्नेछन्।

भाग २

धारा २

१. यस महासन्धिका प्रत्येक पक्षराष्ट्रले व्यक्तिगतरूपमा तथा अन्तर्राष्ट्रिय सहयोग र सहायता, विशेष गरी आर्थिक तथा प्राविधिक सहयोगमार्फत आफ्ना उपलब्ध स्रोतहरूको अधिकतम मात्रामा उपयोग गर्ने गरी खासगरी व्यवस्थापकीय उपायहरूको अवलम्बनसमेत सम्पूर्ण समुचित उपायहरूबाट यस महासन्धिमा स्वीकृत अधिकारहरू प्रगतिशीलरूपमा प्राप्त गर्दै जाने उद्देश्यले कदमहरू चाल्ने कुराकोप्रतिज्ञा गर्दछन्।

२. यस महासन्धिका पक्षराष्ट्रहरू यस महासन्धिमा उल्लिखित अधिकारहरू जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक

उत्पत्ति, सम्पत्ति जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभावबिना उपभोग गरिने कुराको प्रत्याभूति दिने प्रतिज्ञा गर्दछन्।

३. विकासशील देशहरूले मानव अधिकार तथा आफ्ना राष्ट्रिय अर्थव्यवस्थालाई उचित ध्यान दिँदै यस महासन्धिमा स्वीकृत आर्थिक अधिकार गैरनागरिकहरूलाई कुन हदसम्म प्रत्याभूत गर्ने भन्ने कुरा निर्धारण गर्नेछन्।

धारा ३

यस महासन्धिमा उल्लिखित सम्पूर्ण आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको उपभोग गर्ने पुरुष तथा महिलाको समान अधिकार सुनिश्चित गर्न यस महासन्धिका पक्षराष्ट्रहरू प्रतिज्ञा गर्दछन्।

धारा ४

यस महासन्धिअनुरूप राष्ट्रले व्यवस्था गरे का अधिकारहरूको उपभोगमा यस्ता अधिकारको प्रकृतिसँग मिल्ने गरी तथा प्रजातान्त्रिक समाजमा साधारण कल्याण प्रवर्धन गर्ने उद्देश्यका लागि मात्र कानुनद्वारा निर्धारित सीमाहरूअन्तर्गत मात्र राष्ट्रले त्यस्ता अधिकारहरू सीमित गर्न सक्ने कुरा यस महासन्धिका पक्षराष्ट्रहरू स्वीकार गर्दछन्।

धारा ५

१. यस महासन्धिमा भएका कुनै पनि कुरालाई, कुनै राष्ट्र समूह वा व्यक्तिलाई यस महासन्धिमा स्वीकार गरिएका कुनै अधिकार वा स्वतन्त्रता नष्ट गर्ने वा ती अधिकारलाई यस महासन्धिमा व्यवस्था गरेभन्दा बढी मात्रामा सीमित गर्ने उद्देश्य भएको कुनै क्रियाकलापमा संलग्न हुने वा कुनै काम गर्न पाउने अर्थ आउने गरी व्याख्या गर्न सकिने छैन।

२. यस प्रतिज्ञापत्रले यस्ता अधिकारहरू स्वीकार गर्दैनन् वा तिनलाई कम मात्रामा मात्र स्वीकार गर्दछन् भन्ने बहानामा कानुन, महासन्धिहरू, नियमहरू वा परम्पराका आधारमा कुनै देशमा स्वीकार गरिएका वा विद्यमान रहेका कुनै मौलिक मानव अधिकारमा कुनै नियन्त्रण वा न्यूनतालाई ग्रहण गरिने छैन।

भाग ३

धारा ६

१. यस महासन्धिका पक्षराष्ट्रहरूले आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कुनै कामबाट आफ्नो जीवन धान्न सक्ने मौकाको अधिकारसमेत प्रत्येक

व्यक्तिको काम गर्ने अधिकार स्वीकार गर्दछन् र यस अधिकारलाई सुरक्षा गर्न समुचित कदम चाल्नेछन्।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न यस महासन्धिका पक्षराष्ट्रबाट चालिने कदमहरूमा प्राविधिक तथा व्यावसायिक निर्देशन तथा प्रशिक्षण कार्यक्रम, निरन्तर आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास प्राप्त गर्ने नीति तथा प्रविधिहरू एवम् व्यक्तिको मौलिक राजनीतिक तथा आर्थिक स्वतन्त्रताहरू सुरक्षा गर्ने अवस्थामा पूर्ण तथा उत्पादनशील रोजगारी समावेश हुनेछन्।

धारा ७

कामको उचित तथा सुहाउँदो अवस्था उपभोग गर्ने प्रत्येक व्यक्तिको अधिकारलाई यस महासन्धिका पक्षराष्ट्रहरू स्वीकार गर्दछन् जसले खासगरी निम्न कुरा सुनिश्चित गर्दछन्:

(क) पारिश्रमिक जुन सबै कामदारलाई न्यूनतमरूपमा देहायका कुरा प्रदान गर्छ:

(१) कुनै प्रकारको भेदभाव बिना समान मूल्यको कार्यका लागि उचित ज्याला तथा समान पारिश्रमिक, विशेष गरी महिलालाई पुरुषले उपभोग गरेको कामको अवस्थाभन्दा निम्न कार्य अवस्था नदिन समान कार्यका लागि समान तलबको प्रत्याभूति,

(२) यस महासन्धिका व्यवस्थाअनुरूप उनीहरू एवम् उनका परिवारहरूलाई राम्रो जीवनस्तर,

(ख) सुरक्षित एवम् स्वस्थ कामको अवस्थाहरू,

(ग) ज्येष्ठता तथा सक्षमताका आधारमा बाहेक अन्य कुनै कुराका अधीनमा नरहने गरी प्रत्येक व्यक्तिलाई उपर्युक्त उच्चतम तहमा पदोन्नती हुन पाउने अवसर,

(घ) विश्राम, फुर्सद तथा कार्य घण्टाको उचित सीमाङ्कन तथा तलबसहितको आवधिक विदालगायत सार्वजनिक विदावापत पारिश्रमिक।

धारा ८

१. यस महासन्धिका पक्षराष्ट्रहरू निम्न कुरा सुनिश्चित गर्न प्रतिज्ञा गर्दछन्:

(क) आफ्नो आर्थिक तथा सामाजिक हित प्रवर्धन तथा संरक्षण गर्न त्यस्ता सम्बन्धित सङ्गठनका नियमहरूको अधीनमा मात्र रहने गरी आफूले छानेका ट्रेड यूनियन खोल्ने एवम् त्यसमा सम्मिलित हुने प्रत्येक व्यक्तिको अधिकार छ। यस अधिकारको प्रयोगमा कानुनले तोकेको तथा राष्ट्रिय सुरक्षा वा जनव्यवस्था वा अरुको अधिकार एवम् स्वतन्त्रताहरूको संरक्षण गर्न प्रजातान्त्रिक समाजमा आवश्यक प्रतिबन्धबाहेक अन्य कुनै प्रतिबन्ध लगाउन पाइने छैन।

(ख) राष्ट्रिय महासङ्घ वा परिसङ्घ स्थापना गर्ने ट्रेड युनियनहरूको अधिकार तथा यस्ता महासङ्घ वा परिसङ्घहरूको अन्तर्राष्ट्रिय ट्रेड युनियन सङ्गठनहरू खोल्ने वा त्यसमा सम्मिलित हुने अधिकार,

(ग) कानुनद्वारा तोकिएका तथा राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्थाको हितमा वा अरुको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षणको लागि प्रजातान्त्रिक समाजमा आवश्यक प्रतिबन्धबाहेक अन्य कुनै प्रतिबन्धहरूको अधीनमा नरहने गरी स्वतन्त्ररूपमा काम गर्न पाउने ट्रेड युनियनहरूको अधिकार,

(घ) कुनै खास देशको कानुनअनुरूप प्रयोग हुने गरी हड्ताल गर्ने अधिकार।

२. सैनिक बल, प्रहरी वा राज्य प्रशासनका सदस्यद्वारा यी अधिकारहरूको प्रयोगमा कानुनी प्रतिबन्ध लगाउन यस धाराले रोक लगाउने छैन।

३ यस धाराको कुनै पनि कुराले सङ्घको स्वतन्त्रता तथा सङ्गठन गर्ने अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सन् १९४८ को महासन्धिका पक्षराष्ट्रहरूलाई सो महासन्धिमा व्यवस्था गरिएका प्रत्याभूतिहरू प्रति दुराग्रह हुने व्यवस्थापकीय उपायहरू अपनाउन, वा त्यसरी दुराग्रह हुने तरिकाले कानुन लागु गर्न अख्तियारी दिने छैन।

धारा ९

यस महासन्धिका पक्षराष्ट्रहरू प्रत्येक व्यक्तिको सामाजिक वीमालगायतका सामाजिक सुरक्षाको अधिकार स्वीकार गर्दछन्।

धारा १०

यस महासन्धिका पक्षराष्ट्रहरू स्वीकार गर्दछन् कि:

१. परिवार समाजको प्राकृतिक एवम् मूलभूत समूहगत इकाइ भएकाले विशेष गरी यसको स्थापनाका लागि तथा यसमा आश्रित बालबालिकाको हेरचाह तथा शिक्षाको दायित्व हुँदा त्यसलाई सम्भव भएसम्मको व्यापक सुरक्षा तथा सहायता दिइनु पर्दछ। इच्छुक बरबधुको स्वतन्त्र सहमतिबाट मात्र विवाह सम्पन्न गरिनु पर्दछ।

२. शिशु जन्मनु अघि र पछिको उचित अवधिभर आमाहरूलाई विशेष संरक्षण प्रदान गरिनु पर्दछ। यस्ता अवधि र काम गर्ने आमाहरूलाई तलबी विदा तथा पर्याप्त सामाजिक सुरक्षा फाइदा सहितको विदा दिइनु पर्दछ।

३. पितृत्व वा अन्य अवस्थाहरूका कारणबाट कुनै भेदभाव बिना सम्पूर्ण बालबालिका तथा तरुणहरूको पक्षमा संरक्षण एवम् सहायताका विशेष उपायहरू अपनाइनु पर्दछ। आर्थिक एवम् सामाजिक शोषणबाट बालबालिका तथा तरुणहरूको संरक्षण गरिनु पर्दछ। आर्थिक एवम् सामाजिक शोषणबाट बालबालिका तथा

तरुणहरूको रक्षा गरिनु पर्दछ। तिनीहरूको नैतिकता वा स्वास्थ्यको लागि हानिकारक तथा जीवनको लागि खतरापूर्ण हुने वा तिनका सामान्य विकासमा अवरोध गर्ने खालका काममा तिनीहरूलाई लगाउन कार्यलाई कानुनद्वारा निषेधित तथा दण्डनीय बनाइनु पर्दछ। राष्ट्रहरूले उमेरको हद पनि तोक्नु पर्दछ। जुन उमेरभन्दा मुनिका बालश्रमको तलबी रोजगारलाई कानुन निषेधित तथा दण्डनीय बनाउनु पर्दछ।

धारा ११

१. यस महासन्धिका पक्षराष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयम् तथा आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीविकाको अवस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन्। पक्षराष्ट्रहरूले यस प्रयोजनको लागि स्वतन्त्र मञ्जुरीमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्त्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपर्युक्त कदमहरू चाल्नेछन्।

२. भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै यस महासन्धिका पक्षराष्ट्रहरूले व्यक्तिगतरूपमा तथा अन्तर्राष्ट्रिय सहयोगबाट निम्न कुरालाई आवश्यक विशेष कार्यक्रम तथा उपायहरू अवलम्बन गर्नेछन्:

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणको सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको अति प्रभावकारी विकास तथा उपयोग हासिल गर्ने किमिसबाट कृषि प्रणालीहरू विकास तथा सुधार गरी, खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणको तरिकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुवैका समस्याहरूलाई ध्यान दिँदै आवश्यकताअनुरूप विश्वको खाद्यान्न आपूर्तिको समान वितरण सुनिश्चित गर्ने।

धारा १२

१. यस महासन्धिका पक्षराष्ट्रहरू प्रत्येक व्यक्तिको शारीरिक एवम् मानसिक स्वास्थ्यको उच्चतम प्राप्त स्तरको उपभोग गर्ने अधिकार स्वीकार गर्दछन्।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्नका लागि यस महासन्धिका पक्षराष्ट्रहरूले चाल्ने कदममा निम्न कुराको लागि आवश्यक कदमहरूसमेत समावेश हुनेछन्:

(क) शिशु मृतजात दर तथा शिशु मृत्यु घटाउने तथा बालकको स्वास्थ्य विकासको व्यवस्था,

(ख) वातावरणीय तथा औद्योगिक सरसफाईका सम्पूर्ण पक्षको सुधार,

(ग) प्रकोप, महामारी, पेशागत तथा अन्य रोगहरूको रोकथाम, उपचार तथा नियन्त्रण,

(घ) विरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाहरूको सिर्जना।

धारा १३

१. यस महासन्धिका पक्षराष्ट्रहरू प्रत्येक व्यक्तिको शिक्षाको अधिकारलाई स्वीकार गर्दछन्। मानवीय व्यक्तित्व तथा त्यसको प्रतिष्ठाको विकासतर्फ शिक्षा निर्देशित हुनेछ एवम् शिक्षाले मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूप्रतिको सम्मान सुदृढ गर्नेछ भन्ने कुरामा उनीहरू सहमत छन्। स्वतन्त्र समाजमा प्रभावकारी सहभागिता, सम्पूर्ण राष्ट्र तथा जातीय, सामाजिक तथा धार्मिक समूहहरूबीच समझदारी, सहनशीलता तथा मित्रता प्रवर्धन गर्न तथा शान्ति कायम गर्ने संयुक्त राष्ट्रसङ्घ तथा जातीय, सामाजिक तथा धार्मिक समूहहरूबीच समझदारी, सहनशीलता तथा मित्रता प्रवर्धन गर्न तथा शान्ति कायम गर्ने संयुक्त राष्ट्रसङ्घका क्रियाकलापहरूलाई अघि बढाउन शिक्षाले सम्पूर्ण व्यक्तिलाई सबल बनाउनेछ भन्ने कुरामा उनीहरू सहमत छन्।

२. यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्ने उद्देश्यले यस महासन्धिका पक्षराष्ट्रहरू स्वीकार गर्छन् कि:

(क) सबैका लागि प्राथमिक शिक्षा अनिवार्य तथा नि:शुल्क उपलब्ध हुनेछ।

(ख) प्राविधक तथा व्यवसायिक माध्यमिक शिक्षासमेत विभिन्नरूपमा माध्यमिक शिक्षा समुचित उपायद्वारा खासगरी नि:शुल्क शिक्षाको प्रगतिशील अवलम्बनबाट सबैका लागि सामान्यत: प्राप्य तथा पहुँचयुक्त बनाइनेछ।

(ग) सबैका लागि समानताका आधारमा प्रत्येक उचित उपायद्वारा खासगरी नि:शुल्क शिक्षाको प्रगतिशील अवलम्बनबाट उच्च शिक्षा समानरूपमा पहुँचयुक्त बनाइनेछ।

(घ) प्राथमिक शिक्षा प्राप्त नगरेका वा पूर्ण अवधि पुरा नगरेकाहरूको लागि यथासम्भव मुलभूत शिक्षालाई प्रोत्साहित गरिने तथा तीव्र पारिनेछ

(ङ) सबै तहका पाठशाला प्रणालीको विकासलाई क्रियाशीलरूपमा अवलम्बन गरिनेछ, छात्रवृत्तिको पर्याप्त व्यवस्था स्थापना गरिनेछ तथा शिक्षण कर्मचारीको भौतिक अवस्थालाई निरन्तर सुधार गरिनेछ।

३. यस महासन्धिका पक्षराष्ट्रहरू, मातापिताको तथा लागु हुने अवस्थामा कानुन संरक्षकको, आफ्ना बालबालिकाको सार्वजनिक अधिकारीले स्थापना गरेका विद्यालयहरू बाहेक पक्षराष्ट्रहरूले व्यवस्था गरेको वा स्वीकृति दिएको न्यूनतम शैक्षिक मापदण्डअनुरूप चल्ने विद्यालयहरू छान्ने तथा तिनको आफ्नो

आस्थाअनुसार आफ्ना बालकालिकाको धार्मिक एवम् नैतिक शिक्षा सुनिश्चित गर्ने स्वतन्त्रतालाई सम्मान गर्ने प्रतिज्ञा गर्दछन्।

४. यस धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तहरूको पालनाको तथा यस्ता संस्थाहरूमा दिइने शिक्षा पक्षराष्ट्रहरूले निर्धारण गरेको न्यूनतम मापदण्डहरूअनुरूप हुनुपर्ने आवश्यकताको सदैव अधीनमा रहने गरी शैक्षिक संस्थाहरू स्थापना तथा निर्देशित गर्ने व्यक्ति तथा निकायहरूको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको कुनै पनि अंशको व्याख्या गरिने छैन।

धारा १४

यस महासन्धिको पक्ष हुँदाका बखत आफ्नो महानगरीय इलाका तथा आफ्नो अधिकार क्षेत्रभित्रका अन्य इलाकाहरूमा सबैका लागि नि:शुल्क अनिवार्य प्राथमिक शिक्षा सुनिश्चित गर्न नसकेको यस महासन्धिको प्रत्येक पक्षराष्ट्रहरूले योजनामा तोकिने वर्षको उचित अवधिभित्रमा सबैको लागि नि:शुल्क अनिवार्य शिक्षाको सिद्धान्तको प्रगतिशील कार्यान्वयन गर्न, दुई वर्षभित्र नै विस्तारित कार्य योजना तयार पार्न एवम् ग्रहण गर्न प्रतिज्ञा गर्दछ।

धारा १५

१. यस महासन्धिका पक्षराष्ट्रहरू प्रत्येक व्यक्तिका निम्नलिखित कुराको अधिकार स्वीकार गर्दछन्:

(क) सांस्कृतिक जीवनमा सहभागी हुने,

(ख) वैज्ञानिक प्रगति तथा त्यसका उपयोगको फाइदा उपभोग गर्ने,

(ग) आफू लेखक भएको कुनै बैज्ञानिक, साहित्यिक तथा कलात्मक उत्पादनबाट उत्पन्न हुने नैतिक तथा भौतिक हितहरूका सुरक्षाबाट फाइदा पाउने।

२. यस अधिकारको पूर्ण प्राप्तिको लागि यस महासन्धिका पक्षराष्ट्रहरूबाट चालिने कदमहरूमा विज्ञान एवम् संस्कृतिको सञ्चय, विकास तथा प्रसारका लागि आवश्यक कदमहरूसमेत समावेश हुनेछन्।

३. यस महासन्धिका पक्षराष्ट्रहरू वैज्ञानिक अनुसन्धान तथा सिजनात्मक क्रियाकलापका लागि अपरिहार्य स्वतन्त्रताको सम्मान गर्ने प्रतिज्ञा गर्दछन्।

४. यस महासन्धिका पक्षराष्ट्रहरू अन्तर्राष्ट्रिय सम्पर्क तथा सहयोगको प्रोत्साहन तथा विकासबाट बैज्ञानिक तथा सांस्कृतिक क्षेत्रमा हासिल गरिने फाइदा स्वीकार गर्दछन्।

भाग ४

धारा १६

१. यस महासन्धिका पक्षराष्ट्रहरूले यस महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको पालना गर्न आफूले ग्रहण गरेका उपाय तथा तत् सम्बन्धमा हासिल गरिएको प्रगतिसम्बन्धी प्रतिवेदनहरू महासन्धिका यस भागअनुरूप पेश गर्न प्रतिज्ञा गर्दछन्।

२.

(क) सबै प्रतिवेदनहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष पेश गरिनेछन्। निजले सोका प्रतिहरू यस प्रतिज्ञा पत्रका व्यवस्थाअनुरूप आर्थिक तथा सामाजिक परिषद्लाई विचारका लागि प्रसार गर्नेछन्।

(ख) संयुक्त राष्ट्रसङ्घका महासचिवले विशिष्टिकृत निकायहरूलाई पनि यस महासन्धिका पक्ष भएका सदस्य राष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरू तथा त्यसका अंश त्यस्ता निकायको आफ्नो संवैधानिक दस्तावेजहरूअनुरूपका उत्तरदायित्वहरूभित्र पर्ने कुनै विषयसँग सम्बन्धित भएमा ती प्रतिवेदन तथा तिनका सान्दर्भिक अंशहरू त्यस्ता निकायहरूलाई पनि प्रसार गर्नेछन्।

धारा १७

१. पक्षराष्ट्रहरू तथा सम्बन्धित विशिष्टिकृत निकायहरूसँग छलफल गरी यो महासन्धि लागु भएको वर्षभित्र आर्थिक तथा सामाजिक परिषद्बाट निर्धारण गरिने कार्यक्रमअनुरूप यस महासन्धिका पक्षराष्ट्रहरूले विभिन्न चरणमा आफ्ना प्रतिवेदनहरू पेश गर्नेछन्।

२. प्रतिवेदनहरूले यस महासन्धिअन्तर्गतका दायित्वहरूको परिपूर्तिको मात्रालाई प्रभाव पार्ने कारण तथा कठिनाइहरूलाई इङ्गित गर्न सक्नेछन्।

३. संयुक्त राष्ट्रसङ्घ तथा कुनै विशिष्टिकृत निकायलाई यस महासन्धिका कुनै पक्षराष्ट्रहरूले सान्दर्भिक जानकारी अगाडि नै दिइसकेको भए त्यस्तो जानकारी पनुः पेश गर्न आवश्यक हुने छैन। तर त्यसरी दिइएको जानकारीको छोटकरी यथार्थ सन्दर्भ पर्याप्त हुनेछ।

धारा १८

मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूका क्षेत्रमा संयुक्त राष्ट्रसङ्घको बडापत्रअन्तर्गतका आफ्ना उत्तरदायित्वहरूबमोजिम आर्थिक तथा सामाजिक परिषद्ले विशिष्टिकृत निकायहरूसँग तिनका आफ्ना क्रियाकलापका क्षेत्रभित्र पर्ने यस महासन्धिका व्यवस्थाहरूको पालनाको सम्बन्धमा भएका प्रगतिबारे आफूसमक्ष

प्रतिवेदन दिने व्यवस्था गर्न सक्नेछ। यस्ता प्रतिवेदनमा तिनीहरूका समक्ष तिनीहरूबाट ग्रहण गरिएका कार्यान्वयन बारेका निर्णय तथा सिफारिसका विवरणहरू समावेश हुन सक्नेछन्।

धारा १९

धारा १६ तथा १७ अनुरूप पक्षराष्ट्रहरूले पेश गरेका मानव अधिकारसम्बन्धी प्रतिवेदनहरू तथा धारा १८ अनुरूप विशिष्टिकृत निकायहरूले पेश गरेका मानव अधिकारसम्बन्धी प्रतिवेदनहरू तथा आर्थिक तथा सामाजिक परिषद्ले अध्ययन तथा सामान्य सिफारिस तथा उचित भएमा जानकारीका लागि मानव अधिकारसम्बन्धी आयोगलाई पठाउन सक्नेछ।

धारा २०

धारा १९ अन्तर्गत गरिएका कुनै सामान्य सिफारिस वा मानव अधिकारसम्बन्धी आयोगको कुनै प्रतिवेदनमा भएको यस्तो सामान्य सिफारिसको विषयमा वा सोमा उल्लिखित कुनै कागजातको कुनै सन्दर्भका सम्बन्धमा यस महासन्धिका पक्षराष्ट्रहरू तथा सम्बन्धित विशिष्टिकृत निकायहरूले आर्थिक तथा सामाजिक परिषद्समक्ष टीका टिप्पणीहरू पेश गर्न सक्नेछन्।

धारा २१

यस महासन्धिमा स्वीकृत अधिकारहरूको सामान्य पालनाका लागि लिइएका उपायहरू तथा तत्सम्बन्धमा हासिल गरिएका प्रतिहरूबारे यस महासन्धिका पक्षराष्ट्रहरू तथा विशिष्टिकृत निकायहरूबाट प्राप्त जानकारीको सारांश तथा सामान्य प्रकृतिका सिफारिस समावेश भएका प्रतिवेदनहरू आर्थिक तथा सामाजिक परिषद्ले समय-समयमा महासभासमक्ष पेश गर्न सक्नेछ।

धारा २२

आर्थिक तथा सामाजिक परिषद्ले प्राविधिक सहायता उपलब्ध गराउने कार्यसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घका अन्य अङ्गहरू, तिनीहरूका सहायक अङ्गहरू तथा विशिष्टिकृत निकायहरूले आफ्नो सक्षमताभित्र रही यस महासन्धिका प्रभावकारी प्रगतिशिल कार्यान्वयनमा योगदान दिन सक्ने खालका अन्तर्राष्ट्रिय उपायहरूको ग्रहण योग्यताको बारेमा निर्णय गर्न सघाउ पुऱ्याउन सक्ने यस महासन्धिका यस भागमा उल्लिखित प्रतिवेदनहरूबाट उत्पन्न कुनै पनि कुरा त्यस्ता निकायहरूको ध्यानमा ल्याउन सक्नेछ।

धारा २३

यस महासन्धिमा स्वीकृत गरिएका अधिकारहरू प्राप्तिको लागि गरिने अन्तर्राष्ट्रिय काम कारबाहीमा महासन्धि सम्पन्न गर्ने, सिफारिस ग्रहण गर्ने, प्रविधि सहायता उपलब्ध गराउने तथा सल्लाह एवम् अध्ययनको उद्देश्यका लागि क्षेत्रीय एवम् प्राविधिक बैठकहरू गर्ने सम्बन्धित सरकारहरूसँग मिलेर आयोजना गरिएका जस्ता तरिकाहरू समावेश हुन्छन् भनी यस महासन्धिका पक्षराष्ट्रहरू सहमत छन्।

धारा २४

यस महासन्धिको कुनै पनि कुरालाई संयुक्त राष्ट्रसङ्घको बडापत्रका तथा यस महासन्धिमा उल्लेख भएका कुराहरूका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घका विभिन्न अङ्गहरू तथा विशिष्टिकृत निकायहरूका आ-आफ्ना उत्तरदायित्वहरू परिभाषित गर्ने विशिष्टिकृत निकायहरूका विधानका व्यवस्थाहरूलाई कमजोर पार्ने गरी व्याख्या गरिने छैन।

धारा २५

यस महासन्धिको कुनै पनि कुरालाई आफ्ना प्राकृतिक सम्पत्ति तथा स्रोतहरूको पूर्ण एवम् स्वतन्त्रतापूर्वक उपभोग तथा प्रयोग गर्ने सम्पूर्ण जनताहरूको अन्तर्निहित भई कमजोर पार्ने गरी व्याख्या गरिने छैन।

भाग ५

धारा २६

१. संयुक्त राष्ट्रसङ्घका कुनै सदस्य राष्ट्र तथा यसका कुनै विशिष्टिकृत निकायको सदस्य, अन्तर्राष्ट्रिय न्यायालयको विधानको कुनै पक्षराष्ट्र तथा संयुक्त राष्ट्रसङ्घको महासभाले यस महासन्धिको पक्ष हुन आमन्त्रण गरिएको कुनै अन्य राष्ट्रबाट हस्ताक्षरको लागि यो महासन्धि खुला छ।
२. यस महासन्धिलाई अनुमोदन गर्नुपर्नेछ। अनुमोदनका लिखतहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिनेछ।
३. यस धाराको प्रकरण १ मा उल्लेख भएका कुनै पक्षराष्ट्रबाट सम्मिलनहरूका लागि यो महासन्धि खुला रहनेछ।
४. संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष सम्मिलनको लिखत दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ।

५. संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिमा हस्ताक्षर गरेका वा यसमा भएका सबै राष्ट्रहरूलाई अनुमोदन तथा सम्मिलनको प्रत्येक लिखित दाखिला भएको कुराको जानकारी दिनेछन्।

धारा २७

१. संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष अनुमोदन तथा सम्मिलनको पैंतिसौँ लिखित दाखिला भएको मितिले तीन महिना पछि यो महासन्धि लागु हुनेछ।
२. अनुमोदन तथा सम्मिलनको पैंतिसौँ लिखत दाखिला भएपछि यस महासन्धिलाई अनुमोदन तथा यसमा सम्मिलन हुने प्रत्येक पक्षराष्ट्रका हकमा सो राष्ट्रले आफ्नो अनुमोदनको लिखत वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीन महिनापछि यो महासन्धि लागु हुनेछ।

धारा २८

कुनै सीमाङ्कन वा अपवादबिना यस महासन्धिका व्यवस्थाहरू संयुक्त राष्ट्रसङ्घीय राष्ट्रहरूका सबै भागहरूमा विस्तार हुनेछन्।

धारा २९

१. यस महासन्धिको कुनै पक्षराष्ट्रहरूले कुनै संशोधन प्रस्ताव गर्न सक्नेछ तथा त्यसलाई संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दर्ता गर्न सक्नेछ। त्यसपछि महासचिवले यस महासन्धिका पक्षराष्ट्रहरूलाई ती प्रस्तावउपर विचार गर्न र मतदान गर्न उनीहरू पक्षराष्ट्रहरूको सम्मेलनका पक्षमा छन् वा छैनन् भनी उनलाई सूचना गर्न अनुरोध सहित कुनै प्रस्तावित संशोधनहरूको जानकारी दिनेछन्। पक्षराष्ट्रहरूका कम्तिमा एक तिहाई सदस्यहरू यस्तो सममेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्रसङ्घको आयोजनामा सो सम्मेलन बोलाउनेछन्। सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूको बहुमतबाट ग्रहण गरिएको कुनै संशोधनलाई अनुमोदनका लागि संयुक्त राष्ट्रसङ्घको महासभामा पेश गरिनेछ।
२. संयुक्त राष्ट्रसङ्घको महासभाबाट अनुमोदन भएपछि तथा यस महासन्धिका पक्षराष्ट्रहरूका दुई तिहाई बहुमतबाट आ-आफ्ना संवैधानिक प्रक्रिया अनुसार स्वीकृत भएपछि संशोधनहरू लागु हुनेछन्।
३. संशोधनहरू लागु भएपछि, संशोधनहरू स्वीकार गर्ने पक्षराष्ट्रहरू यस महासन्धिका व्यवस्था तथा तिनले स्वीकार गरेका कुनै अघिल्लो संशोधनबाट बाँधिन लागेका अन्य पक्षराष्ट्रहरूउपर बन्धनकारी हुनेछन्।

धारा ३०

धारा २६ को प्रकरण ५ अन्तर्गत सूचना दिइए तापनि संयुक्त राष्ट्रसङ्घका महासचिवले सोही धाराको प्रकरण १ मा उल्लिखित सबै राष्ट्रहरूलाई देहायका विवरणहरूको जानकारी दिनेछन्:

(क) धारा २६ अन्तर्गत हस्ताक्षर, अनुमोदन र सम्मिलन,

(ख) धारा २७ अन्तर्गत यस महासन्धि लागु हुने मिति र धारा २९ अन्तर्गतका कुनै संशोधन लागु हुने मिति।

धारा ३१

१. यो महासन्धि, जसका चिनियाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समानरूपमा प्रामाणिक छन्, संयुक्त राष्ट्रसङ्घको अभिलेखालयमा दाखिला गरिनेछ।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले यो महासन्धिमा प्रमाणित प्रतिहरू धारा २६ मा उल्लिखित सबै राष्ट्रहरूलाई पठाउनेछन्।

खण्ड तीन

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको परिचय

लिङ्गका दृष्टिकोणले मात्र कुनै वर्गलाई विभेदजन्य व्यवहार गर्नु हुँदैन र त्यस्ता व्यवहारलाई जरैदेखि निर्मूल गरिनु पर्दछ भन्ने मान्यतासहित बनेको महासन्धि महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि हो। लिङ्गका आधारमा मात्र महिला वर्गले सदियौँदेखि विभिन्न शोषण र अन्यायको शिकार भइरहेको कुरा हृदयगंम गरी लिङ्गको आधारमा हुने यस किसिमको व्यवहारको अन्त्य गरिनु पर्दछ र सारभूत समानता र औपचारिक समानता दुईटा मान्यतालाई नै व्यवहारिक जीवनमा अनुवाद गरिनु पर्दछ भन्ने उद्देश्यसहित यो महासन्धिको निर्माण भएको हो। यसले महिलाका मानव अधिकारको संरक्षणका लागि विशेष व्यवस्था गर्नुका साथै राज्यले महिलाविरुद्ध हुने विभिन्न किसिमका भेदभाव निर्मूल गर्नका लागि पक्षराष्ट्रलाई विभिन्न दायित्वसमेत तोकेको छ। यो महासन्धि:

- सन् १९७९ को १८ डिसेम्बरका दिन संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित गरिएको
- सन् १९८१ को ३ सेप्टेम्बरका दिनदेखि लागु भएको
- नेपालद्वारा सन् १९९१ अप्रिल २२ मा अनुमोदन
- कूल ६ भाग र ३० धारामा विभाजित गरिएको

संयुक्त राष्ट्रसङ्घ महासभाले सन् १९७९ डिसेम्बर १८ का दिन पारित गरेको यो महासन्धिलाई महिला अधिकारको अन्तर्राष्ट्रिय कानुनको रूपमा लिइएको छ। नेपालले पक्षराष्ट्रका हैसियतले प्रत्येक चार वर्षमा तथा महिलाविरुद्ध भेदभाव उन्मूलन समितिले अनुरोध गरेको समयमा आवधिक प्रतिवेदन बुझाउनु पर्दछ।

संयुक्त राष्ट्रसङ्घको वडापत्रमै महिला र पुरुषको समानताका बारेमा उल्लेख गरिएको छ। तर महिलाविरुद्धको भेदभाव उन्मूलन गर्ने महासन्धि बडापत्र घोषणा भएको ५० वर्षपछि मात्र क्रियाशील हुन सक्यो। यस महासन्धिमा ३० वटा धाराहरू छन्। तीमध्ये

सुरुका छवटा धाराहरूले महिलाविरुद्धको भेदभावलाई परिभाषित गरेका छन् भने पछिल्ला धाराहरूले राजनीतिक र सार्वजनिक अधिकारहरूको संरक्षण अनि शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रहरूबाट महिलाविरुद्धको विभेद अन्त्य गर्ने कुरा उल्लेख गरेको छ। यस महासन्धिमा उल्लेख गरिएका अधिकार तथा विभेदको अन्त्यको लागि संयन्त्रको निर्माणको समेत व्यवस्था गरिएको छ अर्थात् महासन्धिका कार्यान्वयन र महिलाविरुद्ध हुने भेदभावको विषयमा पर्यवेक्षण तथा मूल्याङ्कनको लागि समिति निर्माणको व्यवस्था पनि गरिएको छ।

यस महासन्धिको पक्षराष्ट्र भए बापत नेपालले चार-चार वर्षको अन्तरालमा तथा महिलाविरुद्ध भेदभाव उन्मूलन समितिले अनुरोध गरेको समयमा आवधिक प्रतिवेदन समितिसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ। पक्षराष्ट्रको हैसियतले बुझाउने गरेको प्रतिवेदन वास्तविक र यर्थाथ होस् भन्ने कुरालाई जोड दिन आजकल नागरिक समाजको तर्फबाट छायाँ प्रतिवेदन पनि समितिमा पठाइने गरेको पाइन्छ।

महिलाविरुद्ध हुने सबै किसिमका भेदभावविरुद्धको महासन्धिको ऐच्छिक आलेख, १९९९

यो इच्छाधीन आलेख सन् १९९९ को अक्टोवर ६ मा संयुक्त राष्ट्रसङ्घद्वारा पारित गरिएको हो। त्यस्तै यस उपलेखलाई सन् २००० को डिसेम्बरदेखि कार्यान्वयनमा ल्याइएको हो। यस आलेखमा जम्मा २३ धारा छन्। नेपालले १५ जुन २००७ तदअनुसार १ असार २०६४ मा अनुमोदन गरेको ६ अक्टोबर १९९९ मा महासभाको प्रस्ताव ए। ५४। ४ बमोजिम ग्रहण गरिएको र मानव अधिकार दिवस १० डिसेम्बर १९९९ मा हस्ताक्षरको लागि खुला गरिएको लागु भएको मिति २२ डिसेम्बर २००२ तद अनुसार ७ पुस २०५९। यस ऐच्छिक आलेखको अनुमोदन गरेको पक्षराष्ट्रका नागरिक तथा कुनै समूहलाई समितिसमक्ष उजुरी गर्न पाउने अधिकार रहन्छ।

महिलाविरुद्धको भेदभावको अन्त्य गर्न गठित समिति

यस समितिको गठन महिलाविरुद्ध हुने सबै भेदभाव अन्त्य गर्ने महासन्धिअर्न्तगत वा त्यस महासन्धिको कार्यान्वयनको अनुगमनको लागि भएको हो। समितिमा जम्मा २३ जना सदस्य हुन्छन्। समितिका सदस्यहरूको निर्वाचन समानुपातिक भौगोलिक वितरण पद्धतिअनुसार तथा विभिन्न सभ्यताहरू एवम् प्रमुख कानुन प्रणालीहरूको प्रतिनिधित्व हुने गरी पक्षराष्ट्रहरूले आफ्ना नागरिकहरूबाट मनोनित गर्ने प्रावधान यस महासन्धिमा रहेको छ। समितिले आफ्नो कार्याविधिसम्बन्धी नियमहरू आफै

निर्धारण गर्न सक्ने व्यवस्था छ। त्यस्तै समितिले आफ्ना सदस्यहरूमध्येबाट दुई वर्षको लागि आफ्ना पदाधिकारीहरूको निर्वाचन गर्ने व्यवस्था छ।

चार वर्षका लागि निर्वाचित समितिका सदस्यहरूको निर्वाचन संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा महासचिवद्वारा आयोजना गराइएको पक्षराष्ट्रहरूको बैठकमा हुने व्यवस्था छ। समितिले आफ्नो कार्यविधि आफैँ निर्धारण गर्न सक्दछ। त्यस्तै समितिले प्रस्तुत गरेका प्रतिवेदनहरूमाथि छलफल गर्नका लागि वर्षको एक पटक तथा कम्तिमा दुई हप्ता नबिराई बैठक बस्ने गरिन्छ। समितिले पक्षराष्ट्रहरूबाट प्राप्त गरेका प्रतिवेदनहरू तथा अन्य जानकारीहरूको सम्बन्धमा गरेको छलफलको आधारमा आफ्ना सल्लाहहरू र सामान्य सुझावहरू, तथा कुनै पक्षराष्ट्रको कुनै टिप्पणी भए सोसमेत समेटेर कार्य प्रतिवेदन आर्थिक तथा सामाजिक परिषद्मार्फत प्रतिवर्ष महासभामा प्रस्तुत गर्न सक्ने व्यवस्था महिलाविरुद्ध सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिमा गरिएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिवले समितिको प्रतिवेदन महिलाहरूको स्थिति विषयक संयुक्त राष्ट्रसङ्घीय आयोगलाई जानकारीका लागि हस्तान्तरण गर्न सक्ने व्यवस्था महासन्धिले गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९

महासभाद्वारा १८ डिसेम्बर १९७९ मा नं. ३४/१८० को प्रस्ताव पारित भई
हस्ताक्षर, अनुमोदन तथा सम्मिलनको लागि खुला गरिएको
लागु भएको मिति: धारा २७(१) अनुसार, ३ सेप्टेम्बर १९८१

प्रस्तावना

यस महासन्धिका पक्षराष्ट्रहरू,

संयुक्त राष्ट्रसङ्घको बडापत्रले आधारभूत मानव अधिकारहरूमा, मानवीय मूल्य तथा मर्यादामा र पुरुष एवम् महिलाको समान अधिकारमा आफ्नो आस्था पुन: पुष्टि गरेको कुरालाई ध्यानमा राख्दै,

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणाले भेदभावसम्बन्धी अमान्यताको सिद्धान्तलाई पुष्टि गरेको तथा सम्पूर्ण मानव स्वतन्त्ररूपमा एवम् समान हक र मर्यादामा जन्मेका हुन्छन् तथा प्रत्येकलाई त्यसमा उल्लेखित हकहरू तथा स्वतन्त्रताहरू लिङ्गको आधारमा हुने भेदभावलगायत कुनै पनि प्रकारको भेदभाव बिना उपभोग गर्न पाउनु पर्छ भन्ने कुराहरूलाई ध्यानमा राख्दै,

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका पक्षराष्ट्रहरूमा सबै पुरुष र महिलालाई सबै आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक एवम् राजनीतिक अधिकारहरू समानरूपले उपभोग गर्न पाउने अधिकार उपलब्ध गराउने दायित्व छ भन्ने कुरालाई ध्यानमा राख्दै,

संयुक्त राष्ट्रसङ्घ तथा विशिष्टिकृत संस्थाहरूको तत्त्वावधानमा पुरुष तथा महिलाबीच समान अधिकारहरूको प्रवर्धन गर्न बनेका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूलाई विचार गर्दै,

संयुक्त राष्ट्रसङ्घ तथा विशिष्टिकृत संस्थाहरूको तत्त्वावधानमा पुरुष तथा महिलाबीच समान अधिकारको सम्बन्धमा पारित गरेका प्रस्तावहरू, घोषणापत्रहरू तथा सिफारिसहरूलाई समेत अवगत गर्दै,

यस्ता विभिन्न लिखतहरूको बाबजुद पनि महिलाविरुद्ध व्यापक भेदभाव अझै विद्यमान रहेको कुरालाई ध्यान दिँदै,

महिलाविरुद्ध हुने भेदभावले अधिकारको समानतासम्बन्धी सिद्धान्तमा एवम् मानव मर्यादा प्रतिको आधारभावमा खलल् पार्छ महिलाले पुरुषसँग समानताको आधारमा आफ्नो मुलुकको राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक जीवनमा सहभागी हुने स्थितिमा व्यवधान उत्पन्न गर्दछ, समाज तथा परिवारको समुन्नति तथा विकासमा अवरोध ल्याउँछ, एवम् आफ्नो मुलुकको तथा मानवताको सेवाको लागि महिलाको क्षमताको पूर्ण विकासलाई अवरुद्ध पार्दछ भन्ने कुराहरूलाई पुनः स्मरण गर्दै,

गरिबी अवस्थाले महिलालाई भोजन, स्वास्थ्य, शिक्षा, तालिम र रोजगारीका अन्य अवसरहरू प्राप्त गर्न तथा अन्य आवश्यकताहरू पूरा गर्नमा न्यून पहुँच हुन्छ भन्ने कुरामा ध्यान केन्द्रित गर्दै,

समानता तथा न्यायमा आधारित अन्तर्राष्ट्रिय आर्थिक व्यवस्थाको स्थापनाबाट पुरुष तथा महिलाबीच समानताको अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुग्दछ भन्ने कुरामा निश्चित हुँदै,

रङ्गभेद, सबै प्रकारका वर्णभेदहरू, वर्णका आधारमा हुने भेदभावहरू, उपनिवेशवाद, नव उपनिवेशवाद, अतिक्रमण, वैदेशिक कब्जा तथा आधिपत्य र राष्ट्रको आन्तरिक मामिलामा हस्तक्षेपसमेत सबै कुराको उन्मूलन गर्नु पुरुष तथा महिलाको अधिकार उपभोगको लागि आवश्यक छ भन्ने कुरामा जोड दिँदै,

अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षाको सुदृढीकरण, अन्तर्राष्ट्रिय तनावमा सिथिलता, सामाजिक तथा आर्थिक प्रणाली जस्तै भए पनि राष्ट्रहरूको बीच आपसी सहयोग, सबै प्रकारका तथा सम्पूर्ण निशस्त्रीकरण खास गरेर कडा एवम् प्रभावकारी अन्तर्राष्ट्रिय नियन्त्रणअन्तर्गत आणविक निशस्त्रीकरण राष्ट्रहरूको बीचको सम्बन्ध न्यायपूर्ण, समानता तथा आपसी हितको आधारमा हुनु पर्नेसिद्धान्तको समर्थन वैदेशिक वा औपनिवेशिक आधिपत्यमा रहेका वा विदेशी कब्जामा रहेका जनताहरूको आत्मनिर्णय तथा स्वतन्त्रताको अधिकार प्राप्तिका साथसाथै राष्ट्रिय सार्वभौमिकताको एवम् क्षेत्रीय

अखण्डतासमेतबाट सामाजिक उन्नति तथा विकासको सम्बर्द्धन हुनछ र त्यसको परिणामले पुरुष तथा महिलाबीच पूर्ण समानता प्राप्तिमा योगदान गर्दछ भन्ने कुरालाई जोड दिँदै,

मुलुकको पूर्ण तथा सर्वाङ्गीण विकासमा, विश्वको हित एवम् शान्ति-प्राप्तिमा महिलाको पुरुषसँग प्रत्येक क्षेत्रमा बराबरको आधारमा अधिकतम सहभागिता आवश्यक छ भन्ने कुरामा निश्चित हुँदै,

परिवारको हित तथा समाजको उत्थानमा महिलाबाट हुने ठूलो योगदानलाई अहिलेसम्म पूर्ण मान्यता प्राप्त भई नसकेको भए तापनि पनि मातृत्वको सामाजिक महत्त्व तथा परिवारको सन्दर्भमा बालबालिकाको पालन-पोषणमा आमा बाबु दुवैको भूमिकालाई बुझी, महिलाको सन्तान उत्पादन गर्ने विशेषतालाई भेदभावकोआधार बनाइनु हुँदैन भन्ने कुरालाई हृदयंगम गरी, बालबालिकाको पालन-पोषणको जिम्मेवारीमा पुरुष र महिलालगायत सम्पूर्ण समाज पनि भागीदार बन्न पर्दछ भन्ने कुरालाई महसुस गर्दै,

पुरुष तथा महिलाको बीचमा पूर्ण समानता प्राप्तिको लागि समाजमा तथा परिवारमा पुरुषको भूमिका तथा महिलाको भूमिकासम्बन्धी परम्परागत सोचाईमा परिवर्तन गर्नुपर्ने आवश्यकतालाई महसुस गर्दै,

महिलाविरुद्धको भेदभाव उन्मूलनसम्बन्धी घोषणामा उल्लेखित सिद्धान्तहरूको कार्यान्वयन गर्न तथा त्यस प्रयोजनको लागि सबै प्रकार र प्रकृतिको यस्तो भेदभावलाई निर्मूल गर्न आवश्यक पर्ने उपायहरू अपनाउन सङ्कल्प गर्दै,

निम्न लिखित कुरामा सहमत हुन्छन्:

भाग १

धारा १

यस महासन्धिको प्रयोजनको लागि 'महिलाविरुद्ध भेदभाव' भन्नाले महिलाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषयसम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई, आफ्नो वैवाहिक स्थिति जे-जस्तो रहेको भए तापनि, पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा सून्यकरण पार्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा वहिष्कार वा प्रतिबन्ध सम्झनुपर्दछ।

धारा २

पक्षराष्ट्रहरू महिलाविरुद्ध गरिने सबै भेदभावको भर्त्सना गर्दछन्। महिलाविरुद्ध गरिने सबै भेदभावलाई उन्मूलन पार्ने नीति उपर्युक्त तरिकाबाट अविलम्ब अपनाउन मञ्जुर गर्दछन् तथा यसको लागि देहायका काम गर्न कबूल गर्दछन्।

(क) महिला र पुरुषमा समानताको सिद्धान्तलाई आफ्नो देशको संविधान वा अन्य उपर्युक्त कानुनमा पहिले नै समावेश गरी नसकिएको भए त्यसलाई समावेश गर्ने तथा यस सिद्धान्तलाई कानुन वा अन्य माध्यमबाट व्यवहारिकरूपमा साकार पार्ने,

(ख) महिलाविरुद्धका सम्पूर्ण भेदभावलाई प्रतिबन्ध लगाउन व्यवस्थापकीय तथा अन्य उपायहरू अपनाउने तथा आवश्यक भएमा दण्ड सजायको समेत व्यवस्था गर्ने,

(ग) पुरुषहरूसरह समान आधारमा महिला अधिकारहरूको कानुनी संरक्षणको व्यवस्था तथा महिलाविरुद्ध कुनै पक्ष न्यायाधिकरण र अन्य सार्वजनिक निकायहरूमार्फत प्रभावकारीरूपमा संरक्षण सुनिश्चित गर्ने,

(घ) महिलाविरुद्ध भेदभाव हुने कुनै पनि कार्य वा व्यवहारमा सरिक नभई अलग रहने र सार्वजनिक अधिकारीहरू तथा संस्थाहरूले यी दायित्व अनुरूप काम गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्ने,

(ङ) कुनै पनि व्यक्ति, संस्था वा उद्योगबाट महिलाविरुद्ध हुने भेदभावलाई उन्मूलन गर्न आवश्यक सम्पूर्ण उपायहरू अवलम्बन गर्ने,

(च) महिलाविरुद्ध भेदभाव गराउने प्रचलित कुनै पनि नियम, कानुन, परम्परा तथा प्रचलनहरूलाई सुधार गर्ने वा हटाउने गरी कानुन बनाउनेलगायत आवश्यक पर्ने सम्पूर्ण उपायहरू अवलम्बन गर्ने,

(छ) महिलाविरुद्ध भेदभाव गराउने सम्पूर्ण राष्ट्रिय दण्ड व्यवस्थाहरू खारेज गर्ने।

धारा ३

पक्षराष्ट्रहरूले महिलाको पूर्ण विकास तथा प्रबर्द्धन सुनिश्चित गरी पुरुषसरह समानताको आधारमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको प्रयोग तथा उपभोगलाई प्रत्याभूति दिलाउनको लागि सबै सम्बद्ध क्षेत्र खास गरे राजनीतिक, सामाजिक, आर्थिक एवम् सांस्कृतिक क्षेत्रमा कानुनी व्यवस्थालगायतका सम्पूर्ण उपर्युक्त कदमहरू चाल्नेछन्।

धारा ४

१. पक्षराष्ट्रहरूले पुरुष तथा महिलाबीच वास्तविक समानता द्रुततर गतिमा कायम गराउन कुनै अस्थायी विशेष उपायहरू अपनाएका रहेछन् भने त्यस्ता उपायहरूलाई यस महासन्धिमा परिभाषित गरिएबमोजिमको भेदभावपूर्ण व्यवहार भएको मानिने छैन, तर त्यसको परिणामस्वरूप यस्ता उपायहरू कुनै

पनि हालतमा असमान वा भिन्न स्तरलाई कायमै राख्न दिने प्रकारको हुन सक्ने छैन। अवसर र व्यवहारमा समानताको उद्देश्य प्राप्त भएपछि यी उपायहरूलाई अन्त्य गरिनु पर्नेछ।

२. पक्षराष्ट्रहरूबाट मातृत्व संरक्षणको लागि यस महासन्धिमा व्यवस्था गरिएका उपायहरूलगायत अन्य विशेष उपायहरू अपनाइएको कुरालाई भेदभावपूर्ण कार्य भएको मानिने छैन।

धारा ५

पक्षराष्ट्रहरूले देहायको प्रयोजनको लागि चाहिने सम्पूर्ण उपर्युक्त कदमहरू चाल्नेछन्:

(क) पुरुष तथा महिलासम्बन्धी पुरातन भूमिकामा आधारित वा कुनै खास लिङ्गको महत्ताभाष वा लघुताभाषमा आधारित दुराग्रहको तथा परम्परागत एवम् अन्य प्रकारका प्रचलनहरूलाई उन्मूलन गर्ने उद्देश्य प्राप्तकालागि पुरुष तथा महिलामा रहेको स्वाभाविक प्रकृतिका सामाजिक तथा सांस्कृतिक आचरण पद्धतिलाई बदल्ने,

(ख) बालबालिकाको हितलाई जुनसुकै हालतमा पनि सर्वोपरी ध्यान दिइनेछ भन्ने कुरालाई मध्यनजर राख्दै मातृत्व भनेको एक सामाजिक कार्य हो भन्ने कुरालाई राम्रोसँग बुझाउने तथा आफ्ना बालबालिकाको पालन-पोषण एवम् विकासमा पुरुष तथा महिलाको समान जिम्मेवारी रहेको हुन्छ भन्ने कुरा पारिवारिक शिक्षामा पर्दछ भन्ने कुरालाई सुनिश्चित गर्ने।

धारा ६

पक्षराष्ट्रहरूले महिलाको किनबेच तथा महिलाको बेश्यावृत्तिको शोषणलगायत सबै प्रकारका कार्यलाई दमन गर्ने कानुन बनाउन सबै आवश्यक कदमहरू चाल्नेछन्।

भाग २

धारा ७

पक्षराष्ट्रहरूले मुलुकको राजनीतिक तथा सार्वजनिक जीवनमा महिलाविरुद्धको भेदभाव उन्मूलन गर्न तथा खासगरी बराबरीको आधारमा पुरुषसरह महिलालाई देहायका अधिकारहरू उपलब्ध गराउन आवश्यक कदमहरू चाल्नेछन्:

(क) सबै निर्वाचनहरू तथा जनमत सङ्ग्रहहरूमा मत दिने अधिकार तथा सार्वजनिकरूपमा निर्वाचित हुने संस्थाहरूमा निर्वाचनको लागि योग्य हुने अधिकार,

(ख) सरकारी नीति निर्माणमा तथा त्यसको कार्यान्वयनमा सरिक हुने तथा सार्वजनिक पदधारण गर्न सबै सरकारी तहहरूमा हुने सार्वजनिक क्रियाकलाप सम्पादन गर्ने अधिकार,

(ग) मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी संस्था तथा सङ्गठनहरूमा भाग लिन पाउने अधिकार।

धारा ८

पक्षराष्ट्रहरूले महिलालाई पुरुषसरह समान आधारमा तथा बिनाकुनै भेदभाव अन्तर्राष्ट्रिय तहमा सरकारको प्रतिनिधित्व गर्न पाउने अवसर तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूको कार्यमा भाग लिन पाउने अवसर सुनिश्चित गर्न सबै उपर्युक्त कदमहरू चाल्नेछन्।

धारा ९

१. पक्षराष्ट्रहरूले महिलालाई पुरुषसरह राष्ट्रियता प्राप्त गर्ने, परिवर्तन गर्ने वा धारण गर्ने समान अधिकार प्रदान गर्नेछन्। तिनीहरूले खास गरेर विदेशीसँग विवाह गरेको कारणबाट वा विवाहित अवस्थामा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणबाट पत्नीको राष्ट्रियता स्वत: परिवर्तन नहुने निजलाई राज्यविहीन नतुल्याइने वा पतिको राष्ट्रियता ग्रहण गर्न बाध्य हुनुनपर्ने व्यवस्था सुनिश्चित गर्नेछन्।

२. पक्षराष्ट्रहरूले बालबालिकाको राष्ट्रियताको सम्बन्धमा महिलालाई पुरुषसरहको समान अधिकार प्रदान गर्नेछन्।

भाग ३

धारा १०

पक्षराष्ट्रहरूले महिलालाई शिक्षाको क्षेत्रमा पुरुषसरह समान अधिकार प्राप्तिको व्यवस्था सुनिश्चित गर्नको लागि महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्न सबै आवश्यक कदमहरू चाल्नेछन् र महिला र पुरुषको समानताको आधारमा खास गरेर देहायका कुराहरूमा सम्बन्धी व्यवस्था सुनिश्चित गर्नेछन्:

(क) ग्रामीण तथा शहरी क्षेत्रमा अवस्थित सबै प्रकारका शिक्षण संस्थामा अध्ययन गर्न र उपाधि हासिल गर्न पाउनको लागि जीविकाको तथा व्यवसायको जानकारी पाउने समान अवसरको व्यवस्था, यस प्रकारकार समानता पूर्व विद्यालय शिक्षा, साधारण शिक्षा, प्राविधिक शिक्षा, पेशागत शिक्षा तथा उच्च प्राविधिक शिक्षा

एवम् सबै प्रकारका व्यवसायिक प्रशिक्षणको सम्बन्धमा उपलब्ध हुने कुरा सुनिश्चित गरिनेछ।

(ख) एउटै पाठ्यक्रम, एउटै परीक्षा, एकै स्तरको योग्यता प्राप्त शिक्षक तथा उस्तै प्रकारको विद्यालय भवन तथा उपकरणमा शिक्षा पाउने अवसरको व्यवस्था।

(ग) सबै प्रकारका तथा तहको शिक्षामा देखापर्ने गरेको पुरुष तथा महिलाको भूमिका नै फरक छ भनी पुरातनवादी धारणालाई उन्मूलन गर्न तथा यस लक्ष्य प्राप्तिको लागि सहायक हुने सह शिक्षा तथा अन्य प्रकारका शिक्षणविधिलाई प्रोत्साहित दिने, र खास गरेर पाठ्यपुस्तकहरू तथा विद्यालय कार्यक्रमहरूमा परिवर्तन गर्ने एवम् सोहीबमोजिमको शिक्षाविधि अपनाउने,

(घ) छात्रवृत्ति तथा अन्य प्रकारका अध्ययन अनुदानसम्बन्धी फाइदा प्राप्त गर्नको लागि समान अवसर उपलब्ध गराउने,

(ङ) प्रौढ शिक्षा तथा कार्यगत साक्षरता कार्यक्रमलगायतका स्थायी शिक्षण कार्यक्रमहरूमा, खास गरेर पुरुष तथा महिलाका बीचमा रहेको शैक्षिक अन्तरलाई जति सक्दो चाँडो कम गर्ने लक्ष्य रहेका कार्यक्रममा सरिक हुन समान अवसर दिलाउने,

(च) पढाइ छाड्न छात्राहरूको सङ्ख्यालाई घटाउने तथा अपरिपक्वतावश विद्यालय छाडेका बालिकाहरू तथा महिलाहरूको निमित्त शैक्षिक कार्यक्रमहरूको आयोजना गर्ने,

(छ) खेलकूद तथा शारीरिक शिक्षामा सक्रियरूपमा भाग लिन पाउने समान अवसर प्रदान गर्ने,

(ज) परिवार नियोजनसम्बन्धी सूचना एवम् सल्लाहलगायतका परिवारको स्वास्थ्य तथा समृद्धि सुनिश्चित गर्न सहायक हुने शैक्षिक जानकारी दिलाउने।

धारा ११

१. पक्षराष्ट्रहरूले रोजगारीको क्षेत्रमा महिलालाई पुरुषसरह समानताको आधारमा समान हक सुनिश्चित गराउनको लागि महिलाविरुद्धको सबै प्रकारको भेदभाव उन्मूलन गर्न सबै आवश्यक कदम चाल्नेछन् र खास गरेर देहायका अधिकारहरूको प्राप्ति सुनिश्चित गर्नेछन्:

(क) समस्त मानव जातीयको अविच्छेद्य अधिकारको रूपमा काम गर्ने अधिकार दिलाउने,

(ख) रोजगारीमा नियुक्तिको लागि छनौट गरिँदा समान प्रक्रिया प्रयोग गरिनेलगायत रोजगारीको समान अवसरको अधिकार,

(ग) स्वतन्त्ररूपमा पेशा तथा रोजगारी चयन गर्न पाउने अधिकार, बढुवा हुन पाउने, सेवाको सुरक्षा पाउने तथा सेवाका तमाम शर्तहरू एवम् फाइदाहरू उपभोग

गर्न पाउने अधिकार र सिक्ने सुविधालगायत व्यवसायिक तालिम तथा पुन: तालिम पाउने, उच्च व्यावसायिक तालिम तथा समय-समयमा तालिम पाउने अधिकार,

(घ) समान सुविधासहितको समान पारिश्रमिक पाउने अधिकार समान मूल्यको कामको लागि समान व्यवहार पाउने अधिकार तथा कामको गुणात्मक मूल्याङ्कन हुँदा समान व्यवहार पाउने अधिकार,

(ङ) सामाजिक सुरक्षाको अधिकार, खास गरेर निवृत्त भएकोमा, बेरोजगारीमा, विरामी परेकोमा, अशक्त भएकोमा तथा वृद्धावस्थामा र काम गर्न अन्य तवरबाट अशक्त भएको अवस्थामा समेत सामाजिक सुरक्षा पाउने अधिकार एवम् पूरा तलबसहित विदा लिन पाउने अधिकार,

(च) प्रजननपद्धतिको बचाउ हुने गरी स्वास्थ्यको संरक्षण पाउने अधिकार एवम् कार्यगत अवस्थामा सुरक्षाको अधिकार।

२. विवाह वा मातृत्वको आधारमा महिलाविरुद्ध हुने भेदभाव रोक्न तथा तिनीहरूको काम गर्ने अधिकारलाई सक्षमताका साथ उपलब्ध गराउन पक्षराष्ट्रहरूले देहायका कुरामा उपर्युक्त कदम चाल्नेछन्:

(क) लगाइएका नियन्त्रण व्यवस्थाको अधीनमा रही गर्भवती वा प्रसूति विदाको आधारमा पदच्यूत गर्न नपाउने तथा अन्य अवस्थामा पदच्यूत गर्दा पनि वैवाहिक स्थितिको आधारमा भेदभाव गर्न नपाउने गरी प्रतिबन्ध लगाउने,

(ख) नोकरीबाट वा वरिष्ठताक्रमबाट वा सामाजिक भत्ताबाट वञ्चित हुनु नपर्ने गरी पुरा तलबसहितको प्रसूती विदा वा सोहीसरहको सामाजिक फाइदाहरू पाउने व्यवस्था प्रारम्भ गर्ने,

(ग) बाबुआमाहरूलाई आफ्नो कार्यगत जिम्मेवारी साथसाथै पारिवारिक दायित्व पनि निर्वाह गर्नसक्ने तथा सार्वजनिक जीवनमा सरिक हुनसक्ने तुल्याउन, खास गरेर बाल स्याहार सुविधा प्रणालीको स्थापना गरेर एवम् विकास कार्यलाई प्रवर्धन गरेर, आवश्यक सहायक सामाजिक सेवाहरूको व्यवस्थालाई प्रोत्साहन दिने,

(घ) गर्भवती महिलालाई हानिकारक हुने भनी प्रमाणित भएका काममा लगाउन नपाउने गरी विशेष संरक्षण प्रदान गर्ने।

३. यस धारामा वर्णन गरिएका कुराहरूसँग सम्बन्धित संरक्षणात्मक कानुनी व्यवस्थाहरूलाई तत्काल प्रचलित वैज्ञानिक तथा प्राविधिक ज्ञानका आधारमा समय-समयमा पुनरावलोकन गरिनेछ र आवश्यकताअनुसार परिवर्तन खारेज वा विस्तृत गरिनेछ।

धारा १२

१. पक्षराष्ट्रहरूले महिलालाई परिवार नियोजनसँग सम्बन्धित कुराहरूलगायत स्वास्थ्य-स्याहार सेवासम्बन्धी कुरा पुरुषसरह समानताको आधारमा उपलब्ध गराउन स्वास्थ्य क्षेत्रमा महिलाविरुद्ध हुने भेदभाव उन्मूलन गर्नको लागि सबै उपर्युक्त कदमहरू चाल्नेछन्।

२. यस धाराको प्रकरण १ मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षराष्ट्रहरूले महिलालाई गर्भधारणको समयमा, प्रसूतिको समयमा तथा सुत्केरी भइसकेपछिको अवधिका सम्बन्धमा चाहिँदो सेवाहरू एवम् गर्भवती समय तथा स्तनपानको समयमा पर्याप्त पोषण उपलब्ध गराउन साथै आवश्यकतानुसार निःशुल्क सेवासमेतको आवश्यक व्यवस्था गर्नेछन्।

धारा १३

पक्षराष्ट्रहरूले महिलालाई पुरुषसरह समानताको आधारमा समान प्रकारका अधिकारहरू, खास गरेर देहायका अधिकारहरू उपलब्ध गराउनको लागि आर्थिक तथा सामाजिक जीवन अन्य क्षेत्रहरूमा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनको लागि सबै उपयुक्त कदमहरू चाल्नेछन्:

(क) पारिवारिक लाभ भोग्न पाउने अधिकार,

(ख) बैङ्क कर्जा पाउने, बन्धकी राख्ने तथा अन्य प्रकारका आर्थिक ऋण प्राप्त गर्न पाउने अधिकार,

(ग) खेलकूदमा, मनोरञ्जनका गतिविधिमा तथा सांस्कृतिक जीवनका समस्त पक्षहरूमा सहभागी हुन पाउने अधिकार।

धारा १४

१. पक्षराष्ट्रहरूले गाउँले महिलाले भोगिरहेका खास समस्याहरू तथा ती गाउँले महिलाले परिवारको आर्थिक उन्नतिमा तथा बिनामूल्यमा गरिएका आर्थिक योगदानलगायत आर्थिक व्यवस्थामा तिनीहरूले खेलेको महत्त्वपूर्ण भूमिकाप्रति ध्यान दिनेछन् र यस महासन्धिको व्यवस्थाहरू ती ग्रामीण क्षेत्रका महिलाहरूमा लागु गराउन सबै उपयुक्त कदमहरू चाल्नेछन्।

२. पक्षराष्ट्रहरूले ग्रामीण क्षेत्रका महिलाले पुरुषसरह समानताको आधारमा ग्रामीण विकासमा सहभागी हुन पाउन र त्यसबाट पाउने फाइदा भोग्न पाऊन् भन्ने कुरा एकीन गर्नको लागि ग्रामीण क्षेत्रका महिलाविरुद्ध हुने भेदभावलाई उन्मूलन गर्न सबै प्रकारका कदमहरू चाल्नेछन् र खास गरेर त्यस्ता महिलालाई देहायका अधिकार उपलब्ध गराउनेछन्:

(क) विकास योजनाको विस्तृतिकरण तथा कार्यान्वयनका सबै तहमा भाग लिन पाउने,

(ख) परिवार नियोजनका सूचना, सल्लाह र सेवालगायत पर्याप्त स्वास्थ्य-स्याहार सुविधा पाउने सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने,

(ग) सामाजिक सुरक्षा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने,

(घ) कार्यगत साक्षरतालगायत सबै प्रकारका औपचारिक तथा अनौपचारिक तालिम र शिक्षा प्राप्त गर्ने एवम् अन्य कुराका अतिरिक्त उनीहरूको प्राविधिक क्षमता वृद्धि गराउनको लागि सबै सामुदायिक तथा विस्तार सेवाहरूबाट फाइदा प्राप्त गर्ने,

(ङ) रोजगारी तथा आत्मरोजगारीद्वारा आर्थिक अवसरहरूमा समान पहुँचको लागि स्वालम्बन समूहहरू तथा साझा संस्थाहरू गठन गर्न पाउने,

(च) समस्त सामुदायिक क्रियाकलापहरूमा भाग लिने,

(छ) कृषिकर्जा तथा ऋण, बजारसुविधा, उपर्युक्त प्रविधि प्राप्त गर्न सक्ने तथा भूमिसम्बन्धी र कृषि सुधार एवम् जग्गा जमीन पुनः व्यवस्था योजना सम्बन्धमा समान प्रकारको व्यवहार पाउने,

(ज) जीवनयापनका उपर्युक्त अवस्थाहरू खास गरेर आवास, सरसफाइ विद्युत तथा खानेपानीको व्यवस्था, यातायात तथा सञ्चारसम्बन्धी व्यवस्थाहरू उपभोग गर्न पाउने।

भाग ४

धारा १५

१. पक्षराष्ट्रहरूले कानुनको दृष्टिमा महिलालाई पुरुषसरहको समानता प्रदान गर्नेछन्।

२. पक्षराष्ट्रहरूले महिलालाई देवानी मामिलामा पुरुषसरहको कानुनी क्षमता प्रदन गर्नेछन् र त्यस्तो क्षमता उपभोग गर्न पाउने समान अवसर प्रदान गर्नेछन्। खास गरेर तिनीहरूले महिलालाई करार सम्पन्न गर्न पाउने तथा सम्पत्ति सञ्चालन गर्नपाउने समान अधिकार प्रदान गरी अदालत तथा न्यायाधीकरणसमक्ष हुने कार्यविधिका सबै अवस्थामा समान व्यवहार गर्नेछन्।

३. महिलाको कानुनी क्षमतालाई नियन्त्रण गर्ने किसिमका कानुनी मान्यता प्राप्त कुनै पनि किसिमका करार तथा तमाम निजी लिखतहरू वदर हुनेछन् तथा गैरकानुनी मानिनेछन् भन्ने कुरा पक्षराष्ट्रहरू मञ्जुर गर्दछन्।

४. व्यक्तिको घुमफिर गर्न पाउने अधिकार तथा आफ्नो वासस्थान एवम् निवास छान्न पाउने स्वतन्त्रतासम्बन्धी कानुनमा पुरुष तथा महिलालाई समान अधिकार प्रदान गर्न पक्षराष्ट्रहरू मञ्जुर गर्दछन्।

धारा १६

१. पक्षराष्ट्रले विवाह तथा पारिवारिक सम्बन्ध बारेको कुराहरूमा महिलाविरुद्धको भेदभाव उन्मूलन गर्न सबै उपयुक्त कदमहरू चाल्नेछन् तथा खास गरेर देहायका व्यवस्था पुरुष तथा महिलामा समानताको आधारमा लागु गराउनेछन्:

(क) विवाह गर्ने समान अधिकार हुने,

(ख) आफ्नो जीवन-साथी स्वतन्त्ररूपले छान्न पाउने तथा उनीहरूको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र विवाह हुने गरी समान अधिकार दिलाउने,

(ग) विवाहपर्यन्त तथा सम्बन्धविच्छेदपश्चात्को अवस्थामा समान अधिकार तथा दायित्व दिलाउने,

(घ) विवाहको स्थिति जेजस्तो रहे तापनि बालबच्चासम्बन्धी कुराहरूमा बाबुआमा दुवैलाई समान अधिकार तथा दायित्व दिलाउने, यस कुरामा सदैव बालबालिकाको हितलाई सर्वोपरि ध्यान दिने,

(ङ) आफ्नो बालबच्चाको सङ्ख्या तथा तिनीहरूको जन्मान्तरको सम्बन्धमा स्वतन्त्र एवम् जिम्मेवारीपूर्वक निर्णय गर्न पाउने समान अधिकार हुने/दिलाउने तथा ती अधिकारहरू प्रभावकारी ढङ्गबाट गर्नसक्ने तुल्याउन जो चाहिने जानकारी शिक्षा तथा साधन उपलब्ध गराउने,

(च) बालबालिकाको संरक्षकत्व, संरक्षण, गुठियारको हैसियत तथा दत्तक ग्रहण गर्ने सम्बन्धमा अथवा कुनै मुलुकको राष्ट्रिय कानुनी व्यवस्थामा यो कुरा लागु रहेछ भने त्यस्ता संस्थाको सम्बन्धमा महिलालाई पनि समान अधिकार तथा जिम्मेवारी दिलाउने, यस कुरामा सदैव बालबालिकाको हितलाई सर्वोपरि ध्यान दिने,

(छ) कुनै पनि पारिवारिक नाम, पेशा तथा वृत्तिचयन गर्न पाउने अधिकारलगायत पति वा पत्नीको रूपमा दुवैमा समान वैयक्तिक अधिकार दिलाउने,

(ज) सम्पत्तिको सम्बन्धमा नि:शुल्क वा सशुल्करूपमा स्वामित्व, प्राप्ति, बन्दोबस्त, प्रशासन, उपयोग तथा बेचबिखन गर्न पाउने गरी पतिपत्नी दुवैलाई समान अधिकार दिलाउने।

२. बालबालिकाको वैवाहिक वाग्दान र बालविवाहको कुनै पनि कानुनी मान्यता हुने छैन। विवाह गर्ने न्यूनतम उमेर निर्धारण गर्ने कानुनीलगायत सबै आवश्यक व्यवस्था गरिनेछ र औपचारिक विवाह दर्ता किताबमा विवाह दर्ता गर्न अनिवार्य गरिनेछ।

भाग ५

धारा १७

१. यस महासन्धिको कार्यान्वयनसम्बन्धी प्रगतिको लेखाजोखा गर्नको लागि यो महासन्धिले व्यवस्था गरेका कुराहरूका सम्बन्धमा उच्च नैतिक मर्यादा तथा क्षमता भएका विशेषज्ञहरूमध्येबाट यो महासन्धि प्रारम्भ हुनेबित्तिकै अठार जना र यो महासन्धिलाई पैतीसौँ पक्षराष्ट्रले अनुमोदन वा सम्मिलन गरेपछि तेइस जना विशेषज्ञहरू भएको एउटा 'महिलाविरुद्ध भेदभाव उन्मूलन समिति' यसपछि 'समिति' भनिएको) गठन गरिनेछ। यी विशेषज्ञहरू समानुपातिक भौगोलिक वितरण पद्धतिअनुसार तथा भिन्न-भिन्न सभ्यताको एवम् प्रमुख कानुनी प्रणालीको प्रतिनिधित्व हुने गरी पक्षराष्ट्रहरूले आ-आफ्नो नागरिकहरूबाट निर्वाचित गर्ने छन् र तिनीहरूले व्यक्तिगत हैसियतमा काम गर्नेछन्।

२. पक्षराष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचीबाट गोप्य मतपत्रको तरिकाबाट समितिका सदस्यहरू निर्वाचन हुनेछन्। प्रत्येक पक्षराष्ट्रहरूले आफ्ना नागरिकहरूमध्ये एक जना व्यक्ति मात्र मनोनित गर्न पाउनेछन्।

३. यो महासन्धि प्रारम्भ भएका मितिले छ महिनापछि प्रारम्भिक निर्वाचन हुनेछ। प्रत्येक निर्वाचन हुने मितिभन्दा कम्तिमा तीन महिनाअगावै संयुक्त राष्ट्रसङ्घको महासचिवले पक्षराष्ट्रहरूलाई आ-आफ्नो मनोनयन पत्रहरू दुई महिनाभित्र दाखिल गर्न आह्वान गर्दै पत्र पठाउनेछन्। महासचिवले प्राप्त मनोनयनहरूको आधारमा मनोनयन गर्ने पक्षराष्ट्रहरूको नामसमेत जनाई वर्णानुक्रमअनुसारको एउटा सूची बनाउनेछन् र सो सूची पक्षराष्ट्रहरूलाई पठाउनेछन्।

४. समितिका सदस्यहरूको निर्वाचन संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा महासचिवले आयोजना गरेको पक्षराष्ट्रहरूको बैठकमा हुनेछ। यस बैठकको लागि दुई तिहाई पक्षराष्ट्रहरूको उपस्थितिलाई गणपूरक सङ्ख्या पुगेको मानिनेछ। बैठकमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूका प्रतिनिधिहरूको स्पष्ट बहुमत प्राप्त गरी सबैभन्दा बढी मत प्राप्त गर्ने त्यस्ता मनोनित व्यक्तिहरू नै समितिको सदस्यमा निर्वाचित भएको मानिनेछ।

५. समितिका सदस्यहरू चार वर्षको अवधिका लागि निर्वाचित हुनेछन्। पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरूमध्ये नौ जनाको पदावधि दुई वर्षमा समाप्त हुनेछ। पहिलो निर्वाचन भएको लगत्तैपछि समितिका अध्यक्षले त्यस्ता नौ जना सदस्यहरूको नाम गोला प्रथाद्वारा छुट्याउनेछन्।

६. समितिको पाँचजना अतिरिक्त सदस्यहरूको निर्वाचत पैतिसौँ अनुमोदन वा सम्मिलन प्राप्त भएपछि यसै धाराको प्रकरण २, ३ र ४ मा भएका

व्यवस्थाहरूअनुसार गरिनेछ। यस पटक निर्वाचित अतिरिक्त सदस्यहरूमध्ये दुई जना सदस्यहरूको पदावधि दुई वर्ष पूरा भएपछि समाप्त हुनेछ। त्यस्ता दुईजना सदस्यहरूको नाम समितिका अध्यक्षले गोला-प्रथाद्वारा छानेबमोजिम हुनेछ।

७. बीचमा पर्न आउने रिक्त पदको पूर्ति गर्दा जुन पक्षराष्ट्रको विशेषज्ञले सो समितिको सदस्यताको रिक्तता सिर्जना गरेको हो सोही पक्षराष्ट्रले समितिको स्वीकृति प्राप्त गरी आफ्ना नागरिकहरूमध्येबाट अर्को विशेषज्ञ नियुक्त गर्नेछ।

८. समितिका सदस्यहरूले समितिको कामको महत्त्वलाई ध्यानमा राखी महासभाले निर्धारण गरिदिएबमोजिमको शर्त तथा व्यवस्थाअनुसार महासभाबाट स्वीकृत भएबमोजिम संयुक्त राष्ट्रसङ्घको स्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन्।

९. यस महासन्धिअनुसार समितिले गर्नुपर्ने कामको प्रभावकारी कार्यान्वयनको लागि संयुक्त राष्ट्रसङ्घको महासचिवले आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउनेछन्।

धारा १८

१. पक्षराष्ट्रहरूले यो महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनको लागि अपनाइएका व्यवस्थापकीय, न्यायिक, प्रशासकीय तथा अन्य कदमहरूसम्बन्धी तथा यस सम्बन्धमा भएका प्रगतिबारेको प्रतिवेदन समितिको विचारार्थ अवधिमा संयुक्त राष्ट्रका सङ्घको महासचिवसमक्ष पेश गर्ने कबूल गर्दछन्:

(क) सम्बन्धित राष्ट्रको हकमा प्रारम्भ भएको मितिले एक वर्षभित्र,

(ख) तत्पश्चात कम्तिमा प्रत्येक चार वर्षमा तथा समितिले अनुरोध गरेको समयमा।

२. प्रतिवेदनमा यो महासन्धिका दायित्वहरू पूरा गर्नमा व्यवधान पार्ने तत्त्वहरू तथा अवरोधहरूसमेत उल्लेख गर्न सकिनेछ।

धारा १९

१. समितिले आफ्नो कार्यविधिसम्बन्धी नियमहरू आफैँ निर्धारण गर्नेछ।

२. समितिले दुई वर्षको पदावधिको लागि आफ्ना पदाधिकारीहरू आफै छान्नेछ।

धारा २०

१. यस महासन्धिको धारा १८ अनुसार पेश गरिएका प्रतिवेदनहरूमाथि विचार विमर्श गर्नको लागि समितिको बैठक प्रत्येक वर्ष सामान्यत: बढीमा दुई हप्ताको अवधिको लागि बस्नेछ।

२. समितिको बैठक सामान्यत: संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा वा समितिले निर्धारण गरेको अन्य कुनै उपर्युक्त ठाउँमा बस्नेछ।

धारा २१

१. समितिले आफूले गरेको कामको सम्बन्धमा प्रत्येक वर्ष आर्थिक तथा सामाजिक परिषद्मार्फत संयुक्त राष्ट्रसङ्घको महासभामा प्रतिवेदन पेश गर्नेछ र पक्षराष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरू तथा जानकारहिरूका सम्बन्धमा गरिएको जाँचबुझको आधारमा समितिले आफ्नो सुझाव तथा साधारण सिफारिसहरू गर्न सक्नेछ। यस्ता सुझावहरू तथा साधारण सिफारिस र त्यसको सम्बन्धमा पक्षराष्ट्रहरूबाट कुनै टिकाटिप्पणी प्राप्त भएको भए सोसमेत समितिको प्रतिवेदनमा संलग्न गरिनेछ।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले समितिको प्रतिवेदन जानकारीको लागि 'महिलाको स्थितिसम्बन्धी आयोग'समक्ष पठाउनेछन्।

धारा २२

विशिष्टीकृत संस्थाहरूको कार्य क्षेत्रभित्र पर्न आउने यस महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनको सम्बन्धमा विचारविमर्श गरिँदा तिनीहरूको पनि प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ। समितिले ती विशिष्टिकृत संस्थाहरूको कार्यक्षेत्रभित्र पर्न आउने कुराहरूका सम्बन्धमा महासन्धिको कार्यान्वयनबारेमा प्रतिवेदन पेश गर्न तिनीहरूलाई आमन्त्रण गर्न सक्नेछ।

भाग ६

धारा २३

यस महासन्धिमा उल्लेखित कुनै कुराले पनि पुरुष तथा महिलाको बीचमा समानता कायम गर्नको लागि बढी सहायक हुने देहायका लिखतमा परेका कुनै पनि व्यवस्थामा असर पार्ने छैन।

(क) कुनै पक्षराष्ट्रको कानुनमा रहेका वा

(ख) सो राष्ट्रका सम्बन्धमा लागु रहेका अन्य कुनै अन्तर्राष्ट्रिय महासन्धि, सन्धि वा सम्झौतामा रहेका।

धारा २४

यस महासन्धिद्वारा मान्यता प्रदान गरिएका अधिकारहरूको पूर्ण प्राप्तिको लागि लक्षित समस्त आवश्यक कार्यहरू राष्ट्रिय तहमा कार्यान्वयन गर्न पक्षराष्ट्रहरू कबूल गर्दछन्।

धारा २५

१. यो महासन्धि सबै राष्ट्रहरूबाट हस्ताक्षर हुनको लागि खुला रहनेछ।

२. यो महासन्धिको निक्षेपकको रूपमा संयुक्त राष्ट्रसङ्घका महासचिवलाई तोकिएको छ।

३. यो महासन्धिलाई अनुमोदन गर्नु पर्नेछ। अनुमोदनका लिखतहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिल गर्नु पर्नेछ।

४. यो महासन्धि कुनै पनि राष्ट्रद्वारा सम्मिलनको लागि खुला रहनेछ। सम्मिलनसम्बन्धी लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिएपछि सो राष्ट्र सम्मिलित भएको मानिनेछ।

धारा २६

१. यस महासन्धिमा संशोधन गर्नको लागि कुनै पनि पक्षराष्ट्रले कुनै पनि समयमा संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सम्बोधन गरी लिखित सूचना दिएर अनुरोध गर्न सक्नेछ।

२. यस प्रकारको अनुरोध भएकोमा के-कस्तो कारबाही गर्ने भन्ने कुरो संयुक्त राष्ट्रसङ्घको महासभाले निर्णय गरेबमोजिम हुनेछ।

धारा २७

१. यस महासन्धिको अनुमोदन वा सम्मिलन गर्न बीसौँ लिखत संयुक्त राष्ट्रसङ्घको महासचिव कहाँ दाखिला भएको मितिले तीसौँ दिनदेखि यो महासन्धि लागु हुनेछ।

२. यस महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने बीसौँ लिखत दाखिला भइसकेपछि यसको अनुमोदन वा सम्मिलन गर्ने अन्य प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीसौँ दिनदेखि प्रारम्भ हुनेछ।

धारा २८

१. अनुमोदन वा सम्मिलन गर्दाको अवस्थामा कुनै राष्ट्रले यस महासन्धिको सम्बन्धमा आफ्नो आरक्षण राख्ने भएमा त्यस्तो आरक्षणसम्बन्धी लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गर्नेछन् र त्यस्तो लिखतको व्यवहोरा निजले सबै राष्ट्रहरूलाई उपलब्ध गराउनेछन्।

२. यस महासन्धिको उद्देश्य तथा प्रयोजनसँग मेल नखाने आरक्षणलाई अनुमति दिइने छैन।

३. आरक्षणलाई फिर्ता लिइने भएमा संयुक्त राष्ट्रसङ्घका महासचिवलाई तत्सम्बन्धी सूचना दिई आरक्षण फिर्ता लिन सकिनेछ। निजले उक्त कुराको सूचना सबै राष्ट्रहरूलाई दिनेछन्। यस प्रकारको सूचना महासचिवलाई प्राप्त भएको मितिदेखि क्रियाशील हुनेछ।

धारा २९

१. यस महासन्धिको व्याख्या वा प्रयोगको सम्बन्धमा कुनै दुई वा बढी पक्षराष्ट्रहरूका बीच उठेको कुनै विवाद आपसी वार्तालापबाट समाधान हुन नसकेमा तिनीहरूमध्ये कसैको अनुरोध भएमा मध्यस्थताको लागि पेश गरिनेछ। मध्यस्थताको लागि अनुरोध भएको मितिले छ महिनाभित्रसम्म पनि मध्यस्थताको सङ्गठन बारेमा पक्षहरू मञ्जुर हुन नसकेमा त्यस्ता पक्षहरूमध्ये कुनै एक पक्षले सो विवाद अन्तर्राष्ट्रिय न्यायालयमा सो न्यायालयको कानुनअनुसार दरखास्त दिई पेश गर्न सक्नेछ।

२. यो महासन्धिमा हस्ताक्षर वा अनुमोदन गर्दाको वा सम्मिलन गर्दाको अवस्थामा प्रत्येक पक्षराष्ट्रले यो धाराको प्रकरण १ बाट आफू आबद्ध छैन भन्ने कुराको घोषणा गर्न सक्नेछ। यस प्रकारको आरक्षण राख्ने पक्षराष्ट्रसँग सो प्रकरणमा लेखिएका कुराको सम्बन्धमा अरु पक्षराष्ट्रहरू आबद्ध हुने छैनन।

३. यस धाराको प्रकरण २ अनुसार आरक्षण राख्ने कुनै पक्षराष्ट्रले त्यस्तो आरक्षण संयुक्त राष्ट्रसङ्घको महासचिवलाई सूचना दिई कुनै पनि बखतमा फिर्ता लिन सक्नेछ।

धारा ३०

यो महासन्धिको अरबी, चिनियाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका मूल प्रतिहरू समानरूपमा आधिकारिक मानिनेछन् र ती प्रतिहरू संयुक्त राष्ट्रसङ्घका महासचिवको जिम्मामा राखिनेछन्। यस कुराको साक्षीको रूपमा अधिकार प्राप्त तलका हस्ताक्षरकारीहरूले यस महासन्धिमा हस्ताक्षर गरेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, १९९९

(नेपालले १५ जुन २००७ तदअनुसार १ असार २०६४ मा अनुमोदन गरेको)
६ अक्टोबर १९९९ मा महासभाको प्रस्ताव ए/५४/४ बमोजिम ग्रहण गरिएको र मानव अधिकार दिवस १० डिसेम्बर १९९९ मा हस्ताक्षरको लागि खुला गरिएको लागु भएको मिति: २२ डिसेम्बर २००२ तदअनुसार ७ पुस २०५९

संयुक्त राष्ट्रसङ्घको बडापत्रले मौलिक मानव अधिकार, मानव मात्रको प्रतिष्ठा र मूल्य तथा पुरुष र महिलाको समान अधिकार प्रतिको विश्वासलाई पुन: पुष्टि गरेको कुरा उल्लेख गर्दै,

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रले सबै मानिसहरू स्वतन्त्र जन्मेका, प्रतिष्ठा र अधिकारमा समान भएका तथा प्रत्येक व्यक्तिलाई घोषणापत्रमा उल्लिखित सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरू लिङ्गमा आधारित भेदभावलगायत कुनै पनि किसिमको भेदभावबिना उपभोग गर्न पाउने अधिकार भएको घोषणा गरेको कुरासमेत उल्लेख गर्दै,

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रहरू, प्रस्ताव २२०० ए (२१), अनुसूची, तथा मानव अधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय लिखतहरूले लिङ्गमा आधारित भेदभाव निषेध गरेको संस्मरण गर्दै,

महिलाविरुद्धमा सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि जसका पक्षराष्ट्रहरूले महिलाविरुद्धका सबै प्रकारका भेदभावलाई निन्दा गर्दै सबै उपयुक्त उपायहरू अपनाई र विलम्ब नगरी महिलाविरुद्धको भेदभाव उन्मूलन गर्ने नीति अवलम्बन गर्न मञ्जुर गर्दछन्, लाई समेत संस्मरण गर्दै,

महिलाले सबै मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरू पूर्ण र समानरूपले उपभोग गरेको सुनिश्चित गर्ने र यी अधिकार तथा स्वतन्त्रताहरूको उल्लङ्घन रोक्न प्रभावकारी काम कारबाही गर्ने आफ्नो अठोट पुनः पुष्टि गर्दै,

देहायबमोजिम गर्न सहमत भएका छन्:

धारा १

प्रस्तुत आलेखको पक्षराष्ट्र ('पक्षराष्ट्र')ले धारा २ अनुसार पेश गरिने सूचना प्राप्त गरी सोउपर विचार गर्न सक्ने महिलाविरुद्धको भेदभाव उन्मूलनसम्बन्धी समितिको सक्षमता स्वीकार गर्दछ।

धारा २

महासन्धिमा व्यवस्था गरिएको कुनै पनि अधिकारको कुनै पक्षराष्ट्रबाट उल्लङ्घन भएर आफू पीडित भएको दाबी गर्ने त्यस्तो पक्षराष्ट्रको इलाकाअन्तर्गतको व्यक्ति वा व्यक्तिहरूको समूहले वा त्यस्तो व्यक्ति वा समूहको तर्फबाट सूचना पेश गर्न सक्ने वा सकिनेछ। कुनै व्यक्ति वा व्यक्तिहरूको समूहबाट सूचना पेश गर्दा, सूचना पेश गर्ने व्यक्तिले त्यस्तो व्यक्ति वा समूहको स्वीकृतिबिना निजको तर्फबाट सूचना पेश गरेको औचित्य पुष्टि गरेकोमा बाहेक त्यस्तो व्यक्ति वा समूहको स्वीकृति आवश्यक पर्नेछ।

धारा ३

सूचना लिखितरूपमा हुनु पर्नेछ र बेनामी हुनु हुँदैन। समितिले महासन्धिको पक्ष भएको तर यस आलेखको पक्ष नभएको कुनै पक्षराष्ट्रसँग सम्बन्धित कुनै पनि सूचना ग्रहण गर्ने छैन।

धारा ४

१. समितिले घरेलु उपचारहरू लागु गर्न अनुचितरूपमा ढिलाइ हुने वा प्रभावकारी उपचार प्रदान गर्न नसक्ने देखिएको अवस्थामा बाहेक उपलब्ध सबै त्यस्ता उपचारहरू उपयोग गरिएको यकिन नगरेसम्म कुनै पनि सूचनाउपर विचार गर्ने छैन।

२. देहायको अवस्थामा समितिले कुनै पनि सूचनालाई अग्राह्य मान्नेछ:

(क) सोही कुरा समितिबाट विचार भइसकेको वा अन्तर्राष्ट्रिय अनुसन्धान वा निरोपणको कुनै अर्को कार्यविधिअन्तर्गत छानबिन भएको वा भइरहेको,

(ख) त्यस्तो सूचना महासन्धिका व्यवस्थाहरू अनुकूल नभएको,

(ग) त्यस्तो सूचना स्पष्टत दूराग्रहपूर्ण भएको वा पर्याप्त मात्रामा पुष्टि नभएको,

(घ) त्यस्तो सूचना पेश गर्ने अधिकारको दुरूपयोग भएको,

(ङ) सो सूचनाका विषयसम्बन्धी तथ्यहरू सम्बन्धित पक्षराष्ट्रको हकमा प्रस्तुत आलेख लागु हुने मितिपछि निरन्तर नरहेको अवस्थामा त्यस्ता तथ्यहरू त्यस्तो राष्ट्रको हकमा लागु हुने मिति अघि उत्पन्न भएका।

धारा ५

१. कुनै सूचना प्राप्त गरेपछि र सूचनाको मूल विषयका सम्बन्धमा ठहर गर्नुअघि कुनै पनि समयमा समितिले सम्बन्धित पक्षराष्ट्रबाट जरुरी किसिमले विचार हुनको लागि आरोपित उल्लङ्घनबाट पीडित व्यक्ति वा व्यक्तिहरूलाई पुरन सक्ने अपुरणीय क्षति हुन नदिन आवश्यक अन्तरिम उपायहरू अपनाउन त्यस्तो राष्ट्रलाई अनुरोध गरी पठाउन सक्नेछ।

२. समितिले यस धाराको प्रकारण १ अन्तर्गत आफ्नो स्वविवेक प्रयोग गरेको कुरालाई सूचनाको ग्राह्यता वा मूल विषयका सम्बन्धमा निर्धारण गरेको मानिने छैन।

धारा ६

१. समितिले सम्बन्धित पक्षराष्ट्रसँग सम्पर्क नगरी कुनै सूचनालाई ग्राह्य मानेको, र व्यक्ति वा व्यक्तिहरू सो पक्षराष्ट्रसँग उनीहरूको पहिचान खुलाउन मञ्जुर भएकोमा समितिले प्रस्तुत आलेखअन्तर्गत आफूसमक्ष पेश गरिएको सूचनालाई गोप्य ढङ्गले सम्बन्धित पक्षराष्ट्रको ध्यानमा ल्याउनेछ।

२. सञ्चार प्राप्त गर्ने पक्षराष्ट्रले छ महिनाभित्र विषयवस्तु र सो पक्षराष्ट्रबाट कुनै उपचार उपलब्ध गराइ भएको भए त्यस्तो उपचारसमेत स्पष्ट पार्ने लिखित स्पष्टीकरण वा कथनहरू समितिसमक्ष पेश गर्नेछ।

धारा ७

१. व्यक्ति वा व्यक्तिहरूको समूहबाट वा निज वा सोको तर्फबाट तथा सम्बन्धित पक्षराष्ट्रबाट आफूलाई उपलब्ध गराइएका सबै जानकारीको आधारमा प्रस्तुत आलेखअन्तर्गत प्राप्त गरिएका सूचनाउपर विचार गर्नेछ। तर यस्तो जानकारी सम्बन्धित पक्षहरूलाई पठाइएको हुनु पर्नेछ।

२. प्रस्तुत आलेखअन्तर्गत सूचना परीक्षण गर्दा समितिले गोप्य बैठकहरू गर्नेछ।

३. कुनै सूचना परीक्षण गरिसकेपछि समितिले सो सूचनाका सम्बन्धमा आफ्नो विचार र कुनै सिफारिसहरू भए सोसमेत सम्बन्धित पक्षहरूलाई पठाउनेछ।

४. पक्षराष्ट्रले समितिको विचार र कुनै सिफारिस भए सोसमेतलाई उचित ध्यान दिनेछ र छ महिनाभित्र समितिको विचार र सिफारिसको रोहमा गरिएको कुनै

पनि काम कारबाहीसम्बन्धी जानकारीसमेत समावेश गरिएको लिखित जवाफ समितिसमक्ष पेश गर्नेछ।

५. समितिले महासन्धिको धारा १८ अन्तर्गत पक्षराष्ट्रबाट पेश गरिने पछिल्ला प्रतिवेदनहरूमा समितिको विचार वा उपयुक्त देखिएका कुनै सिफारिस गरिएको भए सोसमेतका प्रतिक्रियास्वरूप सो राष्ट्रबाट अपनाइएको कुनै उपायका सम्बन्धमा थप जानकरीसमेत समावेश गर्न पक्षराष्ट्र लाई अनुरोध गर्न सक्ने छ।

धारा ८

१. समितिले कुनै पक्षराष्ट्रबाट महासन्धिमा उल्लिखित अधिकारहरूको व्यवस्थित वा गम्भीररूपमा उल्लङ्घन भएको देखिने भरपर्दो जानकारी प्राप्त गरेमा समितिले सो पक्षराष्ट्रलाई त्यस्तो जानकारीको परीक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउन तथा यस उद्देश्यको लागि सम्बन्धित जानकारीका सम्बन्धमा आफ्ना धारणाहरू पेश गर्न अनुरोध गर्नेछ।

२. सम्बन्धित पक्षराष्ट्रबाट धारणाहरू पेश गरिएका भए त्यस्ता धारणहरू एवम् आफूसँग उपलब्ध अन्य सम्बन्धित जानकारीलाई दृष्टिगत गरी समितिले आफ्ना एक वा सोभन्दा बढी सदस्यहरूलाई छानबिन गरी समितिसमक्ष तुरुन्तै प्रतिवेदन पेश गर्न खटाउन सक्नेछ।

आवश्यक भएको र पक्षराष्ट्रको सहमतिमा त्यस्तो छानबिनमा सो राष्ट्रको इलाकाको भ्रमण पनि समावेश हुन सक्नेछ।

३. त्यस्तो छानबिनको ठहर परीक्षण गरेपछि समितिले त्यस्तो ठहर एवम् प्रतिक्रिया र सिफारिस भए सोसमेत सम्बन्धित पक्षराष्ट्रलाई पठाउने छ।

४. सम्बन्धित पक्षराष्ट्रले समितिबाट पठाइएका ठहर, प्रतिक्रिया र सिफारिसहरू प्राप्त गरेको मितिले ६ महिनाभित्र आफ्नो धारणा समितिसमक्ष पेश गर्नेछ।

५. त्यस्तो छानबिन गोप्यरूपमा गरिने र कारबाहीका सबै चरणहरूमा पक्षराष्ट्रको सहयोग खोजिनेछ।

धारा ९

१. समितिले सम्बन्धित पक्षराष्ट्रलाई महासन्धिको धारा १८ अन्तर्गत पेश गरिने आफ्नो प्रतिवेदनमा प्रस्तुत आलेखको धारा ८ अन्तर्गत गरिएको छानबिनको प्रतिक्रिया स्वरूप अपनाइएका कुनै पनि उपायहरूको विस्तृत विवरण उल्लेख गर्न अनुरोध गर्न सक्नेछ।

२. धारा ८.४ बमोजिमको ६ महिनाको अवधि समाप्त भएपछि आवश्यकतानुसार समितिले सम्बन्धित पक्षराष्ट्रलाई त्यस्तो छानबिनको प्रतिक्रियास्वरूप अपनाइएका उपायहरूको जानकारी समितिलाई उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ।

धारा १०

१. प्रत्येक पक्षराष्ट्रले प्रस्तुत आलेखमा हस्ताक्षर वा यसको अनुमोदन वा सम्मिलन गर्दाको बखत आफूले धारा ८ र ९ मा व्यवस्था भएबमोजिम समितिको सक्षमता स्वीकार नगर्ने कुराको घोषणा गर्न सक्दछ।

२. प्रस्तुत धाराको प्रकरण १ अनुसार घोषणा गरेको कुनै पनि पक्षराष्ट्रले महासचिवलाई सूचना दिएर सो घोषणा कुनै पनि समयमा फिर्ता लिन सक्नेछ।

धारा ११

पक्षराष्ट्रले प्रस्तुत आलेखअनुसार समितिसमक्ष सूचना पेश गरेको कारणले आफ्नो इलाकाभित्र रहेका व्यक्तिहरूलाई दुर्व्यवहार नगरिने वा त्रास नदेखाइने कुरा सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त उपायहरू अपनाउने छ।

धारा १२

समितिले प्रस्तुत आलेखअन्तर्गत गरिएका काम कारबाहीको सारांश प्रतिज्ञापत्रको धारा २१ अन्तर्गतको आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्ने छ।

धारा १३

प्रत्येक पक्षराष्ट्रले महासन्धि र प्रस्तुत आलेखको बारेमा व्यापकरूपमा जानकारी गराउने र प्रचार-प्रसार गर्न तथा खासगरी सो पक्षराष्ट्र संलग्न विषयहरूका सम्बन्धमा समितिको विचार र सिफारिससम्बन्धी जानकारीमा पहुँच सहज बनाउन कबुल गर्दछ।

धारा १४

समितिले प्रस्तुत आलेखबाट आफूलाई सुम्पिएका कामहरू गर्दा अवलम्बन गर्न आफ्नो कार्यविधिका नियमहरू तर्जुमा गर्नेछ।

धारा १५

१. प्रस्तुत आलेख महासन्धि हस्ताक्षर, अनुमोदन गरेको वा त्यस्मा सम्मिलन भएको कुनै पनि राष्ट्रबाट हस्ताक्षर हुनका लागि खुला रहनेछ।

२. महासन्धि अनुमोदन गरेका वा त्यसमा सम्मिलन भएको कुनै पनि राष्ट्रबाट प्रस्तुत आलेख अनुमोदन हुनु पर्नेछ। अनुमोदनका लिखितहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिनेछ।

३. प्रस्तुत आलेख महासन्धि अनुमोदन गरेको वा त्यसमा सम्मिलन भएको कुनै पनि राष्ट्रबाट सम्मिलन हुनका लागि खुला रहनेछ।

४. सम्मिलनको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ।

धारा १६

१. अनुमोदन वा सम्मिलनको दशौँ लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला भएको मितिले तीन महिनादेखि प्रस्तुत आलेख लागु हुनेछ।

२. अनुमोदन वा सम्मिलनको दशौँ लिखत दाखिला भएपछि प्रस्तुत आलेख अनुमोदन गर्ने वा यसमा सम्मिलन हुने प्रत्येक राष्ट्रको हकमा त्यस्तो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीन महिनादेखि प्रस्तुत आलेख लागु हुनेछ।

धारा १७

प्रस्तुत आलेखमा कुनै पनि आरक्षण राख्न पाइने छैन।

धारा १८

१. प्रस्तुत आलेखको कुनै पनि पक्षराष्ट्रले संशोधन प्रस्ताव गर्न र सो संशोधन संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दर्ता गर्न सक्ने छ। महासचिवले सो प्रस्तावउपर विचार एवम् मतदान गर्ने उद्देश्यले पक्षराष्ट्रहरूको सम्मेलन गर्ने पक्षमा उनीहरू भए नभएको कुराको सूचना निजलाई दिने अनुरोधसहित प्रस्तावित संशोधन पक्षराष्ट्रहरूलाई पठाउनेछन्।

कम्तीमा एक तिहाइ पक्षराष्ट्रहरू त्यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा सो सम्मेलनको आयोजना गर्नेछन्। महासचिवले सो सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूको बहुमतबाट ग्रहण गरिएको कुनै पनि संशोधन स्वीकृतिका लागि संयुक्त राष्ट्रसङ्घको महासभासमक्ष पेश गर्नेछन्।

२. संयुक्त राष्ट्रसङ्घको महासभाबाट स्वीकृत भएपछि र प्रस्तुत आलेखका पक्षराष्ट्रहरूको दुई तिहाइ बहुमतबाट आ-आफ्ना संवैधानिक प्रक्रियाअनुसार स्वीकृत भएपछि संशोधनहरू लागु हुनेछन्।

३. संशोधनहरू लागु भएपछि ती संशोधनहरू स्वीकार गर्ने पक्षराष्ट्रहरूका हकमा बाध्यात्मक हुनेछन् भने अन्य पक्षराष्ट्रहरूका हकमा प्रस्तुत आलेखका व्यवस्थाहरू तथा उनीहरूले स्वीकार गरेका कुनै पनि अघिल्ला संशोधनहरू बाध्यात्मक हुनेछन्।

धारा १९

१. कुनै पनि पक्षराष्ट्रले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिई कुनै पनि समयमा प्रस्तुत आलेख परित्याग गर्न सक्नेछ। महासचिवबाट त्यस्तो सूचना प्राप्त गरेको मितिले छ महिनादेखि परित्याग लागु हुनेछ।

२. परित्याग लागु हुने मितिभन्दा अगाडि धारा २ अन्तर्गत पेश गरिएको कुनै सूचना वा धारा ८ अन्तर्गत प्रारम्भ गरिएको छानबिनको हकमा प्रस्तुत आलेखका व्यवस्थाहरूको निरन्तर प्रयोगलाई परित्यागले प्रतिकूल प्रभाव पार्ने छैन।

धारा २०

संयुक्त राष्ट्रसङ्घका महासचिवले सबै राष्ट्रहरूलाई देहायको जानकारी दिनेछन्:

(क) प्रस्तुत आलेखअन्तर्गतका हस्ताक्षर, अनुमोदन र सम्मिलनहरू,

(ख) प्रस्तुत आलेख लागु हुने मिति र धारा १८ अन्तर्गत संशोधनहरू लागु हुने मिति,

(ग) धारा १९ अन्तर्गतका परित्यागहरू।

धारा २१

१. अरबी, चिनीयाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समानरूपले प्रामाणिक हुने प्रस्तुत आलेख संयुक्त राष्ट्रसङ्घको अभिलेखालयमा दाखिला गरिनेछ।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले प्रतिज्ञापत्रको धारा २५ मा उल्लिखित सबै राष्ट्रहरूलाई प्रस्तुत आलेखका प्रमाणित प्रतिहरू पठाउनेछन्।

खण्ड चार

बालअधिकारसम्बन्धी महासन्धिको परिचय

'बालबालिका देशका भावी निर्माता हुन्। स्वस्थ र शिक्षित देश निर्माणका लागि पनि राज्यले बालबालिकाको शिक्षा, स्वास्थ्यको उचित व्यवस्था गर्नुपर्दछ। देशका भावी नागरिकलाई केवल उमेरका कारणले मात्र विभिन्न अधिकारबाट वञ्चित गरिनु नहुने कुरालाई जोड दिन बनेको महासन्धि नै वास्तवमा बालअधिकारसम्बन्धी महासन्धि हो।' यो महासन्धिलाई:

- सन् १९८९ को २० नोभेम्बरका दिन संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित गरी हस्ताक्षर र अनुमोदन तथा सम्मिलनका निम्ति खुला गरिएको
- सन् १९९० को २ सेप्टेम्बरका दिनदेखि लागु गरिएको,
- कूल ३ खण्ड एवम् ५४ वटा धाराहरूमा विभाजित गरिएको,
- सन् १९९० को १४ सेप्टेम्बरका दिन नेपालद्वारा अनुमोदन गरिएको छ।

अहिलेसम्म विश्वका सबैभन्दा बढी राष्ट्रले एकै पटक अनुमोदन गरेको महासन्धि नै बालअधिकारसम्बन्धी महासन्धि हो। सन् १९८९ मा संयुक्त राष्ट्रसङ्घ महासभाले पारित गरेको तथा सन् १९९० देखि क्रियाशील यो महासन्धिमा जम्मा ५४ वटा धाराहरू छन्।

समाजको मूलभूत समूह तथा यसका सबै सदस्यहरू तथा खासगरी बालबालिकाको विकास तथा कल्याणका लागि प्राकृतिक वातावरणका रूपमा रहेको परिवारलाई आवश्यक संरक्षण तथा सहयोग प्रदान गरिनुपर्छ भन्ने कुरालाई प्रस्तावनाको रूपमा जोड दिएको छ। त्यसो भयो भने परिवारले समूहभित्र आफ्नो जिम्मेवारी पूर्णरूपले बहन गर्न सक्छ। आफ्नो व्यक्तित्वको पूर्ण तथा सामञ्जस्यपूर्ण विकासका लागि बालबालिका पारिवारिक वातावरण तथा समझदारी परिवेशमा हुर्कनु पर्छ। यस महासन्धिले प्रत्येक बालबालिकाले बिनाकुनै भेदभाव नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पाउनुपर्ने र ती सबै अधिकार अविभाज्य रहनुपर्ने कुरालाई स्थापित गरेको छ। १८ वर्ष मुनिका प्रत्येकलाई बालबालिकाको रूपमा स्वीकारी उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने दायित्व राज्यको हो

भन्ने कुरा प्रष्ट शब्दमा उल्लेख गरिएको छ। उनीहरूको सुरक्षा, संरक्षण, विकास र सहभागिताको अधिकारको प्रत्याभूति पनि यो महासन्धिले गरेको छ। नेपालले पक्षराष्ट्रको हैसियतले यस महासन्धिको आवधिक प्रतिवेदन प्रत्येक पाँच वर्षमा संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत बालअधिकारसम्बन्धी समितिमा बुझाउनु पर्दछ।

प्रत्येक बालबालिकाको राष्ट्रियता, अभिभावकत्व, शिक्षा, स्वास्थ्यलगायत सर्वाङ्गीण विकासको दायित्व राज्यलाई दिइएको यस महासन्धिको कार्यान्वयनको अवलोकन गर्न बालअधिकार समितिको निर्माणको व्यवस्था पनि गरेको छ। उक्त समितिमा दश जना विशेषज्ञ हुन्छन्। सबै पक्षराष्ट्रले पाँच-पाँच वर्षको अन्तरालमा बालअधिकारको क्षेत्रमा महासन्धिको मर्मबमोजिम के कति काम भएका छन् भन्ने विषयमा प्रतिवेदन बुझाउनु पर्दछ। नेपाल सन् १९९० को सेप्टेम्बर १४ का दिन यस महासन्धिको पक्षराष्ट्र भएको हो।

बालबलिकाको अधिकार तथा सशस्त्र द्वन्द्वमा बालबालिकालाई समाहित गराउने क्रियाकलापविरूद्धको ऐच्छिक आलेख, २०००

सन् २००० को मे २५ मा संयुक्त राष्ट्रसङ्घद्वारा पक्षराष्ट्रलाई हस्ताक्षर र अनुमोदनका लागि खुला गरिएको यस ऐच्छिक आलेखको कार्यान्वयन सन् २००० को फ्रेबुअरी १२ बाट भएको हो। यस आलेखमा जम्मा १३ धाराहरू छन्। यस आलेखलाई सशस्त्र द्वन्द्वपीडित बालबालिकाका अधिकारको संरक्षणका लागि नै केन्द्रित गरिएको छ।

बालबालिका बेचबिखन, वेश्यावृत्ति, तथा अश्लील कार्यमा समाहित गर्ने गराउने क्रियाकलापविरूद्धको ऐच्छिक आलेख, २०००

बालबालिकासम्बन्धी महासन्धिअन्तर्गतको अर्को महत्त्वपूर्ण आलेख नै वास्तवमा बालबालिकालाई बेचबिखन, वेश्यावृत्तिलगायत अश्लील कार्यमा समावेश गर्ने एवम् प्रयोग गर्ने प्रवृत्तिविरुद्धको उपलेख हो। यस आलेखलाई संयुक्त राष्ट्रसङ्घले सन् २००० को मे २५ मा अनुमोदन तथा हस्ताक्षरको लागि खुला राखेको हो। सन् २००० को जनवरी १८ बाट यो आलेख कार्यान्वयनमा आएको पाइन्छ। यस आलेखमा जम्मा १९ धाराहरू छन्।

बालअधिकारसम्बन्धी समिति

यो समिति बालअधिकार महासन्धिको पक्षराष्ट्रमा कार्यान्वयनको अनुगमन गर्न निर्माण गरिएको हो। समितिको कार्यावधि चार वर्ष तोकिएको छ। यो महासन्धि लागु भएको मितिले छ महिनाभित्र र त्यसपछि हरेक दोश्रो वर्षमा समितिको प्रारम्भिक निर्वाचन हुने व्यवस्था छ। प्रतिवेदनमा महासन्धिले तोकेका दायित्वको परिपालनाको स्थिति, प्रयास, कठिनाइहरूसमेतको रूपरेखा प्रष्ट पारिएको हुनु पर्दछ। यस समितिमा पनि पक्षराष्ट्रले आवधिक प्रतिवेदन दिनुपर्ने व्यवस्था गरिएको छ। समितिले महासन्धिको कार्यान्वयनसँग सम्बन्धित थप जानकारीका लागि पक्षराष्ट्रहरूलाई अनुरोध गर्न सक्ने व्यवस्था गरेको छ। समितिले आफ्ना क्रियाकलापसम्बन्धी प्रतिवेदनहरू प्रत्येक दुई वर्षमा आर्थिक तथा सामाजिक परिषद्मार्फत संयुक्त राष्ट्रसङ्घको महासभासमक्ष पेश गर्न सक्ने गरी बालबालिकासम्बन्धी महासन्धिले व्यवस्था गरेको छ। समितिले महासन्धिको कार्यान्वयनसँग सम्बन्धित थप जानकारीको लागि पक्षराष्ट्रहरूलाई अनुरोधसमेत गर्न सक्ने व्यवस्था बालअधिकारसम्बन्धी महासन्धिले गरेको छ। समितिले आफूलाई उपयुक्त लागेको खण्डमा पक्षराष्ट्रका तर्फबाट प्राविधिक सहयोग एवम् सल्लाहको आवश्यकता ठानी पठाइएका कुनै पनि प्रतिवेदनहरूलाई समितिले सक्षम निकायसमक्ष पठाउन सक्तछ।

यस महासन्धिले तोकेका दायित्वको प्रभावकारी कार्यान्वयनका लागि संयुक्त राष्ट्रसङ्घका महासचिवले आवश्यक कर्मचारी तथा सुविधाहरू उपलब्ध गराउने छ। महासन्धिले समितिका सदस्यहरूको कार्यावधि चार वर्षको हुने गरी तोकेको छ। समितिले आफ्नो कार्यविधि आफै तोक्न सक्दछ। त्यस्तै समितिले दुई वर्षको लागि आफ्ना अधिकृतहरूको निर्वाचन गर्न सक्दछ। यस महासन्धिअर्न्तगतको समितिका कार्यहरूको प्रभावकारी कार्यान्वयनको लागि संयुक्त राष्ट्रसङ्घका महासचिवले आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउने गरी व्यवस्था गरेको पाइन्छ।

बालअधिकारसम्बन्धी महासन्धि, १९८९

संयुक्त राष्ट्रसङ्घको महासभाको २० नोभेम्बर १९८९ को प्रस्ताव नं. ४४/२५ बाट ग्रहण गरिएको र हस्ताक्षर, अनुमोदन तथा सम्मिलनका लागि खुल्ला गरिएको लागु भएको मितिः धारा ४९ अनुसार, २ सेप्टेम्बर १९९०

प्रस्तावना

यस महासन्धिका पक्षराष्ट्रहरूले,

संयुक्त राष्ट्रसङ्घको घोषणापत्रमा उद्घोषण गरिएको सिद्धान्तहरूअनुरूप नैसर्गिक मर्यादा तथा मानव परिवारका सम्पूर्ण सदस्यहरूको समच्छिन्न अधिकारहरूको मान्यता नै विश्वमा स्वतन्त्रता, न्याय तथा शान्तिको आधारशीला हो भन्ने तथ्यलाई विचार गर्दै,

संयुक्त राष्ट्रसङ्घका जनताहरूले बडापत्रमा आधारभूत मानव अधिकारहरू मानवीय मूल्य तथा मर्यादामा आफ्नो आस्था पुष्टि गरेको व्यापकत्तर स्वतन्त्रताको परिवेशमा सामाजिक प्रगति र जीवनको राम्रा स्तरहरूको प्रवर्धन गर्न दृढ भएको कुरालाई विचार गर्दै,

संयुक्त राष्ट्रसङ्घले मानव अधिकारको विश्वव्यापी घोषणापत्र तथा मानव अधिकार-सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रहरूमा प्रत्येक व्यक्तिले तिनमा उल्लिखित सम्पूर्ण अधिकार तथा स्वतन्त्रता, जाति, रङ्ग, लिङ्ग भाषा, धर्म, राजनीति वा अन्य विचार वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य हैसियतजस्ता आधारमा कुनै पनि किसिमको भेदभावबिना उपलब्ध हुने कुराको घोषणा तथा मञ्जुरी गरेको कुरालाई स्वीकार गर्दै,

संयुक्त राष्ट्रसङ्घले मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा बाल्यावस्थामा विशेष स्याहार तथा सहयोग प्रदान गरिनुपर्ने घोषणा गरेको कुरा संस्मरण गर्दै,

समाजको मूलभूत समूहको तथा यसका सबै सदस्यहरू तथा खासगरी बालबालिकाको विकास तथा कल्याणको लागि प्राकृतिक वातावरणको रूपमा रहेको परिवारलाई आवश्यक संरक्षण तथा सहयोग प्रदान गरिनुपर्छ ता कि यसले समुदायभित्र आफ्नो जिम्मेवारी पूर्णरूपले बहन गर्न सकोस् भन्ने कुरामा विश्वस्त भएर,

आफ्नो व्यक्तित्वको पूर्ण तथा सामाञ्जस्यपूर्ण विकासका लागि बालबालिका एउटा पारिवारिक वातावरण, प्रशन्नता, ममता तथा समझदारीको परिवेशमा हुर्कनुपर्छ भन्ने कुरालाई स्वीकार गर्दै,

बालबालिकालाई विशेष स्याहार पुऱ्याइनुपर्ने आवश्यकता बालअधिकारहरूको सन् १९२४ को जेनेभा घोषणापत्र तथा संयुक्त राष्ट्रसङ्घले २० नोभेम्बर १९५९ मा ग्रहण गरेको बालअधिकारहरूको घोषणापत्रमा उल्लेख गरिएको छ र मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा, नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय (विशेष गरी धारा २३ र २४ मा) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रज्ञापत्र विशेष गरी धारा १० मा) र बालबालिकाको कल्याणसँग विशिष्टिकृत संस्था तथा अन्तर्राष्ट्रिय संस्थाका विधानहरू तथा सम्बद्ध दस्तावेजहरूमा स्वीकार गरिएको कुरालाई हृदयंगम गर्दै,

बालअधिकारको घोषणापत्रमा उल्लेखत गरिएबमोजिम बालकलाई निजको शारीरिक तथा मानसिक अपरिपक्वताको कारणले जन्मनुअघि तथा जन्मेपछि समुचित कानुनी संरक्षणलगायत विशेष संरक्षण र स्याहारको आवश्यकता पर्ने कुरालाई हृदयङ्गम गर्दै,

बालबालिकाका संरक्षण तथा कल्याणसँग सम्बन्धित सामाजिक तथा कानुनी सिद्धान्तहरू, खासगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा बालबालिकाको हेरचाह स्थापना तथा धर्मपुत्रसम्बन्धी घोषणापत्रका किशोर न्यायप्रशासनको लागि संयुक्त राष्ट्रसङ्घीयस्तरीय न्यूनतम नियमहरू 'बेइजिङ्ग नियमहरूका तथा सङ्कटकालीन एवम् सशस्त्र युद्धमा नारी तथा बालबालिकाको संरक्षणसम्बन्धी घोषणापत्रको व्यवस्थाहरूलाई संस्मरण गर्दै,

विश्वका सबै देशहरूमा बालबालिका अपवादजनकरूपमा कठिन अवस्थाहरूमा रहेका र त्यस्ता बालबालिकालाई विशेष ध्यान दिनुपर्ने आवश्यकता भएको कुरालाई स्वीकार गर्दै,

बालबालिकाको संरक्षण तथा सामञ्जस्यपूर्ण विकासका लागि प्रत्येक जनताको परम्परा तथा सांस्कृतिक मूल्यहरूको महत्त्वप्रति उचित ध्यान दिँदै, प्रत्येक देशमा खासगरी विकासशील देशहरूमा बालबालिकाको जीवन-अवस्था सुधारका लागि अन्तर्राष्ट्रिय सहयोगको आवश्यकतालाई स्वीकार गर्दै,

देहायबमोजिम सहमत भएका छन्:

भाग १

धारा १

यस महासन्धिको प्रयोजनका लागि, बालबालिका भन्नाले बालबालिकासम्बन्धी कानुनले पहिले नै साबालक हुन्छ भनी तोकेकोमा बाहेक १८ वर्षभन्दा कम उमेरका प्रत्येक मानवजाति सम्झनुपर्छ।

धारा २

१. पक्षराष्ट्रहरूले आफ्नो क्षेत्राधिकारभित्रका प्रत्येक बालबालिकाको वा निजका बाबुआमाले वा कानुनी संरक्षकको जाति, वर्ण, लिङ्ग भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी यस महासन्धिमा उल्लिखित अधिकारहरूलाई सम्मान तथा सुनिश्चित गर्नेछन्।

२. बालबालिकाका बाबुआमाहरू कानुनी संरक्षक वा परिवारका सदस्यहरूको हैसियत, क्रियाकलाप अभिव्यक्ति धारणाहरू वा आस्थाहरूको आधारमा गरिने सबै किसिमका भेदभाव वा दण्ड सजायबाट बालबालिकाको संरक्षण सुनिश्चित गर्न यस महासन्धिका पक्षराष्ट्रहरूले सबै समुचित उपायहरू अवलम्बन गर्नेछन्।

धारा ३

१. सार्वजनिक वा निजी सामाजिक कल्याणकारी संस्थाहरू, अदालतहरू, प्रशासनिक अधिकारीहरू वा विधायिकी निकायहरू जोसुकैबाट गरिने बालबालिकासँग सम्बन्धित सबै कार्यहरूमा बालबालिकाको सर्वोत्तम हित नै प्राथमिक विचारको कुरा हुनेछ।

२. पक्षराष्ट्रहरूले बालबालिकाका आमाबाबु कानुनी संरक्षक वा कानुनीरूपमा तिनीहरूको जिम्मेवारी लिने अन्य व्यक्तिहरूको अधिकार र कर्तव्यहरूलाई ध्यानमा राख्दै बालकको हितका लागि आवश्यक संरक्षण र स्याहारको व्यवस्था गर्ने प्रतिज्ञा गर्दछन् र यस उद्देश्यको लागि सबै समुचित व्यवस्थापकीय र प्रशासनिक उपायहरू अवलम्बन गर्नेछन्।

३. पक्षराष्ट्रहरूले बालबालिकाको स्याहार वा संरक्षणका लागि जिम्मेवार संस्थाहरू तथा सेवा र सुविधाहरू सक्षम अधिकारीहरूले निर्धारण गरेका मापदण्ड, खासगरी सुरक्षा, स्वास्थ्य, तिनका कर्मचारीहरूको सङ्ख्या र योग्यताका साथै दक्ष सुपरीवेक्षणको क्षेत्रमा, अनुरूप भएको कुरा सुनिश्चित गर्नेछन्।

धारा ४

पक्षराष्ट्रहरूले यस महासन्धिमा स्वीकार गरेका अधिकारहरूको कार्यान्वयनका लागि सबै समुचित व्यवस्थापकीय, प्रशासनिक र अन्य उपायहरू अपनाउनेछन्। आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको सम्बन्धमा पक्षराष्ट्रहरूले आ-आफ्ना स्रोतहरूले भ्याएसम्म र आवश्यक भएको अवस्थामा अन्तर्राष्ट्रिय सहयोगको संरचनाभित्र, बढीभन्दा बढी मात्रामा यस्ता उपायहरू अपनाउनेछन्।

धारा ५

पक्षराष्ट्रहरूले बालबालिकाले यस महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको प्रयोग गर्दा तिनीहरू क्रमिक विकासशील क्षमतासँग मेल खाने किसिमले समुचित निर्देशन र मार्गदर्शन दिनको लागि बालबालिकाका बाबुआमा वा, लागु हुने अवस्थामा, विस्तारित परिवारका वा स्थानीय प्रथाबाट व्यवस्था भएअनुसार समुदायका सदस्यहरू, कानुनी संरक्षक वा बालबालिकाका लागि कानुनीरूपमा जिम्मेवार अन्य व्यक्तिहरूको उत्तरदायित्व, अधिकार र कर्तव्यहरूको सम्मान गर्नेछन्।

धारा ६

१. बाँच्न पाउने प्रत्येक बालकको जन्मसिद्ध अधिकार हो भनी पक्षराष्ट्रहरू स्वीकार गर्छन्।
२. पक्षराष्ट्रहरूले सम्भव अधिकतम हदसम्म बालकको अति जीवन र विकास सुचिश्चित गर्नेछन्।

धारा ७

१. जन्मनासाथ बालबालिकालाई दर्ता गरिनेछ र बालकले जन्मेपछि आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकार पाउनेछन्।
२. पक्षराष्ट्रहरूले आ-आफ्ना राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय लिखतहरूअन्तर्गतको दायित्वअनुसार विशेष गरी बालबालिका राष्ट्रविहीन हुने भएमा माथि उल्लिखित अधिकारहरूको कार्यान्वयन सुनिश्चित गर्नेछन्।

धारा ८

१. पक्षराष्ट्रहरूले कानुनले मान्यता दिएअनुसार बालबालिकाले आफ्ना राष्ट्रियता, नाम र पारिवारिक सम्बन्धलगायत आफ्नो परिचय संरक्षण गर्न पाउने अधिकारलाई गैरकानुनी हस्तक्षेपबिना सम्मान गर्ने प्रतिज्ञा गर्छन्।

२. कुनै बालबालिका निजको आफ्नो परिचयसम्बन्धी कुनै वा सबै तत्वहरूबाट गैरकानुनी ढङ्गले वञ्चित हुन गएमा पक्षराष्ट्रहरूले निजको परिचयको छिटोभन्दा छिटो पुनः स्थापना गर्ने उद्देश्यले समुचित सहयोग र संरक्षण प्रदान गर्नेछन्।

धारा ९

१. बालबालिकाको सर्वोत्तम हितका लागि निजलाई बाबुआमाबाट अलग राख्नु आवश्यक छ भन्ने कुरा सम्बन्धित कानुन र कार्यविधिअनुसार सक्षम अधिकारहरूले न्यायिक पुनरावलोकन हुने गरी निर्धारण गरेमा बाहेक कुनै पनि बालबालिकालाई निजको बाबुआमाको इच्छाविरुद्ध अलग नगरिने कुरा पक्षराष्ट्रहरूले सुनिश्चित गर्नेछन्। यस्तो निर्धारण कुनै खास अवस्था, जस्तै कुनै बालबालिका आफ्ना बाबुआमाबाट उपेक्षित र दुर्व्यवहारको सिकार भएमा वा बाबुआमा अलग्गै बसोबास गरिरहेको र बालबालिकाको बासस्थानको सम्बन्धमा निर्णय गर्नुपर्ने भएमा आवश्यक हुन सक्नेछ।

२. यस धाराको प्रकरण १ मा उल्लेखित कुनै पनि कारबाहीमा, सम्पूर्ण इच्छुक पक्षहरूलाई कारबाहीमा सहभागी हुने र आफ्नो विचार प्रकट गर्ने अवसर प्रदान गरिनेछ।

३. पक्षराष्ट्रहरूले बालबालिकाको सर्वोत्तम हितमा प्रतिकूल असर पर्ने स्थितिमा बाहेक आफ्नो बाबुआमा वा दुवैबाट अलग गरिएका बालबालिकाले बाबुआमासँग नियमितरूपमा व्यक्तिगत सम्पर्क र प्रत्यक्ष भेटघाट गर्न पाउने उनीहरूको अधिकारलाई मान्यता दिनेछन्।

४. कुनै पक्षराष्ट्रद्वारा थालनी गरिएको कुनै कारबाही जस्तै बालबालिकाको वा आमाबाबुमध्ये एक वा दुवैको थुना, कैद, निर्वासन, देश निकाला वा मृत्यु (सो व्यक्ति राष्ट्रहरूको हिरासतमा रहेको बखत कुनै कारणबाट हुन गएको मृत्युसमेत)को कारणबाट त्यस्तो विछोड भएमा त्यस्तो पक्षराष्ट्रले अनुरोध गरिएमा बाबुआमा, बालबालिका वा उपर्युक्त देदिएमा परिवारको कुनै सदस्यलाई बालबालिकाको हितको प्रतिकूल हुने अवस्था भएकोमा परिवारको अनुपस्थिति सदस्यहरूको अवस्थितिसम्बन्धी आवश्यक जानकारी दिनेछ। पक्षराष्ट्रहरूले यस प्रकार गरिएको अनुरोधले आफैमा सम्बन्धित व्यक्तिलाई कुनै प्रतिकूल असर नपर्ने कुरा अझ सुनिश्चित गर्नेछन्।

धारा १०

१. धारा ९ को प्रकरण १ अन्तर्गत पक्षराष्ट्रहरूको दायित्वअनुरूप, पारिवारिक पुन: मिलन उद्देश्यको लागि कुनै बालबालिका वा तिनका बाबुआमाले कुनै राष्ट्रमा प्रवेश गर्न वा कुनै राष्ट्र छाड्नको लागि दिएका निवेदनहरूउपर पक्षराष्ट्रहरू सकारात्मक, मानवीय र शीघ्र किसिमले कारबाही गर्नेछन्। पक्षराष्ट्रहरूले त्यसरी गरिएको अनुरोधले आफैमा निवेदकहरू र उनीहरूका परिवारका सदस्यहरूलाई कुनै प्रतिकूल असर नपार्ने कुरा अझ सुनिश्चित गर्नेछन्।

२. कुनै बालबालिका, जसका बाबुआमा छुट्टाछुट्टै राष्ट्रहरूमा बसेका छन्, लाई अति अपवादजनक परिस्थितिहरूमा बाहेक बाबुआमा दुवैसँग नियमितरूपमा व्यक्तिगत सम्बन्ध राख्न र प्रत्यक्ष भेटघाट गर्न पाउने अधिकार हुनेछ। यस उद्देश्यको लागि र धारा ९ को प्रकरण १ अन्तर्गत पक्षराष्ट्रहरूको दायित्वअनुसार कुनै पनि पक्षराष्ट्रहरूले आफ्नो देशलगायत कुनै पनि देश छाड्न पाउने तथा आफ्नो देशमा प्रवेश गर्न पाउने बालबालिका तथा निजको बाबुआमाको अधिकारलाई सम्मान गर्नेछन्। कुनै पनि देश छोड्न पाउने अधिकार कानुनबमोजिम तोकिएका तथा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकता वा अरुको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षण गर्न आवश्यक एवम् यस महासन्धिमा स्वीकार गरिएका अन्य अधिकारहरूसँग नबाझिने प्रतिबन्धहरूको मात्र अधीनमा रहनेछ।

धारा ११

१. पक्षराष्ट्रहरूले बालबालिकाको विदेशमा अवैध स्थानान्तरण र विदेशबाट नफर्काउने कुराविरुद्ध लड्न पाइला चाल्नेछन्।

२. यस उद्देश्यका लागि पक्षराष्ट्रहरूले द्विपक्षीय वा बहुपक्षीय सन्धिहरू गर्ने वा विद्यमान सन्धिहरूमा सम्मिलन हुने कुराको प्रवर्धन गर्नेछन्।

धारा १२

१. आफ्नो धारणा बनाउने सक्षम बालबालिकालाई आफूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार स्वतन्त्ररूपले व्यक्त गर्न पाउने अधिकार भएको कुराको आश्वासन पक्षराष्ट्रहरूले दिनेछन्, बालबालिकाको उमेर र परिपक्वताअनुसार बालबालिकाको विचारलाई उचित महत्त्व दिइनेछ।

२. यस प्रयोजनका लागि, बालबालिकालाई असर गर्ने कुनै पनि न्यायिक वा प्रशासनिक कारबाहीमा सम्बन्धित राष्ट्रिय कानुनको कार्यविधिबमोजिम प्रत्यक्षरूपमा वा प्रतिनिधिद्वारा वा कुनै उचित निकायद्वारा सुनुवाइ हुने विशेष अवसर प्रदान गरिनेछ।

धारा १३

१. बालबालिकालाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, सीमाको बन्देजबिना मौखिक, लिखित वा मुद्रितरूपमा वा कलाको रूपमा वा बालबालिकाको आफ्नो छनौटको कुनै अन्य माध्यममार्फत सबै मिसिमका सूचना तथा विचारहरू खोज्ने, प्राप्त गर्ने, प्रदान गर्ने स्वतन्त्रता यस अधिकारमा समावेश हुनेछन्।

२. यो अधिकारको प्रयोग निश्चित प्रतिबन्धहरूको अधीनमा हुन सक्नेछ, तर ती प्रतिबन्धहरू त्यस्ता मात्र हुन सक्नेछन् जुन कानुनद्वारा व्यवस्थित गरिएको र देहायका कुराको लागि आवश्यक छन्:

(क) अरुको अधिकार वा प्रतिष्ठाको सम्मान, वा

(ख) राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण।

धारा १४

१. बालबालिकाको विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकारलाई पक्षराष्ट्रहरूले सम्मान गर्नेछन्।

२. बालबालिकाको विकसित हुँदै गरेका क्षमताहरूसँग मेल खाने किसिमले निजको अधिकारको प्रयोगमा बाबुआमा र लागु हुने अवस्थामा कानुनी संरक्षकको बालबालिकालाई निर्देशन दिने अधिकार र कर्तव्यहरूलाई पक्षराष्ट्रहरूले मान्यता दिनेछ दिनेछन्।

३. आफ्नो धर्म र आस्था प्रकट गर्न पाउने स्वतन्त्रतामा कानुनद्वारा तोकिएका र सार्वजनिक सुरक्षा, व्यवस्था, स्वास्थ्य वा नैतिकता वा अरुको मौलिक अधिकार र स्वतन्त्रताहरूको संरक्षण गर्न आवश्यक प्रतिबन्धहरू मात्र लगाउन सकिनेछ।

धारा १५

१. पक्षराष्ट्रहरूले बालबालिकाको सङ्गठन गर्ने र शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको अधिकारहरूको सम्मान गर्नेछन्।

२. यी अधिकारहरूको प्रयोगमा कानुनबमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा वा सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्यग वा नैतिकताको संरक्षण वा अरुको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षणको हितमा आवश्यक प्रतिबन्धहरूबाहेक अन्य कुनै पनि प्रतिबन्धहरू लगाउन पाइने छैन।

धारा १६

१. कुनै पनि बालबालिकाको गोपनियता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैरकानुनी हस्तक्षेप भोग्न लगाइने छैन, न त उनीहरूको प्रतिष्ठा तथा ख्यातिमा गैरकानुनीरूपमा आक्रमण नै भोग्न लगाइनेछ।

२. बालबालिकालाई यस्तो हस्तक्षेप वा आक्रमणको विरुद्ध कानुनी संरक्षण पाउने अधिकार हुनेछ।

धारा १७

पक्षराष्ट्रहरू आमसञ्चार माध्यमले निर्वाह गरेका महत्त्वपूर्ण कार्यलाई मान्यता दिन्छन् र विशेषत: बालबालिकाको सामाजिक, आध्यात्मिक र नैतिक कल्याण तथा शारीरिक एवम् मानसिक स्वास्थ्य प्रवर्धन गर्ने खालका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरूको विविधताबाट पाउने जानकारी र सामग्रीमा बालबालिकाको पहुँच सुनिश्चित गर्नेछन्। यस प्रयोजनका लागि पक्षराष्ट्रहरूले:

(क) आमसञ्चार माध्यमलाई धारा २९ को भावनाअनुरूप तथा बालबालिकाको सामाजिक र सांस्कृतिक हित हुने खालका सूचना र सामग्री प्रचार-प्रसार गर्न प्रोत्साहन दिनेछन्।

(ख) सांस्कृतिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतहरूको विविधताबाट त्यस्ता जानकारी र सामग्रीहरूको उत्पादन, आदान-प्रदान र प्रचार-प्रसारमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन दिनेछन्।

(ग) बाल पुस्तकहरूको उत्पादन र प्रचार-प्रसारलाई प्रोत्साहन दिनेछन्।

(घ) आमसञ्चार माध्यमहरूलाई अल्पसङ्ख्यक समूहका बालबालिका वा आदिवासी बालबालिकाको भाषिक आवश्यकतालाई विशेष ध्यान दिन प्रोत्साहन दिनेछन्।

(ङ) धारा १३ र १८ का प्रावधानहरूलाई ध्यानमा राख्ने बालबालिकाको हितलाई आघात पुऱ्याउने खालका जानकारी तथा सामग्रीबाट निजहरूको संरक्षण गर्नका लागि उपर्युक्त मार्गदर्शनहरूको विकासलाई प्रोत्साहन दिनेछन्।

धारा १८

१. बालबालिकाको पालनपोषण र विकासका लागि बाबुआमा दुवैको साझा उत्तरदायित्व छ भन्ने सिद्धान्तको मान्यता सुनिश्चित गर्न पक्षराष्ट्रहरूले सर्वोत्तम प्रयत्न गर्नेछन्। बालबालिकाको पालनपोषण र विकासका लागि बाबुआमा वा अवस्थाअनुसार कानुनी संरक्षकको प्राथमिक उत्तरदायित्व हुन्छ। बालबालिकाको सर्वोपरी हित नै उनीहरूको आधारभूत चासोको विषय हुनेछ।

२. यस महासन्धिमा व्यवस्था भएका अधिकारहरूको प्रत्याभूति तथा प्रवर्धन गर्ने प्रयोजनको लागि पक्षराष्ट्रहरूले बालबालिकाको पालनपोषणको उत्तरदायित्व पूरा गर्ने कार्यमा बाबुआमा वा कानुनी संरक्षकहरूलाई समुचित सहयोग

पुऱ्याउनेछन् र बालबालिकाको हेरचाहका लागि संस्था, सुविधा र सेवाको विकास सुनिश्चित गर्नेछन्।

३. पक्षराष्ट्रहरूले काममा लागेका बाबुआमाका बालबालिकाले पाउने बाल स्याहार सेवा र सुविधाहरूबाट फाइदा लिन पाउने निजहरूको अधिकार सुनिश्चित गर्न आवश्यक सबै समुचित उपायहरू अपनाउनेछन्।

धारा १९

१. बाबुआमा, कानुनी संरक्षक वा अन्य बालबालिकाको हेरचाह गर्ने व्यक्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिकालाई सबै किसिमको कुनै शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षा वा उपेक्षित व्यवहार, दुर्व्यवहार वा शोषण, यौन दुर्व्यवहारसमेतबाट बालबालिकालाई संरक्षण गर्न पक्षराष्ट्रहरूले सबै समुचित कानुनी, प्रशासनिक, सामाजिक वा शैक्षिक उपायहरू अपनाउनेछन्।

२. यस्ता संरक्षणात्मक उपायहरूमा, उचित भएअनुसार बालबालिकालाई तथा बालबालिकाको हेरचाह गर्ने व्यक्तिहरूलाई आवश्यक सहायता उपलब्ध गराउनको लागि सामाजिक तथा माथि उल्लिखित दुर्व्यवहारका घटनाहरूको रोकथाम, पहिचान, जाहेरी, प्रेषण, अनुसन्धान, व्यवहार वा अनुगमनको लागि समेत र उपर्युक्त भएको अवस्थामा न्यायिक संलग्नताका लागि प्रभावकारी कार्यविधिहरूसमेत समोवश हुनेछन्।

धारा २०

१. आफ्नो परिवारिक वातावरणबाट स्थायी वा अस्थायीरूपमा वञ्चित भएको कुनै पनि बालबालिका वा सो वातावरणमा रहँदा आफ्नो सर्वोत्तम हित हुन नसक्ने बालबालिकालाई राष्ट्रद्वारा प्रदत्त विशेष संरक्षण र सहयोग प्राप्त गर्ने अधिकार हुनेछ।

२. पक्षराष्ट्रहरूले आफ्ना राष्ट्रिय कानुनअनुसार त्यस्ता बालबालिकाको लागि वैकल्पिक हेरचार सुनिश्चित गर्नेछन्।

३. यस्तो हेरचाहमा अन्य कुराका अतिरिक्त बालबालिकाको पालनपद्धति, इस्लामिक कानुनअन्तर्गतको कफाला, धर्मपुत्र वा आवश्यक भएमा बालबालिकाको हेरचाहको लागि उपर्युक्त संस्थाहरूमा भर्ना जस्ता कार्यहरू समावेश हुनेछन्। यस्ता समाधानरूको विचार गर्दा बालबालिकाको पालनपोषणमा निरन्तरताको वाञ्छनीयता जातीय, धार्मिक, सांस्कृतिक तथा भाषिक पृष्ठभूमिलाई उचित ध्यान दिइनेछ।

धारा २१

धर्मपुत्रको व्यवस्थाहरूलाई मान्यता दिने र वा स्वीकृति दिने पक्षराष्ट्रहरूले बालबालिकाको सर्वोत्तम हित नै सर्वोच्च विचार भएको कुरा सुनिश्चित गर्नेछन् र तिनीहरूले,

(क) बालबालिकाको दत्तक ग्रहण गर्ने कानुन र कार्यविधिअनुसार र सम्पूर्ण सान्दर्भिक र भरपर्दो जानकारीको आधारमा बाबुआमा, नातेदार र कानुनी संरक्षकहरूसम्बन्धी बालबालिकको हैसियत दृष्टिगत गरी धर्मपुत्र ग्राह्य भएको र आवश्यक भएमा आवश्यक हुने सरसल्लाहका आधारमा धर्मपुत्रका लागि सम्बन्धित व्यक्तिले जानीकन सहमति दिएको कुरा निर्धारण गर्ने सक्षम अधिकारीहरूबाट मात्र अधिकृत गरिएको कुरा सुनिश्चित गर्नेछन्।

(ख) कुनै बालबालिकालाई पालनपोषण गर्ने वा धर्मपुत्र/पुत्री लिने परिवारमा राख्न नसकिने भएमा वा निजको उत्पत्तिको देशमा निजलाई उपर्युक्त तवरमा हेरचाह गर्न नसकिने भएमा अन्तरदेशीय धर्मपुत्र व्यवस्थालाई बालबालिकाको हेरचाहको एउटा वैकल्पिक उपायको रूपमा लिन सकिने कुरालाई मान्यता दिनेछन्।

(ग) अन्तरदेशीय धर्मपुत्रसँग सम्बन्धित बालबालिकालाई स्वदेशी धर्मपुत्र/पुत्रीको हकमा विद्यमान सुरक्षा तथा स्तरहरू सरहका सुरक्षा तथा स्तरहरू प्राप्त भएको कुरा सुनिश्चित गर्नेछन्।

(घ) अन्तरदेशीय धर्मपुत्र/पुत्रीमा पदस्थापनाबाट यस्तो धर्मपुत्र/पुत्रीमा संलग्न व्यक्तिहरूलाई अनुचित आर्थिक फाइदा नहुने कुरा सुनिश्चित गर्नका लागि सबै समुचित उपायहरू अपनाउनेछन्।

(ङ) द्विपक्षीय वा बहुपक्षीय व्यवस्था वा सम्झौताहरू गरी यस धारामा उल्लेखित उद्देश्यहरू समुचित भएको अवस्थामा प्रवर्धन गर्छन् र यस संरचनाभित्र सक्षम अधिकारी वा निकायहरूबाट अन्य देशमा गरिएको बालबालिकाका पदस्थापना कार्य गरिने कुरा सुनिश्चित गर्न प्रयत्न गर्नेछन्।

धारा २२

१. पक्षराष्ट्रहरूले सम्बन्धित अन्तर्राष्ट्रिय वा राष्ट्रिय कानुन कार्यविधिहरूअनुसार शरणार्थीको हैसियत खोजिरहेको वा शरणार्थी मानिने बालबालिकाले आफ्नो बाबुआमा वा अन्य उसैसँग बसे पनि वा नबसे पनि यस महासन्धिमा ती राष्ट्रहरू पक्ष भएका अन्य अन्तर्राष्ट्रिय मानव अधिकार मानवतावादी दस्तावेजहरूमा उल्लिखित सम्बन्धित अधिकारहरूको प्रयोग गर्दा समुचित संरक्षण मानवतावादी सहयोग प्राप्त गर्ने कुरा सुनिश्चित गर्न समुचित उपायहरू अपनाउनेछन्।

२. यस उद्देश्यको निम्ति पक्षराष्ट्रहरूले बालबालिकाको परिवारसँग पुनः मिलन गराउनको लागि आवश्यक जानकारी प्राप्त गर्न यस्ता बालबालिकालाई संरक्षण

तथा सहयोग गर्न तथा कुनै शरणार्थी बालबालिकाको आमा बाबु वा निजको परिवारका अन्य सदस्यहरू पत्ता लगाउने कार्यमा संयुक्त राष्ट्रसङ्घ तथा संयुक्त राष्ट्रसङ्घलाई सहयोग गर्ने अन्य सक्षम अन्तरसरकारी सङ्गठनहरू वा गैरसरकारी सङ्गठनहरूबा गरिएको कुनै पनि प्रयत्नहरूमा पक्षराष्ट्रहरूले उपर्युक्त ठानेअनुसारको सहयोग प्रदान गर्नेछन्। बाबुआमा वा परिवारका अन्य सदस्यहरू पत्ता नलागेको अवस्थामा यस महासन्धिमा व्यवस्था भएअनुरूप कुनै कारणबाट स्थायी वा अस्थायीरूपमा आफ्ना परिवारिक वातावरणबाट वञ्चित कुनै अन्य बालबालिकाले पाएसरहको समान संरक्षण सो बालबालिकाकालाई दिइनेछ।

धारा २३

१. पक्षराष्ट्रहरूले मानसिक वा शारीरिकरूपले अशक्त बालबालिकाले निजको मर्यादा सुनिश्चित गर्ने स्वावलम्बन अभिवृद्धि गर्ने र आफ्नो समुदायमा निजको सक्रिय सहभागिता सुगम बनाउने अवस्थाहरूमा पूर्ण तथा सुसम्पन्न जीवनयापन गर्नुपर्छ भन्ने कुरा स्वीकार गर्छन्।

२. पक्षराष्ट्रहरू अशक्त बालबालिकाको विशेष हेरचाहको अधिकारलाई स्वीकार गर्छन् र उपलब्ध स्रोतहरूका अधीनमा रही योग्य बालबालिकालाई र निजहरू हेरचाहको लागि जिम्मेवार व्यक्तिहरूलाई आवेदन गरिएको र ती बालबालिकाको अवस्था र निजहरूको बाबुआमा वा हेरचाह गर्ने अन्य व्यक्तिहरूको परिस्थिति अनुकूल सहायता विस्तार गर्ने कार्यलाई प्रोत्साहन दिई सुनिश्चित गर्नेछन्।

३. अशक्त बालबालिकाका विशेष आवश्यकतालाई स्वीकार गर्दै बालबालिकाको स्याहार गर्ने बाबुआमा वा अन्य व्यक्तिहरूको आर्थिक स्रोतलाई ध्यानमा राखी सम्भव भएसम्म यस धाराको प्रकरण २ बमोजिम विस्तार गरिएको सहायता निःशुल्क उपलब्ध गराइनेछ र त्यस्तो सहायता अशक्त बालबालिकाको सांस्कृतिक तथा आध्यात्मिक विकासलगायत निज सम्भव पूर्णरूपमा समाजमा समाहित हुने र निजको व्यक्तिगत विकास हुने तवरबाट शिक्षा, प्रशिक्षण, स्वास्थ्य, स्याहार सेवाहरू, पुनः स्थापना सेवाहरू, रोजगारीको तयारी र मनोरञ्जनका अवसरहरू निजको प्रभावकारी पहुँचमा हुने र निजले प्राप्त गर्ने कुरा सुनिश्चित गर्ने किसिमले व्यवस्था गरिनेछन्।

४. पक्षराष्ट्रहरूले पुनः स्थापन, शिक्षा र व्यवसायिक सेवाहरूका तरिकासम्बन्धी सूचनाहरूको प्रसार गर्ने र प्राप्त गर्नेलगायत अशक्त बालबालिकाको निवारक स्वास्थ्य स्याहार, औषधी उपचार, मनोवैज्ञानिक र कार्यमूलक उपचारको क्षेत्रमा उपर्युक्त जानकारीको आदान-प्रदान गर्ने कुरालाई, पक्षराष्ट्रहरूलाई आफ्नो क्षमता र सीपमा सुधार गर्न र विकास अनुभवलाई विस्तार गर्न सक्षम बनाउने

उद्देश्यले अन्तर्राष्ट्रिय सहयोगको भावनामा अभिवृद्धि गर्नेछन्। यस विषयमा, विकासशील देशहरूको आवश्यकतालाई विशेषरूपमा विचार गरिनेछ।

धारा २४

१. पक्षराष्ट्रहरूले बालबालिकाको स्वास्थ्यको उच्चत्तम प्राप्य स्तरको उपभोग तथा रोगको उपचार गर्न पाउने र स्वास्थ्यको पुन: लाभ गर्न पाउने सुविधाको अधिकारलाई स्वीकार गर्छन्। कुनै पनि बालबालिका यस्तो स्वास्थ्य स्याहार सेवाहरूमा पहुँच पाउने अधिकारबाट वञ्चित नभएको कुरा सुनिश्चित गर्न पक्षराष्ट्रहरूले प्रयत्न गर्नेछन्।

२. पक्षराष्ट्रहरूले यस अधिकारको पूर्ण कार्यान्वयन अवलम्बन गर्नेछन् र विशेषत: निम्नलिखित कुराका लागि समुचित उपायहरू ग्रहण गर्नेछन्:

(क) शिशु तथा बाल मृत्युदर घटाउने,

(ख) प्राथमिक स्वास्थ्य स्याहारको विकासमा जोड दिँदै सम्पूर्ण बालबालिकालाई आवश्यक औषधोपचार, सहयोग र स्वास्थ्य स्याहार उपलब्धता सुनिश्चित गर्ने,

(ग) वातावरणीय प्रदुषणबाट हुने खतरा र जोखिमहरूलाई ध्यानमा राख्ने, प्राथमिक स्वास्थ्य स्याहारको ढाँचाभित्र समेत रही अन्य कुराको अतिरिक्त सहजरूपमा उपलब्ध प्रविधिको प्रयोगद्वारा तथा प्रर्याप्त पोषणयुक्त खाद्यान्न र शुद्ध पिउने पानीको व्यवस्थाद्वारा रोग र कुपोषणको विरुद्ध लड्ने,

(घ) आमाहरूको निम्ति पूर्वप्रसूति तथा प्रसूतिपश्चात्का उचित सेवाहरू सुनिश्चित गर्ने,

(ङ) समाजका सबै क्षेत्रहरू, खासगरी बाबुआमा र बालबालिकाका बाल स्वास्थ्य र पोषणको आधारभूत ज्ञान, स्तनपानको उपयोगिता, सरसफाइ र वातावरणीय स्वच्छताका फाइदाहरू र दुर्घटनाहरूको रोकथामबारे जानकारी दिइएको, सोसम्बन्धी शिक्षामा निजहरूको पहुँच भएको वा यस कार्यमा सहयोग पुऱ्याइएको कुरा सुनिश्चित गर्ने,

(च) बाबुआमाको लागि निरोधक स्वास्थ्य स्याहार, सरसल्लाह र परिवार नियोजन शिक्षा र सेवाहरूको विकास गर्ने।

३. पक्षराष्ट्रहरूले बालबालिकाको स्वास्थ्यलाई हानी पुऱ्याउने खालका परम्परागत व्यवहारहरूको उन्मूलन गर्ने उद्देश्यले सम्पूर्ण प्रभावकारी र समुचित उपायहरू अपनाउनेछन्।

४. पक्षराष्ट्रहरू यस धारामा मान्यता दिइएको अधिकारको पूर्ण प्राप्ति गर्न र प्रगतिशीलरूपमा हासिल गर्न अन्तर्राष्ट्रिय सहयोग प्रवर्धन र प्रोत्साहन गर्ने प्रतिज्ञा गर्छन्। यस विषयमा विकासशील देशहरूको आवश्यकतालाई विशेषरूपमा विचार गरिनेछ।

धारा २५

कुनै बालबालिका, जसलाई निजको हेरचाह, संरक्षण वा शारीरिक वा मानसिक उपचारको उद्देश्यको सक्षम अधिकारीले राखेका छन्, उसलाई उपलब्ध गराइएको उपचार तथा निजको स्थापनासँग सम्बन्धित अन्य सबै परिस्थितिहरूको आवधिक पुनरावलोकन गराउने पाउने अधिकारलाई पक्षराष्ट्रहरू स्वीकार गर्छन्।

धारा २६

१. पक्षराष्ट्रहरूले सामाजिक बिमालगायत सामाजिक सुरक्षाबाट फाइदा लिन पाउने प्रत्येक बालबालिकाको अधिकारलाई स्वीकार गर्नेछन् र आ-आफ्ना राष्ट्रिय कानुनबमोजिम यस अधिकारको पूर्ण प्राप्ति हासिल गर्न आवश्यक उपायहरू अपनाउनेछन्।

२. यस्ता सुविधाहरू, उपर्युक्त भएको अवस्थामा, बालबालिकाको र तिनको पालनपोषणको लागि उत्तरदायी व्यक्तिहरूको स्रोत र परिस्थितिहरूका साथै सुविधाको लागि बालबालिका वा तिनका तर्फबाट गरिएको निवेदनसँग सम्बन्धित अन्य कुनै कुरालाई समेत ध्यानमा राखेर प्रदान गरिनु पर्नेछ।

धारा २७

१. प्रत्येक बालबालिकाको शारीरिक, मानसिक, आध्यामिक, नैतिक र सामाजिक विकासको लागि चाहिने पर्याप्त जीवनस्तरको अधिकारलाई पक्षराष्ट्रहरू स्वीकार गर्दछन्।

२. आफ्नो क्षमता र आर्थिक सक्षमताले भ्याएसम्म बालबालिकाको विकासको लागि आवश्यक जीवनस्तरको व्यवस्था गर्नु बाबुआमा वा बालबालिकाको लागि उत्तरदायी अन्य व्यक्तिहरूको प्राथमिक दायित्व हुन्छ।

३. पक्षराष्ट्रहरूले राष्ट्रिय अवस्थाहरूअनुसार तथा आफ्नो साधनको परिधिभित्र रही यो अधिकारको कार्यान्वयन गर्न बाबुआमा तथा बालबालिकाको लागि पालनपोषण (माना चामल)को असूली सुनिश्चित गर्न सबै समुचित उपायहरू अपनाउनेछन्। विशेषत: बालबालिको लागि आर्थिक दायित्व भएको व्यक्ति बालबालिका बस्ने राष्ट्रमा नभई अन्य कुनै राष्ट्रमा बसेको अवस्थामा पक्षराष्ट्रहरूले अन्तर्राष्ट्रिय सम्झौताहरूको सम्मिलन वा त्यस्ता सम्झौताहरू गर्ने कार्य एवम् अन्य समुचित प्रबन्धहरू गर्ने कार्यलाई प्रवर्धन गर्नेछन्।

धारा २८

१. बालबालिकाको शिक्षाको अधिकारलाई पक्षराष्ट्रहरू स्वीकार गर्छन् र प्रगतिशीलरूपमा तथा समान अवसरको आधारमा यस अधिकारको प्राप्ति गर्ने र उद्देश्यले विशेष गरी देहायका कार्य गर्नेछन्:

(क) प्राथमिक शिक्षालाई अनिवार्य गर्ने र सबैलाई नि:शुल्क उपलब्ध गराउने,

(ख) साधारण तथा व्यावसायिक शिक्षालगायत विविध प्रकारका माध्यमिक शिक्षाको विकासलाई प्रोत्साहित गर्ने, प्रत्येक बालबालिकालाई त्यस्तो शिक्षा उपलब्ध गराउने र पुऱ्याउने, तथा नि:शुल्क शिक्षाको प्रयोग गर्ने र आवश्यक भएमा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता समुचित उपायहरू अपनाउने,

(ग) उच्च शिक्षालाई प्रत्येक समुचित माध्यमहरूद्वारा क्षमताको आधारमा सबैको निम्ति पहुँचयोग्य बनाउने,

(घ) शैक्षिक र व्यवसायिक जानकारी र मार्गदर्शन सम्पूर्ण बालबालिकालाई उपलब्ध आधारमा गराउने र पहुँच योग्य बनाउने,

(ङ) विद्यालयहरूमा नियमित हाजिरीलाई प्रोत्साहित गर्न तथा पढाइ छोड्नेहरूको सङ्ख्या घटाउने उपायहरू अपनाउने।

२. बालबालिकाको मानवीय मर्यादा अनुकूल हुने गरी र यस महासन्धिअनुरूप विद्यालय अनुशासन कायम गरिएको कुरा सुनिश्चित गर्न पक्षराष्ट्रहरूले सबै समुचित उपायहरू अपनाउनेछन्।

३. पक्षराष्ट्रहरूले शिक्षासम्बन्धी कुरामा, खासगरी विश्वबाटै अज्ञानता र निरक्षरता उन्मूलन गर्ने उद्देश्यले र वैज्ञानिक तथा प्राविधिक ज्ञान र आधुनिक शिक्षण तरिकाहरूमा पहुँच सुगम बनाउने उद्देश्यले अन्तर्राष्ट्रिय सहयोग प्रवर्द्धन तथा प्रोत्साहन गर्नेछन्। यस सम्बन्धमा विकासशील देशहरूको आवश्यकतालाई विशेष ध्यान दिइनेछ।

धारा २९

१. पक्षराष्ट्रहरू बालबालिकाको शिक्षा निम्न कुरातर्फ निर्देशित हुनुपर्ने कुरा स्वीकार गर्छन्।

(क) बालबालिकाको व्यक्तित्व, योग्यता, मानसिक र शारीरिक सक्षमताहरूको उच्चतम सम्भाव्य हदसम्मको विकास,

(ख) मानव अधिकार र मौलिक स्वतन्त्रताहरू तथा संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उल्लेखित सिद्धान्तहरू प्रतिको आदर भावको विकास,

(ग) बालबालिकाको बाबुआमाप्रति, उसको आफ्नो सांस्कृतिक पहिचान, भाषा, मूल्यहरूप्रति, बालबालिका बसेको देशको राष्ट्रिय मुल्यहरूप्रति, निज उत्पत्ति भएको देशप्रति र निजको भन्दा भिन्न सभ्यताहरूप्रतिको आदर भावको विकास,

(घ) स्वतन्त्र समाजमा, सबै जनताहरू, जाति, राष्ट्रिय र धार्मिक समुदायहरू र आदिवासी मूलका मानिसहरूबीच समझदारी, शान्ति, सहिष्णुता, लैङ्गिक समानता र मित्रताको भावनामा उत्तरदायित्वपूर्ण जीवनको लागि बालबालिकाको तयारी,

(ङ) प्राकृतिक वातावरणप्रति सम्मान गर्ने भावनाको विकास।

२. यस धाराको प्रकरण १ मा उल्लिखित सिद्धान्तहरूको पालनाको तथा यस्ता संस्थाहरूमा दिइने शिक्षा पक्षराष्ट्रहरूले निर्धारण गरेको न्यूनतम मापदण्डहरूअनुरूप हुनुपर्ने आवश्यकताको सदैव अधीनमा रहने गरी शैक्षिक संस्थाहरूको स्थापना तथा निर्देशित गर्ने व्यक्ति वा निकायहरूको स्वतन्त्रतालाई हस्तक्षेप गर्ने गरी यस धाराको तथा धारा २८ को कुनै पनि अंशको व्याख्या गरिने छैन।

धारा ३०

सामाजिक, धार्मिक वा भाषिक अल्पसङ्ख्यकहरू विद्यमान रहेका राष्ट्रहरूमा त्यस्तो अल्पसङ्ख्यकहरूका बालबालिकालाई आफ्ना समूहका अन्य सदस्यहरूसँग मिलेर आफ्नो संस्कृतिको उपभोग गर्ने, आफ्नो धर्मको अवलम्बन तथा अभ्यास गर्ने वा आफ्नै भाषा प्रयोग गर्ने अधिकारबाट वञ्चित गरिने छैन।

धारा ३१

१. आराम गर्ने र फुर्सद लिन पाउने, आफ्नो उमेर सुहाउँदो खेल र मनोरञ्जनपूर्ण क्रियाकलापहरूमा संलग्न हुन पाउने र सांस्कृतिक जीवन तथा कलामा स्वतन्त्ररूपले सहभागी हुन पाउने बालबालिकाको अधिकारलाई पक्षराष्ट्रहरू स्वीकार गर्छन्।

२. पक्षराष्ट्रहरूले सांस्कृतिक र कलात्मक जीवनमा पूर्णरूपले भाग लिन पाउने बालबालिकाको अधिकारलाई सम्मान र प्रवर्धन गर्नेछन् र सांस्कृतिक, कलात्मक, मनोरञ्जनात्मक र फुर्सदसम्बन्धी क्रियाकलापहरूको लागि समुचित र समान अवसरहरू प्रदान गर्ने व्यवस्थालाई प्रोत्साहन दिनेछन्।

धारा ३२

१. आर्थिक शोषणबाट र जोखिमपूर्ण हुने वा आफ्नो शिक्षामा दखल पुऱ्याउने वा आफ्नो स्वास्थ्य शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानिकारक हुन सक्ने कुनै कार्यबाट संरक्षण पाउने बालबालिकाको अधिकारलाई पक्षराष्ट्रहरू स्वीकार गर्छन्।

२. पक्षराष्ट्रहरूले यस धाराको कार्यान्वयनलाई सुनिश्चित गर्न व्यवस्थापकीय, प्रशासनिक, सामाजिक शैक्षिक उपायहरू अपनाउनेछन्। यस प्रयोजनको लागि तथा अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूका सम्बन्धित प्रावधानहरूलाई ध्यानमा राख्ने पक्षराष्ट्रहरूले खासगरी देहायका कार्यहरू गर्नेछन्:

(क) रोजगारीमा प्रवेश गर्न न्यूनतम उमेर वा न्यूनतम उमेरहरूको हद तोक्ने व्यवस्था गर्ने,
(ख) रोजगारीको समय र अवस्थाहरूको समुचित नियमहरूको व्यवस्था गर्ने,
(ग) यस धाराको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न उपर्युक्त दण्ड वा अन्य बन्देजहरूको व्यवस्था गर्ने,

धारा ३३

पक्षराष्ट्र सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिहरूमा परिभाषा गरिएबमोजिम लागुऔषधी तथा मनोद्विपक पदार्थहरूको गैरकानुनी प्रयोगबाट बालबालिकालाई संरक्षण गर्न तथा त्यस्ता पदार्थहरूको गैरकानुनी उत्पादन र ओसार-पसारमा बालबालिकाको प्रयोगमा रोक लगाउनको लागि व्यवस्थापकीय प्रशासनिक, सामाजिक तथा शैक्षिक उपायहरूलगायत सम्पूर्ण समुचित उपायहरू अपनाउनेछन्।

धारा ३४

पक्षराष्ट्रहरूले बालबालिकालाई सबै खालको यौन शोषण र यौन दुर्व्यवहारबाट संरक्षण गर्ने प्रतिज्ञा गर्छन्। यी प्रयोजनहरूका लागि, पक्षराष्ट्रहरूले खासगरी निम्न कुराहरूमा रोक लगाउन सबै समुचित राष्ट्रिय, द्विपक्षीय उपायहरू अपनाउनेछन्:
(क) कुनै गैरकानुनी यौन क्रियाकलापमा लागन बालबालिकालाई उक्साउने वा दबाब दिने,
(ख) वेश्यावृत्ति र अन्य गैरकानुनी यौनव्यवहारमा बालबालिकाको शोषणयुक्त प्रयोग,
(ग) अश्लील चित्रणको कार्यमा वा सामग्रीहरूमा बालबालिकाको शोषणयुक्त प्रयोग।

धारा ३५

पक्षराष्ट्रहरूले कुनै पनि उद्देश्यको लागि वा कुनै पनि रूपमा बालबालिकाको अपहरण, बेचबिखन वा ओसार-पसारमा रोक लगाउन समुचित सबै राष्ट्रिय, द्विपक्षीय र बहुपक्षीय उपायहरू अपनाउनेछन्।

धारा ३६

पक्षराष्ट्रहरूले बालबालिकाको हितका कुनै पक्षलाई दुराग्रह पार्ने सबै प्रकारका शोषणबाट बालबालिकालाई संरक्षण गर्नेछन्।

धारा ३७

पक्षराष्ट्रहरू सुनिश्चित गर्दछन् कि:
(क) कुनै पनि बालबालिकालाई यातना दिइने वा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। न त अठार वर्षभन्दा कम उमेरका

व्यक्तिहरूद्वारा गरिएका कसूरहरूका लागि मृत्युदण्डको सजाय वा रिहाई पाउने सम्भावनाबिनाको आजीवन कारवासको सजाय नै दिइनेछ।

(ख) गैरकानुनी वा स्वेच्छाचारी तवरले कुनै पनि बालबालिकाको स्वतन्त्रता अपहरण गरिने छैन। बालबालिकाको गिरफ्तारी, थुना वा कैद कानुनअनुरूप हुनेछ र अन्तिम उपायको रूपमा र सबभन्दा कम समुचित समयावधिको लागि मात्र प्रयोग गरिनेछ।

(ग) स्वतन्त्रताको अपहरण गरिएको प्रत्येक बालबालिकालाई मानवीयता र मानव व्यक्तिको अन्तर्निहित मर्यादाको आदर गरी तथा निजका उमेरका व्यक्तिहरूको आवश्यकतालाई ध्यानमा राख्ने तवरले व्यवहार गरिनेछ। खासगरी, स्वतन्त्रताको अपहरण गरिएका प्रत्येक बालबालिकालाई निजको सर्वोपरी हितको दृष्टिबाट अन्यथा आवश्यक भएमा बाहेक वयस्क व्यक्तिहरूबाट अलग्गै राखिनेछ र अपवादजनक परिस्थितिहरूमा बाहेक निजलाई पत्राचार र भेटघाटको माध्यमबाट आफ्ना परिवारसँग सम्पर्क राख्ने अधिकार हुनेछ।

(घ) स्वतन्त्रताको अपहरण गरिएका प्रत्येक बालबालिकालाई कुनै अदालत वा अन्य सक्षम, स्वतन्त्र र निष्पक्ष निकायसमक्ष आफ्नो स्वतन्त्रता अपहरणको बैधताको बारेमा उजुरी दिने र त्यस्तो उजुरीमा शीघ्र निर्णय पाउने अधिकारलगायत कानुनी वा अन्य समुचित सहायतामा शीघ्र पहुँच पाउने अधिकार हुनेछ।

धारा ३८

१. पक्षराष्ट्रहरू सशस्त्र सङ्घर्षका सम्बन्धमा आफूहरूउपर लागु हुने बालबालिकासँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवीय कानुनका नियमहरूको आदर गर्ने र आदर सुनिश्चित गर्ने प्रतिज्ञा गर्छन्।

२. पक्षराष्ट्रहरूले १५ वर्षको उमेर नपुगेका व्यक्तिहरूले युद्धमा प्रत्यक्ष भाग नलिने कुरा सुनिश्चित गर्न सबै सम्भव उपायहरू अपनाउनेछन्।

३. पक्षराष्ट्रहरूले १५ वर्षको उमेर नपुगेका कुनै पनि व्यक्तिलाई आफ्ना सशस्त्र सेनामा भर्ना गर्ने छैनन्। १५ वर्ष उमेर पुगेका तर १८ वर्षको उमेर नपुगेका व्यक्तिहरूमध्येबाट भर्ना गर्दा पक्षराष्ट्रहरूले बढी उमेरका व्यक्तिहरूलाई प्राथमिकता दिन प्रयत्न गर्नेछन्।

४. सशस्त्र सङ्घर्षहरूमा गैरसैनिक व्यक्तिहरूलाई रक्षा गर्ने अन्तर्राष्ट्रिय मानवीय कानुनअन्तर्गत आफ्नो दायित्वअनुसार, पक्षराष्ट्रहरूले सशस्त्र सङ्घर्षबाट प्रभावित बालबालिकाको संरक्षण हेरचाह सुनिश्चित गर्न सबै सम्भव उपायहरू अपनाउनेछन्।

धारा ३९

पक्षराष्ट्रहरूले कुनै पनि प्रकारको उपेक्षा, शोषण अथवा दुर्व्यवहार, यातना वा अन्य कुनै पनि प्रकारको क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय, वा सशस्त्र सङ्घर्षबाट पीडित कुनै बालबालिकाको शारीरिक तथा मनोवैज्ञानिक पुनः लाभ र सामाजिक पुनः स्थापना प्रवर्धन गर्न सबै समुचित उपायहरू अपनाउनेछन्। यस्तो पुनः लाभ र पुनः स्थापना त्यस्तो बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र मर्यादा सम्बर्द्धन गर्ने वातावरणमा हुनेछ।

धारा ४०

१. पक्षराष्ट्रहरूले फौजदारी कानुनको उल्लङ्घन गरेको आरोप लागेको वा सोको अभियुक्त वा सो कार्य गरेको भनी मानिएका बालबालिकालाई निजको मर्यादा र महत्त्वको भावनालाई सम्बर्द्धन गर्ने किसिमबाट तिनीहरूको मनमा अरुको मानव अधिकार र मौलिक स्वतन्त्रताहरूप्रतिको आदर पुनः जागरण हुने एवम् पुनः स्थापना तथा समाजमा तिनको सिर्जनात्मक भूमिकाको सम्बर्द्धन हुने वाञ्छनीयतालाई ध्यानमा राखी व्यवहार गर्नु पर्नेछ।

२. यस उद्देश्यको लागि तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूका सम्बन्धित व्यवस्थाहरूलाई ध्यानमा राख्दै पक्षराष्ट्रहरूले खासगरी देहायका कुरा सुनिश्चित गर्नेछन्:

(क) कुनै कार्य गरेको समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनद्वारा निषेध नगरिएका त्यस्ता कार्य गरेको वा नगरेको कारणबाट मात्र कुनै पनि बालबालिकालाई फौजदारी कानुन उल्लङ्घन गरेको आरोप लगाइने वा अभियुक्त बनाइने वा निजले उल्लङ्घन गरेको आरोप लगाइने वा अभियुक्त बनाइने वा निजले उल्लङ्घन गरेको मानिने छैन।

(ख) फौजदारी कानुनको उल्लङ्घन गरेको आरोप लागेको वा सोको लागि अभियुक्त बनाइएको कुनै पनि बालबालिकालाई कम्तिमा पनि देहायका प्रत्याभूतिहरू दिइनेछ:

(१) कानुनबमोजिम दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने,

(२) आफूविरुद्ध लगाइएको अभियोगको तुरुन्त र प्रत्यक्षरूपमा र उपर्युक्त भएमा आफ्नो बाबुआमा वा कानुनी संरक्षकमार्फत जानकारी पाउने तथा आफ्नो प्रतिरक्षाको तयारी र प्रस्तुतिमा कानुन वा अन्य समुचित सहयोग पाउने,

(३) कानुनी वा अन्य उचित सहायता दिने व्यक्तिको उपस्थितिमा र निजको उमेर वा अवस्थाको विचार गर्दा बालबालिकाको अधिकतम हितको विपरीत नहुने ठानिएमा खासगरी निजका बाबुआमा वा कानुनी संरक्षकको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक निकायबाट कुनै विलम्बबिना कानुनबमोजिम स्वच्छ सुनुवाइ गरी सो कुराको निर्धारण गरी पाउने,

(४) प्रमाण दिन वा अपराध स्वीकार गर्न कर नलगाइने, आफूविरुद्धका साक्षीहरू परीक्षण गर्ने वा गर्न लगाउने र आफ्नो पक्षका साक्षीहरूलाई समान अवस्थाअन्तर्गत उपस्थित गराई परीक्षण गराई पाउने,

(५) फौजदारी कानुनको उल्लङ्घन गरिएको ठहरिएमा सो फैसला र त्यसको परिणामस्वरूप लगाइएका कुनै पनि कार्यका सक्षम, स्वतन्त्र र निष्पक्ष उपल्लो निकाय वा न्यायिक संस्थाबाट कानुनबमोजिम पुनरावलोकन गराई पाउने,

(६) प्रयोग गरिएको भाषा बालबालिकाले बुझ्न नसक्ने वा बोल्न नसक्ने रहेछ भने दोभाषेको निःशुल्क सहयोग पाउने,

(७) कारबाहीका सबै तहहरूमा आफ्नो गोपनियताको पूर्ण सम्मान पाउने,

३. पक्षराष्ट्रहरूले फौजदारी कानुन उल्लङ्घन गरेको भनी दोष लगाइएका, अभियुक्त बनाइएका वा उल्लङ्घन गरेको मानिएका बालबालिकाका लागि विशेषरूपमा लागु हुने खालका कानुनहरू, कार्यविधिहरू, निकायहरू र संस्थाहरूको स्थापना प्रवर्धन गर्ने प्रयास गर्नेछन्। र, विशेषतः निम्न कुराहरूको प्रयत्न गर्नेछन्:

(क) न्यूनतम उमेरको हदको स्थापना, जुन उमेरभन्दा कम उमेरका बालबालिकाको फौजदारी कानुन उल्लङ्घन गर्न सक्ने क्षमता हुँदैन भनी अनुमान गरिनेछ।

(ख) समुचित र वाञ्छनीय भएको कुनै पनि अवस्थामा यस्ता बालबालिकाका सम्बन्धमा न्यायिक कारबाही नगरी अन्य कार्य गर्ने उपायहरू, तर मानव अधिकार र कानुनी सुरक्षाहरूलाई पूर्णरूपमा सम्मान गर्नुपर्नेछ।

४. बालबालिकाको हितको अनुकूल हुने गरी तथा निजहरूको परिस्थिति र कसूर दुवैमा समुचित हुने गरी निजहरूसँग व्यवहार गर्ने कुरा सुनिश्चित गर्न विभिन्न प्रकारका कुराहरू जस्तैः हेरचाह, मार्गदर्शन र निरीक्षणसम्बन्धी आदेशहरू, सरसल्लाह, परीक्षण, स्याहार सम्बर्द्धन, शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमहरू तथा संस्थागत हेरचाहका अन्य विकल्पहरू उपलब्ध हुनेछन्।

धारा ४१

बालअधिकारहरूलाई साकार तुल्याउन बढी उपयोगी हुने कुनै पनि व्यवस्थाहरूलाई यस महासन्धिको कुनै पनि कुराले असर पार्ने छैन र त्यस्ता व्यवस्थाहरू देहायका कुरामा निहित हुन सक्नेछन्:

(क) कुनै पक्षराष्ट्रहरूको कानुन वा,

(ख) त्यस राष्ट्रहरूको निम्ति लागु हुने अन्तर्राष्ट्रिय कानुन।

भाग २

धारा ४२

पक्षराष्ट्रहरूले महासन्धिका सिद्धान्तहरू र व्यवस्थाहरूलाई विस्तृतरूपले वयस्कहरू तथा बालबालिकाको जानकारीमा उचित र सक्रिय माध्यमद्वारा समानरूपले ल्याउने प्रतिज्ञा गर्छन्।

धारा ४३

१. यस महासन्धिमा कबूल गरिएका दायित्वहरूको प्राप्तिमा पक्षराष्ट्रहरूले हासिल गरेको प्रगतिको जाँच परीक्षण गर्ने उद्देश्यका लागि बालअधिकारसम्बन्धी समितिको स्थापना गरिनेछ, जसले यसपछि व्यवस्था गरिएका कार्यहरू गर्नेछ।

२. समितिमा उच्च नैतिक मर्यादा भएका र यस महासन्धिमा समेटिएका क्षेत्रमा दक्षता स्वीकार गरिएका दश जना विशेषज्ञहरू रहनेछन् र समितिका सदस्यहरू समानुपातिक भौगोलिक वितरण एवम् प्रमुख कानुनी प्रणालीको प्रतिनिधित्व हुने गरी पक्षराष्ट्रहरूले आ-आफ्ना नागरिकहरूमध्येबाट निर्वाचित गर्नेछन् र सदस्यहरूले आ-आफ्नो व्यक्तिगत हैसियत कार्य गर्नेछन्।

३. पक्षराष्ट्रहरूद्वारा मनोनित व्यक्तिहरूको सूत्रबाट गोप्य मतदानको तरिकाबाट समितिका सदस्यहरू निर्वाचित हुनेछन्। प्रत्येक पक्षराष्ट्रहरूले आफ्ना नागरिकहरूमध्येबाट एकजना व्यक्ति मनोनित गर्न सक्नेछ।

४. यो महासन्धि लागु भएको मितिले छ महिनाभित्रै र त्यसपछि हरेक दोस्रो वर्षमा समितिको प्रारम्भिक निर्वाचन हुनेछ। प्रत्येक निर्वाचन हुने मितिभन्दा कम्तिमा चार महिना अगावै संयुक्त राष्ट्रसङ्घका महासचिवले पक्षराष्ट्रहरूलाई दुई महिनाभित्रमा आ-आफ्ना मनोनयनपत्रहरू दाखिला गरेर आह्वान गर्दै पत्र पठाउनेछन्। तत्पश्चात् महासचिवले मनोनित गर्ने पक्षराष्ट्रहरूको नाम उल्लेख गरी सम्पूर्ण मनोनित सदस्यहरको वर्णानुक्रमअनुसारको नामावली तयार पार्नेछन् र उक्त नामावली यस महासन्धिका पक्षराष्ट्रहरूसमक्ष पेश गर्नेछन्।

५. संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा महासचिवद्वारा आयोजित पक्षराष्ट्रहरूका बैठकमा निर्वाचन हुनेछ। यस्तो बैठकको लागि दुई तिहाई पक्षराष्ट्रहरूको उपस्थितिलाई गणपूरक सङ्ख्या पुगेको मानिनेछ। बैठकमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूको प्रतिनिधिहरूको स्पष्ट बहुमत प्राप्त गरी सबैभन्दा बढी मत पाउने व्यक्तिहरू नै समितिको सदस्यमा निर्वाचित भएको मानिनेछन्।

६. समितिका सदस्यहरू चार वर्षको अवधिको लागि निर्वाचित हुनेछन्। पुनः मनोनित भएको खण्डमा उनीहरू पुनः निर्वाचनको लागि योग्य हुनेछन्। पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरूमध्ये पाँचजना सदस्यहरूको पदावधि दुई वर्षमा

समाप्त हुनेछ। पहिलो निर्वाचन भएको लगत्तै पछि ती पाँचजना सदस्यहरूको नाम बैठकको अध्यक्षले गोला प्रथाद्वारा छुट्याउनेछन्।

७. समितिको कुनै सदस्यको मृत्यु भएमा वा निजले राजीनामा दिएमा वा अन्य कुनै कारणले गर्दा निजले समितिको कार्य गर्न नसक्ने भनी घोषणा गरेमा निजको मनोनयन गर्ने पक्षराष्ट्रले आफ्ना नागरिकहरूमध्येबाट अर्को एक जना विशेषज्ञलाई बाँकी पदावधिभर सेवा गर्नको निमित्त समितिको स्वीकृतिको अधीनमा रहने गरी मनोनित गर्नेछ।

८. समितिले आफ्नो कार्यविधिसम्बन्धी नियमहरू आफै निर्धारण गर्नेछ।

९. समितिले दुई वर्षका अवधिको लागि आफ्ना अधिकृतहरू निर्वाचित गर्नेछ।

१०. समितिका बैठकहरू सामान्यत: संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा वा समितिले नै निर्धारण गरेबमोजिमको अन्य कुनै सुविधाजनक स्थानमा बस्नेछन्। समितिको बैठक सामान्यत: वार्षिकरूपमा बस्नेछ। समितिका बैठकहरूको अवधि महासभाको स्वीकृतिको अधीनमा रहने गरी यी महासन्धिका क्षराष्ट्रहरूको बैठकबाट निर्धारण गरिने र आवश्यकताअनुसार पुरावलोकन गरिनेछ।

११. यस महासन्धिअन्तर्गतको समितिका कार्यहरूको प्रभावकारी कार्यान्वयनको लागि संयुक्त राष्ट्रसङ्घका महासचिवले आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउनेछन्।

१२. महासभाको स्वीकृतिबाट, यस महासन्धिअन्तर्गत गठित समितिका सदस्यहरूले महासभाद्वारा निर्णय गरिएका शर्त र अवस्थाहरूअनुसार संयुक्त राष्ट्रसङ्घको स्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन्।

धारा ४४

१. पक्षराष्ट्रहरूले महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको कार्यान्वयन गर्नका लागि आफूले अपनाएको उपायहरू तथा ती अधिकारको उपभोगमा हासिल गरिएको प्रगतिसम्बन्धी प्रतिवेदनहरू देहायको अवधिमा संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत समितिमा पेश गर्ने कबूल गर्दछन्:

(क) सम्बन्धित पक्षराष्ट्रको हकमा महासन्धि लागु भएको मितिले दुई वर्षभित्र,

(ख) त्यसपछि प्रत्येक पाँच वर्षमा।

२. यस महासन्धिअन्तर्गतका दायित्वहरूको परिपूर्तिको मात्रालाई प्रभाव पार्ने कुनै कारक र कठिनाइहरू भए त्यस्ता कारक र कठिनाइहरू यस धाराअन्तर्गत गरिने प्रतिवेदनहरूमा इङ्गित गरिने छ। प्रतिवेदनहरूमा समितिलाई सम्बन्धित देशमा महासन्धिको कार्यान्वयनसम्बन्धी विस्तृत ज्ञान प्रदान गर्ने पर्याप्त जानकारी समेत समावेश गरिएको हुनु पर्नेछ।

३. समितिलाई विस्तृत प्रारम्भिक प्रतिवेदन पेश गरेको पक्षराष्ट्रले पहिले नै उपलब्ध गराइसकेको आधारभूत जानकारी प्रकरण १(ख) अनुसार पेश गरिने पछिका प्रतिवेदनहरूमा दोहोऱ्याई राख्न आवश्यक छैन।

४. समितिले महासन्धिको कार्यान्वयनसँग सम्बन्धित थप जानकारीको लागि पक्षराष्ट्रहरूलाई अनुरोध गर्न सक्नेछ।

५. समितिले आफ्ना क्रियाकलापहरूसम्बन्धी प्रतिवदेनहरू प्रत्येक दुई वर्षमा आर्थिक तथा सामाजिक परिषद्मार्फत संयुक्त राष्ट्रसङ्घको महासभामा पेश गर्नेछ।

६. पक्षराष्ट्रहरूले आफ्ना प्रतिवेदनहरू आफ्नो देशमा सर्वसाधारण जनतालाई व्यापकरूपमा उपलब्ध गराउनेछन्।

धारा ४५

महासन्धिको प्रभावकारी कार्यान्वयनलाई सम्बर्द्धन गर्न तथा महासन्धिले समेटेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोगलाई प्रोत्साहन गर्न:

(क) विशिष्टिकृत संस्थाहरू संयुक्त राष्ट्रसङ्घीय बालकोष र संयुक्त राष्ट्रसङ्घका अन्य अङ्गहरूलाई आ-आफ्नो कार्य क्षेत्रभित्र पर्न आउने यस महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनका सम्बन्धमा विचार विमर्श गरिँदा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ। समितिले उपर्युक्त ठानेमा विशिष्टिकृत संस्थाहरू, संयुक्त राष्ट्रसङ्घीय बालकोष तथा अन्य सक्षम निकायहरूलाई तिनीहरूको आ-आफ्नो कार्य क्षेत्रभित्र पर्ने विषयहरूमा यो महासन्धिको कार्यान्वयनमा विशेषज्ञ सल्लाह प्रदान गर्न आमन्त्रण गर्न सक्नेछ। समितिले विशिष्टिकृत संस्थाहरू, संयुक्त राष्ट्रसङ्घीय बालकोष तथा अन्य कार्यान्वयनमा विशेषज्ञ सल्लाह प्रदान गर्न आमन्त्रण गर्न सक्नेछ। समितिले विशिष्टिकृत संस्थाहरू, संयुक्त राष्ट्रसङ्घीय बालकोष तथा अन्य संयुक्त राष्ट्रसङ्घीय अङ्गहरूलाई तिनीहरूको कार्य क्षेत्रभित्र पर्ने विषयहरूमा यस महासन्धिको कार्यान्वयनका सम्बन्धमा प्रतिवेदनहरू पेश गर्न आमन्त्रण गर्न सक्नेछ।

(ख) समितिले आफूलाई उपर्युक्त लागेको खण्डमा पक्षराष्ट्रहरूबाट प्राप्त कुनै प्रतिवेदनहरू जसमा प्राविधिक सहयोग वा सल्लाहको लागि अनुरोध गरिएको छ वा सो कुराको आवश्यकता दर्शाइएको छ, तथा यस्ता अनुरोध तथा सङ्केतहरूको सम्बन्धमा आफ्नो कुनै विचार र सुझावहरू भएमा सो सहित विशिष्टिकृत संस्थाहरू, संयुक्त राष्ट्रसङ्घीय बोलकोष र अन्य सक्षम निकायहरूलाई पठाउनेछ।

(ग) समितिले बालअधिकारसँग सम्बन्धित खास विषयहरूका सम्बन्धमा आफ्नो तर्फबाट अध्ययन गर्न महासचिवलाई अनुरोध गर्न महासभालाई सिफारिस गर्न सक्नेछ।

(घ) महासन्धिका धारा ४४ र ४५ अनुरूप प्राप्त हुन आएको जानकारीको आधारमा समितिले सुझावहरू र सामान्य सिफारिसहरू प्रस्तुत गर्न सक्नेछ। यस्ता सुझावहरू र सामान्य सिफारिसहरू सम्बन्धित पक्षराष्ट्रहरूलाई पठाइनेछ र पक्षराष्ट्रहरूबाट कुनै टिप्पणी आएको भए सोसमेत संलग्न गरी महासभामा प्रस्तुत गरिनेछ।

भाग ३

धारा ४६

यो महासन्धि सबै राष्ट्रहरूबाट हस्ताक्षर हुनको लागि खुला रहनेछ।

धारा ४७

यस महासन्धिलाई अनुमोदन गर्नु पर्नेछ। अनुमोदनका लिखितहरू संयुक्त राष्ट्रसङ्घका महासन्धिसमक्ष दाखिला गरिनेछ।

धारा ४८

यो महासन्धि कुनै पनि राष्ट्रबाट सम्मिलनको लागि खुला रहनेछ। सम्मिलनका लिखतहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिनेछ।

धारा ४९

१. यो महासन्धि अनुमोदन वा सम्मिलन गर्ने बीसौँ लिखत संयुक्त राष्ट्रसङ्घका महासचिव कहाँ दाखिला भएको मितिले तीसौँ दिनदेखि यो महासन्धि लागु हुनेछ।
२. यो महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने बीसौँ लिखित दाखिला भइसकेपछि यस महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेका मितिले तीसौँ दिनेदेखि यो महासन्धि लागु हुनेछ।

धारा ५०

१. कुनै पनि पक्षराष्ट्रले संशोधनको प्रस्ताव गर्न र त्यसलाई संयुक्त राष्ट्रसङ्घको महासचिवसमक्ष दर्ता गर्न सक्नेछ। त्यसपछि महासचिवले पक्षराष्ट्रहरूलाई ती प्रस्तावहरूउपर विचार गर्न र मतदान गर्न उनीहरू पक्षराष्ट्रहरूको सम्मेलनको पक्षमा भएको नभएको कुरा उनलाई सङ्केत गर्ने गराइएको मितिले चार महिनाभित्र कम्तिमा एक तिहाई पक्षराष्ट्रहरू यस्तो सम्मेलनको पक्षमा भएको खण्डमा महासचिवले संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा सम्मिलनको आयोजना

गर्नेछन्। सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूको बहुमतबाट ग्रहण गरिएको कुनै संशोधनलाई अनुमोदनको लागि संयुक्त राष्ट्रसङ्घको साधारण सभामा पेश गरिनेछ।

२. यस धाराको प्रकरण १ बमोजिम ग्रहण गरिएको संशोधन संयुक्त राष्ट्रसङ्घको साधारण सभाको अनुमोदन भई पक्षराष्ट्रहरूको दुई तिहाई बहुमतबाट स्वीकृत भएपछि लागु हुनेछ।

३. कुनै संशोधन लागु भएपछि, संशोधन स्वीकार गर्ने पक्षराष्ट्रहरूउपर र यस महासन्धिका व्यवस्था र तिनले स्वीकार गरी कुनै अघिल्लो संशोधनबाट बाँधिन लागेका अन्य पक्षराष्ट्रहरूउपर बन्धनकारी हुनेछ।

धारा ५१

१. संयुक्त राष्ट्रसङ्घका महासचिवले अनुमोदन वा सम्मिलनको समयमा राष्ट्रहरूद्वारा राखिएका आरक्षणहरूको प्रति प्राप्त गरी सबै राष्ट्रहरूलाई पठाउनेछन्।

२. यस महासन्धिको उद्देश्य र प्रयोजनसँग मेल नखाने त्यस्ता कुनै पनि आरक्षणलाई स्वीकार गरिने छैन।

३. संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सम्बोधन गरिएको सो प्रयोजनको सूचना दिई आरक्षणहरू कुनै पनि समयमा फिर्ता लिन सकिनेछ, महासचिवले सबै राष्ट्रहरूलाई सोको जानकारी दिनेछन्। यस्तो सूचना महासचिवले प्राप्त गरेको मितिदेखि लागु हुनेछ।

धारा ५२

कुनै पनि पक्षराष्ट्रले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिएर यो महासन्धिलाई परित्याग गर्न सक्नेछ। महासचिवले सूचना प्राप्त गरेको मितिले एक वर्षपछि परित्याग प्रभावकारी हुनेछ।

धारा ५३

संयुक्त राष्ट्रसङ्घका महासचिवलाई यस महासन्धिको सङ्ग्रहकर्ता (डिपोजिटरी)को रूपमा तोकिएको छ।

धारा ५४

यस महासन्धि, जसका अरबी, चिनियाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी प्रतिहरू समानरूपमा प्रामाणिक छन्, को मूल प्रति संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिनेछ। यस कुराको साक्षीको रूपमा सम्बन्धित सरकारबाट विधिवत्रूपमा अख्तियार पाएका देहायको हस्ताक्षरकारी सर्वाधिकार सम्पन्न प्रतिनिधिहरूले यस महासन्धिमा हस्ताक्षर गरेका छन्।

बालबालिकाको अधिकार तथा सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरुद्ध बालअधिकार महासन्धिको ऐच्छिक आलेख, २०००

संयुक्त राष्ट्रसङ्घको महासभाको मिति २०५७/२/१२ (२५ मे २०००) को प्रस्ताव नं. ए.आर.ई.यस. ५४/२६३ बाट स्वीकार गरी सदस्य राष्ट्रहरूको हस्ताक्षर, अनुमोदन र सम्मिलनको लागि खुला गरिएको:
लागु भएको मिति: २०५८/१०।३० (१२ फेब्रुअरी २००२)

प्रस्तुत ऐच्छिक आलेखमा पक्षराष्ट्रहरू,

बालबालिकाको अधिकारको संरक्षण र प्रवर्धनलाई बढावा दिन व्यापक प्रतिबद्धता विद्यमान रहेको उजागर भई बालअधिकार महासन्धिमा भएको व्यापक समर्थनबाट उत्साहित हुँदै,

बालबालिकाको अधिकारलाई विशेष प्रकारको संरक्षणको आवश्यकता पर्दछ भन्ने कुरामा पुन: विश्वस्त भई बिना कुनै भेदभाव बालबालिकाको अवस्थाको निरन्तर सुधारको साथसाथै शान्ति र सुरक्षाको वातावरणमा तिनीहरूको विकास र शिक्षाको लागि आह्वान गर्दै,

सशस्त्र सङ्घर्षबाट बालबालिकामा हानीकारक र व्यापक असर रहने तथा दीर्घकालीन शान्ति, सुरक्षा र विकासमा नकारात्मक असर पर्छ भन्ने ठहर गर्दै,

सशस्त्र सङ्घर्षको अवस्थामा बालबालिकालाई निशाना बनाउने कार्य र अन्तर्राष्ट्रिय कानुनद्वारा संरक्षित वस्तुहरूको साथै साधारणतया धेरै सङ्ख्यामा बालबालिका रहने स्थानहरू जस्तै विद्यालय र अस्पतालहरूमा गरिने प्रत्यक्ष हमलाको भत्सर्ना गर्दै,

अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधानमा खासगरी विद्रोहको लागि १५ वर्ष मुनिका बालबालिकालाई सहभागी गराउने वा जबरजस्ती लगाउने वा तिनीहरूलाई अन्तर्राष्ट्रिय वा गैरअन्तर्राष्ट्रिय सशस्त्र सङ्घर्षमा प्रभावकारीरूपमा काममा लगाउन प्रयोग गर्ने कुरालाई युद्धअपराधको रूपमा समावेश गरिएको तथ्य स्वीकार गरिएको कुरालाई ध्यानमा राख्दै,

बालअधिकारसम्बन्धी महासन्धिले मान्यता दिएको बालबालिकाको अधिकारहरूको थप प्रभावकारी कार्यान्वयनको लागि सशस्त्र सङ्घर्षमा बालबालिकालाई संलग्न गराउनबाट रोक्न उनीहरूको संरक्षणको प्रयासमा अन्य जोड दिनु आवश्यक छ भन्ने कुरालाई ध्यान दिँदै,

सो महासन्धिको प्रयोजनको लागि बालअधिकारसम्बन्धी महासन्धिको धारा १ ले बालबालिका भन्नाले १८ वर्ष मुनिको कुनै मानवजाति वा बालबालिकालाई लागु हुने कानुनबमोजिम सोभन्दा बढी उमेरकालाई बालबालिका मानिएको छ भने सो उमेर पुग्नुभन्दा अघिको अवस्थामा रहेको व्यक्ति भनी तोकेको कुरालाई इंगित गर्दै,

सशस्त्र सङ्घर्षमा भर्ती गरिने सम्भावित व्यक्तिको उमेर बढाएको र तिनिहरूको विद्रोहको कार्यमा हुने सहभागिताको सम्बन्धमा उल्लेख गरेको महासन्धिको एक ऐच्छिक आलेखले बालबालिकासँग सम्बन्धित कुनै पनि काम गर्दा उनीहरूको सर्वोत्तम हितलाई मुख्यरूपमा ध्यान दिनुपर्छ भन्ने सिद्धान्तको प्रभावकारी कार्यान्वयनको लागि सघाउ पुऱ्याउनेछ भन्ने कुरामा विश्वस्त हुँदै,

रेडक्रस र रेडक्रिश्सेन्टको २६ औँ अन्तर्राष्ट्रिय सम्मेलनले द्वन्द्वरत पक्षहरूले अन्य कुराको अतिरिक्त १८ वर्ष मुनिका बालबालिकालाई विद्रोहमा नलगाउन हरसम्भव प्रयास गर्नेछन् भनी १९९५ को डिसेम्बर महिनामा गरेको सिफारिशलाई स्मरण गर्दै,

अन्य कुराहरूको अतिरिक्त सशस्त्र सङ्घर्षमा बालबालिकाको जबरजस्ती वा अनिवार्यरूपमा प्रयोग गर्न उनीहरूलाई गरिने भर्नालाई निषेध गर्दै निकृष्ट प्रकृतिको बाल श्रमलाई निषेध र उन्मूलन गर्नको लागि तत्काल कार्य गर्ने अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १८२ लाई १९९९ को जुन महिनामा एकै मतले स्वीकार गरिएको कुरालाई स्वागत गर्दै,

राष्ट्रको फौजी शक्तिभन्दा अलग रहेका सशस्त्र समूहहरूले राष्ट्रिय सीमाभित्र वा क्षेत्रमा बालबालिकालाई विद्रोहको निमित्त भर्ना गर्ने, तालिम दिने र प्रयोग गर्ने

गरेको कुरालाई गम्भीर चासो दिई त्यसको भर्त्सना गर्दै तथा यस प्रयोजनको लागि बालबालिकालाई भर्ना गर्ने, तालीम दिने, र प्रयोग गर्ने समूहको उत्तरदायित्व छ भन्ने कुरालाई मान्यता दिँदै,

अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरूलाई सशस्त्र द्वन्द्वका प्रत्येक पक्षले पालना गर्नुपर्ने जिम्मेवारीलाई स्मरण गर्दै,

प्रस्तुत ऐच्छिक आलेख संयुक्त राष्ट्रसङ्घको वडापत्र र सोको धारा ५१ समेतमा उल्लेख भएका उद्देश्य र सिद्धान्तहरू तथा मानवीय कानुनका सम्बन्धित मान्यताहरूको विपरित छैन भन्ने कुरामा जोड दिँदै,

शान्ति र सुरक्षाको अवस्थाहरू बडापत्रमा भएका उद्देश्य र सिद्धान्तहरूको पूर्ण पालनमा आधारित छन् र खासगरी द्वन्द्व र विदेशी हस्तक्षेपको समयमा बालबालिकाको पूर्ण संरक्षणको लागि लागु गर्न सकिने मानवअधिकारसँग सम्बन्धित तौरतरिकाहरूको पालन गर्नु अपरिहार्य छ भन्ने कुरालाई ख्याल गर्दै,

यो ऐच्छिक आलेखविपरीत त्यस्ता बालबालिका जो खासगरी आर्थिक, सामाजिक र लिङ्को कारणबाट विद्रोहमा भर्ना वा प्रयोग हुन सक्ने अवस्थामा छन्, तिनलाई पर्न गएको विशेष आवश्यकतालाई ध्यान दिँदै,

सशस्त्र सङ्घर्षमा बालबालिकाले सहभागी हुनुपर्ने खास आर्थिक, सामाजिक र राजनीतिक कारणहरूलाई ध्यान दिनुपर्ने आवश्यकताउपर विचार गर्दै,

यो ऐच्छिक आलेखको कार्यान्वयनको लागि सशस्त्र सङ्घर्षबाट पीडित भएका बालबालिकाको शारीरिक र मनोसामाजिक पुनः स्थापना एवम् समाजमा उनीहरूलाई पुनः स्थापना गराउनको लागि अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्नुपर्छ भन्ने कुरामा आश्वस्त हुँदै,

यो ऐच्छिक आलेखको कार्यान्वयनको लागि सूचनामूलक एवम् शैक्षिक कार्यक्रमहरूको प्रचार-प्रसारको लागि समुदाय, खास गरी बालबालिका र पीडित बालबालिकालाई सहभागी गराउन उत्साहित गर्दै निम्नबमोजिम गर्न सहमत भएका छन्।

धारा १

१८ वर्ष उमेर नपुगेका व्यक्तिलाई पक्षराष्ट्रहरूले आफ्ना सशस्त्र समूहका सदस्यहरूले विद्रोहमा प्रत्यक्ष भाग लिएका छैनन् भन्ने कुरा सुनिश्चित गर्न हरसम्भव उपायहरू अपनाउनेछन्।

धारा २

१८ वर्ष उमेर नपुगेका व्यक्तिहरूलाई पक्षराष्ट्रहरूले आफ्नो सैनिक सेवामा अनिवार्यरूपमा भर्ना हुनुपर्ने छैन भन्ने कुराको सुनिश्चित गर्नको लागि आवश्यक व्यवस्था गर्नेछन्।

धारा ३

(१) बालअधिकारसम्बन्धी महासन्धिको धारा ३८ को उपधारा (३) मा उल्लेख भएअनुसार सो धारामा निहित सिद्धान्तहरूलाई मध्यनजर गर्दै तथा १८ वर्ष मुनिका बालबालिकालाई विशेष ध्यान दिइनेछ भनी महासन्धिले उल्लेख गरेको कुरालाई मान्यता दिँदै पक्षराष्ट्रहरूले आफ्नो राष्ट्रिय सशस्त्र फौजमा स्वेच्छाले भर्ना हुन चाहिने न्यूनतम उमेर बढाउनेछन्।

(२) न्यूनतम उमेर पुगेपछि आफ्नो राष्ट्रिय सशस्त्र फौजमा स्वेच्छिकरूपमा भर्ना हुन पाउने भनी तोकेको यो ऐच्छिक आलेखलाई प्रत्येक पक्षराष्ट्रले अनुमोदन वा सम्मिलन गरेपछि एउटा बाध्यात्मक घोषणापत्र तयार गरी यसले अपनाएको त्यस्तो भर्ना जबरजस्ती वा बलपूर्वक गराइएको होइन भनी स्पष्ट पार्ने सुरक्षाको उपायहरूको विवरणसमेत उल्लेख गरी पठाउनेछन्।

(३) आफ्नो राष्ट्रिय सशस्त्र फौजमा १८ वर्ष मुनिका बालबालिकालाई स्वेच्छिक भर्नाको अनुमति दिएका पक्षराष्ट्रहरूले त्यस्ता बालबालिकाको संरक्षणको प्रत्याभूति दिनका लागि कम्तिमा निम्न कुराहरूको व्यवस्था गर्नुपर्छ:

(क) त्यस्तो भर्ना वास्तवमा स्वेच्छिक छ।

(ख) त्यस्तो भर्ना बालबालिकाको बाबु आमा वा कानुनी संरक्षकलाई सूचना दिई अनुमति लिएर गरिएको छ।

(ग) भर्ना हुन चाहने व्यक्तिहरू त्यस्तो सैनिक सेवामा रहँदा निभाउनुपर्ने कर्तव्यको बारेमा पूर्णरूपमा परिचित छन्।

(घ) राष्ट्रिय सैनिक सेवामा प्रवेश पाउनु अगावै त्यस्ता व्यक्तिहरूले आफ्नो उमेर देखिने भरपर्दो प्रमाण पेश गरेका छन्।

(४) प्रत्येक पक्षराष्ट्रले आफ्नो घोषणालाई मजबुत बनाउन कुनै पनि समयमा संयुक्त राष्ट्रसङ्घको महासचिवलाई सम्बोधन गरी सोसम्बन्धी सूचना दिन

सक्नेछ र महासचिवले सबै पक्षराष्ट्रलाई सो कुरा सूचित गर्नेछ। त्यस्तो सूचना महासचिवलाई जुन दिनमा प्राप्त हुन्छ सो दिनदेखि त्यस्तो सूचना लागु हुनेछ।

(५) बालअधिकार महासन्धिको धारा २८ र २९ मा उल्लेख भएको कुरालाई ध्यान दिँदै प्रस्तुत धाराको उपधारा (१) मा उल्लेख भएको उमेरको हद बढाउने कुरा पक्षराष्ट्रको सशस्त्र फौजले सञ्चालन गरेको वा अधीनमा राखेको स्कूलहरूको हकमा लागु हुँदैन।

धारा ४

(१) राष्ट्रको सशस्त्र फौजभन्दा भिन्न सशस्त्र समूहले १८ वर्ष नपुगेका व्यक्तिहरूलाई कुनै पनि अवस्थामा विद्रोहको लागि भर्ना गर्न वा प्रयोग गर्न हुँदैन।

(२) त्यस्तो कार्यलाई निषेध गर्न वा अपराध घोषणा गर्न आवश्यक भएका कानुनी उपायहरू अपनाउनुको अलावा पक्षराष्ट्रले त्यस्तो भर्ना वा प्रयोग रोक्न हरसम्भव उपायहरू अपनाउनेछन्।

(३) यो धारा लागु गर्ने कुराले सशस्त्र विद्रोह भएको पक्षराष्ट्रको कानुनी हैसियतलाई असर गर्ने छैन।

धारा ५

बालबालिकाको अधिकारलाई अझ राम्ररी पहिचान गर्न सघाउ पुऱ्याएका यो ऐच्छिक आलेखको कुनै पनि कुराले पक्षराष्ट्रको कानुनी प्रावधानहरू वा अन्तर्राष्ट्रिय कानुनहरू वा अन्तर्राष्ट्रिय मानवीय कानुनलाई हटाएको अर्थ लगाउनु हुँदैन।

धारा ६

(१) हरेक पक्षराष्ट्रले प्रस्तुत ऐच्छिक आलेखको प्रावधानहरूको आफ्नो क्षेत्राधिकार भित्र प्रभावकारी तवरले कार्यान्वयन र लागु गर्न आवश्यक भएको सबै कानुनी, प्रशासनिक र अन्य उपायहरू अपनाउनेछ।

(२) पक्षराष्ट्रहरूले यो ऐच्छिक आलेखको सिद्धान्त र प्रावधानहरूलाई वयस्क र वयस्क हुन लागेका बालबालिकालाई व्यापकरूपमा अवगत गराउने र अभिवृद्धि गर्ने उत्तरदायित्व लिनेछन्।

(३) आफ्नो क्षेत्राधिकारभित्रको विद्रोहमा यो ऐच्छिक आलेख विपत भर्ना वा प्रयोग गरिएका पक्षराष्ट्रहरूले व्यक्तिहरूलाई निष्कृय पार्न वा अन्य प्रकारले त्यस्तो सेवा गर्नबाट मुक्ति दिलाउन हरसम्भव उपायहरू अपनाउनेछन्। पक्षराष्ट्रहरूले आवश्यकताअनुसार त्यस्ता व्यक्तिहरूलाई तिनीहरूको शारीरिक र मानसिक अवस्था पूर्वस्थितिमा ल्याउन र तिनीहरूलाई समाजमा पुनः स्थापना गर्नको लागि उपयुक्त प्रकारको सम्पूर्ण सहयोग उपलब्ध गराउनेछन्।

धारा ७

(१) यो ऐच्छिक आलेखको कार्यान्वयनको लागि यो ऐच्छिक आलेखको विपरीत भएका कार्यहरूलाई पक्षराष्ट्रहरूले प्राविधिक सहयोग तथा आर्थिक योगदानलगायतको माध्यमबाट रोक्नुको साथै ऐच्छिक आलेखविपरीत भएका कार्यहरूबाट पीडित भएका व्यक्तिहरूको पुनः वास र सामाजिक पुनः स्थापनाको लागि सहयोग गर्नेछन्। त्यस्तो सहयोग र योगदान सम्बद्ध पक्षराष्ट्रहरू र सम्बन्धित अन्तर्राष्ट्रिय सङ्गठनहरूको परामर्श लिएर गरिनेछ।

(२) सोअनुसार गर्न सामर्थ्य पक्षराष्ट्रहरूले त्यस्तो सहयोग प्रचलित बहुपक्षीय, द्विपक्षीय र अन्य कार्यक्रमहरूको माध्यमबाट वा अन्य कुराहरूको अलावा महासभाको नियमानुसार स्थापना भएको स्वेच्छिक कोषको माध्यमबाट गर्नेछन्।

धारा ८

(१) हरेक पक्षराष्ट्रले यो ऐच्छिक आलेख आफूलाई लागु भएको दुई वर्षभित्र यो ऐच्छिक आलेखको कार्यान्वयनको लागि गरिएका उपायहरूको साथै सहभागिता र भर्नासम्बन्धी प्रावधानहरूको कार्यान्वयन गर्न अपनाएका अन्य उपायहरूसमेतको विस्तृत सूचनाहरू समावेश गरी एक प्रतिवेदन बालअधिकारसम्बन्धी समितिमा पठाउनु पर्नेछ।

(२) विस्तृत प्रतिवेदन बुझाईसकेपछि प्रत्येक पक्षराष्ट्रले महासन्धिको धारा ४४ अनुसार यो ऐच्छिक आलेखको कार्यान्वयनको सम्बन्धमा भएको कुनै थप सूचना बालबालिकाको अधिकारसम्बन्धी समितिमा बुझाउने आफ्नो प्रतिवेदनमा समावेश गर्नेछ। यो ऐच्छिक आलेखको अन्य पक्षराष्ट्रहरूले आफ्नो प्रतिवेदन प्रत्येक पाँच वर्षसम्म बुझाउनु पर्नेछ।

(३) बालबालिकाको अधिकारसम्बन्धी समितिले यो ऐच्छिक आलेखको कार्यान्वयनसम्बन्धी थप सूचनाको लागि पक्षराष्ट्रहरूसँग अनुरोध गर्न सक्नेछ।

धारा ९

(१) महासन्धिको पक्ष भएको वा सोमा हस्ताक्षर गर्ने राष्ट्रलाई यो ऐच्छिक आलेखमा हस्ताक्षर गर्न खुला गरिएको छ।

(२) यो ऐच्छिक आलेख अनुमोदन हुनुपर्नेछ र यसमा सम्मिलन हुनको लागि कुनै पनि राष्ट्रलाई खुला गरिएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिवबाट अनुमोदन वा सम्मिलनको प्रति सङ्कलित हुनेछ।

(३) महासन्धि र यो ऐच्छिक आलेखको दस्तावेज सङ्कलनकर्ताको हैसियतले महासचिवले महासन्धिलाई हस्ताक्षर गरेका सबै राष्ट्रहरू तथा महासन्धिका

पक्षराष्ट्रहरूलाई सो हस्ताक्षरसम्बन्धी प्रत्येक घोषणाको धारा ३ बमोजिम सूचना दिनेछन्।

धारा १०

(१) अनुमोदन वा सम्मिलनको दशौँप्रति दर्ता भएको तीन महिनापछि प्रस्तुत ऐच्छिक आलेख लागु हुनेछ।

(२) प्रस्तुत ऐच्छिक आलेख लागु भइसकेपछि यसलाई अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रलाई यसले आफ्नो अनुमोदन वा सम्मिलनको दस्तावेज दर्ता गरेको एक महिनापछि यो ऐच्छिक आलेख लागु हुनेछ।

धारा ११

(१) कुनै पक्षराष्ट्रले कुनै पनि समयमा संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिई यो ऐच्छिक आलेख परित्याग गर्न सक्नेछ र त्यसपछि सोको सूचना महासचिवले महासन्धिका पक्षराष्ट्रहरू र महासन्धिलाई हस्ताक्षर गरेका सबै राष्ट्रहरूलाई दिनेछन्। परित्यागको सूचना महासचिवले पाएको एक वर्षपछि सो परित्याग लागु हुनेछ। त्यसो भए पनि यदि ऐच्छिक आलेखको परित्याग गर्ने पक्षराष्ट्र सशस्त्र सङ्घर्षमा संलग्न भएमा सो वर्ष व्यतित भएपछि पनि सो सशस्त्र सङ्घर्ष समाप्त नभई सो परित्याग उसलाई लागु हुने छैन।

(२) परित्याग लागु हुनुभन्दा अगाडिको मितिमा भएका कुनै कार्यको सम्बन्धमा पक्षराष्ट्रलाई यो ऐच्छिक आलेखको उत्तरदायित्वहरू वहन गर्नबाट त्यस्तो परित्यागले मुक्ति दिएको मानिने छैन। त्यस्तो परित्यागले सो परित्याग लागु हुनुभन्दा अघि कुनै विषयमा बालअधिकारसम्बन्धी समितिमा पहिले नै विचाराधिन रहेको कुरालाई पनि कुनै पनि तरिकाबाट असर पुऱ्याउने छैन।

धारा १२

(१) कुनै पक्षराष्ट्रले संशोधनको प्रस्ताव गर्न र सो प्रस्ताव संयुक्त राष्ट्रसङ्घका महासचिवलाई पठाउन सक्नेछ। त्यसपछि सो प्रस्तावको सम्बन्धमा विचार गर्न र मतदान गर्न पक्षराष्ट्रहरू सम्मेलन चाहन्छन् कि चाहदैनन् भन्ने आशय व्यक्त गर्न पक्षराष्ट्रहरूलाई अनुरोध गर्दै महासचिवले प्रस्तावित संशोधनको सूचना पक्षराष्ट्रहरूलाई पठाउनेछन्। त्यस्तो सूचना पठाइएको चार महिना भित्रमा कम्तिमा एक तिहाई पक्षराष्ट्रहरूले सम्मेलनको माग गरेको अवस्थामा महासचिवले संयुक्त राष्ट्रसङ्घको तत्वाधानमा त्यस्तो सम्मेलनको आह्वान गर्ने छन्। सो सम्मेलनमा यदि बहुमत पक्षराष्ट्रहरूले उपस्थित भई र मतदान

गरी कुनै संशोधन पारित गरेमा सो संशोधनको समर्थनको लागि संयुक्त राष्ट्रसङ्घको महासभामा पठाइनेछ।

(२) माथि उपधारा (१) मा उल्लेख भएबमोजिम पारित गरिएको संशोधन महासभाले समर्थन गरी दुई तिहाई पक्षराष्ट्रहरूले स्वीकार गरेको मितिदेखि लागु हुनेछ।

(३) जब कुनै संशोधन लागु हुन्छ सो संशोधन यसलाई स्वीकार गर्ने पक्षराष्ट्रहरूलाई बाध्यात्मकरूपमा लागु हुनेछ। अन्य पक्षराष्ट्रहरू भने यो ऐच्छिक आलेखको प्रावधान र उनीहरूले पहिले स्वीकार गरी सकेको कुनै संशोधन लागु गर्न उत्तरदायी हुनेछन्।

धारा १३

(१) अरबी, चिनियाँ, अङ्ग्रेजी, फ्रान्सेली, रुसी र स्पेनी प्रतिहरू उत्तिकै आधिकारिक हुने यो ऐच्छिक आलेखलाई संयुक्त राष्ट्रसङ्घको अभिलेखमा दर्ता गरिनेछ।

(२) संयुक्त राष्ट्रसङ्घका महासचिवले महासन्धिका सबै पक्षराष्ट्रहरू तथा महासन्धिलाई हस्ताक्षर गर्ने राष्ट्रहरूलाई यो ऐच्छिक आलेखको प्रमाणित प्रतिलिपिहरू पठाउनेछन्।

बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २०००

(नेपालले २० जनवरी २००६ तदअनुसार ७ माघ २०६२ मा अनुमोदन/सम्मिलन गरे को) २५ मे २००० मा महासभाद्वारा पारित प्रस्ताव ५४/२६३ बमोजिम ग्रहण गरी खुला गरिएको।
लागु भएको मिति धारा १४ (१) अनुसार १८ जनवरी २००२
तदअनुसार ५ माघ २०५८

प्रस्तुत आलेखका पक्षराष्ट्रहरू,

बालअधिकारसम्बन्धी महासन्धिका उद्देश्यहरू तथा यसका व्यवस्थाहरू खासगरी धाराहरू १, ११, २१, ३२, ३३, ३४, ३५ र ३६ का व्यवस्थाहरूको कार्यान्वयन अझ राम्ररी हासिल गर्न बालबालिकालाई बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रणबाट संरक्षण गर्ने उद्देश्यले पक्षराष्ट्रहरूले अवलम्बन गर्नुपर्ने उपायहरू विस्तार गर्न उपयुक्त भएको कुरा विचार गर्दै,

बालअधिकारसम्बन्धी महासन्धिले आर्थिक शोषणबाट र जोखिमपूर्ण हुने वा आफ्नो शिक्षामा दखल पुऱ्याउने वा आफ्नो स्वास्थ्य वा शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक वा सामाजिक विकासमा हानिकारक हुनसक्ने कुनै पनि कार्यबाट संरक्षण पाउने बालबालिकाको अधिकारलाई स्वीकार गरेको कुरालाई समेत विचार गर्दै,

बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रणको लागि बालबालिकाको उल्लेखनीय र बढ्दो अन्तर्राष्ट्रिय बेचबिखनमा गम्भीररूपमा चासो राख्दै,

यौन पर्यटनले प्रत्यक्षरूपमा बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रणलाई प्रवर्धन गर्ने हुँदा खासगरी बालबालिका जोखिममा पर्न सक्ने यौन पर्यटनको व्यापक र निरन्तर अभ्यासप्रति गम्भीररूपमा चासो राख्दै,

बालिकाहरूलगायत खासगरी जोखिममा पर्न सक्ने विभिन्न समूहहरू यौनजन्य शोषणको ठूलो सङ्कटमा रहेका तथा यौनजन्यरूपमा शोषित हुने व्यक्तिहरूमध्ये बालिकाहरूको सङ्ख्या अत्यधिक रहेको कुरालाई मान्यता दिँदै,

इन्टरनेटमा र विकसित भएका अन्य प्रविधिहरूमा बाल अश्लील चित्रणहरू बढ्दो मात्रामा उपलब्ध रहेको कुरामा चासो राख्दै तथा इन्टरनेटमा बाल अश्लील चित्रण निवारणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (भियना १९९९ र खासगरी बाल अश्लील चित्रणहरूको उत्पादन, वितरण, निकासी, पैठारी, प्रसार, मनसायपूर्वकको धारण तथा विज्ञापन गर्ने कार्यलाई विश्वव्यापीरूपमा अपराधीकरण गर्न आह्वान गर्ने प्रस्तुत सम्मेलनको निचोड र सरकारहरू तथा इन्टरनेट उद्योगबीचको घनिष्ट सहयोग र साझेदारीको महत्त्वमाथि जोड दिँदै,

समग्र दृष्टिकोण ग्रहण गरी तथा अविकसितपना, गरिबी, आर्थिक विभेद, असमन्यायिक सामाजिक आर्थिक संरचना, काम गर्न नसक्ने अवस्थाका परिवारहरू, शिक्षाको कमी, शहरी ग्रामीण बसाई सराई, लैङ्गिक विभेद, अनुत्तरदायी वयस्क यौन क्रियाकलाप, हानिकारक परम्परागत व्यवहारहरू, सशस्त्र द्वन्द्व तथा बालबालिकाको बेचबिखनलगायतका कारक तत्वहरूलाई सम्बोधन गरी बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रणको उन्मूलन गर्ने कार्यमा सहयोग पुऱ्याउन सकिने कुरामा विश्वास गर्दै,

बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रणको लागि उपभोक्ताको माग घटाउनको लागि सार्वजनिक सचेतना बढाउने प्रयत्नहरूको आवश्यकता भएको कुरामा विश्वास गर्दै तथा सम्पूर्ण पक्षहरूबीचको विश्वव्यापी साझेदारी अभिवृद्धि गर्नुपर्ने र राष्ट्रिय तहमा कानुन कार्यान्वयनमा सुधार गर्नुपर्ने आवश्यकतामा समेत विश्वास गर्दै,

बालबालिकाको संरक्षण तथा अन्तरदेशीय धर्मपुत्र/पुत्री ग्रहण सम्बन्धमा सहयोगसम्बन्धी हेग महासन्धि, अन्तर्राष्ट्रिय तहमा हुने बालबालिकाको अपहरणका देवानी पक्षहरूसम्बन्धी हेग महासन्धि, बालबालिकाको संरक्षणमा बाबु आमाको उत्तरदायित्व तथा उपायहरूको सम्बन्धमा क्षेत्राधिकार, लागु हुने कानुन, मान्यता,

कार्यान्वयन र सहयोगसम्बन्धी हेग महासन्धि र निकृष्ट प्रकृतिको बालश्रमलाई निषेध र उन्मूलन गर्नका लागि तत्काल कार्य गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि सङ्ख्या १ सय ८२ लगायत बालबालिकाको संरक्षणसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानुनी लिखतहरूका व्यवस्थाहरूलाई उल्लेख गर्दै,

बाल अधिकारको प्रवर्धन र संरक्षणका लागि प्रयत्न गर्न विद्यमान व्यापक प्रतिबद्धता प्रदर्शन गर्ने बालअधिकारसम्बन्धी महासन्धिप्रतिको व्यापक समर्थनबाट उत्साहित भई,

२७-३१ अगस्त १९९६ मा स्टकहोममा सम्पन्न बालबालिकाको व्यापारिक यौनजन्य शोषणविरुद्धको विश्व सम्मेलनमा ग्रहण गरिएको बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रणको रोकथाम गर्नेसम्बन्धी कार्ययोजना तथा घोषणा एवम् कार्यसूचीका व्यवस्थाहरूको कार्यान्वयनको महत्त्वलाई स्वीकार गर्दै,

बालबालिकाको संरक्षण र सामन्जस्यपूर्ण विकासका लागि प्रत्येक जनताको परम्परा तथा सांस्कृतिक मूल्यको महत्त्वलाई यथोचित ध्यान दिँदै,

देहायबमोजिम सहमत भएका छन्:

धारा १

पक्षराष्ट्रहरूले प्रस्तुत आलेखमा व्यवस्था भएबमोजिम बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रणलाई निषेध गर्नेछन्।

धारा २

प्रस्तुत आलेखको प्रयोजनका लागि,

(क) बालबालिकको बेचबिखन भन्नाले कुनै व्यक्ति वा व्यक्तिहरूको समूहले कुनै बालबालिकालाई पारिश्रमिक वा अन्य कुनै प्रतिफलको लागि अर्को व्यक्तिलाई हस्तान्तरण गर्ने कार्य वा कारोबार सम्झनुपर्छ।

(ख) बाल वेश्यावृत्ति भन्नाले पारिश्रमिक वा अन्य कुनै पनि किसिमको प्रतिफलको लागि बालबालिकालाई यौनजन्य क्रियाकलापमा लगाउने कार्य सम्झनुपर्छ।

(ग) बाल अश्लील चित्रण भन्नाले वास्तविकरूपमा वा स्पष्टत: उस्तै देखिने कृत्रिम यौनजन्य क्रियाकलापमा जुनसुकै माध्यमबाट हुने बालबालिकाको कुनै पनि किसिमको प्रतिनिधित्व वा मुख्यरूपमा यौनजन्य प्रयोजनका लागि हुने बालबालिकाको यौनजन्य अङ्ग, भागहरूको कुनै पनि किसिमको प्रतिनिधित्व सम्झनुपर्छ।

धारा ३

१. प्रत्येक पक्षराष्ट्रले देहायका कार्य तथा कृयाकलापहरू देशभित्र वा बाहिर गरिएका वा व्यक्तिगतरूपमा वा साङ्गठनिक तवरले गरिएको जे भए तापनि यी कसुरहरूलाई आफ्नो फौजदारी वा दण्डसम्बन्धी कानुनमा पूर्णरूपमा समेटिएको कुरा सुनिश्चित गर्नेछन्।

(क) धारा २ मा परिभाषा गरेबमोजिम बालबालिकाको बेचबिखनको सन्दर्भमा:

(१) निम्न उद्देश्यको लागि कुनै बालक वा बालिकालाई कुनै पनि माध्यमले प्रस्ताव गर्ने, दिने वा स्वीकार गर्ने कार्य:

अ. सो बालक वा बालिकाको यौनजन्य शोषण गर्ने,

आ. नाफाको लागि सो बालक, बालिकाको अङ्गको हस्तान्तरण गर्ने,

इ. सो बालक वा बालिकालाई बलयुक्त श्रममा लगाउने।

(२) धर्मपुत्र/पुत्रीसम्बन्धी लागु हुने अन्तर्राष्ट्रिय कानुनी लिखतहरूको उल्लङ्घन गरी कुनै बालक वा बालिकाका धर्मपुत्र/पुत्री ग्रहणको अनुमतिको लागि एक मध्यस्थकर्ताको हैसियतले अनुचित तवरले प्रभाव पार्ने कार्य,

(क) धारा २ मा परिभाषा गरेबमोजिम बाल वेश्यावृत्तिको लागि कुनै बालक वा बालिकालाई प्रस्ताव गर्ने, प्राप्त गर्ने, खरिद गर्ने वा उपलब्ध गराउने कार्य,

(ग) धारा २ मा परिभाषा गरेबमोजिम बाल अश्लील चित्रणका उल्लिखित प्रयोजनका लागि बाल अश्लील चित्रण उत्पादन, वितरण, प्रसार, पैठारी, निकासी, प्रस्ताव, बेचबिखन वा धारण गर्ने कार्य।

२. पक्षराष्ट्रको राष्ट्रिय कानुनका व्यवस्थाहरूको अधीनमा रही, उल्लिखित कुनै पनि कार्य गर्ने उद्योग तथा यस्ता कार्यमा मतियार वा संलग्न हुने कार्यका हकमा समेत सोही व्यवस्था लागु हुनेछ।

३. प्रत्येक पक्षराष्ट्रले यी कसूरहरूको गम्भीर प्रकृतिलाई मध्यनजर राख्ने उपयुक्त दण्डबाट यी कसूरहरूलाई दण्डनीय बनाउनेछ।

४. आफ्नो राष्ट्रिय कानुनका व्यवस्थाहरूको अधीनमा रही, प्रत्येक पक्षराष्ट्रले, उपयुक्त भएको अवस्थामा, प्रस्तुत धाराको प्रकरण १ मा स्थापित कसूरहरूको लागि उत्तरदायि कानुनी व्यक्तिहरूको दायित्व स्थापित गर्ने उपायहरू अपनाउनेछ। सो पक्षराष्ट्रको कानुनी सिद्धान्तहरूको अधीनमा रही कानुनी व्यक्तिको यस्तो दायित्व फौजदारी, देवानी वा प्रशासनिक हुन सक्नेछ।

५. पक्षराष्ट्रहरूले धर्मपुत्र/पुत्री ग्रहण गर्ने कार्यमा संलग्न सबै व्यक्तिहरूले लागु हुने अन्तर्राष्ट्रिय कानुनी लिखतहरूअनुसार कार्य गर्ने कुरा सुनिश्चित गर्न सबै उपयुक्त कानुनी तथा प्रशासनिक उपायहरू अपनाउनेछन्।

धारा ४

१. प्रत्येक पक्षराष्ट्रले धारा ३ को प्रकरण १ बमोजिमका कसूरहरू आफ्नो इलाकाभित्र वा सो राष्ट्रमा दर्ता गरिएको पानीजहाज वा वायुयानभित्र गरिएकोमा त्यस्ता कसूरहरूउपर आफ्नो क्षेत्राधिकार स्थापित गर्न आवश्यक उपायहरू अपनाउने छ।

२. प्रत्येक पक्षराष्ट्रले देहायका अवस्थामा धारा ३ को प्रकरण १ बमोजिमका कसूरहरूउपर आफ्नो क्षेत्राधिकार स्थापित गर्न आवश्यक उपायहरू अपनाउन सक्नेछ:

(क) कसूरको आरोप लागे को व्यक्ति सो राष्ट्रको नागरिक भएमा वा सो राष्ट्रको इलाकाभित्र सामान्यतया बसोबास गर्ने व्यक्ति भएमा,

(ख) पीडित व्यक्ति सो राष्ट्रको नागरिक भएमा।

३. प्रत्येक पक्षराष्ट्रले कसूरको आरोप लागेको व्यक्ति आफ्नो इलाकाभित्र उपस्थित भएको र आफ्नो कुनै नागरिकले कसूर गरेको भन्ने आधारमा त्यस्तो व्यक्तिलाई कुनै अर्को पक्षराष्ट्रलाई सुपुर्दगी नगर्ने भएमा उल्लिखित कसूरहरूउपर आफ्नो क्षेत्राधिकार स्थापित गर्न आवश्यक उपायहरूसमेत अपनाउनेछ।

४. प्रस्तुत आलेखले राष्ट्रिय कानुनअनुसार प्रयोग गरिएको कुनै पनि फौजदारी क्षेत्राधिकारलाई बाहेक गर्दैन।

धारा ५

१. धारा ३ को प्रकरण १ बमोजिमका कसूरहरू पक्षराष्ट्रहरूबीच विद्यमान कुनै पनि सुपुर्दगी सन्धिमा सुपुर्दगीयोग्य कसूरहरूका रूपमा समावेश भएको मानिने र पक्षराष्ट्रहरूबीच यसपछि सम्पन्न हुने प्रत्येक सुपुर्दगी सन्धिमा यस्ता सन्धिमा व्यवस्था भएका अवस्थाहरूबमोजिम सुपुर्दगीयोग्य कसूरहरूको रूपमा समावेश गरिनेछन्।

२. सुपुर्दगीलाई सन्धिको विद्यमानतामा शर्तयुक्त बनाउने कुनै पक्षराष्ट्रले आफूसँग सुपुर्दगी सन्धि सम्पन्न नभएको कुनै अर्को पक्षराष्ट्रबाट सुपुर्दगीको लागि अनुरोध प्राप्त गरेमा सो पक्षराष्ट्रले यस आलेखलाई त्यस्ता कसूरहरूका सम्बन्धमा सुपुर्दगीको लागि कानुनी आधारको रूपमा लिन सक्नेछ। सुपुर्दगी अनुरोध गरिएको राष्ट्रको कानुनद्वारा व्यवस्था गरिएका अन्य अवस्थाहरूका अधीनमा रहने छ।

३. सन्धिको विद्यमानतामा सुपुर्दगीलाई शर्तयुक्त नबनाउने पक्षराष्ट्रहरूले त्यस्ता कसूरहरूलाई अनुरोध गरिएको राष्ट्रको कानुनद्वारा व्यवस्था गरिएका अवस्थाहरूको अधीनमा रहने गरी आफूहरूबीच सुपुर्दगीयोग्य कसूरहरूको रूपमा स्वीकार गर्नेछन्।

४. पक्षराष्ट्रहरूबीच सुपुर्दगीको प्रयोजनको लागि, त्यस्ता कसूरहरू भएको स्थानमा मात्रै गरिएको नभई धारा ३ को प्रकरण १ अनुसार क्षेत्राधिकार स्थापित गनुपर्ने राष्ट्रहरूका इलाकाहरूमा समेत गरिएको मानिनेछ।

५. धारा ३ को प्रकरण १ मा उल्लिखित कुनै कसूरका सम्बन्धमा सपुर्दगीको लागि अनुरोध गरिएमा र अनुरोध गरिएको पक्षराष्ट्रले कसूरदारको राष्ट्रियताको आधारमा सपुर्दगी नगर्ने भएमा त्यस्तो राष्ट्रले अभियोजनका लागि सो मुद्दा आफ्ना सक्षम अधिकारीहरूसमक्ष पेश गर्न उपयुक्त उपायहरू अपनाउनेछ।

धारा ६

१. पक्षराष्ट्रहरूले एक अर्कोलाई धारा ३ को प्रकरण १ बमोजिमका कुनै पनि कसूरका सम्बन्धमा प्रारम्भ गरिएको अनुसन्धान वा चलाइएको फौजदारी वा सपुर्दगी कारबाहीका सम्बन्धमा आफूसँग भएका कारबाहीका लागि आवश्यक सबै प्रमाणको आपूर्तिलगायतको उच्चतम स्तरको सहायता प्रदान गर्नेछन्।

२. पक्षराष्ट्रहरूले आफूहरूबीच विद्यमान हुनसक्ने आपसी न्यायिक सहायतासम्बन्धी कुनै पनि सन्धिहरू वा अन्य प्रबन्धहरूअनुरूप यस धाराको प्रकरण १ अन्तर्गतका आफ्ना दायित्वहरू पूरा गर्नेछन्। त्यस्ता सन्धि वा अन्य प्रबन्धहरू नभएको अवस्थामा पक्षराष्ट्रहरूले एक अर्कोलाई आफ्नो राष्ट्रिय कानुनहरूबमोजिम सहायता प्रदान गर्ने छन्।

धारा ७

पक्षराष्ट्रहरूले आफ्ना राष्ट्रिय कानुनका व्यवस्थाहरूको अधीनमा रही,

(क) उपयुक्त भएबमोजिम, निम्न कुराहरू कब्जा र जफत गर्ने व्यवस्था गर्न उपायहरू अपनाउने छन्:

(१) प्रस्तुत आलेखअन्तर्गतका कसूरहरू गर्न वा कसूरहरू गर्न सघाउन प्रयोग गरिएका सामग्री, सम्पत्ति तथा अन्य उपकरणहरूजस्ता मालसामानहरू,

(२) त्यस्ता कसूरहरूबाट प्राप्त मालसामान वा आम्दानी (धनमाल)।

(ख) उप-प्रकरण (क) (१) बमोजिमको मालसामान वा आम्दानी (धनमाल)को कब्जा र जफतका लागि अर्को पक्षराष्ट्रबाट प्राप्त अनुरोध कार्यान्वयन गर्नेछन्,

(ग) त्यस्ता कसूरहरू गर्न प्रयोग गरिएका परिसरहरू अस्थायीरूपमा वा निश्चित अवधिका लागि बन्द गर्ने उद्देश्यका लागि उपायहरू अपनाउने छन्।

धारा ८

१. पक्षराष्ट्रहरूले खासगरी देहायबमोजिम गरी फौजदारी न्यायका सबै चरणहरूमा प्रस्तुत आलेखअन्तर्गत निषेधित व्यवहारहरूबाट पीडित बालबालिकाका अधिकाररहीतहरूको संरक्षण गर्न उपयुक्त उपायहरू ग्रहण गर्नेछन्:

(क) पीडित बालबालिकाको पीडित हुनसक्ने जोखिम वा सम्भावना स्वीकार गरी तथा साक्षी हुनको लागि उनीहरूलाई चाहिने विशेष आवश्यकतालगायत उनीहरूका विशेष आवश्यकताहरू स्वीकार गर्ने उद्देश्यले कार्यविधिहरू अपनाई,

(ख) पीडित बालबालिकालाई उनीहरूको अधिकार, भूमिका तथा कारबाहीको क्षेत्र, समय र प्रगतिको बारेमा तथा उनीहरूका मुद्दाको छिनोफानोको बारेमा जानकारी दिई,

(ग) राष्ट्रिय कानुनका कार्यविधिगत नियमहरू अनुकूल हुने गरी पीडित बालबालिकाका दृष्टिकोण, आवश्यकता र चासोहरूलाई उनीहरूका व्यक्तिगतहीत प्रभावित हुन सक्ने कारबाहीमा प्रस्तुत गरी सोउपर विचार गर्न अनुमति दिई,

(घ) सम्पूर्ण कानुनी प्रक्रियामा पीडित बालबालिकालाई उपयुक्त सहयोगी सेवाहरू उपलब्ध गराई,

(ङ) पीडित बालबालिकाको गोपनियता र पहिचानलाई उपयुक्ततानुसार संरक्षण गरी तथा राष्ट्रिय कानुनअनुसार पीडित बालबालिकाको पहिचान खुलाउन सक्ने जानकारीको अनुपयुक्त प्रवाह वा प्रसार रोकी,

(च) उपयुक्त भएको अवस्थामा, डरत्रास र प्रतिकारबाट पीडित बालबालिका तथा उनीहरूका परिवार एवम् साक्षीहरूलाई सुरक्षा दिनेसम्बन्धी व्यवस्था गरी,

(छ) पीडित बालबालिकासँग सम्बन्धित मुद्दामा फैसला गर्दा तथा उनीहरूलाई क्षतिपूर्ति दिलाउने आदेश वा पुर्जीहरू कार्यान्वयन गर्दा अनावश्यक ढीलासुस्ती हुन नदिई।

२. पक्षराष्ट्रहरूले पीडितको वास्तविक उमेरसम्बन्धी अनिश्चिततामा पीडितको उमेर स्थापित गर्ने उद्देश्यका अनुसन्धान, तहकिकातलगायतका फौजदारी अनुसन्धान, तहकिकात प्रारम्भ गर्न रोक लगाउने छैन।

३. पक्षराष्ट्रहरूले प्रस्तुत आलेखमा उल्लिखित कसूरबाट पीडित भएका बालबालिकालाई आफ्ना फौजदारी न्यायप्रणालीअर्न्तगत उपचार दिँदा बालबालिकाको सर्वोत्तम हित नै प्राथमिक विषय भएको कुरा सुनिश्चित गर्नेछन्।

४. पक्षराष्ट्रहरूले प्रस्तुत आलेखअन्तर्गत निषेधित कसूरहरूबाट पीडित व्यक्तिहरूसँग काम गर्ने व्यक्तिहरूका लागि उपयुक्त तालिम खासगरी कानुनी र मनोवैज्ञानिक तालिम सुनिश्चित गर्न उपायहरू अपनाउनेछन्।

५. पक्षराष्ट्रहरूले यस्ता कसूरहरूको रोकथाम र यस्ता कसूरहरूबाट पीडित व्यक्तिहरूको संरक्षण र पुन: स्थापना कार्यमा संलग्न व्यक्ति र संस्थाहरूको सुरक्षा र एकता संरक्षण गर्ने उद्देश्यले उपयुक्त उपायहरू ग्रहण गर्नेछन्।

६. प्रस्तुत धारामा उल्लिखित कुनै पनि कुरालाई अभियुक्तको स्वच्छ र निष्पक्ष पुर्पक्षको अधिकारलाई प्रतिकूल प्रभाव पार्ने वा सो अधिकारसँग बाँझिने गरी व्याख्या गरिने छैन।

धारा ९

१. पक्षराष्ट्रहरूले प्रस्तुत आलेखबमोजिमका कसूरहरूमा रोक लगाउन कानुन, प्रशासनिक उपाय, सामाजिक नीति र कार्यक्रमहरू बनाउने वा सुदृढ गर्ने, कार्यान्वयन र प्रचार-प्रसार गर्नेछन्।
खासगरी, यी अभ्यासहरूबाट प्रभावित हुने जोखिममा रहेका बालबालिकाको संरक्षण गर्न विशेष ध्यान दिइनेछ।

२. पक्षराष्ट्रहरूले प्रस्तुत आलेखबमोजिमका कसूरहरूको रोकथाम गर्नेसम्बन्धी उपायहरू तथा सोको हानीकारक असरहरूको बारेमा सबै उपयुक्त तरीका, शिक्षा र तालिमको माध्यमबाट जानकारी उपलब्ध गराई बालबालिकालगायत सम्पूर्ण जनसाधारणमा सचेतना प्रवर्धन गर्नेछन्।
यस धाराअन्तर्गतको आफ्नो दायित्व पूरा गर्दा पक्षराष्ट्रहरूले समुदायको र खासगरी बालबालिका र पीडित बालबालिकाको अन्तर्राष्ट्रिय तहमा समेत त्यस्ता जानकारी, शिक्षा र तालिम कार्य क्रमहरूमा सहभागितालाई प्रोत्साहन दिनेछन्।

३. त्यस्ता कसूरहरूका पीडितहरूको पूर्ण सामाजिक पुन: एकीकरण तथा पूर्ण शारीरिक र मनोवैज्ञानिक पुन: स्थापनालगायतका सम्पूर्ण उपयुक्त सहायता सुनिश्चित गर्ने उद्देश्यले सबै सम्भव उपायहरू अपनाउनेछन्।

४. पक्षराष्ट्रहरूले प्रस्तुत आलेखमा उल्लिखित कसूरहरूबाट पीडित सबै बालबालिकाले कानुनीरूपले उत्तरदायी व्यक्तिहरूबाट हानिनोक्सानी बापत बिनाकुनै भेदभाव क्षतिपूर्ति पाउन पर्याप्त कार्यविधिहरूमा पहुँच प्राप्त गरेको सुनिश्चित गर्नेछन्।

५. पक्षराष्ट्रहरूले प्रस्तुत प्रोटाकलमा उल्लिखित कसूरहरूको विज्ञापन हुने सामग्रीको उत्पादन र प्रचार-प्रसारलाई प्रभावकारी ढङ्गले निषेध गर्ने उद्देश्यले उपयुक्त उपायहरू अपनाउनेछन्।

धारा १०

१. पक्षराष्ट्रहरूले बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति, बाल अश्लील चित्रण तथा बाल यौन पर्यटन संलग्न कार्यहरूका लागि जिम्मेवार व्यक्तिहरूलाई रोक्न उनीहरूको पहिचान, अनुसन्धान, अभियोजन तथा दण्डका सम्बन्धमा बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यवस्थाहरू गरी अन्तर्राष्ट्रिय सहयोग सुदृढ गर्न आवश्यक सबै कदमहरू चाल्नेछन्। पक्षराष्ट्रहरूले आफ्ना अधिकारीहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठनहरू र अन्तर्राष्ट्रिय सङ्गठनहरूबीच अन्तर्राष्ट्रिय सहयोग तथा समन्वयको प्रवर्धनसमेत गर्नेछन्।

२. पक्षराष्ट्रहरूले पीडित बालबालिकाको शारीरिक र मनोवैज्ञानिक पुन: स्थापना, सामाजिक पुन: एकीकरण र स्वदेश फिर्तीमा त्यस्ता बालबालिकालाई सहयोग गर्न अन्तर्राष्ट्रिय सहयोग प्रवर्धन गर्नेछन्।

३. पक्षराष्ट्रहरूले बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति, बाल अश्लील चित्रण र बाल यौन पर्यटनको दृष्टिकोणबाट बालबालिकालाई जोखिममा पार्न सहयोग गर्ने गरिबी र पछौटेपनजस्ता कारकतत्वहरूलाई सम्बोधन गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय सहयोग सुदृढीकरण प्रवर्धन गर्नेछन्।

४. उपरोक्तबमोजिमको काम गर्न सक्ने स्थितिमा भएका पक्षराष्ट्रहरूले विद्यमान बहुपक्षीय, क्षेत्रीय, द्विपक्षीय वा अन्य कार्यक्रमहरूको माध्यमबाट आर्थिक, प्राविधिक वा अन्य सहायता उपलब्ध गराउनेछन्।

धारा ११

बालअधिकारको प्राप्तिमा बढी अनुकूल व्यवस्थाहरूलाई बाहेक गर्ने गरी यस आलेखमा उल्लिखित कुनै पनि कुराको व्याख्या गरिने छैन, र त्यस्ता व्यवस्थाहरू

(क) पक्षराष्ट्र का कानुनमा,

(ख) सो राष्ट्रको लागि लागु हुने अन्तर्राष्ट्रिय कानुनमा समावेश हुन सक्छन्।

धारा १२

१. प्रत्येक पक्षराष्ट्रका हकमा आलेख लागु भएको दुई वर्षभित्र सो पक्षले आफूले यस आलेखका व्यवस्थाहरूको कार्यान्वयन गर्न अपनाएका उपायहरूसम्बन्धी विस्तृत प्रतिवेदन बालअधिकारसम्बन्धी समितिसमक्ष पेश गर्नेछ।

२. विस्तृत प्रतिवेदन पेश गरेपछि प्रत्येक पक्षराष्ट्रले महासन्धिको धारा ४४ अनुसार बालअधिकारसम्बन्धी समितिसमक्ष आफूले पेश गरेको प्रतिवेदनमा यस आलेखको कार्यान्वयनसम्बन्धी थप जानकारी समावेश गर्नेछ। यस आलेखका अन्य पक्षराष्ट्रहरूले प्रत्येक पाँच-पाँच वर्षमा प्रतिवेदन पेश गर्नेछन्।

३. बालअधिकारसम्बन्धी समितिले पक्षराष्ट्रहरूबाट यस आलेखको कार्यान्वयनसम्बन्धी थप जानकारी माग गर्न सक्नेछ।

धारा १३

१. प्रस्तुत आलेख महासन्धिको पक्ष रहेका राष्ट्रहरूबाट हस्ताक्षर हुनको लागि खुला रहनेछ।

२. प्रस्तुत आलेख अनुमोदन गर्नुपर्नेछ र कुनै पनि राष्ट्रबाट सम्मिलनको लागि खुला रहनेछ। अनुमोदन वा सम्मिलनका लिखतहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिनेछन्।

धारा १४

१. प्रस्तुत आलेख अनुमोदन वा सम्मिलनको दसौँ लिखत दाखिला भएको मितिले तीन महिनादेखि लागु हुनेछ।

२. प्रस्तुत आलेख लागु भइसकेपछि प्रस्तुत आलेखको अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले एक महिनादेखि लागु हुनेछ।

धारा १५

१. कुनै पनि पक्षराष्ट्रले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिएर यो आलेख परित्याग गर्न सक्नेछ। महासचिवले महासन्धिका अन्य पक्षराष्ट्रहरू तथा महासन्धिमा हस्ताक्षर गर्ने सबै राष्ट्रहरूलाई सोको जानाकारी दिनेछन्। महासचिवले त्यस्तो सूचना प्राप्त गरेको मितिले एक वर्षपछि परित्याग लागु हुनेछ।

२. परित्याग लागु हुने मितिभन्दा पहिले गरिएको कुनै पनि कसूरका सम्बन्धमा यस आलेखअन्तर्गतको आफ्नो दायित्वबाट सो पक्षराष्ट्रलाई मुक्त गर्ने प्रभाव सो परित्यागको हुने छैन नत परित्याग लागु हुने मितिभन्दा पहिलेनै समितिसमक्ष विचाराधिन रहेको कुनै पनि विषयउपर निरन्तर विचार गर्ने कार्यमा सो परित्यागले कुनै पनि किसिमले प्रभाव पार्नेछ।

धारा १६

१. कुनै पनि पक्षराष्ट्रले संशोधनको प्रस्ताव गर्न र सो प्रस्ताव संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दर्ता गर्न सक्नेछ। त्यसपछि, संयुक्त राष्ट्रसङ्घका महासचिवले पक्षराष्ट्रहरूलाई उक्त संशोधनको प्रस्तावउपर छलफल र मतदान गर्नका लागि उनीहरू पक्षराष्ट्रहरूको सम्मेलन बोलाउने पक्षमा भए नभएको कुराको सूचना गर्न अनुरोध सहित प्रस्तावित संशोधनको जानकारी पठाउनेछन्।

त्यस्तो जानकारीको मितिले चार महिनाभित्र कम्तीमा एक तिहाई पक्षराष्ट्रहरू त्यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा सो सम्मेलन बोलाउने छन्। उक्त सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूको बहुमतद्वारा ग्रहण गरिएको संशोधनको प्रस्ताव स्वीकृतिका लागि संयुक्त राष्ट्रसङ्घको महासभामा पेश गरिनेछ।

२. यस धाराको प्रकरण १ बमोजिम ग्रहण गरिएको संशोधन संयुक्त राष्ट्रसङ्घको साधारण सभाबाट अनुमोदन भई पक्षराष्ट्रहरूको दुई तिहाई बहुमतबाट स्वीकृत भएपछि लागु हुनेछ।

३. संशोधन लागु भएपछि, त्यस्तो संशोधन स्वीकार गर्ने पक्षराष्ट्रहरूका हकमा त्यस्तो संशोधन बाध्यात्मक हुनेछ भने अन्य पक्षराष्ट्रहरूका हकमा प्रस्तुत आलेखका व्यवस्थाहरू तथा उनीहरूले स्वीकार गरेका कुनै पनि अघिल्ला संशोधनहरू बाध्यात्मक हुनेछन्।

धारा १७

१. अरबी, चिनीयाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समानरूपले प्रामाणिक हुने प्रस्तुत आलेख संयुक्त राष्ट्रसङ्घको अभिलेखालयमा दाखिला गरिनेछ।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले महासन्धिका सबै पक्षराष्ट्रहरू तथा महासन्धिमा हस्ताक्षर गर्ने सबै राष्ट्रहरूलाई प्रस्तुत आलेखका प्रमाणित प्रतिहरू पठाउनेछन्।

खण्ड पाँच

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको परिचय

जात र रङ्गका आधारमा मात्र कुनै वर्ग एवम् समुदायलाई भेदभाव गरी मानव अधिकारको उपभोगबाट वञ्चित गरिनु हुँदैन भन्ने मान्यतासहित सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्न तथा जातीय भेदभावका कारण पीडित व्यक्ति वा समूहका अधिकारको संरक्षण र सम्बर्द्धन गर्नका लागि बनेको अन्तर्राष्ट्रिय महासन्धि नै जातीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धि हो। छोटकरीमा यस महासन्धिलाई सी.ई.आर.डी.वा सर्ड पनि भन्ने गरिन्छ। महासन्धिले वर्णका आधारमा गरिने भेदभावलाई मात्र जातीय भेदभाव मानेको हो की भन्ने कुरालाई चिर्दै महासन्धिले वंशज एवम् कामको आधारमा गरिने भेदभावलाई पनि यस महासन्धिको आधारभूत विषयवस्तु मानेकोले जातीय सवाललाई पनि यस महसन्धिको मौलिक विषयको रूपमा ग्रहण गरिएको छ।

यस महासन्धिलाई

- सन् १९६५ को २१ डिसेम्बरका दिन संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा पारित
- सन् १९६९ को ४ जनवरीका दिनदेखि लागु भएको
- नेपालले सन् १९७१ जनवरी ३० मा अनुमोदन गरेको
- कूल ३ भाग र २५ धारामा विभाजित गरिएको,
- सबै मानवजाति कानुनका अगाडि समान छन् तथा कुनै भेदभाव तथा भेदभावका प्रोत्साहनविरुद्ध कानुनका समान संरक्षण हकदार हुन भन्ने कुरा विचार गर्दै महासन्धिलाई ग्रहण गरिएको जानकारी प्रस्तावनामै प्रस्तुत गरिएको छ।

सन् १९६३ मा संयुक्त राष्ट्रसङ्घले सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र पारित गऱ्यो। त्यसपछि सन् १९६५ मा सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित गरियो।

जातीय विभेदमा आधारित सर्वोच्चताको कुनै पनि सिद्धान्त वैज्ञानिकरूपले गलत, नैतिकरूपले निन्दनीय, सामाजिकरूपले अन्यायपूर्ण तथा खतरनाक भएको तथा सिद्धान्त वा व्यवहारका कुनै पनि स्थानमा जातीय भेदभावको कुनै उचित कारण नभएको कुरामा जोड दिँदै भाग १, धारा १ मै जातीय भेदभाव भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनका अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानवअधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर गर्ने उद्देश्य प्रभावशाली भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव वहिष्कार, प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्दछ भनी जातीय भेदभावको परिभाषासमेत गरेको छ। यस महासन्धिले जातीय विभेदलाई परिभाषित गर्दै भनेको छ, कुनै पनि किसिमको बहिष्कार, बन्देज वा ग्राह्यता यदि वंश वा रङ्ग वा जातिगत हिसाबबाट गरिन्छ भने त्यस्तो प्रवृत्तिलाई जातीय विभेद ठानिने छ। महासन्धिको पक्षराष्ट्रका निम्ति तुरुन्तै आफ्ना राष्ट्रिय नीतिहरूअन्तर्गत सबै किसिमको भेदभावको अन्त्य गर्न अनिवार्य बनाइएको छ। जम्मा २५ वटा धाराहरू समेटिएको यो महासन्धिलाई नेपालले सन् १९७० को जनवरी ३० का दिन अनुमोदन गरेको हो। सन् ७१ को पहिलो मार्चका दिनदेखि यो महासन्धि नेपालमा लागु भयो।

यस महासन्धिले जातीय भेदभावविरुद्ध विभिन्न अधिकार जस्तो: समानताको अधिकार, सार्वजनिक वस्तुको प्रयोग तथा सार्वजनिक स्थानमा भेदभावरहित ढङ्गले उपस्थितिको अधिकार, न्यायिक अधिकार, राष्ट्रियताको अधिकार, आवासको अधिकार, स्वेच्छाले कार्य गर्ने अधिकार, ट्रेड यूनियन खोल्न पाउनुपर्ने अधिकार, जातीय भेदभावविरुद्ध राज्यद्वारा संरक्षण पाउने अधिकारलगायत अन्य धर्म, विवेक तथा विवाहको अधिकारलगायतका अधिकारको प्रत्याभूति पक्ष राज्यले गर्नुपर्ने उल्लेख एकातिर गरेको छ भने अर्कोतिर राज्यले जातीय भेदभावको शिकार भएका वर्ग एवम् समुदायको सर्वोपरी विकासको तत्काल विशेष व्यवस्था गर्नुपर्ने, भेदभावयुक्त सबै कानुन, नीति, नियम तथा भेदभावलाई प्रोत्साहन दिन सक्ने सबै प्रकारका क्रियाकलापको नामेट पक्ष राज्यले गर्नुपर्ने गरी दायित्वसमेत धारा १ देखि ५ सम्ममा गरेको छ।

जातीय भेदभाव उन्मूलनसम्बन्धी समिति

यस समितिको गठन सबै किसिमका वर्णभेद एवम् जातीय भेदभावको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनको अनुगमनका लागि बनाइएको हो। समितिमा १८ सदस्य रहने व्यवस्था गरिएको छ। पक्षराष्ट्रद्वारा आफ्ना नगारिकमध्येबाट निर्वाचित उच्च नैतिक अडान तथा निष्पक्ष स्वीकार गरिएका आफ्नो व्यक्तिगत

क्षमतामा कार्य गर्ने समन्यायिक, भौगोलिक विभाजन एवम् विभिन्न सभ्यताको साथै मुख्य-मुख्य कानुन प्रणालीको प्रतिनिधित्वलाई ध्यानमा राखी समितिको गठन गर्दछ। समितिका सदस्यहरूको कार्यावधि चार वर्षको हुने व्यवस्था छ। समितिले आफ्ना पदाधिकारीहरूको चयन दुई वर्षको लागि गर्न सक्दछ। पक्षराष्ट्रहरूले महासन्धिअनुरूप बुझाउनुपर्ने प्रतिवेदनहरू समितिबाट विचारार्थ संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत पेश गर्ने गर्दछन्। प्रत्येक दुई-दुई वर्षमा तथा समितिले अनुरोध गरेको बेला समितिले आवश्यक जानकारीको लागि अनुरोध गर्न सक्दछ। समितिले आफूलाई तोकिएको काम, कर्तव्य निर्वाहका लागि आफ्नो कार्यविधिको निर्धारण आफै गर्न सक्दछ। समितिले महासचिवमार्फत आफ्नो क्रियाकलापसम्बन्धी प्रतिवेदन संयुक्त राष्ट्रसङ्घको महासभासमक्ष वार्षिकरूपमा पेश गर्ने तथा पक्षराष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरू तथा जानकारी परीक्षणमा आधारित सुझावहरू दिन तथा साधारण सिफारिशहरू गर्न सक्ने व्यवस्था पनि सबै प्रकारका जातीय तथा वर्णीय भेदभावविरुद्धको महासन्धिले गरेको पाइन्छ।

कुनै पक्षराष्ट्रलाई अर्को पक्षराष्ट्रले महासन्धिको कार्यान्वयन इमान्दारितापूर्वक गरिरहेको छैन भन्ने लागेमा त्यस्तो पक्षराष्ट्रले सो कुरामा समितिमा जानकारी गराउन सक्दछ। जसको विरुद्ध जानकारी गरिएको हो उक्त राष्ट्रले समितिसमक्ष आफूले कार्यान्वयनका लागि चालिरहेका कदम सहितको स्पष्टीकरण समितिसमक्ष पेश गर्नुपर्ने व्यवस्था वर्णभेदविरुद्धको महासन्धिले गरेको छ। यसरी आफूसमक्ष पेश गरिएका कुरामा समितिले अन्य आवश्यक कुराको विस्तृत जानकारीका लागि समेत अनुरोध गर्न सक्दछ। समितिले आफूले आवश्यक ठानेका सम्पूर्ण जानकारी प्राप्त गरी सूक्ष्म परीक्षण गरिसकेपछि अध्यक्षले समितिका सदस्य रहेका वा नरहेका पाँच जना व्यक्तिहरू रहेको एक अस्थायी मेलमिलाप आयोग गठन गर्ने व्यवस्था पनि यस महासन्धिले गरेको पाइन्छ।

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५

(नेपालले ३० जनवरी मे १९७१ तदअनुसार १७ माघ २०२७ मा सम्मिलन गरेको)
महासभाको २१ डिसेम्बर १९६५ को प्रस्ताव नम्बर २१०६ ए (२०) बाट ग्रहण गरी
हस्ताक्षर र अनुमोदनको लागि खुला गरिएको
लागु भएको मिति: धारा १९ अनुसार, ४ जनवरी १९६९ तदअनुसार २१ पुस २०२५

यस महासन्धिका पक्षराष्ट्रहरू,

संयुक्त राष्ट्रसङ्घको बडापत्र सबै मानव जातिमा अन्तरनिहित प्रतिष्ठा तथा समानताको सिद्धान्तमा आधारित भएको र संयुक्त राष्ट्रसङ्घका उद्देश्यहरूमध्ये जात, लिङ्ग, भाषा वा धर्मको आधारमा कुनै पनि भेदभाव नगरी सबैको लागि मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी आदर तथा पालनाको प्रवर्धन गर्ने तथा प्रोत्साहन दिने उद्देश्य प्राप्तिको लागि सबै सदस्य राष्ट्रहरू सङ्घको सहयोगमा संयुक्त तथा छुट्टाछुट्टै कामकारबाही गर्ने प्रतिज्ञा गरेको कुरा विचार गर्दै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्रले सबै मानव जाति स्वतन्त्ररूपले जन्मन्छन् र प्रतिष्ठा एवम् अधिकारमा समान छन् तथा प्रत्येक व्यक्ति कुनै पनि किसिमको, खासगरी जाति, वर्ण वा उत्पत्तिको भेदभावबिना सो घोषणापत्रमा उल्लिखित सम्पूर्ण अधिकार तथा स्वतन्त्रताहरूको हकदार छन् भन्ने घोषणा गरेको कुरा विचार गर्दै,

सबै मानव जाति कानुनको अगाडि समान छन् तथा कुनै पनि भेदभावको प्रोत्साहनविरुद्ध कानुनको समान संरक्षणका हकदार छन् भन्ने कुरा विचार गर्दै,

संयुक्त राष्ट्रसङ्घले जुनसुकैरूपमा र जहाँसुकै भए पनि उपनिवेशवाद र विखण्डन तथा सोसँग सम्बन्धित भेदभावका सम्पूर्ण व्यवहारहरूको निन्दा गरेको र १४ डिसेम्बर १९६० को औपनिवेशिक देशहरू तथा जनताहरूलाई स्वाधिनता प्रदान गर्नेसम्बन्धी

घोषणापत्र (महासभाको प्रस्ताव १५१४ (१५)) ले त्यस्ता कुराहरूको शीघ्र तथा निशर्त अन्त्य हासिल गर्ने आवश्यकतालाई पुष्टि गरी निष्ठापूर्वक घोषणा गरेको कुरा विचार गर्दै,

२० नोभेम्बर १९६३ को सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने (प्रस्ताव १९०४ (१८) सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रले विश्वभरिनै जातीय भेदभावका सम्पूर्ण तथा प्रकट रूपहरूलाई तीव्र गतिमा उन्मूलन गर्ने आवश्यकता तथा मानव जातिको मर्यादाको बोध एवम् सो प्रतिको आदर सुरक्षित गर्ने आवश्यकतालाई निष्ठापूर्वक प्रतिरक्षा गरेको कुरा विचार गर्दै,

जातीय विभेदमा आधारित सर्वोच्चताको कुनै पनि सिद्धान्त वैज्ञानिकरूपले गलत, नैतिकरूपले निन्दनीय, सामाजिकरूपले अन्यायपूर्ण र खतरनाक भएको तथा सिद्धान्त वा व्यवहारका कुनै पनि स्थानमा जातीय भेदभावको औचित्य नभएको कुरामा सहमत हुँदै,

जात, वर्ण र जातीय उत्पत्तिको आधारमा मानव जातिबीच गरिने भेदभाव राष्ट्रहरूबीचको मैत्रीपूर्ण तथा शान्तिपूर्ण सम्बन्धको एक बाधक भएको तथा जनताहरूबीचको शान्ति र सुरक्षा तथा एकै राष्ट्रभित्र पनि सँगै बसेका व्यक्तिहरूको सामञ्जस्यतामा समेत खलल पुऱ्याउन समर्थ भएको कुरा पुनः निश्चित गर्दै,

जातीय तगारोको विद्यमानता कुनै पनि मानव समाजको आदर्शविपरीत भएको कुरामा विश्वस्त भएर,

विश्वका केही स्थानहरूमा जातीय विभेद अझै पनि प्रमाणको रूपमा देखिई रहेको तथा जातीय सर्वोच्चता वा घृणामा आधारित सरकारी नीतिहरूजस्तै रङ्गभेद, विखण्डन वा विभाजनवादी नीतिहरूबाट भयभीत भएर,

जातीय भेदभावका सम्पूर्ण तथा प्रकटरूपलाई शीघ्ररूपमा उन्मूलन गर्न आवश्यक सम्पूर्ण उपायहरू अवलम्बन गर्न तथा जातीहरूबीच समझदारी प्रवर्धन गर्ने र सबै किसिमका जातीय विखण्डनवाद तथा जातीय भेदभाववाट मुक्त अन्तर्राष्ट्रिय समुदाय निर्माण गर्ने उद्देश्यले जातीय सिद्धान्त तथा व्यवहारहरू रोकथाम गर्न र त्यस्ता सिद्धान्त तथा व्यवहारविरुद्ध लडाई गर्न दृढ भएर,

अन्तर्राष्ट्रिय श्रम सङ्गठनबाट सन् १९५८ मा ग्रहण गरिएको रोजगार तथा पेशा व्यवसायका सम्बन्धमा भेदभावसम्बन्धी महासन्धि तथा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठनबाट सन् १९६० मा ग्रहण गरिएको शिक्षामा भेदभावविरुद्धको महासन्धिलाई मनन गर्दै,

सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रमा अन्तरनिहित सिद्धान्तहरूको कार्यान्वयन गर्ने तथा सो लक्ष्य प्राप्तिको लागि व्यवहारिक उपायहरूको शीघ्र अवलम्बन गर्न इच्छुक हुँदै,

देहायबमोजिम गर्न सहमत भएका छन्:

भाग १

धारा १

१. यस महासन्धिमा 'जातीय भेदभाव' भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक वा सार्वजनिक जीवनका अन्य कुनै क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको मान्यता, उपयोग वा व्यवहारलाई निषेध गर्ने वा कमजोर पार्ने उद्देश्य वा प्रभाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, प्रतिबन्ध वा प्राथमिकता सम्झनुपर्छ।

२. यस महासन्धिको कुनै पक्षराष्ट्रले नागरिक तथा गैरनागरिकहरूबीच लागु गरेको विभेद, निषेध, प्रतिबन्ध वा प्राथमिकताहरूको हकमा यो महासन्धि लागु हुनेछैन।

३. पक्षराष्ट्रहरूको राष्ट्रियता, नागरिकता वा अङ्गिकरणसम्बन्धी कानुनी व्यबस्थाहरूलाई कुनै पनि किसिमले असर पार्ने गरी यस महासन्धिमा उल्लिखित कुनै पनि कुराको व्याख्या गरिने छैन। तर त्यस्ता व्यवस्थाहरूले कुनै खास राष्ट्रियताउपर भेदभाव गरेको हुनु हुँदैन

४. कुनै निश्चित जातीय वा सामाजिक समूह वा व्यक्तिहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको समान उपभोग वा प्रयोग सुनिश्चित गर्न आवश्यक संरक्षण दिनुपर्ने त्यस्ता जातीय, सामाजिक समूह वा व्यक्तिहरूको पर्याप्त उन्नति सुनिश्चित गर्ने एकमात्र उद्देश्यले अपनाइएका विशेष उपायहरूलाई जातीय भेदभाव मानिने छैन। तर त्यस्ता उपायहरू परिणामत विभिन्न जातीय समूहहरूको लागि छुट्टाछुट्टै अधिकार कायम राख्ने किसिमको हुनु हुँदैन र जुन उद्देश्यको लागि त्यस्ता उपायहरू अपनाइएको हो सो उद्देश्य हासिल भइसकेपछि त्यस्ता उपायहरूलाई निरन्तरता दिइने छैन।

धारा २

१. पक्षराष्ट्रहरूले जातीय विभेदको निन्दा गर्दछन् र कुनै पनि रूपले जातीय विभेद उन्मूलन गर्ने तथा सबै जातिहरूबीच समझदारी अभिवृद्धि गर्ने नीति अपनाउन सम्पूर्ण समूचित उपायहरू अविलम्ब अपनाउने कुराको प्रतिज्ञा गर्दछन् र यस उद्देश्यको लागि-

(क) प्रत्येक पक्षराष्ट्रले व्यक्तिहरू, व्यक्तिका समूहहरू वा संस्थाहरूविरुद्ध जातीय विभेदको कुनै पनि काम वा व्यवहारमा संलग्न नहुने तथा सबै राष्ट्रिय एवम् स्थानीय सार्वजनिक निकायहरू तथा सार्वजनिक संस्थाहरूले यस दायित्व अनुरूप काम गर्ने कुरा सुनिश्चित गर्ने प्रतिज्ञा गर्दछ,

(ख) प्रत्येक पक्षराष्ट्रले कुनै पनि व्यक्ति वा सङ्गठनबाट भएको जातीय विभेदको प्रायोजन, प्रतिरक्षा तथा समर्थन नगर्ने कुराको प्रतिज्ञा गर्दछ,

(ग) प्रत्येक पक्षराष्ट्रले सरकारी, राष्ट्रिय तथा स्थानीय नीतिहरू पुनरालोकन गर्न र जुनसुकै स्थानमा विद्यमान भएको भए पनि जातीय विभेद सिर्जना गर्ने वा अविच्छिन्न गराउने प्रभाव भएको कुनै पनि कानुन वा नियमहरू संशोधन गर्न, खारेज वा गैरकानुनी घोषित गर्न प्रभावकारी उपायहरू अपनाउनेछ,

(घ) प्रत्येक पक्षराष्ट्रले सबै उपयुक्त माध्यमबाट, परिस्थिति अनुरूप आवश्यक भएमा कानुनबाट समेत, कुनै पनि व्यक्ति, समूह वा सङ्गठनबाट गरिने जातीय विभेद निषेध तथा उन्मूलन गर्ने छ,

(ङ) प्रत्येक पक्षराष्ट्रले उपयुक्त भएको अवस्थामा एकीकरणवादी बहुजातीय सङ्गठन र आन्दोलनहरू तथा जातिहरूबीच रहेका अवरोधहरू उन्मूलन गर्ने अन्य उपायहरूलाई प्रोत्साहन दिन तथा जातीय विभाजनलाई बलियो बनाउने किसिमको कुनै पनि कुरालाई निरुत्साहित गर्न प्रतिज्ञा गर्दछ।

२. पक्षराष्ट्रहरूले परिस्थितिअनुसार आवश्यक भएको अवस्थामा आफ्नो क्षेत्रमा रहेका खास जातीय समूह वा व्यक्तिहरूलाई मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण तथा समान उपभोगको प्रत्याभूति गर्ने प्रयोजनको लागि त्यस्ता समूह वा व्यक्तिहरूको पर्याप्त विकास र संरक्षण सुनिश्चित गर्न सामाजिक, आर्थिक, सांस्कृतिक तथा अन्य क्षेत्रहरूमा खास तथा ठोस उपायहरू अपनाउने छन्। जुन उद्देश्यको लागि ती उपायहरू अपनाइएका थिए सो उद्देश्य हासिल भएपछि त्यस्ता उपायहरूले कुनै पनि अवस्थामा विभिन्न जातीय समूहको लागि असमान वा भिन्न अधिकारहरू कायम राखिराख्ने परिणाम कुनै पनि अवस्थामा ल्याउने छैनन्।

धारा ३

पक्षराष्ट्रहरूले खासगरी जातीय विखण्डन तथा रङ्गभेदको निन्दा गर्दछन् र आफ्ना क्षेत्राधिकारअन्तर्गतका इलाकाहरूमा यस्ता प्रकृतिका सबै व्यवहारहरूको रोकथाम, निषेध तथा उन्मूलन गर्ने प्रतिज्ञा गर्दछन्।

धारा ४

पक्षराष्ट्रहरू कुनै एक जाति वा एक वर्ण वा सामाजिक उत्पत्तिका व्यक्तिहरूको समूहको उच्चताको विचार वा सिद्धान्तहरूमा आधारित सम्पूर्ण प्रचार तथा सङ्गठनको निन्दा गर्दछन् र त्यस्तो विभेदलाई प्रोत्साहन दिने वा त्यस्तो विभेदका कार्यहरू उन्मूलन गर्ने उद्देश्यका तात्कालिक तथा सकारात्मक उपायहरू ग्रहण गर्ने प्रतिज्ञा गर्दछन्। यस उद्देश्यको लागि मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा निहित सिद्धान्तहरू तथा यस महासन्धिको धारा ५ मा स्पष्टरूपले उल्लेख गरिएका अधिकारहरूप्रति उचित सम्मान राख्दै अन्य कुराका अतिरिक्त देहायका कार्य गर्ने प्रतिज्ञा गर्दछन्:

(क) जातीय सर्वोच्चता वा घृणामा आधारित विचारहरूको प्रचार-प्रसार, जातीय विभेदलाई दुरुत्साहन दिने कार्य, कुनै पनि जाति वा अर्को वर्ण वा सामाजिक उत्पत्तिका व्यक्तिहरूको समूहहरूविरुद्धको हिंसाको कार्य वा त्यस्ता कार्यलाई दुरुत्साहन दिने कार्य तथा जातीय कृयाकलापलाई आर्थिक सहायतालगायत कुनै पनि सहायता दिने कार्य समेतलाई कानुनद्वारा दण्डनीय कसूरको रूपमा घोषणा गर्ने,

(ख) जातीय विभेदलाई प्रोत्साहन तथा प्रवर्धन गर्ने सङ्गठनहरू तथा सङ्गठित र अन्य सम्पूर्ण प्रचार प्रसारका क्रियाकलापहरूलाई गैरकानुनी घोषित गर्ने तथा निषेध गर्ने र त्यस्ता सङ्गठन वा क्रियाकलापहरूमा हुने सहभागिता कानुनद्वारा दण्डनीय कसूरको रूपमा स्वीकार गर्ने,

(ग) राष्ट्रिय वा स्थानीय सार्वजनिक निकायहरू वा सार्वजनिक संस्थाहरूलाई जातीय विभेदलाई प्रोत्साहन वा प्रवर्धन गर्न अनुमति नदिने।

धारा ५

यस महासन्धिको धारा २ मा व्यवस्था गरिएका आधारभूत दायित्वहरूअनुरूप, पक्षराष्ट्रहरूले कुनै पनि रूपमा हुने जातीय विभेदको निषेध तथा उन्मूलन गर्न र जाति, वर्ण वा राष्ट्रिय वा सामाजिक उत्पत्तिसम्बन्धी कुनै पनि कुराको भेदभावबिना खासगरी देहायका अधिकारहरूको उपभोगमा कानुनको अगाडि प्रत्येक व्यक्तिको समानताको अधिकारको प्रत्याभूति गर्ने प्रतिज्ञा गर्दछन्:

(क) न्यायाधिकरण (ट्राइबुनल) तथा न्याय प्रदान गर्ने अन्य सबै अङ्गहरूका अगाडि समान व्यवहार पाउने अधिकार,

(ख) व्यक्तिको सुरक्षा तथा कुनै सरकारी अधिकारीहरूबाट वा कुनै वैयक्तिक समूह वा संस्थाहरूबाट हुने कुनै पनि हिंसा वा शारीरिक क्षतिविरुद्ध राज्यबाट संरक्षण पाउने अधिकार,

(ग) राजनीतिक अधिकारहरू खासगरी सर्वव्यापी तथा समान मताधिकारको आधारमा निर्वाचनमा भाग लिने, निर्वाचनमा मतदान गर्ने तथा उम्मेदवार बन्ने अधिकार, सरकार तथा कुनै पनि तहमा सार्वजनिक कार्यको सञ्चालनमा भाग लिने अधिकार तथा सार्वजनिक सेवामा समान पहुँचको अधिकार,

(घ) अन्य नागरिक अधिकारहरू, खासगरी:

(१) राष्ट्रको सीमानाभित्र आवतजावत तथा बसोबास गर्ने स्वतन्त्रताको अधिकार,

(२) आफ्नो देशलगायत कुनै देशबाट बाहिर जाने र आफ्नो देशमा फर्किने अधिकार,

(३) राष्ट्रियताको अधिकार,

(४) विवाह गर्ने तथा वरबधु छान्ने अधिकार,

(५) एक्लै वा अरुसँग मिलेर सम्पत्ति राख्ने अधिकार,

(६) पुख्र्यौली सम्पत्ति प्राप्त गर्ने अधिकार,

(७) विचार, सद्विवेक र धर्मको स्वतन्त्रताको अधिकार,

(८) विचार र अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अधिकार,

(९) शान्तिपूर्ण भेला हुने तथा सङ्गठन गर्ने स्वतन्त्रताको अधिकार,

(ङ) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू, खासगरी:

(१) काम गर्ने, स्वेच्छाले रोजगारी रोज्ने, कामको उचित र अनुकूल अवस्था प्राप्त गर्ने, बेरोजगारीविरुद्ध संरक्षण पाउने, समान कामको लागि समान तलब पाउने, उचित तथा अनुकूल पारिश्रमिक पाउने अधिकार,

(२) ट्रेड युनियन स्थापना गर्ने तथा त्यसमा सम्मिलित हुने अधिकार,

(३) आवासको अधिकार,

(४) सार्वजनिक स्वास्थ्य, औषधोपचार, सामाजिक सुरक्षा तथा सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार,

(५) शिक्षा तथा तालीम (प्रशिक्षण)को अधिकार,

(६) सांस्कृतिक क्रियाकलापहरूमा समान सहभागिताको अधिकार,

(च) यातायात, होटल, रेस्टुरेण्ट, क्याफे, नाचघर तथा उद्यान जस्ता सर्वसाधारणको प्रयोगको लागि रहेका कुनै पनि स्थान वा सेवामा पहुँचको अधिकार।

धारा ६

पक्षराष्ट्रहरू प्रत्येक व्यक्तिलाई आफ्नो क्षेत्राधिकारभित्र सक्षम राष्ट्रिय न्यायाधिकरण

र अन्य राष्ट्रिय संस्थाहरूमार्फत जातीय भेदभावविरुद्धको कुनै पनि कार्यले यस महासन्धिविपरीत निजको मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको हननविरुद्ध प्रभावकारी सुरक्षा र उपचारको साथै त्यस्तो भेदभावको कारणले भएको कुनै पनि क्षतिका लागि त्यस्ता न्यायाधिकरणबाट उपयुक्त र उचित क्षतिपूर्ति वा सन्तुष्टि पाउने अधिकारको विश्वास दिलाउनेछन्।

धारा ७

जातीय भेदभावतर्फ धकेल्ने दुराग्रहहरूविरुद्ध लडाई गर्ने र राष्ट्रहरू तथा जातीय वा सामाजिक समूहहरूबीच समझदारी, सहिष्णुता तथा मित्रता प्रवर्धन गर्ने एवम् संयुक्त राष्ट्रसङ्घको बडापत्रका उद्देश्य तथा सिद्धान्तहरू, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र तथा यस महासन्धिको प्रचार-प्रसार गर्न पक्ष राष्ट्रहरूले खासगरी शिक्षण, शिक्षा, संस्कृति तथा सूचनाको क्षेत्रमा, तात्कालिक तथा प्रभावकारी उपायहरू अवलम्बन गर्ने प्रतिज्ञा गर्दछन्।

भाग २

धारा ८

१. समानुपातिक भौगोलिक वितरण पद्धतिअनुसार तथा विभिन्न सभ्यताहरूको एवम् प्रमुख कानुनी प्रणालीहरूको प्रतिनिधित्व हुने गरी पक्षराष्ट्रहरूले आफ्ना नागरिकहरूमध्येबाट निर्वाचित गरेका उच्च नैतिक अडान तथा निष्पक्षता स्वीकार गरिएका अठार (१८) जना विशेषज्ञहरू रहेको जातीय भेदभाव उन्मूलनसम्बन्धी समिति (यसपछि 'समिति' भनिएको) स्थापना गरिनेछ। तिनीहरूले व्यक्तिगत हैसियतमा सेवा गर्नेछन्।

२. समितिका सदस्यहरू पक्षराष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचिबाट गोप्य मतदानको प्रक्रियाबाट निर्वाचित हुनेछन्। प्रत्येक पक्षराष्ट्रले आफ्ना नागरिकहरूमध्येबाट एक जना व्यक्तिको मनोनयन गर्न सक्नेछ।

३. प्रस्तुत महासन्धि लागु भएको मितिले ६ महिना पछि प्रारम्भिक निर्वाचन हुनेछ। प्रत्येक निर्वाचनको मितिभन्दा कम्तिमा तीन महिनाअगावै संयुक्त राष्ट्रसङ्घका महासचिवले पक्ष राष्ट्रहरूलाई आ-आफ्ना मनोनयनहरू दुई महिनाभित्र पेश गर्न आह्वान गर्दै पत्र पठाउने छन्। महासचिवले त्यसरी मनोनित सबै व्यक्तिहरूको वर्णानुक्रम अनुसारको र निजहरूलाई मनोनयन गर्ने क्षराष्ट्रहरूको नामसमेत जनिएको सूची तयार पारी सो सूची पक्षराष्ट्रहरूलाई पठाउनेछन्।

४. संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा महासचिवले आयोजना गरेको पक्षराष्ट्रहरूको बैठकमा समितिका सदस्यहरूको निर्वाचन हुने छ। यस बैठकमा पक्षराष्ट्रहरूमध्ये दुई तिहाईको उपस्थितिलाई गणपूरक सङ्ख्या मानिनेछ। बैठकमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूका प्रतिनिधिहरूको स्पष्ट बहुमत प्राप्त गरी सबैभन्दा बढी मत प्राप्त गर्ने मनोनित व्यक्तिहरू समितिको सदस्यमा निर्वाचित भएको मानिनेछ।

५. (क) समितिका सदस्यहरू चार वर्षको अवधिका लागि निर्वाचित हुनेछन्। तर पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरूमध्ये नौजना सदस्यहरूको पदावधि दुई वर्षमा समाप्त हुनेछ। पहिलो निर्वाचन भएको लगत्तै पछि समितिका अध्यक्षले यी नौजना सदस्यहरूको नाम गोला प्रथाद्वारा छनौट गर्नेछन्।

(ख) आकस्मिक रिक्त पदको पूर्ति गर्नका लागि, जुन पक्षराष्ट्रको विशेषज्ञले समितिको सदस्यताको रिक्तता सिर्जना गरेको हो सोही पक्षराष्ट्रले समितिको स्वीकृतिको अधिनमा रही आफ्ना नागरिकहरूमध्येबाट अर्को विशेषज्ञको नियुक्ति गर्नेछ।

६. समितिको कर्तव्य पालना गर्दाको अवस्थामा समितिका सदस्यहरूको खर्चको लागि पक्षराष्ट्रहरू जिम्मेवार हुनेछन्।

धारा ९

१. पक्षराष्ट्रहरूले आफूले ग्रहण गरेका तथा यस महासन्धिका व्यवस्थाहरू कार्यान्वयन गर्ने कानुनी, न्यायिक, प्रशासनिक वा अन्य उपायहरूसम्बन्धी प्रतिवेदन समितिबाट विचार हुनको लागि संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष देहायबमोजिम पेश गर्ने प्रतिज्ञा गर्दछन्।

(क) सम्बन्धित राष्ट्रको हकमा महासन्धि लागु भएको एक वर्षभित्र, तथा

(ख) त्यसपछि, प्रत्येक दुई-दुई वर्षमा तथा समितिले अनुरोध गरेको बखत समितिले पक्षराष्ट्रहरूसँग थप जानकारी माग गर्न सक्नेछ।

२. समितिले महासचिवमार्फत आफ्नो क्रियाकलापसम्बन्धी प्रतिवेदन संयुक्त राष्ट्रसङ्घको महासभासमक्ष वार्षिकरूपमा पेश गर्ने र पक्षराष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरू तथा जानकारी परीक्षणमा आधारित सुझावहरू दिन तथा साधारण सिफारिसहरू गर्न सक्नेछ। त्यस्ता सुझाव र साधारण सिफारिसहरू एवम् पक्षराष्ट्रहरूबाट कुनै प्रतिक्रिया प्राप्त भएको भए त्यस्तो प्रतिक्रियासमेत महासभामा पेश गरिनेछ।

धारा १०

१. समितिले आफ्नो कार्यविधिका नियमहरू आफै निर्धारण गर्नेछ।

२. समितिले आफ्ना अधिकारीहरू दुई वर्षको कार्यकालको लागि निर्वाचित गर्नेछ।

३. समितिको सचिवालय संयुक्त राष्ट्रसङ्घका महासचिवले उपलब्ध गराउनेछन्।
४. समितिका बैठकहरू सामान्यतया संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा सम्पन्न गरिनेछन्।

धारा ११

१. कुनै पक्षराष्ट्रलाई अर्को पक्षराष्ट्रले यस महासन्धिका व्यवस्थाहरूलाई कार्यान्वयन गरिरहेको छैन भन्ने लागेमा त्यस्तो पक्षराष्ट्रले सो कुरा समितिको ध्यानमा ल्याउने सक्नेछ। त्यसपछि, समितिले सो कुराको सञ्चार सम्बन्धित पक्षराष्ट्रलाई पठाउनेछ। सञ्चार प्राप्त गर्ने राष्ट्रले तीन महिनाभित्र विषयवस्तु तथा सो राष्ट्रले कुनै उपचार ग्रहण गरेको भए सोसमेत स्पष्ट हुने गरी स्पष्टिकरण वा बयान लिखितरूपमा समितिसमक्ष पेश गर्नेछ।
२. द्विपक्षीय वार्ता वा दुवै पक्षहरूलाई खुला रहेका अन्य कुनै पनि कार्यविधिको माध्यमबाट सो कुरा दुवै पक्षको चित्त बुझ्ने गरी समाधान हुन नसकेमा प्रारम्भिक सञ्चार प्राप्त गर्ने राष्ट्रले सो सञ्चार प्राप्त गरेको मितिले ६ महिनाभित्र समिति तथा अन्य राष्ट्रलाई समेत सूचना दिएर समितिसमक्ष सो कुरा पुनः पेश गर्ने अधिकार दुवै पक्षलाई हुनेछ।
३. सो मुद्दामा अन्तर्राष्ट्रिय कानुनका सामान्यतः स्वीकृत सिद्धान्तहरूअनुरूप उपलब्ध सबै घरेलु उपचारहरूको माग गरिएको र त्यस्ता उपचारहरू समाप्त भई सकेको कुरा आफूले एकीन गरिसकेपछि समितिले आफूसमक्ष यस धाराको प्रकरण २ अनुसार पेश गरिएको कुनै कुरा हेर्नेछ। उपचारहरू लागु गर्न अनुचित ढिलाई हुने अवस्थामा यो व्यवस्था लागु हुने छैन।
४. आफूसमक्ष पेश गरिएका कुनै पनि कुरामा समितिले सम्बन्धित पक्षराष्ट्रहरूलाई अन्य कुनै सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ।
५. यस धाराबाट उत्पन्न कुनै पनि कुरा समितिमा विचाराधिन रहेको अवस्थामा सम्बन्धित पक्षराष्ट्रहरूले सो कुरामा समितिले विचार गर्दाका बखत समितिको कारबाहीमा मतदान गर्ने अधिकारबिना भाग लिन प्रतिनिधि पठाउन पाउनेछन्।

धारा १२

१. (क) समितिले आफूले आवश्यक ठानेको सम्पूर्ण जानकारी प्राप्त गरी सुक्ष्म परीक्षण गरिसकेपछि अध्यक्षले समितिको सदस्य रहेका वा नरहेका पाँचजना व्यक्तिहरूको एक अस्थायी मेलमिलाप आयोग (यसपछि 'आयोग' भनिएको) गठन गर्नेछन्।

आयोगका सदस्यहरू विवादका पक्षहरूको सर्वसम्मत सहमतिबाट नियुक्त गरिने छन् र आयोगको सद्भावपूर्ण सेवा (गुड अफिसेस) यो महासन्धि प्रतिको आदरको आधारमा सो कुराको शान्तिपूर्ण समाधानको उद्देश्यले सम्बन्धित राष्ट्रहरूलाई उपलब्ध गराइनेछ।

(ख) विवादका पक्षराष्ट्रहरू आयोगको गठनका सम्बन्धमा पूर्ण वा आंशिकरूपमा तीन महिनाभित्र सहमत हुन नसकेमा समितिको दुई तिहाई बहुमतले समितिका सदस्यहरूमध्येबाटै विवादका पक्षराष्ट्रहरूले स्वीकार नगरेका, आयोगका सदस्यहरूको गोप्य मतदानद्वारा निर्वाचन गर्नेछ।

२. आयोगका सदस्यहरूले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्ने छन्। विवादका पक्षराष्ट्रका वा यस महासन्धिको पक्ष नभएको कुनै राष्ट्रका नागरिकहरू आयोगका सदस्य हुने छैनन्।

३. आयोगले आफ्नो अध्यक्ष आफै निर्वाचन गर्ने र आफ्नो कार्यविधिका नियमहरू आफै निर्धारण गर्नेछ।

४. आयोगका बैठकहरू सामान्यतया संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालय वा आयोगबाट निर्धारण गरिएको अन्य कुनै सुविधायुक्त स्थानमा गरिने छन्।

५. पक्षराष्ट्रहरूबीच कुनै विवाद उत्पन्न भई आयोग क्रियाशील भएको बखतमा यस महासन्धिको धारा १० को प्रकरण ३ बमोजिम व्यवस्था गरिएको सचिवालयले आयोगलाई पनि सेवा पुऱ्याउने छ।

६. विवादका पक्षराष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घका महासचिवबाट उपलब्ध गराइएको अनुमानअनुसार आयोगका सदस्यहरूको सम्पूर्ण खर्च समानरूपमा व्यहोर्ने छन्।

७. आयोगका सदस्यहरूको खर्च यस धाराको प्रकरण ६ बमोजिम विवादका पक्षराष्ट्रहरूबाट सोधभर्ना हुनुअघि आवश्यक भएमा भुक्तानी गरिदिने अधिकार महासचिवलाई दिइनेछ।

८. समितिद्वारा प्राप्त गरी विस्तारपूर्वक संपरीक्षण गरिएका जानकारी आयोगलाई उपलब्ध गराइने र आयोगले सम्बन्धित राष्ट्रहरूलाई अन्य कुनै सम्बद्ध जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ।

धारा १३

१. आयोगले पूर्णरूपमा विषयवस्तुउपर विचार गरिसकेपछि आयोगले पक्षहरूबीचको विवादसँग सम्बन्धित सम्पूर्ण तथ्यगत प्रश्नहरूमा आफ्नो ठहर समावेश भएको र विवादको शान्तिपूर्ण समाधानको लागि आफूले उपयुक्त ठानेका सिफारिसहरूसमेत संलग्न प्रतिवेदन तयार गरी समितिको अध्यक्षसमक्ष पेश गर्नेछ।

२. समितिको अध्यक्षले आयोगको प्रतिवेदन विवादका प्रत्येक पक्षराष्ट्रलाई सम्प्रेषण गर्नेछ। यी राष्ट्रहरूले आयोगको प्रतिवेदनमा निहित सिफारिसहरू आफूले स्वीकार गर्ने वा नगर्ने कुराको जानकारी तीन महिनाभित्र समितिको अध्यक्षलाई दिनेछन्।

३. यस धाराको प्रकरण २ बमोजिमको समयावधि भुक्तान भएपछि समितिको अध्यक्षले आयोगको प्रतिवेदन तथा सम्बन्धित पक्षराष्ट्रका घोषणाहरू महासन्धिका अन्य पक्षराष्ट्रहरूलाई सम्प्रेषण गर्नेछन्।

धारा १४

१. कुनै पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकारभित्रका व्यक्तिहरू वा व्यक्तिहरूको समूहबाट यस महासन्धिमा उल्लिखित कुनै पनि अधिकार सो पक्षराष्ट्रबाट उल्लङ्घन भई पीडित भएको दाबी गरिएका सूचना प्राप्त गरी सोउपर विचार गर्नसक्ने समितिको सक्षमता आफूले स्वीकार गरेको घोषणा कुनै पनि समयमा गर्न सक्ने छ। समितिले यस्तो घोषणा नगरेको कुनै पक्षराष्ट्रसँग सम्बन्धित कुनै पनि सूचना ग्रहण गर्ने छैन।

२. यस धाराको प्रकरण १ बमोजिमको घोषणा गर्ने पक्षराष्ट्रले आफ्नो राष्ट्रिय कानुनी संरचनाभित्र कुनै निकाय स्थापना गर्न वा तोक्ने सक्ने र त्यस्तो निकाय आफ्नो क्षेत्राधिकारभित्र यस महासन्धिमा उल्लिखित अधिकारहरूमध्ये कुनै पनि अधिकारको उल्लङ्घनबाट पीडित भएको दावी गर्ने र अन्य उपलब्ध स्थानीय उपचारहरू समाप्त गरिसकेका व्यक्तिहरू तथा व्यक्तिहरूको समूहबाट निवेदनहरू प्राप्त गरी विचार गर्न सक्षम हुनेछ।

३. यस धाराको प्रकरण १ अनुसार गरिएको घोषणा तथा यसै धाराको प्रकरण २ अनुसार स्थापना गरिएको वा तोकिएको निकायको नाम सम्बन्धित पक्षराष्ट्रबाट संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिने र निजले सोका प्रतिहरू अन्य राष्ट्रहरूलाई संप्रेषण गर्नेछन्। महासचिवलाई सूचना दिएर कुनै पनि समयमा घोषणा फिर्ता लिन सकिनेछ। तर त्यस्तो फिर्ता लिने कार्यले समितिसमक्ष विचाराधिन कुनै पनि सञ्चारहरूलाई प्रभाव पार्ने छैन।

४. यस धाराको प्रकरण २ बमोजिम स्थापित वा तोकिएको निकायले निवेदनहरूको दर्ता किताब खडा गरीराख्नेछ र दर्ता कितावका प्रमाणित प्रतिहरू उपयुक्त माध्यमहरूबाट सो किताबमा रहेका कुराहरू सार्वजनिकरूपमा प्रकाश नगरिने समझदारीमा महासचिवसमक्ष वार्षिकरूपमा दर्ता गरिनेछ।

५. यस धाराको प्रकरण २ बमोजिम स्थापित वा तोकिएको निकायबाट सन्तुष्टि प्राप्त गर्न नसकेको अवस्थामा निवेदकलाई ६ महिनाभित्र समितिसमक्ष सो कुरा सम्प्रेषण गर्न पाउने अधिकार हुनेछ।

६.

(क) समितिले आफूसमक्ष पेश गरिएका सम्प्रेषणप्रति यस महासन्धिका कुनै व्यवस्थाहरू उल्लङ्घन गरेको आरोप लागेको पक्षराष्ट्रको ध्यान गोप्यरूपमा आकर्षित गर्नेछ। तर सम्बन्धित व्यक्ति वा व्यक्तिहरूको समूहको व्यक्त सहमति बिना निजहरूको परिचय प्रकट गरिने छैन। समितिले बेनामी सूचनाहरू ग्रहण गर्ने छैन।

(ख) सञ्चार प्राप्त गर्ने राष्ट्रले विषयवस्तु तथा सो राष्ट्रबाट कुनै उपचार लिइएको भए सोसमेत स्पष्ट पार्ने लिखित व्याख्या वा व्यानहरू तीन महिनाभित्र समितिसमक्ष पेश गर्नेछ।

७.

(क) सम्बन्धित पक्षराष्ट्र तथा निवेदकबाट समितिलाई उपलब्ध गराइएका सबै जानकारीको आधारमा समितिले सूचनाहरूउपर विचार गर्नेछ। निवेदकले उपलब्ध सबै घरेलु उपचार समाप्त गरिसकेको कुरा एकिन नगरेसम्म समितिले त्यस्तो निवेदकबाट प्राप्त गरेको कुनै पनि सूचनाउपर विचार गर्ने छैन। तथापि उपचारहरू लागु गर्न अनुचित ढिलाइ हुने अवस्थामा यो व्यवस्था लागु हुने छैन।

(ख) समितिले आफ्ना सुझाव तथा कुनै सिफारिसहरू भए सोसमेत सम्बन्धित पक्षराष्ट्र तथा निवेदकलाई पठाउनेछ।

८. समितिले आफ्नो वार्षिक प्रतिवेदनमा त्यस्ता सूचनाको सारांश तथा उपयुक्त भएको अवस्थामा सम्बन्धित पक्षराष्ट्रहरूको व्यवस्था तथा विवरणहरूको र आफ्नो सुझाव तथा सिफारिसहरूको सारांश संलग्न गर्नेछ

९. यस महासन्धिका कम्तीमा दश पक्षराष्ट्रहरूले यस धाराको प्रकरण १ बमोजिमका घोषणा गरेपछि मात्र समिति यस धारामा उल्लिखित कार्यहरू गर्न सक्षम हुनेछ।

धारा १५

१. महासभाको १४ डिसेम्वर १९६० को प्रस्ताव १५१४ (१५) मा रहेका औपनिवेशिक देशहरू तथा जनताहरूलाई स्वाधिनता प्रदान गर्नेसम्बन्धी घोषणापत्रका उद्देश्यहरू हासिल नभएसम्म, यस महासन्धिका व्यवस्थाहरूले अन्य अन्तर्राष्ट्रिय लिखतहरूबाट वा संयुक्त राष्ट्रसङ्घ तथा यसका विशिष्टिकृत निकायहरूबाट यी जनताहरूलाई प्रदान गरिएको निवेदन गर्ने अधिकारलाई कुनै पनि रूपमा सीमित गर्ने छैनन्।

२.

(क) यस महासन्धिको धारा ८ को प्रकरण १ अन्तर्गत स्थापित समितिले यस महासन्धिमा समेटिएका विषयहरूसँग सम्बद्ध कुरामा न्यास एवम् गैरस्वशासित इलाकाहरू तथा महासभाको प्रस्ताव १५१४ (१५) लागु हुने अन्य सबै इलाकाहरूका

बासिन्दाहरूबाट प्राप्त निवेदनहरूउपर विचार गर्दा यस महासन्धिका सिद्धान्त र उद्देश्यहरू प्रत्यक्षरूपमा अवलम्बन गर्ने संयुक्त राष्ट्रसङ्घका निकायहरूबाट निवेदनका प्रतिहरू प्राप्त गर्ने र त्यस्ता निवेदनमा आफ्नो विचार र सिफारिसहरू त्यस्ता निकायहरूसमक्ष पेश गर्नेछ।

(ख) समितिले संयुक्त राष्ट्रसङ्घका सक्षम निकायहरूबाट यस प्रकरणको उप-प्रकरण (क) मा उल्लिखित इलाकाहरूमा प्रशासन गर्ने अधिकारीहरूबाट लागु गरिएका यस महासन्धिका सिद्धान्त तथा उद्देश्यहरूसँग प्रत्यक्षरूपमा सम्बन्धित व्यवस्थापकीय, न्यायिक, प्रशासनिक वा अन्य उपायहरूसम्बन्धी प्रतिवेदनका प्रतिहरू प्राप्त गर्ने र ती निकायहरूलाई राय तथा सिफारिस प्रदान गर्नेछ।

३. समितिले महासभासमक्ष पेश गर्ने आफ्नो प्रतिवेदनमा संयुक्त राष्ट्रसङ्घका निकायहरूबाट आफूले प्राप्त गरेका निवेदन तथा प्रतिवेदनहरूको सारांश र ती निवेदन तथा प्रतिवेदनहरूसँग सम्बन्धित समितिको राय तथा सिफारिसहरूसमेत समावेश गर्नेछ।

४. यस महासन्धिका उद्देश्यहरूसँग सम्बन्धित तथा यस धाराको प्रकरण २ (क) मा उल्लिखित इलाकाहरूसम्बन्धी संयुक्त राष्ट्रसङ्घका महासचिवसँग उपलब्ध सबै जानकारी उपलब्ध गराउन समितिले निजलाई अनुरोध गर्नेछ।

धारा १६

विवाद वा उजुरीहरूको समाधानसम्बन्धी यस महासन्धिका व्यवस्थाहरू संयुक्त राष्ट्रसङ्घ तथा यसका विशिष्टिकृत निकायका वैधानिक लिखतहरू वा तिनीहरू ग्रहण गरिएका महासन्धिहरूमा भेदभावसँग सम्बन्धित विवाद वा उजुरीहरूको समाधान गर्ने सम्बन्धमा व्यवस्था गरिएका अन्य कार्यविधिहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी लागु गरिने र यी व्यवस्थाहरूले पक्षराष्ट्रहरूलाई आफूहरूबीच लागु रहेका सामान्य वा विशेष अन्तर्राष्ट्रिय सम्झौताहरूअनुसार विवादको समाधान गर्ने विषयमा अन्य कार्यविधिहरू अवलम्वन गर्न रोक लगाउने छैनन्।

भाग ३

धारा १७

१. यो महासन्धि संयुक्त राष्ट्रसङ्घको कुनै सदस्य राष्ट्रबाट वा यसको कुनै विशिष्टिकृत निकायको सदस्यबाट, अन्तर्राष्ट्रिय न्यायालयको विधानको कुनै पक्षराष्ट्रबाट तथा संयुक्त राष्ट्रसङ्घको महासभाबाट यस महासन्धिको पक्ष हुन आमन्त्रण गरिएको अन्य कुनै पनि राष्ट्रबाट हस्ताक्षर हुनका लागि खुला रहनेछ।

२. यो महासन्धिलाई अनुमोदन गर्नुपर्ने र अनुमोदनका लिखतहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गर्नु पर्नेछ।

धारा १८

१. यो महासन्धि धारा १७ को प्रकरण १ बमोजिमको कुनै पनि राष्ट्रबाट सम्मिलन हुनका लागि खुला रहनेछ।

२. सम्मिलनको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ।

धारा १९

१. संयुक्त राष्ट्रसङ्घको महासचिवसमक्ष अनुमोदन वा सम्मिलनको सत्ताइसौँ लिखत दाखिला भएको मितिले तीसौँ दिनदेखि यो महासन्धि लागु हुनेछ।

२. अनुमोदन वा सम्मिलनको सत्ताइसौँ लिखत दाखिला भएपछि यो महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीसौँ दिनदेखि यो महासन्धि लागु हुनेछ।

धारा २०

१. संयुक्त राष्ट्रसङ्घका महासचिवले यो महासन्धि अनुमोदन वा सम्मिलन गर्दाको वखत राष्ट्रहरूबाट राखिएका आरक्षणहरू प्राप्त गरी यो महासन्धिका पक्ष भएका वा पक्ष हुन सक्ने सबै राष्ट्रहरूलाई वितरण गर्नेछन्। आरक्षणमा विरोध गर्ने कुनै पनि राष्ट्रले सो सूचनाको मितिले नब्बे दिनको अवधिभित्र आफूले सो आरक्षण स्वीकार नगर्ने कुराको जानकारी महासचिवलाई दिनेछ।

२. यस महासन्धिको उद्देश्य तथा प्रयोजनविपरीत हुने आरक्षण स्वीकार गरिने छैन। यस महासन्धिबाट स्थापित निकायहरूमध्ये कुनै पनि निकायको सञ्चालन अवरुद्ध गर्नसक्ने किसिमको आरक्षणलाई पनि अनुमति दिइने छैन। यस महासन्धिका पक्षराष्ट्रहरूमध्ये कम्तीमा दुईतिहाई पक्षराष्ट्रहरूले कुनै आरक्षणको विरोध गरेमा त्यस्तो आरक्षणलाई असङ्गतपूर्ण वा अवरुद्धकारी मानिनेछ।

३. महासचिवलाई सम्बोधन गरी सोसम्बन्धी सूचना दिएर कुनै पनि समयमा आरक्षण फिर्ता लिन सकिनेछ। त्यस्तो सूचना प्राप्त भएको मितिदेखि लागु हुनेछ।

धारा २१

कुनै पनि पक्षराष्ट्रले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिएर यो महासन्धि परित्याग गर्न सक्नेछ। महासचिवले त्यस्तो सूचना प्राप्त गरेको मितिले एक वर्षपछि परित्याग लागु हुनेछ।

धारा २२

यस महासन्धिको व्याख्या वा कार्यान्वयनका सम्बन्धमा दुई वा सोभन्दा बढी पक्षराष्ट्रहरूबीचको कुनै विवाद वार्ता वा यस महासन्धिमा स्पष्टरूपमा व्यवस्था गरिएको कार्यविधिबाट समाधान हुन नसकेमा, झगडियाहरू समाधानको अर्को तरीकामा सहमत नभएमा विवादका पक्षहरूमध्ये कुनै एक पक्षको अनुरोधमा त्यस्तो विवाद निर्णयको लागि अन्तर्राष्ट्रिय न्यायालयमा पेश गरिनेछ।

धारा २३

१. यस महासन्धिको पुनरावलोकनको लागि पक्षराष्ट्रले, कुनै पनि समयमा संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सम्बोधन गरिएको लिखित सूचनाको माध्यमबाट अनुरोध गर्न सक्नेछ।
२. संयुक्त राष्ट्रसङ्घको महासभाले त्यस्तो अनुरोधका सम्बन्धमा कुनै कदम चाल्नुपर्ने भए सो सम्बन्धमा निर्णय लिनेछ।

धारा २४

संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिको धारा १७ को प्रकरण १ बमोजिमका सबै राष्ट्रहरूलाई देहायका कुराहरूको जानकारी दिनेछन्:

(क) धारा १७ तथा १८ अन्तर्गतका हस्ताक्षर, अनुमोदन तथा सम्मिलनहरू,
(ख) धारा १९ बमोजिम यो महासन्धि लागु हुने मिति,
(ग) धारा १४, २० र २३ अन्तर्गत प्राप्त गरिएका सूचना तथा घोषणापत्रहरू,
(घ) धारा २१ बमोजिमका परित्यागहरू।

धारा २५

१. अरबी, चिनियाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समानरूपले प्रामाणिक हुने यो महासन्धि संयुक्त राष्ट्रसङ्घको अभिलेखालयमा दाखिला गरिनेछ।
२. संयुक्त राष्ट्रसङ्घका महासचिवले महासन्धिको धारा १७ को प्रकरण १ बमोजिमका वर्गहरूमध्ये कुनै पनि वर्गका सबै राष्ट्रहरूलाई यो महासन्धिका प्रमाणित प्रतिहरू सम्प्रेषण गर्नेछन्।

खण्ड ६

यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धिको परिचय

कुनै पनि व्यक्तिलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने तथा यस्तो क्रियाकलापबाट उनीहरूको अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने महासन्धि नै यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि हो। यो महासन्धि:

- सन् १९८४ को १० डिसेम्बरका दिन संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा अनुमोदन तथा सम्मिलनका निम्ति खुला गरिएको र सन् १९८४ को २६ जुनदेखि लागु भएको
- कूल ३ भाग एवम् ३३ वटा धाराहरू विभाजित गरिएको
- सन् १९९१ को १४ मे का दिन नेपालद्वारा सम्मिलन गरिएको हो।

यातनाविरुद्धको अभियानको विकासको क्रममा सन् १९८४ को डिसेम्बर १० का दिन संयुक्त राष्ट्रसङ्घको साधारण सभाले यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि पारित गऱ्यो। जम्मा ३३ वटा धारा भएको यो महासन्धिले पहिलो धारामा यातनालाई परिभाषित गरेको छ। कुनै पनि सार्वजनिक अधिकारी वा त्यस्तै हैसियतबाट काम गर्ने कुनै पनि व्यक्तिले वा त्यस्तो व्यक्तिको प्रत्यक्ष वा अप्रत्यक्ष सहमतिबाट कुनै व्यक्तिबाट कुनै पनि जानकारी लिनको लागि वा अन्य कसैले गरेको अपराधको जानकारीको लागि दिइने जुनसुकै प्रकारको शारीरिक वा मानसिक पीडा वा कष्टलाई यातनाभित्र पारिएको छ। धारा २ मा युद्ध वा जस्तोसुकै आन्तरिक राजनीतिक अस्थिरताको समयमा वा सङ्कटकालमा समेत यातनाको औचित्यलाई स्वीकार गरिने छैन भनी उल्लेख गरिएको छ। यस महासन्धिले शारीरिक वा मानसिक जुनसुकै यातनाको पूर्णत: उन्मूलन गर्ने उद्देश्य अघि सारेको छ। तर पनि महासन्धिले विभिन्न कारणले गर्दा कुनै समुदायमाथि पर्न जाने सामाजिक यातनालाई भने यस महासन्धिको विषय वस्तुको रूपमा ग्रहण गर्न सकेको छैन। त्यस्तै महासन्धिले राज्यस्तरबाट मात्र यातना गरिने र हुने कुरालाई अनुमान गरेको

छ। व्यक्ति एवम् समुदायबाट नै कसैमाथि यातना हुने गरेको कुरालाई त्यत्ति सशक्त ढङ्गले उठाउन सकेको छैन।

महासन्धिमा हिरासतमा राखिएको व्यक्तिलाई यातना नदिइयोस् भन्ने अभिप्रायका साथ नियमितरूपमा सोधपुछ गरिनुपर्ने कुराको उल्लेख गरिएको छ। अनुसन्धान पद्धतिलाई समय-समयमा पुनरावलोकन गर्नुपर्ने कुरा पनि महासन्धिमा उठाइएको छ। यातनाको शिकार भएको व्यक्तिका निम्ति उपचारको पर्याप्त व्यवस्था गरिनुपर्ने र यातनाको वलमा तयार पारिएको बयानलाई प्रमाणमा ग्रहण गर्न नहुने प्रावधान पनि महासन्धिमा राखिएको छ।

महासन्धिले पक्षराष्ट्रले नियमितरूपमा प्रतिवेदन पेश गर्ने गरी दायित्व तोक्नुका साथै यातनाको सम्बन्धमा उजुरी गर्न सक्ने व्यवस्थाको लागि १० सदस्यीय समितिको समेत गठनको प्रावधान राखेको छ। उक्त समितिको नाम यातनाविरुद्धको समिति राखिएको छ। छोटकरीमा यसलाई क्याट (CAT) भन्ने गरिएको पाइन्छ। यस महासन्धिको अर्को विशेषता के छ भने कुनै पनि मुलुकमा यातना पाउने सम्भावना भएको व्यक्तिलाई त्यस राष्ट्रमा नपठाउने व्यवस्था मिलाउन सकिन्छ। तर यातना दिने कार्यमा संलग्न व्यक्तिलाई भने सम्बन्धित राष्ट्रमा पठाउन सकिने व्यवस्था यसले गरेको छ। नेपाल यो महासन्धिमा सन् १९९१ को मे १४ का दिन अनुमोदन गरी पक्षराष्ट्र भएको हो।

यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धिको ऐच्छिक आलेख

यो ऐच्छिक आलेख सन् २००२ डिसेम्बरमा संयुक्त राष्ट्रसङ्घद्वारा पक्षराष्ट्रलाई हस्ताक्षर र अनुमोदनका लागि खुला गरिएको हो र यस आलेखको कार्यान्वयन सन् २००६ को जुन महीनाबाट भएको हो। यस आलेखमा जम्मा ७ भाग तथा ३७ धाराहरू छन्। नेपालले हालसम्म यस ऐच्छिक आलेखलाई अनुमोदन गरेको छैन।

यातनाविरुद्धको समिति

यो समिति यातनाविरुद्धको महासन्धिको पक्षराष्ट्रमा कार्यान्वयनको लागि निर्माण गरिएको हो। समितिको गठन उच्च नैतिक मर्यादा भएका र यस महासन्धिमा समेटिएका विशेषज्ञहरूका तर्फबाट सामानुपातिक भौगोलिक वितरण एवम् प्रमुख कानुन प्रणालीको समेत प्रतिनिधित्व हुने गरी गरिन्छ। यस समितिमा १० जना विज्ञहरू रहने व्यवस्था रहेको छ। समितिका सदस्यहरू चार वर्षका लागि निर्वाचित हुने व्यवस्था

गरिएको छ। पक्षराष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरूको निर्वाचन गरिने व्यवस्था छ। समितिले आफूलाई तोकिएका दायित्वहरूको परिपूर्ति एवम् कार्यान्वयनका लागि आफै कार्यविधि निर्धारण गर्न सक्दछ। त्यस्तै समितिले आफ्ना दायित्वको निर्वाहका लागि अधिकारीहरूको निर्वाचन दुई वर्षको लागि गर्न सक्दछ। संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिअर्न्तगत समितिका कार्यको प्रभावकारी सम्पादनका लागि आवश्यक कर्मचारी तथा सुविधाहरू उपलब्ध गराउने गरी महासन्धिले तोकेको छ।

पक्षराष्ट्रले महासन्धि लागु भएको एक वर्षभित्र भए गरेका प्रयासहरूसम्बन्धी प्रतिवेदन समितिमा प्रस्तुत गर्नु पर्दछ। त्यसपछि चार-चार वर्षको अन्तरालमा सबै पक्षराष्ट्रद्वारा समितिसमक्ष आवधिक प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गरिएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिवले प्रतिवेदनहरू सबै पक्षराष्ट्रहरूलाई पठाउने गर्दछ। समितिबाट प्रत्येक प्रतिवेदन माथि गम्भीरतापूर्वक विचार गरी आवश्यक टिप्पणीसमेत गर्न सक्दछ। त्यस्तै कुनै घट्ना एवम् भनाइहरूमा आवश्यक छानविनका लागि पहल पनि गर्न सक्ने गरी प्रक्रिया अगाडि बढाउन सक्दछ। कुनै पक्षराष्ट्रको इलाकामा यातनाअनुरूपका क्रियाकलापहरू व्यवस्थितरूपमा भइरहेका भन्ने कुराको सन्तोषजनक प्रमाण एवम् सङ्केतहरू देखिने भरपर्दो जानकारी समितिले प्राप्त गरेमा उक्त कार्यमा आवश्यक छानविनका लागि सम्बन्धित सूचना एवम् भनाइ पेश गर्नका लागि अनुरोध गर्न सक्दछ।

यातनाको रोकथामको निम्ति बनेको उपसमिति

यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको रक्षार्थ बनेको उपसमिति संयुक्त राष्ट्रसङ्घको मानव अधिकार प्रणालीमा स्थापना गरिएको नयाँ सन्धि व्यवस्थापन गर्ने निकाय हो। यस उपसमितिलाई मुख्यत: रक्षात्मक अधिकार प्रदान गरिएको छ, जसअनुसार कुनै पनि किसिमको यातना तथा अपमानजनक घटनाको रोकथामको निम्ति नविनतम्, दिगो तथा सक्रिय क्रियाशीलता साथ कार्य गर्दछ। यस उपसमितिले सन् २००७ को फेब्रुअरीदेखि आफ्नो कार्य सुरु गरेको हो। यो उपसमिति यातना तथा अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धिको ऐच्छिक आलेखको व्यवस्थाहरूलाई कार्यान्वयनका लागि स्थापना गरिएको हो। यस उपसमितिअन्तर्गत २५ जना स्वतन्त्र, निष्पक्ष छवी बनाएका र विभिन्न विधामा दक्षता हासिल गरेका विश्वका विभिन्न क्षेत्रहरूको प्रतिनिधित्व रहने गरी सदस्यहरू रहन्छन्। यातनाविरुद्धको ऐच्छिक आलेखका पक्षराष्ट्रहरूबाट चार वर्षको कार्यकाल रहने गरी सदस्यहरू निर्वाचित गरिन्छ र सदस्यहरू पुन: निर्वाचित हुन पाउने प्रावधानको पनि व्यवस्था गरिएको छ।

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४

(नेपालले १४ मे १९९१ तदअनुसार ३१ वैशाख २०४७ मा सम्मिलन गरेको)
१० डिसेम्बर १९८४ मा महासभाद्वारा पारित प्रस्ताव ३९/४६ बमोजिम ग्रहण गरी
हस्ताक्षर, अनुमोदन तथा सम्मिलनको लागि खुला गरिएको
लागु भएको मितिः धारा २७(१) अनुसार, २६ जुन १९८७
तदअनुसार १२ असार २०४४

यस महासन्धिका पक्षराष्ट्रहरू,

संयुक्त राष्ट्रसङ्घको वडापत्रमा घोषणा गरिएका सिद्धान्तहरूअनुसार मानव परिवारका सबै सदस्यहरूको समान र अविच्छिन्न अधिकारहरूको मान्यतानै विश्वमा स्वतन्त्रता, न्याय तथा शान्तिको आधारशिला हो भन्ने कुरा विचार गर्दै,

मानव व्यक्तिको अन्तर्निहित प्रतिष्ठाबाट नै ती अधिकारहरू निस्सृत हुने कुरालाई स्वीकार गर्दै,

वडापत्र खासगरी धारा ५५ अन्तर्गत मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापीरूपमा सम्मान र पालना प्रवर्धन गर्ने राष्ट्रहरूको दायित्वलाई विचार गर्दै,

कसैलाई पनि यातना दिन वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गर्न नहुने व्यवस्था गर्ने मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ५ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ७ दुवैलाई ध्यान दिँदै,

९ डिसेम्बर १९७५ तदनुसार २३ मार्ग २०३२ मा महासभाद्वारा ग्रहण गरिएको सबै व्यक्तिहरूलाई यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायवाट संरक्षण दिनेसम्बन्धी धोषणापत्रलाई समेत ध्यान दिँदै,

यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको सङ्घर्षलाई विश्वभर नै अझ बढी प्रभावकारी बनाउने इच्छा गर्दै,

देहायबमोजिम सहमत भएका छन्।

भाग १

धारा १

१. यस महासन्धिको प्रयोजनको लागि 'यातना' भन्ने शब्दले कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको वहकाउ वा सहमति वा मौन सहमतिमा कुनै व्यक्ति वा तेश्रो व्यक्तिबाट जानकारी वा सावित लिने वा निज वा तेश्रो व्यक्तिले गरेको वा गरेको भनी शङ्का गरिएको कार्यको लागि दण्ड दिने, वा निज वा तेश्रो व्यक्तिलाई त्रास देखाउने वा जोरजुलूम गर्ने जस्ता उद्देश्यहरू वा कुनै पनि प्रकारको भेदभावमा आधारित कुनै कारणका लागि सो व्यक्तिलाई जानीजानी शारीरिक वा मानसिक कठोर पीडा वा कष्ट दिने कार्य सम्झनु पर्छ।
कानुनी बन्देजहरूबाट मात्र उत्पन्न हुने वा तिनमा अन्तर्निहित वा सोसँग अनुसाङ्गिक पीडा वा कष्ट यसमा समावेश हुँदैन।

२. यस धाराले व्यापक तर दायराको व्यवस्था गरेको वा गर्न सक्ने कुनै पनि अन्तर्राष्ट्रिय लिखत वा राष्ट्रिय कानुनमा प्रतिकूल प्रभाव पार्ने छैन।

धारा २

१. प्रत्येक पक्षराष्ट्रले आफ्नो अधिकारक्षेत्रअन्तर्गतको कुनै पनि इलाकामा यातनाका कार्यहरूमा रोक लगाउन प्रभावकारी कानुनी, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अवलम्बन गर्नेछ।

२. युद्धको स्थिति वा युद्धको धम्की वा आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक सङ्कटकाल जस्ता कुनै पनि अपवादजनक परिस्थितिहरूलाई यातनाको औचित्य पुष्टि गर्न उपयोग गर्न सकिने छैन।

३. माथिल्लो तहको अधिकारी वा सार्वजनिक निकायको आदेशलाई यातनाको औचित्य पुष्टि गर्न उपयोग गर्न सकिने छैन।

धारा ३

१. कुनै पनि पक्षराष्ट्रले कुनै व्यक्तिलाई अर्को राष्ट्र, जहाँ सो व्यक्तिलाई यातना दिनसक्ने खतरा रहेको कुरा विश्वास गर्ने ठोस आधारहरू छन्, उसलाई निकाला गर्ने, फर्काउने वा सुपुर्दगी गर्ने छैन।

२. त्यस्ता आधारहरू भए नभएको यकिन गर्ने प्रयोजनको लागि अधिकारप्राप्त अधिकारीहरूले सम्बन्धित राष्ट्रमा मानव अधिकारको व्यापक, स्पष्ट वा आम उल्लङ्घनको स्थिरस्वरूपलगायतका सम्बद्ध सबै कुराहरूको विचार गर्नेछन्।

धारा ४

१. प्रत्येक पक्षराष्ट्रले यातनाका सबै कार्यहरू आफ्नो फौजदारी कानुनअन्तर्गत कसुर हुने कुरा सुनिश्चित गर्नेछन्। यस्तो व्यवस्था यातना दिने उद्योग तथा यातनामा सहभागिता वा मिलिमतोका हकमा पनि लागु हुनेछ।

२. प्रत्येक पक्षराष्ट्रले यी कसुरहरूलाई तिनीहरूको गम्भीर प्रकृतिलाई विचार गरी उपयुक्त दण्डसजायबाट दण्डनीय बनाउनेछन्।

धारा ५

१. प्रत्येक पक्षराष्ट्रले देहायका अवस्थाहरूमा धारा ४ बमोजिमका कसुरहरूमा आफ्नो क्षेत्राधिकार स्थापित गर्न आवश्यक उपायहरू अवलम्बन गर्नेछन्:

(क) ती कसूरहरू आफ्नो क्षेत्राधिकारअन्तर्गतको कुनै इलाकामा वा सो राष्ट्रमा दर्ता भएको जहाज वा वायुयानभित्र गरिएको,

(ख) दोषारोपित कसुरदार सो राष्ट्रको नागरिक भएको,

(ग) पीडित सो राष्ट्रको नागरिक भएको र सो राष्ट्रले उचित ठानेको।

२. त्यसैगरी, प्रत्येक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकारअन्तर्गतको कुनै इलाकामा दोषारोपित कसुरदार उपस्थित भएको र आफूले निजलाई यस धाराको प्रकरण १ मा उल्लिखित कुनै राष्ट्रलाई धारा ८ बमोजिम सुपुर्दगी नगर्ने भएमा त्यस्ता कसुरहरूमा आफ्नो क्षेत्राधिकार स्थापित गर्न आवश्यक उपायहरू अवलम्बन गर्नेछ।

३. यस महासन्धिले आन्तरिक कानुनअनुसार प्रयोग गरिने कुनै पनि फौजदारी क्षेत्राधिकारलाई बाहेक गर्दैन।

धारा ६

१. जुन पक्षराष्ट्रको इलाकामा धारा ४ बमोजिमको कुनै कसूर गरेको अभियोग लागेको व्यक्ति उपस्थित छ सो राष्ट्र आफूलाई उपलब्ध सूचनाहरूको परीक्षण पछि सो कुरा गर्नुपर्ने परिस्थिति विद्यमान भएको कुरामा सन्तुष्ट भएमा सो राष्ट्रले त्यस्तो व्यक्तिलाई हिरासतमा लिने वा निजको उपस्थिति सुनिश्चित गर्ने अन्य कानुनी उपायहरू अवलम्बन गर्ने छ। हिरासत तथा अन्य कानुनी उपायहरू सो राष्ट्रको कानुनबमोजिम हुने छन्। तर त्यस्ता हिरासत तथा

उपायहरूलाई फौजदारी वा सुपुर्दगी कारबाही गर्न आवश्यक समयसम्म मात्र निरन्तर राख्न सकिनेछ।

२. त्यस्तो राष्ट्रले तत्कालै तथ्यहरूको प्रारम्भिक छानविन गर्नेछ।

३. यस धाराको प्रकरण १ अनुसार हिरासतमा रहेको कुनै पनि व्यक्तिलाई निज जुन राष्ट्रको नागरिक हो सो राष्ट्रको निकटतम उपयुक्त प्रतिनिधिसँग वा निज राज्यविहिन व्यक्ति भएमा, निज प्राय:जसो बस्ने गरेको राष्ट्रको प्रतिनिधिसँग तत्कालै संचार सम्पर्क गर्न सहयोग गरिनेछ।

४. कुनै राष्ट्रले यस धारा अनुसार कुनै व्यक्तिलाई हिरासतमा लिएमा सो राष्ट्रले धारा ५ को प्रकरण १ मा उल्लिखित राष्ट्रहरूलाई त्यस्तो व्यक्ति हिरासतमा रहेको तथ्य तथा निजलाई थुनामा राख्नु पर्ने परिस्थितिहरूको बारे मा तत्कालै जानकारी दिनेछ। यस धाराको प्रकरण २ मा उल्लिखित प्रारम्भिक छानविन गर्ने राष्ट्रले उल्लिखित राष्ट्रहरूलाई आफ्नो ठहरको अविलम्ब जानकारी दिने र आफूले क्षेत्राधिकार प्रयोग गर्न खोजे वा नखोजेको कुरासमेत जनाउनेछ।

धारा ७

१. जुन पक्षराष्ट्रको इलाकामा धारा ४ बमोजिमको कुनै कसूर गरेको अभियोग लागेको व्यक्ति भेटिएको छ सो पक्षराष्ट्रले धारा ५ मा उल्लिखित अवस्थाहरूमा आफूले सो व्यक्तिलाई सुपुर्दगी नगरेमा मुद्दा चलाउने उद्देश्यको लागि सो मुद्दालाई आफ्ना अधिकारप्राप्त अधिकारीहरूसमक्ष पेश गर्नेछ।

२. यी अधिकारीहरूले सो राष्ट्रको कानुनअन्तर्गत गम्भीर प्रकृतिको कुनै सामान्य कसुरसम्बन्धी मुद्दा सरह सोही तवरमा आफ्ना निर्णयहरू लिने छन्। धारा ५ को प्रकरण २ बमोजिमका मुद्दाहरूमा, मुद्दा चलाउन तथा कसूर प्रमाणित गर्न आवश्यक प्रमाणको स्तर कुनै पनि हालतमा धारा ५ को प्रकरण १ बमोजिमका मुद्दाहरूमा लागु हुने प्रमाणको स्तर भन्दा कम कठोर हुने छैन।

३. जुन व्यक्तिको सम्बन्धमा धारा ४ बमोजिमका कसूरहरूमध्ये कुनै कसूरका सम्बन्धमा कारबाही चलाइएको छ सो व्यक्तिलाई कारबाहीका सबै तहहरूमा स्वच्छ व्यवहारको प्रत्याभूति दिइनेछ।

धारा ८

१. धारा ४ बमोजिमका कसूरहरू पक्षराष्ट्रहरूबीच विद्यमान कुनै पनि सुपुर्दगी सन्धिमा सुपुर्दगीयोग्य कसूरहरूका रूपमा समावेश भएको मानिने छ। पक्षराष्ट्रहरूले त्यस्ता कसूरहरूलाई आफूहरूबीच छ सम्पन्न हुने प्रत्येक सुपुर्दगी सन्धिमा सुपुर्दगीयोग्य कसूरहरूको रूपमा समावेश गर्ने प्रतिज्ञा गर्दछन्।

२. सुपुर्दगीलाई सन्धिको विद्यमानतामा शर्तयुक्त बनाउने कुनै पक्षराष्ट्रले आफूसँग सुपुर्दगी सन्धि सम्पन्न नभएको कुनै अर्को पक्षराष्ट्रबाट सुपुर्दगीको लागि अनुरोध प्राप्त गरेमा सो पक्षराष्ट्रले यस महासन्धिलाई त्यस्ता कसूरहरूका सम्बन्धमा सुपुर्दगीको लागि कानुनी आधारको रूपमा लिन सक्नेछ। सुपुर्दगी अनुरोध गरिएको राष्ट्रको कानुनद्वारा व्यवस्था गरिएका अन्य अवस्थाहरूका अधीनमा रहनेछ।

३. सन्धिको विद्यमानतामा सुपुर्दगीलाई शर्तयुक्त नबनाउने पक्षराष्ट्रहरूले त्यस्ता कसूरहरूलाई अनुरोध गरिएको राष्ट्रको कानुनद्वारा व्यवस्था गरिएका अवस्थाहरूको अधिनमा रहने गरी आफूहरूबीच सुपुर्दगीयोग्य कसूरहरूको रूपमा स्वीकार गर्नेछन्।

४. पक्षराष्ट्रहरूबीच सुपुर्दगीको प्रयोजनको लागि, त्यस्ता कसूरहरू घटेको स्थानमा मात्रै गरिएको नभई धारा ५ को प्रकरण १ अनुसार क्षेत्राधिकार स्थापित गनुपर्ने राष्ट्रहरूका इलाकाहरूमा समेत गरिएको मानिनेछ।

धारा ९

१. पक्षराष्ट्रहरूले एक अर्कोलाई धारा ४ बमोजिमका कुनै पनि कसूरका सम्बन्धमा चलाइएको फौजदारी कारबाहीका सम्बन्धमा आफूसँग भएका कारबाहीका लागि आवश्यक सबै प्रमाणको आपूर्तिलगायतको उच्चतम स्तरको सहायता प्रदान गर्नेछन्।

२. पक्षराष्ट्रहरूले आफूहरू बीच विद्यमान हुनसक्ने आपसी न्यायिक सहायतासम्बन्धी कुनै पनि सन्धिहरू अनुरूप यस धाराको प्रकरण १ अन्तर्गतका आफ्ना दायित्वहरू पूरा गर्नेछन्।

धारा १०

१. प्रत्येक पक्षराष्ट्रले कानुन कार्यान्वयन गर्ने कर्मचारी, निजामती वा सैनिक, चिकित्सा कर्मचारी, सार्वजनिक अधिकारी तथा कुनै किसिमको पक्राउ, थुना वा कैदमा परेको व्यक्तिको थुना, सोधपुछ वा उपचारमा संलग्न हुने अन्य व्यक्तिहरूको तालीममा यातना निषेधसम्बन्धी शिक्षा तथा जानकारी पूर्णरूपमा समावेश गरिएको कुरा सुनिश्चित गर्नेछ।

२. प्रत्येक पक्षराष्ट्रले यो निषेधलाई त्यस्तो कुनै पनि व्यक्तिको कर्तव्य तथा कामहरूका सम्बन्धमा जारी गरिएका नियम वा निर्देशनहरूमा समावेश गर्नेछ।

धारा ११

प्रत्येक पक्षराष्ट्रले यातनामा रोक लगाउने उद्देश्यले आफ्नो क्षेत्राधिकारअन्तर्गतको कुनै पनि इलाकामा कुनै किसिमको पक्राउ, थुना वा कैदमा परेका व्यक्तिहरूको हिरासत र व्यवहारका लागि सोधपुछका नियमहरू, निर्देशनहरू, विधिहरू तथा व्यवहारहरू एवम् प्रबन्धहरूको व्यवस्थित पुनरावलोकन गर्नेछ।

धारा १२

प्रत्येक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकारअन्तर्गतको कुनै पनि इलाकामा यातनाको कार्य गरिएको विश्वास गर्ने मुनासिव आधार भएको अवस्थामा आफ्ना अधिकार प्राप्त अधिकारीहरूले छिटो तथा निष्पक्ष अनुसन्धान अगाडि बढाउने कुरा सुनिश्चित गर्नेछ।

धारा १३

प्रत्येक पक्षराष्ट्रले आफ्नो क्षेत्राधिकारअन्तर्गतको कुनै पनि इलाकामा आफूलाई यातना दिइएको भनी आरोप लगाउने कुनै पनि व्यक्तिलाई यसका अधिकारप्राप्त अधिकारीहरूसमक्ष उजुरी गर्ने वा निजहरूबाट आफ्नो मुद्दाको छिटो र निष्पक्षरूपमा परीक्षण गरि पाउने अधिकार हुने कुरा सुनिश्चित गर्नेछ। उजुरवाला वा साक्षीले दिएको उजुरी वा प्रमाणको कारणले निजविरुद्ध गरिने कुनै पनि दुर्व्यबहार वा धम्कीबाट निजलाई संरक्षण गर्न सुनिश्चित गर्ने कदमहरू चालिनेछन्।

धारा १४

१. प्रत्येक पक्षराष्ट्रले यातनाको कार्यबाट पीडित व्यक्तिले उपचार वा उद्धार पाउने तथा सम्भव भएसम्म पूर्ण पुनः स्थापनाको उपायहरूलगायत उचीत तथा पर्याप्त क्षतिपूर्ति प्राप्त गर्ने कार्यान्वयनयोग्य अधिकार प्राप्त गर्ने व्यवस्था आफ्नो कानुनी प्रणालीमा सुनिश्चित गर्नेछ।
   यातनाको कार्यको फलस्वरूप पीडित व्यक्तिको मृत्यु भएमा निजका आश्रितहरूलाई क्षतिपूर्ति पाउने अधिकार हुनेछ।
२. यस धाराको कुनै पनि कुराले राष्ट्रिय कानुनमा व्यवस्था गरिएको पीडित वा अन्य व्यक्तिहरूको क्षतिपूर्ति पाउने कुनै पनि अधिकारलाई प्रभाव पार्ने छैन।

धारा १५

प्रत्येक पक्षराष्ट्रले यातनाको कारणले लिइएको व्यान भनि स्थापित भएमा त्यस्तो वयानलाई कुनै पनि कानुनी कारबाहीमा प्रमाणको रूपमा नलिने कुरा सुनिश्चित गर्नेछन्। तर यातना दिने कार्यमा संलग्न व्यक्तिका विरुद्धमा भने प्रमाणमा लिन सकिनेछ।

धारा १६

१. प्रत्येक पक्षराष्ट्रले धारा १ मा परिभाषित यातनाको कार्यभित्र नपर्ने कुनै सार्वजनिक अधिकारी वा सरकारी हैसियतमा काम गर्ने अन्य कुनै व्यक्तिबाट वा निजको वहकाउ वा सहमति वा मौन सहमतिमा गरिने क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका अन्य कार्यहरू आफ्नो क्षेत्राधिकारअन्तर्गतका कुनै पनि इलाकामा रोक लगाउने प्रतिज्ञा गर्नेछ। खासगरी, धाराहरू १०, ११, १२ र १३ मा उल्लिखित दायित्वहरू यातनाको सन्दर्भहरूको सट्टा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका अन्य स्वरूपका सन्दर्भहरू राखी लागु हुनेछन्।

२. यस महासन्धिका व्यवस्थाहरूले क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय निषेध गर्ने वा सुपुर्दगी वा निष्काशनसँग सम्बन्धित अन्य कुनै पनि अन्तर्राष्ट्रिय दस्तावेज वा राष्ट्रिय कानुनका व्यवस्थाहरूमा प्रतिकूल प्रभाव पार्ने छैनन्।

भाग २

धारा १७

१. यातनाविरुद्धको समिति (यसपछि 'समिति' भनिएको) को स्थापना गरिनेछ, जसले यसपछि व्यवस्था गरिएका कामहरू गर्ने छ। समितिमा उच्च नैतिक प्रतिष्ठा तथा मानव अधिकारको क्षेत्रमा स्वीकृत दक्षता भएका दश जना विशेषज्ञहरू रहने छन्। निजहरूले आफ्नो व्यक्तिगत क्षमतामा सेवा गर्नेछन्। विशेषज्ञहरू समन्यायिक भौगोलिक विभाजन तथा कानुनी अनुभव भएका केही व्यक्तिहरूको सहभागिताको उपयोगितामा ध्यान दिई पक्षराष्ट्रहरूबाट निर्वाचित हुनेछन्।

२. पक्षराष्ट्रहरूबाट मनोनित व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरू निर्वाचित हुनेछन्। प्रत्येक पक्षराष्ट्रले आफ्ना नागरिकहरूमध्येबाट एक जना व्यक्ति मनोनयन गर्न सक्नेछ। पक्षराष्ट्रहरूले नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रअन्तर्गत स्थापित मानव अधिकार समितिका समेत सदस्य भएका तथा यातनाविरुद्धको समितिमा सेवा गर्न इच्छुक व्यक्तिहरूको मनोनयनको उपयोगितालाई विचार गर्नेछन्।

३. संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा बोलाईएको पक्षराष्ट्रहरूको द्विवार्षिक बैठकहरूमा समितिका सदस्यहरूको निर्वाचन गरिनेछ। पक्षराष्ट्रहरूको दुई तिहाई सङ्ख्यालाई गणपूरक सङ्ख्या मानिने ती बैठकहरूमा सबभन्दा बढी मत तथा बैठकमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूका प्रतिनिधिहरूको मतको पूर्ण बहुमत प्राप्त गर्ने मनोनित व्यक्तिहरूनै समितिमा निर्वाचित हुनेछन्।

४. प्रस्तुत महासन्धि लागु भएको मितिले ६ महिनाभित्र प्रारम्भिक निर्वाचन हुनेछ। प्रत्येक निर्वाचनको मितिभन्दा कम्तिमा चार महिनाअगावै संयुक्त राष्ट्रसङ्घको महासचिवले पक्षराष्ट्रहरूलाई आ-आफ्ना मनोनयनहरू तीन महिनाभित्र पेश गर्न आह्वान गर्दै पत्र पठाउनेछन्।

महासचिवले त्यसरी मनोनित सबै व्यक्तिहरूको वर्णानुक्रमअनुसारको र निजहरूलाई मनोनयन गर्ने पक्षराष्ट्रहरूको नाम समेत जनिएको सूची तयार पारी सो सूची पक्षराष्ट्रहरूलाई पठाउनेछन्।

५. समितिका सदस्यहरू चार वर्षको अवधिका लागि निर्वाचित हुनेछन्। पुनः मनोनित भएमा तिनीहरू पुनः निर्वाचनको लागि योग्य हुने छन्। तर पहिलो निर्वाचनमा निर्वाचित सदस्यहरूमध्ये पाँचजना सदस्यहरूको पदावधि दुई वर्षमा समाप्त हुनेछ। पहिलो निर्वाचन भएको लगत्तै पछि यस धाराको प्रकरण ३ बमोजिमको बैठकको अध्यक्षले यी पाँचजना सदस्यहरूको नाम गोला प्रथाद्वारा छनौट गर्नेछन्।

६. समितिको कुनै सदस्यको मृत्यु भएमा वा निजले राजीनामा दिएमा वा निज अन्यथा समितिमा रही आफ्नो कर्तव्य पूरा गर्न नसक्ने भएमा निजलाई मनोनित गर्ने पक्षराष्ट्रले निजको बाँकी पदावधिको लागि सेवा गर्न आफ्ना नागरिकहरूमध्येबाट अर्को विशेषज्ञ नियुक्त गर्नेछ। त्यस्तो नियुक्तिलाई पक्षराष्ट्रहरूको बहुमतले स्वीकृत गर्नु पर्नेछ। पक्षराष्ट्रहरूमध्ये पचास प्रतिशत वा सोभन्दा बढी राष्ट्रले संयुक्त राष्ट्रसङ्घका महासचिवबाट प्रस्तावित नियुक्तिको जानकारी पाएको छ हप्ताभित्र नकारात्मक जवाफ नदिएमा त्यस्तो स्वीकृति दिइएको मानिनेछ।

७. समितिको काम सम्पादन गर्दा समितिका सदस्यहरूबाट भएको खर्चका लागि पक्षराष्ट्रहरू उत्तरदायी हुनेछन्।

धारा १८

१. समितिले दुई वर्षको पदावधिको लागि आफ्ना पदाधिकारीहरू निर्वाचित गर्नेछ। उनीहरू पुनः निर्वाचित हुन सक्नेछन्।

२. समितिले आफ्नो कार्यविधिसम्बन्धी नियमहरू आफै निर्धारण गर्नेछ। तर यी नियमहरूले अन्य कुराका अतिरिक्त देहायका कुराहरूको व्यवस्था गर्नेछन्:

(क) छ जना सदस्यहरूले गणपूरक सङ्ख्या पुग्ने।

(ख) समितिका निर्णयहरू उपस्थित सदस्यहरूको बहुमतबाट गरिने।

३. संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिअन्तर्गत समितिले गर्नुपर्ने काम प्रभावकारीरूपले सम्पादन गर्नको लागि आवश्यक कर्मचारी र सुविधाहरू उपलब्ध गराउनेछन्।

४. संयुक्त राष्ट्रसङ्घका महासचिवले समितिको प्रारम्भिक बैठक बोलाउनेछन्। प्रारम्भिक बैठकपछि समितिको कार्यविधिसम्बन्धी नियमहरूमा व्यवस्था भएबमोजिमको समयमा समितिको बैठक बस्नेछ।

५. यस धाराको प्रकरण ३ अनुसार संयुक्त राष्ट्रसङ्घबाट गरिएका कर्मचारीको खर्च तथा सुविधाहरूजस्ता कुनै पनि खर्चबापत संयुक्त राष्ट्रसङ्घलाई दिनुपर्ने शोधभर्नालगायत राष्ट्रहरूको तथा समितिको बैठक सञ्चालनका सम्बन्धमा भएका खर्चहरूका लागि पक्षराष्ट्रहरू उत्तरदायी हुनेछन्।

धारा १९

१. पक्षराष्ट्रहरूले यस महासन्धिअन्तर्गतका आफ्ना प्रतिज्ञाहरू लागु गर्न आफूले अवलम्बन गरेका उपायहरूसम्बन्धी प्रतिवेदनहरू सम्बन्धित पक्षराष्ट्रका हकमा यो महासन्धि लागु भएको मितिले एक वर्षभित्र संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत समितिसमक्ष पेश गर्नेछन्। त्यसपछि, पक्षराष्ट्रहरूले अवलम्बन गरिएका नयाँ उपायहरूसम्बन्धी पूरक प्रतिवेदनहरू प्रत्येक चार-चार वर्षमा तथा समितिले अनुरोध गरेबमोजिमका अन्य प्रतिवेदनहरू पेश गर्नेछन्।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले सबै पक्षराष्ट्रहरूलाई प्रतिवेदनहरू पठाउनेछन्।

३. समितिले प्रत्येक प्रतिवेदनउपर विचार गरी सो प्रतिवेदनउपर आफूले उपयुक्त सम्झेका साधारण टिप्पणीहरू गर्नसक्ने र त्यस्ता टिप्पणीहरू सम्बन्धित पक्षराष्ट्रलाई पठाउनेछ। सो पक्षराष्ट्रले आफूले छनौट गरेको धारणासहितको आफ्नो प्रतिक्रिया समितिलाई दिनेछ।

४. समितिले यस धाराको प्रकरण ३ बमोजिम गरेका टिप्पणीहरूलगायत सम्बन्धित पक्षराष्ट्रबाट प्राप्त तत्सम्बन्धी धारणा धारा २४ बमोजिम पेश गर्ने आफ्नो प्रतिवेदनमा समावेश गर्न आफ्नो स्वविवेकले निर्णय गर्नसक्नेछ। सम्बन्धित पक्षराष्ट्रबाट यस्तो अनुरोध गरिएमा समितिले यस धाराको प्रकरण १ अन्तर्गत पेश गरिएको प्रतिवेदनको प्रति समेत संलग्न गर्न सक्नेछ।

धारा २०

१. समितिले कुनै पक्षराष्ट्रको इलाकामा व्यवस्थितरूपमा यातनाको अभ्यास भइरहेको कुराको आधारभूत सङ्केतहरू देखिने भरपर्दो जानकारी प्राप्त गरेमा समितिले सो पक्षराष्ट्रलाई त्यस्तो जानकारीको परीक्षा गर्ने कार्यमा सहयोग पुऱ्याउन तथा यस उद्देश्यको लागि सम्बन्धित जानकारीका सम्बन्धमा आफ्ना धारणाहरू पेश गर्न अनुरोध गर्नेछ।

२. सम्बन्धित पक्षराष्ट्रबाट धारणाहरू पेश गरिएका भए त्यस्ता धारणाहरू एवम् आफूसँग उपलब्ध अन्य सम्बन्धित जानकारीलाई दृष्टिगत गरी समितिले निर्णय

गरी आफ्ना एक वा सोभन्दा बढी सदस्यहरूलाई गोप्यरूपमा छानविन गरी समितिसमक्ष तुरुन्तै प्रतिवेदन पेश गर्न खटाउन सक्नेछ।

३. यस धाराको प्रकरण २ अनुसार छानविन गरिएमा समितिले सम्बन्धित पक्षराष्ट्रको सहयोग माग गर्नेछ। सो पक्षराष्ट्रसँगको सहमतिमा, त्यस्तो छानविनमा सो राष्ट्रको इलाकाको भ्रमण पनि समावेश हुन सक्नेछ।

४. यस धाराको प्रकरण २ अनुसार पेश गरिएका आफ्ना सदस्य वा सदस्यहरूको ठहर परीक्षण गरेपछि आयोगले यी ठहरहरू एवम् परिस्थितिअनुरूप उपयुक्त देखिने कुनै पनि टिप्पणी वा सुझावहरू सम्बन्धित पक्षराष्ट्रलाई पठाउनेछ।

५. यस धाराको प्रकरण १ देखि ४ मा उल्लिखित समितिका सबै कारबाहीहरू गोप्य हुने र कारबाहीका सबै चरणहरूमा पक्षराष्ट्रको सहयोग खोजिनेछ। प्रकरण २ अनुसार गरिएको छानविन सम्बन्धमा त्यस्ता कारबाही पूरा भएपछि समितिले सम्बन्धित पक्षराष्ट्रसँग परामर्श गरी कारबाहीका परिणामहरूको सारांश धारा २४ अन्तर्गत पेश गरिने आफ्नो वार्षिक प्रतिवेदनमा समावेश गर्ने निर्णय गर्न सक्नेछ।

धारा २१

१. यस महासन्धिको कुनै पक्षराष्ट्रले कुनै अर्को पक्षराष्ट्रले यस महासन्धिअन्तर्गतको आफ्नो दायित्व पूरा गरिरहेको छैन भनी दावी गरेको सूचना प्राप्त गरी सोउपर विचार गर्नसक्ने समितिको सक्षमता स्वीकार गरेको कुराको घोषणा यस धाराअन्तर्गत कुनै पनि समयमा गर्न सक्नेछ। समितिको सक्षमता स्वीकार गरी घोषणा गरेको पक्षराष्ट्रबाट पेश गरिएका सूचना मात्र यस धारामा उल्लिखित कार्यविधि अनुरूप ग्रहण गरी सोउपर विचार गर्न सकिनेछ। त्यस्तो घोषणा नगरेको पक्षराष्ट्रसँग सम्बन्धित कुनै पनि सूचनाउपर समितिले कारबाही गर्ने छैन। यस धाराअन्तर्गत प्राप्त गरिएका सूचनाहरूको हकमा देहायको कार्यविधि अवलम्बन गरिनेछ:

(क) कुनै पक्षराष्ट्रलाई यस महासन्धिका व्यवस्थाहरूलाई अर्को पक्षराष्ट्रले कार्यान्वयन गरिरहेको छैन भन्ने लागेमा सो पक्षराष्ट्रले लिखित सूचना दिई सो कुरा त्यस्तो अर्को पक्षराष्ट्रको ध्यानमा ल्याउन सक्नेछ। सूचना प्राप्त गरेको तीन महिनाभित्र सूचना प्राप्त गर्ने राष्ट्रले सूचना पठाउने राष्ट्रलाई विषयवस्तु स्पष्ट गर्ने व्याख्या वा अन्य कुनै कथन लिखितरूपमा उपलब्ध गराउनेछ र त्यस्तो व्याख्या वा कथनमा सम्भव र सान्दर्भिक भएसम्म, सो विषयमा लिइएका, विचाराधीन रहेका वा उपलब्ध घरेलु कार्यविधि तथा उपचारहरूको सन्दर्भसमेत समावेश गर्नु पर्नेछ।

(ख) सूचना प्राप्त गर्ने राष्ट्रले प्रारम्भिक सूचना प्राप्त गरेको छ महिनाभित्र सम्बन्धित दुवै पक्षराष्ट्रहरूको चित्त बुझ्ने गरी सो कुराको समाधान हुन नसकेमा, समितिलाई तथा अर्को राष्ट्रलाई सूचना दिएर सो कुरा समितिसमक्ष पेश गर्ने अधिकार दुवै राष्ट्रहरूलाई हुनेछ।

(ग) सो विषयमा अन्तर्राष्ट्रिय कानुनका मान्य सिद्धान्तहरू अनुरूप उपलब्ध सबै घरेलु उपचारहरूको माग गरी त्यस्ता उपचारहरू समाप्त भइसकेको कुरा समितिले एकिन गरिसकेपछि मात्र समितिले आफूसमक्ष पेश गरिएको कुनै पनि विषयउपर यस धाराअन्तर्गत कारबाही गर्नेछ। उपचारहरू लागु गर्न अनुचितरूपमा ढिलाई हुने वा यस महासन्धिको उल्लङ्घनबाट पीडित व्यक्तिलाई प्रभावकारी उपचार प्रदान गर्न नसक्ने देखिएको अवस्थामा यो व्यवस्था लागु हुने छैन।

(घ) यस धाराअन्तर्गत सूचना परीक्षण गर्दा समितिले गोप्य बैठकहरू गर्नेछ।

(ङ) उप-प्रकरण (ग) का व्यवस्थाहरूको अधीनमा रही, यस महासन्धिमा व्यवस्था गरिएका दायित्वहरूको सम्मानका आधारमा सो विषयको मैत्रिपूर्ण समाधान गराउने उद्देश्यले सम्बन्धित पक्षराष्ट्रहरूलाई समितिले आफ्नो सद्भावपूर्ण सेवा (गुड अफिसेस) उपलब्ध गराउनेछ। यस प्रयोजनको लागि, उपयुक्त भएमा समितिले एउटा अस्थायी मेलमिलाप आयोग गठन गर्न सक्नेछ।

(च) यस धाराअन्तर्गत आफूसमक्ष पेश गरिएको कुनै पनि विषयमा समितिले उप-प्रकरण (ख) बमोजिमका सम्बन्धित पक्षराष्ट्रहरूलाई सम्बन्धित जानकारी उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ।

(छ) उप-प्रकरण (ख) मा उल्लिखित सम्बन्धित पक्षराष्ट्रहरूलाई सो विषयउपर समितिमा विचार भइरहेको बेलामा आफ्नो प्रतिनिधित्व गर्न पाउने तथा मौखिक वा लिखितरूपमा जिकीर पेश गर्ने अधिकार हुनेछ।

(ज) उप-प्रकरण (ख) अन्तर्गत सूचना प्राप्त गरेको मितिले १२ महिनाभित्र समितिले प्रतिवेदन पेश गर्नेछ:

(१) उप-प्रकरण (ङ) का अवस्थाभित्र समाधान हासिल भएको अवस्थामा, समितिले आफ्नो प्रतिवेदनलाई तथ्यहरूको तथा त्यस्तो समाधानको सङ्क्षिप्त व्यहोरामा सीमित गर्नेछ।

(२) उप-प्रकरण (ङ) का अवस्थाभित्र समाधान हासिल नभएको अवस्थामा, समितिले आफ्नो प्रतिवेदनलाई तथ्यहरूको सङ्क्षिप्त व्यहोरामा सीमित गर्नेछ र सम्बन्धित पक्षराष्ट्रहरूबाट पेश गरिएका लिखित जिकीरहरू तथा मौखिक जिकीरहरूको अभिलेख (रिकर्ड)लाई प्रतिवेदन साथ संलग्न गरिनेछ। प्रत्येक विषयका हकमा, सो प्रतिवेदन सम्बन्धित पक्षराष्ट्रहरूलाई पठाइनेछ।

२. यस महासन्धिका पाँचवटा पक्षराष्ट्रहरूले यस धाराको प्रकरण १ अन्तर्गत घोषणा गरिसकेपछि यस धाराका व्यवस्थाहरू लागु हुनेछन्। पक्षराष्ट्रहरूले त्यस्ता घोषणा संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गर्नेछन्। महासचिवले सोका प्रतिहरू अन्य पक्षराष्ट्रहरूलाई पठाउनेछन्। महासचिवलाई सूचना दिएर कुनै पनि समयमा घोषणा फिर्ता लिन सकिनेछ। सोही धाराअन्तर्गत पठाइसकिएको सूचनाको विषय भएको कुनै पनि कुराउपर विचार गर्ने कार्यमा त्यस्तो फिर्ताले प्रतिकूल प्रभाव पार्ने छैन। सम्बन्धित पक्षराष्ट्रले नयाँ घोषणा नगरेसम्म महासचिवले धोषणा फिर्ताको सूचना प्राप्त गरेपछि त्यस्तो पक्षराष्ट्रबाट यस धाराअन्तर्गत कुनै पनि अग्रीम सूचना प्राप्त गरिने छैन।

धारा २२

१. यस महासन्धिको कुनै पक्षराष्ट्रले यस महासन्धिका व्यवस्थाको पक्षराष्ट्रबाट उल्लङ्घन भएर आफू पीडित भएको दावी गर्ने आफ्ना क्षेत्राधिकार भित्रका व्यक्तिहरूबाट वा निजहरूको तर्फबाट दावी गरेको सूचना प्राप्त गरी सोउपर विचार गर्नसक्ने समितिको सक्षमता स्वीकार गरेको कुराको घोषणा यस धाराअन्तर्गत कुनै पनि समयमा गर्न सक्ने छ। त्यस्तो घोषणा नगरेको पक्षराष्ट्रसँग सम्बन्धित कुनै पनि सूचनाउपर समितिले कारबाही गर्ने छैन।

२. समितिले कुनै पनि सूचना, जुन बेनामी छ वा समितिको विचारमा त्यस्तो सूचना पेश गर्न पाउने अधिकारको दुरूपयोग हो वा यस महासन्धिका व्यवस्थाहरू अनुकूल छैन, त्यसलाई यस धाराअन्तर्गत अग्राह्य मान्नेछ।

३. प्रकरण २ का व्यवस्थाहरूको अधीनमा रही, समितिले यस धाराअन्तर्गत आफूसमक्ष पेश गरिएका कुनै पनि सूचनालाई प्रकरण १ अन्तर्गतको घोषणा गरेको र यस महासन्धिको व्यवस्था उल्लङ्घन गरेको आरोप लागेको यस महासन्धिको पक्षराष्ट्रको ध्यानमा ल्याउने छ। सूचना ग्रहण गर्ने राष्ट्रले विषयवस्तु र आफूले कुनै उपचार दिलाएको भए सो समेत स्पष्ट पार्ने लिखित स्पष्टीकरण वा व्यानहरू छ महिनाभित्र समितिसमक्ष पेश गर्नेछ।

४. व्यक्तिबाट वा निजको तर्फबाट तथा सम्बन्धित पक्षराष्ट्रबाट समितिलाई उपलब्ध गराइएका सबै जानकारीका आधारमा समितिले यस धाराअन्तर्गत प्राप्त गरिएका सूचनाहरूउपर विचार गर्नेछ।

५. समितिले देहायका कुराहरू यकीन नगरेसम्म कुनै पनि व्यक्तिबाट प्राप्त सूचनाउपर विचार गर्ने छैन:

(क) अन्तर्राष्ट्रिय अनुसन्धान वा निरोपणको अर्को कार्यविधिअन्तर्गत सोही कुरा छानविन नभएको र छानविन भई नरहेको,

(ख) सो व्यक्तिले उपलब्ध सबै घरेलु उपचारहरू उपयोग गरिसकेकोस उपचारहरू लागु गर्न अनुचितरूपमा ढिलाई हुने वा यस महासन्धिको उल्लङ्घनबाट पीडित व्यक्तिलाई प्रभावकारी उपचार प्रदान गर्न नसक्ने देखिएको अवस्थामा यो व्यवस्था लागु हुने छैन।

६. यस धाराअन्तर्गत सूचना परीक्षण गर्दा समितिले गोप्य बैठकहरू गर्नेछ।

७. समितिले सम्बन्धित पक्षराष्ट्र तथा व्यक्तिलाई आफ्ना विचारहरू पठाउनेछ।

८. यस महासन्धिका पाँचवटा पक्षराष्ट्रहरूले यस धाराको प्रकरण १ अन्तर्गत घोषणा गरिसकेपछि यस धाराका व्यवस्थाहरू लागु हुनेछन्। पक्षराष्ट्रहरूले त्यस्ता घोषणा संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गर्नेछन्। महासचिवले सोका प्रतिहरू अन्य पक्षराष्ट्रहरूलाई पठाउनेछन्। महासचिवलाई सूचना दिएर कुनै पनि समयमा घोषणा फिर्ता लिन सकिनेछ। सोही धाराअन्तर्गत पठाइसकिएको सूचनाको विषय भएको कुनै पनि कुराउपर विचार गर्ने कार्यमा त्यस्तो फिर्ताले प्रतिकूल प्रभाव पार्ने छैन। सम्बन्धित पक्षराष्ट्रले नयाँ घोषणा नगरेसम्म महासचिवले घोषणा फिर्ताको सूचना प्राप्त गरेपछि त्यस्तो व्यक्ति वा निजको तर्फबाट यस धाराअन्तर्गत कुनै पनि अग्रीम सूचना प्राप्त गरिने छैन।

धारा २३

समितिका सदस्यहरू र धारा २१ को प्रकरण १ (ङ) बमोजिम गठन हुनसक्ने अस्थायी मेलमिलाप आयोगका सदस्यहरूले संयुक्त राष्ट्रसङ्घको विशेषाधिकार तथा उन्मुक्तीहरूसम्बन्धी महासन्धिका सम्बन्धित प्रकरणहरूमा व्यवस्था भएबमोजिमका राष्ट्रसङ्घका लागि कार्यरत विशेषज्ञहरूले पाउने सुविधा, विशेषाधिकार तथा उन्मुक्तिहरू पाउनेछन्।

धारा २४

समितिले यस महासन्धिअन्तर्गतका आफ्ना काम कारबाहीहरूसम्बन्धी वार्षिक प्रतिवेदन पक्षराष्ट्रहरू तथा संयुक्त राष्ट्रसङ्घको महासभासमक्ष पेश गर्नेछ।

भाग ३

धारा २५

१. यो महासन्धि सबै राष्ट्रहरूबाट हस्ताक्षर हुनका लागि खुला रहनेछ।

२. यो महासन्धिलाई अनुमोदन गर्नु पर्नेछ। अनुमोदनका लिखतहरू संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिनेछ।

धारा २६

यो महासन्धि सबै राष्ट्रहरूबाट सम्मिलन हुनका लागि खुला रहनेछ। सम्मिलनको लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला भएपछि सम्मिलन प्रभावकारी हुनेछ।

धारा २७

१. अनुमोदन वा सम्मिलनको बीसौँ लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला भएको मितिले तीसौँ दिनदेखि यो महासन्धि लागु हुनेछ।

२. अनुमोदन वा सम्मिलनको बीसौँ लिखत दाखिला भएपछि यो महासन्धिको अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राष्ट्रको हकमा सो राष्ट्रले आफ्नो अनुमोदन वा सम्मिलनको लिखत दाखिला गरेको मितिले तीसौँ दिनदेखि यो महासन्धि लागु हुनेछ।

धारा २८

१. प्रत्येक राष्ट्रले यस महासन्धिमा हस्ताक्षर वा यसको अनुमोदन वा सम्मिलन गर्दाका बखत धारा २० मा व्यवस्था भएबमोजिम समितिको सक्षमतालाई आफूले स्वीकार नगर्ने भनी घोषणा गर्न सक्नेछ।

२. यस धाराको प्रकरण १ बमोजिम आरक्षण राखेको कुनै पनि पक्षराष्ट्रले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सूचना दिएर सो आरक्षण कुनै पनि समयमा फिर्ता लिन सक्नेछ।

धारा २९

१. यस महासन्धिको कुनै पनि पक्षराष्ट्रले संशोधन प्रस्ताव गर्न र सो संशोधन संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दर्ता गर्न सक्नेछ। महासचिवले सो प्रस्तावउपर विचार एवम् मतदान गर्ने उद्देश्यले पक्षराष्ट्रहरूको सम्मेलन गर्ने पक्षमा उनीहरू भए नभएको कुराको सूचना निजलाई दिने अनुरोधसहित प्रस्तावित संशोधन पक्षराष्ट्रहरूलाई पठाउनेछन्। त्यस्तो सूचना दिएको मितिले

चार महिनाभित्र कम्तिमा एक तिहाई पक्षराष्ट्रहरू त्यस्तो सम्मेलनको पक्षमा भएमा महासचिवले संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा सो सम्मेलनको आयोजना गर्ने छन्। महासचिवले सो सम्मेलनमा उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रहरूको बहुमतबाट ग्रहण गरिएको कुनै पनि संशोधन स्वीकृतिका लागि सबै पक्षराष्ट्रहरूसमक्ष पेश गर्नेछन्।

२. यस धाराको प्रकरण १ बमोजिम ग्रहण गरिएको कुनै पनि संशोधनलाई यस महासन्धिका दुई तिहाई पक्षराष्ट्रहरूले आ-आफ्ना संवैधानिक प्रकृयाहरू अनुसार स्वीकार गरेको कुराको सूचना संयुक्त राष्ट्रसङ्घका महासचिवलाई दिएपछि सो संशोधन लागु हुनेछ।

३. संशोधनहरू लागु भएपछि ती संशोधनहरू स्वीकार गर्ने पक्षराष्ट्रहरूका हकमा बाध्यात्मक हुनेछन् भने अन्य पक्षराष्ट्रहरूका हकमा यस महासन्धिका व्यवस्थाहरू तथा उनीहरूले स्वीकार गरेका कुनै पनि अघिल्ला संशोधनहरू बाध्यात्मक हुनेछन्।

धारा ३०

१. यस महासन्धिको व्याख्या वा प्रयोगको सम्बन्धमा दुई वा सोभन्दा बढी पक्षराष्ट्रहरूका बीच उत्पन्न विवादको समाधान वार्ताबाट हुन नसके मा सो विवाद निजहरूमध्ये कुनै एकको अनुरोधमा मध्यस्थतासमक्ष पेश गरिनेछ। मध्यस्थताको लागि अनुरोध गरेको मितिले छ महिनाभित्र मध्यस्थताको गठनका सम्बन्धमा पक्षहरू सहमत हुन नसकेमा ती पक्षहरूमध्ये कुनै एक पक्षले अन्तर्राष्ट्रिय न्यायालयको विधानबमोजिम अनुरोध गरी सो विवाद अन्तर्राष्ट्रिय न्यायालयसमक्ष पेश गर्न सक्नेछ।

२. प्रस्तुत महासन्धि हस्ताक्षर, अनुमोदन एवम् सम्मिलन गर्दाको समयमा प्रत्येक पक्षराष्ट्रले यस धाराको प्रकरण १ आफ्नो हकमा लागु नहुने घोषणा गर्न सक्ने छ। यस्तो आरक्षण राख्ने पक्षराष्ट्रका सम्बन्धमा अन्य पक्षराष्ट्रहरूको हकमा सो प्रकरणको व्यवस्था वाध्यात्मक हुने छैन।

३. यस धाराको प्रकरण २ बमोजिम आरक्षण राखेको कुनै पनि पक्षराष्ट्रले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सूचना दिएर कुनै पनि समयमा सो आरक्षण फिर्ता लिन सक्नेछ।

धारा ३१

१. कुनै पनि पक्षराष्ट्रले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिएर यो महासन्धि परित्याग गर्न सक्नेछ। महासचिवले त्यस्तो सूचना प्राप्त गरेको मितिले एक वर्षपछि परित्याग लागु हुनेछ।

२. परित्याग लागु हुने मितिभन्दा पहिले उत्पन्न कुनै पनि कार्य वा त्रुटीका सम्बन्धमा यस महासन्धिअन्तर्गतको आफ्नो दायित्वबाट सो पक्षराष्ट्रलाई मुक्त गर्ने प्रभाव सो परित्यागको हुने छैन नत परित्याग लागु हुने मितिभन्दा पहिलेनै समितिसमक्ष विचाराधिन रहेको कुनै पनि विषयउपर निरन्तर विचार गर्ने कार्यमा सो परित्यागले कुनै पनि किसिमले प्रभाव पार्नेछ।

३. कुनै पक्षराष्ट्रको परित्याग लागु भएको मितिपछि समितिले उक्त राष्ट्रका सम्बन्धमा कुनै पनि नयाँ विषयउपर विचार प्रारम्भ गर्ने छैन।

धारा ३२

संयुक्त राष्ट्रसङ्घका महासचिवले संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्य राष्ट्रहरू र यस महासन्धिमा हस्ताक्षर वा यसलाई सम्मिलन गर्ने सबै राष्ट्रहरूलाई निम्नलिखित कुराहरूको जानकारी दिनेछन्:

(क) धारा २५ र २६ अन्तर्गतका हस्ताक्षर, अनुमोदन र सम्मिलनहरू,

(ख) धारा २७ बमोजिम यो महासन्धि लागु हुने मिति र धारा २९ बमोजिम कुनै पनि संशोधनहरू लागु हुने मिति,

(ग) धारा ३१ अन्तर्गतका परित्यागहरू।

धारा ३३

१. अरबी, चिनीयाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी भाषाका प्रतिहरू समानरूपले प्रामाणिक हुने यो महासन्धि संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दाखिला गरिनेछ।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले सबै राष्ट्रहरूलाई यस महासन्धिका प्रमाणित प्रतिहरू पठाउनेछ।

खण्ड सात

अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसम्बन्धी महासन्धिको परिचय

अपाङ्गता एउटा नवीनतम अवधारणा हो र अपाङ्गता भएका व्यक्तिहरू तथा धारणागत एवम् वातावरणीय अवरोधहरूबीचको अन्तरक्रियाको परिणाम स्वरूप उत्पन्न हुन्छ, जसले अन्य व्यक्तिहरूसरह समान आधारमा समाजमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा पुऱ्याउँछ। सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको सर्वव्यपकता, अविभाज्यता, अन्तरनिर्भरता तथा अन्तरसम्बद्धता साथै अपाङ्गता भएका व्यक्तिहरूलाई बिनाकुनै भेदभाव त्यस्ता अधिकार र स्वतन्त्रताहरूको पूर्ण उपभोगको प्रत्याभूति दिनुपर्ने आवश्यकतालाई महसुस गरेर, अपाङ्गता भएका व्यक्तिहरूको विविधतालाई समेत स्वीकार गर्दै, थप सघन सहयोग आवश्यक पर्नेलगायतका अपाङ्गता भएका सबै व्यक्तिहरूको मानव अधिकार सम्बर्द्धन र संरक्षणको आवश्यकतालाई मान्यता दिँदै, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र मर्यादाको सम्बर्द्धन र संरक्षण गर्ने विस्तृत तथा एकीकृत अन्तर्राष्ट्रिय महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको गम्भीर सामाजिक असुविधालाई पुनः सम्बोधन गर्न तथा विकासोन्मुख र विकसित दुवै मुलुकहरूमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रहरूमा समान अवसरहरूका साथै उनीहरूको सहभागितालाई सम्बर्द्धन गर्न महत्त्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा आत्मसात गर्दै निर्माण गरिएको सन्धि नै अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धि हो। यस महासन्धिः

- १३ डिसेम्बर २००६ मा संयुक्त राष्ट्रसङ्घको ६१ औँ महासभाबाट पारित
- सन् २००८ को ३ मेदेखि लागु भएको
- नेपालले सन् २००९ डिसेम्बर २७ मा अनुमोदन गरेको
- कूल ५० धारामा विभाजित गरिएको,

यो महासन्धि सामाजिक विकासको परिदृश्यलाई आत्मसात गर्दै निर्माण गरिएको मानव अधिकार संयन्त्र हो। साथै, यस महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको सम्बन्धमा बृहतरूपमा परिभाषा गर्दै उनीहरूले सम्पूर्ण मानव अधिकार र मौलिक

स्वतन्त्रतालाई निर्वाधरूपमा उपभोग गर्न पाउनुपर्छ भनेर उल्लेख गरेको छ। यस महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूलाई कसरी सम्पूर्ण मानव अधिकारहरूको उपभोग गराउन सकिन्छ, कुन-कुन क्षेत्रमा आवश्यक सुधारहरूको आवश्यक छ जसका कारण अपाङ्गता भएका व्यक्तिहरूलाई आफ्नो हक अधिकारहरू सुनिश्चित गर्न बाधा नपुगोस् तथा कुन-कुन क्षेत्रमा अनिवार्य आरक्षणको आवश्यकता छ भन्ने कुराको समेत यकिन गर्दछ।

यस महासन्धिका पक्षराष्ट्रले कसरी अधिकारहरू प्रत्योजित गरिएको छ भन्ने सम्बन्धमा समिमिसमक्ष नियमितरूपमा प्रतिवेदन पेश गर्नुपर्दछ। महासन्धिको पक्षराष्ट्र भएको पहिलो पटक दुई वर्षमा र सोपश्चात् ४ वर्षको अन्तरालमा समितिसमक्ष प्रतिवेदन पेश गर्नुपर्दछ।

अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख

यो ऐच्छिक आलेख सन् २००६ डिसेम्बरमा १३ मा संयुक्त राष्ट्रसङ्घद्वारा पक्षराष्ट्रलाई हस्ताक्षर र अनुमोदनका लागि खुला गरिएको हो। यस आलेखमा जम्मा १८ धाराहरू छन्। यो आलेख हालसम्म प्रयोगमा आएको छैन। यद्यपि नेपालले यस ऐच्छिक आलेखलाई अनुमोदन गरिसकेको छ।

अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी समिति

यस महासन्धि लागु हुँदाका बखतमा यस समितिमा १२ वटा विशेषज्ञहरू रहनेछन्। महासन्धिमा थप साठी अनुमोदन वा सम्मिलनहरू भएपछि बढीमा अठार जना सदस्यहरू रहने गरी समितिको सदस्यता सङ्ख्यामा छ जनासम्मले थप गर्न सकिनेछ। समितिका सदस्यहरू उच्च नैतिक चरित्र तथा यस महासन्धिले समेटेका क्षेत्रमा उत्कृष्ट सक्षमता र अनुभव भएका व्यक्तिहरू हुनेछन्। समन्यायिक भौगोलिक वितरण, विभिन्न प्रकारका सभ्यता तथा प्रमुख कानुनी प्रणालीहरूको प्रतिनिधित्व, सन्तुलित लैंगिक प्रतिनिधित्व तथा अपाङ्गता भएका विशेषज्ञ व्यक्तिहरूको सहभागितालाई विचार गर्दै पक्षराष्ट्रहरूले समितिका सदस्यहरू निर्वाचित गर्नेछन्। यस महासन्धिका पक्षराष्ट्रहरूले समितिसमक्ष आवधिकरूपमा प्रतिवेदन पेश गर्नुपर्नेछ र सोउपर समितिले आवश्यक जाँच गरी राय तथा सामान्य सुझावहरू पेश गर्नेछ।

साथै, यस महासन्धिको ऐच्छिक आलेखमा हस्ताक्षर गर्ने पक्षराष्ट्रको नागरिकबाट आएको व्यक्तिगत उजुरीलाई पनि समितिले लिन सक्नेछ।

अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसम्बन्धी महासन्धि, २००६

(१३ डिसेम्बर २००६ मा संयुक्त राष्ट्रसङ्घको ६१ औँ महासभाबाट पारित)

प्रस्तावना

प्रस्तुत महासन्धिका पक्षराष्ट्रहरू,

मानव परिवारका सम्पूर्ण सदस्यहरूको नैसर्गिक मर्यादा र मूल्य तथा समान र अहरणीय अधिकारलाई नै विश्वमा स्वतन्त्रता, न्याय र शान्तिको आधारशिलाको रूपमा मान्यता प्रदान गर्ने संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उद्घोषित सिद्धान्तहरू स्मरण गर्दै,

संयुक्त राष्ट्रसङ्घले मानव अधिकारको विश्वव्यापी घोषणापत्र र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रहरूमा प्रत्यक व्यक्ति तिनमा उल्लिखित सबै अधिकार तथा स्वतन्त्रताहरूको कुनै किसिमको भेदभावबिना हकदार भएको घोषणा र मञ्जूरी गरेको कुरालाई स्वीकार गर्दै,

सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको सर्वव्यपकता, अविभाज्यता, अन्तरनिर्भरता तथा अन्तरसम्बद्धता साथै अपाङ्गता भएका व्यक्तिहरूलाई बिनाकुनै भेदभाव त्यस्ता अधिकार र स्वतन्त्रताहरूको पूर्ण उपभोगको प्रत्याभूति दिनुपर्ने आवश्यकतालाई पुन: पुष्टि गर्दै,

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरूद्धको महासन्धि, बालअधिकारसम्बन्धी महासन्धि, बसाइँ

सरेका सम्पूर्ण कामदार तथा उनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई स्मरण गर्दै,

अपाङ्गता एउटा नवीनतम अवधारणा हो र अपाङ्गता भएका व्यक्तिहरू तथा धारणागत एवम् वातावरणीय अवरोधहरूबीचको अन्तरक्रियाको परिणामस्वरूप उत्पन्न हुन्छ, जसले अन्य व्यक्तिहरूसरह समान आधारमा समाजमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा पुऱ्याउँछ, भन्ने कुरालाई मान्यता दिँदै,

अपाङ्गता भएका व्यक्तिहरूको लागि अवसरहरूलाई थप समान तुल्याउन राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा नीति, योजना, कार्यक्रम तथा कार्यहरूको प्रवर्धन, तर्जुमा तथा मूल्याङ्कनमा प्रभाव पार्न अपाङ्ग व्यक्तिहरूसम्बन्धी विश्व कार्ययोजना तथा अपाङ्गता भएका व्यक्तिहरूलाई औसर समानीकरणसम्बन्धी प्रमाणिक नियमहरूमा उल्लिखित सिद्धान्त र नीति निर्देशनहरूको महत्त्वलाई मान्यता दिँदै,

अपाङ्गतासम्बन्धी विषयलाई दिगो विकासका सम्बद्ध रणनीतिहरूको अभिन्न अङ्गको रूपमा मूल प्रवाहीकरण गर्नुपर्ने महत्त्वलाई जोड दिँदै,

अपाङ्गताको आधारमा कुनै पनि व्यक्तिविरुद्ध हुने भेदभाव मानव मात्रको नैसर्गिक मर्यादा तथा मूल्यको उल्लङ्घन हो भन्ने कुरालाई समेत मान्यता दिँदै,

अपाङ्गता भएका व्यक्तिहरूको विविधतालाई समेत स्वीकार गर्दै,

थप सघन सहयोग आवश्यक पर्नेलगायतका अपाङ्गता भएका सबै व्यक्तिहरूको मानव अधिकार सम्बर्द्धन रसंरक्षणको आवश्यकतालाई मान्यता दिँदै,

यस्ता विभिन्न दस्तावेज र प्रयासहरूका बाबजुद पनि अपाङ्गता भएका व्यक्तिहरूले विश्वका सबै भूभागहरूमा समाजका समान सदस्यको रूपमा सहभागी हुनका लागि अवरोधहरू तथा मानव अधिकार उल्लङ्घनको निरन्तर सामना गरिरहेका छन् भन्ने कुरामा चासो राख्दै,

प्रत्येक मुलुक र खासगरी विकासोन्मुख मुलुकहरूमा अपाङ्गता भएका व्यक्तिहरूको जीवनावस्थाहरूमा सुधार गर्नका लागि अन्तर्राष्ट्रिय सहयोगको महत्त्वलाई स्वीकार गर्दै,

अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूको समुदायको सर्वाङ्गीण हित र विविधतामा पुऱ्याएको वा पुऱ्याउन सक्ने अमूल्य योगदानलाई तथा अपाङ्गता भएका व्यक्तिहरूको सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोगको प्रवर्धनले तथा अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण सहभागिताबाट उनीहरूको स्वामित्वको अनुभूतिमा अभिवृद्धि तथा समाजको मानवीय, सामाजिक र आर्थिक विकास एवम् गरिबी निवारणमा उल्लेखनिय प्रगति ल्याउने कुरालाई मान्यता दिँदै,

अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो लागि आफैले छनौट गर्न पाउने स्वतन्त्रतालगायत उनीहरूको व्यक्तिगत स्वायत्तता र स्वतन्त्रताको महत्त्वलाई स्वीकार गर्दै,

अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको प्रत्यक्ष सरोकार हुनेलगायतका अन्य नीति र कार्यक्रमहरूको निर्णय गर्ने प्रक्रियमा सक्रियरूपमा संलग्न हुन पाउने अवसर उपलब्ध हुनुपर्दछ भन्ने कुरामा विचार गर्दै,

जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय, आदिवासी वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म, उमेर वा अन्य हैसियतको आधारमा विविध वा गम्भीर प्रकारका भेदभावका भागीदार भएका अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्नु परेको कठीन अवस्थाबारे चासो राख्दै,

अपाङ्गता भएका महिला वा बालिकाहरू प्राय घरभित्र र बाहिर दुवै स्थानमा अक्सर हिंसा, चोट वा दुर्व्यवहार, तिरस्कार वा तिरस्कारजन्य व्यवहार, गलत व्यवहार वा शोषणको उच्च जोखिममा भएको स्वीकार गर्दै,

अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासरह समान आधारमा सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग गर्नु पाउनुपर्ने कुरा स्वीकार गर्दै तथा यस उद्देश्य प्राप्तिका लागि पक्षराष्ट्रहरूले बालअधिकारसम्बन्धी महासन्धिअन्तर्गत बहन गर्न कबूल गरेका जिम्मेवारीहरूको स्मरण गर्दै,

अपाङ्गता भएका व्यक्तिहरूको लागि सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग प्रवर्धन गर्ने सम्पूर्ण प्रयासहरूमा लैङ्गिक दृष्टिकोण समाहित गर्नुपर्ने आवश्यकतामा जोड दिँदै,

अपाङ्गता भएका बहुसङ्ख्यक व्यक्तिहरू गरिबीको अवस्थामा जीवन यापन गरेको तथ्यलाई उजागर गर्दै तथा यस सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरूमा गरिबीले पारेको नकारात्मक प्रभाव सम्बोधन गर्नुपर्ने गम्भीर आवश्यकतालाई मान्यता दिँदै,

संयुक्त राष्ट्रसङ्घको बडापत्रमा उल्लिखित उद्देश्य तथा सिद्धान्तको पूर्ण सम्मानमा आधारित शान्ति र सुरक्षाका अवस्थाहरू तथा खासगरी सशस्त्र द्वन्द्व र विदेशीको कब्जाको समयमा लागु हुन सक्ने मानव अधिकारसम्बन्धी लिखतहरूको परिपालना अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण संरक्षणका लागि अपरिहार्य भएका कुरा दृष्टिगत गर्दै,

अपाङ्गता भएका व्यक्तिहरूलाई सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उपभोग गर्नमा सक्षम तुल्याउन भौतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण, स्वास्थ्य र शिक्षा एवम् सूचना र सञ्चारमा पहुँचको महत्त्वलाई स्वीकार गर्दै,

अन्य व्यक्ति तथा आफू रहेको समुदायप्रति कर्तव्य रहेको प्रत्येक व्यक्तिमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अधिकारपत्रमा व्यवस्था गरिएका अधिकारहरूको सम्बर्द्धन र पालनाको लागि प्रयत्नरत रहने जिम्मेवारी रहेको कुरालाई महसुस गर्दै,

परिवार समाजको प्राकृतिक र आधारभूत समूहगत इकाइ हो तथा समाज र राज्यबाट संरक्षण प्राप्त गर्न हकदार छ एवम् अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूको पूर्ण र समान उपभोगका लागि योगदान दिन परिवारलाई सक्षम तुल्याउन अपाङ्गता भएका व्यक्तिहरू तथा उनीहरूको परिवारले आवश्यक संरक्षण र सहयोग प्राप्त गर्नुपर्छ भन्ने कुरामा विश्वस्त हुँदै,

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र मर्यादाको सम्बर्द्धन र संरक्षण गर्ने विस्तृत तथा एकीकृत अन्तर्राष्ट्रिय महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूको गम्भीर सामाजिक असुविधालाई पुनः सम्बोधन गर्न तथा अविकासोन्मुख र विकसित दुवै मुलुकहरूमा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रहरूमा समान अवसरहरूका साथै उनीहरूको सहभागितालाई सम्बर्द्धन गर्न महत्त्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा विश्वस्त हुँदै,

देहायबमोजिम सहमत भएका छन्:

धारा १

उद्देश्य

प्रस्तुत महासन्धिको उद्देश्य अपाङ्गता भएका सबै व्यक्तिहरूद्वारा हुने सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण र समान उपभोग, सम्बर्द्धन, संरक्षण एवम् सुनिश्चित गर्नु तथा उनीहरूको नैसर्गिक मर्यादाको सम्मानको सम्बर्द्धन गर्नु हो। अपाङ्गता भएका व्यक्ति भन्नाले दीर्घकालीन अशक्तताद्वारा सिर्जित शारीरिक,

मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी कमजोरीहरू तथा तिनको विभिन्न अवरोधहरूसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्तिहरूसरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँछ।

धारा २

परिभाषा

प्रस्तुत महासन्धिको प्रयोजनको लागि:

'सञ्चार' भन्नाले भाषा, पाठको प्रस्तुती, ब्रेल, स्पर्श सञ्चार, ठूलो छापा, पहुँचयोग्य बहुमाध्यमलगायत पहुँचयोग्य सूचना र सञ्चार प्रविधिको साथै लेख्य, श्रव्य, सामान्य भाषा, मानव वाचक तथा सञ्चरका प्रवर्धनात्मक र बैकल्पिक माध्यम, तरिका, साधन र ढाँचासमेतलाई जनाउँछ।

'भाषा' भन्नाले बोली र साङ्केतिक भाषा तथा अन्य प्रकारका ध्वनिरहित भाषासमेतलाई जनाउँछ।

'अपाङ्गताको आधारमा हुने विभेद' भन्नाले अन्य व्यक्तिहरूसरह समान आधारमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक नागरिक वा अन्य क्षेत्रहरूमा सम्पूर्ण मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको स्वीकार्यता, उपभोग वा प्रयोगलाई अवरोध गर्ने वा निस्तेज गर्ने उद्देश्यले वा त्यस्तो प्रभाव भएको अपाङ्गताको आधारमा हुने कुनै पनि विषमता, उपेक्षा वा प्रतिबन्ध सम्झनुपर्छ। सो शब्दले उपयुक्त अनुकूलताको अस्वीकारलगायतका सबै प्रकारका विभेदहरूसमेतलाई जनाउँछ।

'उपयुक्त अनुकूलता' भन्नाले अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरूसरह समान आधारमा सम्पूर्ण मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उपभोग वा प्रयोगको सुनिश्चित गर्नका लागि कुनै निश्चित अवस्थामा आवश्यक भएकोमा असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरिने आवश्यक र उपयुक्त सुधार वा अनुकूलता सम्झनु पर्छ। 'सर्वमान्य संरचना' भन्नाले उच्चतम सम्भव हदसम्म, विशिष्टीकृत संरचना वा समायोजनबिना सबै मानिसहरूले प्रयोग गर्नसक्ने उत्पादन, वातावरण, कार्यक्रम र सेवाहरूको संरचना सम्झनुपर्छ। 'सर्वमान्य संरचना'ले अपाङ्गता भएका व्यक्तिहरूको निश्चित वर्गको लागि आवश्यक भएको बखत प्रयोग गरिने सहायक उपकरणलाई बाहेक गर्ने छैन।

धारा ३

सामान्य सिद्धान्तहरू

प्रस्तुत महासन्धिका सिद्धान्तहरू देहायबमोजिम हुनेछन्:

- नैसर्गिक मर्यादाको सम्मान, आफ्नो लागि आफै छनौट गर्न पाउने स्वतन्त्रतालगायतका वैयक्तिक स्वायत्तता तथा व्यक्तिको स्वतन्त्रताको सम्मान,
- गैरभेदभाव, समाजमा पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण,
- मानवीय विविधता साथसाथै मानवीयताको अङ्गको रूपमा अपाङ्गता भएका व्यक्तिको भिन्नताको स्वीकार्यता,
- अवसरहरूमा समानता,
- पहुँचयोग्यता,
- पुरूष र महिलाबीच समानता,
- अपाङ्गता भएका बालबालिकाको विकासोन्मुख क्षमताको सम्मान तथा अपाङ्गता भएका बालबालिकाको आफ्नो पहिचानको संरक्षण गर्न पाउने अधिकारको सम्मान।

धारा ४

सामान्य दायित्वहरू

१. पक्षराष्ट्रहरू अपाङ्गताको आधारमा हुने कुनै पनि प्रकारको भेदभाव नगरी अपाङ्गता भएका सबै व्यक्तिहरूलाई सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्राहरूको पूर्ण उपभोग सुनिश्चित र प्रवर्धन गर्ने कवूल गर्दछन्। यस उद्देश्य प्राप्तिका लागि पक्षराष्ट्रहरूले देहायबमोजिमका कार्यहरू गर्ने कवूल गर्दछन्:

- प्रस्तुत महासन्धिमा स्वीकार गरिएका अधिकारहरूको कार्यान्वयनको लागि सम्पूर्ण उपयुक्त व्यवस्थापकीय, प्रशासनिक तथा अन्य उपायहरू ग्रहण गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरू विरूद्ध भेदभाव सिर्जना गर्ने विद्यमान कानुन, नियम, प्रथा तथा प्रचलनलाई संशोधन वा उन्मूलन गर्न कानुन बनाउनेलगायतका सबै उपयुक्त उपायहरू अवलम्बन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको संरक्षण तथा प्रवर्धन गर्न सबै नीति तथा कार्यक्रमहरूलाई ध्यान दिने
- यस महासन्धिसँग बाझिने कुनै पनि कार्य वा प्रचलनमा संलग्न नहुने तथा सार्वजनिक निकाय तथा संस्थाहरूले प्रस्तुत महासन्धिअनुरूप कार्य गरेको सुनिश्चित गर्ने,
- कुनै पनि व्यक्ति, संस्था वा निजी उद्यमबाट अपाङ्गताको आधारमा हुने विभेद अन्त्य गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने,

- अपाङ्गता भएका व्यक्तिहरूको खास आवश्यकता परिपूर्ति गर्न न्यूनतम सम्भावित समायोजन आवश्यक पर्ने र न्यूनतम खर्च लाग्ने गरी यस महासन्धिको धारा २ मा परिभाषित विश्वव्यापीरूपमा डिजाइन गरिएको वस्तु, सेवा, उपकरण र सुविधाहरूको अनुसन्धान तथा विकास गर्ने वा सोको लागि प्रोत्साहित गर्ने, त्यस्ता वस्तु, सेवा, उपकरण र सुविधाहरूको उपलब्धता र प्रयोग प्रवर्धन गर्ने र मापदण्ड तथा मार्ग निर्देशिकाहरूको विकास गर्न सर्वव्यापी संरचना प्रवर्धन गर्ने,
- धान्न सक्ने मूल्यका प्रविधिहरूलाई प्रथमिकता दिँदै अपाङ्गता भएका व्यक्तिहरूलाई सुहाउँदो सूचना र सञ्चार प्रविधि, गमनशील सहाय सामग्री, उपकरण, सहयोगात्मक प्रविधिहरूलगायत अन्य नयाँ प्रविधिहरूको अनुसन्धान, विकास गर्ने वा सोको लागि प्रोत्साहित गर्ने तथा त्यस्ता प्रविधिहरूको उपलब्धता र प्रयोगको प्रवर्धन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई नयाँ प्रविधिका साथै अन्य प्रकारको सहयोग आधार सेवा र सुविधालगायतका अन्य गमनशील सहायक सामग्री, उपकरण तथा सहयोगात्मक प्रविधिहरूबारे पहुँचयोग्य जानकारी उपलब्ध गराउने,
- प्रस्तुत महासन्धिमा प्रत्याभूत गरिएका सहयोग र सुविधाहरू अझ राम्ररी उपलब्ध गराउन अपाङ्गता भएका व्यक्तिहरूसँग काम गर्ने पेशाकर्मी तथा कर्मचारीलाई तालिम, प्रशिक्षण प्रवर्धन गर्ने,

२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको सम्बन्धमा प्रत्येक पक्षराष्ट्रले अन्तर्राष्ट्रिय सहयोगको संरचनाभित्र अन्तर्राष्ट्रिय कानुनबमोजिम प्रस्तुत महासन्धिमा उल्लिखित तत्काल लागु हुने जिम्मेवारीहरूमा प्रतिकूल प्रभाव नपर्ने गरी आफूसँग उपलब्ध श्रोतहरूको अधिकतम हदसम्म र आवश्यकताअनुसार त्यस्ता अधिकारहरूको प्रगतिशील ढङ्गले पूर्ण प्राप्ति गर्ने उद्देश्यले उपायहरू अवलम्बन गर्ने कवूल गर्दछ।

३. पक्षराष्ट्रहरूले प्रस्तुत महासन्धि कार्यान्वयन गर्ने कानुन तथा नीतिहरूको निर्माण र कार्यान्वयनमा तथा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित विषयहरूसँग सम्बन्धित अन्य निर्णय गर्ने प्रक्रियाहरूमा अपाङ्गता भएका बालबालिकाहरूलगायत अपाङ्गता भएका व्यक्तिहरूसँग उनीहरूका प्रतिनिधि संस्थाहरूमार्फत निकटरूपमा परामर्श गर्ने तथा निजहरूलाई सक्रियरूपमा संलग्न गराउनेछन्।

४. कुनै पक्षराष्ट्रको कानुन वा त्यस्तो राष्ट्रलाई लागु हुने अन्तर्राष्ट्रिय कानुनमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारको प्राप्तिका लागि थप अनुकूल व्यवस्थाहरू गरिएका भए प्रस्तुत महासन्धिमा लेखिएको कुनै पनि कुराले त्यस्ता व्यवस्थाहरूलाई प्रभाव पार्ने छैन। कानुन, परम्परा, नियम वा प्रथाबमोजिम कुनै पक्षराष्ट्रहरूको इलाकामा स्वीकार गरिएका वा विद्यमान रहेका मानव अधिकार र आधारभूत स्वतन्त्रताहरूउपर प्रस्तुत महासन्धिले त्यस्ता अधिकार वा स्वतन्त्रताहरू

स्वीकार नगरेको वा कम हदमा स्वीकार गरेको बहानामा कुनै पनि प्रतिबन्ध लगाइने वा त्यस्तो अधिकार र स्वतन्त्रताहरूलाई न्यूनीकरण गरिने छैन।

५. प्रस्तुत महासन्धिका व्यवस्थाहरू कुनै सीमा वा अपवादबिना सङ्घीय राज्यका सबै भागहरूमा लागु हुनेछ।

धारा ५

समानता र गैरभेदभाव

- पक्षराष्ट्रहरू कानुनको अगाडि तथा अन्तर्गत सबै व्यक्तिहरू समान भएको तथा कुनै पनि भेदभावबिना कानुनको समान संरक्षण र समान सुविधाको हकदार भएको स्वीकार गर्छन्।
- पक्षराष्ट्रहरूले अपाङ्गताको आधारमा हुने सबै भेदभावहरू निषेध गर्नेछन् तथा अपाङ्गता भएका व्यक्तिहरूलाई कुनै पनि आधारमा हुने भेदभाव विरूद्ध समान तथा प्रभावकारी कानुनी संरक्षण प्रत्याभूत गर्नेछन्। समानता प्रवर्धन तथा भेदभाव उन्मूलन गर्नका लागि पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई उचित अनुकूलता प्रदान गरिएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त कदमहरू चाल्नेछन्।
- प्रस्तुत महासन्धिका शर्तहरूअन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक समानताको गति बढाउन वा प्राप्त गर्न आवश्यक पर्ने विशेष उपायहरूलाई भेदभाव मानिने छैन।

धारा ६

अपाङ्गता भएका महिला

- पक्षराष्ट्रहरू अपाङ्गता भएका महिला तथा बालिकाहरू विविध भेदभावको भागीदार भएका छन् भनी स्वीकार गर्छन् तथा यस सम्बन्धमा उनीहरूले सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण र समान उपभोग गरेको सुनिश्चित गर्न उपायहरू अवलम्बन गर्नेछन्।
- महिलाहरूको लागि प्रस्तुत महासन्धिमा व्यवस्था गरिएका मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको अभ्यास तथा उपभोगको प्रत्याभूति गर्ने उद्देश्यले उनीहरूको पूर्ण विकास, प्रगति तथा सशक्तिकरण सुनिश्चित गर्न पक्षराष्ट्रहरूले सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

धारा ७

अपाङ्गता भएका बालबालिका

- पक्षराष्ट्रहरूले अन्य बालबालिकासरह समान आधारमा अपाङ्गता भएका बालबालिकाले सबै मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपभोग गरेको सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन्।

- अपाङ्गता भएका बालबालिकासँग सम्बन्धित सबै काम कारबाहीहरूमा बालकालिकाको सर्वोत्तम हितनै प्राथमिक विषय हुनेछ।
- पक्षराष्ट्रहरूले अन्य बालबालिकासरह समान आधारमा अपाङ्गता भएका बालबालिकाले उनीहरूलाई प्रभाव पार्ने सबै विषयहरूमा आफ्नो धारणा व्यक्त गर्ने अधिकार तथा उमेर र परिपक्कताअनुसार उनीहरूको धारणालाई उचित सम्मान दिइने तथा त्यस्ता अधिकारको उपयोगका लागि अपाङ्गता तथा उमेरअनुसार उपयुक्त हुने सहयोगहरू प्रदान गर्ने कुरा सुनिश्चित गर्नेछन्।

धारा ८

सचेतना अभिवृद्धि

१. पक्षराष्ट्रहरूले देहायका कार्यहरू गर्न तात्कालिक, प्रभावकारी तथा उपयुक्त उपायहरू अवलम्बन गर्न कबूल गर्दछन्:

- पारिवारिक तहलगायत सम्पूर्ण समाजमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार तथा स्वाभिमानको सम्मान अभिवृद्धि गर्न सचेतना अभिवृद्धि गर्ने,
- जीवनका सबै पक्षहरुमा लिङ्ग र उमेरमा आधारितलगायत अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित पुरातन, पूर्वाग्रही तथा हानिकारक प्रचलनहरू विरूद्ध जुध्न,
- अपाङ्गता भएका व्यक्तिहरूको सामर्थ्य तथा योगदानबारे सचेतना अभिवृद्धि गर्ने।

२. यस उद्देश्य प्राप्तिका लागि देहायका उपायहरूसमेत पर्दछन्:

- प्रभावकारी सार्वजनिक सचेतना कार्यक्रमहरू तय गर्ने, लागु गर्ने तथा निरन्तरता दिने, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारप्रतिको ग्रहणशीलता सम्बर्द्धन गर्ने,
- अपाङ्गता भएको व्यक्तिहरूप्रति सकारात्मक धारणा तथा उच्चतर सामाजिक सचेतना अभिवृद्धि गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूको सीप, गुण र क्षमताको स्वीकार्यता तथा कार्यस्थल र श्रम बजारमा उनीहरूको योगदान प्रवर्धन गर्ने, सानो उमेरदेखिका सम्पूर्ण बालबालिकामा लगायत शिक्षा प्रणालीका सम्पूर्ण तहहरूमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारप्रति सम्मानको धारणा अभिवृद्धि गर्ने,
- प्रस्तुत महासन्धिको उद्देश्य अनुकूल हुने गरी अपाङ्गता भएका व्यक्तिहरूलाई प्रस्तुत गर्न सञ्चारका सबै अङ्गहरूलाई प्रोत्साहित गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारहरूका बारेमा चेतनामूलक प्रशिक्षण कार्यक्रमहरूलाई प्रोत्साहित गर्ने।

धारा ९

पहुँच युक्तता

१. अपाङ्गता भएका व्यक्तिहरूलाई स्वनिर्भरतापूर्वक जीवनयापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्णरूपमा सहभागी हुन सक्षम बनाउन पक्षराष्ट्रहरूले अन्य व्यक्तिसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई शहरी र ग्रामीण दुवै क्षेत्रहरूमा भौतिक वातावरण, यातायात, सूचना तथा सञ्चार प्रविधि र प्रणालीहरूलगायत सूचना र सञ्चार तथा सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका अन्य सुविधा तथा सेवाहरूमा पहुँच सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। पहुँचयुक्तताको व्यवधान तथा अवरोधहरूको पहिचान तथा अन्त्य गर्ने यस्ता उपायहरू अन्य कुराका अतिरिक्त देहायका कुराहरूको हकमा अवलम्बन गरिनेछन्:

- विद्यालय, आवास, चिकित्सकीय सुविधा र कार्यस्थललगायत भवन, सडक, यातायात तथा अन्य आन्तरिक र बाह्य सुविधाहरू,
- विद्युतीय सेवा तथा सङ्कटकालीन सेवाहरूलगायत सूचना, सञ्चार तथा अन्य सुविधाहरू।

२. पक्षराष्ट्रहरूले देहायका कार्यहरू गर्नको लागि समेत उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्:

- सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएको सूविधा र सेवाहरूमा पहुँचको लागि न्यूनतम मापदण्ड र निर्देशिकाहरू निर्माण गर्ने, जारी गर्ने तथा सोको कार्यान्वयनको अनुगमन गर्ने,
- सर्वसाधारणलाई खुला भएका वा प्रदान गरिएका सूविधा र सेवाहरू प्रदान गर्ने निजी क्षेत्रका निकायले अपाङ्गता भएका व्यक्तिहरूको पहुँचको हरेक पक्षमा ध्यान दिएको सुनिश्चित गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूले सामना गर्नु परेको पहुँचका समस्याहरूमा सरोकारवाला पक्षहरूलाई प्रशिक्षण प्रदान गर्ने,
- सर्वसाधरणलाई खुला भएको भवन भित्रका तथा अन्य सुविधाहरूमा ब्रेल तथा पढ्न र बुझ्न सरल हुने ढङ्गमा साङ्केतिक सूचना प्रदान गर्ने,
- भवन र सर्वसाधरणलाई खुला भएका अन्य सुविधाहरूको पहुँचमा सहजता प्रदान गर्न पथ प्रदर्शक, वाचक तथा व्यावसायिक सांकेतिक भाषा अनुवादकलगायत प्रत्यक्ष सहयोग तथा सहयोगीहरू उपलब्ध गराउने,
- अपाङ्गता भएका व्यक्तिहरूको सूचनामा पहुँच सुनिश्चित गर्न अन्य उपयुक्त किसिमका सहायता र सहयोगको प्रवर्धन गर्ने,
- इन्टरनेटलगायत नयाँ सूचना र सञ्चार प्रविधि तथा प्रणालीहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच प्रवर्धन गर्ने,

- पहुँचयोग्य सूचना र सञ्चारका प्रविधि तथा प्रणालीहरूको डिजाइन, विकास, उत्पादन तथा वितरणलाई सुरूदेखि नै प्रवर्धन गर्ने ताकि ती प्रविधि र प्रणालीहरू न्यूनतम मूल्यमा उपलब्ध हुन सकून्।

धारा १०

जीवनको अधिकार

प्रत्येक मानवलाई जीवनको नैसर्गिक अधिकार भएको कुरा पक्षराष्ट्रहरूले पुनः पुष्टि गर्दछन् तथा अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूका लागि यस अधिकारको प्रभावकारी उपभोग सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्ने छन्।

धारा ११

जोखिमका अवस्थाहरू तथा मानवीय सङ्कटहरू पक्षराष्ट्रहरूले अन्तर्राष्ट्रिय मानवीय कानुन तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनलगायत अन्तर्राष्ट्रिय कानुनहरूअन्तर्गतका जिम्मेवारीहरूअनुसार सशस्त्र द्वन्द्व, मानवीय सङ्कट तथा प्राकृतिक प्रकोपहरू भएका अवस्थाहरूलगायत जोखिमका अन्य अवस्थाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र सुरक्षा सुनिश्चित गर्न सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन्।

धारा १२

कानुनको अगाडि समान मान्यता

- पक्षराष्ट्रहरू अपाङ्गता भएका व्यक्तिहरूलाई कानुनको अगाडि व्यक्तिको रूपमा सर्वत्र मान्यता पाउने अधिकार भएको पुनः पुष्टि गर्छन्।
- अन्य व्यक्तिहरूसरह समान आधारमा जीवनका सबै पक्षहरूमा अपाङ्गता भएका व्यक्तिहरूले कानुनी क्षमता उपभोग गर्छन् भनी पक्षराष्ट्रहरूले स्वीकार गर्नेछन्।
- अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो कानुनी क्षमता प्रयोग गर्न आवश्यक पर्ने सहयोगमा पहुँच प्रदान गर्न पक्षराष्ट्रहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।
- पक्षराष्ट्रहरूले कानुनी क्षमताको प्रयोगसँग सम्बन्धित सम्पूर्ण उपायहरू अन्तर्राष्ट्रिय मानव अधिकार कानुनबमोजिम उल्लङ्घन रोक्न उपयुक्त र प्रभावकारी सुरक्षाहरू भएको सुनिश्चित गर्नेछन्। त्यस्ता सुरक्षाहरूले कानुनी क्षमताको प्रयोगसँग सम्बन्धित सम्पूर्ण उपायहरूले व्यक्तिहरूको अधिकार, इच्छा र चाहनाहरूको सम्मान गर्ने, स्वार्थहरूको द्वन्द्व र अनुचित प्रभावबाट मुक्त भएको, समानुपातिक तथा व्यक्तिको अवस्थाहरू अनुरूप भएको, सम्भव भएसम्म कम समयको लागि प्रयोग हुने तथा सक्षम, स्वतन्त्र र निष्पक्ष अधिकारी वा न्यायिक निकायबाट पुनरावलोकनका विषय भएको सुनिश्चित गर्नेछन्। त्यस्ता सुरक्षाहरू व्यक्तिको

अधिकार तथा स्वार्थहरूलाई प्रभाव पार्ने उपायहरूको मात्रासँग समानुपातिक हुनेछन्।

- यस धाराको अधीनमा रही पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सम्पत्ति स्वामित्वमा लिने, अंश/अपुताली पाउने, आफ्नो आर्थिक कारोबारहरू आफैले नियन्त्रण गर्ने र बैङ्क ऋण, धितो बन्धक तथा अन्य प्रकारका वित्तीय ऋणमा समान पहुँच सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त र प्रभावकारी उपायहरू अवलम्बन गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरू आफ्नो सम्पत्तिबाट स्वेच्छाचारी ढङ्गमा वञ्चित नगरिएको सुनिश्चित गर्नेछन्।

धारा १३

न्यायमा पहुँच

- साक्षीको रूपमा लगायत प्रत्यक्ष वा अप्रत्यक्ष सहभागीको रूपमा अनुसन्धानात्मक तथा अन्य प्रारम्भिक चरणहरूमा अपाङ्गता भएका व्यक्तिहरूको प्रभाकारी भूमिकामा सहजता प्रदान गर्ने उद्देश्यले पक्षराष्ट्रहरूले कार्यविधिगत तथा उमेर अनुसारका अनुकूलताहरूको माध्यमबाटसमेत अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई न्यायमा प्रभाकारी पहुँच सुनिश्चित गर्नेछन्।
- अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा प्रभावकारी पहुँच सुनिश्चित गर्न सघाउने उद्देश्यले पक्ष राष्ट्रहरूले प्रहरी, कारागारका कर्मचारीलगायत न्याय प्रशासनको क्षेत्रमा काम गर्ने व्यक्तिहरूका लागि उपयुक्त प्रशिक्षण प्रवर्धन गर्नेछन्।

धारा १४

व्यक्तिको स्वतन्त्रता तथा सुरक्षा

१. अन्य व्यक्तिहरूसरह समान आधारमा,

- अपाङ्गता भएका व्यक्तिहरूले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकार उपभोग गरेको,
- गैरकानुनी वा स्वेच्छाचारी ढङ्गमा अपाङ्गता भएका व्यक्तिहरू स्वतन्त्रताबाट वञ्चित नगरिएका र स्वतन्त्रता वञ्चित गर्ने कुनै पनि कार्य कानुनअनुरूप भएको तथा अपाङ्गताको विद्यमानताले कुनै पनि अवस्थामा स्वतन्त्रता वञ्चित गर्ने कार्यलाई न्यायोचित नठहराउने कुरा पक्षराष्ट्रहरूले सुनिश्चित गर्ने छन्।

२. पक्षराष्ट्रहरूले अपाङ्गता व्यक्तिहरू कुनै पनि प्रक्रियाद्वारा आफ्नो स्वतन्त्रताबाट वञ्चित भएमा उनीहरू अन्य व्यक्तिहरूसरह समान आधारमा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनबमोजिमका प्रत्याभूतिहरूका हकदार भएको तथा

उनीहरूलाई यस महासन्धिका उपयुक्त अनुकूलताका व्यवस्थाहरूलगायत उद्देश्य तथा सिद्धान्तहरूको परिपालना हुने गरी व्यवहार गरिएको सुनिश्चित गर्नेछन्।

धारा १५

यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट स्वतन्त्रता

- कुनै पनि व्यक्तिलाई यातना दिइने वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन। खासगरी कसैलाई पनि निजको स्वतन्त्र सहमतिबिना चिकित्सकीय वा वैज्ञानिक प्रयोग भोग्न लगाइने छैन।
- अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई यातना वा क्रुर, अपमानजनक व्यवहार वा सजायको भागीदार हुनबाट रोक्न पक्षराष्ट्रहरूले सम्पूर्ण प्रभावकारी व्यवस्थापकीय, प्रशासनिक, न्यायिक वा अन्य उपायहरू अवलम्बन गर्नेछन्।

धारा १६

शोषण, हिंसा र दुर्व्यवहारबाट स्वतन्त्रता

- अपाङ्गता भएका व्यक्तिहरूलाई घरभित्र र बाहिर दुवै ठाउँमा लैङ्गिक पक्षहरूमा आधारितलगायत सबै प्रकारका शोषण, हिंसा तथा दुर्व्यवहारबाट संरक्षण गर्न पक्षराष्ट्रहरूले सम्पूर्ण उपयुक्त व्यवस्थापकीय प्रशासनिक, सामाजिक, शैक्षिक तथा अन्य उपायहरू अवलम्बन गर्नेछन्।
- पक्षराष्ट्रहरूले शोषण, हिंसा र दुर्व्यवहारका घटनाहरू कसरी रोक्ने, पहिचान गर्ने र सोको प्रतिवेदन भन्ने कुराको सूचना र शिक्षाको व्यवस्थालगायत अन्य कुराको अतिरिक्त, अपाङ्गता भएका व्यक्ति, तिनीहरूको परिवार र परिचारकका लागि उपयुक्त लिङ्ग र उमेर संवेदनशील सहयोग सुनिश्चित गरेर सबै प्रकारका शोषण, हिंसा तथा दुर्व्यवहार रोक्नेसमेत सबै उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। पक्षराष्ट्रहरूले संरक्षण सेवाहरू उमेर, लिङ्ग र अपाङ्गताप्रति संवेदनशील भएको पक्षराष्ट्रहरूले सुनिश्चित गर्नेछन्। सम्पूर्ण प्रकारका शोषण, हिंसा तथा दुर्व्यवहारका घटना रोक्नका लागि पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको सेवाका लागि तयार गरिएको सम्पूर्ण सुविधा तथा कार्यक्रमहरू स्वतन्त्र निकायहरूबाट प्रभावकारी ढङ्गमा अनुगमन गरिएको सुनिश्चित गर्नेछन्।
- कुनै पनि प्रकारको शोषण, हिंसा वा दुर्व्यवहारको शिकार भएका अपाङ्गता भएका व्यक्तिहरूको शारीरिक, मानसिक र मनोवैज्ञानिक पुनः प्राप्ति, पुनः स्थापन तथा सामाजिक पुनः एकीकरणको प्रवर्धन गर्न पक्षराष्ट्रहरूले संरक्षण सेवाहरूको

व्यवस्थालगायत अन्य सम्पूर्ण आवश्यक उपायहरू अवलम्बन गर्नेछन्। स्वास्थ्य, कल्याण, आत्मसम्मान, स्वाभिमान र स्वायतत्ता अभिवृद्धि गर्ने तथा लिङ्ग र उमेरको उचित आवश्यकताहरूलाई ध्यान दिने वातावरणमा यस्तो पुनः प्राप्ति र पुनः एकीकरण सञ्चालन हुनेछ।

- अपाङ्गता भएका व्यक्तिहरू विरूद्ध हुने शोषण, हिंसा र दुर्व्यवहारका घटनाहरूको पहिचान अनुसन्धान तथा उपयुक्त भएकोमा अभियोजन गरिएको सुनिश्चित गर्न पक्षराष्ट्रहरूले महिला र बालबालिकाकेन्द्रित कानुन तथा नीतिहरूलगायत अन्य प्रभावकारी कानुन तथा नीति निर्माण गर्नेछन्।

धारा १७

व्यक्तिको अखण्डताको संरक्षण गर्ने

अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएको प्रत्येक व्यक्तिलाई शारीरिक र मानसिक अखण्डताको लागि सम्मानको अधिकार छ।

धारा १८

आवतजावत र राष्ट्रियतासम्बन्धी स्वतन्त्रता

१. पक्षराष्ट्रहरूले देहायबमोजिमका कुराहरूसमेत सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरूसरह आवत-जावत गर्ने स्वतन्त्रता, आफ्नो वासस्थान र राष्ट्रियता रोज्न पाउने स्वतन्त्रताको अधिकार स्वीकार गर्नेछन्:

- राष्ट्रियता प्राप्त र परिवर्तन गर्ने अधिकार भएको तथा स्वेच्छाचारी ढङ्गमा वा अपाङ्गताको आधारमा आफ्नो राष्ट्रियताबाट वञ्चित नगरिएको,
- अपाङ्गताको आधारमा आफ्नो राष्ट्रियताको वा अन्य परिचयका कागजातहरू प्राप्त गर्ने, राख्ने वा उपयोग गर्ने क्षमताबाट वा आवतजावतको स्वतन्त्रताको प्रयोगमा सहजता प्रदान गर्न आवश्यक पर्ने अध्यागमन कारबाहीजस्ता सम्बन्धित प्रक्रियाहरूको उपयोग गर्नबाट वञ्चित नगरिएको,
- आफ्नो देशलगायत कुनै पनि देश छोड्न स्वतन्त्र रहेको, स्वेच्छाचारी ढङ्गबाट वा अपाङ्गताको आधारमा आफ्नो देशमा प्रवेश गर्न पाउने अधिकारबाट वञ्चित नगरिएको,

२. जन्म भएलगत्तै अपाङ्गता भएका बालबालिकाको दर्ता गरिनेछ र निजहरूलाई जन्मनासाथ नाम पाउने अधिकार, राष्ट्रियता प्राप्त गर्ने अधिकार तथा सम्भव भएसम्म आफ्नो बुबाआमा पहिचान गर्ने र निजहरूबाट स्याहार, सुसार पाउने अधिकार हुनेछ।

धारा १९

स्वतन्त्रतापूर्वक बस्न पाउने तथा समुदायमा समावेश गरिने यस महासन्धिका पक्षराष्ट्रहरूले अन्य व्यक्तिहरू सरहको छनौटसहितको अपाङ्गता भएका व्यक्तिहरूलाई समुदायमा बस्न पाउने समान अधिकार भएको स्वीकार गर्छन् तथा देहायबमोजिमका कुराहरूसमेत सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरूलाई यस अधिकारको पूर्ण उपभोग गर्न तथा निजहरूको समुदायमा पूर्ण समावेश र सहभागितामा सहजता प्रदान गर्न प्रभावकारी उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्:

- अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरूसरह समान आधारमा आफ्नो बासस्थान र कहाँ र कसको साथमा बस्ने भनी छनौट गर्ने अवसर हुन्छ र कुनै खास किसिमको बसोबास व्यवस्थामा बस्नका लागि उनीहरूलाई बाध्य बनाइँदैन,
- अपाङ्गता भएका व्यक्तिहरूलाई बस्न र समुदायमा समावेश हुन तथा समुदायबाट एक्ल्याउने र अलग्याउने कार्य हुनबाट रोक्न आवश्यक पर्ने व्यक्तिगत सहयोगलगायत विभिन्न स्तरका घरभित्रको, आवासीय र अन्य सामुदायिक सहयोग सेवाहरूमा पहुँच प्राप्त हुन्छ,
- सर्वसाधरणलाई उपलब्ध सामुदायिक सेवा तथा सुविधाहरू अपाङ्गता भएका व्यक्तिहरूलाई समान आधारमा उपलब्ध छन् तथा निजहरूको आवश्यकताहरूप्रति उत्तरदायी छन्।

धारा २०

व्यक्तिगत गमनशीलता (हिँडडुल)

पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई देहायका कुराहरूको माध्यमबाट समेत अधिकतम सम्भावित स्वनिर्भरतासहित व्यक्तिगत गमनशिलता सुनिश्चित गर्न प्रभावकारी उपायहरू अवलम्बन गर्नेछन्:

- अपाङ्गता भएका व्यक्तिहरूलाई निजहरूले रोजेको तरीका र समयमा तथा धान्न सक्ने मूल्यमा व्यक्तिगत गमनशीलता सहज बनाउने,
- गुणस्तरीय गमनशीलता सेवा, उपकरण, सहयोगात्मक प्रविधि तथा प्राणीबाट हुने प्रत्यक्ष सहयोग र मध्यस्थ सेवा धान्न सक्ने मूल्यमा उपलब्ध गराई पहुँच सहज बनाउने,
- अपाङ्गता भएका व्यक्तिहरू तथा अपाङ्गता भएका व्यक्तिहरूको साथमा काम गर्ने विशेषज्ञ कर्मचारीहरूलाई गमनशीलता सीपसम्बन्धी तालिम प्रदान गर्ने,
- गमनशीलता सेवा उपकरण तथा सहयोगात्मक प्रविधि उत्पादन गर्ने निकायहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको लागि गमनशीलताका सम्पूर्ण पक्षहरूमा ध्यान दिन प्रोत्साहन गर्ने।

धारा २१

विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनामा पहुँच

यस महासन्धिको धारा २ मा परिभाषा भएबमोजिमका आफूले रोजेको सबै प्रकारका सञ्चारका माध्यमहरूमार्फत अन्य व्यक्तिहरूसरह अपाङ्गता भएका व्यक्तिहरूले समान आधारमा सूचना र मत माग गर्ने, प्राप्त गर्ने र प्रदान गर्नेलगायतका विचार र अभिव्यक्तिको स्वतन्त्रता उपभोग गर्न पाउने कुरा सुनिश्चित गर्न पक्षराष्ट्रहरूले देहायका कार्यहरूसमेत गरी सबै उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्:

- अपाङ्गता भएका व्यक्तिहरूलाई सर्वसाधारणका लागि लक्षित गरिएका सूचनालाई विभिन्न प्रकारका अपाङ्गतालाई उपयुक्त हुने गरी पहुँचयोग्य ढाँचा र प्रविधिमा समयमा नै र अतिरिक्त खर्चबिना उपलब्ध गराउने,
- अपाङ्गता भएका व्यक्तिहरूले कार्यालयमा हुने अन्तरक्रियाहरूमा आफूले रोजेको साङ्केतिक भाषा, ब्रेल, प्रवर्धनात्मक र वैकल्पिक सञ्चार एवम् सञ्चारका अरू सबै प्रकारका पहुँचयोग्य साधन, तरीका र ढाँचा प्रयोग गर्न पाउने कुरालाई स्वीकार गरेर एवम् त्यस्ता प्रयोगलाई सहज बनाउने,
- सर्वसाधारणलाई इन्टरनेटलगायतका सेवा प्रदान गर्ने निजी क्षेत्रका संस्थाहरूलाई त्यस्तो सूचना र सेवा अपाङ्गता भएका व्यक्तिहरूले पहुँच गर्न र प्रयोग गर्न सक्ने ढाँचामा प्रदान गर्न आह्वान गर्ने,
- इन्टरनेटको माध्यबाट सूचना प्रदान गर्ने सूचना प्रदायकहरूलगायत आमसञ्चारलाई उनीहरूको सेवा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयोग्य बनाउनका लागि प्रोत्साहित गर्ने, साङ्केतिक भाषाको प्रयोगलाई मान्यता दिने तथा प्रवर्धन गर्ने।

धारा २२

गोपनीयताको सम्मान

- कुनै पनि अपाङ्गता भएका व्यक्तिहरूलाई निजको बासस्थान वा बसोबासको प्रबन्ध मिलाइएको स्थान जहाँ भए तापनि निजको गोपनीयता, परिवार, घर वा पत्राचार वा अन्य प्रकारका सञ्चारहरूलाई स्वेच्छाचारी वा गैरकानुनी हस्तक्षेप वा निजको सम्मान र प्रतिष्ठालाई गैरकानुनी आक्रमणको विषय बनाइने छैन। अपाङ्गता भएका व्यक्तिहरूलाई त्यस्ता हस्तक्षेप वा आक्रमण विरुद्ध कानुनको संरक्षण पाउने अधिकार हुनेछ।
- पक्षराष्ट्रहरूले अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूको वैयक्तिक, स्वास्थ्य तथा पुनः स्थापनासम्बन्धी सूचनाको गोपनीयताको संरक्षण गर्ने छन्।

धारा २३

घर तथा परिवारको सम्मान

१. पक्षराष्ट्रहरूले देहायका कुराहरू सुनिश्चित गर्नका लागि अन्य व्यक्तिहरूसरह समान आधारमा विवाह, परिवार, पितृत्व वा मातृत्व र नाता सम्बन्धहरूसँग सम्बन्धित सबै कुराहरूमा अपाङ्गता भएका व्यक्तिहरू विरूद्धका भेदभाव उन्मूलन गर्ने प्रभावकारी र उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्:

- विवाहयोग्य उमेर भएका अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो चाहनाअनुसारको जीवन साथीसँग स्वतन्त्र र पूर्ण सहमतिको आधारमा विवाह गर्ने र परिवार बसाउने अधिकार स्वीकार गरिएको,
- आफ्ना सन्तानहरूको सङ्ख्या तथा जन्मान्तरको बारेमा स्वतन्त्रता तथा जिम्मेवारपूर्वक निर्णय गर्ने तथा उमेर सुहाउँदो जानकारी, प्रजननसम्बन्धी तथा परिवार नियोजन शिक्षामा पहुँच पाउने अपाङ्गता भएका व्यक्तिहरूको अधिकारलाई स्वीकार गरिएको छ तथा निजहरूलाई त्यस्ता अधिकारहरू प्रयोग गर्न सक्षम बनाउने साधनहरू उपलब्ध गराइएको,
- अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका बालबालिकालगायत अपाङ्गता भएका व्यक्तिहरूले प्रजनन क्षमतालाई कायमा राखेको।

२. पक्षराष्ट्रहरूले संरक्षकत्व, अभिभावकत्व, ट्रष्टीसीप, धर्मपुत्र वा धर्मपुत्रीको रूपमा ग्रहण गर्ने वा यस्तै अन्य संस्थाहरूसम्बन्धी अवधारणा राष्ट्रिय कानुनमा विद्यमान भएमा त्यस सम्बन्धमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र जिम्मेवारीहरूलाई सुनिश्चित गर्नेछन्, सबै अवस्थामा बालबालिकाको सर्वोत्तम हित सर्वोपरी हुनुपर्नेछ। आफ्नो बालबच्चाको पालनपोषण गर्ने जिम्मेवारी निर्वाह गर्नका लागि पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई उपयुक्त सहयोगहरू प्रदान गर्नेछन्।

३. पक्षराष्ट्रहरूले पारिवारिक जीवनको सम्बन्धमा अपाङ्गता भएका बालबालिकाहरूको समान अधिकार भएको सुनिश्चित गर्नेछन्। त्यस्ता अधिकारहरूको उपभोगका लागि तथा अप्रकाशन, परित्याग, बेवास्ता र पृथकीकरण गर्ने कुरालाई रोक्न पक्षराष्ट्रहरूले अपाङ्गता भएका बालबालिका तथा निजका परिवारहरूलाई समयमै विस्तृत जानकारी, सेवा र सहयोग उपलब्ध गराउने कबूल गर्नेछन्।

४. पक्षराष्ट्रहरूले अधिकारप्राप्त अधिकारीहरूबाट लागु हुने कानुन र कार्यविधिबमोजिम पृथकीकरण कार्य बालबालिकाको सर्वोत्तम हितको लागि आवश्यक भएको भनी न्यायिक पुनरावलोकनको अधिनमा रही निर्णय गरेबमोजिम बाहेक आफ्नो इच्छाविरूद्ध कुनै पनि बालबालिका निजको बाबुआमाबाट अलग गरिँदैनन् भनी सुनिश्चित गर्नेछन्। बालबालिका वा बाबुआमामध्ये कुनै एकजना वा दुवैमा

अपाङ्गता भएको आधारमा कुनै पनि अवस्थामा कुनै पनि बालबालिकालाई पृथक गरिने छैन।

५. पक्षराष्ट्रहरूले अपाङ्गता भएका बालबालिकालाई सबैभन्दा नजिकको परिवारले पालनपोषण गर्न असमर्थ भएको अवस्थामा त्यस्ता बालबालिकालाई वैकल्पिकरूपमा स्याहार सम्भार गर्न विस्तृत नाता सम्बन्धमा तथा त्यस्तो हुन नसकेमा समुदायभित्र नै पारिवारिक वातावरणमा स्याहार सम्भार गर्ने व्यवस्था गर्न हरसम्भव प्रयास गर्नेछन्।

धारा २४

शिक्षा

१. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको अधिकार स्वीकार गर्छन्। बिना कुनै भेदभाव र समान अवसरको आधारमा यस अधिकारलाई हासिल गर्नका लागि पक्षराष्ट्रहरूले देहायका कुराहरूतर्फ निर्देशित हुने गरी सबै तह र जीवनपर्यन्त सिकाइमा समावेशी शिक्षा प्रणाली सुनिश्चित गर्नेछन्:

- मानवको अन्तर्निहित क्षमताका साथै स्वाभिमानको बोध तथा आत्म मूल्यको पूर्ण विकास एवम् मानव अधिकार, आधारभूत स्वतन्त्रता र मानव विविधताको अभिवृद्धि गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो व्यक्तित्व, क्षमता र सिर्जनशिलताका साथै निजहरूको मानसिक र भौतिक क्षमतालाई अधिकतम हदसम्म विकास गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभावकारी ढङ्गमा स्वतन्त्र समाजमा सहभागी हुन सक्षम गराउने।

२. यस अधिकार प्राप्तिका लागि पक्षराष्ट्रहरूले देहायका कुराहरू सुनिश्चित गर्नेछन्:

- अपाङ्गताको आधारमा अपाङ्गता भएका व्यक्तिहरू साधारण शैक्षिक प्रणालीबाट उपेक्षित नभएका तथा अपाङ्गताको आधारमा अपाङ्गता भएका बालबालिकाहरू नि:शुल्क तथा अनिवार्य प्राथमिक शिक्षा वा माध्यमिक शिक्षाबाट उपेक्षित नभएका,
- आफू बसेको समुदायमा अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूको समावेशी, स्तरीय र नि:शुल्क प्राथमिक तथा माध्यमिक शिक्षामा पहुँच भएको,
- व्यक्तिको आवश्यकता अनुसारको मनासिव अनुकूलता उपलब्ध गराइएको,
- अपाङ्गता भएका व्यक्तिहरूलाई प्रभावकारी शिक्षा सहज बनाउन प्रचलित शिक्षा प्रणालीअन्तर्गत उनीहरूले सहयोग प्राप्त गरेका,
- पूर्ण समावेशीपनको लक्ष्यसँग मेल खाने गरी प्राज्ञिक तथा सामाजिक विकास अधिकतम हुने वातावरणमा प्रभावकारी वैयक्तिक सहयोगका उपायहरू प्रदान गरिएका।

३. पक्षराष्ट्रहरूले अपाङ्गता भएको व्यक्तिहरूलाई शिक्षामा निजहरूको पूर्ण र समान सहभागितालाई सहज बनाउन र समुदायको एक सदस्यको रूपमा जीवन र सामाजिक विकासका सीपहरू सिक्न सक्षम बनाउनेछन्। यस उद्देश्य प्राप्तिका लागि पक्षराष्ट्रहरूले देहायका उपायहरूलगायतका उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्:

- ब्रेल, वैकल्पिक लिपी, प्रवर्धनात्मक तथा वैकल्पिक तरीका साधन र ढाँचा तथा पूर्वाभास र गमनशील सीप सिक्न सहज तुल्याउने साथै दौँतरीबाट सिक्ने कला र परामर्श सहज बनाउने, साङ्केतिक भाषा सिक्न र बहिरा समुदायको भाषिक पहिचानको प्रवर्धनलाई सहज बनाउने,
- दृष्टिविहीन, बहिरा वा श्रवण तथा दृष्टिविहीन व्यक्ति खासगरी बालबालिकाहरूलाई त्यस्ता व्यक्तिहरूका लागि सबैभन्दा उपयुक्त भाषा र तरीका तथा सञ्चार माध्यमबाट प्राज्ञिक र सामाजिक विकासलाई अधिकतम बनाउने वातावरणहरूमा शिक्षा प्रदान गरिएको सुनिश्चित गर्ने।

४. यस अधिकारको प्राप्ति सुनिश्चित गर्न सहयोग पुऱ्याउने उद्देश्यले पक्षराष्ट्रहरूले साङ्केतिक भाषा र ब्रेलमा योग्य अपाङ्गता भएका शिक्षकहरूलगायत अन्य शिक्षकहरू नियुक्त गर्न तथा शिक्षका सबै तहहरूमा कार्य गर्ने विशेषज्ञ र कर्मचारीहरूलाई प्रशिक्षित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। त्यस्तो प्रशिक्षणमा अपाङ्गता बारेको सचेतना र अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोग गर्न सञ्चारका उपयुक्त सम्वर्धनात्मक एवम् वैकल्पिक उपाय, सञ्चारको माध्यम तथा ढाँचा, शैक्षिक प्रविधि र सामग्री समाहित भएको हुनुपर्नेछ।

५. पक्षराष्ट्रहरूले भेदभावबिना र अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरू सामान्य शिक्षा, व्यावसायिक प्रशिक्षण, प्रौढ शिक्षा तथा आजीवन अध्ययनमा पहुँच प्राप्त गर्न सक्षम भएको सुनिश्चित गर्नेछन्। यस उद्देश्य प्राप्तिका लागि पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई मनासिव अनुकूलता प्रदान गरिएको सुनिश्चित गर्नेछन्।

धारा २५

स्वास्थ्य

पक्षराष्ट्रहरूले अपाङ्गताको आधारमा हुने भेदभावबिना अपाङ्गता भएका व्यक्तिहरूलाई उच्चतम प्राप्यस्तरको स्वास्थ्य प्राप्त गर्ने अधिकार भएको स्वीकार गर्छन्। पक्षराष्ट्रहरूले स्वास्थ्यसँग सम्बन्धित पुन: स्थापनालगायत लैङ्गिक संवेदनशील भएका स्वास्थ्य सेवाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई पहुँच भएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। खासगरी पक्षराष्ट्रहरूले देहायका कुराहरू गर्नेछन्:

- अपाङ्गता भएका व्यक्तिहरूलाई पनि अन्य व्यक्तिहरूलाई प्रदान गरिएअनुसारकै तह, गुण र स्तरको निःशुल्क वा धान्न सकिने यौनजन्य र प्रजनन स्वास्थ्य तथा जनसङ्ख्यामा आधारित सार्वजनिक स्वास्थ्य कार्यक्रमका क्षेत्रहरूमा लगायत अन्य स्वास्थ्य उपचार र कार्यक्रमहरू प्रदान गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष गरी निजहरूले अपाङ्गताको कारणले आवश्यक पर्ने उपयुक्तताअनुसार यथासमय अपाङ्गता पहिचान तथा हस्तक्षेप गर्ने एवम् बच्चा तथा वृद्ध व्यक्तिहरूलगायत अन्य व्यक्तिहरूमा थप अपाङ्गता न्यूनीकरण वा रोकथाम गर्न तयार गरिएका सेवाहरूलगायतका स्वास्थ्य सेवाहरू प्रदान गर्ने,
- ग्रामीण क्षेत्रहरूलगायत मानिसहरूको आफ्नो समुदायको सम्भव भएसम्म नजिक हुने गरी त्यस्ता स्वास्थ्य सेवाहरू प्रदान गर्ने,
- तालिम एवम् सार्वजनिक र निजी स्वास्थ्य उपचारका लागि नैतिक मापदण्डहरूको कार्यन्वयनको माध्यबाट मानव अधिकार, मर्यादा, स्वायतत्ता र अपाङ्गता भएका व्यक्तिहरूका आवश्यकतालगायतका विषयहरूमा सचेतना अभिवृद्धि गरी स्वतन्त्र तथा सुसूचित सहमतिका आधारमा समेत अन्य व्यक्तिसरह स्तरीय उपचार अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्न स्वास्थ्य व्यसायीहरूलाई लगाउने,
- राष्ट्रिय कानुनले स्वास्थ्य बीमा र जीवन बीमालाई अनुमति दिएको अवस्थामा त्यस्तो बीमाको व्यवस्थामा अपाङ्गता भएका व्यक्तिहरू विरूद्धको भेदभावलाई निषेध गर्ने तथा त्यस्तो बीमा स्वच्छ र उचित ढङ्गमा प्रदान गरिने,
- अपाङ्गताको आधारमा स्वास्थ्य उपचार वा स्वास्थ्य सेवा वा खाद्यान्न वा पेय पदार्थको भेदभावकारी अस्वीकृतिलाई रोक्ने।

धारा २६

वासस्थान र पुनः स्थापना

१. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकत्तम स्वतन्त्रता, पूर्ण शारीरिक, मानसिक, सामाजिक र व्यावसायिक सक्षमता हासिल गर्न एवम् कायम राख्न तथा जीवनका सबै पक्षहरूमा पूर्णरूपले समावेश हुन सक्षम तुल्याउन दौतरीको सहयोगसमेत अन्य प्रभावकारी र उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्। यस उद्देश्य प्राप्तिको लागि, पक्षराष्ट्रहरूले खासगरी स्वास्थ्य, रोजगारी, शिक्षा र सामाजिक सेवाका क्षेत्रहरूमा विस्तृत वासस्थान र पुनः स्थापनासम्बन्धी सेवा र कार्यक्रमहरू देहायअनुसार आयोजना, सुदृढीकरण तथा विस्तार गर्नेछन्:

- त्यस्ता सेवा र कार्यक्रमहरू सकेसम्म प्रारम्भिक अवस्थामा नै सुरु गरिने तथा व्यक्तिको आवश्यकता र क्षमताको बहुआयामिक मूल्याङ्कनमा आधारित हुनेछन्,

- त्यस्ता सेवा र कार्यक्रमहरूले समुदायमा र समाजका सबै पक्षहरूमा सहभागिता र समावेशीकरणलाई सघाउ पुऱ्याउने छन् र स्वेच्छिक हुनेछन् तथा अपाङ्गता भएका व्यक्तिहरूलाई ग्रामीण क्षेत्रहरूलगायत अन्य क्षेत्रहरूमा सकेसम्म उनीहरूको समुदायको नजीक हुने गरी उपलब्ध गराइनेछन्।

२. पक्षराष्ट्रहरूले वासस्थान र पुन: स्थापनासम्बन्धी सेवामा कार्यरत कर्मचारी र पेशाकर्मीहरूका लागि प्रारम्भिक एवम् निरन्तर प्रशिक्षणको विकासलाई प्रवर्धन गर्नेछन्।

३. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि तयार गरिएका वासस्थान र पुन: स्थापनासँग सम्बन्धित सहयोगी उपकरण तथा प्रविधिको उपलब्धता, ज्ञान र प्रयोगलाई प्रवर्धन गर्नेछन्।

धारा २७

काम र रोजगार

१. पक्षराष्ट्रहरूको अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्तिहरूसरह समान आधारमा काम गर्न पाउने अधिकारलाई स्वीकार गर्छन्, त्यस्तो अधिकारमा श्रम बजारमा अपाङ्गता भएका व्यक्तिहरूले स्वतन्त्रतापूर्वक छनौट र स्वीकार गरेको काम गरी जीवन निर्वाह गर्न पाउने अवसर तथा खुला, समावेशी तथा पहुँचयोग्य वातावरणमा काम गर्ने अधिकारसमेत समावेश छ। पक्षराष्ट्रहरूले, अन्य कुराका अतिरिक्त, देहायका कार्यहरू गर्नको लागि कानुन निर्माणलगायत उपयुक्त उपायहरू अवलम्बन गरी रोजगारीको क्रममा अपाङ्गता बेहोरेका व्यक्तिहरूलगायत अपाङ्गता भएका अन्य व्यक्तिहरूको कामको अधिकार उपभोगको संरक्षण र प्रवर्धन गर्नेछन्:

- भर्ना, छनौट र नियुक्तिका शर्तहरू, सेवाको निरन्तरता, वृत्ति विकास र सुरक्षित एवम् स्वस्थ्यकर कार्य अवस्थालगायत सबै प्रकारका रोजगारीहरूसँग सम्बन्धित अपाङ्गताको आधारमा हुने भेदभावलाई निषेध गर्ने,
- अन्य व्यक्तिहरूसरह अपाङ्गता भएका व्यक्तिहरूको समान अवसर तथा समान कामको लागि समान ज्याला, सुरक्षित र स्वस्थ्यकर कार्यअवस्था, दुराचारबाट संरक्षणसमेत तथा गुनासोको सुनुवाइलगायतका काम गर्नका लागि चाहिने न्यायपूर्ण र अनुकूल वातावरण पाउने अधिकारको संरक्षण गर्ने,
- अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूले पनि निजहरूको श्रम तथा ट्रेड युनियनसम्बन्धी अधिकार प्रयोग गर्न पाएको सुनिश्चित गर्ने, साधारण प्राविधिक एवम् पेशागत निर्देशन कार्यक्रम, पदस्थापना सेवा एवम् पेशागत तथा निरन्तर तालीम प्रभावकारीरूपमा पहुँच प्राप्त गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई सक्षम बनाउने,

- अपाङ्गता भएका व्यक्तिहरूलाई काम खोज्ने, काम पाउने, काममा बहाल रहने र काममा फर्कने एवम् श्रम बजारमा रोजगारी र वृत्ति विकासका अवसरहरूको प्रवर्धन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूको लागि स्वरोजगार, उद्यमशीलता, सहकारिताको विकास र आफै व्यवसाय सुरु गर्ने अवसरहरूको प्रवर्धन गर्ने, सार्वजनिक क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगारी प्रदान गर्ने, सकारात्मक कार्य योजना, प्रोत्साहन तथा अन्य उपायहरू समाविष्ट उपयुक्त नीति र उपायहरूको माध्यमद्वारा निजी क्षेत्रमा अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीलाई प्रवर्धन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई कार्यस्थलमा मनासिव अनुकूलता उपलब्ध गराइएको सुनिश्चित गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूले खुला श्रम बजारमा कार्य अनुभव प्राप्त गर्ने कुरालाई प्रवर्धन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूको लागि व्यावसायिक तथा पेशागत पुन: स्थापना, रोजगारीको निरन्तरता तथा काममा फर्कने कार्यक्रमहरूको प्रवर्धन गर्ने।

२. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरू दास वा बाँधा नबनाइएको तथा उनीहरूले अन्य व्यक्तिहरूसरह समान आधारमा बलपूर्वक वा अनिवार्य श्रमबाट संरक्षण सुनिश्चित गर्नेछन्।

धारा २८

पर्याप्त जीवनस्तर र सामाजिक संरक्षण

१. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरू आफैलाई र तिनका परिवारको लागि समेत पर्याप्त खाद्यान्न, लुगा एवम् आवाससमेतको पर्याप्त जीवनस्तरको तथा जीवन निर्वाहका अवस्थाहरूको निरन्तर सुधारको अधिकार भएको स्वीकार गर्छन् तथा अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभावबिना त्यस्तो अधिकारको उपभोग संरक्षण र प्रवर्धन गर्न उपयुक्त कदमहरू चाल्नेछन्।

२. पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा तथा अपाङ्गताको आधारमा गरिने कुनै पनि भेदभावबिना त्यस्तो अधिकारको उपभोग गर्न पाउने अधिकार भएको स्वीकार गर्छन् तथा त्यस्तो अधिकारको उपभोग, संरक्षण र प्रवर्धन गर्न देहायका उपायहरूलगायत अन्य उपयुक्त कदमहरू चाल्नेछन्:

- स्वच्छ पानीको आपूर्तिमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच सुनिश्चित गर्ने तथा उपयुक्त र धान्न सकिने मूल्यमा सेवा, उपकरण र अपाङ्गतासँग सम्बन्धित आवश्यकताहरूको लागि अन्य सहयोगहरूमा निजहरूको पहुँच सुनिश्चित गर्ने,

- अपाङ्गता भएका व्यक्तिहरू खासगरी अपाङ्गता भएका महिला र वृद्ध-वृद्धाहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम तथा गरिबी न्यूनीकरण कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने,
- गरिबीको अवस्थामा जीवनयापन गरिरहेका अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारलाई पर्याप्त तालिम, परामर्श, आर्थिक सहयोग एवम् राहत सेवालगायत अपाङ्गतासम्बन्धी खर्चहरूमा राज्यबाट प्रदान गरिने सहयोगमा पहुँच सुनिश्चित गर्ने,
- सार्वजनिक आवास कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचलाई सुनिश्चित गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूको अवकाश पछिको सुविधा तथा कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने।

धारा २९

राजनीतिक तथा सार्वजनिक जीवनमा सहभागिता

पक्षराष्ट्रहरूले अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई राजनीतिक अधिकार तथा त्यस्तो अधिकारहरूको उपभोग गर्ने अवसरको प्रत्याभूत दिनेछन् र देहायका कुराहरू गर्नेछन्:

१. अन्य व्यक्तिहरूसरह अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने तथा निर्वाचित हुनेलगायत प्रत्यक्ष वा स्वतन्त्ररूपमा चुनिएका प्रतिनिधिहरूमार्फत राजनीतिक तथा सार्वजनिक जीवनमा प्रभावकारी एवम् पूर्णरूपमा सहभागी हुन सकेका छन् भनी अरू कुराका अतिरिक्त देहायका कुराहरूबाट सुनिश्चित गर्ने:

- मतदानका प्रक्रिया, सुविधा र सामग्रीहरू उपयुक्त, पहुँच योग्य तथा बुझ्न एवम् प्रयोग गर्न सहज भएको सुनिश्चित गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूले भयमुक्त वातावरणमा निर्वाचन र सार्वजनिक जनमत सङ्ग्रहहरूमा गोप्य मतदान प्रक्रियाद्वारा मतदान गर्ने तथा निर्वाचनमा उम्मेदवार हुने, सरकारका सबै तहहरू र सार्वजनिक कार्यहरूमा पद धारण गर्न र कार्य सम्पादन गर्न पाउने अधिकारको संरक्षण गर्ने तथा उपयुक्त भएको अवस्थामा सहयोगात्मक र नयाँ प्रविधिहरूको प्रयोगलाई सहज बनाउने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई मतदाताको रूपमा आफ्नो इच्छा स्वतन्त्ररूपमा अभिव्यक्त गर्नसक्ने अधिकार प्रत्याभूत गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि उनीहरूको अनुरोधमा मतदान गर्न उनीहरूले रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने।

२. अपाङ्गता भएका व्यक्तिहरूले अन्य व्यक्तिहरूसरह समान आधारमा बिनाभेदभाव सार्वजनिक क्रियाकलापहरूको सञ्चालनमा प्रभावकारी तथा पूर्णरूपमा सहभागी

हुन सक्ने वातावरणको सक्रियरूपले प्रवर्धन गर्ने तथा देहायका कुराहरूलगायत सार्वजनिक क्रियाकलापहरूमा उनीहरूको सहभागितालाई प्रोत्साहित गर्ने:

- मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैरसरकारी सङ्घसंस्थाहरूमा तथा राजनीतिक दलहरूको गतिविधि र सञ्चालनमा सहभागिता,
- अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र स्थानीयस्तरमा अपाङ्गता भएका व्यक्तिहरूको प्रतिनिधित्व गर्न अपाङ्गता भएका व्यक्तिहरूको सङ्गठन खोल्ने र त्यस्ता सङ्गठनको सदस्य बन्ने।

धारा ३०

सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकूदमा सहभागिता

१. पक्षराष्ट्रहरू अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई सांस्कृतिक जीवनमा सहभागी हुने अधिकार भएको स्वीकार गर्छन् र पक्षराष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूले देहायबमोजिमका कुराहरू गर्न पाएको सुनिश्चित गर्न सम्पूर्ण उपायहरू अवलम्बन गर्नेछन्:

- पहुँचयोग्य ढाँचाहरूमा सांस्कृतिक सामग्रीहरूमा पहुँच उपभोग गर्ने,
- पहुँचयोग्य ढाँचाहरूमा टेलिभिजन कार्यक्रम, चलचित्र, नाटक र अन्य सांस्कृतिक क्रियाकलापहरूमा पहुँच उपभोग गर्ने,
- नाट्यशाला, सङ्ग्राहलय, सिनेमा हल, पुस्तकालय, पर्यटकीय सेवाजस्ता सांस्कृतिक कार्यक्रम वा सेवाहरू सञ्चालन गर्ने स्थानहरूमा पहुँच उपभोग गर्ने तथा सम्भव भएसम्म राष्ट्रिय सांस्कृतिक महत्त्वका स्मारक र स्थलहरूमा पहुँच उपभोग गर्ने।

२. अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूको व्यक्तिगत फाइदाको लागि मात्र नभई समाजको वैभवताको लागि समेत उनीहरूको सिर्जनशील, कलात्मक तथा बौद्धिक आन्तरिक क्षमताको विकास तथा उपभोग गर्ने अवसर प्राप्त गर्न सक्षम बनाउन पक्षराष्ट्रहरूले उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

३. बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार संरक्षण गर्ने कानुनले अपाङ्गता भएका व्यक्तिहरूलाई सांस्कृतिक सामग्रीहरूमा पहुँच गर्न अनुचित वा विभेदकारी अवरोधहरू सिर्जना नगरेको सुनिश्चित गर्न पक्षराष्ट्रहरूले अन्तर्राष्ट्रिय कानुनबमोजिम सम्पूर्ण उपयुक्त कदमहरू चाल्नेछन्।

४. अन्य व्यक्तिहरूसरह समान आधारमा अपाङ्गता भएका व्यक्तिहरू पनि साङ्केतिक भाषा तथा बहिरा संस्कृतिलगायत विशेष सांस्कृतिक तथा भाषिक पहिचानको मान्यता र सहायता पाउने हक राख्नेछन्।

५. अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरूसरह समान आधारमा मनोरञ्जनात्मक, विश्राम तथा खेलकुदका क्रियाकलापहरूमा सहभागी हुन सक्षम बनाउने अभिप्रायले भएको देहायका उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्:

- सम्पूर्ण तहहरूमा मूलप्रवाहका खेलकुद क्रियाकलापमा अपाङ्गता भएका व्यक्तिहरूको सम्भव भएको हदसम्म सहभागितालाई प्रोत्साहित तथा प्रवर्धन गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता-विशेष खेलकुद तथा मनोरञ्जनात्मक क्रियाकलापहरू आयोजना गर्ने, विकास गर्ने तथा त्यसमा सहभागी हुन पाउने अवसर उपलब्ध भएको सुनिश्चित गर्ने तथा यस उद्देश्य प्राप्तिका लागि अन्य व्यक्तिहरूसरह समान आधारमा उपयुक्त प्रशिक्षण, तालिम र श्रोतहरूको व्यवस्थालाई प्रोत्साहित गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूको खेलकूद, मनोरञ्जनात्मक र पर्यटकीय स्थानमा पहुँच भएको सुनिश्चित गर्ने,
- विद्यालय प्रणालीभित्रका क्रियाकलापहरूलगायत अन्य नाटक, मनोरञ्जन, विश्राम र खेलकूद क्रियाकलापहरूमा अन्य बालबालिकासरह अपाङ्गता भएका बालबालिकाहरूको पहुँच भएको सुनिश्चित गर्ने,
- मनोरञ्जनात्मक, पर्यटकीय, विश्राम वा खेलकुद क्रियाकलापका संस्थाहरूमा संलग्न व्यक्तिहरूबाट अपाङ्गता भएका व्यक्तिहरूले सेवामा पहुँच पाएको सुनिश्चित गर्ने।

धारा ३१

तथ्याङ्क तथा आँकडा सङ्कलन

१. यस महासन्धिलाई कार्यान्वयन गर्नका लागि नीति तर्जुमा तथा कार्यान्वयन गर्न आफूलाई सक्षम बनाउन पक्षराष्ट्रहरूले तथ्याङ्क तथा अनुसन्धनात्मक आँकडालगायतका उपयुक्त सूचना सङ्कलन गर्ने कबूल गर्दछन्। त्यस्तो सूचना सङ्कलन गर्ने तथा राख्ने प्रक्रिया देहायबमोजिम हुनेछः

- अपाङ्गता भएका व्यक्तिहरूको विश्वसनीयता र गोपनीयताको सम्मान सुनिश्चित गर्न सूचना र तथ्याङ्क संरक्षणसम्बन्धी कानुनलगायतका कानुनीरूपमा स्थापित सुरक्षा व्यवस्थाको पालना गर्ने,
- आँकडाहरूको सङ्कलन तथा प्रयोगमा मानव अधिकार र आधारभूत स्वतन्त्रता संरक्षण गर्न अन्तर्राष्ट्रियरूपमा मान्य अन्य मापदण्ड र नैतिक नियमहरूको पालना गर्ने।

२. यस धाराबमोजिम सङ्कलित सूचनाहरू उपयुक्तताअनुसार केलाइनेछ तथा यस महासन्धिअन्तर्गत पक्षराष्ट्रहरूको जिम्मेवारीको कार्यान्वयन मूल्याङ्कनमा सहयोग गर्न तथा अपाङ्गता भएका व्यक्तिहरूले उनीहरूको अधिकार प्रयोग गर्दा सामना गर्नु परेका अवरोधहरूको पहिचान तथा सम्बोधन गर्न प्रयोग गरिनेछन्।

३. पक्षराष्ट्रहरूले त्यस्ता तथ्याङ्कको सम्प्रेषण गर्ने तथा अपाङ्गता भएका व्यक्तिहरू र अन्य व्यक्तिहरूको त्यस्ता तथ्याङ्कमा पहुँच सुनिश्चित गर्ने जिम्मेवारी ग्रहण गर्नेछन्।

धारा ३२

अन्तर्राष्ट्रिय सहयोग

१. पक्षराष्ट्रहरूले यस महासन्धिका लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि राष्ट्रिय प्रयासहरूको समर्थनमा अन्तर्राष्ट्रिय सहयोग र यसको प्रवर्धनको महत्त्वलाई स्वीकार गर्छन् तथा यस सम्बन्धमा उपयुक्तताअनुसार राष्ट्रहरूबीच तथा सम्बन्धित अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठन र नागरिक समाज खासगरी अपाङ्गता भएका व्यक्तिहरूको सङ्गठनसँगको साझेदारीमा उपयुक्त र प्रभाकारी उपायहरू अवलम्बन गर्नेछन्। त्यस्ता उपायहरूमा अरू कुराहरूको अतिरिक्त देहायका कुराहरूसमेत समावेश हुन सक्नेछन्:

- अन्तर्राष्ट्रिय विकास कार्यक्रमलगायतका अन्तर्राष्ट्रिय सहयोग कार्यक्रमहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्ने तथा निजहरूको लागि पहुँचयोग्य भएका सुनिश्चित गर्ने, सूचना, अनुभव, प्रशिक्षण कार्यक्रम तथा सर्वोत्तम अभ्यासहरूको आदान प्रदान तथा हिस्सेदारीसमेतको माध्यमबाट सक्षमता विकासलाई सहज बनाउने तथा समर्थन गर्ने,
- अनुसन्धान तथा वैज्ञानिक र प्राविधिक ज्ञानको पहुँचमा सहयोग सहज बनाउने,
- पहुँचयोग्य तथा सहयोगात्मक प्रविधिहरूमा पहुँच र हिस्सेदारीद्वारा तथा प्रविधि हस्तान्तरणमार्फत उपयुक्तताअनुसार प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने।

२. यस धाराका व्यवस्थाहरूले प्रस्तुत महासन्धिअन्तर्गत प्रत्येक पक्षराष्ट्रले बहन गर्नुपर्ने दायित्वमा प्रतिकूल प्रभाव पार्ने छैनन्।

धारा ३३

राष्ट्रियस्तरमा कार्यान्वयन तथा अनुगमन

१. प्रस्तुत महासन्धिको कार्यान्वयनसँग सम्बन्धित कुराहरूका लागि आफ्नो सङ्गठनको प्रणालीअनुसार सरकारी संरचनाभित्र एक वा एकभन्दा बढी सम्पर्क विन्दुहरू तोक्ने तथा विभिन्न क्षेत्र तथा तहहरूमा भएका सम्बन्धित कामहरू सहज तुल्याउन सरकारी संरचनाभित्र एक समन्वयनकारी निकाय स्थापना गर्न वा तोक्ने काममा उचित ध्यान दिनेछन्।

२. पक्षराष्ट्रहरूले यस महासन्धिको कार्यान्वयनको प्रवर्धन, संरक्षण तथा अनुगमन गर्न उपयुक्तताअनुसार आफ्नो कानुनी तथा प्रशासनिक प्रणालीबमोजिम आफ्नो मुलुकमा एक वा सोभन्दा बढी स्वतन्त्र संयन्त्रहरूसमेतको एक कार्य संरचना तोक्ने वा स्थापित गर्नेछन्। पक्षराष्ट्रहरूले त्यस्तो संयन्त्र तोक्दा वा स्थापना गर्दा मानव अधिकारको संरक्षण र सम्बर्द्धनको लागि गठन भएको राष्ट्रिय संस्थाको हैसियत र कार्य प्रणालीसँग सम्बन्धित सिद्धान्तहरूलाई दृष्टिगत गर्नेछन्।

३. अनुगमन प्रक्रियामा नागरिक समाज खासगरी अपाङ्गता भएका व्यक्तिहरू र तिनीहरूका प्रतिनिधि संस्थाहरूलाई पूर्णरूपमा संलग्न तथा सहभागी गराइनेछन्।

धारा ३४

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति

१. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समिति (यसपछि 'समिति' भनिएको) को स्थापना गरिनेछ, जसले यसपछि व्यवस्था गरिएका कामहरू गर्नेछ।

२. प्रस्तुत महासन्धि लागु हुँदाका बखतमा यस समितिमा १२ जना विशेषज्ञहरू रहनेछन्। महासन्धिमा थप ६० अनुमोदन वा सम्मिलनहरू भएपछि बढीमा १८ जना सदस्यहरू रहने गरी समितिको सदस्यता सङ्ख्यामा छ जनासम्मले थप गर्न सकिनेछ।

३. समितिका सदस्यहरूले आफ्नो व्यक्तिगत क्षमतामा कार्य गर्नेछन् र निजहरू उच्च नैतिक चरित्र तथा यस महासन्धिले समेटेका क्षेत्रमा उत्कृष्ट सक्षमता र अनुभव भएका व्यक्तिहरू हुनेछन्। सदस्यहरूको मनोनयन गर्दा प्रस्तुत महासन्धिको धारा ४ को उपधारा ३ मा उल्लिखित व्यवस्थाउपर उचित ध्यान दिने आह्वान गरिनेछ।

४. समन्यायिक भौगोलिक वितरण, विभिन्न प्रकारका सभ्यता तथा प्रमुख कानुनी प्रणालीहरूको प्रतिनिधित्व, सन्तुलित लैङ्गिक प्रतिनिधित्व तथा अपाङ्गता भएका विशेषज्ञ व्यक्तिहरूको सहभागितालाई विचार गर्दै पक्षराष्ट्रहरूले समितिका सदस्यहरू निर्वाचित गर्नेछन्।

५. पक्षराष्ट्रहरूको सम्मेलनको बैठकबाट यस महासन्धिका पक्षराष्ट्रहरूले आफ्नो नागरिकहरूमध्येबाट मनोनयन गरेका व्यक्तिहरूको सूचीबाट गोप्य मतदानद्वारा समितिका सदस्यहरू निर्वाचित हुनेछन्। दुई तिहाइ पक्षराष्ट्रहरू उपस्थित भए गणपूरक सङ्ख्या पुगेको मानिने त्यस्तो बैठकमा उपस्थित तथा मतदान गर्ने पक्षराष्ट्रहरूका प्रतिनिधिहरूको सर्वाधिक मत तथा पूर्ण बहुमत प्राप्त गर्ने व्यक्तिहरू समितिमा निर्वाचित हुनेछन्।

६. प्रस्तुत महासन्धि लागु भएको छ महिनाभित्रै प्रारम्भिक निर्वाचन हुनेछ। प्रत्येक निर्वाचनको कम्तीमा चार महिनाअगावै संयुक्त राष्ट्रसङ्घका महासचिवले पक्षराष्ट्रहरूलाई सदस्यताका लागि दुई महिनाभित्र मनोनयन पेश गर्न आह्वान गर्दै पत्र पठाउनेछन्। तत्पश्चात् महासचिवले मनोनयन गर्ने पक्षराष्ट्रहरूसमेत खुलाई त्यसरी मनोनयन गरिएका सबै व्यक्तिहरूको वर्णानुक्रममा नामको सूची तयार गर्नेछन् तथा त्यस्तो सूची यस महासन्धिका पक्षराष्ट्रहरूलाई पेश गर्नेछन्।

७. समितिका सदस्यहरू चार वर्षका लागि निर्वाचित हुनेछन्। एक पटकका लागि उनीहरू पुनः निर्वाचित हुन योग्य हुने छन्। तर प्रथम निर्वाचनमा निर्वाचित छ सदस्यको कार्यकाल दुई वर्ष पूरा भएपछि समाप्त हुनेछ, प्रथम निर्वाचन सम्पन्न

भएलगत्तै त्यस्ता छ सदस्यहरूको नाम यस धाराको प्रकरण ५ मा उल्लेख गरिएको बैठकको अध्यक्षद्वारा गोला हालेर छानिनेछ।

८. समितिका थप छ सदस्यहरूको निर्वाचन यस धाराका सम्बन्धित व्यवस्थाहरूबमोजिम नियमित निर्वाचनको समयमा हुनेछ।

९. समितिका सदस्यको मृत्यु भएमा वा निजले राजिनामा दिएमा वा अन्य कारणले निजले आफ्नो जिम्मेवारी पूरा गर्न नसक्ने घोषणा गरेमा, मनोनयन गर्ने पक्षराष्ट्रले यस धाराको सम्बन्धित व्यवस्थामा गरिएको योग्यता भएको र शर्त पूरा गर्ने विशेषज्ञ व्यक्तिलाई बाँकी कार्यकालका लागि सेवागर्न नियुक्त गर्नेछन्।

१०. समितिले आफ्नो कार्यविधिको नियम बनाउनेछ।

११. प्रस्तुत महासन्धिअन्तर्गतको समितिको कार्यको प्रभावकारी सम्पादनको लागि संयुक्त राष्ट्रसङ्घका महासचिवले आवश्यक कर्मचारी तथा सुविधा उपलब्ध गराउनेछन् र समितिको प्रारम्भिक बैठक बोलाउनेछन्।

१२. समितिका जिम्मेवारीहरूको महत्त्वलाई ध्यानमा राख्दै महासभाले निर्णय गरेको शर्त तथा बन्देजका अधीनमा रही प्रस्तुत महासन्धिअन्तर्गत स्थापित समितिका सदस्यहरूले संयुक्त राष्ट्रसङ्घको स्रोतबाट पारिश्रमिक पाउने छन्।

१३. समितिका सदस्यहरूलाई संयुक्त राष्ट्रसङ्घको विशेषाधिकार तथा उन्मुक्तिसम्बन्धी महासन्धिका सम्बन्धित दफाहरूमा व्यवस्था गरिएअनुसार राष्ट्रहरू, सङ्घको मिसनमा कार्यरत विशेषज्ञहरूको सुविधा, विशेषाधिकार तथा उन्मुक्ति प्राप्त हुनेछ।

धारा ३५

पक्षराष्ट्रहरूको प्रतिवेदन

१. सम्बन्धित पक्षराष्ट्रको लागि प्रस्तुत महासन्धि लागु भएको मितिले दुई वर्षभित्र प्रत्येक पक्षराष्ट्रले यस महासन्धिअन्तर्गतका आफ्ना जिम्मेवारीहरू पूरा गर्न अवलम्बन गरेका उपायहरू तथा त्यस सम्बन्धमा हासिल गरेको प्रगतिसम्बन्धी विस्तृत प्रतिवेदन संयुक्त राष्ट्रसङ्घको महासचिवमार्फत समितिसमक्ष पेश गर्नेछ।

२. पक्षराष्ट्रहरूले तत्पश्चात् कम्तीमा प्रत्येक चार वर्षमा र समितिले अनुरोध गरेको जुनसुकै बखत पछिल्ला प्रतिवेदनहरू पेश गर्नु पर्नेछ।

३. समितिले प्रतिवेदनको विषयवस्तुका सम्बन्धमा लागु हुने कुनै पनि निर्देशिका सम्बन्धमा निर्णय गर्न सक्नेछ।

४. समितिसमक्ष विस्तृत प्रारम्भिक प्रतिवेदन पेश गरेको पक्षराष्ट्रले आफ्नो पछिल्ला प्रतिवेदनहरूमा अगाडि नै उपलब्ध गराइएका जानकारीहरू दोहोऱ्याउन आवश्यक हुने छैन। त्यसरी समितिसमक्ष पेश गर्नुपर्ने प्रतिवेदनहरू तयार गर्दा, सो कार्य खुला र पारदर्शीतबरले गर्नेतर्फ ध्यान दिन तथा प्रस्तुत महासन्धिको

धारा ४ को उपधारा ३ मा गरिएको व्यवस्थामा उचित ध्यान पुऱ्याउन पक्षराष्ट्रहरूलाई आह्वान गरिन्छ।

५. प्रस्तुत महासन्धिअन्तर्गतका जिम्मेवारीहरू निर्वाह गर्ने मात्रा, प्रभाव पार्ने तत्त्वहरू र कठिनाइहरूको बारेमा प्रतिवेदनहरूले औल्याउन सक्नेछन्।

धारा ३६

प्रतिवेदनउपर विचार

१. समितिले प्रत्येक प्रतिवेदनउपर विचार गर्नेछ, सो प्रतिवेदनका सम्बन्धमा आफूले उपयुक्त ठानेको कुनै पनि सुझाव र सामान्य सिफरिस गरी त्यस्ता सुझाव र सिफारिसहरू पक्षराष्ट्रलाई पठाइनेछ। पक्षराष्ट्रले आफूले उपयुक्त ठानेका कुनै पनि जानकारीबारे समितिलाई जवाफ दिन सक्नेछ। समितिले प्रस्तुत महासन्धिको कार्यान्वयनसँग सम्बन्धित थप जानकारी पक्षराष्ट्रसँग अनुरोध गर्न सक्नेछ।

२. कुनै पक्षराष्ट्रहरूले लामो समयदेखि प्रतिवेदन पेश नगरेको भए, सूचना गरेको तीन महिनाभित्र पनि त्यस्तो सम्बन्धित प्रतिवेदन पेश नगरिएमा आफुलाई उपलब्ध भरपर्दो जानकारीको आधारमा समितिले त्यस्तोसम्बन्धी राज्यपक्षलाई त्यस पक्षराष्ट्रहरूमा प्रस्तुत महासन्धिको कार्यान्वयनको जाँचबुझको आवश्यकताबारे सूचित गर्न सक्नेछ। समितिले त्यस्तो जाँचबुझमा सहभागी हुन सम्बन्धित पक्षराष्ट्रलाई आह्वान गर्नेछ। पक्षराष्ट्रले सम्बन्धित प्रतिवेदन पेश गरी जवाफ दिएमा यस धाराको उपधारा १ को व्यवस्था लागि हुनेछ। संयुक्त राष्ट्रसङ्घको महासचिवले सबै पक्षराष्ट्रहरूलाई प्रतिवेदनहरू उपलब्ध गराउनेछन्।

४. पक्षराष्ट्रहरूले आ-आफ्नो मुलुकहरूमा आफ्ना प्रतिवेदनहरू सर्वसाधरणलाई व्यापकरूपमा उपलब्ध गराउनेछन् तथा त्यस्ता प्रतिवेदनहरूसँग सम्बन्धित सुझाव र सामान्य सिफारिसहरूमा पहुँच सहज बनाउनेछन्।

५. पक्षराष्ट्रहरूबाट प्राप्त प्रतिवेदनहरूमा प्राविधिक सहयोग र सल्लाहको लागि अनुरोध भएको वा आवश्यकता दर्शाएको भए समितिले उपयुक्त ठानेको अवस्थामा सो सम्बोधन गर्नका लागि त्यस्ता अनुरोध तथा सङ्केतहरूको सम्बन्धमा समितिको आफ्नो भनाइ वा सिफरिसहरू भए सोसहित राष्ट्रसङ्घको विशिष्टीकृत निकाय, कोष र कार्यक्रमहरू तथा सक्षम निकायहरूलाई पठाउनेछ।

धारा ३७

पक्षराष्ट्रहरू तथा समितिबीच सहयोग

१. प्रत्येक पक्षराष्ट्रले समितिलाई सहयोग गर्ने तथा आफ्नो कार्यादेश पूरा गर्न समितिका सदस्यहरूलाई सहयोग गर्नेछ।

२. समितिले पक्षराष्ट्रहरूलाई प्रस्तुत महासन्धिको कार्यान्वयनको लागि राष्ट्रिय क्षमता अभिवृद्धि गर्नका लागि अन्तर्राष्ट्रिय सहयोगलगायत अन्य उपाय र माध्यमहरूउपर उचित ध्यान दिनेछ।

धारा ३८

समितिको अन्य निकायहरूसँगको सम्बन्ध

प्रस्तुत महासन्धिको प्रभावकारी कार्यान्वयन अभिवृद्धि गर्न तथा प्रस्तुत महासन्धिले समेतेको क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग प्रोत्साहित गर्न:

१. विशिष्टीकृत निकायहरू र संयुक्त राष्ट्रसङ्घका अन्य अङ्गहरूलाई उनीहरूको अधिकारक्षेत्रभित्र पर्ने यस महासन्धिका व्यवस्थाहरूको कार्यान्वयनका सम्बन्धमा विचार विमर्श गरिँदा प्रतिनिधित्व गर्ने अधिकार हुनेछ। आ-आफ्नो सम्बन्धित अधिकारक्षेत्रभित्र पर्ने महासन्धिको कार्यान्वयनका विषयमा समितिले उचित ठानेको अवस्थामा त्यस्ता विशिष्टीकृत निकायहरू र अन्य सक्षम संस्थाहरूलाई विशेषज्ञ परामर्श प्रदान गर्न आमन्त्रण गर्न सक्नेछ। समितिले विशिष्टीकृत निकायहरू र संयुक्त राष्ट्रसङ्घका अन्य अङ्गहरूलाई उनीहरूको कार्यक्षेत्रभित्र पर्ने विषयहरूबारे महासन्धिको कार्यान्वयनसम्बन्धी प्रतिवेदन पेश गर्नको लागि आह्वान गर्न सक्नेछ,

२. आ-आफ्नो प्रतिवेदन तयार गर्ने निर्देशिका, सुझाव र साधारण सिफारिसहरूमा एकरूपता सुनिश्चितता गर्ने तथा आ-आफ्नो कार्यसम्पादनमा दोहोरोपन र अतिक्रमण हटाउने उद्देश्यले, समितिले आफ्नो कार्यादेश पूरा गर्दा उपयुक्त ठानेको अवस्थामा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूबाट स्थापित अन्य सम्बद्ध निकायहरूसँग परामर्श गर्नेछ।

धारा ३९

समितिको प्रतिवेदन

समितिले आफ्ना क्रियाकलापको बारेमा महासभा र आर्थिक तथा सामाजिक परिषद्समक्ष प्रत्येक दुई वर्षमा प्रतिवेदन पेश गर्नेछन् तथा पक्ष राज्यहरूबाट प्राप्त भएका प्रतिवेदन र सूचनाको जाँचबुझको आधारमा सुझाव र सामान्य सिफारिसहरू गर्न सक्नेछ। त्यस्ता सुझाव र सामान्य सिफारिसहरूमा पक्षराष्ट्रहरूबाट कुनै टिप्पणी भए सोसमेत समितिको प्रतिवेदनमा समावेश गरिनेछ।

धारा ४०

पक्षराष्ट्रहरूको सम्मेलन

१. पक्षराष्ट्रहरू प्रस्तुत महासन्धिको कार्यान्वयनसँग सम्बन्धित विषयहरूमा विचार विमर्श गर्नका लागि पक्षराष्ट्रहरूको सम्मेलनमा नियमितरूपमा सहभागी हुनेछन्।

२. प्रस्तुत महासन्धि लागु भएको छ महिनाभित्रै संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा पक्षराष्ट्रहरूको सम्मेलन बोलाइनेछ। त्यसपछिका बैठकहरू संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा दुई वर्षमा एक पटक वा पक्षराष्ट्रहरूको सम्मेलनले निर्णय गरेअनुसार बोलाइनेछ।

धारा ४१

अभिलेख अधिकारी

संयुक्त राष्ट्रसङ्घका महासचिव प्रस्तुत महासन्धिको अभिलेख अधिकारी हुनेछन्।

धारा ४२

हस्ताक्षर

सबै पक्षराष्ट्रहरू तथा क्षेत्रीय एकीकृत सङ्गठनबाट हस्ताक्षरको लागि प्रस्तुत महासन्धि ३० मार्च २००७ देखि संयुक्त राष्ट्रसङ्घको न्यूयोर्कस्थित प्रधान कार्यालयमा खुला हुनेछ।

धारा ४३

बन्धित हुने सहमति

प्रस्तुत महासन्धि हस्ताक्षरकारी राष्ट्रहरूबाट अनुमोदन तथा हस्ताक्षरकारी क्षेत्रीय एकीकृत सङ्गठनबाट हस्ताक्षरको औपचारिक पुष्टि हुनु पर्नेछ। महासन्धिमा हस्ताक्षर नगरेको कुनै राष्ट्र वा क्षेत्रीय एकीकृत सङ्गठनबाट सम्मिलन हुनको लागि प्रस्तुत महासन्धि खुला रहनेछ।

धारा ४४

क्षेत्रीय एकीकृत सङ्गठन

१. 'क्षेत्रीय एकीकृत सङ्गठन' भन्नाले कुनै निश्चित क्षेत्रका सार्वभौम राष्ट्रहरूले महासन्धिले निर्देशित गर्ने विषयहरूका सम्बन्धमा त्यस्तो सङ्गठनका सदस्य राष्ट्रहरूले आफ्नो सक्षमता हस्तान्तरण गरी गठन गरेको कुनै पनि सङ्गठन सम्झनुपर्छ। त्यस्ता सङ्गठनहरूले तिनीहरूको औपचारिक पुष्टि वा सम्मिलनको दस्तावेजमा महासन्धिले निर्देशित गरेका विषयहरूको सम्बन्धमा आफ्नो सक्षमताको सीमामा घोषणा गर्नेछन्। आफ्नो सक्षमताको सीमामा कुनै आधारभूत परिवर्तन भएपछि त्यस्ता सङ्गठनहरूले अभिलेख अधिकारीलाई सोको जानकारी गराउनु पर्नेछ।

२. यस महासन्धिको 'पक्षराष्ट्रहरू' भन्ने सन्दर्भ आफ्नो सक्षमताको सीमाभित्र त्यस्ता सङ्गठनहरूका हकमा पनि लागु हुनेछ।

३. धारा ४५ को उपधारा १ र धारा ४७ को उपधारा २ र ३ को प्रयोजनको लागि, क्षेत्रीय एकीकृत सङ्गठनले दाखिला गरेको लिखतको गणना गरिने छैन।

४. आफ्नो सक्षमताभित्र रहेका विषयहरूमा क्षेत्रीय एकीकृत सङ्गठनहरूको पक्षराष्ट्रहरूको सम्मेलनमा प्रस्तुत महासन्धिको पक्ष भएका आफ्नो सदस्य राष्ट्रहरूको सङ्ख्या बराबरको मताधिकार प्रयोग गर्न सक्नेछन्। कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गरेमा त्यस्तो सङ्गठनले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन वा त्यस्तो सङ्गठनले आफ्नो मताधिकार प्रयोग गरेमा कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन।

धारा ४५

लागु हुने

१. अनुमोदन वा सम्मिलनको बीसौँ लिखत दाखिला भएको मितिले तीसौँ दिनदेखि प्रस्तुत महासन्धि लागु हुनेछ।

२. अनुमोदन वा सम्मिलनको बीसौँ लिखित दाखिला भएपछि महासन्धि अनुमोदन गर्ने वा यसमा सम्मिलित हुने प्रत्येक राष्ट्र वा क्षेत्रीय एकीकृत सङ्गठनको हकमा अनुमोदन, औपचारिक पुष्टि वा सम्मिलनको आफ्नो लिखत दाखिला गरेको मितिले तीसौँ दिनदेखि प्रस्तुत महासन्धि लागु हुनेछ।

धारा ४६

आरक्षण

१. प्रस्तुत महासन्धिको उद्देश्य र प्रयोजनसँग मेल नखाने आरक्षण राख्न पाइने छैन।

२. जुनसुकै समयमा पनि आरक्षणहरू फिर्ता लिन सकिनेछ।

धारा ४७

संशोधन

१. कुनै पनि राष्ट्रले प्रस्तुत महासन्धिमा संशोधन प्रस्ताव गर्न र संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष सो प्रस्ताव पेश गर्न सक्नेछ। त्यसपछि महासचिवले त्यस्तो प्रस्तावमा विचार वा निर्णय गर्नका लागि उनीहरू पक्षराष्ट्रहरूको सम्मेलनको पक्षमा भए वा नभएको कुरा उनीलाई सूचित गर्ने अनुरोधसहित प्रस्तावित संशोधनहरू पक्षराष्ट्रहरूलाई पठाउने छन्। त्यस्तो सम्मेलनको जानकारी दिएको चार महिनाभित्र कम्तीमा एक तिहाई पक्षराष्ट्रहरू त्यस्तो सम्मेलनको पक्षमा भएको अवस्थामा महासचिवले संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा सम्मेलन बोलाउनेछन्। महासचिवले पक्षराष्ट्रहरूको दुई तिहाई बहुमतबाट पारित भएको

कुनै पनि संशोधन महासभामा अनुमोदनका लागि पेश गर्ने र तत्पश्चात् सबै पक्षराष्ट्रहरूसमक्ष स्वीकृतिका लागि पेश गर्नेछन्।

२. यस धाराको प्रकरण १ अनुसार ग्रहण र स्वीकृत गरिएको संशोधन ग्रहण गरेको मितिमा कायम रहेका पक्षराष्ट्रहरूमध्ये स्वीकृतिको लिखत दाखिला गर्नेको सङ्ख्या दुई तिहाई पुगेको मितिले तीसौं दिनदेखि सो संशोधन लागु हुनेछ। त्यसपछि, सो संशोधन कुनै पक्षराष्ट्रले स्वीकृतिको लिखत दाखिला गरेको मितिले तीसौं दिनदेखि सो राष्ट्रको हकमा लागु हुनेछ। स्वीकृति गरेको पक्षराष्ट्रको हकमा मात्रै संशोधन लागु हुनेछ।

३. पक्षराष्ट्रहरूको सम्मेलनबाट सर्वसम्मतिबाट निर्णय गरिएको भए धारा ३४, ३८, ३९ र ४० सँग सम्बन्धित यस महासन्धिको उपधारा १ बमोजिम पारित तथा स्वीकृत कुनै पनि संशोधन त्यस्तो संशोधन पारित गरेको मितिमा दाखिल गरेको स्वीकृतिको लिखित पक्षराष्ट्रहरूको सङ्ख्याको दुई तिहाई पुगेको तीसौं दिनदेखि सबै पक्षराष्ट्रहरूको हकमा लागु हुनेछ।

धारा ४८

परित्याग

संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिएर कुनै पनि पक्षराष्ट्रले प्रस्तुत महासन्धिलाई परित्याग गर्न सक्नेछ। महासचिवले सूचना प्राप्त गरेको मितिले एक वर्षपछि परित्याग प्रभावकारी हुनेछ।

धारा ४९

पहुँचयोग्य स्वरूप

प्रस्तुत महासन्धिको पाठ पहुँचयोग्य स्वरूपमा उपलब्ध गराइनेछ।

धारा ५०

प्रमाणित लिपिहरू

प्रस्तुत महासन्धिका अरबी, चिनीयाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली तथा स्पेनेली भाषाका लिपिहरू समानरूपमा प्रमाणिक हुनेछन्।

जसको प्रमाणस्वरूप, सम्बन्धित सरकारहरूबाट पूर्ण अख्तियार पाएका देहायका हस्ताक्षरकारी अधिकार सम्पन्न प्रतिनिधिहरूले प्रस्तुत महासन्धिमा हस्ताक्षर गरेका छन्।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, २००६

प्रस्तुत आलेखका पक्षराष्ट्रहरू देहायबमोजिम गर्न सहमत भएका छन्:

धारा १

१. प्रस्तुत आलेखको कुनै पनि पक्षराष्ट्रले महासन्धिका व्यवस्थाहरूको उल्लङ्घन भएबाट पीडित भएको भनी दावी गर्ने त्यस्तो पक्षराष्ट्रको क्षेत्राधिकारभित्रका व्यक्तिहरू वा त्यस्ता व्यक्तिहरूको समूहबाट वा तर्फबाट सूचना प्राप्त गर्ने र सो सम्बन्धमा विचार गर्ने सक्षमता अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी समितिमा भएको स्वीकार गर्दछ।

२. प्रस्तुत आलेखको पक्ष नभएको महासन्धिको कुनै पक्षराष्ट्रसँग सम्बन्धित कुनै पनि सूचना समितिले ग्रहण गर्ने छैन।

धारा २

समितिले देहायका अवस्थाहरूमा कुनै पनि सूचना ग्राह्य मान्ने छैन:

१. त्यस्तो सूचना बेनामी भएमा,

२. त्यस्तो सूचनाले सो सूचना पेश गर्ने अधिकारको दुरूपयोग गर्ने भएमा वा महासन्धिका व्यवस्थाहरूसँग मेल नखाने भएमा,

३. सोही कुरा समितिले अगाडि नै जाँचबुझ गरिसकेको भए वा अन्तर्राष्ट्रिय अनुसन्धान वा निरोपणको अन्य कुनै कार्यविधिअन्तर्गत जाँचबुझ भइसकेको वा जाँचबुझ भइरहेको भए,

४. उपलब्ध सम्पूर्ण घरेलु उपचारहरूको उपयोग गरी नसकिएको भए, उपचारको लागि दिइएको निवेदनको कारबाही अनुचितरूपमा लम्बाइएको वा प्रभावकारी उपचार प्राप्त गर्न सकिने सम्भावना नभएको अवस्थामा यो नियम लागु हुने छैन।

५. त्यस्तो सूचना स्पष्टत: दुराशयमा आधारित रहेको वा पर्याप्तरूपमा स्थापित नगरिएको भए।

६. प्रस्तुत आलेख लागु भएको मितिपछि पनि त्यस्तो सूचनाका विषयवस्तुहरू निरन्तर कायम रहेको अवस्थामा बाहेक त्यस्ता सूचनाका विषयवस्तुहरू सम्बन्धित पक्षराष्ट्रको लागि प्रस्तुत आलेख लागु हुनुभन्दा अगावै भएको भए।

धारा ३

प्रस्तुत आलेखको धारा २ मा गरिएको व्यवस्थाको अधीनमा रही, आफूसमक्ष पेश गरिएको कुनै पनि सूचना समितिले गोप्य ढङ्गमा पक्षराष्ट्रहरूको जानकारीमा ल्याउनेछ। प्रापक पक्षराष्ट्रले त्यस्तो विषय र सो सम्बन्धमा आफूले कुनै उपचार अवलम्बन गरेको भए सो कुराहरू स्पष्ट गर्दैछ महिनाभित्र समितिसमक्ष लिखितरूपमा स्पष्टीकरण वा विवरणहरू पेश गर्नु पर्नेछ।

धारा ४

१. सूचना प्राप्त भएपछि र तथ्यमा प्रवेश गरी निर्णयमा पुग्नुअगावै कुनै पनि समयमा, पक्षराष्ट्रले आरोपित उल्लङ्घनका पीडित वा पीडितहरूलाई सम्भावित अपुरणीय क्षति हुनबाट रोक्न आवश्यक पर्ने अन्तरिम उपायहरू अवलम्बन गर्ने भनी समितिले सम्बन्धित पक्षराष्ट्रलाई अविलम्ब विचारका लागि अनुरोध गरी पठाउन सक्नेछ।

२. यस धाराको उपधारा १ अन्तर्गत समितिले आफ्नो स्वविवेक प्रयोग गरेको अवस्थामा सो कुरालाई सूचनाको ग्राहयता वा सूचनाको तथ्यउपर निर्णय भएको मानिने छैन।

धारा ५

प्रस्तुत आलेखअन्तर्गतका सूचनाहरूको छानबिन गर्दा समितिले गोप्य बैठक गर्नेछ। सूचनाउपर छानबिन गरेपछि आफ्नो कुनै सुझाव वा सिफारिसहरू भए समितिले सम्बन्धित पक्षराष्ट्र तथा सूचना दिने व्यक्तिलाई पठाउनेछ।

धारा ६

१. कुनै पक्षराष्ट्रले महासन्धिमा व्यवस्था गरिएका अधिकारहरूको गम्भीर वा सिलसिलाबद्ध उल्लङ्घन गरेको भरपर्दो सूचना समितिले प्राप्त गरेमा, त्यस्तो सूचनाको छानबिनमा सहयोग गर्न र यस उद्देश्यका लागि सम्बन्धित सूचनाका सम्बन्धमा आफ्नो भनाइ पेश गर्न त्यस्तो पक्षराष्ट्रलाई आह्वान गर्नेछ।

२. सम्बन्धित पक्षराष्ट्रबाट पेश हुन सक्ने भनाइ तथा आफूलाई उपलब्ध अन्य कुनै भरपर्दो सूचनालाई ध्यानमा राखेर, समितिले छानबिन गर्न र अविलम्ब समितिलाई सो सम्बन्धमा जानकारी गराउन आफ्नो एक वा एकभन्दा बढी सदस्यहरूलाई खटाउन सक्नेछ। आवश्यक भएमा र सम्बन्धित पक्षराष्ट्रको

सहमतिमा त्यस्तो छानबिनअन्तर्गत सो पक्षराष्ट्रको इलाकामा भ्रमण गर्ने कुरासमेत पर्न सक्नेछ।

३. त्यस्तो छानबिन ठहरहरू परीक्षण गरेपछि समितिले टिप्पणी र सिफारिसहरूसमेत संलग्न गरी त्यस्ता ठहरहरूसहित सम्बन्धित पक्षराष्ट्रलाई पठाउनेछ।

४. समितिले पठाएका त्यस्ता ठहर, टिप्पणी र सिफारिसहरू प्राप्त गरेको छ महिनाभित्र सम्बन्धित पक्षराष्ट्रले आफ्नो भनाइ समितिसमक्ष पेश गर्नु पर्नेछ।

५. त्यस्तो छानबिन गोप्य ढङ्गमा सञ्चालन गरिनेछ तथा कारबाहीका सम्पूर्ण चरणहरूमा पक्षराष्ट्रको सहयोग खोजिनेछ।

धारा ७

१. समितिले प्रस्तुत आलेखको धारा ६ अन्तर्गत सञ्चालन गरिएको छानबिनको जवाफमा सम्बन्धित पक्षराष्ट्रले अवलम्बन गरेका उपायहरूको विवरण महासन्धिको धारा ३५ अन्तर्गतको आफ्नो प्रतिवेदनमा समावेश गर्नका लागि आह्वान गर्न सक्नेछ।

२. धारा ६ को उपधारा ४ मा उल्लिखित छ महिनाको अवधि समाप्त भएपछि आवश्यक भएमा समितिले सम्बन्धित पक्षराष्ट्रलाई त्यस्तो छानबिनको जवाफमा अवलम्बन गरिएका उपायहरूबारे आफूलाई जानकारी गराउन आह्वान गर्न सक्नेछ।

धारा ८

प्रत्येक पक्षराष्ट्रले प्रस्तुत आलेखमा हस्ताक्षर वा अनुमोदन गर्दाको बखतमा वा त्यसमा सम्मिलन गर्दा धारा ६ र ७ मा व्यवस्था भएबमोजिमको समितिको सक्षमता आफूले स्वीकार नगर्ने भनी घोषणा गर्न सक्नेछ।

धारा ९

संयुक्त राष्ट्रसङ्घका महासचिव प्रस्तुत आलेखको अभिलेख अधिकारी हुनेछन्।

धारा १०

प्रस्तुत आलेख महासन्धिको हस्ताक्षरकारी राष्ट्र तथा क्षेत्रीय एकीकृत सङ्गठनबाट हस्ताक्षरका लागि ३० मार्च २००७ देखि न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा खुला हुनेछ।

धारा ११

प्रस्तुत आलेख महासन्धिको अनुमोदन वा सम्मिलन गरेका हस्ताक्षरकारी राष्ट्रहरूबाट हस्ताक्षर हुनुपर्नेछ। प्रस्तुत आलेख महासन्धिबाट औपचारिकरूपमा पुष्टि गरेका वा

त्यसमा सम्मिलित भएका हस्ताक्षरकारी क्षेत्रीय एकीकृत सङ्गठनबाट औपचारिक पुष्टि हुनु पर्नेछ। महासन्धि अनुमोदन गरेको, औपचारिकरूपमा पुष्टि वा सम्मिलन गरेको र प्रस्तुत आलेखमा हस्ताक्षर नगरेको कुनै पनि राष्ट्र वा क्षेत्रीय एकीकृत सङ्गठनबाट सम्मिलिन हुनको लागि प्रस्तुत आलेख खुला रहनेछ।

धारा १२

१. 'क्षेत्रीय एकीकृत सङ्गठन' भन्नाले कुनै निश्चित क्षेत्रका सार्वभौम राष्ट्रहरूले महासन्धि र प्रस्तुत आलेखले निर्देशित गर्ने विषयहरूका सम्बन्धमा त्यस्तो सङ्गठनका सदस्य राष्ट्रहरूले आफ्नो सक्षमता हस्तान्तरण गरी गठन गरेको कुनै सङ्गठन सम्झनुपर्छ। त्यस्ता सङ्गठनहरूले तिनीहरूको औपचारिक पुष्टि वा सम्मेलनको लिखतमा महासन्धि र प्रस्तुत आलेखले निर्देशित गरेका विषयहरूको सम्बन्धमा आफ्नो सक्षमताको सीमाको घोषणा गर्दछन्। आफ्नो सक्षमताको सीमामा कुनै आधारभूत परिवर्तन भएपछि त्यस्ता सङ्गठनहरूले अभिलेख अधिकरीलाई जानकारी गराउनु पर्नेछ।

२. प्रस्तुत आलेखका 'पक्षराष्ट्रहरू' भन्ने सन्दर्भ आफ्नो सक्षमताको सीमाभित्र त्यस्ता सङ्गठनहरूका हकमासमेत लागु हुनेछ।

३. धारा १३ को उपधारा १ र धारा १५ को उपधारा २ को प्रयोजनको लागि क्षेत्रीय एकीकृत सङ्गठनले दाखिला गरे को कुनै पनि लिखतको गणना गरिने छैन।

४. आफ्नो सक्षमताभित्र रहेका विषयहरूमा क्षेत्रीय एकीकृत सङ्गठनहरूले पक्षराष्ट्रहरूको सम्मेलनमा प्रस्तुत आलेखको पक्ष भएका आफ्नो सदस्य राष्ट्रहरूको सङ्ख्या बराबरको मताधिकार प्रयोग गर्न सक्नेछन्। कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गरेमा त्यस्तो सङ्गठनले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन वा त्यस्तो सङ्गठनले आफ्नो मताधिकार प्रयोग गरेमा कुनै सदस्य राष्ट्रले आफ्नो मताधिकार प्रयोग गर्न पाउने छैन।

धारा १३

१. महासन्धि लागु भएको कुराको अधीनमा रही, अनुमोदन वा सम्मिलनको दशौँ लिखत दाखिला गरेको तीसौँ दिनदेखि प्रस्तुत आलेख लागु हुनेछ।

२. दशवटा लिखतहरू दाखिल भएपछि अनुमोदन गर्ने, औपचारिकरूपमा पुष्टि गर्ने वा सम्मिलन गर्ने प्रत्येक राष्ट्र वा क्षेत्रीय एकीकृत सङ्गठनको हकमा यो आले ख त्यस्तो दस्तावेज दाखिला गरेको तीसौँ दिनदेखि लागु हुनेछ।

धारा १४

१. प्रस्तुत आलेखको उद्देश्य र प्रयोजनसँग मेल नखाने आरक्षण राख्न पाइने छैन।

२. जुनसुकै समयमा पनि आरक्षणहरू फिर्ता लिन सकिनेछ।

धारा १५

१. कुनै पनि पक्षराष्ट्रले प्रस्तुत आलेखमा संशोधन प्रस्ताव गर्न र संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष सो प्रस्ताव पेश गर्न सक्नेछ। त्यसपछि, महासचिवले त्यस्तो प्रस्तावमा विचार वा निर्णय गर्नका लागि उनीहरू पक्षराष्ट्रहरूको सम्मेलनको पक्षमा भए वा नभएको कुरा उनीहरूलाई सूचित गर्ने अनुरो सहित प्रस्तावित संशोधनहरू पक्षराष्ट्रहरूलाई पठाउनेछन्। त्यस्तो सम्मेलनको जानकारी दिएको चार महिनाभित्र कम्तीमा एक तिहाई पक्षराष्ट्रहरूले त्यस्तो सम्मेलनको पक्षमा भएको अवस्थामा महासचिवले संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा सम्मेलन बोलाउनेछन्। महासचिवले पक्षराष्ट्रहरूको दुई तिहाई बहुमतबाट पारित भएको कुनै पनि संशोधन महासभामा अनुमोदनका लागि पेश गर्ने र तत्पश्चात् सबै पक्षराष्ट्रहरूसमक्ष स्वीकृतिका लागि पेश गर्नेछन्।

२. यस धाराको उपधारा १ अनुसार ग्रहण र स्वीकृत गरिएको संशोधन ग्रहण गरेको मितिमा कायम रहेका पक्षराष्ट्रहरूमध्ये स्वीकृतिको लिखत दाखिला गर्नेको सङ्ख्या दुई तिहाई पुगेको मितिले तीसौँ दिनदेखि सो संशोधन लागु हुनेछ। त्यसपछि, सो संशोधन कुनै पक्षराष्ट्रले स्वीकृतिको लिखत दाखिला गरेको मितिले तीसौँ दिनदेखि सो राष्ट्रको हकमा लागु हुनेछ। स्वीकृत गरेको राष्ट्रको हकमा मात्रै संशोधन बाध्यात्मक हुनेछ।

धारा १६

संयुक्त राष्ट्रसङ्घका महासचिवलाई लिखित सूचना दिएर कुनै पनि पक्षराष्ट्रले प्रस्तुत आलेखलाई परित्याग गर्न सक्नेछ। महासचिवले सूचना प्राप्त गरेको मितिले एक वर्षपछि परित्याग प्रभावकारी हुनेछ।

धारा १७

प्रस्तुत आलेखको लिपि पहुँचयोग्य स्वरूपमा उपलब्ध गराइनेछ।

धारा १८

प्रस्तुत आलेखको अरबी, चिनीयाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली तथा स्पेनेली भाषाका लिपिहरू समानरूपमा प्रामाणिक हुनेछन्।

जसको प्रमाणस्वरूप, सम्बन्धित सरकारहरूबाट पूर्ण अख्तियार पाएका देहायका हस्ताक्षरकारी अधिकार सम्पन्न प्रतिनिधिहरूले प्रस्तुत आलेखमा हस्ताक्षर गरेका छन्।

खण्ड आठ

बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरुको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको परिचय

कुनै पनि व्यक्ति बलपूवर्क बेपत्ताको भागीदार बन्न नपर्ने अधिकार, पीडितहरूको न्याय तथा परिपूरणको अधिकारलाई ख्याल राख्दै, जोसुकैको बलपूर्वक बेपत्ताको परिस्थिति, बेपत्ताकृत व्यक्तिको अवस्थाबारे सत्यता जान्न पाउने अधिकार र यसका खातिर जानकारी खोज्न, लिन र बाँड्ने स्वतन्त्रताको अधिकारको पक्कापक्की गर्नको लागि बनेको महासन्धिनै बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय हो। यो महासन्धि:

- संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा २० डिसेम्बर २००६ मा जारी
- सन् २०१० डिसेम्बर २३ देखि लागु भएको
- कूल ३ भाग र ४५ धारामा विभाजित गरिएको,
- नेपालले हालसम्म यो महासन्धि अनुमोदन गरेका छैन

यस महासन्धि विशेष गरेर अपराध, र खास परिस्थितिमा अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित मानवताविरुद्धको अपराध, कायम हुने बलपूर्वक बेपत्ताको चरम गम्भीरताप्रति ध्यान दिएको छ। बलपूर्वक बेपत्ताको रोकथाम र बलपूर्वक बेपत्ताको अपराधको अदण्डतालाई परास्त गर्न र व्यक्तिको बलपूर्वक बेपत्ताको भागीदार बन्न नपर्ने अधिकार, पीडितहरूको न्याय तथा परिपूरणको अधिकारलाई ख्याल राख्दै यो महासन्धिको निर्माण गरिएको छ। सन् २००२ जुन महिनासम्म विश्वका ९१ वटा राष्ट्रहरूले यो महासन्धिलाई हस्ताक्षर गरेका छन् भने यसका ३२ वटा राष्ट्रहरू पक्षराष्ट्रका रूपमा रहेका छन्। सबै पक्षराष्ट्रले बलपूर्वक बेपत्तासम्बन्धी समितिमा आवधिकरूपमा आफ्नो राष्ट्रमा भएका बलपूर्वक बेपतासम्बन्धी घटनाहरूको प्रतिवेदन बुझाउनु पर्छ। यस सन्धिको पक्षराष्ट्र भएको सुरुको दुई वर्षभित्र समितिमा प्रतिवेदन बुझाउनु पर्दछ।

बलपूर्वक बेपत्तासम्बन्धी समिति

समितिमा उच्च नैतिक चरित्र र मानव अधिकारका क्षेत्रमा ख्यातिप्राप्त दसजना विशेषज्ञ रहनेछन्, जसले व्यक्तिगतरूपमा कार्य गर्नेछन् एवम् स्वतन्त्र र निष्पक्ष रहनेछन्। समितिका सदस्यहरू समतामूलक भौगोलिक वितरणका आधारमा राज्यपक्षबाट चुनिनेछन्। सम्बन्धित कानुनी अनुभव र सन्तुलित लैङ्गिक प्रतिनिधित्वलाई समितिको कामको संलग्नतामा आवश्यक ध्यान दिइनेछ। समिति यस महासन्धि लागु भएपछि सुरु भएका बलपूर्वक बेपत्ता पार्ने कार्यको छानबिनमा मात्र समर्थ रहनेछ। यो महासन्धि लागु भएपश्चात् कुनै राष्ट्र यस महासन्धिको पक्ष बनेमा, समितिका सम्बन्धमा उक्त राष्ट्रको दायित्व सो सम्बन्धित राष्ट्रका लागि यो महासन्धि लागु भएपछि प्रारम्भ भएका जबरजस्त बेपत्ता पार्ने कार्यप्रति मात्र रहन्छ। कुनै राज्यपक्षको अधिकारक्षेत्रमा पर्ने सीमाभित्र सुनियोजित ढङ्गले बलपूर्वक बेपत्ता पार्ने कार्य प्रक्रियाबद्ध एवम् बृहत्रूपमा भइरहेको छ भन्ने जानकारी समितिलाई प्राप्त भएमा सम्बन्धित राज्यपक्षबाट त्यस्तो अवस्थासँग सम्बन्धित सम्पूर्ण सम्बद्ध सूचनाहरूको मागपश्चात् समितिले संयुक्त राष्ट्रसङ्घका महासचिवका माध्यमबाट संयुक्त राष्ट्रसङ्घको साधारणसभालाई तुरून्त त्यस विषयमा ध्यानाकर्षण गराउन सक्नेछ।

यस सन्धिको धारा ३१ बमोजिम कुनै राज्यपक्षले यस महासन्धिको अनुमोदनका बखत वा सोपश्चात्को कुनै पनि बखत राज्यले गरेको कानुन उल्लङ्घनको घटनामा उक्त घटनाको शिकार भएको दाबी गर्ने व्यक्ति वा उसका तर्फबाट अन्य कुनै व्यक्तिसँग पत्राचार गर्ने र उसबाट जानकारी लिने क्षेत्राधिकारका सम्बन्धमा समिति समर्थ रहेको घोषणा गर्न सक्नेछ। यस्तो घोषणा नगर्ने कुनै पनि राज्यपक्षका घटनाका सम्बन्धमा यस समितिले सञ्चार-सम्पर्क गर्ने वा घटनाको छानबिन गर्ने छैन।

बलपूर्वक बेपत्ता पारिनबाट सबै व्यक्तिहरुको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६

बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्ने अन्तर्राष्ट्रिय महासन्धि महासभाको प्रस्ताव ६१/१७७ द्वारा २० डिसेम्बर २००६ मा जारी

प्रस्तावना

यस महासन्धिका राज्यपक्षहरू, मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको विश्वव्यापी सम्मान र पालना प्रवर्धन गर्ने राज्यहरूको संयुक्त राष्ट्रसङ्घको बडापत्रअन्तर्गतको दायित्वलाई विचार गर्दै,

मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आदर गर्दै,

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र मानव अधिकार, मानवीय कानुन र अन्तर्राष्ट्रिय फौजदारी कानुनको क्षेत्रका अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय अध्यालेखहरूको पुन: स्मरण गर्दै,

संयुक्त राष्ट्रसङ्घको महासभाबाट यसको १९९२ डिसेम्बर १८ को प्रस्ताव ४७/१३३ द्वारा जारी बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्नेसम्बन्धी घोषणापत्रलाई पनि पुन: स्मरण गर्दै,

अपराध, र खास परिस्थितिमा अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित मानवताविरुद्धको अपराध, कायम हुने बलपूर्वक बेपत्ताको चरम गम्भीरताप्रति सचेत रहँदै,

बलपूर्वक बेपत्ताको रोकथाम र बलपूर्वक बेपत्ताको अपराधको अदण्डतालाई परास्त गर्न कृत-सङ्कल्पित भएर,

कुनै पनि व्यक्तिको बलपूर्वक बेपत्ताको भागीदार बन्न नपर्ने अधिकार, पीडितहरूको न्याय तथा परिपूरणको अधिकारलाई ख्याल राख्दै,

जोसुकैको बलपूर्वक बेपत्ताको परिस्थिति, बेपत्ताकृत व्यक्तिको अवस्थाबारे सत्यता जान्न पाउने अधिकार र यसका खातिर जानकारी खोज्न, लिन र बाँड्ने स्वतन्त्रताको अधिकारको पक्कापक्की गर्दै,

निम्न धाराहरूमा सहमत छन्:

भाग १

धारा १

१. कसैलाई पनि बलपूर्वक बेपत्ताको भागीदार बनाइने छैन।
२. युद्धको अवस्था वा युद्धको त्रास, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य सार्वजनिक सङ्कट जेसुकै भए पनि कुनै अपवादजनक परिस्थितिलाई बलपूर्वक बेपत्ताको पुस्ट्याइँका रूपमा याचना गर्न सकिने छैन।

धारा २

यस महासन्धिको प्रयोजनका लागि बलपूर्वक बेपत्ता भन्नाले प्रकारान्तर त्यस्तो व्यक्तिलाई कानुनको संरक्षणबाट बाहिर पार्ने गरी स्वतन्त्रताको हरण गरेको सकार्नमा नामन्जुरी वा बेपत्ता व्यक्तिको अवस्था वा अत्तोपत्तोको दपोट गर्ने हिसाबले राज्यका एजेन्टहरू वा राज्यको अख्तियारी, समर्थन वा सम्मतिसाथ काम गर्ने व्यक्तिहरू वा व्यक्तिहरूका समूहहरूद्वारा गरिने पक्राउ, थुनछेक, अपहरण वा स्वतन्त्रताबाट वञ्चित गर्ने अन्य स्वरूपलाई मानिनेछ।

धारा ३

राज्यको अख्तियारी, समर्थन वा सम्मति प्राप्त नगरेका व्यक्तिहरू वा व्यक्तिहरूका समूहहरूबाट गरिएका धारा २ मा परिभाषित कार्यहरूको अनुसन्धान गर्न र त्यसका लागि जिम्मेवार रहेकाहरूलाई न्यायसमक्ष ल्याउनका लागि हरेक राज्यपक्षले उपयुक्त उपायहरू अपनाउनेछन्।

धारा ४

हरेक राज्यपक्षले बलपूर्वक बेपत्तालाई आफ्नो फौजदारी कानुनमा अपराध कायम गर्ने कुरा निश्चित गर्नका लागि आवश्यक उपायहरू अपनाउनेछन्।

धारा ५

बलपूर्वक बेपत्ताको व्यापक र सुनियोजित अभ्यास सम्बद्ध अन्तर्राष्ट्रिय कानुनले परिभाषा गरेअनुसार मानवताविरुद्धको अपराध हुन्छ र त्यस्तो सम्बद्ध अन्तर्राष्ट्रिय कानुनमा व्यवस्था भएअनुसारको परिणाम आकर्षित हुनेछ।

धारा ६

१. हरेक राज्यपक्षले फौजदारीरूपमा उत्तरदायी बनाउनका लागि आवश्यक उपायहरू अपनाउनेछन्,

कम्तीमा:

(क) बलपूर्वक बेपत्ता पार्ने, पार्न आदेश दिने, पुनरावृत्ति गर्ने वा उक्साउने, बेपत्ता पार्न उद्योग गर्ने, मतियार रहने वा सहभागी हुने जुनसुकै व्यक्तिलाई,

(ख) तालुकवाला व्यक्तिलाई, जसले:

(१) आफ्नो प्रभावकारी अख्तियारी वा नियन्त्रणमा रहेका मातहतवालाले बलपूर्वक बेपत्ता पार्ने अपराध गर्दै गरेको वा गर्न लागेको कुरा स्पष्ट सङ्केत गर्ने सूचना थाहा पाएको वा जानाजान अनादर गरेको थियो,

(२) बलपूर्वक बेपत्ता पार्ने अपराधसँग सम्बन्धित क्रियाकलापउपरको प्रभावकारी उत्तरदायित्व र नियन्त्रणको अधिकार प्रयोग गरेको थियो, र

(३) आफ्नो अख्तियारभित्र बलपूर्वक बेपत्ता पार्ने कार्यको रोक्न वा वशमा लिन वा यस्तो कुराको अनुसन्धान र अभियोजनका लागि सक्षम अधिकारीहरूसमक्ष प्रस्तुत गर्न सबै आवश्यक र उचित उपायहरू नअपनाएको,

(ग) माथिल्लो उप-अनुच्छेद (ख) सैनिक समादेशक वा सैनिक समादेशकसरह काम गर्ने कुनै व्यक्तिलाई लागु हुने सम्बद्ध अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको उत्तरदायित्वका उच्च मापदण्डहरूसँग पूर्वाग्रहरहित छ।

२. कुनै पनि गैरसैनिक, सैनिक वा अन्य सार्वजनिक अधिकारीको आदेश वा निर्देशन बलपूर्वक बेपत्ताको कसूरको औचित्य पुष्टिका निमित्त याचन हुन सक्ने छैन।

धारा ७

१. हरेक राज्यपक्षले बलपूर्वक बेपत्ताको कसूरलाई यसको चरम गम्भीरतालाई ख्याल राख्ने हिसाबको उपयुक्त सजायहरूद्वारा दण्डनीय बनाउनेछन्।

२. हरेक राज्यपक्षले व्यवस्थित गर्न सक्नेछन्:

(क) शमनकारी परिस्थिति, खासगरी बेपत्ता पारिएको व्यक्तिलाई जीवितै अगाडि ल्याउन वा बलपूर्वक बेपत्ताको घटनाबारे स्पष्ट पार्न सम्भव बनाएको वा बलपूर्वक बेपत्ताका कसूरदार (पीडक) पहिचान गर्नमा प्रभावकारी तरिकाले

सहयोग गर्ने पार्ने, पार्न आदेश दिने, पुनरावृत्ति गर्ने वा बहकाउने, बेपत्ता पार्न उद्योग गर्ने, मतियार रहने वा सहभागी हुने व्यक्तिका निमित्त,

(ख) अन्य फौजदारी कार्यविधिसित पूर्वाग्रहयुक्त नहुने गरी, उत्तेजक परिस्थिति, खासगरी बेपत्ता पारिएको व्यक्तिको मृत्यु वा गर्भवती महिला, नाबालक, अक्षमतायुक्त व्यक्ति वा अन्य खास किसिमका निम्छरा व्यक्तिहरूको बलपूर्वक बेपत्ता पार्ने कार्य गरिएको कुरामा ।

धारा ८

धारा ५ प्रति पूर्वाग्रह नराखी,

१. बलपूर्वक बेपत्ताका सम्बन्धमा हदम्यादको कानुनी व्यवस्था राख्ने राज्यपक्षले फौजदारी कारबाहीको हदम्याद:

(क) लामो र यस कसूरको चरम गम्भीरतासँग समानुपातिक हुने गरी,

(ख) अटुट प्रकृतिलाई ख्याल राखी बलपूर्वक बेपत्ताको कसूर पूरा भएको क्षणबाट प्रारम्भ हुने गरी निश्चित पार्नका लागि आवश्यक उपायहरू अपनाउनेछन्।

२. हरेक राज्यपक्षले बलपूर्वक बेपत्ताका पीडितहरूको हदम्यादभित्र प्रभावकारी उपचारका अधिकार प्रत्याभूत गर्नेछन्।

धारा ९

१. हरेक राज्यपक्षहरूले बलपूर्वक बेपत्ताको कसूरउपर क्षेत्राधिकार प्रयोग गर्ने तिनको सक्षमता स्थापना गर्नमा आवश्यक उपायहरू अपनाउनेछन्:

(क) आफ्नो क्षेत्राधिकारको कुनै भू-भाग वा सो राज्यमा दर्ता भएको पानीजहाज वा हवाईजहाजमा यस्तो कसूर गरिएमा,

(ख) आरोपित कसूरदार आफ्नो नागरिक भएमा,

(ग) बेपत्ता पारिएको व्यक्ति आफ्नो नागरिक भएको र राज्यपक्षले उपयुक्त ठानेमा।

२. राज्यपक्षहरूले यसै गरी, अन्तर्राष्ट्रिय दायित्वअनुसार निजलाई अर्को राज्यमा सुपुर्द वा समर्पित गरेमा वा क्षेत्राधिकारको मान्यताप्राप्त अन्तर्राष्ट्रिय फौजदारी न्यायाधिकरणसमक्ष निजलाई समर्पित गरिएमा बाहेक, आरोपित कसूरदार आफ्नो क्षेत्राधिकारको भू-भागमा रहेको अवस्थामा आवश्यकताअनुसार बलपूर्वक बेपत्ताको कसूरउपर क्षेत्राधिकार प्रयोग गर्ने आफ्नो सक्षमता स्थापित गर्न सक्नेछन्।

३. यो महासन्धिले राष्ट्रिय कानुनअनुसार प्रचलित अन्य अतिरिक्त फौजदारी क्षेत्राधिकारलाई बाहेक गर्दैन।

धारा १०

१. आफूलाई प्राप्त जानकारीको जाँचबुझपछि सन्तुष्ट भई परिस्थितिले आवश्यक भएमा, आफ्नो भू-भागमा बलपूर्वक बेपत्ताको कसूर गरेको आशङ्का गरिएको व्यक्ति रहेमा जुनसुकै राज्यपक्षले निजलाई हिरासतमा लिने वा निजको उपस्थिति निश्चित गर्न आवश्यक हुने अन्य कानुनी उपाय अपनाउनेछ। हिरासत र अन्य कानुनी उपाय सो राज्यपक्षको कानुनले व्यवस्था गरेअनुसार हुनेछ र फौजदारी, समर्पण वा सुपुर्दगीको कारबाहीमा सो व्यक्तिको उपस्थिति निश्चित पार्न आवश्यक समयका लागि मात्र कायम रहन सक्नेछ।

२. अनुच्छेद १ मा उल्लेख भएअनुसारको उपाय अपनाउने राज्यले तथ्य स्थापित गर्नका लागि तत्कालै प्रारम्भिक छानबिन वा अनुसन्धान गर्नेछ। सो राज्यपक्षले आफूले क्षेत्राधिकार प्रयोग गर्न चाहे-नचाहेको कुरा दर्साई, धारा ९ को अनुच्छेद १ मा उल्लिखित राज्यपक्षहरूलाई थुनछेक, थुनछेक गर्नैपर्ने परिस्थिति, र आफ्नो प्रारम्भिक छानबिन वा अनुसन्धानका प्राप्त तथ्यसमेत यस धाराको अनुच्छेद १ अनुसार अपनाएका उपायहरूको बारेमा जनाउ दिनेछ।

३. अनुच्छेद १ अनुसार हिरासतमा रहेको कुनै पनि व्यक्तिले आफू नागरिक रहेको राज्यको निकटस्थ उपयुक्त प्रतिनिधिसँग, वा निज राज्यविहीन व्यक्ति भएमा निजले सामान्यतया बसोबास गरेको राज्यको प्रतिनिधिसँग तत्कालै कुराकानी गर्न सक्नेछ।

धारा ११

१. बलपूर्वक बेपत्ताको कसूर गरेको आरोपित व्यक्ति फेला परेको भू-भागको क्षेत्राधिकार रहेको राज्यले आफ्नो अन्तर्राष्ट्रिय दायित्वअनुसार अर्को राज्यसमक्ष निजलाई सुपुर्दगी वा समर्पण नगरेमा वा क्षेत्राधिकारको मान्यताप्राप्त अन्तर्राष्ट्रिय न्यायाधिकरणसमक्ष निजलाई समर्पण नगरेमा अभियोजनको प्रयोजनका लागि सक्षम अधिकारीहरूसमक्ष प्रस्तुत गर्नेछ।

२. यी अधिकारीहरूले सो राज्यपक्षको कानुनअन्तर्गत गम्भीर प्रकृतिका साधारण अपराधको मामिलासरह समान तरिकाले तिनको निर्णय गर्नेछन्। धारा ९ को अनुच्छेद २ मा उल्लिखित मामिलाहरूमा अनुसन्धान र सजाय निर्धारणका लागि चाहिने मापदण्ड कुनै पनि हालतमा धारा ९ को अनुच्छेद १ मा उल्लिखित मामिलाहरूमा लागु हुनेभन्दा कुनै पनि हिसाबले कमसल हुने छैन।

३. बलपूर्वक बेपत्ताको कसूरको सिलसिलामा कारबाहीमा ल्याइएको व्यक्तिलाई कारबाहीका सबै चरणमा स्वच्छ व्यवहारको प्रत्याभूति रहनेछ। बलपूर्वक बेपत्ताको कसूरमा पुर्पक्षमा राखिएको जुनसुकै व्यक्तिले कानुनद्वारा स्थापित

सक्षम, स्वतन्त्र र निष्पक्ष अदालत वा न्यायाधिकरणसमक्ष स्वच्छ पुर्पक्षबाट लाभान्वित हुनेछ।

धारा १२

१. कुनै व्यक्तिलाई बलपूर्वक बेपत्ताको भागीदार बनाइएको आरोप लगाउने जुनसुकै व्यक्ति-विशेषलाई यस्तो आरोपको तत्काल र निष्पक्ष जाँचबुझ गर्ने, र आवश्यक भएमा अविलम्ब पूर्ण र निष्पक्ष अनुसन्धान गर्ने सक्षम अधिकारीहरू समक्ष त्यसका तथ्यहरूको प्रतिवेदन गर्ने अधिकार रहने कुरा हरेक राज्यपक्षले सुनिश्चित गर्नेछ। आवश्यकता भएअनुसार उजुरकर्ता, साक्षी, बेपत्ता व्यक्तिका नातेदारहरू र तिनको प्रतिरक्षा सल्लाहकार साथ-साथै अनुसन्धानमा सहभागी रहने व्यक्तिहरूलाई उजुर वा कुनै प्रमाण दिएको परिणामस्वरूपका सबै दुर्व्यवहार र त्रासहरूविरुद्ध संरक्षण गर्ने उचित पाइला चालिनेछन्।

२. कुनै व्यक्तिलाई बलपूर्वक बेपत्ता बनाइएको विश्वास गर्नुपर्ने मनासिब आधार भएमा यस धाराको अनुच्छेद १ मा उल्लिखित अधिकारीहरूले औपचारिकरूपमा कुनै उजुर नै नपरेको भए पनि अनुसन्धान अघि बढाउनेछन्।

३. हरेक राज्यपक्षले यो धाराको अनुच्छेद १ मा उल्लिखित अधिकारीहरूलाई:

(क) तिनको अनुसन्धानसँग सान्दर्भिक अभिलेखीकरण र अन्य जानकारीको पहुँचलगायत प्रभावकारी अनुसन्धान गर्नका लागि आवश्यक अधिकार तथा स्रोत-साधन हुने,

(ख) बेपत्ता पारिएको व्यक्ति रहेको विश्वास गर्ने मनासिब आधार भएको थुनछेकको कुनै स्थान वा अन्य स्थानमा आवश्यक भए तत् विषयको रोहमा न्यायिक अधिकारीको पूर्व अख्तियारीसाथ पहुँच हुने, कुरा सुनिश्चित पार्नेछन्।

४. अनुसन्धानको कार्यलाई बाधा गर्ने कार्यलाई रोक्ने र दण्डित गर्नका लागि हरेक राज्यपक्षले आवश्यक उपायहरू अपनाउनेछन्। तिनले खासगरी बलपूर्वक बेपत्ताको कसूर गरेको आशङ्का गरिएका व्यक्तिहरू दाबी वा उजुरकर्ता, साक्षी, गायब पारिएको व्यक्तिका नातेदारहरू वा तिनका प्रतिरक्षा सल्लाहकार वा अनुसन्धानमा सहभागी व्यक्तिहरूमा लक्षित त्रास वा प्रतिशोधका माध्यमबाट अनुसन्धानको प्रगतिलाई प्रभावित पार्ने हैसियतमा छैनन् भन्ने कुरा निश्चित पार्नेछन्।

धारा १३

१. राज्यपक्षहरू बीचको सुपुर्दगीको प्रयोजनका लागि बलपूर्वक बेपत्ताको कसूरलाई राजनीतिक कसूर वा राजनीतिक कसूरसँग सम्बद्ध कसूर वा राजनीतिक

आशयबाट प्रेरित कसूर मानिने छैन। यसै गरी यस्तो कसूरमा आधारित सुपुर्दगीको मागलाई यिनै आधारहरूबाट मात्र अस्वीकार गर्न सकिने छैन।

२. बलपूर्वक बेपत्ताको कसूर यो महासन्धि लागु हुनुभन्दा अगाडि राज्यपक्षहरू बीच रहेका कुनै पनि सुपुर्दगी सन्धिमा सुपुर्दगीयोग्य कसूरका रूपमा समावेश रहेको मानिनेछ।

३. राज्यपक्षहरूले तिनीहरूबीच पछि सम्पन्न हुने सुपुर्दगी सन्धिमा बलपूर्वक बेपत्ताको कसूरलाई सुपुर्दगीयोग्य कसूरका रूपमा समावेश गर्नेछन्।

४. सन्धिको अस्तित्वमै सुपुर्दगीलाई शर्तमूलक बनाउने कुनै राज्यपक्षले सोसँग सुपुर्दगी सन्धि नभएको अर्को राज्यपक्षले सुपुर्दगीका लागि अनुरोध गरेमा बलपूर्वक बेपत्ताको कसूरको हकमा यो महासन्धिलाई सुपुर्दगीको आवश्यक कानुनी आधारका रूपमा विचार गर्न सक्नेछ।

५. सन्धिको अस्तित्वमै सुपुर्दगीलाई शर्तमूलक नबनाउने राज्यपक्षहरूले बलपूर्वक बेपत्ताको कसूरलाई उनीहरूका बीचमा सुपुर्दगीयोग्य कसूरको रूपमा मान्यता दिनेछन्।

६. सुपुर्दगी, सबै मामिलामा, खासगरी सुपुर्दगीका लागि न्यूनतम सजायको खाँचो र अनुरोध गरिएको राज्यले सुपुर्दगी इन्कार गर्न सक्ने वा सोलाई खास शर्तको विषय बनाउने कुरालगायतका अनुरोध गरिएको राज्यको कानुनद्वारा व्यवस्था गरिएका शर्तको विषय बनाइएको कुरा वा लागु हुने सुपुर्दगी सन्धिहरूका आधारमा हुनेछ।

७. सुपुर्दगीका लागि गरिएको अनुरोध सो व्यक्तिको लिङ्ग, जाति, धर्म, राष्ट्रियता, जातीय उत्पत्ति, राजनीतिक मत वा खास सामाजिक समूहको सदस्यताका आधारमा निजलाई अभियोजन वा सजाय गराउने प्रयोजनका लागि वा अनुरोधको परिपूर्तिले सो व्यक्तिउपर यीमध्ये कुनै कारणले क्षति पुऱ्याउने कुराका लागि भएको विश्वास गर्नुपर्ने पर्याप्त आधार अनुरोध गरिएको राज्यसँग हुँदा पनि सुपुर्दगी गर्ने दायित्व रहने अर्थमा यो महासन्धिको कुनै कुराको व्याख्या गरिने छैन।

धारा १४

१. राज्यपक्षहरूले कारबाहीका लागि आवश्यक तिनका अधीनमा रहेका सबै प्रमाणको आपूर्तिलगायत बलपूर्वक बेपत्ताको कसूरउपर गरिएका फौजदारी कारबाहीका सिलसिलामा पारस्परिक कानुनी सहायताका सर्वोत्तम उपाय एक-आपसमा उपलब्ध गराउनेछन्।

२. यस्तो पारस्परिक कानुनी सहायता अनुरोध गरिएको राज्यपक्षको राष्ट्रिय कानुन वा खासगरी अनुरोध गरिएको राज्यले पारस्परिक कानुनी सहायता

दिन इन्कार गर्न सक्ने आधारहरूका सम्बन्धका शर्तहरू वा शर्तको विषय बनाउन सक्ने कुरालगायतको पारस्परिक कानुनी सहायतासम्बन्धी लागु हुन सक्ने सन्धिहरूअनुसार हुनेछ।

धारा १५

राज्यपक्षहरूले बलपूर्वक बेपत्ताका पीडितहरूलाई सहयोग गर्ने दृष्टिले बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास गर्ने, रहे भएको ठाउँ ठम्याउने र छुटकारा गराउने, र मृत्यु भएको मामिलामा तिनको रहलपहल वा शेषहरू खोतल्ने, पहिचान गर्ने र फर्काउने कुरामा एक-अर्कामा सहयोग आदानप्रदान र पारस्परिक सहायताका सर्वोत्तम उपाय एक-आपसमा उपलब्ध गराउनेछन्।

धारा १६

१. बलपूर्वक बेपत्ताको विषय बनाइनसक्ने खतरा निजविरुद्ध रहेको विश्वास गर्नुपर्ने पर्याप्त आधार भएका अवस्थामा कुनै पनि राज्यले कुनै व्यक्तिलाई अर्को राज्यमा निष्कासन गर्ने, फिर्ता पठाउने, समर्पण वा सुपुर्द गर्ने छैनन्।

२. यस्तो आधारहरू भए-नभएको निर्धारण गर्ने प्रयोजनका लागि, सक्षम अधिकारीहरूले, उपयुक्त भएसम्म, सम्बन्धित राज्यका मानव अधिकारको सघन, नग्न वा व्यापक उल्लङ्घन वा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका स्थिर स्वरूपको उपस्थितिलगायत, सबै सान्दर्भिक विचारणीय विषयहरूलाई ध्यान दिनेछन्।

धारा १७

१. कसैलाई पनि गोप्य थुनामा राखिने छैन।

२. स्वतन्त्रताको वञ्चनाका सन्दर्भमा राज्यपक्षका अन्य अन्तर्राष्ट्रिय दायित्वहरूप्रति पूर्वाग्रह नराखी, हरेक राज्यपक्षले आफ्ना विधायनमा:

(क) स्वतन्त्रताको वञ्चनाका आदेश दिने शर्तावस्थाहरू स्थापित गर्नेछन्,

(ख) स्वतन्त्रताको वञ्चनाको आदेश दिने अधिकारप्राप्त अधिकारीहरू तोक्नेछन्,

(ग) स्वतन्त्रताबाट वञ्चित गरिएको व्यक्तिलाई औपचारिक मान्यताप्राप्त र सुपरिवेक्षित स्वतन्त्रताको वञ्चना स्थानमा राखिने ग्यारेन्टी गर्नेछन्।

(घ) स्वतन्त्रताबाट वञ्चित कुनै पनि व्यक्तिलाई निजको परिवार, सल्लाहकार वा निजले इच्छाएको अन्य कुनै व्यक्तिसँग कानुनद्वारा स्थापित शर्तावस्थामा रही भेटघाट तथा सञ्चार-सम्पर्क/कुराकानी गर्ने, वा, निज विदेशी भएमा लागु हुने अन्तर्राष्ट्रिय कानुनअनुसार निजको कूटनीतिक अधिकारीहरूसमक्ष सञ्चार-सम्पर्क गर्ने अधिकार हुने कुराको ग्यारेन्टी गर्नेछन्।

(ङ) सक्षम र कानुनी अधिकारीहरू तथा निकायहरूलाई, आवश्यक भए न्यायिक अधिकारीको पूर्वअख्तियारीसहित, व्यक्तिहरूको स्वतन्त्रता वञ्चित गरिएको स्थानमा पहुँचको प्रत्याभूति गर्नेछन्।

(च) स्वतन्त्रता वञ्चित गरिएको व्यक्ति वा, बलपूर्वक बेपत्ता पारिएको आशङ्का गरिएको व्यक्तिका हकमा, यस्तो स्वतन्त्रता वञ्चित व्यक्ति स्वयम्ले यो अधिकारको प्रचलन गर्न नसक्ने हुनाले, स्वतन्त्रताबाट वञ्चित व्यक्तिका नातेदारहरू, तिनका प्रतिनिधि वा तिनका सल्लाहकारजस्ता वैधानिक चासो रहेका जुनसुकै व्यक्तिले, सबै अवस्थामा, अदालतबाट स्वतन्त्रताको वञ्चनाको न्यायसङ्गतताउपर अविलम्ब निर्णय लिन र यस्तो स्वतन्त्रताको वञ्चना गैरकानुनी ठहरे व्यक्तिको छुटकाराको आदेशका लागि, अदालतसमक्ष कारबाही चलाउन पाउने हक प्रत्याभूति गर्नेछन्।

३. हरेक राज्यपक्षले स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूको एक वा बढी औपचारिक अद्यावधिक पञ्जिका वा अभिलेखको सङ्ग्रह र व्यवस्था निश्चित पार्नेछन्, जुन यस प्रयोजनका लागि सम्बन्धित राज्यपक्षको कानुन वा राज्यपक्ष पक्ष रहेको सान्दर्भिक अन्तर्राष्ट्रिय कानुनी अध्यालेखद्वारा अख्तियारप्राप्त कुनै न्यायिक वा अन्य सक्षम अधिकारी वा निकायलाई, मागिएको अवस्थामा, यथाशीघ्र उपलब्ध गराइनेछ। त्यसमा रहने जानकारी न्यूनतम :

(क) स्वतन्त्रताबाट वञ्चित व्यक्तिको पहिचान,

(ख) सो व्यक्तिलाई स्वतन्त्रताबाट वञ्चित गरिएको मिति, समय र स्थान तथा सो व्यक्तिको स्वतन्त्रता वञ्चित गर्ने अधिकारीको पहिचान,

(ग) स्वतन्त्रताको वञ्चनाको आदेश दिने अधिकारी र स्वतन्त्रता-वञ्चनाका आधारहरू,

(घ) स्वतन्त्रताको वञ्चनाउपर सुपरिवेक्षण गर्ने जिम्मेवारी रहेको अधिकारी,

(ङ) स्वतन्त्रताको वञ्चनाको स्थान, स्वतन्त्रताको वञ्चनाको स्थानमा प्रवेश गराइएको मिति र समय र सो स्वतन्त्रता वञ्चनाको स्थानको जिम्मेवार अधिकारी,

(च) स्वतन्त्रताबाट वञ्चित व्यक्तिको स्वास्थ्यस्थिति-सम्बद्ध कुराहरू,

(छ) स्वतन्त्रताको वञ्चनामै मृत्यु भएको अवस्थामा परिस्थिति, मृत्युको कारण र शवाशेषको गन्तव्य,

(ज) छुटकारा वा थुनछेकको अन्य स्थानमा सरुवा गरिएको मिति र समय, गन्तव्य र सरुवा गर्ने जिम्मेवार अधिकारी समावेश रहनेछ।

धारा १८

१. धारा १९ र २० का अधीनमा रही हरेक राज्यले स्वतन्त्रताबाट वञ्चितका नातेदार, तिनका प्रतिनिधि वा सल्लाहकारजस्ता यो जानकारीप्रति वैधानिक

सरोकार भएका व्यक्तिलाई कम्तीमा निम्नानुसारको सूचनाको पहुँचको प्रत्याभूति गर्नेछन्:

(क) स्वतन्त्रताको वञ्चना गर्ने आदेश गर्ने अधिकारी,

(ख) सो व्यक्तिको स्वतन्त्रता हरण गरिएको तथा स्वतन्त्रताको वञ्चनाको स्थानमा प्रवेशगराइएको मिति, समय र स्थान,

(ग) स्वतन्त्रताको वञ्चनाउपर सुपरिवेक्षण गर्ने जिम्मेवारी रहेको अधिकारी,

(घ) स्वतन्त्रताको वञ्चनाको अर्को स्थानमा सरुवा गरिएको भए गन्तव्य र सरुवा गर्ने जिम्मेवार अधिकारीलगायतको स्वतन्त्रताबाट वञ्चित व्यक्तिको अत्तोपत्तोको जानकारी,

(ङ) छुटकारा गरिएको मिति, समय र स्थान,

(च) स्वतन्त्रताबाट वञ्चित व्यक्तिको स्वास्थ्यस्थिति-सम्बद्ध कुराहरू,

(छ) स्वतन्त्रताको वञ्चनामै मृत्यु भएको अवस्थामा परिस्थिति, मृत्युको कारण र शवाशेषको गन्तव्य।

२. यस धाराको अनुच्छेद १ मा उल्लिखित व्यक्तिहरू साथसाथै अनुसन्धानमा सहभागी व्यक्तिहरूलाई स्वतन्त्रताबाट वञ्चित व्यक्तिको जानकारीको खोजतलास गरेको परिणामस्वरूपको कुनै पनि दुर्व्यवहार, डर-त्रास वा अनुसास्तीबाट बचाउनका लागि, आवश्यक भएका अवस्थामा उपयुक्त उपायहरू अपनाइनेछन्।

धारा १९

१. बेपत्ता भएको व्यक्तिको खोजतलासको ढाँचाभित्र सङ्कलित र/वा आदानप्रदान गरिएका चिकित्सा तथा आनुवांशिक तथ्य-तथ्याङ्कलगायत व्यक्तिगत विवरण बेपत्ता पारिएको व्यक्तिको खोजतलासीबाहेक अन्य प्रयोजनका लागि प्रयोग गरिने वा उपलब्ध गराइने छैन। बलपूर्वक बेपत्ताको कसूरसम्बन्धी फौजदारी कारबाही वा परिपूरण वा क्षतिपूर्ति प्राप्त गर्नका लागि त्यस्तो जानकारी वा विवरणको प्रयोगमा यो कुराको पूर्वाग्रह रहने छैन।

२. चिकित्सा तथा आनुवांशिक तथ्य-तथ्याङ्कलगायत व्यक्तिगत विवरणको सङ्कलन, प्रक्रियाकरण, प्रयोग वा भण्डारणले कुनै पनि व्यक्तिको मानव अधिकार, मौलिक स्वतन्त्रता वा मानव-मर्यादालाई दखल गर्ने वा दखल पार्ने गरी असर पुऱ्याउने छैन।

धारा २०

१. कुनै पनि व्यक्ति कानुनको संरक्षणअन्तर्गत राखिएको र स्वतन्त्रताको वञ्चना न्यायिक नियन्त्रणको विषय रहेको अवस्थामा मात्र धारा १८ मा उल्लिखित सूचनाको अधिकार, कानुनले व्यवस्था गरेको र हुँदै आवश्यक भएको अवस्थामा,

र सो जानकारी/सूचनाको आदानप्रदानले सो व्यक्तिको व्यक्तिगत गोपनीयता वा सुरक्षालाई प्रतिकूल प्रभाव पार्न सक्ने, फौजदारी अनुसन्धानलाई व्यवधान गर्न सक्ने, वा कानुनबमोजिमको समान कारणका लागि, र लागु हुने अन्तर्राष्ट्रिय कानुनसङ्गत हुने गरी र यस महासन्धिको उद्देश्यअनुरूप, अपवादजनक आधारमा मात्र नियन्त्रित हुन सक्नेछ। धारा १८ मा उल्लिखित सूचनाको अधिकारउपर, धारा २ मा परिभाषित कार्य हुने गरी वा धारा १७ अनुच्छेद १ को उल्लङ्घन हुने गरी, कुनै पनि हालतमा रोकटोक वा नियन्त्रण हुने छैन।

२. व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको वञ्चनाको न्यायसङ्गतता विचार गर्ने कुराप्रति पूर्वाग्रह नराखी, राज्यपक्षहरूले धारा १८ अनुच्छेद १ मा उल्लिखित व्यक्तिहरूलाई धारा १८, अनुच्छेद १ मा उल्लिखित जानकारी अविलम्ब पाउने माध्यमका रूपमा चुस्त र प्रभावकारी न्यायिक उपचारको प्रत्याभूति गर्नेछन्। उपचारको यो अधिकार कुनै पनि स्थितिमा निलम्बित वा नियन्त्रित हुन सक्ने छैन।

धारा २१

स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरू तिनीहरू वास्तविकरूपमा मुक्त भएको विश्वसनीय आधिकारिक पुष्टियुक्त तरिकाबाट छुटकारा हुने कुरा सुनिश्चित पार्नका लागि हरेक राज्यपक्षले आवश्यक उपायहरू अवलम्बन गर्नेछन्। हरेक राज्यपक्षले यस्ता व्यक्तिहरूको शारीरिक परिपूर्णता र राष्ट्रिय कानुनको अधीनमा रही यस्ता व्यक्तिहरूको कुनै दायित्वप्रति पूर्वाग्रह नराखी, छुटकाराका समयमा तिनका अधिकारहरूको भरपूर प्रयोग गर्ने तिनको सक्षमताको निश्चितता दिन पनि आवश्यक उपायहरू अपनाउनेछन्।

धारा २२

धारा ६ प्रति पूर्वाग्रह नराखी, हरेक राज्यपक्षले देहायका कार्यको रोकथाम गर्न र अनुशास्ति लगाउनका लागि आवश्यक उपायहरू अपनाउनेछन्:

(क) धारा १७, अनुच्छेद २ (च), र धारा २०, अनुच्छेद २ मा उल्लिखित उपचारहरूलाई विलम्बित गर्ने वा व्यवधान गर्ने,

(ख) कुनै पनि व्यक्तिको स्वतन्त्रताको वञ्चना अभिलेख नगर्ने, वा औपचारिक दर्ता गर्ने जिम्मेवारी रहेको कर्मचारीले सो सूचना गलत हो भन्ने जानेरै वा थाहा हुँदाहुँदै त्यस्तो जानकारी अभिलेख गर्ने,

(ग) व्यक्तिको स्वतन्त्रताको वञ्चनाको सूचना वा जानकारी दिन इन्कार गर्ने वा यस्तो सूचना वा जानकारी दिनुपर्ने कानुनी रीत पूरा भएको भए पनि गलत जानकारी वा सूचना दिने।

धारा २३

१. हरेक राज्यपक्षले कानुन कार्यान्वयन गर्ने अधिकारी, निजामती वा सैनिक, स्वास्थ्य अधिकारी, सार्वजनिक पदाधकारी र हिरासत वा स्वतन्त्रताबाट वञ्चित व्यक्तिलाई हेर्ने वा व्यवहार गर्ने काममा सामेल हुन सक्ने अन्य व्यक्तिहरूको तालिममा यो महासन्धिको सम्बन्धित प्रावधानका बारेमा आवश्यक शिक्षा र जानकारी:

(क) बलपूर्वक बेपत्ता पार्ने कुरामा यस्ता पदाधिकारीहरूको संलग्नता रोक्न,

(ख) बलपूर्वक बेपत्ताको सम्बन्धमा रोकथाम र अनुसन्धानको महत्वलाई जोड दिन,

(ग) बलपूर्वक बेपत्ताका मामिलाहरूको समाधान गर्ने शीघ्र खाँचोलाई मान्यता दिलाउनका लागि समावेश गर्ने कुरा सुनिश्चित पार्नेछन्।

२. हरेक राज्यपक्षले बलपूर्वक बेपत्ता पार्ने कार्य गर्न अह्राउने, अख्तियारी दिने वा प्रोत्साहित गर्ने आदेश वा निर्देशनको निषिद्धता सुनिश्चित पार्नेछन्। हरेक राज्यले यस्तो आदेश मान्न अस्वीकार गर्ने व्यक्तिलाई सजाय नहुने कुरा प्रत्याभूति गर्नेछन्।

३. हरेक राज्यपक्षले बलपूर्वक बेपत्ता पार्ने कार्य भएको वा योजना बनाएको विश्वास गर्नुपर्ने कारण रहे-भएका यस धाराको अनुच्छेद १ मा उल्लिखित व्यक्तिहरूले तिनका तालुकवालासमक्ष र आवश्यक भएमा, पुनरावलोकन वा उपचारको अधिकार रहेका उपयुक्त अधिकारीहरू वा निकायहरूमा प्रतिवेदन गर्ने कुरा निश्चित पार्नका लागि आवश्यक उपायहरूको अवलम्बन गर्नेछन्।

धारा २४

१. यस महासन्धिको प्रयोजनका लागि 'पीडित' भन्नाले बेपत्ता भएको व्यक्ति र बलपूर्वक बेपत्ताको प्रत्यक्ष परिणामस्वरूपको क्षतिबाट सताइएको जुनसुकै व्यक्ति-विशेष सम्झनुपर्छ।

२. हरेक पीडितलाई बलपूर्वक बेपत्ताको परिस्थितिका बारेमा सत्य, अनुसन्धानको प्रगति र नतिजा एवम् बेपत्ता व्यक्तिको लेखा थाहा पाउने अधिकार छ। यसबारेमा हरेक राज्यपक्षले उपयुक्त उपायहरू अपनाउनेछन्।

३. हरेक राज्यपक्षले बेपत्ता पारिएका व्यक्तिहरूको खोजतलास, भएको स्थान ठम्याउने तथा मुक्त गर्नका लागि, र मृत्यु भएको घटनामा तिनको शवाशेष ठम्याउन, त्यसको सम्मान गर्न र फिर्ता गर्नका लागि उपयुक्त उपायहरू अपनाउनेछन्।

४. हरेक राज्यपक्षले आफ्नो कानुनी प्रणालीमा बलपूर्वक बेपत्ताका पीडितहरूलाई परिपूरण प्राप्त गर्ने तथा शीघ्र, स्वच्छ र पर्याप्त क्षतिपूर्ति पाउने अधिकारको सुनिश्चय गर्नेछन्।

५. यस धाराको अनुच्छेद ४ मा उल्लिखित परिपूरण प्राप्त गर्ने अधिकारले भौतिक र मानसिक क्षति एवम्, उपयुक्त भएसम्म, परिपूरणका अन्य स्वरूपहरूलाई समेट्छ, जस्तो कि:

(क) सम्पत्ति पुन: स्थापना,

(ख) पुन: वास,

(ग) मर्यादा र ख्यातिको पुन: स्थापनालगायतको सन्तुष्टि,

(घ) पुनरावृत्ति नहुने प्रत्याभूतिहरू।

६. बेपत्ता व्यक्तिको अवस्था स्पष्ट नभएसम्म अनुसन्धान निरन्तर गर्ने दायित्वप्रति पूर्वाग्रह नराखी, हरेक राज्यपक्षले अवस्था स्पष्ट नभएको बेपत्ता व्यक्तिको कानुनी स्थितिबारेमा र तिनका नातेदारहरूको सामाजिक भलाइ, आर्थिक मामिला, पारिवारिक कानुन र सम्पत्तिको अधिकारका क्षेत्रमा उपयुक्त पाइला चाल्नेछन्

७. हरेक राज्यपक्षले बलपूर्वक बेपत्ताको परिस्थिति र बेपत्ता व्यक्तिको अवस्था स्थापना गर्न प्रयास गर्ने तथा बलपूर्वक बेपत्ताका पीडितहरूलाई सहायता गर्ने कुरासँग सरोकार रहेका सङ्गठन तथा सङ्घसंस्था स्वतन्त्रतापूर्वक गठन गर्ने र तिनमा भाग लिने अधिकारको प्रत्याभूति गर्नेछन्।

धारा २५

१. हरेक राज्यपक्षले आफ्नो फौजदारी कानुनअन्तर्गत निम्न कुराको रोकथाम र सजाय गर्न आवश्यक उपाय अपनाउनेछन्:

(क) बलपूर्वक बेपत्ताको विषय बनाइएका बालबालिका, बाबु, आमा वा कानुनी संरक्षक बलपूर्वक बेपत्ताको विषय बनाइएका बालबालिका वा बलपूर्वक बेपत्ताको विषय बनाइएकी आमाबाट थुनामा रहेका बेला जन्माइएको बालबालिकाको अपराधपूर्ण निष्कासन,

(ख) माथि उप-अनुच्छेद (क) मा उल्लिखित बालबालिकाको सही पहिचान प्रमाणित गर्ने अभिलेखहरूको मिथ्याकरण, दपोट वा विनाश,

२. हरेक राज्यपक्षले यो धाराको अनुच्छेद १ (क) मा उल्लिखित बालबालिकाको खोजतलास तथा पहिचान गर्न साथै कानुनी कार्यविधि र लागु हुने अन्तर्राष्ट्रिय सम्झौताहरूअनुसार तिनलाई उत्पत्तिको परिवारमा फर्काउन आवश्यक उपायहरू अपनाउनेछन्।

३. राज्यपक्षहरूले अनुच्छेद १(क) मा उल्लिखित बालबालिको खोजतलास, पहिचान गराई र रहेको स्थान ठम्याउने कार्यमा एक-अर्कामा सघाउ पुऱ्याउनेछन्।

४. यस धाराको अनुच्छेद १ (क) मा उल्लिखित बालबालिकाको सर्वोत्तम हित, तिनको स्याहार-सम्भार वा राज्यको कानुनले मान्यता दिनुपर्ने तिनको नागरिकता, नाम र पारिवारिक सम्बन्धलगायत तिनको पहिचानको पुन: बहाली

प्राप्तिको अधिकारलाई ध्यानमा लिई, बालबालिकालाई दत्तक राख्ने वा अन्य स्वरूपमा स्थापन गर्ने प्रणाली मान्यता प्रदान गरेका राज्यपक्षहरूले यस्तो दत्तक वा स्थापनको कार्यविधिको पुनरावलोकन गर्ने र उपयुक्त भएमा, बलपूर्वक बेपत्ताबाट उत्पन्न कुनै पनि दत्तक-रखाइ वा स्थापन खारेज गर्ने कानुनी कार्यविधिलाई व्यवस्थित गर्नेछन्।

५. सबै मामिलामा, र, खासगरी यो धारासँग सम्बन्धित सबै कुरामा बालबालिकाको सर्वोत्तम हित प्रारम्भिक विचारणीय विषय हुने, र निजको आफ्नै दृष्टिकोण बनाउन सक्षम बालक वा बालिकालाई, निजले दिएको दृष्टिकोणउपर बालकको उमेर र परिपक्वताअनुसार तिनको भार मानिने गरी, त्यस्ता दृष्टिकोण वा विचारहरू स्वतन्त्रतापूर्वक व्यक्त गर्ने अधिकार हुनेछ।

भाग २

धारा २६

१. यस महासन्धिअन्तर्गत व्यवस्था गरिएका कार्यहरू सम्पन्न गर्नका लागि बलपूर्वक बेपत्तासम्बन्धी एक समिति (यसपछि ...समिति भनिएको) को स्थापना गरिनेछ। सो समितिमा उच्च नैतिक चरित्र र मानव अधिकारका क्षेत्रमा ख्यातिप्राप्त दसजना विशेषज्ञ रहनेछन्, जसले व्यक्तिगतरूपमा कार्य गर्नेछन् एवम् स्वतन्त्र र निष्पक्ष रहनेछन्। समितिका सदस्यहरू समतामूलक भौगोलिक वितरणका आधारमा राज्यपक्षबाट चुनिनेछन्। सम्बन्धित कानुनी अनुभव र सन्तुलित लैङ्गिक प्रतिनिधित्वलाई समितिको कामको संलग्नतामा आवश्यक ध्यान दिइनेछ।

२. समितिका सदस्यहरू राज्यपक्षले मनोनित गरेका आफ्ना नागरिकहरूमध्ये गोप्य मतदानद्वारा संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा सोही प्रयोजनका लागि बोलाइएको राज्यपक्षहरूको द्वैवार्षिक बैठकबाट चुनिनेछन्। राज्यपक्षहरूको सम्पूर्ण सङ्ख्याको दुई-तिहाइ सदस्य गणपूरक रहने बैठकमा उपस्थित भई मतदान गरेका राज्यपक्षका प्रतिनिधिहरूको पूर्ण बहुमत पाई सबैभन्दा बढी मत प्राप्त गर्ने व्यक्तिहरू निर्वाचित हुनेछन्।

३. सुरुको निर्वाचन यो महासन्धि लागु भएको मितिको ६ महिनाभन्दा ढिलो गरिने छैन। प्रत्येक निर्वाचनको मितिभन्दा चार महिनाअगावै संयुक्त राष्ट्रसङ्घका महासचिवले राज्यपक्षहरूलाई तीन महिनाभित्र मनोनयन दाखिला गर्न आमन्त्रण गर्दै पत्र पठाउनेछन्। महासचिवले यस प्रक्रियाअनुरूप मनोनयन गरिएका सबै व्यक्तिहरूको वर्णानुक्रम-सूची तयार गर्नेछन् र मनोनयन गर्ने राष्ट्रहरूको नाम उल्लेख गर्दै त्यस्तो सूची सबै राज्यपक्षहरूलाई उपलब्ध गराउनेछन्।

४. समितिका सदस्यहरू चार वर्षका लागि निर्वाचित हुनेछन् जो अर्को एक पटकका लागि पुनः निर्वाचनयोग्य मानिनेछन्। तथापि, पहिलो निर्वाचनमा निर्वाचित पाँचजना सदस्यहरूको समयावधि दुई वर्ष पुगेपछि अन्त्य हुनेछ, पहिलो निर्वाचन सकिएलगत्तै ती पाँचजना सदस्यको नाम यस धाराको अनुच्छेद-२ ले निर्देश गरेबमोजिम बैठकको अध्यक्षले छान्नेछन्।

५. समितिको कुनै सदस्यको मृत्यु भएमा, उसले राजीनामा दिएमा वा अन्य कुनै कारणले आफ्नो कर्तव्य पूरा गर्न असमर्थ भएमा यस धाराको अनुच्छेद-१ ले निर्धारण गरेको प्रक्रियाको आधारमा जुन राज्यपक्षले उसलाई मनोनीत गरेको हो सो राज्यपक्षले आफ्ना नागरिकहरू मध्येबाट अर्को सदस्यलाई उक्त पदमा नियुक्त गर्नेछ र सो नियुक्तिलाई राज्यपक्षहरूको बहुमतले अनुमोदन गर्नुपर्नेछ। संयुक्त राष्ट्रसङ्घका महासचिवले प्रस्तावित नियुक्तिको सूचना गरेको छ हप्ताभित्र आधा वा सोभन्दा बढी राज्यपक्षहरूले नकारात्मक प्रतिक्रिया व्यक्त नगरेमा मात्र त्यस्तो नियुक्तिले अनुमोदन प्राप्त गरेको मानिनेछ।

६. समितिले कार्यविधि नियमित गर्ने आफ्नै नियमावली बनाउनेछ।

७. संयुक्त राष्ट्रसङ्घका महासचिवले समितिको कार्यप्रणालीलाई प्रभावकारी बनाउनका लागि समितिलाई आवश्यक साधन, सुविधा र कर्मचारी प्रदान गर्नेछन्। समितिको प्रारम्भिक बैठकको अध्यक्षता संयुक्त राष्ट्रसङ्घका महासचिवले गर्नेछन्।

८. समितिका सदस्यहरूलाई राष्ट्रसङ्घीय काम-कारबाहीका सिलसिलामा संयुक्त राष्ट्रसङ्घको विशेषाधिकार एवम् छुटकारासम्बन्धी महासन्धिसँग सम्बद्ध भागले प्रदान गरेको सुविधा, विशेषाधिकार एवम् उन्मुक्ति प्रदान गरिनेछ।

९. प्रत्येक राज्यपक्षले आफूले स्वीकार गरेको समितिको कार्यहरूको हदसम्म समितिलाई सहयोग र सदस्यहरूलाई उनीहरूको आफ्नो जिम्मेवारी पूरा गर्नमा सहायता गर्नेछन्।

धारा २७

यो महासन्धि लागु भएको कम्तीमा चार वर्षदेखि र बढीमा छ वर्षभित्र समितिका कार्यहरूको मूल्याङ्कन गर्न र धारा ४४ को अनुच्छेद-२ को प्रक्रियाअनुरूप, कुनै पनि सम्भावनालाई अस्वीकार नगर्दै, धारा २८-३६ सम्मले परिभाषित गरेका कार्यअनुरूप यस महासन्धिको अनुगमन गर्ने कार्य कुनै अर्को अङ्कलाई हस्तान्तरण गर्न उपयुक्त छ वा छैन भन्ने निर्णय गर्नका लागि राज्यपक्षहरूको एक सम्मेलन आयोजना हुनेछ।

धारा २८

१. यस महासन्धिले प्रदान गरेका कार्यक्षमताका आधारमा समितिले सम्बद्ध निकायहरू, कार्यालयहरू, राष्ट्रसङ्घका विशेषीकृत नियोगहरू र कोषलाई सहयोग गर्नुका साथै अन्तर्राष्ट्रिय कानुनले स्थापना गरेका सन्धि-सम्झौताद्वारा स्थापित अङ्गहरू, संयुक्त राष्ट्रसङ्घका विशेष प्रक्रियाहरू, सम्बद्ध क्षेत्रीय, अन्तर-सरकारी सङ्गठन एवम् अङ्गहरूका साथै बलपूर्वक बेपत्ता गर्ने कार्यका विरूद्ध व्यक्तिहरूको सुरक्षामा कार्य गरिरहेका सम्बद्ध राष्ट्रिय संस्थाहरू, निकायहरू र कार्यालयहरूलाई पनि सहयोग गर्नेछ।

२. आफूलाई प्राप्त जिम्मेवारी पूरा गर्ने क्रममा समितिले सम्बद्ध अन्तर्राष्ट्रिय मानव अधिकार कानुनद्वारा स्थापित अङ्गहरू, खासगरी नागरिक एवम् राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धद्वारा स्थापित मानव अधिकार समितिसँग, तिनीहरूको अवलोकन र सिफारिसहरूको नियमितता सुनिश्चित गर्न परामर्श गर्नेछ।

धारा २९

१. प्रत्येक राज्यपक्षले आफ्नो लागि यो महासन्धि लागु भएको दुई वर्षभित्र यस महासन्धिअन्तर्गतका दायित्वहरूलाई प्रभावकारी बनाउन अवलम्बन गरिएका उपायसम्बन्धी प्रतिवेदन संयुक्त राष्ट्रसङ्घका महासचिवमार्फत समितिलाई बुझाउनेछ।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले सो प्रतिवेदन सम्पूर्ण राज्यपक्षहरूलाई उपलब्ध गराउनेछन्।

३. प्रत्येक प्रतिवेदनलाई समितिले विचार गर्नेछ र उपयुक्त ठानेको टिप्पणी, समीक्षा र सुझाव प्रस्तुत गर्नेछ। उक्त टिप्पणी, समीक्षा र सुझावलाई सम्बद्ध राज्यपक्षसमक्ष राखिनेछ र त्यसको उत्तर उनीहरूले आफ्नै तदारूकतामा वा समितिको अनुरोधमा प्रदान गर्नेछन्।

४. यस महासन्धिको कार्यान्वयनका सम्बन्धमा थप सूचना प्रदान गर्न समितिले राज्यपक्षहरूलाई अनुरोध गर्न सक्नेछ।

धारा ३०

१. बेपत्ता पारिएको व्यक्तिको खोजतलास गरियोस् वा पत्ता लगाइयोस् भन्ने अनुरोध बेपत्ता भएको व्यक्तिको नातेदार वा तिनका कानुनी प्रतिनिधि, वकिल वा तिनले अख्तियार गरेको कुनै पनि व्यक्ति र वैधानिक सरोकार राख्ने जुनसुकै व्यक्तिले समितिसमक्ष जरुरी सवालका रूपमा प्रस्तुत गर्न सक्नेछ।

२. यस धाराको अनुच्छेद १ अनुसार तत्काल कारबाही प्रक्रिया अगाडि बढाउन प्रस्तुत गरिएको अनुरोधलाई समितिले:

क) स्पष्टरूपमा तथ्यहीन छैन भन्ने ठानेमा,

ख) त्यस्तो अनुरोध दायर गर्न सक्ने अधिकारको उल्लङ्घन नहुने भएमा,

ग) सम्बन्धित राज्यपक्षका आधिकारिक निकाय, उदाहरणका लागि अधिकारप्राप्त अनुसन्धान निकायमा छानबिनका लागि जान सक्ने सम्भाव्यता रहेको अवस्थामा त्यस्ता निकायमा समयमै अनुरोध प्रस्तुत गरिएको पाइएमा,

घ) यस महासन्धिका प्रावधानहरूसँग बेमेल हुने नभएमा, र

ङ) अन्तर्राष्ट्रिय वा सोही प्रकृतिको प्रक्रियाअन्तर्गत अन्य कुनै जाँचबुझद्वारा सो घटनाको जाँच भइरहेको नभएमा,

च) समितिले आफूले तोकेको समयभित्र बेपत्ता पारिएको व्यक्तिको खोजीका विषयमा आफूलाई जानकारी प्रदान गर्न सम्बन्धित राज्यपक्षलाई अनुरोध गर्नेछ।

३. सम्बन्धित राज्यपक्षले यस धाराको अनुच्छेद-२ अनुसार प्रदान गरेको सूचनालाई ध्यानमा राखी समितिले सम्बन्धित राज्यपक्षलाई बेपत्ता पारिएको व्यक्तिलाई यस महासन्धिअनुसार राख्न र सुरक्षा दिन, त्यसका लागि अन्तरकालीनलगायत अन्य सबै आवश्यक उपायहरू अवलम्बन गर्न र स्थितिको गम्भीरतालाई ध्यानमा राखी अवलम्बन गरिएका उपायहरूको बारेमा तोकिएको समयभित्र समितिलाई सूचना दिन सिफारिस गर्न सक्नेछ। बेपत्ता पारिएको व्यक्तिलाई खोज्न तत्काल कारबाही अगाडि बढाउन समितिसमक्ष अनुरोध गर्ने व्यक्तिलाई समितिले आफूले राज्यलाई दिएका सुझावहरू र राज्यपक्षले आफूलाई उपलब्ध गराएको सूचनाको जानकारी उपलब्ध हुनासाथ प्रदान गर्नेछ।

४. बेपत्ता पारिएको व्यक्तिको अवस्थाबारे पत्ता नलागेसम्म समितिले राज्यपक्षसँग कार्य गर्ने आफ्नो प्रयत्नलाई निरन्तरता दिनेछ र सम्बन्धित अनुरोधकर्तालाई लगाताररूपमा सूचित गर्नेछ।

धारा ३१

१. कुनै राज्यपक्षले यस महासन्धिको अनुमोदनका बखत वा सोपश्चात्को कुनै पनि बखत राज्यले गरेको कानुन उल्लङ्घनको घटनामा उक्त घटनाको शिकार भएको दाबी गर्ने व्यक्ति वा उसका तर्फ बाट अन्य कुनै व्यक्तिसँग पत्राचार गर्ने र उसबाट जानकारी लिने क्षेत्राधिकारका सम्बन्धमा समिति समर्थ रहेको घोषणा गर्न सक्नेछ। यस्तो घोषणा नगर्ने कुनै पनि राज्यपक्षका घटनाका सम्बन्धमा यस समितिले सञ्चार-सम्पर्क गर्ने वा घटनाको छानबिन गर्ने छैन।

२. निम्न अवस्थामा समितिले सञ्चार-सम्पर्क ग्रहण गर्ने छैन :

क) उक्त सञ्चार-सम्पर्क अज्ञात भएमा,

ख) सो सञ्चार-सम्पर्कबाट सञ्चार-सम्पर्क गर्न पाउने अधिकारको उल्लङ्घन भएमा वा उक्त सञ्चारण यस महासन्धिको प्रावधानसँग मेल खाने नभएमा,

ग) सोही घटनाको जाँच अन्तर्राष्ट्रिय जाँचबुझ वा अन्य कुनै सोही प्रकृतिको प्रक्रियाअन्तर्गत भइरहेको भएमा, वा

घ) सबै उपलब्ध राष्ट्रिय उपचार व्यवस्था पूर्णतया समाप्त भइसकेका छैनन्। उपचार अवलम्बन कार्य बिनाकारण लम्ब्याइएको अवस्थामा यो नियम लागु हुने छैन।

३. समितिले सो सञ्चार-सम्पर्क यस धाराको अनुच्छेद-२ मा उल्लेखित व्यवस्थाहरूसँग मेल खाने देखेमा, समितिले तोकेको समयावधिभित्र आफ्नो राय, टिप्पणी पठाउन अनुरोध गर्दै सम्बन्धित राज्यपक्षलाई सञ्चार-सम्पर्क गर्नेछ।

४. सञ्चार-सम्पर्क प्राप्त भएपछिको र सो सञ्चार-सम्पर्कमाथि कुनै निर्णयमा पुग्नुभन्दा अघिको कुनै पनि समयमा समितिले सम्बन्धित राज्यपक्षलाई आरोपित उल्लङ्घनका पीडितहरूलाई सम्भाव्य अपूरणीय क्षति हुनबाट रोक्न आवश्यक अन्तरिम उपायहरू अवलम्बन गर्न अनुरोध गर्न सक्नेछ। समितिले यस्तो स्वविवेकाधिकारको अभ्यास गर्नुको अर्थ निवेदनको ग्राह्यतासम्बन्धी वा अन्तर्निहित विषयसम्बन्धी निर्णय भन्ने हुँदैन।

५. वर्तमान धारा अन्तर्गत सञ्चार-सम्पर्कको जाँच गर्दाका बखत समितिले गोप्य बैठकको आयोजना गर्नेछ। सम्बन्धित राज्यपक्षले दिएका जवाफहरूको जानकारी समितिले सञ्चार-सम्पर्ककर्तालाई दिनेछ। जब समितिले प्रक्रियालाई अन्तिम रूप दिने निर्णय गर्दछ तब यसले आफ्नो दृष्टिकोणका बारेमा राज्यपक्ष र सञ्चार-सम्पर्ककर्तालाई जानकारी गराउनेछ।

धारा ३२

यस महासन्धिको कुनै एक राज्यपक्षले कुनै पनि समय अर्को राज्यपक्षले यस महासन्धिअन्तर्गतको दायित्व पूरा नगरेको दाबी गरिएको सञ्चार-सम्पर्क ग्रहण गर्न र त्यसमाथि विचार गर्न समिति समर्थ भएको घोषणा गर्न सक्नेछ। यस्तो घोषणा नगरिएको राज्यपक्षसँग सम्बन्धित र यस्तो घोषणा नगर्ने राज्यपक्षबाट समितिले निवेदन लिने छैन।

धारा ३३

१. कुनै राज्यपक्षले यस महासन्धिका प्रावधानहरूको गम्भीर उल्लङ्घन गरिरहेको छ भन्ने विश्वसनीय सूचना यस समितिलाई प्राप्त भएमा समितिले सम्बन्धित राज्यपक्षसँग परामर्श गरेपछि यस समितिका एक वा सोभन्दा बढी सदस्यहरूलाई

सम्बन्धित राष्ट्रको भ्रमण गरी ढिलाइ नगरीकन समितिलाई प्रतिवेदन बुझाउन अनुरोध गर्न सक्नेछ।

२. समितिले सम्बन्धित राज्यपक्षलाई भ्रमण आयोजना गर्नुको आफ्नो मनसाय, भ्रमणदलको बनावट रभ्रमणको उद्देश्य लिखितरूपमा सूचित गर्नेछ। राज्यपक्षले ठीक समयभित्र त्यसको जवाफ समितिलाई पठाउनेछ।

३. राज्यपक्षको प्रमाणित अनुरोधलाई दृष्टिगत गरी समितिले भ्रमण स्थगित गर्न वा रद्द गर्न सक्नेछ।

४. राज्यपक्ष भ्रमणका लागि राजी भएमा समिति र राज्यपक्ष दुवैले मिलेर भ्रमणको तरिका कस्तो हुने भन्ने परिभाषित गर्नेछन् र राज्यपक्षले भ्रमण सफलतापूर्वक सम्पन्न गर्नका लागि समितिलाई आवश्यक सुविधाहरू प्रदान गर्नेछ।

५. भ्रमणपश्चात्, समितिले सम्बन्धित राज्यपक्षलाई आफ्नो अभिमत र सुझावहरूका सम्बन्धमा सञ्चार गर्नेछ।

धारा ३४

कुनै राज्यपक्षको अधिकारक्षेत्रमा पर्ने सीमाभित्र सुनियोजित ढङ्गले बलपूर्वक बेपत्ता पार्ने कार्य प्रक्रियाबद्ध एवम् बृहत्रूपमा भइरहेको छ भन्ने जानकारी समितिलाई प्राप्त भएमा सम्बन्धित राज्यपक्षबाट त्यस्तो अवस्थासँग सम्बन्धित सम्पूर्ण सम्बद्ध सूचनाहरूको मागपश्चात् समितिले संयुक्त राष्ट्रसङ्घका महासचिवका माध्यमबाट संयुक्त राष्ट्रसङ्घको साधारणसभालाई तुरून्त त्यस विषयमा ध्यानाकर्षण गराउन सक्नेछ।

धारा ३५

१. समिति यस महासन्धि लागु भएपछि सुरु भएका बलपूर्वक बेपत्ता पार्ने कार्यको छानबिनमा मात्र समर्थ रहनेछ।

२. यो महासन्धि लागु भएपश्चात् कुनै राष्ट्र यस महासन्धिको पक्ष बनेमा, समितिका सम्बन्धमा उक्त राष्ट्रको दायित्व सो सम्बन्धित राष्ट्रका लागि यो महासन्धि लागु भएपछि प्रारम्भ भएका बलपूर्वक बेपत्ता पार्ने कार्यप्रति मात्र रहन्छ।

धारा ३६

१. समितिले यस महासन्धिअन्तर्गत आफ्ना क्रियाकलापहरूको वार्षिक प्रतिवेदन राज्यपक्षहरूलाई र संयुक्त राष्ट्रसङ्घको साधारणसभालाई प्रस्तुत गर्नेछ।

२. कुनै राज्यपक्षमाथिको अभिमत वार्षिक प्रतिवेदनमा प्रकाशित हुनुपूर्व सम्बन्धित राज्यपक्षलाई अग्रिम सूचना प्रदान गरिनेछ। उक्त राज्यपक्षले प्रतिवेदनमा आफ्नो मत र राय प्रकाशित गर्न अनुरोध गर्न सक्नेछ।

भाग ३

धारा ३७

यस महासन्धिमा उल्लेखित कुनै पनि कुराले बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिलाई बचाउने कुनै पनि अन्य अनुकूल प्रावधानहरूलाई प्रभावित पार्ने छैन र जसमा रहन सक्नेछन्:

क) राज्यपक्षको कानुन,

ख) कुनै राज्यमा लागु गरिएको अन्तर्राष्ट्रिय कानुन।

धारा ३८

१. यो महासन्धि संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्य-राष्ट्रहरूको हस्ताक्षरका लागि खुला छ।

२. यो महासन्धि संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्यहरूबाट अनुमोदनको विषय रहेको छ। अनुमोदन-लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवसँग रहनेछ।

३. यो महासन्धि सम्मिलनका लागि संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्यहरूलाई खुला छ। सम्मिलन-लिखत महासचिवसँग रहनेछ।

धारा ३९

१. यो महासन्धि सदस्य राज्यपक्षहरूले अनुमोदन वा सम्मिलन गरेको बीसौँ लिखत संयुक्त राष्ट्रसङ्घका महासचिवलाई बुझाएको तीस दिनपछि लागु हुनेछ।

२. हरेक राज्यले अनुमोदन वा सम्मिलन लिखत बुझाइसकेपछि अनुमोदन वा सम्मिलन गर्ने प्रत्येक राज्यपक्षका लागि यो महासन्धि त्यस राष्ट्रले अनुमोदन वा सम्मिलन गरेको लिखत बुझाएको तीस दिनपश्चात् लागु हुनेछ।

धारा ४०

संयुक्त राष्ट्रसङ्घका महासचिवले संयुक्त राष्ट्रसङ्घका सम्पूर्ण सदस्य राष्ट्रहरू र यस महासन्धिमा हस्ताक्षर वा सम्मिलन गरेका सबै राष्ट्रहरूलाई निम्नलिखित कुराको सूचना दिनेछन्:

क) धारा ३८ अन्तर्गत हस्ताक्षर, अनुमोदन र सम्मिलन।

ख) धारा ३९ अन्तर्गत महासन्धि लागु भएको मिति।

धारा ४१

यस महासन्धिका प्रावधानहरू सङ्घीय राज्यका सम्पूर्ण भागहरूमा सीमा तथा अपवादरहित रूपमा लागु हुनेछ।

धारा ४२

१. दुई वा सोभन्दा बढी राज्यपक्षहरूका बीच यस महासन्धिको व्याख्या र प्रयोगका सम्बन्धमा विवाद भएमा र सो विवाद समझदारी एवम् महासन्धिमा स्पष्टरूपमा व्यवस्था गरिएका प्रक्रियाद्वारा समाधान नभएमा विवादमा रहेकामध्ये कुनै एक राष्ट्रको अनुरोधमा मध्यस्थताका लागि बुझाइनेछ। मध्यस्थताका लागि अनुरोध गरिएको मितिले छ महिनाभित्र ती राज्यपक्षहरू मध्यस्थतामा सहमत हुन सकेनन् भने तीमध्ये कुनै एक राष्ट्रले उक्त विवादलाई न्यायालयको नियमअनुसार अन्तर्राष्ट्रिय न्यायालयमा उठाउन सक्नेछ।

२. यस महासन्धिमा हस्ताक्षर वा अनुमोदनका बखत वा यसलाई सम्मिलन गर्दाका बखत कुनै राष्ट्रले यस धाराको अनुच्छेद-१ द्वारा आफू बाँधिएको ठानेको छैन भन्ने घोषणा गर्न सक्नेछ। यस्तो घोषणा गर्ने कुनै पनि राज्यपक्षका सम्बन्धमा अन्य राज्यपक्षहरू यस धाराको अनुच्छेद-१ द्वारा बाँधिने छैनन्।

३. यस धाराको अनुच्छेद-२ अनुसार घोषणा गर्ने कुनै पनि राज्यपक्षले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सूचना दिएर कुनै पनि बेला सो घोषणा फिर्ता लिन सक्नेछन्।

धारा ४३

यो महासन्धि १२ अगस्त १९४९ को चारवटा जेनेभा महासन्धि र तिनका ८ जुन १९७७ का दुईवटा अतिरिक्त प्रलेखमा उल्लेखित सम्झौता गर्ने पक्षको उत्तरदायित्वसहितको अन्तर्राष्ट्रिय मानवीय कानुन वा अन्तर्राष्ट्रिय मानवीय कानुनले नसमेतेको अवस्थामा रेडक्रसको अन्तर्राष्ट्रिय समितिलाई कुनै राज्यपक्षले थुनास्थलको भ्रमण गर्ने अनुमतिको अवसरप्रति पूर्वाग्रही छैन।

धारा ४४

१. कुनै पनि राज्यपक्षले यस महासन्धिमा संशोधनको प्रस्ताव गर्न, र सो प्रस्ताव संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष दर्ता गर्न सक्छ। महासचिवले यस महासन्धिका राज्यपक्षहरूलाई प्रस्तावित संशोधनका बारेमा सूचित गर्दै उक्त प्रस्तावमाथि छलफल गर्न र मतदान गर्न सम्मेलन आयोजना गर्ने विषयमा उनीहरूको धारणा सूचित गर्न अनुरोध गर्नेछन्। यस किसिमको सञ्चार भएको चार महिनाभित्र कम्तीमा एक-तिहाइ राज्यपक्षहरू त्यस्तो सम्मेलनको पक्ष लिएमा महासचिवले संयुक्त राष्ट्रसङ्घको आयोजनामा उक्त सम्मेलन गर्नेछन्।

२. सम्मेलनमा उपस्थित एवम् मतदानमा भाग लिएका राज्यपक्षहरूको दुई-तिहाइ बहुमतको संशोधनलाई संयुक्त राष्ट्रसङ्घका महासचिवले समर्थनका लागि सम्पूर्ण राज्यपक्षका सामु प्रस्तुत गर्नेछन्।

३. यस धाराको अनुच्छेद १ अनुसार ग्रहण गरिएको संशोधन यस महासन्धिका दुई-तिहाई राज्यपक्षहरूले आ-आफ्ना संवैधानिक प्रक्रियाका साथ स्वीकार गरेपछि लागु हुनेछ।

४. संशोधन प्रभावमा आएपछि सो स्वीकार गरेका राज्यपक्षहरूका हकमा बन्धनकारी हुनेछ, महासन्धिका प्रावधान र पूर्ववर्ती संशोधनहरू अन्य राज्यपक्षहरूका हकमा पनि बन्धनकारी हुनेछन्।

धारा ४५

१. अङ्ग्रेजी, अरबी, चिनीयाँ, फ्रान्सेली, रसियाली र स्पेनिस भाषाका पाठ समान आधिकारिक रहेको यो महासन्धि संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष रहनेछन्।

२. संयुक्त राष्ट्रसङ्घका महासचिवले यस महासन्धिका प्रमाणित प्रतिहरू धारा ३८ मा उल्लेखित सम्पूर्ण राष्ट्रहरूलाई पठाउनेछन्।

खण्ड नौ

सबै आप्रवासी कामदारहरु र तिनीहरुको परिवारका सदस्यहरुको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको परिचय

सम्पूर्ण आप्रवासी कामदारहरू तथा तिनका परिवारहरूको हक हित एवम् अधिकारहरूको सुरक्षाको निम्ति बनेको महासन्धि नै सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि हो। विश्वभरि नै लाखौँको सङ्ख्यामा रहेका व्यक्तिहरू र उनीहरूका परिवारका सदस्यहरूको हक अधिकारको अवस्था जहिले पनि संवेदनशील रहने र सोको संरक्षण राष्ट्रहरूद्वारा गरिनुपर्ने हुनाले पनि यस महासन्धिको विशेष महत्त्व रहेको छ। यो महासन्धि:

- संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा १५ डिसेम्बर १९९० मा अवलम्बन गरिएको,
- सन् २००३ जुलाई ३ देखि लागु भएको
- कूल ९ भाग र ९३ धारामा विभाजित गरिएको,
- नेपालले सन् २०१४ को अघिल्लो त्रैमासिकसम्म यो महासन्धि अनुमोदन गरेका छैन।

हाल आप्रवासनको घटना एउटा व्यापक छलफल तथा गम्भीरताको विषय रहेको र सोको व्यवस्थापन सम्पूर्ण राष्ट्रको चुनौतीको विषय हुनाले यसलाई राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरमा आपसिक सहयोगद्वारा निपटाउने पर्ने अनिवार्य देखिन्छ। आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरू आफ्नो मातृ राष्ट्रको नभएको र रोजगारीको राष्ट्रमा रहेको कारणले पटक-पटक उत्पन्न हुने कमजोरी स्थिति र उनीहरूले सामना गर्नुपर्ने कठिनाइहरूलाई विचार गनुपर्ने र आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारले सबैतिर पर्याप्त मात्रामा मान्यता नदिएको कारण उनीहरूलाई उपयुक्त अन्तर्राष्ट्रिय संरक्षण आवश्यक भएको कुरामा एकरूपता ल्याउन विश्व समुदाय क्रियाशिल रहन पर्ने आवश्यक देखिन्छ। आप्रवासी कामदार परिवारका सदस्यहरू साथै कामदारहरू आफैका लागि आप्रवासनले धेरै

गम्भीर समस्याहरू, खासगरी परिवार विखण्डनको समस्या हुने तथ्यलाई दृष्टिगत गर्दै, आप्रवासी समस्या आप्रवास अनियमित भएको अवस्थामा झन गम्भीर मानवीय समस्या हुन्छ भन्ने कुरामा विश्वस्त हुँदै, र आप्रवासी कामदारहरूमा हुने बेचबिखन र गोप्य गतिविधिहरूको रोकथाम र उन्मूलनका लागि प्रोत्साहित गर्न उपयुक्त कदम चालिनुपर्ने र साथसाथै तिनीहरूको मौलिक मानव अधिकारको संरक्षणको सुनिश्चित गर्नुपर्ने आजको अनिवार्यता रहेको छ।

सबै आप्रवासी कामदारहरूको मौलिक मानव अधिकारको अझ व्यापकरूपमा मान्यता दिन सकिएमा अनियमित अवस्थामा रोजगारी गर्ने आप्रवासी कामदारको कठिनाइ निरुत्साहित हुने र त्यसका अतिरिक्त नियमित अवस्थाका आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूलाई केही थप अधिकार प्रदान गर्ने कार्यले सबै आप्रवासी र रोजगारदातालाई आफ्नो देशमा स्थापित कानुन र प्रक्रियाको परिपालना तथा सम्मान गर्नेतर्फ प्रोत्साहित गर्न सकिन्छ भन्ने कुरालाई विचार गरेकै फलस्वरूप नै यो महासन्धि आवश्यक भएको छ।

यो महासन्धिको हालसम्म ४५ वटा राष्ट्रहरू पक्ष र ३४ वटा राष्ट्रहरूले हस्ताक्षर गरिसकेका छन्। नेपालले हालसम्म यो सन्धिलाई हस्ताक्षर तथा अनुमोदन गरेको छैन। यो सन्धिका पक्षराष्ट्रले सुरुमा एक वर्षमा र सोपछि प्रत्येक पाँच-पाँच वर्षमा आफ्नो राष्ट्रमा भएका आप्रवासी कामदारहरूको मानव अधिकारको अवस्थाको बारेमा आप्रवासी कामदारहरू सम्बन्धमा गठित समितिसमक्ष प्रतिवेदन पेश गर्नुपर्दछ।

आप्रवासी कामदारहरू सम्बन्धमा गठित समिति

यस महासन्धिको कार्यान्वयनको पुनरावलोकन गर्नका लागि सबै आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण समिति (यसपछि 'समिति' भनिएको) नामको एक समिति स्थापना गरिनेछ। सो समितिमा यस महासन्धि लागु हुँदाका बखत १० जना र लागु भइसकेपछि ४१ वटा राष्ट्रहरूले अनुमोदन गरिसकेपछि १४ जना उच्च नैतिकता भएका निष्पक्ष एवम् महासन्धिको क्षेत्रमा दक्षता हासिल गरेका विशेषज्ञहरू रहनेछन्। पक्षराष्ट्रहरूद्वारा मनोनित गरिएका व्यक्तिहरूको सूचीबाट समितिका सदस्यहरूको निर्वाचन पक्षराष्ट्रहरूको गोप्य मतदानबाट हुनेछ। यस्तो निर्वाचन गर्दा रोजगारीको राष्ट्र र उत्पत्तिको राष्ट्रबीच समन्यायिक भौगोलिक वितरण र प्रमुख कानुन प्रणालीको प्रतिनिधित्वसमेतलाई ध्यान पुऱ्याइने छ। प्रत्येक पक्षराष्ट्रले आफ्ना नागरिकहरूमध्येबाट एकजना व्यक्ति मनोनित गर्न सक्नेछ। सदस्यहरू

निर्वाचित हुनेछन् र व्यक्तिगत हैसियतमा काम गर्नेछन्। समितिका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ।

यो समितिले पक्षराष्ट्रहरूद्वारा यस महासन्धिद्वारा प्रदत्त अधिकारहरूको पालना कसरी गरिएको छ भन्ने सवालको निरिक्षण गर्ने कार्य गर्दछ। सबै पक्षराष्ट्रहरूले आवधिकरूपमा प्रतिवेदन समितिसमक्ष बुझाउनुपर्ने हुन्छ। यस महासन्धिको धारा ७७ अन्तर्गत कुनै एक पक्षराष्ट्रले यस महासन्धिद्वारा प्रदत्त व्यक्तिगत अधिकारहरू उल्लङ्घन गरेको भनी सो राष्ट्रका व्यक्तिहरू वा उनीहरूको तर्फबाट लिन र लिइएको दावी उजुरी हेर्न सक्ने अधिकार समितिलाई छ भनी कुनै पनि बखत यस धाराअन्तर्गत घोषणा गर्न सक्ने छन्। यस्तो घोषणा नगर्ने सम्बन्धित पक्षराष्ट्रहरूसँग समितिले कुनै पनि जानकारी प्राप्त गर्ने छैन। यस महासन्धिका दशवटा पक्षराष्ट्रहरूले यस धाराको अनुच्छेद १ अन्तर्गतको घोषणापछि यो धाराको व्यवस्था लागु हुनेछ।

सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०

संयुक्त राष्ट्रसङ्घको महासभाको ४५ औँ सत्रद्वारा १५ डिसेम्बर १९९० मा अवलम्बन गरिएको,
(महासभा प्रस्ताव नं. ४५/१५८)

प्रस्तावना

यस महासन्धिका पक्षराष्ट्रहरू,

मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घका आधारभूत दस्तावेजहरू, खासगरी मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, सबै किसिमका जातीय विभेद उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, महिलाविरुद्ध हुने सबै किसिमका विभेद उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र बालअधिकारसम्बन्धी महासन्धिमा अन्तर्निहित सिद्धान्तहरूलाई ध्यानमा राख्दै,

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको ढाँचामा विस्तृत गरिएका संयन्त्रहरू विशेष गरी रोजगारीका लागि आप्रवाससम्बन्धी महासन्धि (नं. ९७), दुर्व्यवहारको स्थितिहरूमा आप्रवास र आप्रवासी कामदारहरूको समान अवसर र व्यवहारको प्रवर्धनसम्बन्धी महासन्धि (नं. १४३), रोजगारका लागि आप्रवासीसम्बन्धी सिफारिस (नं.८६), आप्रवासी कामदारसम्बन्धी सिफारिस (नं. १५१), जबरजस्ती तथा अनिवार्य श्रमसम्बन्धी महासन्धि (नं.२९) र जबरजस्ती श्रम उन्मूलनसम्बन्धी महासन्धिले स्थापित गरेका सिद्धान्त र मापदण्डहरूलाई मध्यनजर गर्दै,

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठनको शिक्षामा विभेदविरुद्धको महासन्धिमा समावेश भएका सिद्धान्तहरूको महत्त्वलाई पुन: निश्चित गर्दै,

यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, अपराधीहरूको उपचार र अपराधको रोकथामसम्बन्धी संयुक्त राष्ट्रसङ्घको चौथो सम्मेलनको घोषणापत्र, कानुन कार्यान्वयन अधिकारीहरूका लागि आचार संहिता र दासत्व महासन्धिहरूको पुन: स्मरण गर्दै,

अन्तर्राष्ट्रिय श्रम सङ्गठनको विधानमा उल्लेखित उद्देश्यहरूमध्ये एक आफ्नो देशभन्दा बाहिर रोजगार गर्ने कामदारहरूको हितको संरक्षण गर्न हो भन्ने करालाई पुन: स्मरण गर्दै र आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूसँग सम्बन्धित विषयमा त्यस सङ्गठनको विशेषज्ञता र अनुभवलाई मनन् गर्दै,

संयुक्त राष्ट्रसङ्घका विभिन्न अङ्गहरू खासगरी मानव अधिकार आयोग, सामाजिक विकास आयोग र संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन, संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन र विश्व स्वास्थ्य सङ्गठनलगायत अन्य अन्तर्राष्ट्रिय सङ्गठनहरूमा आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूले गरेको कामको महत्त्वलाई मान्यता दिँदै,

आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको संरक्षणका सम्बन्धमा केही राष्ट्रहरूले क्षेत्रीय तथा द्विपक्षीयरूपमा गरेका उपलब्धिहरूका साथै यस क्षेत्रमा दुईपक्षीय तथा बहुपक्षीय सम्झौताको महत्त्व र उपयोगितालाई स्वीकार गर्दै,

दशौँ लाख जनताहरू संलग्न हुने र अन्तर्राष्ट्रिय समुदायमा ठूलो सङ्ख्यामा राष्ट्रहरूलाई असर पारिरहेको आप्रवासन घटनाको महत्त्व विस्तारलाई महसुस गर्दै,

आप्रवासी कामदारहरूको प्रवाहको कारणले सम्बन्धित राष्ट्रहरू र जनताहरूमा पर्ने असरप्रति सजग हुँदै,

आप्रवासी कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरूको व्यवहारसँग सम्बन्धित आधारभूत सिद्धान्तहरूको सहमतिद्वारा राष्ट्रहरूको समन्वय गर्ने प्रवृत्तिमा योगदान पुऱ्याउने मान्यता स्थापित गर्ने चाहना राख्दै,

आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरू आफ्नो मातृ राष्ट्रको नभएको र रोजगारीको राष्ट्रमा रहेको कारणले पटक-पटक उत्पन्न हुने कमजोरी स्थिति र उनीहरूले सामना गर्नुपर्ने कठिनाइहरूलाई विचार गर्दै,

आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अधिकारले सबैतिर पर्याप्त मात्रामा मान्यता नदिएको कारण उनीहरूलाई उपयुक्त अन्तर्राष्ट्रिय संरक्षण आवश्यक भएको कुरामा सहमत हुँदै,

आप्रवासी कामदार परिवारका सदस्यहरू साथै कामदारहरू आफैका लागि आप्रवासनले धेरै गम्भीर समस्याहरू, खासगरी परिवार बिखण्डनको समस्या हुने तथ्यलाई दृष्टिगत गर्दै,

आप्रवासी समस्या आप्रवास अनियमित भएको अवस्थामा झन गम्भीर मानवीय समस्या हुन्छ भन्ने कुरामा विश्वस्त हुँदै, र आप्रवासी कामदारहरूमा हुने बेचबिखन र गोप्य गतिविधिहरूको रोकथाम र उन्मूलनका लागि प्रोत्साहित गर्न उपयुक्त कदम चालिनुपर्ने र साथसाथै तिनीहरूको मौलिक मानव अधिकारको संरक्षणको सुनिश्चित गर्नुपर्ने कुराको सहमत हुँदै,

अभिलेखमा नभएका वा अनियमित अवस्थामा रहेका कामदारहरूलाई पटक-पटक अन्य कामदारभन्दा कम सुविधाजनक अवस्थामा रोजगारमा लगाइएको हुन्छ र निश्चित रोजगारदाताहरू यसलाई अस्वस्थ प्रतिस्पर्धाको माध्यमबाट बढीभन्दा बढी फाइदा प्राप्त गर्नका लागि त्यस्ता कामदारहरू खोज्न प्रोत्साहित हुने कुरालाई विचार गर्दै,

सबै आप्रवासी कामदारहरूको मौलिक मानव अधिकारको अझ व्यापकरूपमा मान्यता दिन सकिएमा अनियमित अवस्थामा रोजगारी गर्ने आप्रवासी कामदारको कठिनाइ निरुत्साहित हुने र त्यसका अतिरिक्त नियमित अवस्थाका आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूलाई केही थप अधिकार प्रदान गर्ने कार्यले सबै आप्रवासी र रोजगारदातालाई आफ्नो देशमा स्थापित कानुन र प्रक्रियाको परिपालना तथा सम्मान गर्नेतर्फ प्रोत्साहित गर्न सकिन्छ भन्ने कुरालाई विचार गर्दै,

उपरोक्त कारणले सबै आप्रवासी कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरूको अधिकारको अन्तर्राष्ट्रिय संरक्षण गर्न आवश्यक भएको कुरामा सहमत भई, पुनः निश्चित गर्दै र विश्वव्यापीरूपमा लागु गर्न सकिने विस्तृत महासन्धिमा आधारभूत मान्यताहरू स्थापित गर्दै,

देहायबमोजिम गर्न सहमत भएका छन्:

भाग १

क्षेत्र र परिभाषा

धारा १

१. यसपछि अन्यथा लेखिएको बाहेक यो महासन्धि लिङ्ग, जात, जाति, रङ्ग, भाषा, धर्म वा आस्था वा राजनीतिक तथा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, राष्ट्रियता, उमेर, आर्थिक हैसियत, सम्पत्ति, बैवाहिक स्थिति, जन्म वा अन्य अवस्थालगायत कुनै पनि आधारमा भेदभावबिना सबै आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूलाई लागु हुनेछ।

२. यो महासन्धि आप्रवासी कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरूको सम्पूर्ण आप्रवासी प्रक्रियाको अवधिमा लागु हुनेछ जसमा आप्रवासीको तयारी, प्रस्थान, यात्राको बीचको बसाई तथा बसोवास रहँदासम्मको अवधि र रोजगारीको राज्यमा पारिश्रमिक पाउने कार्यमा र त्यसैगरी उत्पत्तिको राज्य वा बसोवास गरेको राज्यमा फर्कदासम्म लागु हुनेछ।

धारा २

यो महासन्धिका प्रयोजनका लागि:

१. 'आप्रवासी कामदार' भन्नाले आफ्नो राष्ट्रियता नभएको राष्ट्रमा पारिश्रमिकयुक्त गतिविधिमा संलग्न हुनु पर्ने वा भएको वा भइरहेको व्यक्तिलाई जनाउँछ।

२. (क) 'सीमा क्षेत्रका कामदार' भन्नाले साधारणतया प्रत्येक दिन वा हप्तामा कम्तिमा एकपटक छिमेकी राष्ट्रमा रहेको आफ्नो स्थायी निवासमा फर्कने आप्रवासी कामदारलाई जनाउँछ।

(ख) 'मौसमी कामदार' भन्नाले कामको प्रकृतिका कारणबाटै मौसमी अवस्थामा निर्भर गर्नुपर्ने वा वर्षको कुनै खास समयको अवधिमा काम गर्ने कामदारलाई जनाउँछ,

(ग) 'सामुन्द्रिक कामदार' भन्नाले आफ्नो राष्ट्रियताका नभएको राष्ट्रमा दर्ता भएको सामुन्द्रिक बाहनमा काम गर्ने आप्रवासी कामदार जनाउँछ, यसअन्तर्गत मछुवार (माछामार्ने व्यक्ति) पनि समेटिन्छ।

(घ) 'समुन्द्र किनारमा स्थापित संरचनाका कामदार' भन्नाले आफ्नो राष्ट्रियता नभएको राष्ट्रको क्षेत्राधिकारको समुन्द्र किनारमा स्थापित संरचनामा रोजगार गर्ने आप्रवासी कामदारलाई जनाउँछ।

(ङ) 'छोटो अवधिका कामदार' भन्नाले आफ्नो व्यवसायको प्रकृतिको कारण एउटा राष्ट्रमा बसोवास भए पनि कामका लागि छोटो समयको लागि अरु राष्ट्र वा राष्ट्रहरूमा पटक-पटक जानुपर्ने आप्रवासी कामदारलाई जनाउँछ,

(च) 'परियोजना आबद्ध कामदार' भन्नाले परियोजना लागु भएको राज्यमा निश्चित परियोजनामा तोकिएको अवधिसम्म मात्र काम गर्ने गरी रोजगारीको राष्ट्रमा प्रवेश गराइएको आप्रवासी कामदारलाई जनाउँछ।

(छ) 'विशेष रोजगारको कामदार' भन्नाले रोजगारदाताले विशेष तोकिएको जिम्मेवारी वा कर्तव्य पूरा गर्न निर्धारित समयका लागि रोजगारीको राष्ट्रमा पठाइएको कामदार, वा निर्धारित समयका लागि कार्य गर्नका लागि व्यवसायिक, व्यापारिक, प्राविधिक वा अन्य अति विशिष्ट सिप, दक्षता आवश्यक पर्ने काममा संलग्न कामदार, वा आफू रोजगारमा रहेको राष्ट्रको रोजगारदाताको अनुरोधमा अस्थायी वा छोटो समयको प्रकृतिको काममा निर्धारित समयको लागि संलग्न कामदार र आफू रोजगारमा रहेको राष्ट्रबाट आफू रहने आधिकारिक समयको अन्त्यको कारणले वा सोभन्दा अगाडि नै आफ्नो विशेष तोकिएको जिम्मेवारी वा कर्तव्य वा संलग्न रहेको काम थप समयका लागि नरहने अवस्थाको कारणले रोजगारमा रहेको राष्ट्रबाट प्रस्थान गर्नुपर्ने अवस्थाको कामदारलाई जनाउँछ।

(ज) 'स्वरोजगारको कामदार' भन्नाले रोजगारको सम्झौतामा काम गरिरहेको व्यक्तिबाहेक सामान्यतया आफू एक्लै वा आफ्नो परिवारका अन्य सदस्यहरूसमेत भई पारिश्रमिक पाउने गतिविधि (कार्य)बाट आफ्नो जीवनयापन गर्ने आप्रवासी कामदार र अन्य आप्रवासी कामदारहरू जसलाई रोजगारमा रहेको राष्ट्रको प्रचलित कानुनले वा दुईपक्षीय वा बहुपक्षीय सम्झौताहरूले स्वरोजगारको भनी मान्यता प्रदान गरेको कामदारलाई जनाउँछ।

धारा ३

यो महासन्धि देहायको अवस्थामा लागु हुने छैन:

(क) कुनै अन्तर्राष्ट्रिय सङ्गठन तथा निकायहरूबाट काममा पठाइएका वा रोजगारमा संलग्न गराइएका वा कुनै राष्ट्रले आफ्नो भौगोलिक क्षेत्र बाहिर कार्यहरू सम्पन्न गर्न पठाइएका वा रोजगारमा संलग्न गराइएका व्यक्तिहरू जसको प्रवेश र हैसियत सामान्य अन्तर्राष्ट्रिय कानुन वा निश्चित अन्तर्राष्ट्रिय सम्झौताहरू वा महासन्धिद्वारा नियमित गरिएका हुन्छन्।

(ख) कुनै राष्ट्रद्वारा राष्ट्रको तर्फबाट राष्ट्रको भौगोलिक क्षेत्र बाहिर विकासका कार्यक्रमहरू र अन्य सहयोगका कार्यक्रमहरूमा पठाइएका वा रोजगारीमा संलग्न गराइएका व्यक्तिहरू जसको प्रवेश र हैसियत रोजगारमा रहेको राष्ट्रसँगको सम्झौताबाट नियमित हुन्छ र सो सम्झौताअनुसार तिनीहरूलाई आप्रवासी कामदारको रूपमा लिइँदैन,

(ग) आफ्नो उत्पत्तिको राष्ट्रभन्दा फरक कुनै राष्ट्रमा लगानी कर्ताको रूपमा बसोवास गरिरहेका व्यक्तिहरू,

(घ) राष्ट्रिय कानुन वा अन्तर्राष्ट्रिय दस्ताबेजबाट सम्बन्धित पक्षराष्ट्रमा अन्य व्यवस्था लागु भएकोमा बाहेक शरणार्थी र राज्यविहीन व्यक्तिहरू,

(ङ) विद्यार्थीहरू र प्रशिक्षार्थीहरू,

(च) रोजगारीको राष्ट्रमा बसोवास गर्न नपाउने र पारिश्रमिक कार्यमा संलग्न नभएको सामुद्रिक कामदारहरू र समुन्द्र किनारमा स्थापित संरचनाका कामदारहरू

धारा ४

यो महासन्धिको प्रयोजनका लागि 'परिवारका सदस्यहरू' भन्नाले आप्रवासी कामदारहरूसँग विवाहित व्यक्तिहरू वा प्रचलित कानुनअनुरूप तिनीहरूसँग वैवाहिक सम्बन्धसरह नाता सम्बन्ध कायम रहेको व्यक्तिका साथै उनीहरूमा आश्रित बालबालीका र राष्ट्रमा प्रचलित कानुन वा सम्बन्धित राष्ट्रहरूका बीच भएको दुई पक्षीय वा बहुपक्षीय सम्झौताहरूले उनीहरूको परिवारको सदस्यको रूपमा मान्यता प्रदान गरेका अन्य आश्रित व्यक्तिहरूलाई समेत जनाउँछ।

धारा ५

यस महासन्धिको प्रयोजनका लागि आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरू भन्नाले:

(क) रोजगारीको राष्ट्रमा पारिश्रमिक पाउने कार्यमा प्रवेश गर्न, रहन र संलग्न हुन सो राष्ट्रको कानुन त्यो राष्ट्र पक्षराष्ट्र भएको अन्तर्राष्ट्रिय सम्झौताबमोजिम तिनीहरूलाई अनुमति प्रदान गरेको भए अभिलेखबद्ध वा नियमित अवस्थामा रहेको रूपमा लिइनेछ,

(ख) यस धाराको उपअनुच्छेद (क) बमोजिमका शर्तहरू पालना नगरेको भएमा निजहरूलाई अभिलेखबद्ध नरहेको वा अनियमित अवस्थामा रहेको रूपमा लिइनेछ।

धारा ६

यो महासन्धिको प्रयोजनका लागि:

(क) 'उत्पत्तिको राष्ट्र' भन्नाले व्यक्तिको आफ्नो राष्ट्रियताको राष्ट्र हुनेछ।

(ख) 'रोजगारीको राष्ट्र' भन्नाले आप्रवासी कामदार पारिश्रमिक पाउने कार्यमा संलग्न हुनुपर्ने, भएको वा भइरहेको राष्ट्रलाई जनाउनेछ।

(ग) 'बाटोमा पर्ने राष्ट्र' भन्नाले कुनै पनि राष्ट्रबाट सम्बन्धित व्यक्तिलाई रोजगारको राष्ट्रमा जाने वा रोजगारीको राष्ट्रबाट उत्पत्तिको राष्ट्र वा बसोवासको राष्ट्रमा आउने बाटोमा पर्ने राष्ट्रलाई जनाउनेछ।

भाग २

अधिकारको सम्बन्धमा भेदभाव गर्न नहुने

धारा ७

यस महासन्धिका पक्षराष्ट्रहरूले आफ्नो भौगोलिक भू-भागमा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजअनुसार सबै आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूलाई सम्मान गर्ने र लिङ्ग, जात, वर्ण, धर्म वा विश्वास, राजनीतिक वा अन्य धारणा, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, राष्ट्रियता, उमेर, आर्थिक हैसियत, सम्पत्ति, वैवाहिक स्थिति, जन्म वा अन्य कुनै पनि आधारमा यस महासन्धिद्वारा प्रदत्त अधिकारको प्रयोगमा कुनै विभेद नगर्ने सङ्कल्प गर्दछन्।

भाग ३

सम्पूर्ण आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको मानव अधिकार

धारा ८

१. आप्रवासी कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरू आफ्नो उत्पत्तिको राष्ट्रलगायत कुनै पनि राष्ट्र छोड्न स्वतन्त्र हुनेछन्। कानुनबमोजिम राष्ट्रिय सुरक्षा सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य र नैतिकता संरक्षणका लागि अत्यावश्यक भएमा बाहेक यस अधिकारमाथि कुनै प्रतिबन्ध लगाइने छैन।

२. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई आफ्नो राष्ट्रमा कुनै पनि समयमा प्रवेश गर्ने र बस्ने अधिकार हुनेछ।

धारा ९

कानुनद्वारा आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूको बाँच्न पाउने अधिकार संरक्षित हुनेछ।

धारा १०

कुनै पनि आप्रवासी कामदार तथा निजको परिवारका सदस्यहरूलाई यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन।

धारा ११

१. कुनै पनि आप्रवासी कामदार तथा निजको पारिवारिक सदस्यलाई दास वा बाधा बनाइने छैन।

२. कुनै पनि आप्रवासी कामदार तथा निजको परिवारको सदस्यलाई बलपूर्वक वा अनिवार्य श्रम गर्न लगाइने छैन।

३. यस धाराको अनुच्छेद २ को व्यवस्थाले कुनै अपराध गरेबापत कठोर श्रमसहितको कदैको सजाय गर्ने व्यवस्था भएका राज्यहरूमा सक्षम अदालतहरूको फैसलाअनुसार त्यस्तो सजाय दिने व्यवस्थालाई बाधा पुऱ्याएको मानिने छैन।

४. यस धाराको प्रयोजनका लागि 'बलपूर्वक वा अनिवार्य श्रम' भित्र निम्न कुराहरू समावेश हुने छैनन्।

(क) यस धाराको अनुच्छेद ३ मा उल्लेख नभएको कुनै कार्य वा सेवा कानुनबमोजिम अदालतको आदेशबमोजिम थुनामा रहेको व्यक्ति वा थुनाबाट शर्तसहित मुक्त भएको व्यक्तिलाई लगाइएको भएमा,

(ख) सङ्कटकालीन अवस्था वा समुदायको जीवन र प्रगतिमा आघात पर्ने दैवी प्रकोपको अवस्थामा गर्न लगाइएको कुनै सेवा

(ग) सम्बन्धित देशका नागरिकहरूलाई समेत लगाइएको सामान्य नागरिक दायित्वभित्र पर्ने कुनै कार्य वा सेवा।

धारा १२

१. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई विचार, विवेक र धर्मको स्वतन्त्रता हुनेछ। यसअन्तर्गत कुनै धर्म मान्ने वा अवलम्बन गर्ने वा रोजेको धर्म वा आस्था अवलम्बन गर्ने र व्यक्तिगत, सामुदायिक र सार्वजनिक वा निजीरूपमा समेत त्यस्तो धर्मको पालना, पूजा, प्रचारप्रसार, अध्ययन तथा अभ्यास गर्ने स्वतन्त्र हुने छन्।

२. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई उनीहरूले रोजेको, धर्म वा विश्वास अपनाउन पाउने स्वतन्त्रतालाई आघात पर्ने गरी कुनै दबाब दिइने छैन।

३. धर्म वा विश्वासलाई अवलम्बन (अभिव्यक्त) गर्न पाउने स्वतन्त्रतामा सार्वजनिक सुरक्षा, व्यवस्था, स्वास्थ्य तथा नैतिकता वा अरुको मौलिक अधिकार र

स्वतन्त्रताको संरक्षण गर्न आवश्यक परेको अवस्थामा कानुनबमोजिम मात्र सीमित गर्न सकिनेछ।

४. यस महासन्धिका पक्षराष्ट्रहरू आप्रवासी कामदारका बुबाआमाको, कम्तीमा एक जना आप्रवासी कामदार भएको, तथा कानुनी अभिभावकको बच्चाहरूलाई आफ्नो विश्वास अनुरूपको धार्मिक तथा नैतिक शिक्षा लिन पाउने स्वतन्त्रताको सुनिश्चितताको सङ्कल्प गर्दछन्।

धारा १३

१. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई कुनै हस्तक्षेप बिना विचार राख्ने स्वतन्त्रता हुनेछ।

२. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ। यस अधिकारअन्तर्गत सूचना र विचार माग्ने, पाउने र दिने स्वतन्त्रता हुनेछ र उनीहरूले चाहेको सूचना वा जानकारी मौखिक, लिखित वा छापिएको वा कलाको अन्य कुनै माध्यमबाट प्राप्त गर्न सक्दछन्।

३. यस धाराको अनुच्छेद २ मा प्रदत्त अधिकारहरू अभ्यास गर्दा विशेष कर्तव्य र जिम्मेवारीहरू तोकेको छ। त्यसकारण, यसमा कानुनबमोजिम केही निश्चित प्रतिबन्धहरू निम्न अवस्थामा लाग्न सक्नेछ।

(क) अरुको अधिकार र ख्यातिको सम्मान गर्नका लागि,

(ख) सम्बन्धित राष्ट्रको सुरक्षा वा सार्वजनिक व्यवस्था वा स्वास्थ्य वा नैतिकताको संरक्षणका लागि,

(ग) युद्धको प्रचार-प्रसार रोक्नका लागि,

(घ) भेदभाव, शत्रुता र हिंसालाई प्रोत्साहन हुने किसिमको राष्ट्रिय, जातीय वा धार्मिक द्वेषको वकालत रोक्न।

धारा १४

कुनै पनि आप्रवासी कामदार वा निजको परिवारको सदस्यलाई स्वेच्छाचारी वा गैरकानुनी तवरले उनीहरूको गोपनियता, परिवार, घर, पत्राचार वा अन्य सञ्चारमाथि हस्तक्षेप गरिने छैन। प्रत्येक आप्रवासी कामदार तथा निजको परिवारका सदस्यलाई यस्तो हस्तक्षेप वा आक्रमणविरुद्ध कानुनद्वारा संरक्षण पाउने अधिकार हुनेछ।

धारा १५

कुनै पनि आप्रवासी कामदार वा निजको परिवारका सदस्यहरूलाई व्यक्तिगत वा सामूहिकरूपमा स्वामित्वमा रहेको सम्पत्ति स्वेच्छापूर्ण तरिकाबाट वञ्चित गरिने छैन। रोजगारीको राष्ट्रमा प्रचलित कानुनबमोजिम आप्रवासी कामदार वा निजको

परिवारको सदस्यको सम्पत्ति पूर्ण वा आंशिकरूपमा प्राप्ति गरेमा निजलाई उचित र पर्याप्त क्षतिपूर्ति पाउने अधिकार हुनेछ।

धारा १६

१. आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूलाई स्वन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार हुनेछ।

२. आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूलाई सार्वजनिक अधिकारी, व्यक्ति, समूह वा संस्थाबाट हुने हिंसा, भौतिक नोक्सानी, धम्की वा त्रासविरुद्ध राज्यबाट प्रभावकारी संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ।

३. कानुन कार्यान्वयन गर्ने अधिकारीद्वारा आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यको परिचयको प्रमाणिकरण गर्दा कानुनबमोजिमको प्रक्रिया अनुरूप गरिनेछ।

४. आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूलाई व्यक्तिगत वा सामूहिकरूपमा स्वेच्छाचारी पक्राउ वा थुनामा राखिने छैन र कानुनद्वारा निर्धारित आधार र प्रक्रियाबमोजिमबाहेक तिनीहरूको स्वतन्त्रतामा कुनै हस्तक्षेप गरिने छैन।

५. आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरू जो पक्राउ परेका छन् उनीहरूलाई पक्राउ गर्ने समयमानै सम्भव भएसम्म पक्राउ पर्नुको कारणको बारेमा उनीहरूले बुझ्ने भाषामा जानकारी दिइनेछ र तिनीहरूलाई तत्काल उनीहरूले बुझ्ने भाषामा उनीहरूमाथि लगाइएको कसुरको बारेमा जानकारी दिइनेछ।

६. कुनै फौजदारी अभियोगमा पक्राउ परेका वा थुनामा राखिएका आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूलाई यथाशिघ्र न्यायाधिश वा कानुनबमोजिम न्यायिक अधिकार प्रयोग गर्ने अधिकारीसमक्ष पेश गरिने छ र यथाशिघ्र निजविरुद्ध मुद्दा दायर गरिने वा थुना मुक्त गरिनेछ। पुर्पक्षका लागि थुनामा नै रहनु पर्ने कुरा सामान्य नियमकै रूपमा लिइने छैन तर सुनुवाइ वा न्यायिक प्रक्रियाको अन्य कुनै चरणमा वा फैसला कार्यान्वयनको चरणमा उपस्थित हुने कुराको प्रत्याभूति भएमा थुनाबाट मुक्त गर्न सकिनेछ।

७. आप्रवासी कामदार वा निजको परिवारको सदस्यलाई पक्राउ गरिएमा वा कैद वा पुर्पक्षको क्रममा वा अन्य कुनै अवस्थामा थुनामा राखिएकोमा-

(क) निजको अनुरोधमा निजको उत्पत्तिको राष्ट्र वा सो राष्ट्रको हितको प्रतिनिधित्व गर्ने कुटनीतिक प्रतिनिधि वा कुटनीतिक निकायसमक्ष निजलाई पक्राउ गर्नु पर्ने वा हिरासतमा लिनुपर्ने कारण सहितको जानकारी बिना ढिलाई दिइनेछ।

(ख) उपरोक्त निकायहरूमा सञ्चार सम्पर्क गर्ने अधिकार सम्बन्धित व्यक्तिको हुनेछ। सम्बन्धित व्यक्तिले पठाएको सञ्चार सम्बन्धित निकायमा बिना ढिलाई पठाइनेछ र ती निकायहरूले पठाएका सञ्चार बिना ढिलाई प्राप्त गर्ने अधिकार सम्बन्धित व्यक्तिलाई हुनेछ।

(ग) सम्बन्धित व्यक्तिलाई यस अधिकार र सम्बन्धित देशहरूबीच यस विषयमा सम्झौता भए, सोबाट प्रदत्त अधिकारका सम्बन्धमा समेत सूचनाबिना ढिलाई दिइनेछ। जसमा उक्त निकायका प्रतिनिधिहरूसँग पत्राचार गर्ने वा भेट्ने र कानुनी प्रतिनिधित्वका लागि आवश्यक व्यवस्था मिलाउने जस्ता अधिकारहरू हुन सक्नेछन्।

८. पक्राउ वा थुनामा परी स्वतन्त्रताबाट वञ्चित आप्रवासी कामदार तथा तिनीहरूका परिवारका सदस्यहरूलाई उनीहरू थुना वा पक्राउको कानुनी अवस्थाबारेमा अदालती कारबाहीमा लाने र गैरकानुनी देखिएमा मुक्तिको आदेश पाउने अधिकार हुनेछ। अदालती कारबाहीका क्रममा उपस्थित हुदा निजले भाषा नबुझ्ने भए आवश्यक परेमा नि:शुल्क अनुवादकर्ताको सहयोग उपलब्ध गराइनेछ।

९. आप्रवासी कामदार र तिनीहरूका परिबारका सदस्यहरूलाई तिनीहरू गैरकानुनी पक्राउ वा थुनाबाट पीडित भएमा क्षतिपूर्ति प्राप्त गर्ने अधिकार हुनेछ।

धारा १७

१. स्वतन्त्रताबाट वञ्चित गराइएका आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई मानवीय व्यवहार र व्यक्तिको अन्तर्निहित आत्मसम्मान र सांस्कृतिक पहिचानप्रति सम्मान गरिनेछ।

२. अभियोग लागेका आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूलाई अपवादात्मक परिस्थितिहरूमाबाहेक कसुर प्रमाणित भइसकेका व्यक्तिभन्दा अलग्गै राखी अभियोग नलागेका व्यक्तिसरह व्यवहार गरिनेछ। आरोपित बालबालिकालाई वयस्कभन्दा छुट्टै राखिनेछ र सकेसम्म चाँडो पुर्पक्षका लागि पेश गरिनेछ।

३. कुनै पनि आप्रवासी कामदार र निजको परिवारका सदस्यहरू बाटोमा पर्ने राष्ट्र वा रोजगारीको राष्ट्रमा आप्रवाससम्बन्धी व्यवस्थाको उल्लङ्घन गरेबापत थुनिएमा निज वा निजको परिवारका सदस्यहरूलाई व्यवहारिक भएसम्म कसुर प्रमाणित भएका वा पुर्पक्ष प्रक्रिया मुल्तवीमा रही थुनामा रहेका व्यक्तिभन्दा अलग्गै राखिनेछ।

४. अदालत फैसलाबमोजिम कैदको सजाय भोग्ने आप्रवासी कामदार वा निजको परिवारका सदस्यलाई कैदमा राख्नुको महत्त्वपूर्ण उद्देश्य निजलाई सुधार गर्ने

र सामाजिक पुन: स्थापना गर्ने हुनेछ। आरोपित बालबालिकालाई वयस्क व्यक्तिभन्दा छुट्टै राखी निजको उमेर र कानुनी हैसियतबमोजिमको व्यवहार गरिनेछ।

५. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरू थुनामा परेको वा कैद सजाय भोग्ने अवधिभर त्यस देशका नागरिकले पाएसरह परिवारका सदस्यहरूसँग भेटघाट गर्न पाउने अधिकार उपभोग गर्न सक्नेछन्।

६. आप्रवासी कामदारलाई स्वन्त्रताबाट वन्चित गरिएको अवस्थामा सम्बन्धित राष्ट्रको सक्षम अधिकारीले निजको परिवारका सदस्य खासगरी पति पत्नी वा बालबालिकाले बेहोर्नु पर्ने पीडाप्रति ध्यान दिनेछन्।

७. बाटोमा पर्ने वा रोजगारीको राष्ट्रमा सो देशको प्रचलित कानुनबमोजिम कुनै पनि प्रकारको थुनामा वा कैदमा रहेका आप्रवासी कामदार तथा तिनीहरूका परिवारका सदस्यहरूले सोही अवस्थामा रहेका सम्बन्धित राष्ट्रका नागरिकहरूले पाएसरह अधिकार उपभोग गर्न पाउनेछन्।

८. यदि आप्रवासी कामदार र निजको परिवारको सदस्य आप्रवाससम्बन्धी कुनै व्यवस्था उल्लङ्घन गरे नगरेको प्रमाणिकरण गर्ने उद्देश्यका लागि थुनामा रहेको भएमा त्यसका लागि कुनै खर्च निजले गर्नुपर्ने छैन।

धारा १८

१. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई अदालत वा न्यायधिकरणको अगाडि सम्बन्धित राज्यको नागरिकसरह समानताको अधिकार हुनेछ। उनीहरूविरुद्धको कुनै फौजदारी अभियोगमा वा मुद्दामा उनीहरूकको अधिकार र दायित्वहरू निर्धारण गर्दा कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणद्वारा निष्पक्ष र सार्वजनिक सुनुवाइको अधिकार हुनेछ।

२. फौजदारी अभियोग लागेका आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई कानुनबमोजिम अन्यथा प्रमाणित नभएसम्म, निर्दोष भनी अनुमान गरिनेछ।

३. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूका विरुद्ध कुनै फौजदारी अभियोग निर्धारण गर्दा उनीहरूलाई देहायबमोजिम न्यूनतम प्रत्याभूतिको हक प्राप्त हुनेछ।

(क) उनीहरूविरुद्धको अभियोगको प्रकृति र कारण बारेमा उनीहरूले बुझ्न सक्ने भाषामा तुरुन्तै र विस्तृतरूपमा जानकारी पाउने,

(ख) आफ्नो प्रतिरक्षाको तयारीका लागि पर्याप्त समय र सुविधा पाउने र आफूले छानेको कानुन व्यवसायीसँग सम्पर्क गर्न पाउने,

(ग) अनुचित ढिलाई बिना मुद्दा सुनुवाइ हुने,

(घ) आफ्नो उपस्थितिमा मुद्दा सुनुवाइ हुने र आफै वा आफूले छानेको कानुन व्यवसायीद्वारा प्रतिरक्षा गर्न कानुनी सहयोग लिन पाउने, कानुनी सहयोग गर्ने कोही नभएमा पनि सोको बारेमा जानकारी पाउने, न्यायको लागि आवश्यक भएमा कानुन व्यवसायी नियुक्त गरिदिनु पर्ने र तिर्नका लागि पर्याप्त स्रोत नभएमा नि:शुल्क कानुनी सहयोग उपलब्ध गराउने।

(ङ) उनीहरूको तर्फको साक्षी उपस्थित गराई परिक्षण गराई पाउने र उनीहरूको विरुद्धको साक्षीको पनि परिक्षण गर्न पाउने।

(च) अदालतमा प्रयोग भएको भाषा उनीहरूले नबुझ्ने भएमा उनीहरूले बुझ्ने भाषामा नि:शुल्क व्याख्याकर्ताको सहयोग प्राप्त गर्ने।

(छ) आफैविरुद्ध व्यान दिन वा अपराधमा सावित हुन बाध्य नगराउने।

४. बालबालिकाले गरेको अपराध भएमा सुनुवाइका कार्यविधिहरू उनीहरूको उमेर र समाजमा उनीहरूको पुन: स्थापना प्रवर्धन गराउने कुरालाई ध्यान दिनुपर्दछ।

५. कसुर प्रमाणित भएका आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूले सो कसुर र सजाय कानुनबमोजिम उपल्लो न्यायिक अधिकारीबाट पुनरावलोकन गरी पाउने अधिकार रहनेछ।

६. फौजदारी कसुरको अन्तिम निर्णय भएमा आप्रवासी कामदार वा निजको परिवारको सदस्यको हकमा पछि सो निर्णय उल्टेमा वा पछि थाहा हुन आएको नयाँ तथ्यबाट निजलाई अन्याय परेको प्रष्ट देखिन आई माफी पाएमा निजकै पूर्ण वा आंशिक कारणबाट सो नयाँ तथ्य समयमा प्रकट हुन नआएको भन्ने प्रमाणित भएमाबाहेक त्यसरी सजायबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति दिइनेछ।

७. सम्बन्धित राष्ट्रको फौजदारी कानुन र कार्यविधिअनुसार एक पटक अन्तिमरूपमा कसुरदार ठहरिएको वा सफाइ पाएको आप्रवासी कामदार वा निजको परिवारका सदस्यहरूलाई पुन: सही कसुरमा मुद्दा चलाइने र सजाय गरिने छैन।

धारा १९

१. कुनै पनि आप्रवासी कामदार वा निजको परिवारका सदस्यलाई कुनै अपराधिक कार्य हुँदाको समयमा प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कसुर नमानिने कुनै कार्य गरे वा नगरेको कारणबाट कसुरदार ठहराइने छैन र कसुर हुँदाका बखत तोकिएको सजाय भन्दा बढी सजाय गरिने छैन। यदि कसुर जन्य कार्य भइसकेपछि कानुनद्वारा कम सजाय गर्ने व्यवस्था भएमा सो को फाइदा निजलाई दिइनेछ।

२. कुनै आप्रबासी कामदार वा निजको परिवारका सदस्यलाई फौजदारी कसुरमा सजाय गर्दा निजको मानवीय पक्ष, खासगरी निजको बसोवास र काम गर्न पाउने अधिकारका सम्बन्धमा ध्यान दिनुपर्नेछ।

धारा २०

१. करारको दायित्व पूरा नगरेको आधारमा मात्र आप्रवासी कामदार वा निजको परिवारका सदस्यलाई कैदको सजाय गरिने छैन।

२. कामसम्बन्धी करारको दायित्व पूरा गर्नुपर्ने कुरा बसोवास वा काम गर्ने अनुमतिको पूर्व शर्त भएमाबाहेक कसैलाई कामसम्बन्धी करारीय दायित्व पूरा नगरेको भन्ने आधारमा मात्र बसोवास र काम गर्ने अनुमतिबाट वञ्चित गरिने छैन।

धारा २१

कानुनबमोजिम अधिकार प्राप्त सार्वजनिक अधिकारीबाहेक अरु कसैले राष्ट्रिय भू-भाग वा कामको अनुमति प्राप्त ठाउँमा परिचयपत्र, प्रवेश गर्ने र बस्ने अनुमतिपत्र, बसोवास गर्ने वा काम गर्ने अनुमतिपत्र जफत, नष्ट गर्न वा सोको प्रयास गर्ने कार्य गैरकानुनी हुनेछ। यस्ता कागजहरू अधिकार प्राप्त निकायले जफत गर्दा समेत विस्तृत भरपाई नदिई गरिने छैन। आप्रवासी कामदार वा निजको परिवारको सदस्यको राहदानी वा सोसरहको कागजात कुनै पनि अवस्थामा नष्ट गरिने छैन।

धारा २२

१. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई सामूहिकरूपमा निष्काशन गरिने छैन। प्रत्येक निष्काशनको विषयलाई छुट्टाछुट्टैरूपमा जाँच र निर्णय गरिनेछ।

२. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई सक्षम निकायको निर्णयबाट कानुनबमोजिम मात्र पक्षराष्ट्रको भू-भागबाट निष्काशन गर्न सकिनेछ।

३. यस्तो निर्णयको जानकारी उनीहरूले बुझ्ने भाषामा उनीहरूलाई दिइने छ। अन्यथा बाध्यात्मक व्यवस्था भएमाबाहेक, उनीहरूको अनुरोधमा यस्तो निर्णयको लिखित जानकारी दिइनेछ र राष्ट्रिय सुरक्षाको दृष्टिबाट दिन नमिल्ने अपवादात्मक अवस्थामाबाहेक सो निर्णयको कारणसमेत सूचनामा उललेख गरिने छ। यी अधिकारको बारेमा सम्बन्धित व्यक्तिलाई निर्णय गर्नुभन्दा अगावै वा निर्णयकै समयमा जानकारी दिइनु पर्दछ।

४. न्यायिक अधिकारीले अन्तिम निर्णय गर्दा सुरक्षाका दृष्टिले अन्यथा गर्न आवश्यक भएमा बाहेक सम्बन्धित व्यक्तिलाई आफू निष्काशन नगर्नु पर्ने कारण पेश गर्न

र निजको मुद्दाको निर्णय पुनरावलोकन सक्षम अधिकारीबाट गरियोस् भनी माग गर्ने अधिकार हुनेछ। सम्बन्धित व्यक्तिलाई सो पुनरावलोकनको निर्णय नहुँदासम्म निष्काशन गर्ने निर्णय कार्यान्वयन नगर्न माग गर्ने अधिकार हुनेछ।

५. यदि निष्काशन गर्ने निर्णय कार्यान्वयन भइसकेपछि सो निर्णय उल्टेमा सम्बन्धित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति माग गर्ने अधिकार हुनेछ र सम्बन्धित देशमा निज पुनः प्रवेश गर्नबाट पुरानो निर्णयले रोक लगाउन सक्ने छैन।

६. निष्काशन भएको अवस्थामा सम्बन्धित व्यक्तिलाई प्रस्थान अघि वा पछि आफ्नो बाँकी ज्याला लिने तथा तिर्न बुझाउनु पर्ने दायित्व बुझाई हिसाब मिलान गर्ने मनासिव अवसर दिनुपर्नेछ।

७. निष्काशन गर्ने निर्णयको कायन्वयनलाई प्रतिकूल प्रभाव नपारी आप्रवासी कामदार र निजको परिवारको सदस्यले उत्पत्तिको राष्ट्रबाहेक अन्य राष्ट्रमा प्रवेशको माग गर्न सक्दछ।

८. निष्काशन भएको अवस्थामा आप्रवासी कामदार वा परिवारका सदस्यहरूको निष्काशन गर्दा लाग्ने खर्च उसले व्यहोर्नु पर्ने छैन। सम्बन्धित व्यक्तिले आफ्नो यात्रा खर्च तिर्न लगाउन सक्नेछ।

९. रोजगारीको राष्ट्रबाट निष्काशन गर्ने निर्णयले आप्रवासी कामदार निजको परिवारका सदस्यहरूले पाउनुपर्ने बाँकी ज्याला वा सो राष्ट्रको कानुनबमोजिम प्राप्त हुने अन्य अधिकारमा प्रतिकूल प्रभाव परेको मानिने छैन।

धारा २३

यस महासन्धिद्वारा मान्यता प्रदान गरिएका अधिकारहरू उल्लङ्घन गरिएका आप्रवासी कामदार तथातिनीहरूका परिवारका सदस्यहरूले उत्पत्तिको राष्ट्र वा सो राष्ट्रको हित प्रतिनिधित्व गर्ने कुटनीतिक प्रतिनिधि वा कुटनीतिक निकायहरूबाट संरक्षण र सहयोगको याचना गर्न पाउने छन्। खासगरी निस्कासनको अवस्थामा सम्बन्धित व्यक्तिलाई निस्कासन गर्ने राष्ट्रको सम्बन्धित अधिकारीले ढिलाई नगरी निजलाई सो अधिकारको बारेमा सूचना दिने र त्यस्तो अधिकार प्रयोगमा सघाउ पुऱ्याउने कार्य गर्नेछ।

धारा २४

प्रत्येक आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूलाई सबै ठाउँमा कानुनको अगाडि व्यक्तिसरह मान्यता पाउने अधिकार रहनेछ।

धारा २५

१. आप्रवासी कामदारहरूलाई पारिश्रमिक र देहायका कुरामा रोजगारीको राष्ट्रको नागरिकले गर्नेभन्दा असमान व्यवहार गरिने छैन।

(क) कामका अन्य शर्तहरू जस्तो: अतिरिक्त समय, काम गर्ने अवधि, साप्ताहिक विश्राम, तलबसहितको विदा, सुरक्षा, स्वास्थ्य, रोजगारीको सम्बन्ध अन्त्य र देशको कानुन तथा व्यवहारबमोजिम यस अन्तर्गत पर्ने शर्तहरू।

(ख) रोजगारीका अन्य शर्तहरू जस्तै रोजगारीको लागि न्यूनतम उमेर, घरमा काम गराउन प्रतिबन्ध तथा राष्ट्रिय कानुन र व्यवहारबमोजिम रोजगारीका अन्य शर्तसम्बन्धी विषयहरू।

२. यस धाराको अनुच्छेद १ मा उल्लेखित समान व्यवहारको सिद्धान्तलाई निजी क्षेत्रका रोजगारीको करारबाट अलग गर्नु कानुनबमोजिम हुने छैन।

३. पक्षराष्ट्रहरू आप्रवासी कामदारहरूको बसाई वा रोजगारीमा कुनै अनियमितताको कारणले मात्र यस सिद्धान्तबाट प्राप्त अधिकारबाट तीनीहरूलाई वञ्चित नगर्न उपयुक्त व्यवस्थाहरू गर्ने छन्।

खासगरी त्यस्ता अनियमितताका कारणले रोजगार दाताहरूलाई कुनै कानुनी कारारिय दायित्वबाट छुटकारा नदिने तथा दायित्व सीमित गरिने छैन।

धारा २६

१. पक्षराष्ट्रहरूले आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूको निम्नबमोजिमका अधिकारहरू मान्यता दिन्छन्।

(क) सम्बन्धित संस्थाको नियमको अधीनमा रही आफ्नो सामाजिक, आर्थिक, सांस्कृतिक र अन्य हितको संरक्षण गर्न ट्रेड युनियन र कानुनबमोजिम स्थापित अन्य संस्थाहरूको बैठक र क्रियाकलापमा भाग लिन।

(ख) सम्बन्धित संस्थाको नियमको अधीन रहेर मात्र ट्रेड युनियन र माथि उल्लेखित संस्थामा स्वतन्त्रतापपूर्वक आबद्ध हुन।

(ग) ट्रेड युनियन र माथि उल्लेखित कुनै संस्थाको सहयोग र सहायता प्राप्त गर्न।

२. राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था र अरुको हक र स्वतन्त्रताको संरक्षण गर्न प्रजातान्त्रिक समाजमा कानुनद्वारा तोकिएको अवस्थामाबाहेक उपरोक्त अधिकारको उपभोगमा कुनै रोक लगाइने छैन।

धारा २७

१. सामाजिक सुरक्षाका सम्बन्धमा सम्बन्धित राष्ट्रको कानुन तथा द्विपक्षीय र बहुपक्षीय सन्धिमा तोकिएका शर्तहरू पालना गरेमा आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यलाई रोजगारीको राष्ट्रमा सो राष्ट्रका नागरिकलाई

गरेसरहको व्यवहार गरिएको छ। उत्पत्तिको राष्ट्र तथा रोजगारीको राष्ट्रले यस नियमको कार्यान्वयनका लागि आधारहरू तयार गर्न आवश्यक व्यवस्था गर्न सक्नेछन्।

२. जहाँ आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई प्रचलित कानुनबमोजिम सुविधा दिन नमिल्ने व्यवस्था छ, त्यस्ता राष्ट्रहरूले त्यस्ता व्यक्तिहरूलाई उल्लेखित सुविधाहरूका लागि उनीहरूले योगदान गरेको रकम समान अवस्थामा भएका सम्बन्धित राष्ट्रका नागरिकलाई प्रदान गरिनेसरहको शोध भर्ना दिने सम्भावनातर्फ ध्यान दिनेछन्।

धारा २८

आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई पनि सम्बन्धित राष्ट्रका नागरिकलाई गरिने समान व्यवहारका आधारमा उनीहरूको जीवन रक्षाको र स्वास्थ्यमा पर्ने अपूरणीय क्षति कम गर्नका लागि आवश्यक पर्ने स्वास्थ्य सुविधा पाउने अधिकार हुनेछ। उनीहरूको बसाई वा रोजगारीमा अनियमितता भएको आधारमा मात्र त्यस्तो स्वास्थ्य सुविधा अस्वीकार गर्न पाइने छैन।

धारा २९

आप्रवासी कामदारका प्रत्येक बच्चाहरूलाई नाम, जन्म दर्ता र राष्ट्रियताको अधिकार हुनेछ।

धारा ३०

आप्रवासी कामदारका प्रत्येक बच्चाहरूलाई सम्बन्धित देशका नागरिकसरह समानताका व्यवहारको आधारमा शिक्षामा पहुँचको आधारभूत अधिकार हुनेछ। रोजगारीको राष्ट्रमा सो बच्चाको अभिभावकको बसाई वा रोजगारी तथा सो बच्चाको बसाइको अनियमितताको आधारमा सार्वजनिक पूर्व स्कूल शिक्षण संस्था वा विद्यालयको पहुँचको अधिकारलाई अस्वीकार गरिने छैन।

धारा ३१

१. पक्षराष्ट्रहरू आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूको सांस्कृतिक पहिचानलाई सम्मान गर्ने कुरा सुनिश्चित गर्नेछन् र उनीहरूको आफ्नो उत्पत्तिको राष्ट्रसँग सांस्कृतिक सम्बन्ध कायम गर्न कुनै रोक लगाइने छैन।

२. यस सम्बन्धमा सहयोग तथा प्रोत्साहन गर्न पक्षराष्ट्रहरूले उपयुक्त व्यवस्था गर्न सक्नेछन्।

धारा ३२

आप्रवासी कामदार तथा तिनीहरूको परिवारको सदस्यहरूका रोजगारीको राष्ट्रमा बसोवासको अवधि समाप्त भएपछि उनीहरूको कमाई तथा बचत र सम्बन्धित देशको कानुनबमोजिम व्यक्तिगत सम्पत्ति अन्यत्र सार्न पाउने अधिकार हुनेछ।

धारा ३३

१. आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूलाई देहायका विषयमा उत्पत्तिको राष्ट्र, रोजगारीको राष्ट्र र बाटोमा पर्ने राष्ट्रहरूबाट सूचना प्राप्त गर्ने अधिकार हुनेछ:

(क) यस महासन्धिद्वारा प्रदत्त अधिकारहरू

(ख) प्रवेशका, शर्तहरू, सम्बन्धित राष्ट्रको कानुनबमोजिम उनीहरूको अधिकार र दायित्वहरू र, सो राष्ट्रभित्र उनीहरूले पूरा गर्नुपर्ने प्रशासनिक वा अन्य औपचारिकता पूरा गर्न सहायक हुने कुराहरू।

२. उपरोक्त जानकारीहरूको प्रचार-प्रसार गर्न वा रोजगारदाता, ट्रेडयुनियन वा अन्य उपयुक्त निकाय वा संस्थाहरूले ती सूचना प्रसार गर्ने कुराको सुनिश्चितताका लागि पक्षराष्ट्रहरूले उपयुक्त लागेको सबै उपायहरू अवलम्बन गर्नेछन्। आवश्यकताअनुसार अन्य सम्बन्धित राष्ट्रसँग मिलेर काम गर्नेछन्।

३. यस्ता पर्याप्त सूचनाहरू आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूले अनुरोध गरेमा सभव भएसम्म उनीहरूले बुझ्न सक्ने भाषामा नि:शुल्क दिइनेछ।

धारा ३४

महासन्धिको यस भागमा लेखिएको कुनै पनि कुराले आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यलाई बाटोमा पर्ने राष्ट्र र रोजगारीको राष्ट्रको कानुनबमोजिमका दायित्व वा ती राष्ट्रको बासिन्दाहरूको सांस्कृतिक पहिचानको सम्मान गर्नुपर्ने दायित्वबाट मुक्त गरेको मानिने छैन।

धारा ३५

यस महासन्धिको यस भागमा लेखिएको कुनै पनि कुरालाई अभिलेखमा नरहेका वा अनियमित अवस्थामा रहेका आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यलाई नियमित गरेको वा अधिकार प्रदान गरेको भन्ने व्याख्या गरिने छैन। नत भाग ६ मा उल्लेख गरिएका अन्तर्राष्ट्रिय आप्रवासीसम्बन्धी उचित र समन्यायिक शर्तलाई यसले प्रतिकूल प्रभाव पारेको मानिनेछ।

भाग ४

अभिलेखमा रहेका वा नियमित आप्रवासी कामदारहरू र तिनीहरूको परिवारको सदस्यहरूका अन्य अधिकारहरू

धारा ३६

रोजगारीको राष्ट्रको अभिलेखमा रहेका वा नियमितरूपमा रहेका आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूले यस महासन्धिको भाग ३ का अतिरिक्त यस भागमा उल्लेखित अधिकारहरूसमेत उपभोग गर्न पाउनेछन्।

धारा ३७

प्रस्थानभन्दा अघि वा कम्तीमा रोजगारीको राष्ट्रमा प्रवेश गर्दा आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई उत्पत्तिको राष्ट्र वा रोजगारीको राष्ट्रबाट उनीहरूको प्रवेशको सम्बन्धमा लागु हुने सबै शर्तहरू खासगरी उनीहरूको बसाई र उनीहरू संलग्न हुने पारिश्रामिक पाउने गतिविधिहरू साथै रोजगारीको राष्ट्रमा पूरा गर्नुपर्ने औपचारिकता बारेमा सुसूचित हुन पाउने अधिकार हुनेछ र यस्ता शर्तहरूमा संशोधन गर्नु परेमा निजहरूले पेश गर्ने निकायको बारेमा जानकारी लिन पाउने अधिकार हुनेछ।

धारा ३८

१. आप्रवासी कामदारहरूले बस्न तथा काम गर्न अनुमति पाइसकेपछि रोजगारीको राष्ट्रले आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरू आस्थायीरूपमा अनुपस्थित हुँदा समेत फरक नपर्ने गरी व्यवस्था मिलाउनु पर्दछ। यसो गर्दा रोजगारीको राष्ट्रले आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूको खास आवश्यकता र दायित्वहरू, खासगरी उनीहरूको उत्पत्तिको राष्ट्रअनुसार ध्यान दिनेछन्।

२. आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूलाई अस्थायीरूपमा अनुपस्थित हुन दिँदाका शर्तका सम्बन्धमा पूर्णरूपमा जानकारी पाउने अधिकार हुनेछ।

धारा ३९

१. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूलाई रोजगारीको राज्य क्षेत्रमा घुमफिर गर्न र आफ्नो बासस्थान रोज्न पाउने स्वतन्त्रता हुनेछ।

२. अनुच्छेद १ मा उल्लेखित अधिकारमा कानुनबमोजिम राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था, स्वास्थ्य वा नैतिकता र अरुको हक र स्वतन्त्रता संरक्षण गर्नका लागिबाहेक कुनै प्रतिबन्ध लगाइने छैन र ती अधिकारहरू यस महासन्धिले मान्यता दिएका अन्य अधिकारसँग मिल्दाजुल्दा हुनेछन्।

धारा ४०

१. आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूलाई आफ्नो सामाजिक, आर्थिक, सांस्कृतिक तथा अन्य हितको संरक्षण र सम्बर्द्धन गर्नका लागि रोजगारीको राष्ट्रमासङ्घ संस्था वा ट्रेड युनियन खोल्ने स्वतन्त्रता हुनेछ।

२. कानुनबमोजिम तोकिएको र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था वा अरुको हक र स्वतन्त्रता संरक्षणका लागि आवश्यक परेको अवस्थामाबाहेक यस अधिकारको उपभोग वा कुनै प्रतिबन्ध लगाइने छैन।

धारा ४१

१. आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूलाई उत्पत्तिको राष्ट्रको सार्वजनिक विषयमा सहभागी हुने र सो देशको कानुनबमोजिम निर्वाचित हुने र भोट हाल्ने अधिकार हुनेछ।

२. सम्बन्धित राष्ट्रले सो देशको कानुनबमोजिम र उपयुक्त तरिकाले यस अधिकारको उपभोगमा सहयोग पुऱ्याउनेछ।

धारा ४२

१. पक्षराष्ट्रहरूले उत्पत्तिको राष्ट्र र रोजगारीको राष्ट्र दुवैमा आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूका विशेष आवश्यकताहरू, चाहनाहरू र दायित्वहरूका सम्बन्धमा विचार गर्नका लागि कार्यविधि र संस्थाहरू स्थापना गर्न ध्यान दिनेछन् र ती संस्थाहरूमा आप्रवासी कामदार वा निजको परिवारको सदस्यका स्वतन्त्र प्रतिनिधि छनौट सम्बन्धमा उपयुक्त व्यवस्था गर्नेछन्।

२. स्थानीय समुदायको जीवन र प्रशासनसम्बन्धी निर्णयहरूमा आप्रवासी कामदार र निजको परिवारको सदस्यको परामर्श र सहभागितालाई रोजगारीको राष्ट्रले राष्ट्रिय कानुनअनुसार सहज गराउनेछ।

३. आफ्नो सार्वभौमसत्ताको प्रयोग गरी रोजगारीको राष्ट्रले आप्रवासी कामदारहरूलाई राजनीतिक अधिकार प्रदान गरेमा उनीहरूले त्यस्तो अधिकार प्रयोग गर्न सक्नेछन्।

धारा ४३

आप्रवासी कामदारहरूले देहायका सम्बन्धमा रोजगारीको राष्ट्रका नागरिकसरह व्यवहारको समानता उपभोग गर्नेछन्।

(क) सम्बन्धित सेवा तथा संस्थाको प्रवेशका शर्त तथा अन्य नियमहरूको अधीनमा रही शिक्षा तथा सेवा प्रदान गर्ने संस्थाहरूमा पहुँच,

(ख) व्यवसायिक मार्गदर्शन र सेवासम्बन्धी कुरामा पहुँच,

(ग) व्यवसायिक तालिम तथा पुन: तालिम सुविधा र संस्थामा पहुँच,

(घ) सामाजिक आवास योजनालगायत आवासमा पहुँच र बहालका सम्बन्धमा हुने शोषणविरुद्ध संरक्षण,

(ङ) सामाजिक र स्वास्थ्य सेवामा पहुँच, तर यस्तो सेवा प्राप्त गर्दा सो सम्बन्धमा अत्यावश्यक शर्तहरू पूरा गरेको हुनुपर्ने।

(च) आप्रवासीका हैसियत परिवर्तन नहुने खालका सहकारी र स्वव्यवस्थापनमा रहेका प्रतिष्ठानको नियम कानुनको अधीनमा रही ती संस्थाहरूमा पहुँच।

(छ) सांस्कृतिक जीवनमा सहभागिताको पहुँच

२. आप्रवासी कामदारहरूले अनुच्छेद (१) मा उल्लेखित अधिकारको उपभोग गर्न सक्षम बनाउन, पक्षराष्ट्रहरूले उनीहरूले रोजगारीको राष्ट्रद्वारा अनुमति प्राप्त बसाईका शर्तहरू पूरा गर्नासाथ प्रभावकारी समानताको सुनिश्चितता अवस्थाको प्रवर्धन गर्नेछन्।

३. रोजगारीको राष्ट्रले आप्रवासी कामदारहरूको रोजगारदातालाई उनीहरूका लागि आवास, सामाजिक वा सांस्कृतिक सुविधाहरू पुऱ्याउन रोक लगाउने छैन। यस महासन्धिको धारा ७० को अधीनमा रही रोजगारीको राष्ट्रले सो राष्ट्रमा यस सम्बन्धमा लागु हुने शर्तको अधीनमा रही यस्ता सुविधाहरू स्थापना गर्नेछ।

धारा ४४

१. परिवार समाजको प्राकृतिक र मौलिक समूह इकाई हो र समाज र राज्यले यसको संरक्षण गर्नुपर्छ भन्ने कुरालाई मान्यता दिदै पक्षराष्ट्रहरू आप्रवासी कामदारको पारिवारिक एकताको संरक्षणको सुनिश्चितताका लागि उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

२. आप्रवासी कामदारको पति/पत्नी वा प्रचलित कानुनबमोजिम निजहरूसँग कानुनबमोजिम विवाह भएसरह नाता भएको व्यक्ति र बालक आश्रित तथा अविवाहित सन्तानको पुन: एकीकरणमा सघाउ पुऱ्याउन पक्षराष्ट्रलाई उचित लागेका उपायहरू उनीहरूको क्षेत्रभित्र अपनाउनेछन्।

३. रोजगारीको राष्ट्रले मानवीय आधारमा आप्रवासी कामदारहरूका परिवारका

अन्य सदस्यहरूलाई समेत यस धाराको अनुच्छेद २ बमोजिम समान व्यवहार गर्ने सम्बन्धमा सकारात्मक सोच राख्नेछन्।

धारा ४५

१. आप्रवासी कामदारका परिवारका सदस्यहरूले रोजगारीको राष्ट्रमा निम्न विषयमा त्यहाँका नागरिकसरह समानत व्यवहार प्राप्त गर्नेछन्:

(क) शिक्षा तथा सेवा प्रदान गर्ने संस्थाहरूको प्रवेश तथा अन्य नियमहरूको अधीनमा रही त्यस्ता संस्था तथा सेवामा पहुँच

(ख) सहभागिताका शर्तहरू पूरा गरेमा व्यवसायिक मार्गदर्शन र तालिम दिने संस्था र सेवामा पहुँच।

(ग) सम्बन्धित योजनाको सहभागिताको शर्त पूरा गरेमा सामाजिक तथा स्वास्थ्य सेवामा पहुँच,

(घ) सांस्कृतिक जीवनमा सहभागिताको पहुँच।

२. रोजगारीको राष्ट्रले उपयुक्त भएमा उत्पत्तिको राष्ट्रसँगको सहकार्यमा आप्रवासी कामदारका बालबालिकालाई स्थानीय विद्यालय पद्धतिमा एकीकरण गर्न सहज बनाउन खासगरी उनीहरूलाई स्थानीय भाषा पढाउने नीति निर्माण गर्नेछन्।

३. रोजगारीको राष्ट्रले आवश्यकता परे उत्पत्तिको राष्ट्रसँगको सहकार्यमा आप्रवासी कामदारका बच्चाहरूलाई मातृभाषामा दिने विशेष योजना बनाउन सक्नेछन्।

धारा ४६

सम्बन्धित राष्ट्रहरूको प्रचलित कानुन, अन्तर्राष्ट्रिय सम्झौता तथा भन्सारसम्बन्धी विभिन्न सङ्घहरूमा सहभागिताबापत बहन गर्नुपर्ने दायित्वहरूको अधीनमा रही आप्रवासी कामदार र निजका परिवारका सदस्यहरूले निम्न अवस्थाहरूमा उनीहरूको घरायसी सरसामान तथा रोजगारीको राष्ट्रमा प्रवेश गरिसकेपछि उनीहरूले गर्नुपर्ने कामसँग सम्बन्धित सामान र औजारको आयात निर्यात महसुल र कर छुटको सुविधा प्राप्त गर्नेछन्।

(क) उत्पत्तिको राष्ट्र वा बसोवासको राष्ट्रबाट प्रस्थान गर्दा

(ख) सुरुमा रोजगारीको राष्ट्रमा प्रवेश गर्दा

(ग) रोजगारीको राष्ट्रबाट अन्तिममा प्रस्थान गर्दा

(घ) उत्पत्तिको राष्ट्र वा बसोवासको राष्ट्रमा अन्तिममा फर्कंदा।

धारा ४७

१. आप्रवासी कामदारहरूले रोजगारीको राष्ट्रबाट उत्पत्तिको राष्ट्र वा अन्य कुनै राष्ट्रमा उनीहरूको आय वा बचत खासगरी परिवारका सदस्यहरूका लागि

आवश्यक रकम पठाउन पाउने अधिकार हुनेछ। यसरी रकम पठाउँदा सम्बन्धित राष्ट्रको कानुनद्वारा तोकिएको कार्यविधि एवम् सोसँग लागु हुने अन्तर्राष्ट्रिय सम्झौताहरूसँग मेल खाने गरी पठाइनेछ।

२. सम्बन्धित राष्ट्रले त्यसरी रकम पठाउनलाई सहज गराउन उपयुक्त उपाय अवलम्बन गर्नेछ।

धारा ४८

१. आप्रवासी कामदारहरू तथा परिवारका सदस्यहरूले रोजगारीको राष्ट्रमा गरेको आम्दानी दोहोरो करसम्बन्धी सम्झौता प्रतिकूल नहुने गरी देहायबमोजिम हुनेछ।

(क) समान अवस्थामा रहेका सोही राष्ट्रका नागरिकबाट लिइनेभन्दा बढी कर महसुल वा अन्य कुनै पनि शुल्क तिर्नु नपर्ने,

(ख) समान स्थितिका सोही राष्ट्रका नागरिकहरूलाई कुनै प्रकारको कर छुट वा उन्मुक्ति र कर अनुदान दिइएको भए सो समेत र परिवारका आश्रित सदस्यलाई दिइने अनुदानसमेतमा कर छुट वा कम हुने,

२. आप्रवासी कामदार र तिनीहरूका परिवारका सदस्यहरूले गरेको आय तथा बचतमा दोहोरो कर नलगाउने व्यवस्था गर्न पक्षराष्ट्रहरूले उपयुक्त उपायहरू चाल्न प्रयास गर्नेछन्।

धारा ४९

१. रोजगारीको राष्ट्रमा कानुनद्वारा बसोवास र रोजगारीका लागि छुट्टाछुट्टै अनुमति लिनुपर्ने व्यवस्था भएमा सो राष्ट्रले अनुमति दिंदा कम्तिमा पारिश्रामिक पाउने काममा संलग्न हुने अवधि बराबरको अवधिका लागि अनुमति दिनेछ।

२. रोजगारीको राष्ट्रमा स्वतन्त्ररूपले पारिश्रामिक पाउने काम खोज्न पाउने आप्रवासी कामदारहरूलाई काम गर्ने अनुमित वा त्यस्तै अरु अनुमितको अवधिभन्दा अगाडि नै त्यस्तो पारिश्रामिक पाउने काम समाप्त भएको आधारमा मात्र अनियमित कामदारको रूपमा मानिने छैन र बसोवासको अनुमति गुम्ने छैन।

३. यस धाराको अनुच्छेद २ मा उल्लेखित आप्रवासी कामदारहरूलाई पारिश्रामिक पाउने बैकल्पिक काम खोज्नको लागि पर्याप्त समयावधि प्रदान गर्न कम्तिमा पनि बेरोजगार भएबापत पाउने सुविधा बाँकी अवधिभन्दा अगाडि नै बसोवासको अनुमती खारेज गरिने छैन।

धारा ५०

१. आप्रवासी कामदारको मृत्यु वा सम्बन्ध विच्छेद भएमा रोजगारीको राष्ट्रले

त्यस्ता आप्रवासी कामदारहरूका परिवारका सदस्यहरूलाई पुन: मिलनका आधारमा सोही राष्ट्रमा बस्ने अनुमति दिनेतर्फ सकारात्मक विचार राख्नेछन् र त्यस्तो अनुमित दिँदा उनीहरू सो राष्ट्रमा विगतमा बसोवास गरेको अवधिलाई ध्यानमा राख्नेछन्।

२. त्यसरी अनुमति नदिइएको परिवारको सदस्यहरूलाई प्रस्थान अघि रोजगारीको राष्ट्रमा उनीहरूकोहिसाब किताब मिलाउनका लागि मनासिव समय दिनेछन्।

३. यस धाराको अनुच्छेद १ र २ को व्यवस्थालाई रोजगारीको राष्ट्रको कानुन वा सो राष्ट्रमा लागु हुने दुई पक्षीय र बहुपक्षीय सन्धिहरूले परिवारका सदस्यहरूलाई बस्ने र काम गर्ने अधिकार प्रदान गरिएको भएमा सो अधिकारमा प्रभाव पारेको भनी व्याख्या गरिने छैन।

धारा ५१

आप्रवासी कामदारहरूको बसोवासको अनुमति स्पष्टरूपमा विशेष प्रकारको पारिश्रामिक पाउने काममा मात्र आधारित भएकोमाबाहेक रोजगारीको राष्ट्रमा पारिश्रामिकमा गर्ने काम स्वतन्त्ररूपमा छान्न नपाउने आप्रवासी कामदारहरूलाई काम गर्न अनुमति समाप्त हुनुभन्दा पहिले पारिश्रामिक पाउने काम समाप्त भएको एक मात्र आधारमा अनियमित अवस्थामा रहेको मानिने छैन नत उनीहरूले आफ्नो बसोवासको अनुमति गुमाउने छन्। यस्ता आप्रवासी कामदारहरूलाई काम गर्ने अनुमतिका शर्त र सीमाहरूको अधीनमा रही बाँकी अवधिका लागि बैकल्पिक रोजगारी खोज्ने, सार्वजनिक कामको योजनामा सहभागी हुने र पुन: तालिम पाउने अधिकार हुनेछ।

धारा ५२

१. निम्नबमोजिमका शर्त र बन्देजको अधीनमा रही आप्रवासी कामदारहरूले रोजगारीको राष्ट्रमा स्वन्त्र तवरले पारिश्रमिक पाउने काम खोज्ने अधिकार रहनेछ।

२. रोजगारीको राष्ट्रले आप्रवासी कामदारका सम्बन्धमा निम्नबमोजिम गर्न सक्नेछ:

(क) रोजगारीको राष्ट्रको राष्ट्रिय हितका लागि आवश्यक भएमा र कानुनद्वारा व्यवस्था भएमा केही सीमित प्रकारको रोजगारी, कार्य, सेवा वा क्रियाकलापको पहुँचबाट रोक लगाउने।

(ख) कानुनबमोजिम आफ्नो भू-भागभन्दा बाहिर प्राप्त गरेको व्यवसायिक योग्यताको मान्यता सम्बन्धमा पारिश्रमिक पाउने कार्यको स्वतन्त्र छनौटमा रोक लगाउन सक्नेछ तर सम्बन्धित पक्षराष्ट्रहरूले त्यस्तो योग्यतालाई मान्यता दिनका लागि प्रयत्न गर्नेछन्।

३. रोजगारीको राष्ट्रले कामको अनुमतिमा समयको सीमा तोकिएका आप्रवासी कामदारहरूको सम्बन्धमा निम्नबमोजिम गर्न सक्नेछ:

(क) राष्ट्रिय कानुनमा तोकिएको समयावधिसम्म सो राज्यमा कानुनीरूपमा बसेको हुनुपर्ने भन्ने शर्तको अधीनमा रही दुई वर्षमा नबढाई आप्रवासी कामदारले पारिश्रामिक पाउने काम स्वतन्त्ररूपले छान्न पाउने अधिकार दिन।

(ख) राष्ट्रिय कानुन र द्विपक्षीय सम्झौताबमोजिम आफ्ना नागरिक वा सो प्रयोजनका लागि आफ्ना नागरिकसरह नै समेटिएका व्यक्तिहरूलाई प्राथमिकता दिने नीति अनुरूप आप्रवासी कामदारहरूलाई पारिश्रमिक पाउने क्रियाकलापमा आउने पहुँच सीमित गर्ने। यस्ता सीमाहरू पारिश्रामिक पाउने कामका लागि सो राष्ट्रको भूभागमा ५ वर्षभन्दा नबढ्ने गरी कानुनीरूपले बसेको आप्रवासी कामदारहरूको हकमा त्यस्तो कुनै सीमा लागु हुने छैन।

४. रोजगारीका लागि प्रवेश दिइएको आप्रवासी कामदारहरूलाई रोजगारीको राष्ट्रले निजहरूकै तर्फबाट काममा संलग्न हुन अनुमति दिन सक्ने शर्तहरू तोक्नेछ। यस्ता कामदारहरू कानुनबमोजिम रोजगारीको राष्ट्रमा पहिलेदेखि नै रहेको अवधिलाई गणना गरिनेछ।

धारा ५३

१. बसोवास वा प्रवेशका लागि समय सीमा नतोकिएका वा स्वत: नविकरण हुने गरी अनुमति पाएका आप्रवासी कामदारका परिवारका सदस्यहरूले यस महासन्धिको धारा ५२ बमोजिम आप्रवासी कामदारलाई लागु हुने समान शर्तमा स्वतन्त्ररूपले आफ्नो पारिश्रमिक पाउने काम खोज्ने अनुमित दिइनेछ।

२. स्वतन्त्ररूपमा तलव पाउने काम रोज्न नपाउने आप्रवासी कामदारहरूका परिवारका सदस्यहरूको सम्बन्धमा पक्षराष्ट्रहरूले तत्काल प्रचलित द्विपक्षीय र बहुपक्षीय सम्झौताको अधीनमा रही कुनै पारिश्रमिक पाउने कामको लागि अनुमति प्राप्त गर्ने कार्यमा रोजगारीको राष्ट्रमा रहेका अन्य कामदारहरूले भन्दा प्राथमिकता दिनेतर्फ सकारात्मक सोचाई राख्नेछन्।

धारा ५४

१. आप्रवासी कामदारहरू बसोवास र काम गर्ने अनुमति पाएको शर्त र यस महासन्धिको धारा २५ र २७ द्वारा प्रदत्त अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी उनीहरूले रोजगारीको राष्ट्रमा निम्न विषयमा सो राष्ट्रका नागरिकसरह समान व्यवहार पाउनेछन्।

(क) बर्खास्तीविरुद्धको अधिकार

(ख) बेरोजगार भत्ता
(ग) बेरोजगारविरुद्ध सञ्चालन गरिएको सार्वजनिक योजनासम्म पहुँच
(घ) धारा ५२ को अधीनमा रही तलब पाउने काम गुमाएमा वा सकिएमा रोजगारीको वैकल्पिक व्यवस्थासम्मको पहुँच।

२. यदि रोजगारदाताले आप्रवासी कामदारसँग भएका कामको सम्झौता वा शर्तहरू उल्लङ्घन गरेको दावी आप्रवासी कामदारले गरेमा यस महासन्धिको धारा १८ को अनुच्छेद १ मा उल्लेखित शर्तअनुसार निजले रोजगारीको राष्ट्रको सक्षम निकायसमक्ष उजुरी पेश गर्ने अधिकार हुनेछ।

धारा ५५

पारिश्रामिक पाउने काम गर्न अनुमति पाएका आप्रवासी कामदारहरूले त्यस्तो अनुमतिमा रहेको शर्तहरूको अधीनमा रही सो कामका सम्बन्धमा रोजगारीको राष्ट्रका नागरिकहरूसरह समान व्यवहार पाउने अधिकार हुनेछ।

धारा ५६

१. यस महासन्धिको यस भागमा उल्लेखित आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूलाइ रोजगारीको राष्ट्रको राष्ट्रिय कानुनमा किटानीरूपमा तोकिएको कारणमाबाहेक यस महासन्धिकै भाग ३ मा तोकिएको संरक्षणहरूको अधीनमा नरही सो राष्ट्रबाट निष्काशन गरिने छैन।

२. आप्रवासी कामदार वा निजको परिवारका सदस्यहरूलाई बसोवासको र काम गर्ने अनुमतिबाट सृजित अधिकारबाट वन्चित गर्नका लागि निष्काशनको कारबाही गरिने छैन।

३. कुनै आप्रवासी कामदार वा निजको परिवारको सदस्यलाई निष्काशनको कारबाही गर्ने नगर्ने भन्ने निर्णय गर्दा निज रोजगारीको राष्ट्रमा पहिलेनै बसेको अवधि र मानवीय धारणालाई पनि ध्यान दिइने ।

भाग ५

खास प्रकारका आप्रवासी कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरूलाई लागु हुने व्यवस्थाहरू

धारा ५७

यस महासन्धिको यस भागमा उल्लेखित अभिलेखमा रहेका वा नियमित स्थितिका खास प्रकारका आप्रवासी कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरूले यस

महासन्धिको भाग ३ मा उल्लेखित अधिकारहरू र तल अन्यथा लेखिएकोमा बाहेक भाग ४ मा उल्लेखित अधिकारहरू उपभोग गर्न पाउनेछन्।

धारा ५८

१. यस महासन्धिको धारा २ को अनुच्छेद २(क) ले परिभाषित गरेका सीमाक्षेत्रका कामदारहरूले भाग ४ मा उल्लेखित अधिकारहरू उपभोग गर्न पाउने छन्। यस्ता अधिकारहरू रोजगारीको राष्ट्रमा भएको उनीहरूको उपस्थितिको कारणबाट उपलब्ध गराइन्छ र यसलाई प्रदान गर्दा सो राज्यमा उनीहरूको नियमित बसोवास छ छैन भन्ने कुरालाई समेत ध्यानमा राखिनेछ।

२. रोजगारीको राष्ट्रहरूले सीमा क्षेत्रका कामदारहरूलाई निश्चित अवधिपछि स्वतन्त्ररूपले पारिश्रमिक पाउने काम रोज्न दिने कुरामा सकारात्मक किसिमले विचार गर्नेछन्। यस्तो अधिकार प्रदान गरिँदा उनीहरूको सीमा क्षेत्रको कामदारको हैसियतमा असर पार्ने छैन।

धारा ५९

१. महासन्धिको धारा २ को अनुच्छेद २ (ख) मा परिभाषा गरिएका मौसमी कामदारहरू जसलाई सो राष्ट्रमा उनीहरूको मौसमी कामदारको हैसियत प्रदान गरिएको हुन्छ उनीहरूले रोजगारीको राष्ट्रमा उपस्थित भएको कारणबाट भाग ४ मा उल्लेखित अधिकारहरू उपभोग गर्न पाउनेछन् र सो राष्ट्रमा वर्षको केही अवधि मात्र उपस्थित रहेको कुरालाई ध्यान दिइनेछ।

२. रोजगारीको राष्ट्रले आफ्नो क्षेत्रमा लामो समयसम्म काम गरेका मौसमी कामदारहरूलाई यस धाराको अनुच्छेद १ को अधीनमा रही अन्य पारिश्रमिक पाउने कार्य गर्न अनुमित दिने सम्भावनातर्फ विचार गर्नेछ र द्विपक्षीय र बहुपक्षीय सम्झौताको अधीनमा रही तिनीहरूलाई अन्य कामदारहरूलाई भन्दा पहिलो प्राथमिकता दिने सम्भावनातर्फ विचार गर्नेछ।

धारा ६०

यस महासन्धिको धारा २ को अनुच्छेद २ को उपअनुच्छेद (ङ) द्वारा परिभाषित यात्राको सूचीका कामदारहरूले रोजगारीको राष्ट्रको क्षेत्रमा भएको उपस्थिति र कार्यको आधारमा यस महासन्धिको भाग ४ मा व्यवस्था भएका अधिकारहरू उपभोग गर्न पाउनेछन्।

धारा ६१

१. यस महासन्धिको धारा २ को अनुच्छेद २ (च) द्वारा परिभाषित आयोजना आबद्ध

कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरूले धारा ४३ को अनुच्छेद १ (ख) र (ग), (घ) भएको सामाजिक आवास योजनासँग सम्बन्धित व्यवस्था, धारा ४५ को अनुच्छेद (ख) र धारा ५२ देखि ५५ धाराले गरेका व्यवस्थाबाहेक भाग ४ मा उल्लेखित अन्य अधिकारहरू प्रयोग गर्न सक्नेछन्।

२. आयोजना आबद्ध कामदारले निजको रोजगारदाताले रोजगारी करारको शर्त उल्लङ्घन गरेको भन्ने दावी गरेमा सो रोजगारदाताविरुद्ध सो राज्यको सक्षम निकायमा यस महासन्धिको धारा १८ को १ को अधीनमा रही उजुरी पेश गर्ने अधिकार हुनेछ।

३. पक्षराष्ट्रहरूले आयोजना आबद्ध कामदारहरू सम्बन्धित आयोजनामा संलग्न हुँदासम्म द्विपक्षीय वा बहुपक्षीय सम्झौताको अधीनमा रही उनीहरूलाई उत्पतिको राष्ट्र वा बसोवासको राष्ट्रमा हुने सामाजिक सुरक्षा प्रणालीद्वारा पर्याप्तरूपमा सुरक्षित गराउन भरमगदुर प्रयास गर्नेछन्। पक्षराष्ट्रहरूले यस सम्बन्धमा दोहोरो भुक्तानी हटाउने वा अधिकारको इन्कारी हटाउने उद्देश्यले उपयुक्त कदम चाल्नेछन्।

४. महासन्धिको धारा ४७ र सम्बन्धित द्विपक्षीय र बहुपक्षीय सम्झौताको व्यवस्थामा प्रतिकूल प्रभाव नहुने गरी, पक्षराष्ट्रले आयोजना आबद्ध कामदारहरूको कमाइ निजहरूको बसोवास भएको राष्ट्र वा उत्पत्तिको राष्ट्रमै भुक्तानी दिने अनुमति दिनेछन्।

धारा ६२

१. यस महासन्धिको धारा २, अनुच्छेद २ (छ) मा परिभाषित विशेष रोजगारीका कामदारहरू धारा ४३ को अनुच्छेद १ (ख), (ग) र (घ) मा रहेको सामाजिक आवास योजनासँग सम्बन्धित, धारा ५२ र धारा ५३ मा उल्लेखितबाहेक भाग ४ मा उल्लेखित अन्य अधिकारहरू उपभोग गर्ने अधिकार हुनेछ।

२. विशेष रोजगारीका कामदारहरूका परिवारका सदस्यहरूलाई धारा ५३ का व्यवस्थाबाहेक आप्रवासी कामदारका परिवारका सदस्यहरूलाई यस महासन्धिको भाग ४ मा प्रदत्त अधिकारहरू उपभोग गर्ने अधिकार हुनेछ।

धारा ६३

१. यस महासन्धिको धारा २ (ज) मा परिभाषित स्वरोजगार कामदारलाई रोजगारीको करार गरेका कामदारहरूलाई मात्र लागु हुने अधिकारबाहेकका भाग ४ मा उल्लेखित अन्य अधिकार उपभोग गर्ने अधिकार हुनेछ।

२. यस महासन्धिको धारा ५२ र ७९ को व्यवस्थालाई प्रतिकूल प्रभाव नपर्ने गरी स्वरोजगार कामदारहरूको आर्थिक क्रियाकलाप समाप्त हुने गरी उनीहरू र उनीहरूको परिवारका सदस्यहरूलाई रोजगारीको राष्ट्रमा बसोवासको अनुमति

स्पष्टरूपले उनीहरू प्रवेश पाएको पारिश्रमिक पाउने काममा मात्र निर्भर हुनेमा बाहेक सो राष्ट्रमा बस्ने र पारिश्रमिक पाउने कार्यमा संलग्न हुने अनुमित फिर्ता लिइने छैन।

भाग ६

कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको अन्तर्राष्ट्रिय आप्रवास सम्बन्धमा उपयुक्त, समान्यायिक, मानवीय र कानुनी अवस्थाको प्रवर्धन

धारा ६४

१. यस महासन्धिको धारा ७९ को प्रतिकूल प्रभाव नहुने गरी सम्बन्धित पक्षराष्ट्रहरूले कामदार र उनीहरूका सदस्यहरूको अन्तर्राष्ट्रिय आप्रवासन सम्बन्धमा उपयुक्त, समन्यायिक, मानवीय र कानुनी अवस्थाको प्रवर्धनका लागि आवश्यकताअनुसार सम्पर्क तथा सहयोग गर्नेछन्।

२. यस सम्बन्धमा श्रमिकको आवश्यकता तथा स्रोतलाई मात्र नभै आप्रवासी कामदार र निजका परिवारका सदस्य समेतको सामाजिक, आर्थिक, सांस्कृतिक तथा अन्य आवश्यकतासमेत एवम् सम्बन्धित समुदायमा त्यस्तो आप्रवासनबाट पर्ने परिणामसमेतलाई ध्यानमा राखिनेछ।

धारा ६५

कामदारहरूको र तिनीहरूको परिवारका सदस्यहरूको अन्तर्राष्ट्रिय आप्रवासनको सम्बन्धमा उठ्ने प्रश्नहरूको समाधान गर्न पक्षराष्ट्रहरूले उपयुक्त सेवाको व्यवस्था गर्ने छन्। तिनीहरूका कार्यहरू देहायबमोजिम हुनेछन्:

(क) आप्रवासनसम्बन्धी नीति निर्माण र कार्यान्वयन गर्ने,

(ख) त्यस्तो आप्रवासन सम्बन्धमा अन्य पक्षराष्ट्रहरूको सक्षम निकायहरूसँग सूचना आदान प्रदान, परामर्श तथा सहयोग गर्ने,

(ग) आप्रवासन र रोजगारसँग सम्बन्धित नीति, कानुन र नियमहरू आप्रवासन र सो सम्बन्धमा अन्य राष्ट्रसँग भएका सम्झौताहरूजस्ता विषयहरूमा खासगरी रोजगारदाता, कामदार र तिनीहरूको संस्थाहरूलाई उपयुक्त जानकारी उपलब्ध गराउने।

(घ) आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूलाई चाहिने अनुमति र औपचारिकता र प्रस्थान, यात्रा, आगमन, बसाई, पारिश्रमिक आउने काममा जाने आउने कुरासम्बन्धी व्यवस्था, कामका शर्तहरू र रोजगारीको राष्ट्रको

जीवनशैली, भन्सार महसुल, मुद्रा कर, सान्दर्भिक कानुन र नियमसम्बन्धी सूचना तथा सहयोगसम्बन्धी व्यवस्था मिलाउने।

२. पक्षराष्ट्रहरूले आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूको सामाजिक सांस्कृतिक तथा अन्य आवश्यकता पूरा गर्न आवश्यक पर्ने पर्याप्त कुटनीतिक प्रतिनिधि र अन्य सेवाहरू पूरा गर्न आवश्यकताअनुसार सहयोग गर्नेछन्।

धारा ६६

१. यस धाराको अनुच्छेद २ को अधीनमा रही कामदारहरूलाई अर्को राष्ट्रको रोजगारीमा भर्ना गर्दा तिनीहरूको काम गर्ने अधिकारको प्रयोगमा निम्नबमोजिम बन्देज हुनेछ:

(क) त्यस्तो रोजगारी गर्न पठाउने राष्ट्रको सार्वजनिक सेवा वा निकायमा

(ख) सम्बन्धित राष्ट्रसँग भएको सम्झौताबमोजिम रोजगारीको राष्ट्रको सार्वजनिक सेवा तथा निकायमा

(ग) द्विपक्षीय तथा बहुपक्षीय सम्झौताबाट स्थापित निकायमा

२. सम्बन्धित पक्षराष्ट्रको कानुन र व्यवहारबमोजिम स्थापित सार्वजनिक निकायद्वारा दिइने अनुमति, स्वीकृति र सुपरिवेक्षणको अधीनमा रही संस्थाहरू, सम्भावित रोजगारदाताहरू वा उनीहरूको तर्फबाट काम गरिरहेका व्यक्तिहरूलाई पनि उक्त कार्य गर्न अनुमति दिन सकिनेछ।

धारा ६७

१. सम्बन्धित पक्षराष्ट्रहरूले आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूले उत्पत्तिको राष्ट्रमा फर्कने निर्णय गरेमा वा उनीहरूको बसोवास र रोजगारको अनुमतिको समय समाप्त भएमा वा रोजगारीको राष्ट्रमा तिनीहरू अनियमित भएमा उनीहरूलाई सहज र व्यवस्थितरूपमा फिर्ता गर्नका लागि उपयुक्त उपाय अवलम्बन गर्न सहयोग गर्नेछन्।

२. नियमित अवस्थामा रहेका सम्बन्धित आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूका समबन्धमा उनीहरूलाई उत्पत्तिको राष्ट्रमा पुनः स्थापना र दिगो सामाजिक एवम् सांस्कृतिक एकीकरणलाई सहज बनाउनका लागि प्रयप्त आर्थिक अवस्थाको प्रवर्धन गर्न सम्बन्धित पक्षराष्ट्रहरूले उनीहरूले गरेको सहमतिबमोजिम आवश्यक सहयोग गर्नेछन्।

धारा ६८

१. बाटोमा पर्ने राष्ट्रलगायत पक्षराष्ट्रहरूले गैरकानुनी वा पर्दा पछाडि गरिने गतिविधि र आप्रवासी कामदारलाई अनियमित काममा लगाउने कार्य रोक्नका लागि आपसमा सहकार्य गर्नेछन्।

यसका लागि प्रत्येक सम्बन्धित पक्षराष्ट्रहरूले आफ्नो क्षेत्राधिकारभित्र निम्नबमोजिमको उपाय अवलम्बन गर्नु पर्नेछ।

(क) विदेशमा प्रवेश र अध्यागमनसम्बन्धी झुठा सूचना प्रवाहविरुद्ध उपयुक्त कदमहरू चाल्ने

(ख) आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूको गैरकानुनी वा गोप्य गतिविधि पत्ता लगाउने एवम् निर्मूल पार्ने र त्यस्तो गतिविधि सञ्चालन गर्ने गराउने वा सहयोग गर्ने व्यक्ति, समूह वा निकायलाई प्रभावकारी सजाय गराउनेसम्बन्धी कदमहरू चाल्ने

(ग) अनियमित अवस्थामा रहेका आप्रवासी कामदारहरू तथा तिनीहरूका परिवारका सदस्यहरूलाई त्रास वा धम्की दिने व्यक्ति संस्था वा निकायविरुद्ध प्रभावकारी सजाय गराउने कदमहरू।

२. रोजगारीको राष्ट्रले आप्रवासी कामदारलाई आफ्नो भू-भागभित्र अनियमित अवस्थामा रोजगारी दिने कार्यलाई निर्मूल पार्न प्रभावकारी र पर्याप्त उपायहरू अवलम्बन गर्नेछन् र आवश्यक परे त्यस्ता कामदारका रोजगारदातालाई समेत सजाय गर्न सक्नेछन्। उपरोक्त उपायहरूले रोजगारीबाट उत्पन्न हुने आप्रवासी कामदार साथै उनीहरूका रोजगारदाताको अधिकारलाई बाधा पुऱ्याउने छैन।

धारा ६९

१. आफ्नो क्षेत्रभित्र अनियमित अवस्थामा रहेका आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूको सो अवस्था नलम्ब्याउने कुरा सुनिश्चित गर्न उपयुक्त उपायहरू अविलम्बन गर्नेछन्।

२. सम्बन्धित पक्षराष्ट्रहरूले प्रचलित राष्ट्रिय कानुन र द्विपक्षीय वा बहुपक्षीय सम्झौताहरूबमोजिम त्यस्ता व्यक्तिहरूलाई नियमित अवस्थामा ल्याउने सम्भावनाका सम्बन्धमा विचार गर्दा उनीहरूको प्रवेश गर्दाको अवस्थामा रोजगारीको राष्ट्रमा उनीहरूको बसाई र अन्य सम्बद्ध कुराहरू खासगरी उनीहरूको पारिवारिक अवस्थालाई ध्यान दिइनेछ।

धारा ७०

पक्षराष्ट्रहरूले नियमित अवस्थामा रहेका आप्रवासी कामदारहरू तथा तिनीहरूको परिवारका सदस्यहरूको काम तथा जीविकाको अवस्था आफ्ना नागरिकभन्दा कम

सुविधा नहुने गरी शारीरिक तन्दुरुस्ती, सुरक्षा, स्वास्थ्य र मानवीय मूल्यका सिद्धान्तको मापदण्डअनुरूप हुनेछन्।

धारा ७१

१. पक्षराष्ट्रहरूले आवश्यक परेको समयमा आप्रवासी कामदारहरू वा निजको परिवारका सदस्यहरूको मृत शरीर उत्पत्तिको राष्ट्रमा फिर्ता लैजाने व्यवस्था मिलाउनेछन्।

२. आप्रवासी कामदार वा निजको परिवारका सदस्यहरूको मृत्युको क्षतिपूर्तिका सम्बन्धमा सो विषयको छिटो निरूपणका लागि पक्षराष्ट्रहरूले सम्बन्धित व्यक्तिलाई आवश्यकताअनुसार सहयोग गर्नेछन्। यसो गर्दा यस महासन्धिमा व्यवस्था भएबमोजिम र दुईपक्षीय र बहुपक्षीय सम्झौताअनुसार प्रचलित राष्ट्रिय कानुनको आधारमा गरिनेछ।

भाग ७

महासन्धिको कार्यान्वयन

धारा ७२

१. यस महासन्धिको कार्यान्वयनको पुनरावलोकन गर्नका लागि सबै आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूको अधिकार संरक्षण समिति (यसपछि 'समिति' भनिएको) नामको एक समिति स्थापना गरिनेछ। सो समितिमा यस महासन्धि लागु हुँदाका बखत १० जना र लागु भइसकेपछि ४१ वटा राष्ट्रहरूले अनुमोदन गरिसकेपछि १४ जना उच्च नैतिकता भएका निष्पक्ष एवम् महासन्धिको क्षेत्रमा दक्षता हासिल गरेका विशेषज्ञहरू रहनेछन्।

२. पक्षराष्ट्रहरूद्वारा मनोनित गरिएका व्यक्तिहरूको सूचीबाट समितिका सदस्यहरूको निर्वाचन पक्षराष्ट्रहरूको गोप्य मतदानबाट हुनेछ। यस्तो निर्वाचन गर्दा रोजगारीको राष्ट्र र उत्पत्तिको राष्ट्रबीच समन्यायिक भौगोलिक वितरण र प्रमुख कानुन प्रणालीको प्रतिनिधित्वसमेतलाई ध्यान पुऱ्याइनेछ। प्रत्येक पक्षराष्ट्रले आफ्ना नागरिकहरूमध्येबाट एकजना व्यक्ति मनोनित गर्न सक्नेछ। सदस्यहरू निर्वाचित हुनेछन् र व्यक्तिगत हैसियतमा काम गर्नेछन्।

३. यो महासन्धि लागु भएको मितिबाट छ महिनाभन्दा ढिलो नहुने गरी प्रारम्भिक निर्वाचन गरिनेछ र पछिका निर्वाचनहरू प्रत्येक दुई/दुई वर्षमा हुनेछ। प्रत्येक निर्वाचन हुनुभन्दा चार महिना अघि नै संयुक्त राष्ट्रसङ्घको महासचिवले पक्षराष्ट्रहरूलाई दुई महिनाभित्रै आ-आफ्नो मनोनयन पत्र पठाउन पत्र

पठाउनेछन्। यसरी मनोनयन भएका व्यक्तिहरूको नामावली उनीहरूलाई मनोनयन गर्ने राष्ट्रसमेत खोली वर्णानुक्रमअनुसार महासचिवले तयार गर्नेछन् र सो नामावलीलाई निर्वाचनको मितिभन्दा कम्तीमा एक महिना अघि मनोनित व्यक्तिहरूको व्यक्तिगत विवरणसहित पक्षराष्ट्रहरूलाई पठाइनेछ।

४. समितिका सदस्यहरूको निर्वाचन महासचिवद्वारा बोलाइएको पक्षराष्ट्रहरूको संयुक्त राष्ट्रसङ्घ प्रधान कार्यालयमा हुने बैठकमा गरिने छ। सो बैठकमा पक्षराष्ट्रहरूको दुई तिहाइले गणपुरक सङ्ख्या पुगेको बैठकबाट सबैभन्दा बढी भोट पाउने र उपस्थित भई मतदान गर्ने पक्षराष्ट्रको पूर्ण बहुमत हासिल गर्ने मनोनित व्यक्तिहरू समितिमा निर्वाचित हुनेछन्।

५. समितिका सदस्यहरूको पदावधि चार वर्षको हुनेछ। तर पहिलो निर्वाचनमा निर्वाचित पाँच जना सदस्यहरूको पदावधि दुई वर्षमा समाप्त हुनेछ। पहिलो निर्वाचन भएको तत्कालपछि पक्षराष्ट्रहरूको बैठकको अध्यक्षबाट गोला प्रथाद्वारा ती पाँचजना सदस्यहरूको नाम छानिनेछ।

महासन्धिको ४१ औँ पक्षराष्ट्र भएपछि समितिका अन्य चारजना सदस्यहरूको निर्वाचन यसै धाराको अनुच्छेद २, ३ र ४ बमोजिम हुनेछ। सोमध्ये निर्वाचित दुई थप सदस्यहरूको पदावधि दुई वर्षमा समाप्त हुनेछ र यी सदस्यहरूको नाम अध्यक्षबाट पक्षराष्ट्रहरूको बैठकमा गोलाप्रथाद्वारा छनौट गरिनेछ।

६. यदि समितिको कुनै सदस्यको मृत्यु भएमा वा निजले राजिनामा दिएमा वा अन्य कुनै कारणबाट निजले समितिको कर्तव्य पूरा गर्न नसक्ने भनी घोषणा गरेमा सो विशेषज्ञलाई मनोनयन गर्ने सदस्य राष्ट्रले बाँकी अवधिका लागि आफ्ना नागरिकहरूमध्येबाट अर्को विशेषज्ञ नियुक्ति गर्नेछ। नयाँ नियुक्ति समितिबाट अनुमोदित हुनुपर्नेछ।

७. समितिको कार्य प्रभावकारीरूपमा सम्पन्न गर्नका लागि संयुक्त राष्ट्रसङ्घीय महासचिवले आवश्यक कर्मचारी तथा सुविधा उपलब्ध गराउनेछन्।

८. समितिका सदस्यहरूको महासभाले तोकेको शर्तबमोजिम संयुक्त राष्ट्रसङ्घीय स्रोतबाट पारिश्रमिक प्राप्त गर्नेछन्।

९. समितिका सदस्यहरूले महासन्धिका दफाहरूमा तोकिएका संयुक्त राष्ट्रसङ्घको विशेषाधिकार तथा उन्मुक्तिहरू संयुक्त राष्ट्रसङ्घको काममा खटिएका विशेषज्ञसरहको सुविधा विशेषाधिकार र उन्मुक्ति पाउनेछन्।

धारा ७३

१. पक्षराष्ट्रहरूले यस महासन्धिको प्रावधानहरू कार्यान्वयन गर्ने क्रममा उठाएका विधायिकी, न्यायिक तथा प्रशासनिक अन्य उपायहरू सम्बन्धित प्रतिवेदन समितिमा छलफलका लागि संयुक्त राष्ट्रसङ्घीय महासचिवसमक्ष पेश गर्नेछन्।

(क) सम्बन्धित पक्षराष्ट्रहरूको हकमा महासन्धि लागु भएको एक वर्षभित्र
(ख) त्यसपछि प्रत्येक पाँच वर्षमा र समितिले अनुरोध गरेका बखत

२. यस धाराअन्तर्गतको प्रतिवेदनमा महासन्धि कार्यान्वयनमा प्रभाव पार्ने तत्त्वहरू र कठिनाइहरू भएमा सो र सम्बन्धित पक्षराष्ट्र संलग्न भएको आप्रवासी प्रवाहको प्रवृत्ति बारेको जानकारीसमेत उल्लेख गरिनेछ।

३. प्रतिवेदनमा समावेश गर्नुपर्ने अन्य विषयसूचीका सम्बन्ध समितिले थप निर्देशनहरू निर्धारण गर्नेछ।

४. पक्षराष्ट्रहरूले आ-आफ्ना प्रतिवेदनहरू आफ्नो देशका सर्वसाधारणले सहजरूपमा उपलब्ध हुने गरी व्यवस्था गर्नेछन्।

धारा ७४

१. समितिले प्रत्येक पक्षराष्ट्रहरूद्वारा पेश गरिएका प्रतिवेदनहरू जाँच गर्ने र आवश्यक ठानेमा प्रतिक्रिया उल्लेख गरी सम्बन्धित पक्षराष्ट्रलाई पठाउनेछ। यस धाराअन्तर्गत समितिले दिएको कुनै प्रतिक्रियामा आफ्नो भनाई पक्षराष्ट्रले समितिसमक्ष पेश गर्न सक्नेछ। प्रतिवेदन अध्ययन गर्दा समितिले राष्ट्रहरूसँग थप जानकारीहरू माग गरी अनुरोध गर्न सक्नेछ।

२. संयुक्त राष्ट्रसङ्घीय महासचिवले समितिको प्रत्येक नियमित शत्र सुरु हुनुभन्दा पहिले उचित समयभित्रै पक्षराष्ट्रहरूले पठाएका प्रतिवेदनहरू र सो सम्बन्धमा अन्य जानकारीहरू अन्तर्राष्ट्रिय श्रम कार्यालयको क्षेत्रभित्र पर्ने विषयमा सो कार्यालयको दक्षताबाट समितीलाई सहयोग पुऱ्याउनका लागि अन्तर्राष्ट्रिय श्रम कार्यालयको महानिर्देशकसमक्ष पठाउनेछ। त्यस कार्यालयले दिएको प्रतिक्रिया एवम् सामग्रीहरूलाई समितिले आफ्नो छलफलको क्रममा विचार गर्नेछ।

३. संयुक्त राष्ट्रसङ्घीय महासचिवले समितिसँग परामर्श गरी यस्ता प्रतिवेदन वा सम्बन्धित अंशका प्रतिहरू उनीहरूको कार्य क्षेत्रभित्र पर्ने विषयको सम्बन्धमा अन्य विशिष्टकृत संस्था र अन्तर सरकारी सङ्घसंस्थाहरूलाई पठाउनेछन्।

४. समितिले विशिष्टिकृत निकाय र संयुक्त राष्ट्रसङ्घका अङ्गलगायत अन्तरसरकारी संस्था र अन्य सम्बन्धित निकायहरूलाई यस महासन्धिभित्र पर्ने र उनीहरूको कार्य क्षेत्रभित्रको विषयहरूका सम्बन्धमा समितिको विचार विमर्शका लागि लिखितरूपमा जानकारी पेश गर्न लगाउन सक्नेछ।

५. समितिको बैठकमा परामर्शदाताको हैसियतमा सहभागिताका लागि प्रतिनिधि नियुक्ति गर्न अन्तर्राष्ट्रिय श्रम कार्यालयलाई समितिले आमन्त्रण पठाउन सक्नेछ।

६. समितिले अन्य विशिष्टिकृत निकाय र संयुक्त राष्ट्रसङ्घीय अङ्ग तथा अन्य अन्तरसरकारी संस्थाका प्रतिनिधिहरूलाई तिनीहरूसँग सम्बन्धित विषयमा छलफल हुने बैठकमा उपस्थित भई विचार राखी दिन आमन्त्रण गर्न सक्नेछ।

७. समितिले संयुक्त राष्ट्रसङ्घीय महासभामा यस महासन्धिको कार्यान्वयनका सम्बन्धमा वार्षिक प्रतिवेदन पेश गर्नेछ। जसमा पक्षराष्ट्रहरूले पठाएका धारणा र प्रतिवेदनहरूको अध्ययनको आधारमा बनाएको आफ्नो धारणा र सिफारिस रहेको हुनेछ।

८. संयुक्त राष्ट्रसङ्घीय महासचिवले समितिको वार्षिक प्रतिवेदन यस महासन्धिका पक्षराष्ट्रहरू, आर्थिक र सामाजिक परिषद्, संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार आयोग, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महानिर्देशक र अन्य सम्बद्ध संस्थाहरूमा पठाउनेछन्।

धारा ७५

१. समितिले आफ्नो कार्यविधि आफैले तय गर्नेछ।

२. समितिले आफ्ना अधिकृतहरू दुई वर्षका लागि नियुक्त गर्नेछ।

३. समिति साधारणतया वर्षको एक पटक बैठक बस्नेछ।

४. समिति बैठक साधारणतया संयुक्त राष्ट्रसङ्घको प्रधान कार्यालयमा हुनेछ।

धारा ७६

१. यस महासन्धिद्वारा सृजित दायित्वहरूको कुनै पक्षराष्ट्रले पालना गरेको छैन भन्ने दावीका सम्बन्धमा जानकारी प्राप्त गर्न र विचार विमर्श गर्न समिति सक्षम हुनेछ भनी कुनै पनि बेला यस महासन्धिको पक्षराष्ट्रहरूले यो धाराअन्तर्गत घोषणा गर्न सक्नेछन्। यस धाराअन्तर्गत समितिको सक्षमता स्वीकार गरेका पक्षराष्ट्रहरूले पठाएको भएमा मात्र त्यस्ता जानकारी प्राप्त र विचार गर्न सक्नेछ। यदि पक्षराष्ट्रले यस्तो घोषणा नगरेकोमा यस्ता जानकारीहरू समितिले प्राप्त गर्ने छैन। यस धाराअन्तर्गत पठाएका जानकारीहरू देहायबमोजिम कार्यविधिअनुसार हेरिनेछ।

(क) यदि यस महासन्धिको एक पक्षराष्ट्रलाई अर्को पक्षराष्ट्रले यस महासन्धिअन्तर्गतको दायित्वहरू पालना गरिरहेको छैन भन्ने लागेमा सो राष्ट्रले सो विषय सम्बन्धित पक्षराष्ट्रको ध्यानाकर्षणका लागि लिखितरूपमा दिनेछ। यस विषयको जानकारी पक्षराष्ट्रले समितिसमक्षसमेत दिन सक्नेछ। त्यस्तो जानकारी प्राप्त भएको तीन महिनाभित्रै जानकारी प्राप्त गर्ने राष्ट्रले जानकारी दिने राष्ट्रलाई स्पष्टीकरण वा त्यस्तै प्रकारको आन्तरिक कार्यविधिहरू, उपचारको व्यवस्था गर्न बाँकी व्यवस्थासमेतको सम्भव र सम्बन्ध भएसम्मका लिखित जानकारीहरू दिई स्पष्ट पार्नेछ।

(ख) प्रारम्भिक जानकारी प्राप्त गरेको छ महिनासम्म समेत सम्बन्धित पक्षराष्ट्रहरूका बीच उठाएको विषयको निरूपन नभएमा वा आपसी सहमति नभएमा तीमध्ये

कुनै एक राष्ट्रले सो कुरा समितिसमक्ष पेश गर्नेछ र अर्को राष्ट्रलाई समेत जानकारी गराउनेछ।

(ग) समितिले आफूसमक्ष पठाएको यस्तो विषय अन्तर्राष्ट्रिय कानुनका सर्वमान्य सिद्धान्तअनुरूप राज्य तहमा प्राप्त हुने सबै प्रकारका उपचारहरू माग गरिएको वा त्यस्तो उपचार समाप्त भएकोमा मात्र विचार गर्नेछ। तर यदि उपचारको प्रयोग अस्वभाविकरूपमा ढिलो हुने समितिले देखेमा यो नियम लागु हुने छैन।

(घ) यस अनुच्छेदको उपअनुच्छेद (ग) को व्यवस्थाको अधीनमा रही समितिले पक्षराष्ट्रहरूलाई यस महासन्धिको दायित्व प्रतिको सम्मानबाट विवादको मैत्रीपूर्ण समाधानका लागि सद्भावपूर्ण सेवा उपलब्ध गराउनेछ।

(ङ) यस धाराअन्तर्गतको जानकारीका बारेमा जाँचबुझ गर्दा समितिले गोप्य बैठकमा गर्नेछ।

(च) समितिले यस अनुच्छेदको उपअनुच्छेद (ख) अनुसार पक्षराष्ट्रहरूसमक्ष पठाएको कुनै कुरामा सो उपअनुच्छेद (ख) मा उल्लेखित सम्बन्धित पक्षराष्ट्रहरूलाई सान्दर्भिक जानकारी दिन आह्वान गर्नेछ।

(छ) यस अनुच्छेदको उपअनुच्छेद (ख) मा उल्लेखित सम्बन्धित पक्षराष्ट्रहरूलाई समितिले विचार गरिरहेको विषयमा प्रतिनिधित्व गर्ने, र लिखित र मौखिकरूपमा जानकारी पेश गर्ने दिने अधिकार हुनेछ।

(ज) यस अनुच्छेदको उपअनुच्छेद (ख) बमोजिम सूचना प्राप्त गरेको मितिले १२ महिनाभित्र समितिले देहायबमोजिम प्रतिवेदन पेश गर्नेछ।

२. यस अनुच्छेदको उपअनुच्छेद (ख) को अवस्थाभित्र कुनै समाधान पुग्न सकिएमा आफ्नो प्रतिवेदन समितिले तथ्यहरू र समाधानको सङ्क्षिप्त व्यहोरामा मात्र सीमित गर्नेछ।

३. यदि उपअनुच्छेद (घ) बमोजिम समाधान हुन नसकेको अवस्थामा समितिले आफ्नो प्रतिवेदनमा पक्षराष्ट्रहरूको बीचको विवादसम्बन्धी तथ्यहरू समावेश गर्नेछ। पक्षराष्ट्रहरूले लिखित वा मौखिकरूपमा पेश गरेको जानकारीहरू र विवरणहरूसमेत संलग्न गरिनेछ। समितिले सम्बन्धित पक्षराष्ट्रहरूलाई मात्र उनीहरूबीचको विवादसँग सम्बन्धित दृष्टिकोण जानकारी गराउन सक्नेछ। सम्बन्धित पक्षराष्ट्रहरूलाई प्रत्येक विषयमा प्रतिवेदन पठाइनेछ।

४. यस धाराको व्यवस्था यस महासन्धिका दशवटा पक्षराष्ट्रहरूले अनुच्छेद (१) अन्तर्गतको घोषणा गरेपछि लागु हुनेछ। त्यस्ता घोषणा संयुक्त राष्ट्रसङ्घका महासचिवसमक्ष पठाइनेछ र निजले अन्य पक्षराष्ट्रहरूलाई पठाउनेछन्। यस्तो घोषणा महासचिवलाई जानकारी दिई कुनै पनि समयमा फिर्ता लिन सकिनेछ। यस धाराअन्तर्गत पहिले नै सूचित गरिसकेको विषयलाई त्यस्तो घोषणाले कुनै प्रतिकूल प्रभाव पार्ने छैन र सम्बन्धित पक्षराष्ट्रले पुनः यो घोषणा नगरेसम्म

फिर्ता लिएको सूचना प्राप्त भएपछि कुनै पनि पक्षराष्ट्रद्वारा यस धाराअनुसार दिइएको सूचना प्राप्त गरिने छैन।

धारा ७७

१. यस महासन्धिको कुनै एक पक्षराष्ट्रले यस महासन्धिद्वारा प्रदत्त व्यक्तिगत अधिकारहरू उल्लङ्घन गरेको भनी सो राष्ट्रका व्यक्तिहरू वा उनीहरूको तर्फबाट लिन र लिइएको दावी उजुरी हेर्न सक्ने अधिकार समितिलाई छ भनी कुनै पनि बखत यस धाराअन्तर्गत घोषणा गर्न सक्नेछन्। यस्तो घोषणा नगर्ने सम्बन्धित पक्षराष्ट्रहरूसँग समितिले कुनै पनि जानकारी प्राप्त गर्ने छैन।

२. समितिले पठाउने व्यक्तिको नाम नभएका वा अधिकारको दुरूपयोग हुने गरी पठाएका वा महासन्धिको प्रावधानसँग अमिल्दो गरी पठाएका जानकारीहरूलाई मन्यता दिने छैन।

३. निम्न लिखित कुरामा निश्चितता हुँदासम्म समितिले कुनै पनि व्यक्तिगत जानकारीहरू ध्यान दिने छैन।

(क) उही विषयमा अन्तर्राष्ट्रिय अनुसन्धान, मेलमिलापका अन्य प्रक्रियाअन्तर्गत जाँच भइरहेको वा भइसकेको नभएमा

(ख) व्यक्तिले राज्यतहमा प्राप्त सबै उपचारहरूको प्रयोग गरेको तर समितिलाई सो उपचारको व्यवस्था अनावश्यकरूपमा लामो हुने भई वा सो व्यक्तिलाई प्रभावकारी उपचार हुने सम्भावना कम रहेछ भने यो नियम लागु नहुने।

४. यस धाराको अनुच्छेद २ को व्यवस्थाको अधीनमा रही यस धाराद्वारा समितिले प्राप्त गरेका जानकारी अनुच्छेद १ अन्तर्गत घोषणा गर्ने महासन्धिको प्रावधानहरू उल्लङ्घन गरेको आरोप लागेका पक्षराष्ट्रहरूसमक्ष पठाउनेछ। छ महिनाभित्र प्राप्त गर्ने राष्ट्रले समितिसमक्ष लिखितरूपमा सो विषय र उपचार सम्बन्धमा स्पष्टिकरण वा स्पष्ट भनाइ भएमा सो को जानकारीसमेत समितिलाई गराउनु पर्नेछ।

५. यस धाराअन्तर्गत व्यक्ति एवम् सम्बन्धित राष्ट्रबाट प्राप्त सबै जानकारीहरूलाई समितिले विचार विमर्श गर्नेछ।

६. यस धाराअन्तर्गतका जानकारीको जाँचबुझ गर्दा समितिले बन्द बैठकहरू आयोजना गर्नेछ।

७. समितिको आफ्नो दृष्टिकोण सम्बन्धित व्यक्ति तथा राष्ट्रसमक्ष पठाउनेछ।

८. यस महासन्धिका दशवटा पक्षराष्ट्रहरूले यस धाराको अनुच्छेद १ अन्तर्गतको घोषणा पछि यो धाराको व्यवस्था लागु हुनेछ। यस्तो घोषणा पक्षराष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घीय महासचिवसमक्ष पेश गर्नेछन् र निजले अरु सदस्य राष्ट्रहरूमा प्रेषित गर्नेछन्। महासचिवलाई सूचना दिएर कुनै पनि बखत त्यस्तो घोषणा

फिर्ता लिन सकिनेछ। तर घोषणाको फिर्ता गरेबाट यस धाराअन्तर्गत पहिले नै पठाई सकिएका उजुरीका सम्बन्धमा भइरहेका कारबाहीलाई कुनै प्रतिकूल प्रभाव पार्ने छैन। सम्बन्धित पक्षराष्ट्रहरूले पुन: नयाँ घोषणा गरेमाबाहेक घोषणा फिर्ताको सूचना प्राप्त गरिसकेपछि कुनै व्यक्ति वा निजको तर्फबाट पठाएको जानकारी प्राप्त गरिने छैन।

धारा ७८

यस महासन्धिको धारा ७६ को प्रयोग गर्दा महासन्धिले समेतेको विषयसँग सम्बन्धित उजुरी वा विवादको समाधानका विषयमा संयुक्त राष्ट्रसङ्घ र यसका विशिष्टिकृत निकायद्वारा पारित महासन्धि वा अन्य दस्तावेजमा उल्लेखित कार्यविधिका प्रतिकूल नहुने गरी प्रयोग गरिनेछ र विवाद समाधानका लागि पक्षराष्ट्रहरूबीच भएका अन्तर्राष्ट्रिय सम्झौताअनुरूप कार्यविधिको सहयोग लिन रोक लगाएको मानिने छैन।

भाग ८

साधारण प्रावधानहरू (व्यवस्थाहरू)

धारा ७९

आप्रवासी कामदार र तिनीहरूका परिवारहरूको प्रवेशसम्बन्धी मापदण्ड स्थापित गर्ने प्रत्येक पक्षराष्ट्रको अधिकारमा यो महासन्धिले कुनै असर पार्ने छैन। आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूको कानुनी स्थिति र व्यवहारसँग सम्बन्धितअनय विषयमा पक्षराष्ट्रहरूले यो महासन्धिमा व्यवस्था भएका सीमाहरूको अधीनमा निर्धारण गर्नेछन्।

धारा ८०

यस महासन्धिसँग सम्बन्धित कुनै पनि कुराले संयुक्त राष्ट्रसङ्घका विभिन्न निकायहरूको उत्तरदायित्व परिभाषा गरिएका संयुक्त राष्ट्रसङ्घको बडापत्रको व्यवस्थाहरू र विशिष्टिकृत अङ्गहरूको विधानहरूलाई असर पर्ने गरी यो महासन्धिको व्याख्या गरिने छैन।

धारा ८१

१. यस महासन्धिमा लेखिएको कुनै पनि कुराले आप्रवासी कामदार र तिनीहरूको परिवारका सदस्यहरूले निम्न लिखित कुराहरूको आधारमा सहुलियतपूर्ण अधिकार तथा स्वतन्त्रताहरू प्रदान गरिएको भएमा त्यसलाई प्रभाव पार्ने छैन।

(क) पक्षराष्ट्रको कानुन वा व्यवहारले वा
(ख) सम्बन्धित पक्षराष्ट्रमा लागु भएको कुनै दुई पक्षीय वा बहुपक्षीय सन्धि
२. यस महासन्धिमा लेखिएको कुनै पनि कुराले कुनै राष्ट्र समूह वा व्यक्तिलाई यस महासन्धिमा उल्लेख भएको कुनै गतिविधिमा संलग्न हुने वा कार्य गर्न पाउने अधिकार र स्वतन्त्रताहरूलाई प्रतिकूल प्रभाव पुऱ्याउने गरी व्याख्या गरिने छैन।

यस महासन्धिले आप्रवासी कामदारहरू र तिनीहरूका परिवारका सदस्यहरूका लागि प्रदान गरेका अधिकारहरूको फिर्ता लिएको घोषण गर्न सकिने छैन। आप्रवासी कामदारहरू र तिनीहरूको परिवारका सदस्यहरूलाई प्रदान गरिएका कुनै अधिकारहरूलाई फिर्ता गराउने उद्देश्यले उनीहरूमाथि कुनै प्रकारको दबाब दिन पाइने छैन। यो महासन्धिद्वारा मान्यता प्रदान गरिएका अधिकारहरू सम्झौताद्वारा निलम्बन (अलग) गर्न सम्भव हुने छैन। पक्षराष्ट्रहरूले ती सिद्धान्तहरूको सम्मानको सुनिश्चित गर्न उपयुक्त उपायहरू अवलम्बन गर्नेछन्।

धारा ८३

यस महासन्धिअनुसार प्रत्येक पक्षराष्ट्रले निम्नबमोजिम सङ्कल्प गर्दछन्:

(क) कुनै व्यक्तिको यो महासन्धिमा मान्यता प्रदान गरिएका अधिकार तथा स्वतन्त्रताहरूको उल्लङ्घन भएमा त्यसको प्रभावकारी उपचारको व्यवस्थाको सुनिश्चित गर्नेछन्। त्यस्ता उल्लङ्घन कार्यालयको कार्य गर्ने व्यक्ति सरकारी अधिकारीहरूले गरेको किन नहोस्।
(ख) त्यस्तो उपचारको खोजी गरिरहेका व्यक्तिहरूको दावी सक्षम न्यायिक, प्रशासनिक वा व्यवस्थापकीय अङ्गहरू वा राष्ट्रको कानुन प्रणालीद्वारा प्रदान गरिने अन्य कुनै सक्षम निकायबाट हेरिने र निर्णय गर्ने, र त्यस्तो न्यायिक उपचारको सम्भावनाहरू विकास गर्न सुनिश्चित गर्नेछन्।
(ग) उपरोक्तबमोजिमका सक्षम निकायहरूले त्यस्ता उचारहरू प्रदान गरेपछि लागु गर्ने कुराको सुनिश्चित गर्नेछन्।

धारा ८४

यस महासन्धिका व्यवस्थाहरू लागु गर्न व्यवस्थापकीय र अरु आवश्यक उपायहरू अवलम्बन गर्नप्रत्येक पक्षराष्ट्रले सङ्कल्प गर्दछन्।

भाग ९

अन्तिम प्रावधानहरू

धारा ८५

संयुक्त राष्ट्रसङ्घका महासचिवलाई यस महासन्धिको सङ्ग्रहकर्ताको रूपमा जिम्मेवारी तोकिएको छ।

धारा ८६

१. यो महासन्धि सबै राष्ट्रहरूको हस्ताक्षरका लागि खुल्ला राखिनेछ। यो महासन्धिको अनुमोदन आवश्यक हुनेछ।
२. यस महासन्धि कुनै पनि राष्ट्रद्वारा सम्मिलनका लागि खुल्ला राखिनेछ।
३. अनुमोदन वा सम्मिलन सम्बधित लिखतहरूको सङ्ग्रहको जिम्मा संयुक्त राष्ट्रसङ्घको महासचिवमा रहनेछ।

धारा ८७

१. यस महासन्धि अनुमोदन वा सम्मिलनको बीसौँ लिखित सङ्ग्रहको मितिले तीन महिनाको अवधि पछिको पहिलो दिनदेखि लागु हुनेछ।
२. यस महासन्धि लागु भएपछि प्रत्येक राष्ट्रले अनुमोदन वा सम्मिलन गरेपछि आफ्नो अनुमोदनको सङ्ग्रहको वा सम्मिलनको दस्तावेज जिम्मा दिएको तीन महिना पछिको अवधिको पहिलो दिनदेखि यो महासन्धि लागु हुनेछ।

धारा ८८

यो महासन्धि अनुमोदन वा सम्मिलन गर्ने कुनै पनि राष्ट्रले यसको कुनै भाग मात्र प्रयोगलाई बाहेक गर्न सक्ने छैन वा धारा ३ को प्रतिकूल प्रभाव पर्ने गरी कुनै खास वर्गका आप्रवासी कामदारहरूलाई यसको प्रयोगबाट वञ्चित गर्न सक्ने छैनन्।

धारा ८९

१. सम्बन्धित राष्ट्रहरूको हकमा यो महासन्धि लागु भएको पाँच वर्षपछि संयुक्त राष्ट्रसङ्घको महासचिवलाई लिखित सूचनाको माध्यमद्वारा कुनै पनि पक्षराष्ट्रले यो महासन्धिको त्यग गर्न सक्नेछन्।
२. त्यस्तो त्यागको संयुक्त राष्ट्रसङ्घका महासचिवलाई सूचना प्राप्त भएको मितिले बाह्रौँ महिनाको अवधिको अन्त्य भइसकेपछिको पहिलो दिनदेखि लागु हुनेछ।

३. यस महासन्धिको दायित्वअन्तर्गत कुनै पक्षराष्ट्रले त्याग कार्यान्वयनमा (प्रभाव) आएको मितिभन्दा पहिले पक्षराष्ट्रले गरेको वा नगरेको कार्यबाट सृजित दायित्वबाट मुक्त हुने छैनन्, नत समितिद्वारा त्यस्तो त्याग प्रभाावकारी हुनुभन्दा अघिदेखि विचारणीय रहेको विषयमा पूर्वाग्रह राखिनेछ।

४. पक्षराष्ट्रको त्यस्तो प्रभावमा आएको मितिदेखि समितिले त्यो राष्ट्रको अन्य सम्बन्धित कुनै नयाँ विषयमाथि विचार विमर्श गर्ने छैन।

धारा ९०

१. यो महासन्धि लागु भएको पाँच वर्षपछि कुनै पनि पक्षराष्ट्रले संयुक्त राष्ट्रसङ्घको महासचिवलाई लिखित सूचनाद्वारा महासन्धिको पुनरावलोकनका लागि कुनै पनि समयमा अनुरोध गर्न सक्नेछन्। त्यसपश्चात् महासचिवद्वारा प्रस्तावित संशोधनको सूचना पक्षराष्ट्रहरूलाई उक्त प्रस्तावमा छलफल र मतदानका लागि सम्मेलनमा पेश गर्ने वा नगर्ने भन्ने रायसहितको सूचना गर्न अनुरोध गरी पक्षराष्ट्रहरूलाई पठाउनेछ। त्यस्तो अवस्थामा पक्षराष्ट्रहरूलाई सूचना दिएको मितिले चार महिनाभित्र कम्तिमा एक तिहाई पक्षराष्ट्रहरूले त्यस्तो सम्मेलनको पक्षमा राय पठाएमा महासचिवद्वारा संयुक्त राष्ट्रसङ्घको तत्त्वावधानमा सम्मेलन आयोजना गरिनेछ। बहुमत पक्षराष्ट्रहरूको उपस्थिति र मतदानद्वारा अवलम्बन गरिएको कुनै पनि संशोधनको स्वीकृतिका लागि महासभामा पेश गरिनेछ।

२. संयुक्त राष्ट्रसङ्घको महासभाबाट पारित भएको संशोधनलाई आफ्नो संवैधानिक प्रक्रियाअनुसार दुई तिहाई पक्षराष्ट्रहरूले अङ्गिकार गरेपछि त्यस्तो संशोधन लागु हुनेछ।

३. संशोधन लागु भइसकेपछि संशोधन अङ्गिकार गर्ने पक्षराष्ट्रहरूका लागि बन्धनकारी हुनेछ, अन्य पक्षराष्ट्रहरूलाई पनि यो महासन्धि र तिनीहरूले स्वीकार गरेका अघिल्लो संशोधनको प्रावधानहरू बन्धनकारी हुनेछन्।

धारा ९१

१. संयुक्त राष्ट्रसङ्घका महासचिवले पक्षराष्ट्रहरूद्वारा हस्ताक्षर, अनुमोदन वा सम्मिलनको समयमा गरिएका आरक्षणहरूको दस्तावेजहरूको प्राप्त गरी सबै पक्षराष्ट्रहरूलाई सम्प्रेषित गर्नेछन्।

२. यो महासन्धिको लक्ष्य र उद्देश्यसँग मेल नखाने (विपरत) गरी आरक्षण गर्न अनुमति हुने छैन।

३. संयुक्त राष्ट्रसङ्घका महासचिवलाई दिइएको सूचनाद्वारा कुनै पनि समयमा त्यस्ता आरक्षणहरू फिर्ता लिन सकिनेछ र त्यसको जानकारी निजले सबै

पक्षराष्ट्रहरूलाई गराउनेछन्। त्यस्तो सूचना सो सूचना प्राप्त भएको मितिदेखि प्रभावकारी भएको मानिनेछ।

धारा ९२

१. यो महासन्धिको उपयोग वा व्याख्या सम्बन्धमा दुई वा सोभन्दा बढी पक्षराष्ट्रहरूका बीच विवाद उत्पन्न भई वार्ताद्वारा समाधान नभएमा तिनीहरूमध्ये कुनै एकको अनुरोधमा मध्यस्थताका लागि पेश गरिनेछ। यदि मध्यस्थताका लागि अनुरोध गरिएको मितिले छ महिनाभित्र मध्यस्थताको गठन सम्बन्धमा सहमत हुन नसकेमा विवादका पक्षमध्ये कुनैले उक्त विवाद अन्तर्राष्ट्रिय न्यायालयको विधान सम्मत तरिकाले अन्तर्राष्ट्रिय न्यायालयमा पठाउन सक्नेछन्।

२. प्रत्येक पक्षराष्ट्रले यस महासन्धि हस्ताक्षर वा अनुमोदन वा सम्मिलन गर्दा यो धाराको अनुच्छेद १ को व्यवस्थामा आफै बाँधिएको छैन भन्ने घोषणा गर्न सक्ने छन्। त्यस्तो घोषणा गरेको पक्षराष्ट्रको सम्बन्धमा अन्य पक्षराष्ट्रहरू अनुच्छेद १ व्यवस्थामा बाँधिने छैनन्।

३. यस धाराको अनुच्छेद २ अनुसार कुनै पक्षराष्ट्रले गरेको घोषणा संयुक्त राष्ट्रसङ्घका महासचिवलाई जानकारी गराई कुनै पनि समयमा फिर्ता लिन सक्नेछ।

धारा ९३

१. यो महासन्धिका अरबी, चिनीयाँ, अङ्ग्रेजी, फ्रान्सेली, रसियाली र स्पेनी प्रतिहरू समानरूपले अधिकारिक हुन्। यसको सङ्ग्रहको जिम्मा संयुक्त राष्ट्रसङ्घका महासचिवमा रहनेछ।

२. संयुक्त राष्ट्रसङ्घका महासचिववद्वारा यो महासन्धिको प्रमाणित प्रतिहरू सबै राष्ट्रहरूलाई पठाइनेछ। आफ्नो सरकारको तर्फबाट आधिकारिक प्रतिनिधिका रूपमा यहाँ साक्षी भई यो महासन्धिमा हस्ताक्षर सम्पन्न भयो।

परिशिष्ट एक

सुरक्षा परिषद् प्रस्ताव १३२५

० संयुक्त राष्ट्रसङ्घ भनेको के हो ?

संयुक्त राष्ट्रसङ्घ दोस्रो विश्वयुद्धपछि आधारभूत मानव अधिकारको संरक्षण तथा विश्व शान्ति स्थापना गर्ने उद्देश्यले सन् १९४५ मा स्थापना भएको अन्तर्राष्ट्रिय संस्था हो। हाल यसमा एक सय ९२ सदस्य राष्ट्रहरू छन् । यसका प्रमुख निकायहरू निम्नलिखित छन्:

- महासभा
- सुरक्षा परिषद्
- आर्थिक तथा समाजिक परिषद्
- अन्तर्राष्ट्रिय न्यायालय
- जिम्मा जमानी परिषद्
- सचिवालय

संयुक्त राष्ट्रसङ्घका उद्देश्यहरू

- अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम राख्नु ।
- मानिसहरूको समान अधिकार तथा आत्म-निर्णयको सिद्धान्तप्रतिको सम्मानमा आधारित राष्ट्रहरूबीच मैत्रीपूर्ण सम्बन्ध विकास गर्नु ।
- अन्तर्राष्ट्रिय आर्थिक, सामाजिक, सांस्कृतिक तथा मानवीय समस्या समाधान गर्न र मौलिक स्वतन्त्रता तथा मानव अधिकारप्रति सम्मान प्रवर्धन गर्न सहयोग गर्ने ।

० सुरक्षा परिषद् भनेको के हो ?

संयुक्त राष्ट्रसङ्घको कार्यकारिणी अङ्ग सुरक्षा परिषद्लाई मानिन्छ। सुरक्षा परिषद् मा स्थायी पाँच र अस्थायी १० गरी १५ सदस्य हुन्छन् । चीन, फ्रान्स, रुसी महासङ्घ, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका स्थायी सदस्य हुन् भने बाँकी १० सदस्य राष्ट्रहरू दुई वर्षका लागि मनोनित हुन्छन् ।

० संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव भनेको के हो ?

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव भनेको संयुक्त राष्ट्रसङ्घका सदस्य

राष्ट्रहरूबीच कुनै एक विषयमा कसरी काम गर्ने भन्ने एउटा समझदारी हो । कुनै पनि प्रस्ताव अनुमोदन भएपछि त्यो विषय संयुक्त राष्ट्रसङ्घको कार्य तालिकामा समावेश गरिन्छ । त्यसपछि सम्पूर्ण सदस्य राष्ट्रहरू त्यसलाई कानुनीरूपमा मान्न बाध्य हुन्छन् । हरेक नागरिकसँग आफ्नो राष्ट्रको वा अन्य कुनै राष्ट्रको सरकारलाई उक्त प्रस्ताव कार्यान्वयनको माग गर्ने अधिकार निहित हुन्छ । त्यस्तै प्रस्तावमा उल्लेखित प्रतिबद्धताहरू कसरी कार्यान्वयन भइरहेका छन् सोको प्रतिवेदन तयार गर्ने जिम्मेवारी हरेक सदस्य राष्ट्रहरूको हुन्छ ।

० संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को निर्णय भनेको के हो ?

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को निर्णय भनेको कुनै खास विषयमा संयुक्त राष्ट्रसङ्घको आधिकारिक धारणा हो । सुरक्षाको परिषद्को निर्णयलाई सयुक्त राष्ट्रसङ्घकै निर्णय मानिन्छ र उक्त निर्णय पूर्णरूपमा लागु गर्न सबै सदस्य राष्ट्रहरू उत्तरदायी हुन्छन् । संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को निर्णय नमान्ने राष्ट्रलाई कारबाहीसमेत गर्न सक्ने अधिकार संयुक्त राष्ट्रसङ्घमा रहेको हुन्छ ।

० संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ को औचित्य के हो ?

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ ले महिला तथा बालिकाको विशिष्ट आवश्यकता पहिचान गरी त्यसलाई सम्बोधन गर्न, मानव अधिकारको संरक्षण गर्न, शान्ति र पुनः निर्माण प्रक्रियामा लैङ्गिक दृष्टिकोण सुनिश्चित गर्न सरकार, संयुक्त राष्ट्रसङ्घ र सशस्त्र द्वन्द्वका पक्षहरूलाई प्रभावकारी सन्देश दिने प्रस्ताव हो ।

० संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ भनेको के हो ?

संयुक्त राष्ट्रसङ्घले आफ्नो स्थापना कालदेखि मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने कार्यमा संलग्न हुँदै आएको संस्था हो । यसै सन्दर्भमा सशस्त्र द्वन्द्वमा विशेष गरी महिला तथा बालबालिकाउपर हुने हिंसा र द्वन्द्वरत पक्षबाट उनीहरूको अधिकारको उल्लङ्घनका घटनालाई सम्बोधन गर्ने सम्बन्धमा विशेष कानुनी दस्तावेजको अभाव रहेको महसुस गर्दै संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्ले सन् २००० अक्टोबर ३१ मा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को ४२३१ औँ बैठकले प्रस्ताव नं. १३२५ लाई सर्वसम्मतरूपमा पारित गरेको हो ।

यो प्रस्ताव महिला अधिकार र महिला, शान्ति र सुरक्षासँग सम्बन्धित प्रस्ताव हो। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ सुरक्षा परिषद्को पहिलो औपचारिक र कानुनी दस्तावेज हो। यसले द्वन्द्वरत पक्षहरूलाई द्वन्द्वको समयमा, शान्ति निर्माण र द्वन्द्वपश्चात्को पुनः निर्माण प्रक्रियामा महिला र बालिकाहरूको अधिकार र

आवश्यकताको सम्मान गर्न विशेष भूमिका निर्वाह गर्न जोड दिन्छ । साथै यस प्रस्तावले सशस्त्र द्वन्द्वको समयमा र द्वन्द्वपश्चात् पनि महिला र बालिकाहरूको सुरक्षामा पहल गर्दछ ।

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ हालसम्म गरेका निर्णयहरूको इतिहासमा महिलाका लागि गरेको पहिलो निर्णय हो। यो अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय महिलाहरूको सङ्गठन, ग्रामीण सञ्जालहरू, सहयोगी सदस्य राष्ट्रहरू र संयुक्त राष्ट्रसङ्घको विभिन्न निकायहरूको बृहत् प्रयासको उपलब्धि हो । त्यस्तै, यो प्रस्ताव सन् १९९० को दशकमा सम्पन्न भएका संयुक्त राष्ट्रसङ्घका श्रृङ्खलाबद्ध सम्मेलनहरूमा मानव अधिकारको सिद्धान्तहरूलाई अन्तर्राष्ट्रिय समुदायले पालना गर्न जोड दिँदै हरेक क्षेत्रमा महिलाहरूको सहभागिताको लागि भएको महत्वपूर्ण प्रतिबद्धताहरूको परिणाम पनि हो । यसरी संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ ले विगतका नीतिगत संयन्त्रहरूमा थप शक्ति प्रदान गरेको पाइन्छ । प्रस्ताव १३२५ संयुक्त राष्ट्रसङ्घको यस्तो निर्णय र प्रतिबद्धता हो जसले द्वन्द्व र युद्धबाट महिला र बालिकामा पर्ने प्रभाव र शान्ति प्रयासमा तिनीहरूको भूमिका सम्बन्धमा विशेष महत्व राख्दछ ।

० संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव १३२५ कस्तो प्रस्ताव हो ?

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव १३२५ महिला अधिकार, शान्ति र सुरक्षाको विकासमा महत्वपूर्ण प्रयास हो। संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को इतिहासमा महिला अधिकार, शान्ति र सुरक्षाको लागि तयार भएको पहिलो औपचारिक र बाध्यात्मक दस्तावेज हो। यो प्रस्ताव महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव विरुद्धको महासन्धि (CEDAW) र बेइजिङ कार्ययोजना (BPFA)जस्ता महिला अधिकारप्रति प्रतिबद्ध अन्तर्राष्ट्रिय दस्तावेजको परिपूरकको रूपमा आएको हो ।

० सुरक्षा परिषद्को प्रस्ताव १३२५ कसरी पारित भयो ?

सुरक्षा परिषद्को प्रस्ताव १३२५ सबै सदस्य मुलुकका सरकार र नागरिक समाजले सहमति जनाएको आधारमा पारित भएको हो । साथै सहयोगी सदस्य राष्ट्रहरू, विभिन्न अन्तर्राष्ट्रिय महिला सङ्गठन र तीनका सञ्जालहरूका साथै द्वन्द्वबाट प्रभावित महिलाहरूको दुई दशकदेखिको प्रयत्नबाट यो प्रस्ताव पारित भएको हो ।

० सुरक्षा परिषद्को प्रस्ताव १३२५ किन महत्त्वपूर्ण छ ?

▶ शान्ति स्थापनामा महिलाको सहभागिता र सुरक्षाको क्षेत्रमा संयुक्त राष्ट्रसङ्घको

सबैभन्दा शक्तिशाली निर्णायक निकाय सुरक्षा परिषद्मार्फत गरिएको महत्वपूर्ण प्रतिबद्धता हो ।

- सुरक्षा परिषद्को प्रस्ताव भएकोले यसलाई विश्वसमुदायद्वारा अन्तर्राष्ट्रिय कानुन मानिएको छ र सम्पूर्ण सदस्य राष्ट्रहरू यसलाई कार्यान्वयन गर्न बाध्य हुन्छन् । नेपाल पनि संयुक्त राष्ट्रसङ्घको सदस्य भएको नाताले यस प्रस्तावअनुसार काम गर्न र यसलाई कार्यान्वयन गर्न बाध्य छ ।
- यसले औपचारिकरूपमा शान्ति निर्माण प्रक्रिया र शान्ति सम्झौताहरू कार्यान्वयन गर्दा महिला समावेशीकरणलाई स्वीकार गर्दछ ।
- द्वन्द्वको समयमा र द्वन्द्वपछि पनि महिला र बालिकाहरूको आवश्यकताहरूलाई महत्व दिने यो एउटै मात्र विशिष्ट प्रस्ताव हो ।
- यसले सदस्य राष्ट्रहरूलगायत सम्पूर्ण सम्बन्धित साझेदारहरू: संयुक्त राष्ट्रसङ्घ सदस्य राष्ट्रहरू, नागरिक समाज, प्रहरी तथा न्यायपालिकाहरूलाई शान्ति स्थापना प्रक्रियामा महिलाहरूको सहभागिता सुनिश्चित गर्न र द्वन्द्वग्रस्त क्षेत्रहरूमा महिला तथा बालिकाहरूको सुरक्षामा सुधार गर्न बाध्य तुल्याउँछ ।
- प्रस्तावमा भएका नीतिहरू कार्यान्वयन गर्न र महिला र बालिकाहरूको अर्थपूर्ण सहभागिता गराउनको लागि सदस्य राष्ट्रहरूलाई यस प्रस्तावमार्फत उत्तरदायी बनाउन सकिन्छ । तसर्थ, संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् १३२५ सम्पूर्ण साझेदार राष्ट्रहरूदेखि ग्रामीण तहका नागरिक समाजको लागि एउटा शक्तिशाली संयन्त्र साबित भएको छ ।

० सुरक्षा परिषद्को प्रस्ताव १३२५ मा समेटिएका प्रमुख व्यवस्थाहरू के-के हुन् ?

- द्वन्द्व समाधानका सबै प्रक्रियामा महिला सहभागिता सुनिश्चित गर्ने ।
- द्वन्द्वरत पक्षहरूले महिला, बालबालिकालाई अन्तर्राष्ट्रिय मानवीय कानुनको आधारमा उचित व्यवहार गर्ने ।
- द्वन्द्व रूपान्तरण तथा शान्ति निर्माणका सबै प्रक्रियामा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्ने ।
- यौनजन्य हिंसामा आममाफी दिन नहुने ।
- निशस्त्रीकरण, सैन्य विघटन, सामाजिक पुनः एकीकरण प्रक्रियामा पूर्व महिला लडाकुको फरक आवश्यकतालाई ध्यान दिने ।
- संयुक्त राष्ट्रसङ्घमा पेश गरिने प्रतिवेदनमा लैङ्गिक हिंसाको विषयहरू समावेश गर्ने ।
- द्वन्द्व समाधानका सबै प्रक्रियामा महिला सहभागिता सुनिश्चित गर्ने ।

० सुरक्षा परिषद्को प्रस्ताव १३२५ मा कति धारा (Article) **छन् ? ती के-के हुन् ?**
सुरक्षा परिषद्को प्रस्ताव १३२५ मा जम्मा १८ धारा (Article) छन् । ती हुन्:

धारा १
सदस्य राष्ट्रहरूलाई द्वन्द्व समाधान, व्यवस्थापन र रोकथामका लागि नीति निर्माणका राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संयन्त्र तथा निकायहरूमा महिलाहरूको पनि प्रतिनिधित्व वृद्धि गर्न आह्वान गर्दछ ।

धारा २
शान्ति स्थापनाका लागि संयुक्त राष्ट्रसङ्घका महासचिवलाई उहाँको रणनीतिक कार्ययोजनाको (A/49/587) कार्यान्वयन गर्दा युद्ध निवारण तथा शान्ति स्थापनासम्बन्धी कार्यक्रमहरूको निर्णायक तहमा महिलाहरूको प्रतिनिधित्व बढाउन प्रोत्साहित गर्दछ ।

धारा ३
महासचिवलाई राष्ट्रसङ्घीय विशेष प्रतिनिधि तथा दूतहरू नियुक्त गर्दा महिलाहरूलाई पनि राम्रो स्थानहरू प्रदान गर्न तदारुकता देखाउन अनुरोध गर्नुका साथै सदस्य राष्ट्रहरूसँग महासचिवको पदमा पनि महिलालाई उठाउन प्रोत्साहित गर्नुका अतिरिक्त नियमितरूपमा महिलाको पनि पालो आउने गरी केन्द्रीय आरक्षण पात्रो (रोस्टर) बनाउन आह्वान गर्दछ ।

धारा ४
संयुक्त राष्ट्रसङ्घका स्थलगत (Field Based) अभियानहरूमध्ये विशेष गरी सैनिक पर्यवेक्षण, नागरिक प्रहरी, मानव अधिकार तथा मानवीय कार्यक्रमहरूमा जनशक्ति नियुक्त गर्दा महिलाको भूमिका तथा योगदानलाई अझ बृहत्रूपमा अगाडि बढाउन महासचिवसँग अनुरोध गर्दछ ।

धारा ५
शान्ति स्थापनासम्बन्धी कार्यक्रमहरूमा लैङ्गिक दृष्टिकोण समावेश गर्ने प्रतिबद्धता देखाउँदै महासचिवसँग सम्भव भएसम्म स्थलगत कार्यक्रममा लैङ्गिक विषयवस्तु समावेश भएको सुनिश्चित गराउन अनुरोध गर्दछ ।

धारा ६
महिला सहभागिताको आवश्यकता, अधिकार र सुरक्षालगायत शान्ति स्थापना र

शान्ति निर्माण गर्ने सबै क्रियाकलापमा महिलाहरूको संलग्नताको महत्वसमेत समावेश भएको निर्देशिका तथा आवश्यक सामग्री निर्माण र सदस्य राष्ट्रहरूलाई तालिम उपलब्ध गराउन महासचिवसँग अनुरोध गर्दछ । यसका अतिरिक्त सदस्य राष्ट्रहरूलाई आफ्नो सेना तथा प्रहरीहरू परिचालन गर्ने क्रममा दिइने राष्ट्रिय तालिम कार्यक्रमहरूमाथि उल्लेखित विषयवस्तुलगायत एचआईभी र एड्ससम्बन्धी विषयसमेत समावेश गर्न अनुरोध गर्दछ । साथै यस किसिमका प्रशिक्षणहरू शान्ति स्थापना कार्यक्रममा संलग्न अन्य गैरसैनिकहरूलाई पनि उपलब्ध भएको सुनिश्चित गर्न महासचिवसँग थप अनुरोध गर्दछ ।

धारा ७

सदस्य राष्ट्रहरूलाई लैङ्गिक संवेदन प्रशिक्षणका लागि स्वेच्छिकरूपले आर्थिक, प्राविधिक तथा व्यवस्थापकीय सहयोग अभिवृद्धि गर्न आह्वान गर्दछ । साथै यस्ता कार्यक्रमहरूमा संयुक्त राष्ट्रसङ्घीय महिला विकास कोष, संयुक्त राष्ट्रसङ्घीय बाल कोष, शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयलगायत अन्य सम्बन्धित निकायहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन अनुरोध गर्दछ ।

धारा ८

शान्ति स्थापनाको लागि वार्ता तथा शान्ति सम्झौता लागु गर्दा क्रियाशील रहने सबै पक्षलाई उपरोक्त क्रियाकलापमा लैङ्गिक अवधारणालाई समावेश गर्नुपर्दछ, जसमा:

क. द्वन्द्वपश्चात्को पुनः निर्माण, पुनः स्थापन तथा पुनः गमनको समयमा महिला तथा बालबालिकाको विशिष्ट आवश्यकतालाई ध्यान दिनुपर्दछ ।

ख. शान्ति सम्झौता कार्यान्वयन गर्दा महिलाको सहभागिता सुनिश्चित गर्ने तथा द्वन्द्व समाधानको निम्ति महिलाद्वारा चालिएको शान्ति अभियान तथा स्थानीय प्रक्रियाहरूमा सहयोग पुऱ्याउने व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

ग. संविधान, निर्वाचन प्रणाली, प्रहरी तथा न्यायालयसँग सम्बन्धित महिला तथा बालिकाहरूको मानव अधिकारको सम्मान तथा संरक्षण सुनिश्चित गर्नका लागि आवश्यक व्यवस्थापन गर्न अनुरोध गर्दछ ।

धारा ९

सबै द्वन्द्वरत पक्षहरूलाई महिला तथा बालिकालाई नागरिक हैसियत प्रदान गर्ने अधिकार संरक्षणको लागि अन्तर्राष्ट्रिय कानुनहरूको पालना गर्न अझ विशेष गरी जेनेभा सम्झौता, १९४९ र यसको अतिरिक्त आलेख, १९७७, शरणार्थीसम्बन्धी

महासन्धि, १९५१ तथा यसको आलेख, १९६७, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ र ऐच्छिक आलेख, १९९९, बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९८९ र यसका दुई ऐच्छिक आलेखहरू २५ मे, २००० साथै अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान तथा यसमा भएका व्यवस्थाहरूलाई आत्मसात गर्न अनुरोध गर्दछ ।

धारा १०

सशस्त्र द्वन्द्वका सबै पक्षहरूलाई महिला तथा बालिकाहरूविरुद्ध लैङ्गिक आधारमा हुने हिंसा विषेश गरी यौन शोषण तथा बलात्कारजस्ता क्रियाकलापबाट बचावट गर्न आवश्यक उपायहरू अवलम्बन गर्न आह्वान गर्दछ ।

धारा ११

सबै सदस्य राष्ट्रहरूलाई दण्डहीनताको अन्त्यका लागि आमसंहार, युद्ध अपराध, मानवताविरुद्ध हुने अपराधका अपराधीहरूलाई सजाय गर्ने तथा ती अपराधलगायत महिला तथा बालिकाहरूविरुद्ध हुने हिंसा विशेष गरी यौनजन्य हिंसासँग सम्बन्धित अपराधीलाई आममाफीको व्यवस्था हटाउन विशेष अनुरोध गर्दछ ।

धारा १२

सुरक्षा परिषद्द्वारा १९ नोभेम्बर, १९९८ मा पारित प्रस्ताव नं. १२०८ र १९ अप्रिल, २००० मा पारित प्रस्ताव नं. १२९६ लाई पुनः स्मरण गर्दै सशस्त्र द्वन्द्वसँग सम्बन्धित सबै पक्षहरूलाई नागरिक र शरणार्थी शिविर तथा बसोवास क्षेत्रमा कायम रहेको मानवीय मूल्यको सम्मान गर्नुका साथै महिला तथा बालिकाहरूको विशेष आवश्यकतालाई विचार पुऱ्याउनका साथै त्यस्ता स्थानहरू संरचना गर्दा महिला तथा बालिकाहरूको आवश्यकतालाई पनि समावेश गर्न आह्वान गर्दछ ।

धारा १३

निशस्त्रीकरण, सैन्य विघटन, पुनः एकीकरण गर्ने योजना तर्जुमा गर्दा संलग्न अधिकारीहरूलाई महिला तथा पुरुष पूर्व लडाकु र उनीहरूमाथि आश्रितहरूको फरकफरक आवश्यकतालाई मनन गर्न प्रोत्साहन गर्दछ ।

धारा १४

उपयुक्त मानवीय छुटहरू प्रदान गर्दा महिला तथा बालिकाहरूको विशिष्ट आवश्यकतालाई ध्यान पुऱ्याउँदै सर्वसाधारण जनतामा पर्न सक्ने प्रभावलाई

आत्मसात गर्दै संयुक्त राष्ट्रसङ्घीय वडापत्रको धारा १४ को मापदण्डलाई अनुमोदन गर्नुको साथै त्यसअन्तर्गतका व्यवस्थाहरू अनुशरण गर्न जोड गर्दछ ।

धारा १५

सुरक्षा परिषद्का विविध अभियानहरूमा लैङ्गिक दृष्टिकोण तथा महिलाहरूको अधिकार सुनिश्चित गर्न स्थानीय तथा अन्तर्राष्ट्रिय महिला समूहहरूसँग समेत परामर्श लिने इच्छा व्यक्त गर्दछ ।

धारा १६

सशस्त्र सङ्घर्षबाट महिला तथा बालिकाहरूमा पर्ने असर तथा शान्ति स्थापनाका लागि महिलाको भूमिका तथा शान्ति प्रक्रिया र द्वन्द्व व्यवस्थापनमा लैङ्गिक अवधारणासम्बन्धी अध्ययन अनुसन्धान कार्यक्रम सञ्चालन गर्न आमन्त्रण गर्नुका साथै अध्ययनबाट निस्किएको निष्कर्षलाई सुरक्षा परिषद् तथा संयुक्त राष्ट्रसङ्घीय सदस्य राष्ट्रहरूलाई उपलब्ध गराउन अनुरोध गर्दछ ।

धारा १७

संयुक्त राष्ट्रसङ्घका महासचिवसँग सुरक्षा परिषद्समक्ष पेश गरिने प्रतिवेदनहरूमा शान्ति स्थापना अभियानमा भएको लैङ्गिक मूलप्रवाहीकरण र महिला तथा बालिकाहरूसम्बन्धी अन्य क्षेत्रमा भएका प्रगतिहरूको विवरण पेश गर्न अनुरोध गर्दछ ।

धारा १८

परिषद् यस क्षेत्रमा सक्रियतापूर्वक चनाखो रहन पनि निर्णय गर्दछ ।

स्रोत: - *Compilation of UN Security Council Resolutions on Women, Peace and Security & Prohibition of Sexual Violence, FWLD, 2010*
- *www.unifem.org*

परिशिष्ट दुई

सुरक्षा परिषद् प्रस्ताव १८२०

० संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव १८२० कहिले पारित भयो ?
संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को बैठक नं. ५९१६ द्वारा प्रस्ताव १८२० जुन १९, २००८ मा पारित भएको हो ।

० संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव १८२० कस्तो कानुनी संयन्त्र हो ?
सशस्त्र द्वन्द्व र द्वन्द्वपछिका हिंसा, खासगरी महिला र बालिकाउपर हुने यौन हिंसा रोकथाम गर्ने सशक्त अन्तर्राष्ट्रिय कानुनी संयन्त्र हो। यसले सशस्त्र द्वन्द्वको समयमा दण्डहीनता अन्त्य गर्ने, द्वन्द्वपछिको सामाजिक एकीकरणमा महिला तथा बालिकाविरुद्ध हुने यौन हिंसा निर्मूल गर्ने, यौन हिंसा सम्बोधन गर्ने, महिलालाई शान्ति सेना र सुरक्षा सेवामा संलग्न गराउन महिलाको भूमिका उजागर गरेको छ। यो प्रस्ताव महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव विरुद्धको महासन्धि (CEDAW) र बेइजिङ घोषणापत्र र कार्ययोजना (Beijing Platform for Action (BPFA)) जस्ता महिला अधिकारप्रति प्रतिबद्ध अन्तर्राष्ट्रिय दस्तावेज र संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १३२५ को परिपूरकको रूपमा आएको हो ।

० सुरक्षा परिषद्को प्रस्ताव १८२० मा समेटिएका प्रमुख व्यवस्थाहरू के-के हुन् ?
सुरक्षा परिषद्को प्रस्ताव १८२० मा समेटिएका प्रमुख व्यवस्थाहरू निम्नलिखित छन्:

- विशेष गरी द्वन्द्वकाल, र सोपश्चात् महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा नियन्त्रण गर्ने ।
- युद्धको कार्यनीतिको रूपमा व्यापक र योजनाबद्धरूपमा गरिने यौन हिंसाविरुद्ध कार्य गर्ने ।
- यौन हिंसासम्बन्धी अपराधलाई आममाफीभित्र नपार्ने तथा दण्डहीनताको अन्त्य गर्ने ।
- यस्ता क्रियाकलापप्रति शून्य सहिष्णुताको नीति अवलम्बन गर्ने ।
- यौनजन्य हिंसामा जवाफदेहिताको सिद्धान्त तथा अनुशासनात्मक कारबाही गर्ने ।

- शान्ति अभियानमा संलग्न कर्मचारी वा सुरक्षाकर्मीलाई यौनजन्य हिंसाको सम्बन्धमा तालिम दिनुपर्ने ।
- सुरक्षा परिषद्मा पेश गरिने प्रतिवेदनमा महिला तथा बालिकाविरुद्धका हिंसाका विषयहरू समेटिनुपर्ने ।

० सुरक्षा परिषद्को प्रस्ताव १८२० मा कसले कार्यान्वयन गर्नुपर्दछ ?

सुरक्षा परिषद्को प्रस्ताव १८२० मा निम्नलिखित संस्थाले कार्यान्वयन गर्नुपर्दछ:

- सुरक्षा परिषद्
- महासचिव
- सदस्य राष्ट्रहरू
- सशस्त्र द्वन्द्वमा संलग्न पक्षहरू
- शान्ति स्थापना तथा पुनः निर्माण प्रक्रियामा संलग्न सबै पक्षहरू

० सुरक्षा परिषद्को प्रस्ताव १८२० किन महत्त्वपूर्ण छ ?

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव १३२५ मा उल्लेख भएकै सशस्त्र द्वन्द्वको समयमा युद्ध कार्यनीतिको रूपमा हुने यौन हिंसालाई अझ विस्तृतरूपमा व्यवस्था गर्न प्रस्ताव नं. १८२० को महत्व छ । प्रस्ताव नं. १८२० ले द्वन्द्वको क्रममा महिलाको संरक्षण, महिलाको अधिकारको प्रवर्धन तथा द्वन्द्व रूपान्तरण र शान्ति निर्माण प्रक्रियामा महिला सहभागिताको विषयलाई महत्व दिन्छ ।

० सुरक्षा परिषद्को प्रस्ताव १८२० मा कति धारा (Article) **छन् ? ती के-के हुन् ?**

सुरक्षा परिषद्को प्रस्ताव १८२० मा जम्मा १६ धारा (Article) छन्, ती हुन्:

धारा १

यौन हिंसालाई युद्धको कार्यनीतिको रूपमा सर्वसाधारणविरुद्ध जानाजान लक्षित गरिँदा वा नागरिकका विरुद्ध व्यापक र सुनियोजित आक्रमणको हिस्सा स्वरूप प्रयोग वा कार्यान्वयन गरिँदा त्यसले सशस्त्र द्वन्द्वको स्थितिलाई उल्लेख्यरूपमा बिगार्दछ र अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षाको पुनः बहालीलाई पछाडि धकेलिदिन्छ भन्ने कुरामा जोड दिँदै त्यस्तो यौन हिंसाका कार्यलाई रोक्न चालिने प्रभावकारी कदमले अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षा बहाल गर्न उल्लेख्य योगदान पुऱ्याउँछ भन्ने कुराको पुष्टि गर्दछ, तथा सुरक्षा परिषद्को कार्यसूचीका बारेमा विचार गर्दा आवश्यक भएसम्म व्यापक र योजनाबद्धरूपमा गरिने यौन हिंसालाई सम्बोधन गर्न उचित कदम अपनाउन तत्परता व्यक्त गर्दछ ।

धारा २

द्वन्द्वरत सबै पक्षहरूलाई तुरुन्त लागु हुने गरी सर्वसाधारणविरुद्धको यौन हिंसाका कार्यहरू तत्काल र पूर्णरूपमा बन्द गर्न माग गर्दछ ।

धारा ३

द्वन्द्वरत सबै पक्षहरूसँग महिला र बालिकालगायत नागरिकहरूलाई सबै किसिमका यौन हिंसाबाट बचाउन तुरुन्त उचित उपायहरू अपनाउन माग गर्दछ, यसअर्न्तगत अन्य कुराको अतिरिक्त, उचित सैनिक अनुशासनात्मक प्रावधानहरू लागु गर्ने तथा मातहतका सैनिकको क्रियाकलापप्रति कमान्डरको दायित्वसम्बन्धी सिद्धान्त पालना गराउने, सर्वसाधारण विरुद्धका यौन हिंसाका सबै रूपहरूलाई निषेध गर्ने दस्ताहरूलाई तालिम दिने यौन हिंसालाई उर्जा दिने भनाइहरूलाई असत्य साबित गर्ने, बलात्कार तथा अन्य प्रकारका यौन हिंसासम्बन्धी सशस्त्र सुरक्षा दस्ताका विगतका क्रियाकलापहरूको परीक्षण गर्ने, जोखिममा रहेका महिला र बालिकाहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तथा हिंसामा परेका महिलाहरूले व्यक्त गरेका विचारलाई सम्मान गर्दै संयुक्त राष्ट्रसङ्घका सम्बद्ध अधिकारीहरू तथा द्वन्द्वरत पक्षहरूका बीच हुने द्वन्द्व समाधानको लागि बृहत् संवादको माध्यमबाट यस विषयलाई सम्बोधन गर्न उपयुक्त भएसम्म प्रोत्साहन गर्न संयुक्त राष्ट्रसङ्घीय सदस्य राष्ट्रहरूलाई उपलब्ध गराउन अनुरोध गर्दछ ।

धारा ४

बलात्कार तथा अन्य यौन हिंसा युद्ध अपराध र मानवताविरुद्धको अपराध बन्ने वा जाति हत्यासम्बन्धी कार्य हुन सक्छ भन्ने कुरालाई मनन गरी, द्वन्द्व समाधान प्रक्रियाअन्तर्गतको आममाफीमा दिने प्रावधानअन्तर्गत यौन हिंसालाई समावेश नगर्ने आवश्यकतामा जोड दिइन्छ र यौन हिंसाका सबै पीडित महिला तथा बालिकालाई कानुनबमोजिम समान संरक्षण भएको तथा न्यायमा पहुँच सुनिश्चित गरी त्यस्ता कार्यमा जिम्मेवार व्यक्तिहरूलाई मुद्दा चलाउने उनीहरूको दायित्व पुरा गर्न सदस्य राष्ट्रलाई आह्वान गर्दछ, तथा दिगो शान्ति, न्याय, सत्य तथा राष्ट्रिय पुनः समायोजन हासिल गर्ने बृहत् दृष्टिकोणको हिस्साको रूपमा त्यस्ता क्रियाकलापहरूमा दण्डहीनताको अन्त्य गर्नुपर्ने कुराको महत्वमा जोड दिइन्छ ।

धारा ५

राज्यले दण्ड प्रणालीको स्थापना वा पुनः नविकरण गर्दा सशस्त्र द्वन्द्वका अवस्थाहरूमा महिला तथा बालिकाविरुद्ध बलात्कार र यौन हिंसा गर्ने द्वन्द्वरत पक्षहरूविरुद्ध लक्षित

र सशक्त किसिमको प्रभावकारी प्रणाली लागु गर्ने बारेमा आफ्नो आशय पुष्टि गर्दछ ।

धारा ६

सर्वसाधारणविरुद्ध हुने यौन तथा अन्य प्रकारका हिंसाहरूलाई पहिचान गर्न, रोकथाम गर्न तथा महिला तथा बालिकाको सम्बोधन गर्ने कार्यमा सहयोग गर्न सुरक्षा परिषद् शान्ति स्थापनासम्बन्धी विशेष समिति र यसको कार्य समूह तथा सम्बद्ध राष्ट्रहरूसँग उपयुक्त परामर्श गर्दै संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को शान्ति स्थापना र मानवीय कार्यमा खटाएका कर्मचारीहरूको लागि उपयुक्त तालिम कार्यक्रमहरू निर्माण तथा कार्यान्वयन गर्न तथा कार्यान्वयन गर्न महासचिवलाई अनुरोध गर्दछ ।

धारा ७

संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यमा यौन शोषण र यौन हिंसाविरुद्ध शून्य सहिष्णुताको नीति लागु गर्ने प्रयासहरूलाई निरन्तरता दिन महासचिवलाई अनुरोध गर्दछ तथा शान्ति स्थापना कार्यमा सुरक्षा दस्ता एवम् प्रहरी उपलब्ध गराउने राष्ट्रहरूलाई यदि आफ्ना कर्मचारीहरू त्यस्ता कार्यहरूमा संलग्न भएमा पूर्ण जवाफदेही हुने कुरामा सुनिश्चित गर्न र तिनीहरू खटाउनुपूर्व तथा सेवाकालीन अवस्थामा सचेतना तालिमलगायत अन्य उचित उपायहरू अवलम्बन गर्न आह्वान गर्दछ ।

धारा ८

महासचिवको परामर्शमा संयुक्त राष्ट्रसङ्घअन्तर्गत सुरक्षा दस्ता तथा प्रहरी पठाउने राष्ट्रले सम्भव भएसम्म बढी प्रतिशत महिला शान्ति रक्षक र प्रहरी खटाउनेलगायत महिला तथा बालिका साथै सर्वसाधारणलाई सुरक्षा गर्न द्वन्द्व र द्वन्द्वपश्चात्को समयमा महिला तथा बालिका विरुद्ध हुने यौन हिंसा रोक्न संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यमा खटिने कर्मचारीहरूलाई सचेतना र उत्तरदायी बढाउन उचित कदम चाल्ने कुरामा ध्यान दिन प्रोत्साहित गर्दछ ।

धारा ९

महिला तथा बालिकालगायत सर्वसाधारणलाई सबै प्रकारका यौन हिंसाबाट जोगाउन आफ्नो कार्यादेशअनुरूप सम्बद्ध संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यको क्षमता अभिवृद्धि गर्न प्रभावकारी निर्देशिका तथा रणनीतिहरू विकास गर्ने तथा द्वन्द्वका परिस्थितिबारे सुरक्षा परिषद्मा पेश गर्ने प्रतिवेदनहरूमा महिला र बालिकाको

यौन हिंसाबाट संरक्षण र सुरक्षासम्बन्धी आफ्नो धारणा समावेश गर्न तथा यस सम्बन्धमा आफ्नो सिफारिसहरूलाई व्यवस्थित गर्न महासचिवलाई अनुरोध गर्दछ ।

धारा १०

संयुक्त राष्ट्रसङ्घले सञ्चालन गरेका शरणार्थी तथा आन्तरिकरूपमा विस्थापितका शिविरहरूभित्र तथा आसपासका क्षेत्रको साथै संयुक्त राष्ट्रसङ्घले सहयोग गरेका निशस्त्रीकरण, सैन्य विघटन तथा पुनः समायोजन प्रक्रिया तथा न्याय र सुरक्षा क्षेत्रको सुधार प्रयासमा महिला तथा बालिकाप्रति यौन हिंसालगायतका हिंसाबाट संरक्षण प्रदान गर्न महिला तथा महिलाले नेतृत्व गरेको संस्थाहरूसँग परामर्श गरी प्रभावकारी संयन्त्र विकास गर्न महासचिव तथा सम्बद्ध संयुक्त राष्ट्रसङ्घीय निकायहरूलाई अनुरोध गर्दछ ।

धारा ११

शान्ति स्थापना आयोगले सशस्त्र द्वन्द्वका समयमा र त्यसपश्चात् भए गरेका यौन हिंसालाई सम्बोधन गर्ने तरिकाहरू लैङ्गिक विषयसम्बन्धी दृष्टिकोणको हिंस्साका रूपमा राष्ट्र विशेषका रणनीति बनाउँदा महिला नागरिक समाजसँग परामर्श गर्ने र द्वन्द्वपश्चात्को शान्ति स्थापना गर्ने रणनीतिहरूको लागि आफ्ना सुझाव र सिफारिसहरू समावेश गरेर महत्वपूर्ण भूमिका खेल्न सक्छ भन्ने कुरामा जोड दिइन्छ ।

धारा १२

द्वन्द्वको रोकथाम तथा समाधान, शान्ति तथा सुरक्षाको बहाली तथा द्वन्द्वपश्चात्को शान्ति स्थापनासम्बन्धी छलफलमा महिलाहरूलाई आमन्त्रण गर्न महासचिव र उनका विशेष दूतहरूलाई आग्रह गर्दछ तथा नीति निर्माण तहमा महिलाको समान र पूर्ण सहभागितालाई सहज पार्न त्यस्ता वार्ता सबै पक्षहरूलाई प्रोत्साहित गर्दछ ।

धारा १३

खासगरी न्यायिक तथा स्वास्थ्य प्रणालीहरू र स्थानीय नागरिक समाज सञ्जालहरूलाई सशस्त्र द्वन्द्व तथा द्वन्द्वपश्चात्हरूमा परिस्थितिहरूमा यौन हिंसाका पीडितहरूलाई दिगो सहयोग प्रदान गर्न राष्ट्रिय निकायहरूको क्षमता विकास र सुदृढीकरणका निम्ति टेवा पुऱ्याउन सदस्य राष्ट्रहरू, संयुक्त राष्ट्रसङ्घीय निकायहरू तथा आर्थिक सङ्गठनहरूलगायत सबै सम्बद्ध पक्षहरूलाई आग्रह गर्दछ ।

धारा १४

सशस्त्र द्वन्द्वमा यौन हिंसाबाट प्रभावित महिला तथा बालिकाहरूको फाइदाका लागि खास नीति, गतिविधिहरू र वकालत कार्यक्रमहरूको विकास तथा कार्यान्वयन गर्ने बारेमा विचार गर्न सम्बद्ध क्षेत्रीय तथा उपक्षेत्रीय निकायहरूलाई आग्रह गर्दछ ।

धारा १५

संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरू, शान्ति स्थापना नियोगहरू तथा अन्य संयुक्त राष्ट्रसङ्घीय कर्मचारीहरूलगायतका संयुक्त राष्ट्रसङ्घका स्रोतहरूबाट उपलब्ध जानकारीहरू उपयोग गर्दै अन्य कुराहरूका अतिरिक्त सशस्त्र द्वन्द्वका परिस्थितिहरूमा सर्वसाधारणका विरुद्ध व्यापक र योजनाबद्धरूपमा भएका यौन हिंसासम्बन्धि जानकारी, सशस्त्र द्वन्द्वका परिस्थितिहरूमा यौन हिंसाको विद्यमानता तथा प्रवृत्तिको विश्लेषण, त्यस्ता हिंसामा महिला तथा बालिका पीडित हुन सक्ने सम्भावना घटाउने रणनीतिसम्बन्धी प्रस्तावहरू, यौन हिंसालाई रोक्न तथा सम्बोधन गर्नेसम्बन्धी प्रगति मापन गर्ने मापदण्ड, कार्यक्षेत्रका संयुक्त राष्ट्रसङ्घका गतिविधिहरू कार्यान्वयन गर्ने सहकर्मीहरूबाट प्राप्त उचित सुझावहरूसम्बन्धी कार्यक्षेत्रमा तथा मुख्यालयमा संयुक्त राष्ट्रसङ्घका काम कारबाहीहरूलाई अझ सुधारिएको रूपमा समन्वयलगायत सशस्त्र द्वन्द्वका परिस्थितिहरूमा यौन हिंसाको घटनासम्बन्धी छिटोछरितो वस्तुगत, सटिक र विश्वसनीय सूचना सङ्कलनलाई सहज बनाउने योजनासम्बन्धी जानकारी, यस प्रस्तावमा व्याख्या गरेबमोजिमका उत्तरदायित्वहरूको कार्यान्वयनको लागि सशस्त्र द्वन्द्वका पक्षहरूले अपनाएको कार्यहरूबारेका तिनीहरूका सूचना तथा खासगरी यौन हिंसाका कार्यहरूलाई तुरुन्त र पूर्णरूपमा समाप्त पार्ने र सबै खालका यौन हिंसाबाट महिला तथा बालिकाहरूलाई संरक्षण प्रदान गर्न उचित उपायहरू अपनाउनेसम्बन्धी जानकारीहरू उपयोग गर्दै परिषद्को कार्यादेशमा रहेका परिस्थितिहरूका बारेमा यस प्रस्तावको कार्यान्वयनका सम्बन्धमा ३० जुन, २००९ भित्र प्रतिवेदन पेश गर्न संयुक्त राष्ट्रसङ्घ महासचिवलाई अनुरोध गर्दछ ।

धारा १६

परिषद् यस विषयमा सक्रियतापूर्वक चनाखो रहन पनि निर्णय गर्दछ ।

स्रोतः - *Compilation of UN Security Council Resolutions on Women, Peace and Security & Prohibition of Sexual Violence, FWLD, 2010*
- *www.unifem.org*

परिशिष्ट तीन

सुरक्षा परिषद् प्रस्ताव १८८८

० संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को प्रस्ताव १८८८ कहिले पारित भयो ?
संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को बैठक नं. ६१९५ ले ३० सेप्टेम्बर, २००९ मा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्बाट प्रस्ताव पारित भएको हो ।

० संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव १८८८ को औचित्य के हो ?
सशस्त्र द्वन्द्वमा महिला तथा बालिकाउपर हुने यौनजन्य हिंसाको सम्बन्धमा गहिरो चासो व्यक्त गर्दै संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५, प्रस्ताव नं. १६१२, प्रस्ताव नं. १६७४, प्रस्ताव नं. १८२० र प्रस्ताव नं. १८८२ को कार्यान्वयन पूर्व प्रतिबद्धता व्यक्त गर्दै प्रस्ताव नं. १८८८ प्रस्ताव आएको हो ।

सुरक्षा परिषद्को प्रस्ताव १८८८ को पूर्णपाठ

१. यौनजन्य हिंसालाई गैरसैनिक व्यक्तिहरूलाई मनसायपूर्वक लक्षित गरी युद्धको दाउपेचको रूपमा प्रयोग गरिएमा वा प्रयोग गर्न लगाइएमा वा गैरसैनिक जनसङ्ख्याको विरुद्ध व्यापक वा योजनाबद्ध आक्रमणको एक भागको रूपमा लिने गरिएमा त्यसले सशस्त्र द्वन्द्वको अवस्थालाई उल्लेखनीयरूपमा बिगार्न सक्ने र अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाको पुनः बहाली गर्नमा अवरोध पुऱ्याउन सक्छ भन्ने कुराको पुनः पुष्टि गर्दै र यौनजन्य हिंसाका यस्ता कार्यलाई रोक्न प्रभावकारी कदम चाल्ने कार्यले अन्तर्राष्ट्रिय शान्ति सुरक्षा कायम गर्नमा उल्लेखनीय योगदान पुऱ्याउने कुराको पुष्टि गर्दै र परिषद्का छलफलका सूचीउपर विचार विमर्श गर्दा आवश्यकताअनुसार सशस्त्र द्वन्द्वको अवस्थामा व्यापक र सिलसिलाबद्धरूपमा गरिने यौनजन्य हिंसालाई सम्बोधन गर्न उपयुक्त कदम चाल्ने आफ्नो तत्परता व्यक्त गर्दछ ।
२. सशस्त्र द्वन्द्वका सबै पक्षहरूले तत्कालैदेखि यौनजन्य हिंसाका सबै कार्यहरू पूर्णरूपमा रोक्नुपर्दछ भन्ने आफ्नो मागलाई दोहोऱ्याउँछ ।
३. सशस्त्र द्वन्द्वका सबै पक्षहरूले महिला र बालबालिकालगायतका गैरसैनिक व्यक्तिहरूलाई सबै प्रकारका यौनजन्य हिंसाबाट जोगाउन तत्कालै उपयुक्त उपायहरू अपनाउन माग गर्दछ जसमा अन्य कुराका अतिरिक्त आदेश दिनेको जवाफदेहिताको सिद्धान्त अपनाउने, गैरसैनिक व्यक्तिहरूविरुद्ध सबै प्रकारका यौनजन्य हिंसाको पूर्ण प्रतिबन्धका सम्बन्धमा सेनालाई तालिम दिने, यौनजन्य

हिंसालाई बढावा दिने खालका तथ्यहीन कुरा र भ्रम हटाउने र राष्ट्रिय सेना र सुरक्षा फौजका निमित्त उम्मेदवारहरू छनौट गर्दा यौनजन्य हिंसालगायत अन्तर्राष्ट्रिय मानवीय र मानव अधिकारसम्बन्धी कानुनको उल्लङ्घनमा संलग्न रहेकाहरूलाई अलग्याउन जाँच गर्नेजस्ता कार्यहरू गर्दछन् ।

४. मुख्यालय र राज्य तहमा सशस्त्र द्वन्द्वका यौनजन्य हिंसालाई सम्बोधन गर्न र सम्बद्ध सबै सरोकारवालाहरूबीच अन्तर संस्था अगुवाइ मुख्यतः 'द्वन्द्वमा यौनजन्य हिंसाका विरुद्ध संयुक्त राष्ट्रसङ्घीय कार्य'का माध्यमबाट सहयोग र समन्वय गर्नका लागि सुहाउँदा र रणनीतिक नेतृत्व प्रदान गर्न संयुक्त राष्ट्र समन्वय संयन्त्रलाई सुदृढ पार्न प्रभावकारीरूपमा कार्य गर्न र सैनिक तथा न्यायिक प्रतिनिधिहरूलगायत सरकारका निकायहरूमा वकालतका प्रयासहरू गर्नका लागि एक जना विशेष प्रतिनिधि नियुक्त गर्न संयुक्त राष्ट्रसङ्घका महासचिवलाई अनुरोध गर्दछ ।

५. द्वन्द्वका क्रममा यौनजन्य हिंसाविरुद्ध राष्ट्रसङ्घीय कार्य र संयुक्त राष्ट्र प्रणालीका अन्य सम्बद्ध अङ्गहरूलाई महासचिवका माथि उल्लिखित विशेष प्रतिनिधिका कार्यमा सहयोग पुऱ्याउन र सम्बद्ध सबै सरोकारवालाहरूबीच सहयोगलाई जारी राख्न र बढाउन तथा समन्वयलाई सुदृढ तुल्याउन र मुख्यालय र राज्यस्तरका काममा देखापर्ने दोहोरोपनलाई हटाउन र प्रणालीव्यापी तत्परतालाई सुधार गर्न प्रोत्साहन गर्दछ ।

६. द्वन्द्वका समयमा यौनजन्य हिंसामा संलग्न रहने दोषीहरूलाई न्यायको प्रक्रियामा ल्याउन ढिलाई नगरी र अन्तर्राष्ट्रिय कानुनसँग मिल्दोजुल्दो हुने गरी उपयुक्तताअनुसार विस्तृत कानुनी र न्यायिक सुधारहरू अपनाउन तथा पीडितलाई न्यायमा पहुँच सुनिश्चित गर्न, न्यायिक कारबाहीमा उनीहरूलाई सम्मानका साथ व्यवहार गर्न र उनीहरूको संरक्षण र पीडाबापत उपचार प्रदान गर्न राज्यहरूलाई जोड दिन्छ ।

७. गैरसैनिक व्यक्तिहरू र सैनिक कर्मचारीहरूले गरेको यौन हिंसाका सबै घटनाको विस्तृत छानबिन गरी आरोपित व्यक्तिलाई न्यायको दायरामा ल्याउन र माथिल्लो तहका गैरसैनिक व्यक्तिहरू र सैनिक नेतृत्वका अधिकारीहरूले दण्डहीनताविरुद्ध कारबाहीलगायत यौनजन्य हिंसा रोक्नका लागि आ-आफ्नो अधिकारको प्रयोगलाई अन्तर्राष्ट्रिय मानवीय कानुनबमोजिम कार्य गर्ने कुराको सुनिश्चितता गर्न द्वन्द्वका सबै पक्षहरूलाई आग्रह गर्दछ ।

८. सशस्त्र द्वन्द्वमा यौनजन्य हिंसासम्बन्धी खासखास अवस्थाको पहिचान गरी संयुक्त राष्ट्रसङ्घको स्थलगत उपस्थितका आधारमा र त्यहाँको सरकारको सहमतिमा राष्ट्रिय निकायहरूलाई कानुनको शासन सुदृढ गर्न सघाउनका लागि विज्ञहरूको एक समूह तत्कालै खटाउन महासचिवाई आह्वान गर्दछ र देहायका कार्यहरू गर्नका लागि संयुक्त राष्ट्रसङ्घ प्रणालीभित्र रहेको मानव स्रोत र स्वेच्छिक योगदानको उपयोग गरी कानुनको शासन, नागरिक र

शैक्षिक न्यायिक प्रणाली, मेलमिलाप, फौजदारी अनुसन्धान, सुरक्षा क्षेत्र सुधार, साक्षीको संरक्षण, स्वच्छ सुनुवाइको स्तर र सार्वजनिक सेवा पहुँच वृद्धिका सम्बन्धमा आवश्यक दक्षता विकास गर्न सिफारिस गर्दछ:

क) राष्ट्रिय कानुन र न्यायिक अधिकारहरू र सम्बन्धित सरकारको गैरसैनिक तथा सैनिक न्याय प्रणालीका अन्य कर्मचारीहरूसँग निकट रही राष्ट्रिय क्षमता सुदृढ गरी तथा समग्र न्याय संयन्त्रउपर ध्यानाकर्षण गरी दण्डहीनतालाई सम्बोधन गर्ने ।

ख) राष्ट्रिय तत्परतामा रहेका कमी पहिचान गरी फौजदारी जवाफदेहिता, पीडितप्रतिको जवाफदेहिता र न्यायिक क्षमता अभिवृद्धि गर्नेलगायत सशस्त्र द्वन्द्व मा यौनजन्य हिंसालाई सम्बोधन गर्न समष्टिगत राष्ट्रिय पद्धति बनाउन प्रोत्साहित गर्ने ।

ग) सशस्त्र द्वन्द्वमा यौनजन्य हिंसालाई सम्बोधन गर्न सरकारको क्षमता सुदृढ गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयत्न र स्रोतहरूको समन्वय गर्न सिफारिस गर्ने ।

घ) प्रस्ताव नं. १८२० (२००८)ले आह्वान गरेबमोजिमका उपायहरूको पूर्ण कार्यान्वयन गर्न राष्ट्रसङ्घीय अभियान, देशको लागि खटिएको समूह र महासचिवका माथि उल्लिखित विशेष प्रतिनिधिसमेतसँग आवश्यकताअनुसार कार्य गर्ने ।

९. सशस्त्र द्वन्द्वमा यौनजन्य हिंसासम्बन्धी विशेष सरोकारका अवस्थामा न्यायिक र कानुन कार्यान्वयन प्रणालीको राष्ट्रिय क्षमता विकास गर्न राष्ट्रिय निकायहरूको निकट समन्वयमा रही सहयोग गर्न राज्यहरूमा सम्बद्ध राष्ट्रसङ्घीय निकायहरू र नागरिक समाजलाई प्रोत्साहित गर्दछ ।

१०. सशस्त्र द्वन्द्वका अवस्थामा कुनै लक्षित कारबाहीसम्बन्धी निर्णय लिँदा वा नवीकरण गर्दा बलात्कार र यौनजन्य हिंसाका अन्य रूपका कार्यको परिभाषा र आधारका सम्बन्धमा उपयुक्तताअनुसार विचार गर्ने आफ्नो मनसायलाई दोहोऱ्याउँछ र शान्ति स्थापना तथा अन्य सम्बद्ध राष्ट्रसङ्घीय अभियान र राष्ट्रसङ्घीय निकाय खासगरी बालबालिका र सशस्त्र द्वन्द्व सम्बन्ध कार्य टोलीलाई यौनजन्य हिंसासम्बन्धी सबै महत्वपूर्ण जानकारी राष्ट्रसङ्घीय सुरक्षा परिषद्को स्याङ्शन समितिहरू र ती समितिहरूअन्तर्गतका अनुगमन टोली र विज्ञहरूको समूहलाई उपलब्ध गराउन आह्वान गर्दछ ।

११. शान्ति स्थापना गर्ने नयाँ कार्यदेश दिने वा नविकरण गर्न प्रस्तावहरूमा उपयुक्तताअनुसार यौनजन्य हिंसालाई रोक्ने र त्यसमा कारबाही गर्ने तथा परिषद्समक्ष प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्थासमेत समावेश गरिने कुराको सुनिश्चित गर्ने आफ्नो मनसाय व्यक्त गर्दछ ।

१२. बलात्कार र यौनजन्य हिंसाबाट महिला र बालबालिकालाई बचाउन राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यमा जिम्मेवारी तोक्दा उपयुक्तताअनुसार

लैङ्गिक सल्लाहकारहरूमध्ये मुद्दैपिच्छे महिला संरक्षण सल्लाहकार तथा मानव अधिकार संरक्षण एकाइसम्बन्धी विशेष व्यवस्था संलग्न गर्ने निर्णय गर्दछ र महासचिवलाई हरेक राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यको तयारीका चरणमा महिला संरक्षण सल्लाहकार आवश्यकता, सङ्ख्या र जिम्मेवारीका सम्बन्धमा व्यवस्थित तवरले मूल्याङ्कन गरेको सुनिश्चित गर्न अनुरोध गर्दछ ।

१३. राज्यहरूलाई अन्तर्राष्ट्रिय समुदायको सहयोग लिएर खासगरी ग्रामीण क्षेत्रका यौनजन्य हिंसाका पीडितहरूको स्वास्थ्यको हेरचाह मनोवैज्ञानिक सहयोग, कानुनी सहायता र सामाजिक आर्थिक पुनः एकीकरण सेवा वृद्धि गर्न प्रोत्साहित गर्दछ ।

१४. आवधिकरूपमा गरिने स्थलगत भ्रमणहरूलाई अझ बढी लाभदायी बनाउन सशस्त्र द्वन्द्व भएका ठाउँका महिलाहरूका आवश्यकता र सरोकारका सम्बन्धमा स्थानीय महिला र महिला सङ्गठनहरूसँग अन्तरक्रियात्मक बैठकहरू आयोजना गर्ने मनसाय व्यक्त गर्दछ ।

१५. स्थानीय तह र राष्ट्रिय तहका नेता गण, परम्परागत नेता रहेका ठाउँमा त्यस्ता नेता र धार्मिक नेताहरूलाई यौनजन्य हिंसाका सम्बन्धमा समुदायलाई सचेत तुल्याउन, पीडितको वञ्चितीकरण र लाञ्छना हटाउन, तिनीहरूलाई सामाजिक पुनः एकीकरण गर्न र यस्ता अपराधमा दण्डहीनताको संस्कृतिको विरुद्ध कार्य गर्न अझ बढी सक्रिय भूमिका निर्वाह गर्न प्रोत्साहित गर्दछ ।

१६. द्वन्द्व समाधान र शान्ति स्थापनासम्बन्धी मध्यस्थता र निर्णय प्रक्रियामा महिलाको प्रतिनिधित्व बढाउने उपायहरू चाल्न महासचिव, सदस्य राष्ट्र तथा क्षेत्रीय सङ्गठनका प्रमुखहरूसँग आग्रह गर्दछ ।

१७. यौनजन्य हिंसालाई राष्ट्रसङ्घबाट गरिने सबै शान्तिवार्ताको कार्यसूचीमा राख्न आग्रह गर्दछ र शान्तिप्रक्रियाको सुरुदेखि नै र खासगरी युद्धविराम हुनुभन्दा अघि, डिडिआर र एसएसआरसम्बन्धी व्यवस्था, सशस्त्र फौजको जाँच, न्याय र क्षतिपूर्ति र निरूपण चरणमा यौनजन्य हिंसाको मुद्दालाई पनि समावेश गर्न आग्रह गर्दछ ।

१८. समाजको पुनः निर्माणमा महिलाको महत्वपूर्ण भूमिकालाई आत्मसात गर्दै द्वन्द्वपछिको समयमा हुने अस्थिरतलाई कम गर्न लिङ्गमा आधारित समावेशी प्रणालीलाई प्रवर्धन गर्न शान्ति निर्माण आयोगको भूमिकालाई पुनः पुष्टि गर्दछ र शान्ति निर्माण आयोगलाई आफ्नो कार्यसूचीमा रहेका देशहरूका सबै पक्षहरूलाई द्वन्द्वपछिका रणनीतिहरू बनाउन यौनजन्य हिंसालाई घटाउने उपायहरू गर्न र ती उपायहरू कार्यान्वयनमा ल्याउन प्रोत्साहित गर्न आग्रह गर्दछ ।

१९. सदस्य राष्ट्रहरूलाई राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यमा अझ बढी सङ्ख्यामा महिला सैनिक र प्रहरी कर्मचारीहरू खटाउन र सबै सैनिक र

प्रहरी कर्मचारीहरूलाई उनीहरूको उत्तरदायित्व बहन गर्नमा पर्याप्त तालिम दिन प्रोत्साहित गर्दछ ।

२०. सैनिक र प्रहरी योगदान गर्ने देशहरूलाई सैनिक र प्रहरी कर्मचारीहरूलाई खटाइनुअघि यौनजन्य हिंसालाई सम्बोधन गर्ने सम्बन्धमा मार्गदर्शन गर्नका लागि प्राविधिक सहयोग उपलब्ध गराइएको कुराको सुनिश्चित गर्न महासचिवलाई अनुरोध गर्दछ ।

२१. राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यमा यौनजन्य शोषण र दुरुपयोगको सम्बन्धमा शून्य सहाशीलताको नीतिलाई कार्यान्वयन गर्ने प्रयासहरूलाई जारी राख्न र अझ सुदृढ तुल्याउन महासचिवलाई अनुरोध गर्दछ र सैनिक र प्रहरी योगदान गर्ने देशहरूलाई त्यस्तो कार्यमा खटाउनुपूर्व चेतना अभिवृद्धि तालिम आन्तरिकरूपमा सञ्चालन गर्नेलगायतका उपयुक्त निरोधात्मक कार्यहरू र अन्य कार्यहरू गरी उनीहरूका सेना वा प्रहरी त्यस्तो कार्यमा संलग्न भएको अवस्थामा पूर्ण जवाफदेहिता सुनिश्चित गर्न आग्रह गर्दछ ।

२२. राष्ट्रसङ्घका सबै सम्बद्ध निकायहरूले विशेष उपायहरू गरी लैङ्गिक मुद्दाहरूलाई व्यवस्थितरूपमा मूल प्रवाहीकरण गरेको सुनिश्चितता गर्न महासचिवले निर्देशन दिन अनुरोध गर्दछ जसमा सबै सम्बद्ध कार्यालयहरूमा र कार्यस्थलमा पर्याप्त वित्तीय र मानवीय स्रोतको व्यवस्था मिलाउने र सशस्त्र द्वन्द्वका क्रममा हुने यौनजन्य हिंसाको मुद्दालाई सम्बोधन गर्न आ-आफ्नो क्षेत्रमा सहयोग र समन्वय कायम गर्न अनुरोध गर्दछ ।

२३. यौनजन्य हिंसाका विरुद्ध सम्बद्ध सबै सरोकारवालाहरूसँगको परामर्शमा सरकार, संयुक्त राष्ट्रसङ्घ विस्तृत रणनीतिहरू विकास गर्नका लागि सदस्य राष्ट्रहरूसँग सहकार्य गर्न संयुक्त राष्ट्रसङ्घ कार्य सञ्जालबाट रणनीति र प्राविधिक सहयोग उपलब्ध गराउन विशेष प्रतिनिधि र महासचिवका आपतकालीन राहत समन्वयकर्तालाई आग्रह गर्दछ र उनीहरूले प्रधान कार्यालयमा पेश गर्ने प्रतिवेदनमा यस सम्बन्धमा पनि नियमितरूपमा अद्यावधिक खुलाउनु पर्नेछ ।

२४. परिषद्समक्ष पेश गरिने प्रतिवेदनमा सशस्त्र द्वन्द्व यौनजन्य हिंसाको प्रयोगको प्रकृति, आक्रमणका नयाँनयाँ स्वरूप र पूर्व सावधानीका सूचकाङ्कहरूसहितको अझ बढी व्यवस्थित किसिमले कुराहरू खुलाई पेश गर्ने सुनिश्चितता गर्न महासचिवलाई अनुरोध गर्दछ र महासचिवका विशेष प्रतिनिधि, आपतकालीन राहत समन्वयकर्ता, मानव अधिकारसम्बन्धी उच्चायुक्त, महिला हिंसाविरुद्धका विशेष प्रतिवेदक र राष्ट्रसङ्घीय कार्य (यु.एन.एक्शन)का अध्यक्षलाई माथि उल्लिखत विशेष प्रतिनिधिसँग समन्वय गरी परिषद्समक्ष यौनजन्य हिंसासम्बन्धी थप जानकारी र कागजात उपलब्ध गराउन प्रोत्साहित गर्दछ ।

२५. महासचिवलाई निजले प्रत्येक शान्ति स्थापना कार्यको विषयमा पेश गर्ने नियमित प्रतिवेदनमा गैरसैनिक व्यक्तिहरू खासगरी महिला र बालबालिकालाई यौनजन्य हिंसाबाट बचाउन गरिएका उपायहरू र तिनीहरूबाट कार्यान्वयव गर्न चालिएका कदमहरूसम्बन्धी जानकारी पनि समावेश गर्न अनुरोध गर्दछ।

२६. महासचिवलाई निजको वा अन्य कुनै सम्बद्ध निकायको प्रतिवेदनमा उल्लेख गरिएको प्रस्तावलाई ध्यानमा राखी तत्कालै वा सकेसम्म तीन महिनाभित्र सशस्त्र द्वन्द्व वा द्वन्द्वपछिको अवस्थामा बलात्कार र अन्य यौन हिंसाबाट महिला र बालबालिकालाई बचाउने सम्बन्धमा विद्यमान संयुक्त राष्ट्र प्रणालीभित्र अझ बढी प्रभावकारी र दक्ष अनुगमन र प्रतिवेदन गर्ने सम्बन्धमा खास प्रस्ताव बनाउन अनुरोध गर्दछ र उचित कारबाही गर्ने विचार गर्नका लागि संयुक्त राष्ट्रसङ्घ प्रणालीभित्रको विशेषता र राष्ट्रिय सरकारहरू, क्षेत्रीय सङ्गठनहरू, गैससहरू, तिनीहरूको सल्लाहकारी हैसियतमा र विभिन्न नागरिक समाजका नायकहरूसमेतको योगदानमा राष्ट्रसङ्घीय निकायहरूबाट यस सम्बन्धमा भइरहेका कार्यहरूमा रहेका कमीकमजोरीका सम्बन्धमा समयमै वस्तुगत, विशुद्ध र विश्वसनीय जानकारी हासिल गर्नसमेत अनुरोध गर्दछु ।

२७. महासचिवलाई प्रस्ताव नं. १८२० (२००८)को कार्यान्वयनका सम्बन्धका वार्षिक प्रतिवेदन परिषद्समक्ष पेश गर्न अनुरोध गर्दछ र यो प्रस्ताव प्रस्ताव नं. १८२० (२००८) को कार्यान्वयनसम्बन्धी प्रतिवेदन सेप्टेम्बर २०१० सम्ममा देहायका कुराहरूसमेत समावेश गरी अर्को प्रतिवेदन पेश गर्न अनुरोध गर्दछ:

क. समयमै सूचना सङ्ग्रहको लागि समन्वय र रणनीतिको विस्तृत योजना,

ख. यौनजन्य हिंसालाई सम्बोधन गर्न संयुक्त राष्ट्रसङ्घ अभियानको यौनजन्य हिंसासम्बन्धी सम्पर्क विन्दुले गरेका प्रयत्नहरूको अद्यावधिक विवरण आवसीय प्रतिनिधि/मानवीय समन्वयकर्ता, राष्ट्रसङ्घ स्थानीय समूह र उपयुक्तताअनुसार माथि उल्लिखित विशेष प्रतिनिधि र/वा विज्ञहरूको समूहसमेतको निकट सम्पर्कमा रही तयार पारिएको,

ग. परिषद्को कार्यसूचीमा रहेको अवस्थामा सशस्त्र द्वन्द्वमा बलात्कार र यौनजन्य हिंसाका अन्य कार्य गरेको आशङ्का विश्वसनीयरूपमा गरिएको पक्षहरूसम्बन्धी जानकारी ।

२८. समग्र लैङ्गिक विषयसम्बन्धी महासभाको प्रस्ताव नं. ६३/३११ ले बनाएको प्रक्रियालाई ध्यानमा राखी विशेष प्रतिनिधिलाई प्रकरण ४ बमोजिम विज्ञहरूको समूहलाई प्रकरण ९ बमोजिम दिएएको कार्यादेशलाई हरेक दुई वर्षमा र त्यसपछि उपयुक्तताअनुसार पुरावलोकन गर्ने निर्णय गर्दछ ।

२९. परिषद् यस विषयमा सक्रियतापूर्वक चनाखो रहने निर्णय गर्दछ ।

स्रोत: Compilation of UN Security Council Resolutions on Women, Peace and Security & Prohibition of Sexual Violence, FWLD, 2010

परिशिष्ट चार

जेनेभा महासन्धि साझा धारा तीन

जब अन्तर्राष्ट्रिय सशस्त्र सङ्घर्ष हुन्छ, त्यस बेला जेनेभा महासन्धिहरू तथा सन्धिपत्रहरू लागु हुन्छन् तर आन्तरिक सशस्त्र सङ्घर्ष र सशस्त्र गैरअन्तर्राष्ट्रिय सङ्घर्षको समयमा भने चारवटा जेनेभा महासन्धिका साझा धारा सङ्ख्या तीन तथा दोस्रो सन्धिपत्र लागु हुने व्यवस्था छ ।

जेनेभा महासन्धिको साझा धारा तीनलाई आफैमा एउटा लघुरूपको सन्धि मानिएको छ र यसले न्यूनतम मानवीय व्यवहारको व्यवस्था गरेको छ । महासन्धिका पक्षहरूमध्येको एक शक्तिको भूमिका घटित गैरअन्तर्राष्ट्रिय सशस्त्र सङ्घर्षहरूमा चारवटै महासन्धिको साझा धारा तीन लागु हुन्छ ।

१. सङ्घर्षमा सक्रिय भाग नलिने व्यक्तिहरू, सशस्त्र सेनाका हतियार त्याग्ने व्यक्तिहरू, घाइते अथवा विरामी भई नजरबन्द अथवा अन्य कुनै कारणले लडाइँबाट अलग भएका व्यक्तिहरूलाई जाति र धर्म, विश्वास, लिङ्ग, जन्म, धन अथवा त्यस्तै आधारमा भेदभाव नगरी जुनसुकै परिस्थितिमा पनि मानवीय व्यवहार गर्नुपर्दछ ।

माथि उल्लिखित व्यक्तिहरूको विरुद्ध हुने निम्न कारबाहीहरूलाई जुनसुकै ठाउँ र समयमा निषेध गरिनुपर्दछ:

(क) जीउ-ज्यानको विरुद्ध प्रयोग, विशेष गरी सबै किसिमका हत्या, अङ्गभङ्ग, क्रूरव्यवहार र यातना;

(ख) व्यक्तिलाई बन्धक बनाउने;

(ग) व्यक्तिगत मर्यादामा आघात पुऱ्याउने, विशेष गरी अपमानजनक र तिरस्कारपूर्ण व्यवहार गर्ने;

(घ) सभ्य जनताले अत्यावश्यक ठानेको कानुनी प्रत्याभूति भएको नियमित अदालतको निर्णयविना दण्ड सुनाउने र त्यसलाई कार्यान्वयन गर्ने ।

२. विरामी र घाइते व्यक्तिहरूको सङ्कलन गरी आवश्यक हेरचाह गर्नुपर्दछ ।

साझा धारा तीनले थप व्यवस्था गरेअनुसार मानवीय संस्था रेडक्रसको अन्तर्राष्ट्रिय समिति **(ICRC)**ले सङ्घर्षमा लागेका पक्षहरूलाई आफ्नो सेवा प्रदान गर्न सक्नेछ । सङ्घर्षका पक्षहरूले विशेष सम्झौता गरी प्रचलित महासन्धिमा भएको व्यवस्थालाई सबै वा आंशिकरूपमा लागू गर्न प्रयास गर्नुपर्दछ । माथि उल्लिखित व्यवस्थाहरू लागु गर्नाले सङ्घर्षका पक्षहरूको कानुनी स्थितिमा कुनै प्रभाव पार्ने छैन ।

(स्रोत: अन्तर्राष्ट्रिय मानवीय कानुनको सङ्क्षिप्त परिचय, नेपाल रेडक्रस सोसाइटी, २०५९)

इन्सेक पुस्तक नं. १७०/२०८१

नेपालको सन्दर्भमा हेर्ने हो भने मानव अधिकारको आन्दोलन वि.सं. २०४६ पछाडि परिस्कृत हुँदै गएको हो । यसै दशकमा नेपालले संयुक्त राष्ट्रसङ्घको एक जिम्मेवार सदस्यको हैसियतमा मानव अधिकारको अनेकौँ महत्त्वपूर्ण महासन्धिहरूको पक्षराष्ट्र भयो र विश्वमै धेरै राष्ट्रसङ्घीय मानव अधिकार दस्तावेजहरूको अनुमोदन गर्ने देशको रूपमा आफूलाई उभ्यायो । तर पनि नेपालले आफूले प्रतिबद्धता जनाएको सन्धिहरूको आज दुई दशक बितिसक्दा पनि सशक्त कार्यान्वयनको लागि उत्साहजनक पहल गर्न नसकेको यथार्थ रहेको छ । नेपालका गैरसरकारी संस्थाहरू विशेष गरेर मानव अधिकारमा क्रियाशील संस्थाहरूले मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा पुऱ्याएको भूमिका उल्लेखनीय रहँदै आएको छ ।

आर्थिक सहयोग

DCA actalliance

नेपालमा मानव अधिकार संरक्षणका लागि, नागरिक समाज सुदृढीकरण परियोजना

मानव अधिकार र सामाजिक न्यायका निम्ति

इन्सेक insec

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषाः २७२६, काठमाडौँ

फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१

इमेलः insec@insec.org.np

वेबसाइटः www.insec.org.np, www.inseconline.org